# बालबालिकासम्बन्धी मुद्दाहरूमा जिल्ला अदालतबाट भएका फैसलाहरूको संग्रह

## भाग १




बाल न्याय समन्वय समिति सचिवालय

हरिहरभवन, ललितपुर, नेपाल

# बालबालिकासम्बन्धी मुद्दाहरुमा जिल्ला अदालतबाट भएका फैसलाहरुको संग्रह

## भाग–१

बाल न्याय समन्वय समिति सचिवालय
हरिहरभवन, ललितपुर

सम्पादन : प्रकाश राउत, रोम थापा, पुष्कर थापा, खुश्वु शाह

प्रकाशक : बाल न्याय समन्वय समिति सचिवालय
हरिहरभवन, ललितपुर

लेआउट/डिजाइन : भूषण कपाली

# विषयसूची


| क्र.स. | पक्ष, विपक्ष र मुद्दाको नाम | अदालत र फैसला मिति | पृष्ठ संख्या |
|---|---|---|---|
| १ | स के.सी. (नाम परिवर्तन) को हकमा अधिवक्ता प्रकाशमणि शर्मासमेत<br>विरुद्ध<br>मधुसुदन मुनाकर्मीसमेत<br>मुद्दाः क्षतिपूर्ति भराईपाऊँसमेत । | काठमाडौं जिल्ला अदालत<br>२०५९ साल बैशाख २० गते | १–१० |
| २ | राममाया (नाम परिवर्तन) को जाहेरीले श्री ५ को सरकार<br>विरुद्ध<br>कमल खरेल (नाम परिवर्तन)<br>मुद्दा : जवरजस्ती करणी । | काठमाडौं जिल्ला अदालत<br>२०६१ साल बैशाख २३ गते | ११–१९ |
| ३ | नेपाल सरकार<br>विरुद्ध<br>मणी पौडेल (नाम परिवर्तन) | चितवन जिल्ला अदालत<br>२०६३ साल श्रावण महिना १५ गते | २०–२७ |
| ४ | लेखबहादुर प्रजाको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>राजन प्रजा (नाम परिवर्तन)<br>मुद्दाः कर्तव्य ज्यान | गोरखा जिल्ला अदालत<br>२०६३ साल कार्तिक १३ गते | २८–३२ |
| ५ | चमेली अधिकारी (नाम परिवर्तन) को जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>दिनेश श्रेष्ठ (नाम परिवर्तन)<br>मुद्दा : जवरजस्ती करणी । | मोरङ जिल्ला अदालत<br>२०६३ साल कार्तिक १९ गते | ३३–३९ |
| ६ | नेपाल सरकार<br>विरुद्ध<br>गणेश गुरूङ (नाम परिवर्तन)<br>मुद्दाः जवरजस्ती करणी | रूपन्देही जिल्ला अदालत<br>२०६३ साल पौष १२ गते | ४०–४९ |

| | | | |
|---|---|---|---|
| ७ | खोमबहादुर घिमिरेको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>अनिता पोखरेल (नाम परिवर्तन)<br>मुद्दा : कर्तव्य ज्यान | ललितपुर जिल्ला अदालत<br>२०६३ साल चैत्र २९ गते | ५०–६६ |
| ८. | रामबहादुर चौधरीले जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>भवानी परियारसमेत<br>मुद्दा : साधारण चोरी । | सुर्खेत जिल्ला अदालत<br>२०६४ साल वैशाख १७ गते | ६७–७५ |
| ९ | विष्णु भुसालको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>रमेश पोखरेल (नाम परिवर्तन)<br>मुद्दाः सवारी ज्यान । | रूपन्देही जिल्ला अदालत<br>२०६४ साल भाद्र २७ गते | ७६–८३ |
| १० | कन्या घर्ति (नाम परिवर्तन) को<br>जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>जैलुन घर्तिसमेत<br>मुद्दा : जवरजस्ती करणी । | बाँके जिल्ला अदालत<br>२०६५ साल जेष्ठ २१ गते | ८४–९१ |
| ११ | ग देवी यादव (नाम परिवर्तन) को जाहेरीले<br>नेपाल सरकार<br>विरुद्ध<br>घ महतो (नाम परिवर्तन)<br>मुद्दा : जवरजस्ती करणी । | मोरङ जिल्ला अदालत<br>२०६५ साल श्रावण २३ गते | ९२–९७ |
| १२ | सुरेन्द्र भेलेको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>अ लामा(नाम परिवर्तन) समेत<br>मुद्दा : चोरी । | भक्तपुर जिल्ला अदालत<br>२०६६ साल जेष्ठ महिना २२ गते | ९८–१०१ |
| १३ | सुन्दरी प्रजापतीको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>ल प्याठ (नाम परिवर्तन) समेत<br>मुद्दा : मोटर साइकल चोरी । | भक्तपुर जिल्ला अदालत<br>२०६६ साल जेष्ठ २२ गते | १०२–१०६ |

| | | | |
|---|---|---|---|
| १४ | हिमाल भट्टराई<br>विरुद्ध<br>क (नाम परिवर्तन) समेत<br>मुद्दा : नकवजनी चोरी । | ललितपुर जिल्ला अदालत<br>२०६६ साल असार २ गते | १०७–११२ |
| १५ | प्रहरी हवल्दार रामबहादुर कार्कीको प्रतिवेदनले<br>नेपाल सरकार<br>विरुद्ध<br>कृष्णबहादुर (नाम परिवर्तन) समेत<br>मुद्दा : जवरजस्ती करणी । | कपिलवस्तु जिल्ला अदालत<br>२०६६ साल भाद्र १८ गते | ११३–११७ |
| १६ | छत्रबहादुर दर्जीको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>"क" बहादुर दर्जी (नाम परिवर्तन)<br>मुद्दा : जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई । | ईलाम जिल्ला अदालत<br>२०६६ साल कार्तिक ९ गते | ११८–१२९ |
| १७ | गीता शर्माको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>रामबहादुर क्षेत्री (नाम परिवर्तन)<br>मुद्दा : जवरजस्ती करणी । | सुर्खेत जिल्ला अदालत<br>२०६६ साल कार्तिक १६ गते | १३०–१३५ |
| १८ | रुपमाया तामाङको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>सोनाम (नाम परिवर्तन)<br>मुद्दा : कर्तव्य ज्यान । | काठमाडौं जिल्ला अदालत<br>२०६६ साल मंसिर २६ गते | १३६–१४३ |
| १९ | धिरेन्द्रमान शाक्यको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>कमल बजिक्वो (नाम परिवर्तन)<br>मुद्दा : नकवजनी चोरी । | भक्तपुर जिल्ला अदालत<br>२०६६ साल पौष ३ गते | १४४–<br>१४७ |
| २० | श्रीमाया तामाङ (नाम परिवर्तन) को जाहेरीले<br>नेपाल सरकार<br>विरुद्ध<br>यमन तामाङ (नाम परिवर्तन)<br>मुद्दा : जवरजस्ती करणी । | भक्तपुर जिल्ला अदालत<br>२०६६ साल पौष ३ गते | १४८–१५१ |

| | | | |
|---|---|---|---|
| २१ | नेपाल सरकार<br>विरुद्ध<br>क रिजाल (नाम परिवर्तन)<br>मुद्दा : जवरजस्ती करणी । | झापा जिल्ला अदालत<br>२०६६ साल माघ १९ गते | १५२–१६१ |
| २२ | टंकबहादुर सुनुवारको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>रामकाजी पुन (नाम परिवर्तन)<br>मुद्दा : कर्तव्य ज्यान । | ललितपुर जिल्ला अदालत<br>२०६६ साल माघ ६ गते | १६२–१६९ |
| २३ | प्र.ना.नि. भिमबहादुर बमको प्रतिवेदन जाहेरीले<br>नेपाल सरकार<br>विरुद्ध<br>केवल थापा (नाम परिवर्तन)<br>मुद्दा : लागूऔषध चरेश । | कञ्चनपुर जिल्ला अदालत<br>२०६६ साल माघ १२ गते | १७०–१७३ |
| २४ | रतन दमाईको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>रामकृष्ण नेपाली (नाम परिवर्तन)<br>मुद्दा : कर्तव्य ज्यान । | सुर्खेत जिल्ला अदालत<br>२०६६ साल माघ २७ गते | १७४–१७८ |
| २५ | ल कुमारी (नाम परिवर्तन) को जाहेरीले नेपाल<br>सरकार<br>विरुद्ध<br>भ बहादुर (नाम परिवर्तन)<br>मुद्दा : जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई । | पाल्पा जिल्ला अदालत<br>२०६६ साल चैत्र १ गते | १७९–१८६ |
| २६ | अधिवक्ता कृष्णप्रसाद शर्मा<br>विरुद्ध<br>कान्तिपुर पब्लिकेशन प्रा. लि. का अध्यक्ष तथा<br>प्रवन्ध निर्देशक कैलाश सिरोहियासमेत<br>मुद्दा : बालकसम्बन्धी तथ्याङ्क गोपनीयता । | काठमाडौं जिल्ला अदालत<br>२०६६ साल चैत्र १३ गते | १८७–१९३ |

| | | | |
|---|---|---|---|
| २७ | प्र.ना.नि. हरिबहादुर बस्नेतको प्रतिवेदनले नेपाल सरकार<br>विरुद्ध<br>रमण सार्की (नाम परिवर्तन)<br>मुद्दा : केही सार्वजिनक अपराध । | दाङ देउखुरी जिल्ला अदालत<br>२०६६ साल चैत्र ३० गते | १९४–१९७ |
| २८ | ई कुमारी (नाम परिवर्तन) को जाहेरीले नेपाल सकार<br>विरुद्ध<br>विवेक (नाम परिवर्तन)<br>मुद्दा : जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई । | पाल्पा जिल्ला अदालत<br>२०६६ साल चैत्र ३१ | १९८–२०४ |
| २९ | पल्लवी थापा (नाम परिवर्तन) को जाहोरीले नेपाल सरकार<br>विरुद्ध<br>हिमाल थापा (नाम परिवर्तन)<br>मुद्दा : जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई । | रुपन्देही जिल्ला अदालत<br>२०६७ साल जेष्ठ ३० गते | २०५–२११ |
| ३० | कलबहादुर पुनको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>संकेत नं. २२५<br>मुद्दा : कर्तव्य ज्यान । | जाजरकोट जिल्ला अदालत<br>२०६७ साल आषाढ १६ गते | २१२–२२१ |
| ३१ | प्र.स.नि. प्रेमप्रसाद पोखरेलको प्रतिवेदन जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>भद्रे तामाङ (नाम परिवर्तन) समेत<br>मुद्दा : केही सार्वजनिक अपराध । | काठमाडौं जिल्ला अदालत<br>२०६७ साल अषाढ २५ गते | २२२–२२५ |
| ३२ | दुर्गा पौडेलको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>निरज चौधरी (नाम परिवर्तन)<br>मुद्दा : जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई । | रुपन्देही जिल्ला अदालत<br>२०६७ साल मंसिर १३ गते | २२६–२३१ |

| | | | |
|---|---|---|---|
| ३३ | केशव लुहारको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>षडानन्द जोशी (नाम परिवर्तन)<br>मुद्दा : जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई । | कञ्चनपुर जिल्ला अदालत<br>२०६७ साल मंसिर १४ गते | २३२–२३८ |
| ३४ | नेपाल सरकार<br>विरुद्ध<br>मोहन ठकुरी (नाम परिवर्तन)<br>मुद्दा : जवरजस्ती करणी । | सुनसरी जिल्ला अदालत<br>२०६७ साल माघ ३ गते | २३९–२४५ |
| ३५ | राजेशकुमार (परिवर्तित नाम) को जाहेरीले<br>नेपाल सरकार<br>विरुद्ध<br>कामाद सरदार (नाम परिवर्तन)<br>मुद्दा : जवरजस्ती करणी । | सुनसरी जिल्ला अदालत<br>२०६७ साल माघ ६ गते | २४६–२५१ |

**काठमाडौं जिल्ला अदालत**

**बाल इजलास**

**माननीय अतिरिक्त जिल्ला न्यायाधीश श्री शारदाप्रसाद घिमिरे**

**फैसला**

सम्वत् २०५८/०५९ सालको स.फौ.दा.नं.२८१

राय नम्वर : २६४

**मुद्दा : क्षतिपूर्ति भराईपाऊँसमेत ।**

**वादीको नाम, थर, वतन**

बाल स्याहार केन्द्र (सिविन) बस्ने वर्ष १२ को स के.सी. (नाम परिवर्तन) को हकमा जन सरोकार मञ्चका तर्फबाट र आफ्ना हकमा समेत अधिवक्ता प्रकाशमणि शर्मा...१

जनहित संरक्षण मञ्चका तर्फबाट र आफ्नो हकमासमेत का. जि., कलंकी बस्ने अधिवक्ता अम्बिकाप्रसाद कोइराला .................१

जनहित संरक्षण मञ्चका तर्फबाट र आफना हकमासमेत नयाँ बानेश्वर बस्ने अधिवक्ता शर्मिला पराजुली ..........................१

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला पाल्पा, तानसेन नयाँ घर भई जि.का., का.म न.पा., वडा नं. ११, त्रिपुरेश्वर कुमारी मार्ग डेरा गरी बस्ने मधुसुदन मुनाकर्मी ...............१

ऐ. बस्ने ज्ञानु मुनाकर्मी .........................१

**ऐ. को प्रमाण**

साक्षी : ×

कागज : ×

**ऐ. को प्रमाण**

साक्षी : ×

कागज : ×

**अदालतबाट बुझेको**

साक्षी : ×

कागज : ×

**मुद्दाको संक्षिप्त विवरण** :

संयुक्त राष्ट्र संघको महासभाले नोभेम्वर १९८९ मा बालअधिकारसम्बन्धी महासन्धि पारित गरी उक्त

महासन्धिको धारा १९(१) ले बालबालिकालाई शारीरिक वा मानसिक वा दुर्व्यवहार हेला वा उपेक्षित व्यवहार वा यौन अवचार लगायतका दुर्व्यवहार तथा शोषणहरूबाट बालबालिकालाई जोगाउन उपयुक्त वैधानिक प्रशासनिक सामाजिक वा शैक्षिक उपायहरू अपनाउनेछन् भन्ने ब्यवस्था गरेको छ । धारा १९(२) मा राज्य पक्षबाट आवश्यक भएमा न्यायिक हस्तक्षेपको लागि समेत प्रभावकारी उपाय गर्नु पर्ने व्यवस्था भई सो महासन्धिमा उल्लेख भएका प्रावधानलाई नेपालले १९९० मा अनुमोदन गरी बालबालिकासम्बन्धी ऐन, २०४८ र नियमावलीसमेत तर्जुमा भइसकेको छ । विपक्षीहरूले आमाकोसमेत मृत्यु भइसकेका कलिलो उमेरका बालक स के.सी. लाई ५/७ वर्ष अगाडि पढाई दिने प्रलोभन दिई फकाई काठमाडौं ल्याई केही समय पढाए जस्तो गरी पछि घरमा काम गर्ने मानिस भएन भनी स्कुलबाट झिकी निजलाई विभिन्न किसिमबाट कुटपिट गरी दुःख दिन थालेका र भरपेट खान नदिने, सानो गल्ती गर्दा वा केही नगर्दा पनि उसलाई कुटी हाल्ने निजको स्वास्थ्यमा प्रतिकुल असर पर्ने निदाउने औषधी खुवाएर सुताउने त्यसले गर्दा विहान उठ्न ढिलो भए लट्ठीले हिर्काई उठाउने र सो यातना सहन नसकी कतै गएमा खोजेर ल्याई कुटपिट गर्ने गरेको र २०५३/४/१२ गतेदेखि कहिले धागोले कहिले कुकुरको साङलाले दुवै खुट्टा कस्ने र केही दिनपछि निजलाई बिहान बेलुका मरून्जेल काम गर्न लगाउने कही कतै हिड्न नदिनका लागि फलामको सिक्रीले बाँधी घाँटीमा दुई वटा र खुट्टामा दुई वटा ताल्चा लगाई पाइला मात्र चल्न सकिने अवस्थामा भाँडाकुँडा मोल्न र ट्वाइलेट सफा गर्न लगाई कार्यालय जाने गरेको कुरा सञ्चार माध्यमहरू पत्रपत्रिकाबाट जानकारी हुन आएको र बालबालिकामाथि गरिने दुर्व्यवहार सार्वजनिक चासोको विषय भएको र बालकको हकहितको लागि कलिलो बालक स के.सी.लाई क्रुर एवं यातनापूर्ण व्यवहार गर्ने विपक्षीहरूउपर आवश्यक सजायसमेत गर्न बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २० बमोजिम जो सुकैले बालकको तर्फबाट निवेदन दिन सक्ने हुँदा विपक्षीहरूले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ७ विपरीत बालक स के.सी. माथि क्रुर यातनापूर्ण व्यवहार गरेको हुनाले निजहरूलाई सोही ऐनको दफा ५३ को उपदफा ३ बमोजिम सजाय गरी पीडितलाई उचित क्षतिपूर्तिसमेत विपक्षीहरूबाट भराईपाऊँ भनी बाल स्याहार केन्द्र, सिविन बस्ने स के.सी.को हकमा जनहित संरक्षण मञ्चका र आफ्ना हकमासमेत अधिवक्ता प्रकाशमणि शर्मा, जनहित संरक्षण मञ्च र आफ्ना हकमासमेत अधिवक्ता अम्विकाप्रसाद कोइराला, जनहित संरक्षण मञ्च र आफ्नो हकमासमेत अधिवक्ता शर्मिला पराजुलीसमेतका २०५३/६/११ मा संयुक्त निवेदन परी कारवाही चल्दै जाँदा प्रमुख जिल्ला अधिकारीले सार्वजनिक अपराध ऐनअन्तर्गत कारवाही गरेको र बालबालिकासम्बन्धी ऐन, २०४८ को उद्देश्य र मनसाय विपरीत कार्य गरेको हुँदा सो बदर गरी पाउन सम्मानित श्री सर्वोच्च अदालतमा रिट दायर गरी कार्यवाही चलिरहेको हुँदा सो मुद्दा किनारा नभएसम्म प्रस्तुत मुद्दा मुलतवी राखिपाऊँ भनी निवेदन दिई सोही निवेदनअनुरूप २०५४/३/१३ मा मुलतवी रहने आदेश भई २०५८/२/८ को श्री सर्वोच्च अदालतको फैसलाअनुसार कारवाहीको लागि वादीहरूको २०५८/५/२० मा निवेदन परी मुलतवीबाट सोही मितिमा जगाई कारवाही चलेको ।

मिति २०५३/५/५ मा स के.सी. लाई साङलोले बाँधेको अभियोग लगाई दायर गरेको सार्वजनिक अपराध मुद्दामा सजाय पाएको र निजको आमाको मृत्यु भई निजको बाबुको स्वीकृतिले निजको बहिनी रीता के.सी. समेतलाई ९ वर्ष अगाडि बालककै अवस्थामा ल्याई हेरविचार गरी पालनपोषण गरिआएको र निज स के.सी. लाई विद्यालयमा पनि भर्ना गरिदिएकोमा विद्यालय नगई घरको पैसा चोर्ने र खराव साथीको संगतमा परी खराव आचरणहरू गर्ने गरेकोले बानी सुध्रियोस भनी मैले सुधार्न अभिभावकको हैसियतले गरेको कार्यलाई पत्रपत्रिकाले अतिरञ्जित रूपमा प्रस्तुत गरेको सब झुट्ठा हो, एउटै कसूरमा दोहोरो सजाय पाउनु पर्ने नहुँदा विपक्षीहरूको निवेदन खारेज गरिपाऊँ भन्ने प्रतिवादी मधुसुदन मुनाकर्मीको प्रतिउत्तरपत्र ।

विपक्षीहरूको मउपर लगाएको आरोप झुट्ठा हो सोही कसूरमा मेरो पतिलाई सार्वजनिक अपराधमा सजाय गरिसकेको छ । मउपर कस्तो प्रकारको कसूर गरेको हो सो स्पष्ट रूपमा खुलाउन सकेको छैन, म उक्त घटना हुनुभन्दा अगाडि २०५३/४/१० गतेनै आफ्नो माइती सर्लाही गई भाद्र ७ गते काठमाडौं आएको र काठमाडौं आएपछि मात्र मैले यथार्थ जानकारी पाएको हो निज स के.सी. लाई सानै उमेरदेखि राखी राम्ररीनै पालनपोषण गरिआएको निजलाई नराम्रो क्रुर व्यवहार गरेको मलाई थाहा छैन, मैले कुनै कसूर नगरेको हुँदा मउपरको निवेदन दावी खारेज गरिपाऊँ भन्ने ज्ञानु मुनाकर्मीको प्रतिउत्तरपत्र ।

बुझिएका वादीका साक्षी शोभा गौतमले वादीको निवेदन जिकिरलाई समर्थन गरी बकपत्र गरेको र प्रतिवादीहरूले साक्षी उपस्थित नगराएको ।

## अदालतको ठहर

नियमानुसार दैनिक पेशी सूचीमा चढी पेश भएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ अ.बं. २९ र बालबालिकासम्बन्धी ऐन, २०४८ बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्रको भई निर्णयतर्फ विचार गर्दा यसमा विपक्षी मधुसुदन मुनाकर्मी तथा निजकी श्रीमती ज्ञानु मुनाकर्मीसमेतले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ७ विपरीत बालक स के.सी. माथि क्रुर र यातनापूर्ण व्यवहार गरेको हुनाले निज अन्यायीहरूलाई उक्त ऐनको दफा ५३(३) बमोजिम सजाय गरी क्षतिपूर्तिसमेत दिलाई भराईपाऊँ भन्नेसमेतको वादी स के.सी. र निजकी बहिनीलाई निजहरूकै बाबुको स्वीकृतिले ९ वर्ष अगाडि बालक अवस्थामा ल्याई पालनपोषण गरेको हो निजले राम्ररी पढि लेखि आफ्नो स्थान बनाउन सकोस् भनी मैले विद्यालयमा भर्ना गरिदिएकोमा निज विद्यालय नजाने, पढन मन नगर्ने, घरको पैसाहरू चोर्ने र बाहिर खराव साथीहरूको संगतमा परी खराव आचरण गर्ने गरेकोले सुध्रियोस् भनी निजलाई सम्झाउँदा नमानी खराव आचरण गर्ने गरेकोले निजलाई सुधार्नको लागि संरक्षकको हैसियतले गरेको कार्यलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ७ को प्रतिवन्धात्मक वाक्यांशले सजाय गर्न मिल्दैन । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(२) ले कुनै पनि व्यक्तिउपर अदालतमा त्यसै कसूरमा एकपटकभन्दा बढी मुद्दा नचलाइने र सजाय गर्ने छैन भनी संवैधानिक व्यवस्था गरेको र

मलाई यसै कसूरमा केही सार्वजनिक अपराध नियन्त्रण ऐन, २०२७ को दफा २(झ)(ज) अनुसारको कसूर गरेको ठहरी फैसला भएको र दण्ड सजायसमेत भोगी सकेकोले एकै विषयमा दोहोरो सजाय गर्न मिल्दैन भन्नेसमेतको मधुसुदन मुनाकर्मीको प्रतिउत्तरपत्र र मैले प्रतिवादीउपर के कस्तो अमानवीय एवं क्रुर व्यवहार गरेको हो सो कुरा दावीमा उल्लेख गर्न नसकेको र बालकलाई ल्याई राम्रोसँग पालिराखेको र निजले कुनै गल्ती गरे सम्झाउने हप्काउनेसम्म गरेको हो । श्रमिकको रूपमा काममा लगाएको छैन भन्नेसमेतको प्रतिवादी ज्ञानु मुनाकर्मीको प्रतिउत्तर जिकिर भएको मुद्दामा वादी तर्फबाट रहनु भएको विद्वान अधिवक्ता श्री राजुप्रसाद चापागाईले प्रतिवादीहरूले बालबालिकासम्बन्धी ऐनअन्तर्गत नाबालकलाई गर्नु पर्ने कार्य नगरी पीडित बालक स के.सी. लाई विभिन्न किसिमको क्रुर यातनापूर्ण व्यवहार गरेको र त्यस्तो कार्यलाई बालबालिकासम्बन्धी ऐन, २०४८ ले निषेध गरेको हुँदा दावीबमोजिम सजाय गरी पीडितलाई प्रतिवादीहरूबाट क्षतिपूर्तिसमेत भराईपाऊँ भन्ने र प्रतिवादीहरूका तर्फबाट रहनु भएका विद्वान अधिवक्ताहरू द्वय श्री लव मैनाली र सोमनाथ सापकोटा र स के.सी. हाल साबालक भइसकेको छ साबालक भइसकेपछि आफ्नो मुद्दा आफै सकार गर्नु पर्नेमा सो गरेको छैन, तसर्थ यो मुद्दा खारेज गरिपाऊँ । संरक्षकमा लिएको बालकलाई पालेको छ बालकलाई कुन मितिमा यातना दिएको हो सो कुरा दावीमा उल्लेख छैन, बालबालिकासम्बन्धी ऐनको दफा ५४ को हदम्याद नाघेको छ, दावीबमोजिम सजाय हुनु पर्ने होइन भनी गर्नु भएको बहससमेत सुनी निर्णयतर्फ हेर्दा निम्नलिखित कुरामा निर्णय दिनु पर्ने देखिन आयो ।

(क) साबालक भइसकेपछि मुद्दा आफैंले सकार गर्नु पर्ने हो होइन र प्रस्तुत फिरादपत्र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५४ को हदम्यादभित्र दायर भएको छ छैन ?

(ख) जिल्ला प्रशासन कार्यालयमा प्रतिवादी मधुसुदन मुनाकर्मीविरूद्ध दायर भएको सार्वजनिक अपराध मुद्दा र यो मुद्दाको विषय वस्तु एउटै हो होइन ? दोहोरो खतराको सिद्धान्त प्रस्तुत मुद्दामा लागू हुने हो होइन ?

(ग) प्रतिवादीहरूले निजलाई संरक्षणमा राखेको अवस्थामा बालबालिकासम्बन्धी ऐन, २०४८ बमोजिमको सुविधा दिएको थियो थिएन ?

(घ) राखेको पीडित बालकलाई यी प्रतिवादीहरूले क्रुर अमानवीय यातना दिएको हो होइन ?

(ङ) हो भने प्रतिवादीहरूलाई के कति सजाय हुने र पीडितले के कति क्षतिपूर्ति भराई लिन पाउने हो?

सर्वप्रथम पीडित बालक साबालक भइसकेको छ, निजले मुद्दा सकार गरेको छैन भन्ने सम्बन्धमा हेर्दा प्रस्तुत मुद्दा बालक नाबालक छदा निजले प्रतिवादीहरूबाट पाएको यातना सम्बन्धमा अदालतको अनुमति लिई मुद्दा दायर भएको र कार्यवाही चल्दै जाँदा बालक साबालक भएको देखिन्छ । साबालक भइसकेपछि मुद्दा सकार गर्ने नगर्ने अधिकार पीडित बालकमाथिनै हुने हुँदा निजले सकार नगरेको कारणले प्रस्तुत मुद्दामा सजाय गर्न मिल्दैन भनी भन्न मिलेन ।

प्रस्तुत फिरादपत्र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५४ को को हदम्यादभित्र परेको छ छैन भन्नेतर्फ हेर्दा उक्त ऐनको दफा ५४ मा “यो ऐनअन्तर्गत सजाय हुने कसूरका सम्बन्धमा सो भए गरेको

मितिले १ वर्षभित्र मुद्दा दायर गर्नु पर्छ" तर बदनियतपूर्वक बालकको सम्पत्ति बेचविखन गरेकोमा जहिलेसुकै पनि, बालकलाई अनैतिक काममा लगाएकोमा सो काम भए गरेको नितिले ३ वर्षसम्म नालिस लाग्न सक्नेछ भन्ने उल्लेख भएको र यी बालक स के.सी. लाई प्रतिवादीहरूले आफ्नो संरक्षकत्वमा लिई राखेको अवस्थामा विभिन्न क्रुर र अमानवीय यातना दिएको भन्ने कुराको पुष्टि पीडित स के.सी. ले यसै लगाउको वादी हकमा तारक धितालले दायर गरेको स.फौ.नं. २८२ को क्षतिपूर्तिसमेत मुद्दामा तारेखमा रहेका पक्षबाट उपस्थित गराई २०५८/१२/१९/२ मा बयान गर्दा सविस्तार प्रतिवादीबाट भए गरेको कुरा उल्लेख भएको र बुझिएका शोभा गौतमको बकपत्रबाट देखिन्छ। त्यसरी पीडित बालकले पाएको यातनाको फोटो २०५३/५/७ को कान्तिपुर दैनिक पत्रिकामा निस्केको र त्यसपछि मात्र पीडितले प्रतिवादीहरूको हातबाट छुटकारा पाई सो छुटकारा पाएको म्यादबाट प्रस्तुत फिरादपत्र दिन हदम्याद सुरू भएको र छुटकारा पाएको मितिले दफा ५४ मा उल्लिखित हदम्यादभित्रै प्रस्तुत मुद्दामा फिरादपत्र दायर भएको हुँदा हदम्याद नाघेको भन्ने विद्वान अधिवक्ताहरूको बहस जिकिरसँग सहमत हुन सकिएन।

फिरादपत्र ऐनको दफा ५४ बमोजिमको हदम्यादभित्र दायर भएको देखिएपछि जिल्ला कार्यालयमा प्रतिवादी मधुसुदन मुनाकर्मीविरूद्ध दायर गरेको सार्वजनिक अपराध मुद्दा र यो मुद्दाको विषयवस्तु एउटै हो होइन, दोहोरो खतराको सिद्धान्त प्रस्तुत मुद्दामा लागु हुने हो होइन भन्ने सम्बन्धमा हेर्दा यसै विषयमा स के.सी. को हकमा शर्मिला पराजुलीविरूद्ध प्रतिवादी मधुसुदन मुनाकर्मी भएको २०५४ सालको रिट नं. ३१२३ को उत्प्रेषणको आदेश जारी गरिपाऊँ भन्ने मुद्दामा सर्वोच्च अदालत संयुक्त इजलासबाट मिति २०५३/६/११ मा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २०(१) बमोजिम दिएको उजुरी निवेदनउपर दिएको कारवाही केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ८ ले निष्कृय हुन जान्छ भन्ने बहसका सम्बन्धमा विचार गर्दा सार्वजनिक अपराधमा सजाय हुने कसूरमा अन्य कानूनबमोजिम पनि कारवाही चलाउन सकिने व्यवस्था सो ऐनको दफा ८ को बनोटबाट देखिन्छ। दफा ८ प्रतिवन्धात्मक वाक्यांशमा सो ऐनअन्तर्गत कार्यवाही र सजाय भइसकेकोमा सोही कसूरमा अन्य कानूनअन्तर्गत सजाय गर्न निषेध गरेकोसम्म देखिन्छ। जो कि प्रत्यर्थी तर्फका विद्वान् अधिवक्ताले जिकिर लिएको दोहोरो खतराको सिद्धान्तद्वारा निषेधित स्थितिसमेत हुने स्वतः स्पष्ट छ। दोहोरो खतराको सिद्धान्तलाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४ को उपधारा २ ले कुनै पनि व्यक्तिउपर अदालतमा त्यसै कसूरमा एकपटकभन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन भन्ने फौजदारी न्यायसम्बन्धी हकको रूपमा प्रत्याभूतसमेत गरेको देखिन आउँछ। तर रिट निवेदकहरूले काठमाडौं जिल्ला अदालतमा दायर गरेको उजुरी निवेदन सार्वजनिक स्थानमा कुनै मानिसउपर भयावह अवस्था सृजना गरी त्यहाँ रहे भएका मानिसहरूलाई त्रासयुक्त पारी त्यस प्रकृतिको पीडा पुऱ्याएबापत सार्वजनिक अपराधको कसूर पीडित व्यक्ति एउटा बालकलाई १५/२० दिनदेखि बालकलाई बाँधछाँद गरी कानूनविरूद्ध काम लगाएमा बालबालिकासम्बन्धी ऐन, २०४८ द्वारा सुरक्षित अधिकार हनन् भई राखेको भनी सो ऐनको २०(१) अन्तर्गत दिएको उजुरी बेग्लै प्रकृतिको उजुरी भएको देखिन आउँछ।

सार्वजनिक अपराधसम्बन्धी कारवाहीमा सार्वजनिक स्थलमा जनसाधारणलाई त्रासयुक्त वातावरण सृजना गरेको कसूरउपर कारवाही भएको र रिट निवेदकहरूले काठमाडौं जिल्ला अदालतमा दिएको उजुरीमा १५/२० दिनदेखि बाँधछाँद गरी कानूनविरूद्ध काममा लगाइएको भन्ने एक बालकको कानूनबमोजिमको हकअधिकार विरूद्धको कार्यउपर बालबालिकाको हकअधिकारविरूद्ध भएको कसूरलाई एउटै कसूर मान्न मिल्ने देखिन आएन भनी मिति २०५८/२/८ मा सिद्धान्त प्रतिपादन भएको देखिन्छ । तसर्थ बालकलाई सार्वजनिक स्थानमा गरेको कार्यउपर सार्वजनिक अपराध र सजाय ऐनअन्तर्गत सजाय भएको र प्रस्तुत मुद्दा बालकलाई श्रमिकको रूपमा घरमा काममा लगाई बालकलाई विभिन्न यातना दिएको विषयमा दायर भएको देखिँदा दुई मुद्दाको विषयवस्तु फरकफरक रहेको हुँदा प्रस्तुत मुद्दामा दोहोरो सजाय गर्न मिल्दैन भन्ने प्रतिवादीको प्रतिउत्तर जिकिरसँग सहमत हुन सकिएन ।

पीडित स के.सी. लाई प्रतिवादीहरूले संरक्षणमा लिई राखेको भन्ने वादीको फिरादपत्रमा उल्लिखित व्यहोरा र प्रतिवादीहरूको प्रतिउत्तरबाटसमेत पीडितलाई प्रतिवादीहरूले नाबालक छँदाकै अवस्थामा आफूहरूले संरक्षणमा लिएको कुरा निर्विवाद रूपमा देखिन आयो । संरक्षणमा राखेको बालकलाई बालबालिकासम्बन्धी ऐन, २०४८ बमोजिमको सुविधा दिएको थियो थिएन भन्नेतर्फ हेर्दा फिराद लेख र प्रतिउत्तरपत्रबाट यी पीडित स के.सी. लाई प्रतिवादीहरूको बाबुको स्वीकृति लिई आफूहरूले संरक्षणमा लिएको कुरा प्रमाणित भएको देखिएको र त्यसरी आफूहरूले संरक्षणमा लिएको बालकलाई उचित स्याहार संरक्षण शिक्षा स्वास्थ्य उपचार लगायतका सम्पूर्ण दायित्व यी प्रतिवादीहरूमा रहेको र बालबालिकासम्बन्धी ऐन, २०४८ को प्रस्तावनालाई हेर्दा "बालबालिकाको हकहित संरक्षण गरी तिनीहरूको शारीरिक मानसिक र बौद्धिक विकास गर्न समयानुकुल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले" भनी बालबालिकाको हकहित संरक्षणको लागि प्रस्तुत ऐन बनेको र बालअधिकारसम्बन्धी महासन्धि, १९८९ र यातना तथा क्रुर, अमानवीय व्यवहार वा सजायसम्बन्धी महासन्धि, १९८४ लाई नेपालले अनुमोदन गरिसकेको र नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावमा मानव अधिराज्यको संरक्षण गर्ने उल्लेख भएको र संविधानको धारा २६(८) मा राज्यले बालबालिकाको शोषण हुन नदिई उनीहरूको हकहितको रक्षा गर्न आवश्यक अवस्था गर्नेछ र निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमशः गर्दै जानेछ भन्ने र ऐ को (९) मा राज्यले अनाथ बालबालिका असहाय महिला, वृद्ध, अपाङ्ग र अशक्तहरूको संरक्षण उन्नतिको लागि शिक्षा स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्वन गर्नेछ भन्ने धारा २० मा मानिसलाई वेचविखन गर्ने दास तुल्याउन वाधा बनाउन वा कुनै किसिमले निजको इच्छाविरूद्ध काम गराउन निषेध गरिएको छ । यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ । तर सार्वजनिक प्रयोजनको लागि कानूनद्वारा अनिवार्य सेवाको व्यवस्था गर्न बाधा पर्ने छैन । नाबालकलाई कुनै कलकारखाना खानी वा त्यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाइने छैन भनी संवैधानिक रूपमा अधिकारको प्रत्याभूति गरेको देखिन्छ । बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा १८ मा बालबालिकाको लालनपालन र विकासका निमित्त बाबुआमा र वैधानिक अभिभावकको प्रथम दायित्व हुने व्यवस्था, धारा १९ मा बाबुआमा वा बालबालिकाको स्याहारको निमित्त उत्तरदायी व्यक्तिहरूद्वारा हुनसक्ने कुनै पनि प्रकारका शारीरिक र

मानसिक चोट वा दुर्व्यवहार हेला वा उपेक्षित व्यवहार लगायतका दुर्व्यवहार तथा शोषणबाट संरक्षण गर्नेसम्बन्धी व्यवस्था, र धारा ३७ मा कुनै पनि बालबालिकालाई यातना वा अन्य कुनै क्रुरता अमानवीय वा होच्याउने खालको व्यवहार वा सजाय दिइने छैन भन्ने व्यवस्था गरेको पाइन्छ । यातना तथा अन्य क्रुर, अमानवीय व्यवहार वा सजायसम्बन्धी महासन्धिको धारा २ र १४ ले पनि यातनाबाट संरक्षण गरेको र उक्त सन्धिहरूलाई नेपालले मान्यता दिई हस्ताक्षर गरिसकेको देखिन्छ । यी उल्लिखित महासन्धिबमोजिम नेपालले पनि बालबालिकासम्बन्धी ऐन लागू गरी उक्त ऐनको दफा ७ मा बालबालिकालाई क्रुर र यातनापूर्ण व्यवहार गर्न नहुने र दफा १५ मा कठोर सजाय दिन नहुने भनी व्यवस्था गरेको देखिन्छ ।

यसरी नेपालले माथि उल्लिखित सन्धिहरूमा हस्ताक्षर गरिसकेपछि ती सन्धिहरूमा उल्लिखित कार्यहरूको पूर्ण रूपमा दायित्व पालन गराउन पर्ने कर्तव्य राज्यको हो । ती कर्तव्यहरू पालन भएन भने पालन गर्न लगाउने पर्ने दायित्व पनि राज्यको हो । नेपाल सन्धि ऐन, २०४७ को दफा ९ ले पनि उक्त कुरालाई प्रष्ट गरेको पाइन्छ । यसरी नेपाल अधिराज्यको संविधान र बालबालिकासम्बन्धी ऐनबमोजिम आफूले संरक्षकत्वमा लिएको व्यक्तिलाई आधारभूत सुविधा दिनु पर्ने कर्तव्य प्रतिवादीहरूको हो । त्यसरी संरक्षणमा लिएको व्यक्तिको उचित रूपमा स्याहार शिक्षादिक्षा भएन भने त्यस्तो कार्य दण्डनीय हुने हुन्छ । प्रतिवादीहरूले आफूले संरक्षणमा लिएको कुरालाई स्वीकार गरेको, संरक्षकको हैसियतले गरेको कार्यमा सजाय नहुने भनी प्रतिवादीहरूले जिकिर लिए पनि सोतर्फ कुनै प्रमाण दिन नसकेको, कहाँ कुन स्कुल भर्ना गरेको हो, के कस्तो प्रकारको सुविधा दिएको थियो सो स्पष्ट रूपमा प्रतिवादीहरूले उल्लेख गर्न नसकेको, २० औँ शताब्दीमा एउटा बालकलाई संरक्षण दिन्छु भनी ल्याई संरक्षण दिएको नाममा बालकलाई पशुवत व्यवहार गरी सिक्रीले बाँधेको, क्रुर अमानवीय व्यवहार गरेको मिसिल संलग्न रहेको प्रकाशित समाचारको फोटोकपीबाट देखिएको र पीडित स के.सी. को २०५८/१२/१९ को बयानबाट सो कुरा प्रमाणित भएको देखिँदा राज्यले स्वीकार गरेको महासन्धिहरू र बालबालिकासम्बन्धी ऐनबमोजिम बालकलाई दिनु पर्ने आधारभूत सुविधा प्रतिवादीहरूले दिएको देखिएन ।

कस्तो कार्यलाई क्रुर र अमानवीय यातना भनिन्छ भनी हेर्दा Black's Law Dictionary, 8th Edition पृष्ठ ३४० मा Cruetly- The intentional and malicious infliction of phisical or mental suffering upon living creatures particularly human beings of as applied to the later wanton, malicious and unnecessary infliction of pain upon the body, or the feelings and emotions, abusive treatment inhumanity, outrage भनी अर्थात् क्रुरताको अर्थ निष्ठुरता, जीवित प्राणी विशेष मानव जातिमाथि शारीरिक दुःख पुऱ्याउने, जानाजान द्वेषपूर्ण कार्य वा कुनै व्यक्तिको भावना, विचार वा शरीरमाथि निच द्वेषपूर्ण र अनावश्यक रूपमा कष्ट पुऱ्याउने कार्य अमानवीयता निष्ठुर व्यवहार भनी परिभाषा गरेको पाइन्छ । भार्गव आदर्श हिन्दी शब्दकोष पृष्ठ ३५९ छैठौ संस्करणमा निर्दय (दयाहीन, निष्ठुर) निर्दयताको निष्ठुरता भन्ने र नेपाली शब्दकोष सम्पादक बालचन्द्र द्वितीय प्रकाशन पृष्ठ ५७७ मा निर्दयको अर्थ दया नभएको निष्ठुर, निर्दयता, निष्ठुरता भन्ने र भार्गव डिक्सनेरीमा Cruel (क्रुर) को

अर्थ निर्दय निष्ठुर भन्ने र नालन्द करेन्ट डिक्सेनरी पृष्ठ ३१८ मा Cruel निष्ठुर, क्रुर, कठोर, निर्दय, दुखदाय भनी उल्लेख गरेको देखिन्छ भने नेपाली बृहद शब्दकोषमा अमानवीय भन्ने शब्दको अर्थमा मानिसले गर्न नसक्ने, नहुने वा नसुहाउने दानवीय वा आसुरी, मानिसलाई उचित नहुने तथा नसुहाउने गुणका व्यवहार भनी परिभाषा गरेको देखिन्छ । Convention against Torture and other Cruel in human or Degrading Treatment or Punishment, 1984 को article 1(1) मा torture means any act by which severe pain or seffering whether physical or mental is intentionally inflicted on person for such purposes .........भन्नेसमेत उल्लेख भएको देखियो । नेपालको कानूनी व्यवस्थाको अध्ययन गर्दा २० सालभन्दा अगाडि गम्भीर प्रकृतिको फौजदारी मुद्दामा अपराधीहरूलाई मात्र पुर्पक्षको निमित्त नेल ठोकी थुनामा राख्ने व्यवस्था तत्काल प्रचलित मुलुकी ऐन, अ.बं. १५२ मा व्यवस्था गरेको देखिन्छ भने कारागारमा कैद गर्दा पनि त्यस्तै ज्यान जाने, दामल हुने र गम्भीर प्रकृतिका चोरी डाँका मुद्दामा नेल, हतकडी, गलफन्दीसमेत हाल्ने व्यवस्था तत्काल प्रचलित खोर झेलखानाको कैदी थुनुवाको २ नं. मा व्यवस्था भएको देखिन्छ । २०२० सालपछि मुलुकी ऐनमा तत्सम्बन्धी व्यवस्था हटाएको पाइन्छ । कारागार ऐन, २०१९ लागू भएपछि सामान्य अपराधीलाई पनि नेल, हतकडी लगाउने व्यवस्था भएको पाइदैन । कैदबाट भागी प्रक्राउ परेको वा कैदबाट भाग्ने उद्योग गर्ने वा सोही ऐनको दफा २२(२) बमोजिम बल प्रयोग गर्ने अपराधीहरूलाई मात्र कारागारभित्र नेल वा हतकडी लगाउने प्रावधान रहेको देखिन्छ । यसरी संविधानको भावनाअनुसार नागरिकको व्यक्तिगत स्वतन्त्रताको संरक्षण हुँदै आएको देखिन्छ । राज्यलेसमेत सानातिना अपराध गर्ने व्यक्तिलाई नेल, हतकडी लगाउन बन्देज लगाएकोमा व्यक्तिले आफ्नो संरक्षणमा लिएको बालकलाई साङ्लाले बाँध्ने कार्य गर्दछ भने सो कार्यलाई क्रुर र पर्याप्त मात्रामा अमानवीय व्यवहार गरी पर्याप्त मात्रामा यातना दिएको मान्नु पर्दछ ।

यसरी संरक्षणमा राखेको पीडित बालकलाई यी प्रतिवादीहरूले क्रुर र अमानवीय यातना दिएको हो होइन भन्ने सम्बन्धमा हेर्दा प्रतिवादीहरूले स के.सी. लाई आफूहरूले संरक्षणमा लिएपछि निज बालकलाई दिनु पर्ने सम्पूर्ण सुविधा दिनु पर्नेमा सो नगरी संरक्षणमा लिएको नाउँमा आफूहरूले जे गरे पनि हुन्छ भन्ने ठानी बालकलाई दिनु पर्ने सुविधा नदिई बालकमाथि विभिन्न किसिमबाट कुटपिट गरी दुःख दिने भरपेट खान नदिने मानवीय व्यवहार नगरी कलिलो बालकलाई काममा लगाउने नमाने कुटपिट गर्ने आफू काममा जाँदा भाग्छ भनी सिक्रीले बाँध्ने भागेको ठाउँबाट समातेर ल्याई साङलाले दुवै खुट्टा बाँध्ने गरी यी पीडित बालकलाई विभिन्न प्रकारको यातना दिई निजको बालकको जीवनमा विभिन्न किसिमको मनोवैज्ञानिक असर पर्ने कार्य यी प्रतिवादीहरूले गरेको र सो कुरा मिसिल संलग्न प्रकाशित समाचार, प्रकाशित फोटो स्वयं पीडित बालकको बयानबाट पुष्टि भएको देखिँदा प्रतिवादीहरूले पीडितमाथि क्रुर र अमानवीय व्यवहार गरी यातना दिएको पुष्टि हुन आयो ।

तसर्थ यी माथि उल्लिखित बुँदा प्रमाणहरूबाट प्रतिवादीहरूले पीडित बालक स के.सी. माथि क्रुर र अमानवीय व्यवहार गरेको देखिँदा वादी दावीबमोजिम आरोपित कसूर गरेको ठहर्छ ।

अव प्रतिवादीहरूलाई के कति सजाय गर्ने हो भनी हेर्दा ऐनको दफा ५३(३) मा कैद वा जरिवाना गरी दुवै किसिमको सजायको व्यवस्था गरे पनि यी प्रतिवादीहरूले बालकलाई आफ्नो संरक्षणमा लिएको कुरालाई स्वीकार गरेको र संरक्षणमा लिएपछि सुरूको समयमा उचित संरक्षण दिएको र कुनै यातना दिएको नदेखिएको र पछि आएर प्रतिवादीहरूको व्यवहारमा परिवर्तन भएको देखिएको र त्यसरी व्यवहारमा परिवर्तन भएपछि पीडितलाई क्रुर र अमानवीय व्यवहार गरेको देखिएको हुँदा ऐनमा कैद वा जरिवानाको दुवैको व्यवस्था भएको देखिए पनि प्रतिवादीहरूको उमेरसमेत विचार गर्दा जरिवाना सजायनै पर्याप्त हुने हुँदा र प्रतिवादी मध्ये मधुसुदन मुनाकर्मीलाई सार्वजनिक अपराधमा सजाय भइसकेको र प्रतिवादीहरूले यस्तो कार्य पहिलो पटक गरेको देखिँदा जरिवानाको सजायनै पर्याप्त हुने हुँदा ५३(३) बमोजिम प्रतिवादीहरूलाई जनही रू. ३०००/- का दरले जरिवाना हुने ठहर्छ ।

अब क्षतिपूर्तिको हकमा यी प्रतिवादीबाट बालकलाई के कति क्षतिपूर्ति भराई दिने हो सो सन्दर्भमा विचार गर्दा पीडित बालकलाई पर्न गएको क्षति, सम्मानपूर्वक बाँच्न पाउने उसको अधिकारमा पर्न गएको असर र कलिलो उमेरमा भोग्नु परेको क्रुर एवं अमानवीय व्यवहारबाट पुग्न गएको पीडालाई हेरी उचित राहत दिनु पर्ने कुरालाई अदालतले उच्चतम् महत्व दिनु पर्ने हुन्छ । साथै अपराधको प्रकृति, कसूरको गम्भीरता प्रतिवादीहरूको आर्थिक स्थिति र पारिवारिक अवस्थासमेतलाई अदालतले क्षतिपूर्तिको सन्दर्भको दृष्टिगत गर्नुपर्ने दायित्व पनि रहन्छ । तसर्थ यी कुराहरूलाई समग्रमा हेरी यी दुई प्रतिवादी मध्ये मधुसुधन मुनाकर्मी औषधि व्यापार गर्ने र निजको श्रीमतिको व्यवसाय भएको नदेखिएको एउटाको आम्दानीबाट आश्रित परिवारहरू पाल्नुपर्ने अवस्था देखिँदा उल्लिखित आधारमा प्रतिवादीहरूबाट दामासाहीले पीडित बालक स के.सी. ले रू. ७५,०००/- (पचहत्तर हजार रूपैया) क्षतिपूर्ति भराई लिन पाउने ठहर्छ । अरू तपसिलबमोजिम गर्नु ।

**तपसिल**

निम्न प्रतिवादीहरूके माथि ईन्साफ खण्डमा कसूर गरेको ठहरी निजहरूलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५३(३) अनुसार जनही रू. ३०००/- का दरले जरिवाना हुने ठहरेकाले निजहरू गैर हुँदा असल गर्न लगत दिनु ..................................................................१

प्रतिवादी मधुसुदन मुनाकर्मीके रू. ३०००/-
ऐ. ज्ञानु मुनाकर्मीके रू. ३०००/-

पीडित स के.सी.के प्रतिवादी मधुसुधन मुनाकर्मी, ज्ञानु मुनाकर्मीबाट माथि ईन्साफ खण्डमा रू. ७५०००/- (पचहत्तर हजार) क्षतिपूर्तिबापतको रकम भराई लिन पाउने ठहरेकाले पुनरावेदन परी यही फैसला सदर भएमा वा पुनरावेदनको अवधि व्यतित भएपछि ऐनका म्यादभित्र प्रतिवादीहरूको जेथा देखाई उक्त रकम

भराईपाऊँ भनी दरखास्त दिए सो रकम दामासाहीले प्रतिवादीहरूबाट पीडितलाई भराइदिई भराएबापत कोर्ट फि ऐनको दफा १३ ले दशौंद पीडित पक्षबाट लिन लगत दिनु.................................२

हाजिर नरहेका प्रतिवादीहरूलाई यो फैसलाप्रति चित्त नबुझे बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५६ बमोजिम ३५ दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्नु भनी पुनरावेदनको म्याद जारी गरी निस्सा मिसिल सामेल राख्नु...........................................................................३

नक्कल माग्नेबाट नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु यो मुद्दाका दायरी लगत कट्टा गरी अभिलेख संरक्षकलाई बुझाई दिनु....................................................................४

..................

जिल्ला न्यायाधीश

माननीय न्यायाधीशज्यूले बोली टिपाएबमोजिम फैसला टाइप गर्ने टा. ना.सु. सुन्दर कार्की ।

ईति सम्वत् २०५९ साल बैशाख २० गते रोज ६ शुभम् ............................................।

**काठमाडौं जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश डा. हरिवंश त्रिपाठी**
**फैसला**
सम्वत् २०६०/०६१ सालको स.फौं नं. १३६/७०९
निर्णय नम्बर १४०

**मुद्दा : जवरजस्ती करणी।**

**वादीको नाम, थर, वतन**
चितवन जिल्ला, कुमरोज गा.वि.स घर भई का.जि., का.म.न.पा., वडा नं. १४ गाङखेल डेरा गरी बस्ने वर्ष १३ की राममाया (नाम परिवर्तन) को जाहेरीले श्री ५ को सरकार...................................१

**प्रतिवादीको नाम, थर, वतन**
काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं १४ बस्ने वर्ष ३६ को जयराज खरेल ..................१
ऐ.ऐ. बस्ने वर्ष १४ को कमल खरेल (नाम परिवर्तन).......................................१

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ एवं मुलुकी ऐन, अ.बं. को २९ नं. अनुसार यस अदालतको अधिकार क्षेत्रभित्र पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

जयराज खरेल (नाम परिवर्तन) को घरमा घरेलु काम जस्तो भाँडा माझ्ने, लुगा धुने, खाना बनाउने, भुई पुछ्ने काम गर्न पर्दथ्यो। करिव डेढ दुई महिनापछि म नाबालक जाहेरवालीलाई विपक्षी जयराज खरेलको छोरा विपक्षीमध्ये कमल खरेलले कोही नभएको मौकामा मलाई समात्न आउँने र मैले के गरेको भन्दा मलाई लछारपछार गरी उसको कोठामा लगी सुताएर मेरो कट्टुसमेत खोलेर मलाई बलात्कार गरे। म रोई कराई गर्दा मेरो मुख थुनेर कुटपिट गर्ने गर्दथ्यो। विपक्षी मध्येको जयराज खरेलले म नाबालक जाहेरवालालाई पहिलो पटक डेरामा दिउँसो ट्वाइलेटमा नुहाई रहेको अवस्थामा मलाई बोलाएर ढाड माडी देउ भने। मैले विपक्षीको ढाड माडी दिएँ। त्यसपछि म बाहिर निस्कन लाग्दा निजले मलाई एक्कासी तानेर ट्वाइलेटमानै पछाडिबाट समातेर भुईमा लडाई मेरो दुवै हात बेस्सरी समातेर निजको खुट्टाले मेरो दुई वटै खुट्टा च्याप्प थिचेर मेरो लुगा फुकाली बलात्कार गरे। म रोए कराएँ। तर निजले मलाई छोडेनन् र बलात्कार गर्दैरहे। यो क्रम दुई तीन दिन बिराएर भइरह्यो। अन्तिम पटक मिति २०५९/९/१४ र १५

गते बाबु छोरा दुवैले मलाई बलात्कार गरेका हुन् । यसरी म नाबालक जाहेरवालीलाई विपक्षीहरू बाबु र छोराले पटकपटक बलात्कार गरी मेरो यौनशोषण गर्दै आएको हुनाले आफैले आफ्नो जाहेरी दिन आएको छु भन्नेसमेत व्यहोरा भएको राममायाको जाहेरी दरखास्त ।

जयराज खरेल र कमल खरेललाई पक्राउ गरी दाखिला गर्न ल्याएको भन्नेसमेत व्यहोराको प्रहरी प्रतिवेदन ।

मैलै जाहेरवालीसँग जवरजस्ती करणी गरेको छैन र उक्त जाहेरवालीको गर्भ रहेको बच्चा मेरो होइन । कही कतैबाट उक्त शिशुको जन्मपश्चात् मेरो करणी बीर्यबाट रहेको गर्भ ठहरे म कानूनबमोजिम सहन मञ्जुर छु भन्नेसमेतको प्रतिवादी जयराज खरेलले अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको बयान ।

घरमा निज जाहेरवाली चन्द्रमाया दुराई र म मात्रै भएको अवस्थामा मलाई करणी गर्न मन लागेकोले मैले निजलाई बोलाई खाटमा पल्टाई निजको कट्टु खोली मैले मेरो कट्टु पनि खोली निजमाथि चढी मेरो लिङ्ग निजको योनीमा घुसाएँ, मैले निजको स्तनसमेत समाई करणी गरेको हो । मैले पटकपटक जवरजस्ती करणी गर्दा यसरीनै गरेको हो भन्नेसमेत व्यहोरा भएको प्रतिवादी कमल खरेलले अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको बयान ।

राममायालाई हामी आमा बाबुले प्रतिवादी पदमराज खरेलको घरबाट छुटाई आफ्नो घरमा लगिसकेपश्चात् छोरीको पेट ठूलो देखी छोरीलाई के भएछ भनी मैले श्रीमतीलाई सोध्न लगाए, त्यसपछि जाहेरवाली छोरीले जयराज खरेल र निजको छोरा कमल खरेलले जवरजस्ती करणी गरेको हो भनी बताएपछि मैले निज १३ वर्षकी मेरा अवोध बालिकामाथि यस्तो कुकर्म भएको थाहा पाएकोले निजलाई पुनः काठमाडौं ल्याए । थापाथलीस्थित अस्पतालमासमेत जँचाई शरीरको परीक्षण गराउँदा निज जाहेरवाली छोरी गर्भवती भएको कुरा प्रमाणित भएकोले मैले छोरीलाई लिएर जाहेरी दरखास्त दिन आएको छु भन्नेसमेत व्यहोराको जाहेरवाली राममायाको बाबुले गरिदिएको कागज ।

काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. १४ बुद्धमार्गीस्थित पूर्वतर्फ हिरा राउतको पक्की घर, पश्चिम कली मन्दिर जाने बाटो, उत्तर बाफल जाने कच्ची बाटो, दक्षिण मोहन सर भन्नेको पक्की घर । यति चार किल्लाभित्र स्थित पश्चिम मोहडा भएको रंगले रातो सेतो रंगको प्रतिवादी जयराज खरेलेको पक्की घर भन्नेसमेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

मिति २०५९ साल पुष १६ गते राममायालाई लगी चितवनस्थित घरमा गयौं । घरमा गएपछि मेरो छोरीले आमा मलाई पेट दुख्यो भनिन्, त्यसपछि मेरो श्रीमानले पनि छोरीको पेट राम्ररी हेर, के भएछ भनी पछि मैले झाक्रीकोमा लगी देखाउँदा झाक्रीले तपाईको छोरी गर्भवती भएकी छिन् भनेको हुँदा मलाई अविवाहित छोरी कसरी गर्भवती भइछन् भनी अचम्म लाग्यो र मैले छोरी राममायालाई फकाएर लाज नमानिकन भन तिमीलाई कसरी यस्तो भयो भनी सोध्दा निज छोरीले जयराज खरेलको डेरामा र घरमा बस्दा पटकपटक गरी २०५९ साल पुष १४/१५ गतेसम्म जयमराज खरेल र निजको छोरा कमल खरेलले जवरजस्ती करणी

गरेको हुँदा यस्तो हुन गएको हो भनी भन्दा थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको जाहेरवाली राममायाको आमा तथा बुझिएका राजकुमार गुरूङको र शान्ती दराईले एकै मिलानको गरिदिएको कागज ।

प्रतिवादी जयराज खरेलले १३ वर्ष उमेर भएकी नाबालिका जाहेरवालीलाई जोरजुलुम गरी गराई धम्काई लोभ लालचा दिई अनुचित प्रभावमा पारी पटकपटक जवरजस्ती करणी गरेको र प्रतिवादी कमल खरेलले पटकपटक करणी गरेको भनी सावितीसमेत भएकोले निज प्रतिवादी जयराज खरेल र कमल खरेलले आफ्नो घरमा घरेलु काम गर्ने नाबालिकालाई आफ्नो घरमा राखेको अवस्थामा निज जाहेरवालीको उमेर र बाध्यताको फाइदा उठाई पटकपटक जवरजस्ती करणी गरी जाहेरवालीको गर्भसमेत रहन गएको पुष्टि हुन आएकोले निज प्रतिवादी दुई जयराज खरेल र कमल खरेलले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. ३(२) नं. को कसूर अपराध गरेको देखिँदा निज प्रतिवादीहरूलाई सोही महलको ३(२) नं. को कसूर अपराध गरेको देखिँदा निज प्रतिवादी निज बालिका करणीको लागि असक्त तथा निज गर्भवती महिलासमेत भएको देखिँदा निज प्रतिवादीहरूले ऐ. महलको ३ क नं. अनुसार थप सजाय हुनसमेत अनुरोध गरिन्छ । प्रतिवादी कमल खरेलको परीक्षण प्रतिवेदनसमेतबाट १४ वर्षको भन्ने देखिँदा निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) आकर्षिक हुनसमेत अनुरोध गरिन्छ । साथै मुलुकी ऐन, जवरजस्ती करणीको १० नं. अनुसार निज प्रतिवादीहरूको आधा अंश सर्वश्व गरी निज पीडितलाई भराई दिन हुनसमेतको मागदावी लिइएको छ भन्नेसमेत व्यहोराको वादी श्री ५ को सरकारको अभियोगपत्र ।

मैले जाहेरवालीलाई जवरजस्ती करणी गरेको होइन छैन । निज जाहेरवाली हाम्रो घरमा काम गर्न बसेकी हो । निजले मलाई आफ्नो स्तन समाउन लगाउने र मज्जा आउँछ भनी करणीसमेत गर्न लगाउने गर्दथिन । म आफै निजलाई करणी गर्न नगई निज आफै मलाई करणी गर्न लगाउँदथिन । ५ मिनेटसम्म म निजको योनीमा करणी गर्दथे । २,३ पटक करणी गरेको हो । जाहेरी व्यहोरा झुठ्ठा हो । साँझतिर करणी गर्दथे । बुबाले गरे नगरेको मैले थाहा पाइन । भदौतिर अन्तिम पटक गरेको हो । निजको पेटमा बच्चा छ भन्ने सुनेको थिए । कस्को हो थाहा छैन । मैले जवरजस्ती करणी गरेको होइन निजलेनै करणी गर्न लगाएको हुँदा करणी गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी कमल खरेलले यस अदालतमा गरेको बयान ।

जाहेरवाली २०५८ साल माघ २८ गतेदेखि २०५९/८/१३ गतेसम्म मेरो घरमा बसेकी हुन् । मैले पछि थाहा पाएअनुसार मेरो साँझको डिउटी हुँदा बच्चाहरू घरमा नभएको अवस्थामा निज भागी गइछन् । राती घरमा आएपछि छोराहरूले भने । भोलिपल्ट निज जाहेरवाली तलव लिन भनी आएकी र मैले पहिलेनै तलव दिइसकेको हुँदा दिइन । निज हामी घरमा नहुँदा पटकपटक घर छाडी भिनाजु भन्ने कहाँ जाने गरेकी रहिछन् । मैले जवरजस्ती करणी गरेको भए ६ महिनासम्म किन चुप लागी बसे । त्यस समयमा निजका दाजु, बुबा र भिनाजुसमेत म कहाँ आउँथे । यदि मैले यस्तो गरेको भए त्यसै समयमा भन्नु पर्ने थियो । मैले जाहेरवालीलाई केही गरेको छैन । मउपर झुठ्ठा आरोप लगाएको हो । जाहेरी झुठ्ठा हो भन्नेसमेत व्यहोरा प्रतिवादी जयराज खरेलले यस अदालतमा गरेको बयान ।

मैले प्रतिवेदनमा दिएअनुसार निजको उमेर १२ देखि १४ वर्ष भित्रको पाएको छु । मिति २०५९/१०/१३ मा कमल खरेल भन्ने व्यक्तिको शारीरिक जाँच गरी उमेरसम्बन्धी राय दिएको छु । कुनै पनि व्यक्तिको उमेर थाहा पाउनको लागि निजको शरीरको विकासवय एकताका लक्षणहरू, दाँतको विकास र हड्डीमा पाइने विकासका लक्षणहरू अध्ययन गरिन्छ । माथिका पहिलो २ ग्रुपमा पाइएका लक्षणहरूलाई मुख्य आधार मानिन्छ भन्नेसमेत व्यहोराको डा. हरिहर वस्तीले यस अदालतमा गरेको बकपत्र ।

म हाल उहाँकै घरमा बसिरहेको छु । भेटघाट हुन्छ । निज मेरो कोठामा आउँनु हुन्थ्यो । मसँग खास कुरा हुँदैनथ्यो । अनुचित कार्य गरेको सम्बन्धमा केही कुरा गरेकी थिएन । मैले थाहा पाएसम्म जाहेरवालीलाई राम्रो गर्नु हुन्थ्यो । उहाँ राम्रो जस्तो लाग्छ । उहाँ राम्रो आचरणको हुनु हुन्छ । त्यस्तो कसूर गरे जस्तो लाग्दैन भन्नेसमेत व्यहोराको प्रतिवादी जयराज खरेलका साक्षी प्रेम अधिकारीले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादी जयराज खरेलको होटलको ड्यूटी हुँदा होटलमा काम गर्ने फुर्सद नहुँदा कहिले घरमा आउँनु हुन्न थियो । कमल ९:०० बजेपछि विद्यालय जाने गर्दथे । जाहेरवालीलाई कुटपिट गरेको मलाई थाहा छैन । एक दिन निज जाहेरवाली घरबाट चावी लिएर भागेकोले यस्तो नगर्न भनी सम्झाईबुझाई गरेकोसम्म थाहा छ । निज प्रतिवादी सरल स्वभावका आचरण भएका व्यक्ति हुन् । निजले दावीअनुसारको कसूर गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी जयराज खरेलका साक्षी गिरी पाण्डेले यस अदालतमा गरेको बकपत्र ।

मलाई बाबु छोरा दुवैजनाले त्यस्तो कार्य गर्न आउँने भएकोले म एक दिन फुपुको घरमा गएको थिए । पछि हरहिसाव गर्न आउँदा मलाई निजले कुटपिट गरी नाकको फुली पनि हराई दिएको हो । १०/१५ दिनपछि मलाई लिन मेरा बुबाआमा आउँनु भयो । मलाई १४/१५ पटकसम्म बाबु छोराले अनुचित कार्य गरेको हो र म पुसको १६ गते घर गए । जयराज खरेल र कमल खरेलले मलाई जवरजस्ती करणी गरेको हो । प्रतिवादी कमलराजले विहान भुजा पकाउने बेलामा र स्कुल जाने बेलामा मलाई समाती उसको वेडमा लाने अनि पेन्टी खोल्ने, सुताउने, यसो किन गरेको म तिम्रो बुबालाई भनी दिन्छु भन्दा यसो भन्यो भने म मारी दिन्छु भन्ने गर्दथे । प्रतिवादी जयराज खरेल रातिको १०:०० बजेतिर आउँने मलाई मुख थुन्ने, पिट्ने गर्दथे, उ आफै पेन्टी खोल्ने, मैले नदिँदा मेरो दुवै खुट्टा बाँधी बलात्कार गर्ने गर्दथे भन्नेसमेत व्यहोराको जाहेरवालीको यस अदालतमा गरेको बकपत्र ।

कमलराज खरेलको सिमन परीक्षण प्रतिवेदन सिनियर ल्याब टेक्निसियन धर्मबहादुर बानियाले परीक्षण गरी भन्नु भएको हो । त्यसमा भएको सही निज धर्मबहादुर बानियाको हो । उक्त परीक्षण गर्दा मैले निज धर्मबहादुर बानियालाई खटाई निर्देशनसम्म दिएको हुँ । उक्त परीक्षण गर्ने कार्यमा उसैको संलग्नता भएकोले उनै यसको जिम्मेवारी हुन्छ । परीक्षण गर्दा कुनै समस्या आएमा मात्र हामी परीक्षणमा सामेल हुन्छौं । परीक्षण रिपोर्ट हेरेर ठीक छ भनी पठाई दिएको हुँ भन्नेसमेत व्यहोराको बीर्य परीक्षण गर्ने डा. चन्द्रिका देवी श्रेष्ठले यस अदालतमा गरेको बकपत्र ।

डा. चन्द्रिका श्रेष्ठको आदेशबमोजिम मैले परीक्षण गरेको हो । उक्त परीक्षणमा स्पारमाटाजोआ ३५० मिलियम प्रति मिलिलिटरमा सक्रिय मोटाइल ७५ प्रतिशत, नचल्ने १० प्रतिशत र अलिअलि मात्र चल्ने १५ प्रतिशत भएको परीक्षणबाट देखिएको हो । डब्लु.बि.सि. ५ देखि १० र आर.बि.सि. ३-५ सम्म पर हाइपावर फिल्ड देखिएको हो । सक्रिय शुक्रकिट जुन महिलाको डिम्वाशयमा गर्भधारणमा महत्वपूर्ण भूमिका खेल्ने कुरा जनाउँछ । यो सरदर ७०-८० प्रतिशतसम्मको मात्रा हुनु पर्दछ । त्योभन्दा कम भए गर्भधारण हुनसक्ने संभावना कम हुन्छ । सामान्य शुक्रकिटको परीक्षण गर्दा सेतो रक्त कोषिका र रातो रक्त कोषिका साथै इफिथिलियम सेलको उपस्थित हुँदैन । सामान्यतया गर्भधारणको लागि आवश्यक पर्ने संख्या ४ करोडभन्दा तल (४० मिलियन) को संख्यालाई इन फर्टिलिटिमा राखिन्छ । यस आँकडामा हिसाब गर्दाखेरि ८० मिलियनदेखि १५० मिलियन र सोभन्दा माथिको संख्यालाई Normozoospermia भनिन्छ । र ८० मिलियनभन्दा तलको संख्यालाई Oligozoo permia भनिन्छ । तापनि यो संख्याले गर्भधारण गर्न सक्छ । सामान्यतया १२ वर्षबाट शुरू भएर १४ वर्षमा शुक्रकिट विकिसत भएर आएको हुन्छ भन्नेसमेत व्यहोराको अ.बं. ११५ नं. बमोजिम झिकाई बुझिएका ल्यावटेक्निसियन धर्मबहादुर बानियाले यस अदालतमा गरेको बकपत्र ।

## अदालतको ठहर

नियमानुसार साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी श्री ५ को सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता शंकर खत्रीले र जाहेरवालीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू त्रय चण्डेश्वरी तण्डुकार, शशि अधिकारी र अनिता चापागाई तथा प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान अधिवक्ता लभकुमार मैनाली र हरिचन्द्र सुवेदीले गरेको बहससमेत सुनी ईन्साफतर्फ विचार गर्दा वर्ष १३ की जाहेरवाली नाबालक राममायालाई प्रतिवादी जयराज खरेलले र निजका छोरा प्रतिवादी कमल खरेलसमेतले पटकपटक जवरजस्ती करणी गरेको हो होइन ? निज प्रतिवादीहरूलाई जवरजस्ती करणीको महलको १ र ३(२) नं. को कसूरमा ऐ. ३(२) नं. अनुसार सजाय गरी ऐ ३ नं. अनुसार थप सजायसमेत हुनुपर्ने हो होइन भन्नेबारे निर्णय दिनु पर्ने देखियो ।

जाहेरवाली अन्दाजी वर्ष १३ की राममाया प्रतिवादी जयराज र कमल खरेलको घरमा मिति २०५८/१०/२७ पछि घरेलु काम गर्न भनी बसि आएकोमा करिव डेढ दुई महिनापछि निज प्रतिवादी जयराज खरेलका छोरा प्रतिवादी कमल खरेलले घरमा कोही नभएको मौका पारी निजलाई समाई लछारपछार गरी कोठामा लगी सुताएर निजको कट्टु खोली निजलाई बलात्कार गरेको र सोभन्दा पछि पनि मौका पारी पटकपटक जवरजस्ती बलात्कार गर्ने गरेको त्यस्तै निजको बुबा जयराज खरेलले ट्वाइलेटमा नुहाई रहेको अवस्थामा ढाड माडि देऊ भन्ने निहुँमा निज जाहेरवालीलाई भित्र बोलाई निजलाई एक्कासी तानेर ट्वाइलेटमानै भुईमा लडाई निजको खुट्टाले जाहेरवालीको दुई तिरै खुट्टा च्यापेर थिचेर बलात्कार गरेको र सोभन्दा पछि पनि निजका छोराहरू सुतिसकेपछि राति करिव १०/११ बजेतिर प्रतिवादी जयराज खरेल जोहरवालीको कोठामा आई पटकपटक बलात्कार गर्ने गरेकोमा २०५९/९/१६ मा आफ्नो बुबा भेट्न आउँदा निजसँग

घर गएपछि "तिम्रो पेट ठूलो छ के भयो ?" भनी निजकी आमाले निजलाई सोध्दा निजले आमालाई सबै कुरा बताएको र निजलाई प्रतिवादीहरूले त्यसरी पटकपटक बलात्कार गरेको हुँदा जवरजस्ती करणीको महलअनुसार निजहरूलाई सजाय गरिपाऊँ भन्ने राममायाले दिएको जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको कारवाही उठान भएको पाइन्छ ।

प्रतिवादीहरू मध्येका कमल खरेलले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा जाहेरवाली राममाया निजको घरमा काम गर्न बस्दाको अवस्थामा निजलाई पटकपटक जवरजस्ती करणी गरेको हुँ, घरमा कोही नभएको अवस्थामा ३ पटक एक साता बिराएर जवरजस्ती करणी गरेको हुँ भनी करणी गर्दाको काम क्रियालाई सिलसिलेवार खुलाई कसूर गरेमा सावित भएको देखिन्छ । यस अदालतमा बयान गर्दा जाहेरवालीलाई पटकपटक जवरजस्ती करणी गरेको कुरामा प्रतिवादी कमल खरेल सावित भए पनि उक्त करणी निजले जवरजस्ती गरेको नभई जाहेरवालीलेनै निजलाई बोलाई करणी गर्न दुरूत्साहन गरी उत्प्रेरित गरेकोले करणी गर्ने गरेको हुँ भनी सामान्य रूपमा बयानमा फरक पारी करणी गरेको भुल तथ्य स्वीकार गरेको देखिन्छ । तर सोह्र वर्ष मुनिको स्वास्नी मानिसलाई उसको मञ्जुरी लिई वा नलिई जुनसुकै स्वास्नी मानिसको मञ्जुरीनै भए पनि जवरजस्ती करणीको कसूर कायम हुन्छ त्यस्तो नाबालकको मञ्जुरीलाई कानूनी मान्यता नहुने देखिन्छ । यी जाहेरवालीको उमेर १३ वर्षको देखिन आएकोले प्रतिवादी कमल खरेलले यस अदालतमा बयान गर्दा जाहेरवालीको मञ्जुरी र दरूत्साहनमा निजलाई करणी गरेको हुँ भनी निजले लिएको जिकिर प्रयोजनहीन देखिन आई निजले सोबाट कुनै राहत वा छुट पाउन सक्ने अवस्था देखिन्न । परोपकार श्री ५ ईन्द्र राज्यलक्ष्मी देवी प्रसूती गृह विकास समितिका कन्सल्टेन्ट डा. सुधा शर्माले गरेको स्वास्थ्य परीक्षण प्रतिवेदनअनुसार "जाहेरवालीको कन्या जाली च्यातिएको र निजको अन्दाजी २६ हप्ताको गर्भ रहेको अवस्था देखिन्छ" भन्ने समेत उल्लेख भएको र जिल्ला सरकारी वकिल कार्यालयको मिति २०६०/१२/२० को पत्रसाथ दाखिल भएको परोपकार श्री ५ ईन्द्र राज्यलक्ष्मी देवी प्रसूती अस्पतालको जन्म प्रमाणपत्र ९३३ हेर्दा निज जाहेरवाली राममायाबाट कन्या शिशुको जन्मसमेत भएको देखिँदा निजको जवरजस्ती करणी भएमा विवाद देखिन्न । अतः प्रतिवादी कमल खरेलमाथि किटानी जाहेरी दरखास्त परेको, निजले जवरजस्ती करणी गरेको हो भनी जाहेरवालीले यस अदालतमा उपस्थित भई बकपत्र गरेको तथा निज प्रतिवादी कमल खरेलले अधिकारप्राप्त अधिकारीसमक्ष तथा यस अदालतमासमेत आरोपित करणीको कसूर गरेको सावित भई बयान गरेको देखिँदा निजले अभियोगपत्र दावीबमोजिम जाहेरवालीलाई जवरजस्ती करणीको महलको १ नं. र ३(२) नं. को कसूर गरेको ठहर्छ ।

अर्को प्रतिवादी जयराज खरेलउपरको अभियोग दावीबारे विचार गर्दा निजलेसमेत जाहेरवालीलाई पटकपटक जवरजस्ती करणी गरेको र त्यसरी जवरजस्ती करणी गर्दा जाहेरवालीलाई जोरजुलुम गरी डराई, धम्काई लोभलालच दिई अनुचित प्रभावमा पारी उपरोक्तबमोजिम जवरजस्ती करणी गरेको हो भनी जाहेरवालीले जाहेरी दरखास्तमा उल्लेख गरेको र यस अदालतमासमेत उपस्थित भई निजलाई बकपत्र गरेको देखिन्छ । तर निज प्रतिवादी जयराज खरेलले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा र यस

अदालतमासमेत बयान गर्दा पीडित जाहेरवालीलाई जवरजस्ती करणी गरेको होइन भनी कसूर गरेमा पूर्णतया ईन्कार रही बयान गरेको छ । निजको छोरा प्रतिवादी कमल खरेलले जाहेरवालीसँग जवरजस्ती करणी गरेको हो भनी निजबाट थाहा भएको हो भन्नेसमेत बयानमा उल्लेख गरेको पाइन्छ । अर्को सहअभियुक्त प्रतिवादी कमल खरेलले प्रहरीमा र यस अदालतमासमेत बयान गर्दा यी प्रतिवादी जयराज खरेललाई पोल गरेको पाइँदैन । बुवा जयराज खरेलले जवरजस्ती करणी गर्नु भयो भएन मैले देखिन भनी निजले प्रहरीसमक्षको बयानमा लेखाएको देखिन्छ । प्रतिवादी जयराज खरेलले जाहेरवालीलाई पटकपटक करणी गरेको भन्ने जाहेरवालीको दावी जिकिर भएकोमा आरोपित करणी वारदात भएको भए सोबारे सो अवधिभित्र जाहेरवालीले कहीकतै कसैलाई सोबारे भनेको वा जानकारी गराएको अवस्थासमेत देखिँदैन । उपरोक्त अवस्थामा जाहेरवाली आफ्नो फुपाजुको घरमा गएको अवस्था पनि मिसिलबाट देखिन आउँछ । तर प्रतिवादी जयराज खरेलले निजमाथि जवरजस्ती बलात्कार गरेको भए सोबारे आफ्नो फुपाजुलाई अवगत गराउन पर्याप्त मौका र अवसर हुँदाहुँदै पनि निजले आफ्नो फुपाजुलाई पनि मौकामा अवगत गराएको अवस्था देखिँदैन । उक्त अवधिमा जाहेरवालीले विरोध गरे वा प्रतिकार गरेको देख्ने, सुन्ने कुनै छरछिमेकी वा प्रत्यक्षदर्शी साक्षीसमेतको पूर्णतया अभाव रहेको अवस्था देखिन आउँछ । जाहेरवालीको किटानी जाहेरी दरखास्त र बकपत्रलाई प्रतिवादी जयराज खरेलको हकमा पुष्ट्याई गर्ने कुनै पनि स्वतन्त्र विश्वसनीय प्रमाण वादी पक्षले गुजार्न सकेको पाइदैन । जाहेरवालीको भनाईलाई मात्र कसूर कायम गर्न मूल प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन । त्यसमा पनि आरोपित प्रतिवादी मध्येका प्रतिवादी कमल खरेल प्रहरीमा र यस अदालतमासमेत आफूले जाहेरवालीलाई करणी गरेमा सावित भई बयान गरेको देखिँदा जाहेरवालीको जाहेरी र बकपत्रलाई मात्र प्रतिवादी जयराज खरेलकाविरूद्ध एवं मात्र निर्णायक प्रमाण मानी अन्य स्वतन्त्र प्रमाणको अभाव देखिएको अवस्थामा निजविरूद्धको अभियोग दावी कायम गर्न न्यायोचित हुन सक्दैन । तसर्थ प्रतिवादी जयराज खरेलले आरोपित अभियोग दावीबाट सफाई पाउने ठहर्छ ।

जहाँसम्म प्रतिवादी कमल खरेलले यस अदालतमा बयान गर्दा निजको करणी गर्दा निजको लिङ्गबाट कुनै पदार्थ स्खलन नभएको भन्ने जिकिरको सवाल छ सोबारे निजले प्रहरीसमक्षको बयानमा कुनै कुरा उल्लेख नगरी जाहेरवालीलाई पटकपटक करणी गर्ने गरेको हुँ भन्ने मात्र लेखाएको देखिँदा सो जिकिरको सन्दर्भमा निजको बयानमा एक रूपता देखिँदैन । निजको बीर्य परीक्षण गर्ने बीर अस्पतालका टेक्निसियन धर्मबहादुर बानियाले यस अदालतमा गरेको बकपत्र हेर्दा १२ वर्षको उमेरबाट प्रजनन् शक्ति भएको शुक्रकिट बीर्यमा जन्मिन शुरू भई १४ वर्षको उमेरमा शुक्रकिट विकिसत भएर आउँने र ७० प्रतिशतदेखि ८० प्रतिशत सक्रिय शुक्रकिटाणु महिलाको डिम्वाशयमा प्रवेश गरे गर्भधारण हुने भनी उल्लेख भएको पाइन्छ । निज ल्याब टेक्निसियनले प्रतिवादी अनुप खरेलको बीर्य परीक्षण गरेको मिति २०६०/६/२५ को Semen Analyses Report हेर्दा निजको बीर्यमा ७५ प्रतिशत सक्रिय शुक्रकिटाणु रहेको भनी राय व्यक्त गरेको देखिँदा प्रतिवादी कमल खरेलको बीर्यबाट गर्भाधारण हुन सक्ने भनी वैज्ञानिक परीक्षणसमेतबाट पुष्टि भएको पाइन्छ । अर्थात प्रजनन क्षमता सम्पन्न बीर्य शक्ति यी प्रतिवादी कमल खरेलसँग रहे भएकोमा विवाद देखिन्न । अतः त्यस्तो सक्रिय र क्रियाशिल शुक्रकिटाणुसहितको बीर्य शक्ति भएको यो प्रतिवादी

कमल खरेलले पटकपटक जाहेरवालीलाई करणी गर्दा निजको लिङ्गबाट बीर्य स्खलन भएन होला भनी अनुमान गर्न नमिल्ने हुँदा निजले अदालतमा लिएको सोसम्बन्धी ईन्कारी जिकिर सो हदसम्म विल्कुलै पत्यार लायकको देखिँदैन । तसर्थ जाहेरवाली राममायाबाट १ मई २००३ का दिन परोपकार श्री ५ ईन्द्र राज्यदेवी प्रसूती अस्पतालमा जन्मेकी शिशु कन्या (Female Child) यीनै प्रतिवादी कमल खरेलको करणी बीर्यबाट जन्मेको हो भन्ने देखिन आउँछ ।

जवरजस्ती करणीको आरोपित कसूर प्रतिवादी कमल खरेलले गरेको ठहरी फैसला भएकोमा निजको उमेर डाक्टरको प्रतिवेदनअनुसार १२ वर्षदेखि १४ वर्ष बीचको सम्भवत १३ वर्षको हाराहारीमा देखिने भन्ने उल्लेख भएको हुँदा निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को देहाय (२) अनुसार कैद महिना ६ हुन्छ । उक्त कैदको अवधि निजले ऐ. ऐनको दफा ५०(२) अनुसार आधिकारिक बाल सुधार गृहमा बसी भुक्तान गर्नेसमेत ठहर्छ । साथै प्रतिवादी कमल खरेलको अंश हकको सम्पत्तिबाट जाहेरवालीले जवरजस्ती करणीको १० नं. अनुसार आधा अंश सर्वस्व गरी पीडितलाई भराई दिनेसमेत ठहर्छ । अभियोगपत्रमा जवरजस्ती करणीको महलको ३ क नं. अनुसार थप सजायको मागदावीसमेत भएकोमा प्रतिवादी कमल खरेल १४ वर्षभन्दा कम रहेको देखिन आई निजलाई कानूनबमोजिम हुनसक्ने अधिकतम् कैद ६ महिना हुने ठहरी सकेकोले यसको मागदावीको पूर्वावस्था विद्यमान नभएकाले सो हदसम्मको अभियोग दावीसमेत पुग्न सक्दैन । सो ठहर्नाले तपसिलका कलमहरूमा तपसिलबमोजिम गर्ने गरी आजै यस अदालतबाट अ.बं. १८६ नं. बमोजिम फैसला गरिदिएँ ।

**तपसिल**

माथि ईन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी जयराज खरेलले अभियोग दावीबाट सफाई पाउने ठहरी फैसला भएको निज प्रतिवादी जयराज खरेल पुर्पक्षका लागि थुनामा रहेको देखिएको हुँदा निज प्रतिवादीलाई अन्य मुद्दामा थुनामा राख्नु नपर्ने भए यस मुद्दामा निजलाई थुनाबाट छाडि दिनु भनी सम्बन्धित कारागार शाखामा लेखी पठाई दिनु ..........................................................१

माथि ईन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी कमल खरेलले जवरजस्ती करणीको महलको १ नं. र ३(२) नं. अनुसार कसूर गरेको ठहरी निज प्रतिवादी कमल खरेललाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को देहाय (२) अनुसार ६ महिना कैद हुने ठहरी फैसला भएकोले उक्त कैदको अवधि निजले ऐ.ऐ.को दफा ५०(२) अनुसार बाल सुधार गृह, सानोठिमी, भक्तपुरमा बसी भुक्तान गर्नुपर्ने देखिँदा निजलाई लागेको कैद उक्त बाल सुधार गृहमा राखी असुलउपर गर्नु भनी लगत दिनु..................२

प्रतिवादी कमल खरेलको आधा अंश भाग जवरजस्ती करणीको महलको १० नं. अनुसार सर्वस्व गरी जाहेरवाली राममायालाई दिलाई भराई दिने ठहरी फैसला भएको हुँदा प्रतिवादीका बाबु जयराज खरेलको यस अदालतमा मिति २०६०/३/१९ मा कागज गर्दा खुलाएअनुसार जयराज खरेलको नाउँमा दर्ता रहेको

कलङ्की ५ क. कि.नं. ११७९ नं. पु. ०-५-०-० को घरजग्गा र निजको आमा मैना खरेलको नाउँमा रहेको चितवन जिल्ला, कुमरोज गा.वि.स., वडा नं. ८ मा रहेको करिव १-१ को आधा कठ्ठामा बनेको घरसमेतबाट पाँच भागको एक भाग जयराज खरेलको अंश भाग छुट्याई सो एक भागलाई पुनः तीन भाग लगाई तीन भागको एक भाग कमल खरेलको अंश भाग छुट्याई सो एक भागको आधाको अंश भाग सर्वस्व गरी जाहेरीवालीलाई दिलाई भराई दिनु भनी लगत दिनु ....................................३

प्रतिवादी कमल खरेल बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(१) बमोजिम चाहिएका बखत उपस्थित गराउने गरी आमाले बुझी जिम्मा लिएकोमा फैसला हुँदाका बखत रूजु हाजिर रहेको नदेखिँदा यो ईन्साफमा चित्त नबुझे सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(१) अनुसार ७० दिनभित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी कमल खरेललाई पुनरावेदन म्याद दिनु ..४

यो ईन्साफमा चित्त नबुझे वादी श्री ५ को सरकारलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(१) अनुसार ७० दिनभित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्नु भनी फैसलाको प्रतिलिपि साथै राखी पुनरावेदन म्याद दिनु.......................................................................................५

दायरीको लगत कट्टा गरी मिसिल पुनरावेदन परे पुनरावेदन अदालतमा र पुनरावेदन नपरे अभिलेख शाखामा बुझाई दिनु ...................................................................................................६

सरोकारवालाले फैसलाको नक्कल माग्न आएमा नियमानुसार गरी सारी सराई नक्कल दिनु..............७

................................

अतिरिक्त जिल्ला न्यायाधीश

ईति सम्वत् २०६१ साल बैशाख २३ गते रोज शुभम् .................................................।

**चितवन जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री हरिकुमार पोखरेल**

**फैसला**

सम्वत् २०६१ सालको स.फौ.नं. १/१२३

**मुद्दा : जवरजस्ती करणी।**

| वादी | प्रतिवादी |
|---|---|
| नेपाल सरकार..............................१ | चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. १ बस्ने मणी पौडेल (नाम परिवर्तन) ....................१ |

| **ऐ. को प्रमाण** | **ऐ. को प्रमाण** |
|---|---|
| साक्षी : × | साक्षी : × |
| कागज : × | कागज : × |

**अदालतबाट बुझेको**

साक्षी : ×

कागज : ×

**प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :-**

मिति २०६१/१/१ गते दिनको १५:०० बजेको समयमा प्रतिवादी मणी पौडेलले मेरी वर्ष ९ की नातिनीलाई जवरजस्ती करणी गरेको हुँदा कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

चितवन जिल्ला, रत्ननगर नगरपालिका, वडा नं. १ स्थित प्रतिवादीको घरको पश्चिमतर्फको कोठामा पीडितलाई यी प्रतिवादीले जवरजस्ती करणी गरेको भन्ने घटनास्थल मुचुल्का ।

२०६१/१/१ गते दिनको १५:०० बजेको समयमा प्रतिवादी मणी पौडेलले निजको घर अगाडिको बाटोमा मलाई समाती आफ्नो घरको कोठाभित्र लगी चुक्कुल लगाई मलाई जवरजस्ती भुईमा लडाई जवरजस्ती करणी गरेको हो भन्ने व्यहोराको पीडितले गरिदिएको कागज ।

मैले केही समय अगाडि अंग्रेजी फिलिम हेरेको थिए। त्यसपछि मलाई करणी गर्न मन लाग्न थाल्यो। यसै क्रममा मिति २०६१/१/१ गतेका दिन दिउँसो १५:०० बजेको समयमा पीडित मेरो घर अगाडिको बाटामा हिडिरहेको अवस्थामा समाती मेरो घरकोठाभित्र लगी कोठा बन्द गरी विभिन्न प्रलोभन र डर, धाक देखाई पीडितलाई जवरजस्ती करणी गरेको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी मणी पौडेलले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान कागज।

प्रतिवादी मणी पौडेलले जाहेरवालीको नातिनीलाई मिति २०६१/१/१ गते दिनको १५:०० बजेको समयमा प्रतिवादीले आफना घर कोठाभित्र लगी जवरजस्ती करणी गरेका हुन् भन्नेसमेत व्यहोराको बुझिएका मानिस सुधिरकुमार ढकालसमेतको कागज।

प्रतिवादी मणी पौडेलले २०६१/१/१ गते दिउँसो १२:०० बजेको समयमा नजिकै घर अगाडि बाटोमा जाहेरवालीकी नातिनीलाई समाई आफ्नो घर कोठा (आफू सुत्ने कोठा) भित्र लगी कोठामा चुक्कुल लगाई पीडितलाई विभिन्न लोभलालच एवं डर, धाक देखाई भुईमा लडाई जवरजस्ती करणी गरेको वारदात सप्रमाण पुष्टि हुन आएकोले प्रतिवादी मणी पौडेलको सो कार्य मुलुकी ऐन, जवरजस्ती करणी महलको १ नं. अनुसारको कसूर अपराध भएको हुँदा निज प्रतिवादी मणी पौडेलले मौकामा पेश गरेको भिमोदय माध्यमिक विद्यालय, पदमपुर चितवनले प्रमाणित गरी पठाएको बारेको मिति २०६१/१/२० को पत्र र भरतपुर अस्पतालले प्रतिवादीको शारीरिक जाँच गरी पठाएको पत्रसमेतबाट यी प्रतिवादी मणी पौडेलको उमेर १५ वर्षको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको ३ नं. को देहाय १ नं. बमोजिम हुने सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा सजाय हुनुका साथै मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० नं बमोजिम प्रतिवादीको आधा अंश सर्वस्व गरी पीडितलाई दिलाई भराई पाउन प्रतिवादी मणी पौडेललाई यसै साथ पेश गरिएको छ भन्नेसमेत व्यहोराको अभियोगपत्र मागदावी।

२०६० साल चैत्र २८ गते भाई प्रभाकरले केरा अंगुर ल्यायो। उसले पीडितलाई बोलायो अनि मलाई सेक्स गर्न दे मैले फलफुल दिन्छु भनेर उसलाई भाइले भन्यो। मैले भाइले फलफुल खाएपछि मेरो कोठामा मलाई सेक्स गर्न देऊ भनेपछि निज पलङ्गमा सुती फ्रक फर्काई। कट्टु लगाएकी थिइन। मैले पाइन्ट लगाएको थिए। मैले चेन मात्र खोले। पाइन्ट खोलिन। अन्डरपेन्ट इलास्टिकवाला थियो। साइडबाट लिङ्ग निकाली पीडितको योनी (पिसाव गर्ने ठाउँ) मा लिङ्ग दले। भित्र पसेन। मेरो लिङ्गबाट केही खसेन। मेरो लिङ्ग दह्रोनै थियो। त्यति बेला मेरो भाइ पनि त्यही कोठामा थियो। मेरो लिङ्ग नपसेपछि म उठे र भाइ प्रभाकरले पाइन्ट खोल्यो। उसले पनि पीडितको योनी (पिसाव गर्ने ठाउँ) मा पसायो। उसले ३/४ मिनेटसम्म पसाउने झिक्ने गऱ्यो। चुप लागेर पीडित सुती रहिन। भाइले सेक्स गर्न लागेपछि म बाहिर आएँ। मैले करणी गर्दा बाहिर मानिसहरू थिए। जवरजस्ती भए कराउँथी। जवरजस्ती गरेको होइन। मैले पीडितको राजीखुसीले सेक्स गरेको हो। सेक्स गर्दा मलाई सजाय हुन्छ भन्ने कुरा मलाई पहिला

थाहा थिएन । त्यसैले मलाई सजाय नहोस भन्नेसमेत व्यहोराको प्रतिवादी मणी पौडेलले यस अदालतमा गरेको बयान ।

यसमा प्रतिवादी चुक्ता भइसकेको, प्रतिवादीले साक्षी नराखेको हुँदा वादी पक्षका जाहेरवाला पीडित तथा मौकामा कागज गर्ने मानिसलाई बकपत्रका लागि झिकाई बुझी पेश गर्नु भन्ने यस अदालतबाट मिति ०६१/१/२८/२ मा भएको आदेश ।

२०६१ साल बैशाख ५ गते हामीहरूको टोलमा धेरै मानिस जम्मा भएका रहेछन् । बिहान अन्दाजी ११ बजेको थियो होला । केको भीड होला भनेर म पनि सो ठाउँमा जाँदा चाँदनीले मलाई विस्कुट, चकलेट दिन्छु भनेर फकाएर मणीले जवरजस्ती करणी गऱ्यो भन्थिन र बालिकालाई अगाडि ल्याएर सोद्धा मणीले मैले करणी गरेको हो भनेर भन्यो । मेरो विचारमा मणीले पीडितलाई जवरजस्ती करणी गरेकोमा विश्वास लाग्छ भन्नेसमेत व्यहोराको प्रहरी कागज गर्ने सुधीरकुमार ढकालले यस अदालतमा बकेको बकपत्र ।

यकिन मिति थाहा भएन । म मेरो हजुरआमाको घरमा बसी पढ्ने काम गर्छु । नजिकैको घरमा टेलिफोन आयो । टेलिफोन भएको घरको मान्छेले दिदीको टेलिफोन आएको छ बोलाई दे भनेकाले म दिदीलाई बोलाउन जाँदा मणीले मलाई हातमा समाती उसको घरमा लग्यो । घरभित्र कोठामा लगी मलाई खाटमा सुत्न लगायो । मैले नाई-नाई के गर्न लागेको भने । नकरा यही थुनी दिन्छु भनी मेरो मुख थुनी दियो । अनि उसले लगाएको पाइन्ट फुकाली आफ्नो तुरी ठाडो पारी मेरो पिसाब गर्ने योनीमा धकेल्न थाल्यो । मलाई दुख्यो । चल्ने छटपटाउने गर्दा मेरो मुखको रूमाल खुस्कियो । अनि म चिच्याउँदा मेरो ममीले थाहा पाउनु भएपछि मणी भाग्यो । मेरो पिसाब गर्ने कुरो साह्रै दुख्यो । ऐले पनि दुखी रहन्छ । मणी र प्रभाकर भन्नेले पनि पैलापैला खेल्दा मलाई त्यसै गर्दथ्यो । मलाई जवरजस्ती करणी गर्दा कसैले पनि देखेको थिएन भन्नेसमेत व्यहोरा पीडितले यस अदालतमा उपस्थित भई बकेको बकपत्र ।

म मेरो मेडिकल अफिसबाट मिति २०६१ साल बैशाख ३ गते घर गए । नजिकै मेरो नातिनी रोएको आवाज आयो । किन रोएको भनेर नानीलाईनै हकारे । नानीले मणीले खेल्दा खेल्दै मेरो हातमा समाती आफ्नो घरको कोठामा लग्यो, अंकमाल गऱ्यो, म्वाई खाई चुम्वन गऱ्यो, अनि खाटामा सुतायो र सुताएपछि पाइन्ट खोली आफ्नो तुरी निकाली मेरो पिसाब गर्ने कुरी योनीमा घुसाऱ्यो र घुसार्दाघुसार्दै दुख्यो म रून पुगे भनी नानीले भनेकीले पेन्टी कट्टु खोली हेर्दा निजको योनीको छेउमा रगत थियो । योनी रातो थियो । योनीको भाग सुन्निएको थियो । मैले नानीको योनी धोई सफा गरी तेल लगाई दिए । समाजले सोध्दा पुष्करले जवरजस्ती करणी गरेको हुँ भनी भनेको हुँदा मलाई विश्वास लाग्छ करणी गरेको चाँही मैले देखेको होइन भन्नेसमेत व्यहोराको जाहेरवालीले यस अदालतमा बकेको बकपत्र ।

पीडित र काजलको शरीर जाँच्ने कार्य मैले गरेको हुँ । मैले जाँच्ने क्रममा पीडितको शरीरमा कुनै चोटपटक र निलडामका चिन्हहरू भेटिन । सोही आधारमा प्रतिवेदन गरेको हुँ । कन्या जाली च्यातिएको

या नच्यातिएको भन्ने कुरा खुला आँखाले हेरेरनै छुट्याइन्छ । कन्या जाली नच्यातिकन योनीमा लिङ्ग प्रवेश हुन सक्दैन । रूख चढ्दा, साइकल चलाउँदा वा शारीरिक सम्पर्क गर्ने क्रममा लिङ्ग योनीमा पसाउने कार्य गर्दा कन्या जाली च्यातिन्छ । एक्सरेको रिपोर्टको आधारमा उमेर खुलाउने हो, डा. राममणि सेढाईको रिपोर्टमा उल्लेख भएअनुसार मणी पौडेलको उमेर १५ देखि १६ वर्षको देखिन्छ भन्नेसमेत व्यहोराको डा. लोकबहादुर सेढाईले यस अदालतमा बकेको बकपत्र ।

एक्सरे अस्पतालको प्रविधिद्वारा गरेको रेडियोग्राफरले गरेको, रिपोर्टहरू मैले गरेको हुँ । उमेर निर्धारण गर्दा १५ देखि १६ वर्षभित्र पर्ने देखिए तापनि यस्तो उमेरमा मानिसको वंशानुगत वृद्धि क्रम (२) हर्मोनल ततो ग्रोथ हर्मोन, भाईड वाइड, हर्मोन, घाँटी भित्रको थाइराइट ग्रन्थीबाट निक्लने विशेष तत्व यी दुवै कारणले वोन एजिङ्ग देखिए तापनि प्राकृतिक उमेर समूह निर्धारण गर्न सक्ने, सकिने अवस्था अगावै हड्डिमा परिपक्वता देखिन सकिने भएकाले एक्सरे फिल्मबाट १/२ वर्ष र त्योभन्दा बढी उमेर देखिन सक्छ । दैनिक गरिने कडा परिश्रम आदिसमेतले हड्डीको वृद्धिदर उक्त समूहभित्र परे तापनि निजको उमेर उक्त समूहभन्दा कम समूहमा पर्दैन भन्न सकिँदैन भन्नेसमेत व्यहोराको एक्सरे रिपोर्ट तयार गर्ने डा. राममणि सेढाईले यस अदालतमा बकेको बकपत्र ।

मिति याद भएन । पीडित केटा केटीलाई भरतपुर थानामा लगेको चाही मलाई थाहा छ । केटाकेटीको र उनीहरूको बाबुआमाको नाउँ मलाई थाहा छैन । प्रस्तुत मुद्दामा के के भयो त्यो पनि मैले देखेको हैन । घटना मुचुल्का मेरो रोहवरमा भएको पनि होइन । यो विषयमा केही थाहा छैन । हरिबहादुर थापाले भरतपुर जाउँ भन्यो । भरतपुर ठानामा आई सही गरेको हुँ । मलाई हतार थियो । पढ्दै नपढी हेर्दै नहेरी सही गरेको हुँ र के व्यहोरा थियो थाहा भएन । सही गरी हिँडेको हुँ भन्नेसमेत व्यहोराको घटना विवरणको मानिस दामोदर रिजालले यस अदालतमा बकेको बकपत्र ।

मिति याद भएन । जाहेरवाली र मणी पौडेलको घर नजिक एउटा घुम्ती छ । त्यो घुम्तीको आड छेउमा मेरो बसोबास छ । त्यहाँ ४/५ जना भुरा केटाकेटी खेलेको देखेको हुँ । अन्य के के भो अथवा भएन । केटाकेटी बीच जवरजस्ती करणी भयो वा भएन । मैले केही देखेको छैन । मलाई केही पनि थाहा छैन । आँखाले नदेखेको कुरामा शंकाको भरमा यो घटना भयो भन्न सक्दिन । को को केटा खेले मलाई याद भएन भन्नेसमेत व्यहोराको जाहेरीको सबुद प्रमाण खण्डमा लेखिएकी अर्मुनी साहले यस अदालतमा बकेको बकपत्र ।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ आज यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दा अ.बं. २९ नं. र न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने भई बुझिएसम्मका प्रमाणबाट निर्णय गरिदिए हुने भएकाले वादी नेपाल सरकारका

तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री बाबुराम अधिकारी र प्रतिवादी तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री भुपेन्द्रजंग पौडेल र विद्वान वैतनिक अधिवक्ता श्री पासाङ्ग लामाले गर्नु भएको बहस सुनी मिसिल अध्ययन गरियो । यसमा प्रतिवादीले जाहेरवालीकी ९ वर्षीया नातिनीलाई जवरजस्ती करणी गरी मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. द्वारा निषेधित कसूर गरेकाले प्रतिवादीलाई सोही महलको ३(१) नं. बमोजिम सजाय गरी प्रतिवादीको उमेर १५ वर्षको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम गरी प्रतिवादीको आधा अंश सोही महलको १० नं. बमोजिम पीडितलाई भराइपाऊँ भन्ने अभियोग मागदावी लिइएको प्रस्तुत मुद्दामा निम्न प्रश्नउपर विचार गरी निर्णय गर्नु पर्ने देखिन आयो ।

(क) प्रतिवादी र पीडित उमेर कति वर्षको हो ?

(ख) प्रतिवादीले आरोपित कसूर गरको हुन होइनन् र निजलाई अभियोग मागदावीबमोजिम सजाय हुने नहुने के हो ?

मुलुकी ऐन, जवरजस्ती करणी महलको ३ नं. र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ ले गरेको कानूनी प्रावधानअनुसार जवरजस्ती करणीसम्बन्धी कसूरमा सजाय गर्दा पीडित र पीडक दुवैको उमेरले तात्विक महत्व राख्दछ । मिसिल संलग्न कागजातबाट प्रतिवादी र पीडितको उमेरमा विविधता देखिएकाले प्रारम्भिक रूपमा सोको निरूपण गर्नुपर्ने भई पहिलो प्रश्नउपर प्रतिवादीको उमेर कति वर्ष हो ? भन्ने सम्बन्धमा विचार गर्दा सुरू जाहेरी दरखास्तमा निजको उमेर १६ वर्ष भनी उल्लेख गरिएको छ । अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा निजले आफ्नो उमेर १५ वर्ष भनी लेखाएका छन् र अभियोगपत्रमा पनि सोही १५ वर्ष उल्लेख भएको छ । मिसिल संलग्न रहेको Angles World School ले मिति २०६१/११/३ मा लेखेको पत्रमा प्रतिवादीले जन्ममिति २०४८/३/२ उल्लेख भएको र निजको जन्मदर्ताको प्रमाणपत्रबाट पनि जन्ममिति २०४८/३/२ नै उल्लेख भएको देखिँदा वारदातको मितिमा प्रतिवादीको उमेर १२ वर्ष १० महिना जति भएको देखिन्छ । तर भिमोदय माध्यमिक विद्यालयको मिति २०६१/१/२० को पत्रमा प्रतिवादीको जन्ममिति २०४६/३/२२ उल्लेख भएको र निजले यस अदालतमा बयान गर्दा आफ्नो उमेर १३ वर्ष लेखाएको देखिँदा प्रथमतः यस मुद्दाको प्रयोजनार्थ प्रतिवादीको उमेर कति हो भनी ठम्याउनुपर्ने देखिन आयो । उल्लिखित विभिन्न लिखतमा प्रतिवादीको जन्ममिति पृथक भएकोले निजलाई परीक्षण गरी उमेर यकिन गरी पठाई दिन भरतपुर अस्पताल विकास समितिमा लेखी पठाउँदा निजको उमेर १५ देखि १६ वर्षको उमेर समूहभित्र पर्ने भनी सो अस्पतालबाट लेखी आएको परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेको देखिँदा माथि जेजस्तो विभिन्न उमेर उल्लेख भए तापनि निज प्रतिवादीको आधिकारिक उमेर यस मुद्दाको सन्दर्भमा वारदात समयमा १५ देखि १६ वर्ष बीचको मान्नुपर्ने देखिन आयो ।

अब पीडितको उमेर सम्बन्धमा विचार गर्दा जाहेरी दरखास्तमा निजको उमेर ९ वर्ष उल्लेख गरिएको छ । मौकामा गरेको कागजमा पनि ९ वर्षनै उल्लेख छ । अभियोगपत्रमा सजायको मागदावी गर्दा पनि ९ वर्षनै

कायम गरिएको छ । तर प्रतिवादीले यस अदालतमा बयान गर्दा पीडितको उमेर ११ वर्ष (स.ज. ११) उल्लेख गरेकाले पीडितको उमेर परीक्षाणार्थ पठाउँदा निज १० देखि १२ वर्ष बीच रहेको देखिन्छ भनी महेन्द्र आदर्श चिकित्सालयको प्रतिवेदन मिसिल संलग्न रहेको देखिँदा यस मुद्दाको प्रसङ्गमा पीडितको उमेर १० वर्ष देखि १२ वर्ष बीचको मान्नु पर्ने देखिन आयो ।

अब प्रतिवादीले आरोपित कसूर गरेको हुन् होइनन् ? भन्ने प्रस्तुत मुद्दाको मुल प्रश्नमा विचार गर्दा मिसिल संलग्न रहेको पीडितका शारीरिक परीक्षणबाट निजको शरीरमा चोटपटक, डाम नदेखिएको, कन्या जाली नच्यातिएको भन्ने उल्लेख भएकाले पीडितको कन्या जालीनै नच्यातिएको अवस्थामा जवरजस्ती करणीको वारदातनै घटेको मान्न नमिल्ने हुँदा प्रतिवादीले सफाई पाउनु पर्छ भनी निज तर्फबाट रहनु भएका विद्वान अधिवक्ताले बहस जिकिर लिनु भएको छ । पीडितको उपरोक्त व्यहोरामा उल्लेख भएको परीक्षण प्रतिवेदन र विद्वान अधिवक्ताले उठाउनु भएको बहस जिकिरतर्फ विचार गर्दा जवरजस्ती करणीको वारदात ठहरिने पीडितको कन्या जाली च्यातिएको हुनै पर्दछ भनी सम्भन सिद्धान्तः मिल्ने देखिँदैन । यस सम्बन्धमा Modi's Medical Jurisprudunce and Texicology, 23rd Edition को पृष्ठ ८९७ हेर्दा "To constitute the offence of rape, it is not neccessary that there should be complete penetration of the penis with the emission of semen and the rapture of hymen. Partial penetration of the penis within the labia majora or the vulva or pedenda, with or without the emission of semen, or even an attempt is quite sufficient for the purpose of law" भन्ने उल्लेख भएको देखिँदा जवरजस्ती करणीको वारदात हुन कन्या जाली च्यातिएको हुनुपर्ने, बीर्य स्खलन भएको हुनु पर्ने, योनीमा लिङ्ग पूर्ण रूपले प्रवेश गरेको हुनुपर्ने भनी अर्थवोध गर्न मिल्ने नदेखिँदा पीडितको कन्या जाली नच्यातिएकै आधारमा जवरजस्ती करणीको वारदात भएको छैन भनी कानूनी निष्कर्ष निकाल्न प्रस्तुत मुद्दामा मिल्ने देखिँदैन । विशेषज्ञ डा. लोकबहादुर सेढाईले यस अदालतमा गरेको बकपत्रमा आशिंक लिङ्ग प्रवेश गरेको अवस्थामा कन्या जाली च्यातिन नच्यातिन दुवै सक्छ भनी उल्लेख गरेकोले पनि कन्या जाली च्यातिनै पर्ने अनिवार्यता देखिएन ।

मिसिल संलग्न रहेको सबुद प्रमाणको मूल्याङ्कन गरी विचार गर्दा आरोपित कसूर गरेकोमा सावित भई प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेका छन् । यस अदालतमा बयान गर्दा पनि प्रतिवादीले पीडित चाँदनी अधिकारीलाई करणी गरेकोमा सावित छन् । तर जवरजस्ती गरेको नभई निजको राजीखुसीले गरेको भनी उल्लेख गरेको देखिन्छ । मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. हेर्दा सोह्र वर्ष मुनिकालाई उसको मञ्जुरी लिई वा नलिई जुनसुकै व्यहोरासँग करणी गरे पनि जवरजस्ती करणी ठहर्छ भन्ने उल्लेख भएको र माथि विवेचना गरिएबमोजिम पीडितको उमेर १० देखि १२ वर्षको देखिँदा निजको सहमतिबाटै करणी गरे पनि कानूनतः त्यस्तो करणीलाई जवरजस्ती करणीकै संज्ञा दिनु पर्ने देखियो ।

यस अतिरिक्त पीडितले मौकामा गरेको कागजमा यी प्रतिवादीले आफूलाई समाती तानेर निजको घर पछाडि भऱ्याङ नजिकको कोठाभित्र लगी ढोका बन्द गरी चुकुल लगाई मेरो दुवै हात समाती जवरजस्ती खाट भुईमासमेत सुताई जवरजस्ती करणी गरेको भनी आफ्नो व्यहोरा लेखाई दिएकी र सोही व्यहोरा उल्लेख गरी यस अदालतमा समेत बकपत्र गरेको देखिन्छ । मौकामा दिएको किटानी जाहेरी दरखास्तको व्यहोरा मिलानकै बकपत्र जाहेरवालीले पनि गरेको देखियो ।

अतः माथि विवेचना गरिएबमोजिम पीडितउपर करणी भएको देखिएको, आरोपित कसूर गरेकोमा प्रतिवादी प्रहरीसमक्ष सावित भएको, राजीखुशीले करणी गरेको भनी यस अदालतमा बयान गरे पनि त्यस्तो करणीलाई कानूनलेनै जवरजस्ती करणीको रूपमा परिभाषित गरेको, पीडित र जाहेरवाली दुवैले यस अदालतमा प्रतिवादीले आरोपित कसूर गरेको स्थापित हुने गरी बकपत्र गरेको समेतका माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी मणी पौडेलले आरोपित कसूर गरेको ठहर्छ । मिसिल संलग्न रहेको उमेर परीक्षण प्रतिवेदनबाट पीडितले उमेर १० देखि १२ वर्ष र प्रतिवादी मणी पौडेलको उमेर १५ देखि १६ वर्ष बीचको भन्ने उल्लेख भएको देखिँदा जवरजस्ती करणीको महलको ३(२) नं बमोजिम प्रतिवादीलाई ७ देखि १० वर्ष कैद हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम प्रतिवादीको उमेर १५ देखि १६ वर्ष बीचको भएकोले निजको उमेरलाई मध्यनजर गरी निजलाई साबालकलाई हुने सजायको आधार अर्थात ३ वर्ष ६ महिना कैद प्रतिवादी मणी पौडेललाई हुने ठहर्छ र प्रतिवादीको अंशबाट आधा अंश जवरजस्ती करणीको महलको १० नं बमोजिम पीडितको उमेर १० देखि १२ वर्ष बीचको देखिँदा प्रतिवादीलाई जवरजस्ती करणीको महलको ३(१) नं. बमोजिम सजाय गरिपाऊँ भन्ने हदसम्मको अभियोग दावी पुग्न नसक्ने ठहर्छ । अरूमा तपसिलबमोजिम गर्ने गरी आज यो मुद्दा मुलुकी ऐन, अ.बं. १८६ बमोजिम फैसला गरिदिएँ ।

**तपसिल**

प्रतिवादी मणीमाथि ईन्साफ खण्डमा लेखिएबमोजिम कसूर गरेका ठहरेकाले निज प्रतिवादीलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको ३(२) नं. बमोजिम ७ देखि १० वर्ष कैद हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम निजको उमेर १५ देखि १६ वर्ष बीचको भएकोले साबालकलाई हुने सजायको आधा अर्थात ३ वर्ष ६ महिना कैद हुन्छ । निज प्रतिवादी मिति २०६१/१/५ गतेदेखि प्रहरी हिरासतमा रही यस अदालतमा मिति २०६१/१/२८/२ का आदेशानुसार बाल सुधार गृह, सानोठिमी, भक्तपुर मुद्दा पुर्पक्षको निमित्त रहेकोले प्रहरी हिरासतमा रहेकै मितिदेखि कैद कट्टी मिनाहा दिई लगत कसी दिनु ..........................................................................................१

माथि ईन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीको अंशबाट आधा अंश मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० नं. बमोजिम पीडितलाई भराई दिने ठहरेकाले पीडितको संरक्षक जाहेरवालीले मिति २०६२/१/५/२ मा र प्रतिवादीको संरक्षक आमाले मिति २०६२/१/७/४ मा सम्पत्ति र अंशियारको

विवरण खुलाई गरेको कागजअनुसार यी प्रतिवादीको मुल ३ अंशियार हुँदा ३ भाग लगाई ३ भागको १ भागलाई २ भाग गरी २ भागको १ भागलाई ६ भाग लगाई ६ भागको १ भाग प्रतिवादी मणीको भागमा पर्न आउँनेलाई २ भाग गरी २ भागको १ भाग निज पीडितको भागमा पर्न आउँने जग्गा रोक्का राख्न सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाई पुनरावेदनको अवस्था नाघेपछि उल्लिखित आधा अंश भराइपाऊँ भनी पीडितको दरखास्त पर्न आए निज पीडितको भागमा पर्न आउँने जग्गा निज पीडितको नाउँमा दा. खा. दर्ता गरि दिनु भनी सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाई दिनु ...............२

यस अदालतको ईन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, हेटौडामा पुनरावेदन गर्न जानु होला भनी बाल सुधार गृह, भक्तपुरमा रहेका प्रतिवादीलाई फैसला सुनाई निस्सा यस अदालतमा दिनु होला भनी बाल सुधार गृहमा लेखी पठाई दिनु र ईन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, हेटौडामा पुनरावेदन गर्नु होला भनी जिल्ला सरकारी वकिल कार्यालय, चितवनलाई फैसला भएको जानकारीसमेत लेखी पठाई दिनु..................................................................३

सरोकारवाला व्यक्तिले फैसलाको नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु............४

प्रस्तुत मुद्दाको दायरीको लगत काटी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु..............५

............
न्यायाधीश

माननीय न्यायाधीशज्यूले बोली टिपाएबमोजिम फैसला कम्प्युटर गर्ने फाँटवाला ना.सु. बाबुकृष्ण कुमाल ।

ईति सम्वत् २०६३ साल श्रावण महिना १५ गते रोज ३ शुभम् .......................................।

**गोरखा जिल्ला अदालत**

**इजलास**

**माननीय न्यायाधीश बालकृष्ण उप्रेती**

**फैसला**

सम्वत् २०६२ सालको स.फौ.नं. २७/३१

नि.नं. ४८

**मुद्दाः कर्तव्य ज्यान।**

**वादी**

लेखबहादुर प्रजाको जाहेरीले वादी नेपाल सरकार....................................१

**प्रतिवादी**

गोरखा जिल्ला, ताङलीचोक गा.वि.स. बस्ने राजन प्रजा (नाम परिवर्तन)...................१

**साक्षी**

सीता प्रजा...............................१

यमबहादुर प्रजा...........................१

दिलबहादुर प्रजा .........................१

घनबहादुर प्रजा ..........................१

पदमबहादुर प्रजा .........................१

**साक्षी**

जद्धबहादुर ....................................१

जुठे प्रजा .....................................१

**अदालतबाट बुझेको**

साक्षी

जुद्धबहादुर प्रजा ...... १

लेखबहादुर .............१

कागज : ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र अ.बं. २९ नं. समेतको यसै अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र निर्णय यस प्रकार छ :-

मिति २०६२/११/२७ गतेका दिन मेरो वर्ष ९ की छोरी सीता प्रजा र वर्ष ५ को छोरा सूर्यमान प्रजा बाख्रालाई घास काट्न भनी काभ्रे खोला भन्ने ठाउँमा गएको अवस्थामा प्रतिवादी राजन प्रजाले बाटो माथिबाट एक्कासी ढुङ्गाले प्रहार गर्दा मेरो छोरा सूर्यमान प्रजालाई लागेर निजलाई उपचार गर्न

गोरखा ल्याउँदाल्याउँदै बाटैमा मृत्यु भएकोले अभियुक्त राजन प्रजालाई कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको लेखबहादुर प्रजाको जाहेरी दरखास्त ।

गोरखा जिल्ला, पृ.ना.न.पा. ३ स्थित गोरखा अस्पतालको मुर्दा घरभित्र रहेको सूर्यमान प्रजाको लासको कपाल रगतले भिजेको, नाकको दाँया प्वालबाट र वाया कानबाट रगत बगेको टाउकोको वायाँपट्टिका कन्चट र वायाँ आँखा नजिकमा ढुङ्गाले हानेको चोट घाउको सानो चोट डाम देखिएको भन्ने घटनास्थल लास प्रकृति मुचुल्का ।

मिति ०६२/११/२७ को बिहानमा जाहेरवालाको छोरी सीता प्रजा र सूर्यमान प्रजा भई काभ्रे खोला भन्ने खोल्सातिर घास काट्न भनी गएका रहेछन् । मसमेत उक्त स्थानतिर गई माथि बाटोबाट ढुङ्गा लडाउने खेल खेल्दाको अवस्थामा तल रहेका वर्ष ५ का सूर्यमान प्रजाको टाउकोमा मैले लडाएको ढुङ्गाले लाग्न पुगी घाइते भएको हो र पछि निजको मृत्युसमेत हुन गएको हो । मेरो मृतकसँग कुनै पूर्व झैझगडा रीसइवी थिएन भन्नेसमेत व्यहोराको प्रतिवादी राजन प्रजाले प्रहरीमा गरेको बयान कागज रहेछ ।

मिति ०६२/११/२७ गतेका बिहान मेरो आमाबुबा घर बनाउने काममा गएको म घास काट्न गएको घरमा १ मात्र भाइ सूर्यमान प्रजा रहेकोमा सोही दिन बिहान कमल प्रजाले मेरो भाई सूर्यमान प्रजालाई लखेट्दै म भएको ठाउँमा पुऱ्याएको भाइ रूदै गरेको थाहा पाई किन रोएको कस्ले के गऱ्यो भन्दा राजन प्रजाले तरकारी चोरी खाइदिएकाले आमालाई भनी दिन्छु भन्दा पिट्नलाई लखेटेको छ भनी भनेको भाइ र म खोला पारी आएपछि निज राजन प्रजा घर फर्की गएकोमा पुनः राजन प्रजा मैले घाँस काटी रहेको स्थानमा आई बाटो माथिबाट ढुङ्गा प्रहार गरेकाले तल मसँग रहेको मेरो भाइ सूर्यमान प्रजाको टाउकोमा लागि घाइते भएको र तत्काल उपचारको लागि गोरखातर्फ ल्याउँदाल्याउँदै बाटोमा मृत्यु भएको हो । निज राजन प्रजालेनै हानेको ढुङ्गाले लागी भाइ सूर्यमान प्रजाको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको सीता प्रजाले प्रहरीमा गरेको कागज रहेछ ।

राजन प्रजा मेरो साला नाताका हुन् । ०६२/११/२७ गतेका दिन बिहान दाजुको छोरी सीता प्रजा रूदै भाइलाई ढुङ्गाले लागेर घाइते भएको छ भन्ने घरमा आएकाले तत्काल गई हेर्दा नाकबाट रगत बगेको बेहोस अवस्थामा सूर्यमान प्रजालाई देखेकाले तत्काल दाजुलाई खवर गरी उपचारको लागि गोरखा अस्पताल ल्याउँदाल्याउँदै सूर्यमान प्रजाको मृत्यु भएको हो । घटना सम्बन्धमा बुझ्दा राजन प्रजाले सूर्यमान प्रजाको घरमा गई तरकारी चोरी खाई दिएको निउमा काभ्रे खोलसी भन्ने ठाउँमा निज राजन प्रजाले तल रहेको सूर्यमान प्रजालाई ढुङ्गाले हानी घाइते बनाइदिएको भन्ने सीता प्रजाबाट सुनी थाहा पाएको हुँ । सूर्यमान प्रजाको मृत्यु राजन प्रजाले हानेको ढुङ्गाले टाउकोमा चोट लागी भएको भन्नेसमेत व्यहोराको पदमबहादुर प्रजाले प्रहरीमा गरेको कागज ।

मिति ०६२/११/२७ गतेका दिन पदमबहादुरको सालाले सूर्यमान प्रजालाई ढुङ्गाले हान्दा घाइते भएकोमा उपचारको लागि गोरखामा लाँदालाँदै मृत्यु भएको भन्ने सुनी थाहा पाएको हुँ। पछि बुझ्दा राजन प्रजाले लेखेट्दा बहादुरको घरमा तरकारी चोरी खाएको निउँमा केटाकेटीहरू ढुङ्गा हानाहान गर्दा राजन प्रजाले हानेको ढुङ्गाले सूर्यमान प्रजालाई लागेको रहेछ। निजै राजन प्रजाले हानेको ढुङ्गाले लागेर सूर्यमान प्रजाको मृत्यु भएको विश्वास लाग्छ भन्नेसमेत घनबहादुर प्रजाले प्रहरीका गरेको कागज।

लेखबहादुर प्रजा तथा निजकी श्रीमती घरमा नभएको मौका पारी राजन प्रजाले तरकारी चोरी खाएको र सीता प्रजा र मृतक सूर्यमानले बाबुआमालाई भनि दिन्छु भनेको रीसमा राजन प्रजाले, सूर्यमान प्रजा र सीता प्रजालाई ढुङ्गा हान्दा सूर्य मानलाई लागी सोही चोटपटकका कारण सूर्यमान प्रजाको मृत्यु भएको कुरा सुनी थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको यमबहादुर प्रजा, दिलबहादुर प्रजाको अभियुक्त प्रहरीका गरेको कागज रहेछ।

मिसिल संलग्न प्रमाण आधारबाट विरूद्ध खण्डका प्रतिवादी राजन प्रजाले मिति ०६२/११/२७ का दिन घटनास्थल मुचुल्कामा उल्लिखित स्थान गोरखा ताङलीचोक ९ काभ्रे खोलास्थित भिराले पाखामा आफूले जाहेरवालाको घरमा तरकारी चोरी खाएको कुरा मृतकले आफ्नो बाबुआमालाई बताई दिन्छु भनेको रीसइवीका कारण ढुङ्गाले जाहेरवालाको छोरा सूर्यमान प्रजालाई हानेको र सोही प्रतिवादीले हानेको ढुङ्गाको चोटबाट निज सूर्यमान प्रजाको मृत्यु भएको देखिएबाट विरूद्ध खण्डका प्रतिवादी राजन प्रजाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसूर गरेको पुष्टि भएकाले निज प्रतिवादी राजन प्रजालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सजाय दावी लिइएको छ। साथै मिसिल संलग्न प्रतिवादीको जन्मदर्ताको प्रमाणपत्र तथा श्री जन जागृत मा.वि. ताङलीचोकको ०६२/१२/१५ को पत्रबाट प्रतिवादीको जन्म २०५१/४/५ भन्ने देखिन आई वारदात हुँदा १२ वर्षको भन्ने देखिएकोले निज राजन प्रजालाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) अनुसार सजाय गरी पाउन अनुरोध गर्दै दर्ता हुन आएको अभियोगपत्र रहेछ।

मिति ०६२/११/२७ गते विहान जाहेरवाला लेखबहादुर प्रजा गाउँतर्फ घर बनाउने काम गर्न गएका थिए। जाहेरवाला मेरो भेना नाताका मानिस भएकाले करिव १ महिनादेखि म जाहेरवालाकै घरमा काम गर्दै बस्दै आएको थिए। उक्त दिन तरकारी चोरेर खाएँ। मैले चोरेर खाएको सूर्यमानले थाहा पाई बाबुआमालाई भनिदिन्छु भन्दै भाग्यो। यस्तैमा घर नजिकै रहेको चिउरीको रूख थियो। मृतकको दिदी सीता चिउरीको घास झार्दै थिई। मृतक सूर्यमान चाहि भूईमा घाँस बटुल्दै थियो। ठाउँ केही भिरालो थियो। मैले केही माथिबाट ढुङ्गा पल्टाएकोमा सोही ढुङ्गाले सूर्यमान प्रजाको टाउकोमा लाग्यो। अनि गएर हेर्दा नाक कानबाट रगत बगेको देखें। डर लागी घरमा आइबसेको मृतक सूर्यमान प्रजा र निजको परिवारसँग मेरो पूर्व रीसइवी केही थिएन। मैले जानीजानी ज्यान मार्ने उद्देश्यले ढुङ्गाले हानको होइन। ढुङ्गा पल्टाउँदा लाग्न गई मृत्यु भएको हुँदा अभियोग दावीबाट सफाई पाऊँ भन्ने व्यहोराको प्रतिवादी राजन प्रजाले यस अदालतमा गरेको बयान रहेछ।

यस अदालतमा आदेशानुसार जाहेरवाला लेखबहादुर प्रजा प्रतिवादीका साक्षी जुद्धबहादुर प्रजाको बकपत्र भई मिसिल सामेल रहेछ । साथै प्रतिवादीले मिति ०६३/३/१४ बाट तारेख गुजारी बसेको रहेछन् ।

## अदालतको ठहर

नियमबमोजिम पेश हुन आएको प्रस्तुत मुद्दाको सम्पूर्ण मिसिल कागजात अध्ययन गरी वादी नेपाल सरकार तर्फका विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री बाबुराम खनाल एवं प्रतिवादी तर्फका विद्वान अधिवक्ता श्री रामबहादुर पोखरेलले गर्नु भएको बहससमेत सुनियो । प्रस्तुत मुद्दामा आफूले जाहेरवालाको घरमा तरकारी चोरी खाएको कुरा मृतकले आफ्नो आमाबाबुलाई बताई दिन्छु भनेको रीसइवीको कारण ढुङ्गाले जाहेरवालाको छोरा सूर्यमान प्रजालाई प्रतिवादीले हानेको र सोही प्रतिवादीले हानेको ढुङ्गाको चोटबाट निज सूर्यमान प्रजाको मृत्यु भएकोले प्रतिवादी राजन प्रजाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसूर गरेकाले निज प्रतिवादीलाई सोही ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसारको सजाय हुन र प्रतिवादीको जन्मदर्ताको प्रमाणपत्र र जन जागृति प्रा.वि. ताङलीचोक गोरखाको पत्रबाट प्रतिवादीको जन्म २०५१/४/५ मा भएको भन्ने देखिन आई वारदात हुँदा निज प्रतिवादी १२ वर्षको भन्ने देखिन आएकाले निज प्रतिवादीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) अनुसार गरी पाउन अनुरोध गदै अभियोगपत्र दायर भएको देखिन्छ ।

अब यस स्थितिमा प्रस्तुत मुद्दामा प्रातिवादीले आरोपित कसूर गरेका हुन होइनन् ? प्रतिवादीलाई अभियोग दावीबमोजिमको सजाय हुने नहुने के हो ? भन्ने कुराको निर्णय दिनु पर्ने देखिन आई सोतर्फ विचार गर्दा जाहेरवालाको जाहेरी दरखास्त एवं अदालतमा भएको बकपत्र, मृतक सूर्यमान प्रजाको लास प्रकृति मुचुल्कामा टाउकाको वाँया पट्टिको कञ्चट र वाँया आँखा नजिकमा ढुङ्गाले हानी बनेको घाउको चोट रहेको भनी उल्लेख गरिएको व्यहोरा, मृतकको शव परीक्षण प्रतिवेदनमा मेडिकल सुपरिटेन्डेन्टले मृतकको मृत्यु टाउकोको हड्डी फुटी रक्तश्रावको कारण भएको जस्तो लाग्छ भनी दिएको राय, प्रतिवादीले अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्ष गरेको बयान तथा प्रतिवादीका साक्षीले अदालतमा गरेको बकपत्रसमेतबाट मृतकको मृत्यु प्रतिवादीले हानेको ढुङ्गा मृतकको टाउकोमा लाग्न गई सोही चोटपटकबाट भएको भन्ने देखिन पुष्टि हुन आएकाले मृतक सूर्यमान प्रजाको मृत्यु स्वभाविक रूपमा कालगतिले भएको नभई प्रतिवादीका कर्तव्यबाट भएको भन्ने कुराको पुष्टि भएको र प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. एवं उमेर १२ वर्षको भएको आधारमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिमको सजायको मागदावी लिइएको सन्दर्भमा विचार गर्दा मिसिल संलग्न जन्मदर्ता एवं विद्यालयको पत्रानुसार प्रतिवादी राजन प्रजाको जन्म २०५१/४/५ मा भएको देखिई वारदात हुँदाका अवस्था २०६२/११/२७ मा निजको उमेर १२ वर्ष पुगी ११ वर्ष ७ महिना २२ दिन मात्र देखिएको र मृतककी दिदी सीता प्रजाको अनुसन्धानका क्रममा भएको कागज एवं प्रतिवादीले अदालतमा गरेको बयानसमेतबाट मृतक र प्रतिवादीका बीच अन्य कुनै रिसइवी रहेको नदेखिई प्रतिवादीले तरकारी चोरी खाएको कुरा आफ्ना बाबुआमालाई भनी दिन्छु भनी मृतक सूर्यमानले भनेको कारणबाट प्रतिवादी प्रजाले

माथिबाट ढुङ्गा लडाएको अवस्थामा ५ वर्षीय सूर्यमान प्रजालाई लाग्न गई सोही ढुङ्गाले लागेको चोटका कारणबाट सूर्यमान प्रजाको मृत्यु भएको भन्ने देखिएकाले प्रतिवादीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिमको अधिकतम सजाय ६ महिना कैद गर्न उपयुक्त नदेखिएकोले प्रतिवादी राजन प्रजालाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम तजविजी सजाय कैद दिन २७ सत्ताइस हुने ठहर्छ । सो ठहर्नाले तपसिलका कुरामा तपसिलबमोजिम गर्ने गरी अ.बं. १८६ नं. बमोजिम फैसला गरिदिएँ ।

**तपसिल**

प्रतिवादी राजन प्रजा माथि ईन्साफ खण्डमा लेखिएबमोजिम बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम कैद दिन २७ हुने ठहरेकाले मिति ०६२/१२/१ गते देखि ऐ. २७ गतेसम्म प्रहरी हिरासत बसी लागेको कैद भुक्तान गरिसकेको हुँदा ०६२/१२/२८ गतेबाट यस अदालतका आदेशले तारेखमा छुटेको देखिँदा पुनरावेदनको अवस्था नाघेपछि सोही अवधिको दिन २७ लगत कसी कैदको लगत कट्टा गर्नु...........................................................................................१

यो ईन्साफमा चित्त नबुझे श्री पुनरावेदन अदालत, पोखरामा पुनरावेदन गर्न जानु भनी प्रतिवादीका नाउँमा ७० दिने पुनरावेदनको म्याद दिनु साथै फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय, गोरखामा फैसला भएको जानकारी लेखी पठाई दिनु.................................................२

सरोकारवाला व्यक्तिले फैसलासहितको नक्कल माग गरे ऐन नियमले लाग्ने दस्तुर लिई सारी सराई दिनु. ...........................................................................................................३

.....................

जिल्ला न्यायाधीश

श्री माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाएबमोजिम लेख्ने डि. मुकुन्द अर्याल ।

ईीति सम्वत् २०६३ साल कार्तिक १३ गते रोज २ शुभम् ..........................................।

**मोरङ जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री नवराज उपाध्याय**

**फैसला**

सम्वत् २०६२ सालको फौ.नं. २७-०६२-०००८४-१४५

निर्णय नं. : १६५

**मुद्दा : जवरजस्ती करणी ।**

**वादीको नाम, थर, वतन**

जिल्ला मोरङ, पथरी गा.वि.स. बस्ने चमेली अधिकारी (नाम परिवर्तन) को जाहेरीले नेपाल सरकार ............................१

**ऐ. को प्रमाण**

साक्षी : ×

कागज : ×

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला मोरङ, पथरी गा.वि.स. बस्ने रामबहादुर श्रेष्ठको छोरा दिनेश श्रेष्ठ (नाम परिवर्तन).......१

**ऐ. को प्रमाण**

साक्षी : ×

कागज : ×

**अदालतबाट बुझेको**

साक्षी :

विना सुवेदी

डम्बरकुमारी आचार्य

कागज : ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.बं. २९ नं. समेत बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छ :-

मिति २०६२/९/१८ गतेका दिन घरका ठूलो मान्छे नभएका र मेरी छोरी वर्ष ४ कि निशा अधिकारी (नाम परिवर्तन) लाई घरमा छाडी म जङ्गल गएकी थिएँ । घरमा आइपुग्दा मेरी छोरीलाई वर्ष १८ को दिनेश श्रेष्ठले जवरजस्ती करणी गरेको थाहा पाई छोरीलाई कोशी अञ्चल अस्पताल विराटनगरमा लगी

जिल्ला प्रहरी कार्यालय, मोरङमार्फत शरीर जाँचसमेत गराएको हुँदा प्रमाण लगाई निज दिनेश श्रेष्ठउपर कानूनी कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

दिनेश श्रेष्ठले चक्लेट दिन्छु, यता आउँ भन्दै मलाई उसको कोठामा लगेर खाटनिर पुगेपछि मलाई बोकी खाटमा राखी मलाई सुतायो अनि मेरो कट्टु तल झारेर उसले पनि कट्टु खोल्यो । ममाथि चढेर उसको तुरी दह्रो पारेर मेरो तुरीमा लगाई जवरजस्ती ठेलेर दुखायो, ऐया नसमात भनी रूदै दिनेश उठ्यो, अनि म उठेर गए । सो बेला ममी पनि आइपुग्नु भएकाले अनि आमालाई भनेँ भन्नेसमेत व्यहोराको पीडित नाबालिका निशा अधिकारीले गरेको कागज ।

पथरी गा.वि.स., वडा नं. १ स्थित रमेश श्रेष्ठको घरमा दिनेश श्रेष्ठ सुत्ने बस्ने कोठाको खाटमा जवरजस्ती करणी भएको भनी देखाएको घटनास्थल मुचुल्का ।

निशा अधिकारीको शरीर जाँच गर्दा Laceration on the clebt of the labia.... भएको भन्नेसमेत कोशी अञ्चल अस्पतालबाट प्राप्त पत्र ।

मलाई चकलेट दिन्छु भन्दै खाटमा राखी मलाई करणी गर्ने दिनेश श्रेष्ठ यही हो भनी निशा अधिकारले दिनेश श्रेष्ठलाई चिनी खनाखत गरेको कागज ।

मेरो घरमा ठूला मान्छे बनभोजमा गएका, म स्कूल गएको फर्कि आउँदा घरमा निशा अधिकारी मात्र थिइन् । म स्कूलबाट आई आफ्नो कोठामा पसी खाटमाथि बसी स्कूलको ड्रेस कपडा खोल्दै गर्दा निशा अधिकारी दिनेश दादा भन्दै चल्दै खाटमा चढी लडीवुडी गर्दा उसले लगाएको कट्टु तल झर्‍यो । त्यसो हुँदा उसको तुरी (योनी) देखियो, त्यो देखेपछि मलाई करणी गरौंगरौं जस्तो भयो र मेरो लिङ्ग उत्तेजित भई आएपछि निशालाई खाटमा सुताई मेरो उत्तेजित लिङ्ग निजको योनीमा लगाई अन्दाजी २ मिनेट जति ठेले, निशालाई दुखेछ, उ रूदै उठेर बाहिर निस्की । त्यसपछि मैले केही गरिन । उसले आमालाई भनिछ । अनि जाहेरवाली चमेली अधिकारीले मलाई २, ३ झापड हिर्काइन । हामी एउटै घरमा बस्ने भएकाले चिनजान छ । यो घटना भएको हो । म २०४८ साल जेष्ठ २२ गते जन्मेको, कक्षा ९ मा पढ्छु भनी प्रतिवादी दिनेश श्रेष्ठले अभिभावकको रोहवरमा गरेको बयान कागज ।

मान्छे हेर्दा सानो, पत्यार लाग्दो नदेखिने, कक्षा ९ मा पढ्ने यस्तो गर्दा गल्ती हुन्छ हुँदैन भनेर राम्ररी छुट्याउन सक्ने अवस्थामा नभएको प्रतिवादी दिनेश श्रेष्ठ आफै निशा अधिकारीमाथि जवरजस्ती करणी गरेको हुँ । गल्ती भयो भनेर स्वीकार गरिसकेको हुँदा निज दिनेश श्रेष्ठले निशा अधिकारीलाई जवरजस्ती करणी गरेकोमा विश्वास लाग्यो । त्यसकारण कानूनबमोजिम कारवाही होस् भनी बुझिएका डम्बरकुमारी आचार्यले गरेको कागज ।

दिनेश श्रेष्ठले बच्चीलाई जवरजस्ती करणी गरेछ। बच्चीको रगत पनि आएको थियो। मैले तातो पानीले सफा गरिदिएँ भनी चमेली अधिकारीले भनिन्। दिनेश श्रेष्ठलाई पनि के भयो ? भन्दा मैले गल्ती गरे माफ गरि दिनुहोस् भनेकोले यो घटनाको बारेमा चर्चा भयो। निजलाई कानूनबमोजिम कारवाही हुनुपर्छ भन्नेसमेत व्यहोराको बुझिएका रामबहादुर खत्रीको कागज।

दिनेश श्रेष्ठले मेरो छोरीलाई जवरजस्ती करणीको अपराध गरेछ। छोरीको योनीबाट रगत आइरहेको, छोरी कराइरहेकी थिइन्। मैले तातो पानीले सफा गरिदिएँ भनेर पीडितको आमाले भन्नु भयो। प्रतिवादीले जवरजस्ती करणी गरेको हो। निजलाई कानूनबमोजिम कारवाही हुनु पर्दछ भन्नेसमेत व्यहोराको बुझिएको बिना सुवेदीको कागज।

घटना भएपश्चात् मैले पीडित बच्चीलाई के भयो ? नानी भनी सोधे। निजले मलाई दिनेश दादाले करणी गऱ्यो भनी करणी गरेको कुरा बताइन्। बच्चीलाई यस्तो कार्य गर्नेलाई कारवाही गरिनु पर्दछ। घटनाको सम्बन्धमा पीडितको आमा चमेली अधिकारीलाई बुझ्दा बच्चीको तत्काल रगतसमेत निस्केको थियो भनेको हुँदा दिनेश श्रेष्ठले पीडितलाई जवरजस्ती करणी गरेको कुराको विश्वास लाग्यो भन्नेसमेत व्यहोराको बुझिएका रामबहादुर खत्रीको कागज।

विद्यालयको रेकर्डअनुसार दिनेश श्रेष्ठको जन्म २०४६/२/२२ गते भएको हो भनी पञ्चायत उच्च मा.वि., पथरीबाट प्राप्त पत्र।

दिनेश श्रेष्ठको प्रमुख कन्सल्टेण्ट अर्थोपेडिक सर्जन अधिकृत डा. शिवप्रसाद अधिकारी तथा वरिष्ठ कन्सल्टेण्ट रेडियोलोजिष्ट डा. आनन्दप्रसाद आचार्यले जाँच गरी पठाउँदा एक्सरे विभिन्न अङ्गबाट निजको उमेर ११ देखि १३ वर्षसम्मको देखिन्छ भन्ने कोशी अञ्चल अस्पतालको पत्र।

रामबहादुर श्रेष्ठ मेरो साइलो भाइ हो। निजको चल अचल सम्पत्ति एक कठ्ठा घडेरी छ, अरू सम्पत्ति छैन। सो सम्पत्तिको अंशियार निजका २ वटा श्रीमती ४ भाइ छोरासमेत उक्त सम्पत्तिको अंशियार जम्मा ८ जना छन्। दिनेश श्रेष्ठ जेठो छोरा हो, निज हाल ९ कक्षामा पढ्दै छ, एस.एल.सी परीक्षा दिनको लागि स्कूलमा उसको उमेर बढाएर लेखेको हो, निजको जन्ममिति र खास उमेर चाही २०४८ साल जेष्ठ २२ गते हो भन्नेसमेत व्यहोराको खड्गबहादुर श्रेष्ठको कागज।

रामबहादुर श्रेष्ठको प्रतिवादी दिनेश श्रेष्ठसमेत ४ भाइ छोरा, एक छोरी, २ वटी श्रीमती भएको थाहा छ, रामबहादुर श्रेष्ठ जम्मा ८ जना परिवार भई जम्मा ८ जना अंशियार भएको थाहा छ, निज दिनेश श्रेष्ठ, इन्द्रपुर-९ मा उसको घर गाउमा १ वर्ष अघि त्यस्तै वदमासी काम गरेकोले त्यहाँबाट भगाई पथरीमा ल्याइराखी पढाएको अरे भन्ने थाहा पाई सुनेको हुँ भन्नेसमेत व्यहोराको पीडितको आमा चमेली अधिकारीको कागज।

जाहेरी दरखास्त, पीडित निशा अधिकारीको कागज, पीडितको स्वास्थ्य परीक्षण रिर्पोट, प्रतिवादी दिनेश श्रेष्ठको साविती बयान कागज एवं बुझिएका मानिसहरूको कथनसमेतका आधार प्रमाणहरूबाट प्रतिवादी दिनेश श्रेष्ठले मिति २०६२/९/१८ गते दिउसो अन्दाजी ३:०० बजेको समयमा जिल्ला मोरङ, पथरी गा.वि.स., वडा नं. १ स्थित रमेश श्रेष्ठको घरमा डेरा गरी बसेकी जाहेरवाली चमेली अधिकारीको नाबालक छोरी वर्ष ४ की निशा अधिकारलाई घरको कोठाभित्रको खाटमा प्रतिवादी दिनेश श्रेष्ठले जवरजस्ती करणी गरेको हुँदा निजलाई मुलुकी ऐन, जवरजस्ती करणी महलको १ नं. विपरीतको कसूर अपराधमा ऐ. महलको ३(१) बमोजिम सजाय गरी ऐ. को १० नं. बमोजिम प्रतिवादीको अंश भागबाट आधा अंश दिलाईपाऊँ भन्नेसमेत व्यहोराको मिति २०६२/१०/११ को अभियोगपत्र ।

वारदात भएको भनिएको मिति समयमा म उक्त ठाउँमा थिइनँ । त्यो समयमा म स्कूलमा अध्ययन गरिरहेको थिएँ । मैले निशा अधिकारीलाई जवरजस्ती करणी गरेको होइन । मलाई किन यस्तो अभियोग लगाएको हो ? मलाई थाहा छैन । झुट्ठा अभियोगका आधारमा मलाई सजाय हुने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी दिनेश श्रेष्ठले मिति २०६२/१०/११ मा गरेको बयान ।

मिति २०६३/३/११ का आदेशानुसार वादी पक्षका साक्षी बिना सुवेदी, डम्बरकुमारी आचार्य तथा पीडित निशा अधिकारी र जाहेरवाली चमेली अधिकारीले बकेको बकपत्र मिसिल सामेल रहेको रहेछ ।

जिल्ला अदालत नियमावली, २०५२ को नियम ३०, ३१ अनुसार साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री शम्भु गौतम तथा जाहेरवाला तर्फबाट उपस्थित विद्वान अधिवक्ता डिल्लीप्रसाद दाहालले प्रतिवादी दिनेश श्रेष्ठले जाहेरवालीको नाबालिका छोरी वर्ष ४ की निशा अधिकारीलाई जवरजस्ती करणी गरेको मिसिल संलग्न रहेका किटानी जाहेरी, बुझिएका मानिसहरूको मौकामा तथा अदालतमा गरेको बकपत्र तथा पीडित निशा अधिकारीले गरेको मौकाको कागज तथा अदालतमा गरेको बकपत्रसमेतबाट पुष्टि भइरहेको हुँदा निज प्रतिवादी दिनेश श्रेष्ठलाई अभियोग मागदावीबमोजिम सजाय गरिपाऊँ भनी गर्नु भएको बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीउपरको अभियोग दावी पुग्न सक्ने हो वा होइन भन्ने विषयमा निर्णय गर्नुपर्ने देखियो ।

निर्णयतर्फ विचार गर्दा यसमा वादी नेपाल सरकारले यी प्रतिवादीविरूद्ध जाहेरवालीकी नाबालक छोरी वर्ष ४ की निशा अधिकारीलाई यी प्रतिवादीले जवरजस्ती करणी गरेकाले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. वर्खिलाप कसूर गरेको हुँदा सोही ऐनको ३(१) नं. बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग मागदावीमा प्रतिवादीले अदालतमा आई बयान गर्दा मैले आरोप लागेअनुसार जवरजस्ती करणीको कसूर अपराध गरेको छैन, म स्कुल गएको छु । मैले निशा अधिकारीलाई जवरजस्ती करणी नगरेको हुँदा, नगरेको काममा किन बात लगाए ? मलाई थाहा छैन । म वारदात स्थल काकाको घरमानै

गएको छैन । मेरो खास जन्म २०४८ सालमानै हो भनी आरोपित कसूरमा पूर्णतः ईन्कार गरी बयान गरेको प्रस्तुत मुद्दामा वादीले प्रतिवादीविरूद्ध लगाएको यो अभियोग स-प्रमाण स्थापित भएको छ, छैन ? भनी हेर्दा जाहेरवाली चमेली अधिकारीले दिएको शुरू जाहेरीमा छोरी रूदै अत्तालिदै आएको देखी के भयो ? भनी सोध्दा बालिकाले रूदै आफूमाथि भएको अभद्र व्यवहार अङ्कित गर्दै दिनेश श्रेष्ठले जवरजस्ती करणी गरेको सङ्केत गरेकाले छोरीको गुप्ताङ्ग हेर्दा छाला पिल्सिएको, योनीबाट रगत पक्ष भएको हुँदा उपचार गर्न विराटनगर ल्याई उपचार गरी जाहेरी दिन आएकी छु भनी दिएको जाहेरीबाट यो मुद्दाको अनुसन्धान शुरू भएको देखिन्छ ।

पीडित नाबालिका वर्ष ४ की निशा अधिकारीले अनुसन्धानमा आमाको रोहवरमा गरेको कागजमा दिनेश दादाले चक्लेट दिन्छु भनी बोलाई जाँदा, खाटमा सुताई मेरो कट्टु तल तानेर खुट्टासम्म झारी उसले पनि कट्टु खोलेर ममाथि चढी उसको तुरीले मेरी तुरीमा दरो दरो बनाएर ठेल्यो । मलाई दुख्यो । म ऐया भन्दै नसमात, नसमात भन्दै रूदै गर्दा दिनेश उठी गयो, म कोठाबाट निस्की आउँदा ममी पनि आइपुग्नु भएको रहेछ । ममीले सोध्दा बताएँ । मेरो तुरीमा घाउ भई रगत आएको छ भनी लेखाएको पनि देखियो भने कोशी अञ्चल अस्पतालबाट निशा अधिकारी पीडितको शरीर परीक्षण गरी दिएको प्रतिवेदनमा Laceration on the eletter of the labia (bilateral) vulval sent for persence for spermatozoa not seen लेखी आएकोसमेतबाट यी पीडित निशा अधिकारीको योनीमा घाउ भएको कुरा डाक्टरी परीक्षणबाट प्रमाणित हुन आयो । अनुसन्धानमा बुझिएका डम्बरकुमार आचार्य, रामबहादुर खत्री, बिना सुवेदी र बमबहादुर खत्रीले कागज गर्दा हाम्रो रोहवरमा प्रतिवादीले गल्ती गरे मिलाई दिनु पर्‍यो भनेकाले जवरजस्ती करणी गरेको कुरा विश्वास लाग्छ भनी लेखाइएको र यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा म आफ्नो कोठामा स्कूलको लुगा फेर्दै थिएँ । निशा मेरो कोठामा आई मसँग चली लडीबुडी गर्दै खटियामा खेल्दा मैले निशाको कट्टु तल झारे, मैल उसको तुरी देखेपछि मलाई करणी गर्न मन लागेर मैले लगाएको कपडा तलसारी मेरो लिङ्ग योनी (तुरी) मा लगाई ठेले भित्र पसेन । निशाले पनि मलाई हातले ठेलेकोले मैले छाडिदिएँ । निज रूदै गइन, मलाई चमेलीले २, ३ थप्पड हिर्काइन भनी निशालाई करणी गरेको कुरा स्वीकार गरेको देखिन्छ ।

यो अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले गरेको स्वीकारोक्ति, स्वतन्त्र प्रमाणबाट समर्थित भएको छ छैन त भनी हेर्दा पीडित निशा अधिकारीले आमाको रोहवरमा गरेको बकपत्र हेर्दा मलाई दिनेशले आमाको खाटमा लगेर मलाई सुताएर मेरो कट्टु मात्र खोली उसले पिसाव फेर्ने निकाली हल्लिई हल्लिई इशारा गरेर देखाउँदै मेरो बुनु (पिसाव फेर्ने ठाउँमा) ठेल्दै दुखायो । म रोएँ । मेरो पिसाब फेर्नेबाट रगत आएको थियो र घाउ पनि भएको थियो भनी बकी लेखाएको देखिन्छ । यी नाबालक बच्चीले घटना भएको ७ महिनापछि पनि आफूलाई परेको पिडाको बोध गरी बडो सजिलो गरी उसको पिसाब फेर्ने मेरो पिसाब गर्ने ठाउँमा ठेल्दै दुखायो भन्ने व्यहोराले करणी गरेको अवस्थानै पुष्टि हुनको साथै यी बालिकाले नभए नगरेको झुठ्ठा वा बनावटी कुरा व्यक्त गर्ने सम्भावना करिवकिरव सुन्यमा रहेको स्थितिलाई ध्यानमा राख्दा

यी पीडित बालिकाको भनाइ जो अदालतको न्यायाधीशसमक्ष व्यक्त भएको छ, त्यसले प्रमाणको ठूलो महत्व राख्ने हुँदा यी बालिकाको भनाइले प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साविती बयान समर्थन गरेकोनै देखियो ।

तत्काल घटनामा पुग्ने जाहेरवालीले बकपत्र गर्दासमेत जाहेरीलाई पूर्ण रूपले समर्थन गरी बकपत्र गरेको देखिन्छ भने अनुसन्धानमा कागज गर्ने डम्बरकुमारी आचार्य, बिना सुवेदीले पनि अघि अनुसन्धानमा व्यक्त गरेको कुरालाई समर्थन गर्दै प्रतिवादीले बालिकालाई जवरजस्ती करणी गरेको कुरानै व्यक्त गरेका र डाक्टरले दिएको बालिकाको शारीरिक परीक्षण प्रतिवेदनबाट पनि निज बालिकाको योनीमा घाउ भएको देखिन आएकोसमेतका यी स्वतन्त्र प्रमाणहरूबाट प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साविती बयान समर्थन हुनको साथै वादी नेपाल सरकारले लगाएको अभियोगसमेत सप्रमाण स्थापित भएकोनै देखियो ।

यसरी सप्रमाण स्थापित भएको कसूरमा ईन्कार गर्ने प्रतिवादीले ईन्कारीलाई प्रमाणित गर्ने कुनै साक्षी सबुत पेश दाखिला गर्न नसकेको केवल ईन्कारीको भरमा मात्र कसूरदार होइन रहेछन् भन्न ठहर गर्न नमिल्ने भएकाले प्रतिवादीको जिकिर मनासिव भएन । अतः यी प्रतिवादीले पीडित वर्ष ४ कि निशा अधिकारीलाई जवरजस्ती करणी गरी आरोपित कसूर अपराध गरेको ठहर्छ ।

अब यी प्रतिवादीलाई के कति सजाय हुन्छ भनी विचार गर्दा यी प्रतिवादीले बयान गर्दा अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतको बयानमा आफ्नो उमेर १४ वर्ष लेखाएको, निज अध्ययन गर्ने स्कूल पञ्चायत उच्च मा.वि., पथरी मोरङको पत्रबाट जन्ममिति २०४६/२/२२ लेखिएकोबाट १६ वर्ष पुगिसकेको देखिने र डाक्टरले जाँच गरी उमेरबारे दिएको प्रतिवेदनमा ११ देखि १३ वर्ष भनी उल्लेख भएको र यस अदालतबाट थुनछेकको आदेश हुँदा यी प्रतिवादीको उमेर १४ वर्षमात्र कायम गरी बाल सुधार गृहमा पठाउने गरी भएको आदेशउपर विपक्षको कुनै निवेदन पर्न नआएकोसमेतका प्रमाणबाट यी प्रतिवादीको उमेर वर्ष १४ पुगेकोनै कायम हुने देखिँदा सोहीअनुसार सजाय तोक्नुपर्ने भएकोले यी प्रतिवादीलाई जवरजस्ती करणीको महलको ३(१) नं. ले कैद वर्ष १० हुनेमा १६ वर्ष नपुगेको १४ वर्ष पुगेको हुँदा, बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) ले त्यसको आधा कैद वर्ष ५(पाँच) मात्र हुन्छ । अंश खुली आएको नदेखिँदा खुलेको अवस्थामा प्रतिवादीको आधा अंशसमेत पीडितलाई दिलाई दिनु भनी अरूमा तपसिलबमोजिम हुने गरी अ.बं १८६ नं. अनुसार यो फैसला गरिदिएँ ।

**तपसिल**

प्रतिवादी दिनेश श्रेष्ठको, माथि ठहर खण्डमा लेखिएअनुसार मुलुकी ऐन, जवरजस्ती करणीको ३(१) नं. ले १० वर्ष कैद हुनेमा निज १६ वर्ष मुनिको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) ले सोको आधा ५ वर्ष कैद हुन्छ । निज प्रतिवादी मिति २०६२/९/२५ देखि प्रहरी हिरासतमा रहेको तथा

यस अदालतको मिति २०६२/१०/११/३ का आदेशले बाल सुधार गृहमा बसेको हुँदा प्रहरी हिरासतमा बसेको मितिबाट कैद कट्टा हुने गरी निजको हकमा कैद वर्ष ५ को लगत कसी कैद म्याद ठेगी बाल सुधार गृह, सानोठिनी, भक्तपुरमा लेखी पठाई असुल गर्नु ..................................................१

प्रतिवादीको अंश खुली आएका बखत प्रतिवादीको आधा अंश पीडित निशा अधिकारीलाई दिलाई दिनु..........................................................................................२

यस ईन्साफमा चित्त नबुझे सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ अनुसार ७० दिनभित्र श्री पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन लाग्छ भनी वादी पक्ष जिल्ला सरकारी वकिल कार्यालय, मोरङ र प्रतिवादी दिनेश श्रेष्ठलाई अ.बं १९३ नं.बमोजिम पुनरावेदनको म्याद दिनु.........................३

नक्कल माग गर्ने सराकारवालालाई नियमानुसार नक्कल दिनु ..........................................४

प्रस्तुत मुद्दाको दायरी लगत कटाई मिसिल अभिलेख शाखामा बुझाई दिनु ............................५

...................
जिल्ला न्यायाधीश

यो पाना ६ को फैसला माननीय जिल्ला न्यायाधीशज्यूले टिपाएबमोजिम तयार गर्ने ना.सु. हरिप्रसाद रेग्मी।
फाँटः फौजदारी ख

ईति सम्वत् २०६३ साल कार्तिक १९ गते रोज १ शुभम् .............................................।

**रूपन्देही जिल्ला अदालत**

**इजलास**

**माननीय न्यायाधीश श्री कृष्णकमल अधिकारी**

**फैसला**

सम्वत् २०६३ सालको स.फौ. नं. १७३ नि.नं. ८३

**मुद्दाः जवरजस्ती करणी।**

**वादी**

नेपाल सरकार ...........................१

**प्रतिवादीको नाम, थर, वतन**

रुपन्देही जिल्ला, बुटवल नगरपालिका बस्ने गणेश गुरूङ (नाम परिवर्तन)..................१

**साक्षी**

जाहेरवाला............................१

पीडित पम्फा गुरूङ (नाम परिवर्तन)......१

देख्ने सुन्ने ननमाया गुरूङ...................१

सिद्धिमान श्रेष्ठ, गणेशमान श्रेष्ठ, बिमला वि.क. समेतका मानिसहरू........................।

**साक्षी**

जीतबहादुर गुरूङ.............................१

नेतन गुरूङ....................................१

**कागज :**

घटनास्थल प्रकृति मुचुल्का ............१

परीक्षण प्रतिवेदनसमेतका कागजात........१

**कागज :**

जन्मदर्ता प्रमाण पत्र फोटोकपि ।

**अदालतबाट बुझेको :**

**साक्षी**

जीतबहादुर गुरूङ - १, ननमाया गुरूङ - १

तुलमाया गुरूङ - १, गणेशमान श्रेष्ठ - १

पम्फा गुरूङ - १

**कागज** : नगरपालिकाको नाम दर्ता फाराम फोटोकपि-१

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.बं. २९ नं. बमोजिम पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :-

मिति २०६३/२/१० गते साँझ मेरो छोरी वर्ष ५ की पम्फा गुरूङलाई गणेश गुरूङले आफ्नै घरमा सुताई जवरजस्ती करणी गरेको हुँदा कानूनबमोजिम गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

बु.न.पा. १५ वेलवास स्थित पूर्व झलबहादुर गुरूङको घर, पश्चिम भालु खोला, उत्तरमा भीम गुरूङको घर, दक्षिणमा ठाडो खोल्सा तथा लक्ष्मी वि.क.को घर । यती चार किल्लाभित्र रहेको पूर्व मोहडाको फुसले छाएको घर, उक्त घरमा पार्टिसन नगरी एउटै हल रहेको उक्त घरको भित्र पूर्व तर्फको दिवाल नजिक गणेश गुरूङ सुत्ने गरेको बिस्तारासहितको खाट, सोही खाटमा पम्फा गुरूङलाई गणेश गुरूङले जवरजस्ती करणी गरेको भन्ने घटनास्थल प्रकृति मुचुल्का ।

पम्फा गुरूङ र गणेश गुरूङको शारीरिक परीक्षण गरि दिनु हुन भनी लुम्बिनी अञ्चल अस्पताल बुटवललाई लेखेको पत्र ।

मिति २०६३/२/१० गते अन्दाजी ५ बजेको समयमा जाहेरवालीको छोरी वर्ष ५ की पम्फा गुरूङलाई मेरो घरमा लगी म सुत्ने विस्तारामा सुताइ निजले लगाएको मेड्डी माथि सारी कट्टु खोली मेरो उत्तेजित लिङ्ग निकाली निजको योनीमा घर्षण गरी योनीको प्वालमा छिराउन खोज्दा निज पम्फा गुरूङ रूने कराउने गरेकोले छोडी दिएको हुँ । निजले सो कुरा आफ्नो आमालाई बताएकीले मिति २०६२/२/११ गते जाहेरवालीसमेतले मलाई समाइ दाखिला गराएका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी गणेश गुरूङको बयान कागज ।

पम्फा गुरूङको शारीरिक परीक्षणबाट Attempted Rape भएको देखिन्छ, गणेश गुरूङको शारीरिक परीक्षणबाट लिङ्ग घर्षण भएको कुनै लक्षण देखा नपरेको दाया कानमा चोट भएको भन्ने लुम्बिनी अञ्चल अस्पताल, बुटवलको परीक्षण प्रतिवेदन ।

मिति २०६३/२/१० गते स्कुलबाट आई झोला गणेश गुरूङको घरमा राखी हजुर आमाले बाख्रा चराउन लगेकोले हजुरआमासँग बसी घरमा जान ४:३० बजेतिर गणेश गुरूङको घरमा आउँदा निज गणेश गुरूङले मलाई ललाईफकाई गरी घरभित्र विस्तारामा लगी सुताई कपडा खोली आफ्नो लिङ्ग निकाली मेरो योनी वरीपरी घसार्ने र भित्र घुसाउन खोजे म रून कराउन लागेकोले छोडी दिए । घरमा गई आमालाई उक्त कुरा बताएकी हुँ भन्नेसमेत व्यहोराको पम्फा गुरूङले गरेको कागज ।

मिति २०६३/२/१० गते साँझ ५ बजे गणेश गुरूङले जाहेरवालाको छोरी वर्ष ५ की पम्फा गुरूङलाई आफ्नो घरभित्र लगी जवरजस्ती करणी गरे भन्ने सोही दिनको राती थाहा पाएको हुँ। मिति ०६३/२/११ गते निज गणेश गुरूङलाई समाई सोधपुछ गर्दा उक्त कुराहरू स्वीकार गरेको थिएँ भन्नेसमेत व्यहोराको तुल्सीबहादुर गुरूङले गरेको कागज।

मिति ०६३/२/१० गते जाहेरवालीको छोरी पम्फा गुरूङलाई गणेश गुरूङले ललाईफकाई गरी आफ्नै घरभित्र लगी आफू सुत्ने विस्तारामा सुताई करणी गरे भन्ने थाहा पाएको हुँ। निज गणेश गुरूङलाई सोधपुछ गर्दा आफूले पम्फा गुरूङलाई करणी गरेको कुरा स्वीकार गरेका हुन् भन्नेसमेत व्यहोराको ननमाया गुरूङले गरेको कागज।

मिति २०६३/२/१० गते प्रतिवादी गणेश गुरूङले जाहेरवालीको छोरी पम्फा गुरूङलाई ललाईफकाई गरी आफ्नै घरभित्र विस्तारामा जवरजस्ती करणी गरे भन्ने कुरा थाहा पाएको हुँ। मिति ०६३/२/११ गते निज गणेश गुरूङलाई सोधपुछ गर्दा उक्त कुरा स्वीकार गरेका थिए भन्नेसमेत व्यहोराको सिद्धिमान श्रेष्ठको कागज।

मिति २०६३/२/१० गते प्रतिवादी गणेश गुरूङले जाहेरवालीको छोरी वर्ष ५ की पम्फा गुरूङलाई जवरजस्ती करणी गरे भन्ने थाहा पाएको हुँ। निज गणेश गुरूङलाई सोधपुछ गर्दा आफूले जाहेरवालीको छोरी वर्ष ५ की पम्फा गुरूङलाई करणी गरेको कुरा स्वीकार गरेका हुन् भन्नेसमेत व्यहाराको गणेशमान श्रेष्ठले गरेको कागज।

मिति ०६३/२/१० गते गणेश गुरूङले जाहेरवालीको छोरी वर्ष ५ की पम्फा गुरूङलाई जवरजस्ती करणी गरेका हुन् भन्ने कुरा थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको बिमला बि.क. ले गरेको कागज।

जाहेरवालाको छोरी वर्ष ५ की पम्फा गुरूङलाई प्रतिवादी गणेश गुरूङले जवरजस्ती करणी गरी मुलुकी ऐन, जवरजस्ती करणीको १ नं. विपरीत ३(१) नं. बमोजिम कसूर अपराध गरेको देखिएकोले ऐ. ३(१) नं. बमोजिम सजाय गरी ऐ. महलको १० नं. बमोजिम प्रतिवादी गणेश गुरूङको आधा अंश सर्वश्व गरी पीडितलाई भराई पाउने मागदावीसहितको अभियोगपत्र मागदावी।

मैले जाहेरीबमोजिम जाहेरवालीको छोरी पम्फा गुरूङलाई जवरजस्ती करणी गरेको होइन। किन मलाई त्यस्तो जाहेरी दिए थाहा छैन। म गाँउ घरमा नभई ठूली आमाको घर मंगलापुरमा थिएँ। त्यसैले अभियोग दावीबमोजिम मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी गणेश गुरूङले यस अदालतसमक्ष गरेको बयान।

प्रतिवादी उक्त दिन मंगलापुरमा थियो । सो घटनामा नहुँदा कसूर गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादीको साक्षी जीतबहादुर गुरूङको बकपत्र ।

मिति २०६३/२/१० गते छोरी रूदै घरमा आईन् । किन रोएको भनी सोध्दा गणेश गुरूङको घरमा झोला लिन जाँदा गणेशले विस्तारामा पल्टाएर ममाथि चढ्यो । म अइयाअइया भनी रुँदा मेरो मुख थुनेर पिट्यो भनिन् । हिड्दा नमिल्ने गरी खुट्टा बङ्ग्याउँदै आएकी थिइन् । कपडा खोली निजको योनीमा हेर्दा रातै भई विमिराहरू निस्केका थिए । सुन्निएको थियो भन्नेसमेत व्यहोराको जाहेरवालीले अदालतसमक्ष गरेको बकपत्र ।

गणेश गुरूङले मलाई विस्तारामा सुतायो । लुगा खोली दियो । ड्रेस कट्टु खोली दियो र म माथि चढ्यो । त्यसपछि म रोएँ । मेरो हात र सु (पिसाव) गर्ने ठाँउमा दुख्यो र म रोएँ । म रोएपछि गणेश गुरूङ त्यहाँबाट भाग्यो भन्नेसमेत व्यहोराको पीडित पम्फा गुरूङले अदालतसमक्ष गरेको बकपत्र ।

झोला लिन भनी गणेशको घरमा जाँदा तिलकले पम्फालाई विस्तारामा सुताएर करणी गरेको हो । उक्त कुरा पीडित पम्फाले रूँदै भनेकी हुन् भन्नेसमेत व्यहोराको ननमाया गुरूङ र प्रतिवादी गणेश गुरूङको घरमा झोला राखेको झोला लिन जाँदा गणेशले जवरजस्ती करणी गरेको हो भन्नेसमेत व्यहोराको गणेशमान श्रेष्ठको बकपत्र मिसिल सामेल रहेछ ।

मिति २०६३/३/२९ का पुनरावेदन अदालत, बुटवलका आदेशानुसार प्रतिवादी नाबालक देखिएको हुँदा बाल सुधार गृह, सानोठिमी, भक्तपुरमा पुर्पक्षका लागि राखिएको देखिन आयो ।

## अदालतको ठहर

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री यदुनाथ शर्माले प्रतिवादी आरोपित कसूर गरेकोमा अधिकारप्राप्त अधिकारीसमक्ष सावित रही बयान गरेको सो बयान किटानी जाहेरी, मौकामा पीडितले गरी दिएको कागज, बुझिएका मानिसहरूको कागज तथा अदालतसमक्ष निजहरूको किटानी बकपत्रसमेतका आधार प्रमाणहरूबाट प्रमाणित भएको छ । हालै मुलुकी ऐनमा भएको संशोधनले जवरजस्ती करणीको महलको १ नं. मा गरेको स्पष्टीकरणसम्बन्धी व्यवस्थाले योनीमा लिङ्ग केही मात्र प्रवेश गरेको रहेछ भने पनि करणी मान्नुपर्ने गरी स्पष्ट पारिरहेको कानूनी व्यवस्थालाई प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातसँग जोडेर हेर्दा आरोपित कसूर स्थापित भइरहेको छ । तसर्थ अभियोग दावीबमोजिम प्रतिवादी गणेश गुरूङलाई सजाय हुनुपर्छ भनी गर्नु भएको बहस तथा प्रतिवादी गणेश गुरूङका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री शिवप्रसाद गौडेलले प्रतिवादीउपरको अभियोग दावीबाटै यी प्रतिवादीको कसूरमा संलग्नता नरहेको स्पष्ट छ । पीडितको स्वास्थ्य परीक्षणबाट (Attempted Rape) उल्लेख भएकोमा

करणीको अभियोग लाग्नुलेनै प्रतिवादीले आरोपित कसूर नगरेको कुरा पुष्टि भइरहेको छ । जाहेरवाली आफू प्रत्यक्षदर्शी होइनन् । निजले जाहेरीमा ५ बजेतिर पम्फा गुरूङको कागजमा ४:३० बजेतिर र अन्य बुझिएका मानिसले ४ बजेतिर करणी भएको भनी उल्लेख गरेबाट समयमा विविध खाले उल्लेख हुनुले प्रतिवादीउपरको आरोप विश्वसनीय छैन । करणी गरेको भनेको वारदातमा पीडितको साथबाट वारदात पुष्टि हुने दशी वरामद हुन सकेको छैन । स्वास्थ्य परीक्षणमा Hymen Intact हुनु, बीर्य नपाइनु, घा चोट निलडाम नहुनु जस्ता कुराहरूले प्रतिवादीको ईन्कारी बयानलाई पुष्टि गरिरहेको अवस्था छ । वारदातका दिन यी प्रतिवादी अन्यत्रै रहेको कुरा निजकै साक्षीबाट समर्थन गरी सफाई दिइरहेको अवस्था छ । प्रमाण ऐन, २०३१ दफा २५ अनुसार प्रमाणको भार पुऱ्याउन नसकेको हुँदा शंकाको सुविधा अभियुक्तले पाउने न्यायको सर्वमान्य सिद्धान्तअनुसार प्रस्तुत मुद्दामा प्रतिवादी गणेश गुरूङलाई सफाई हुनु पर्छ भनी गर्नु भएको बहस सुनियो ।

यसमा उपर्युक्त बहस सुनी मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा प्रतिवादी गणेश गुरूङउपर मिति २०६३/२/१० का दिन पम्फा गुरूङलाई जवरजस्ती करणी गरेउपर जवरजस्ती करणीको महलको ३(१) नं. बमोजिम सजाय गरी ऐ. १० नं. बमोजिम पीडितलाई आधा अंश दिलाइपाऊँ भन्नेसमेतको अभियोग दावी लिइएको प्रस्तुत मुद्दामा प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पम्फा गुरूङलाई खाटमा पल्टाई उत्तेजित लिङ्ग निजको योनीमा राखी घर्षण गरी प्वालमा छिराउन लाग्दा रून कराउन लागेकाले करणी गर्नबाट छोडी घरतर्फ पठाएको थिएँ भनी लेखाएकोमा अदालतसमक्ष गरेको बयानमा मिति ०६३/२/९ गतेका दिन मंगलापुर गाउँको हुँदा वारदात मिति ०६३/२/१० का दिन मैले पम्फा गुरूङलाई जवरजस्ती करणी गरेको होइन । के कारणले जाहेरी दिएका हुन् थाहा छैन, सजाय हुनुपर्ने होइन भन्नेसमेतको व्यहोरा लेखाई दिएको देखिन्छ । पीडित र प्रतिवादीको स्वास्थ्य परीक्षण भई प्रतिवेदन मिसिल संलग्न रहेको र सो प्रतिवेदनमा अन्य कुराका अतिरिक्त स्वास्थ्य परीक्षण गर्दा Attempted Rape देखिन्छ भनी उल्लेख भएको छ ।

यसरी उपर्युक्त उल्लिखित बहस, अभियोगपत्र, प्रतिवादीको बयान तथा स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतलाई हेर्दा प्रस्तुत मुद्दाको सन्दर्भमा निम्न कुराहरूलाई स्पष्ट पार्नु सान्दर्भिक देखिन्छ ।

१. जवरजस्ती करणीलाई कानूनी रूपमा कसरी परिभाषित गरिएको छ ?
२. जवरजस्ती करणी वा उद्योग (Rape or Attempted Rape) के हो स्वास्थ्य परीक्षण गर्ने चिकित्सकले यकिन गर्ने विषय हो वा अदालतले निर्णय गर्नुपर्ने विषय हो ?

सर्वप्रथम पहिलो बुँदातर्फ हेर्दा जवरजस्ती करणीको सम्बन्धमा हाम्रो कानूनी व्यवस्थातर्फ हेर्नुपर्ने हुन आउँछ । यस सन्दर्भमा मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. लाई हेर्नुपर्ने हुन्छ । लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ ले उक्त महलको १ नं. मा गरेको संशोधित व्यवस्थालाई उल्लेख गर्नु आवश्यक देखिन्छ । जसमा "......१६ वर्षभन्दा कम उमेरकी बालिकालाई

निजको मञ्जुरी लिई वा नलिई करणी गरेमा निजले जवरजस्ती करणी गरेको ठहर्छ" भन्ने व्यवस्था गर्दै सोही नं. को स्पष्टीकरण (ग) मा "योनीमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्वरको प्रयोजनको लागि करणी गरेको मानिनेछ" भन्ने व्यवस्था गरेको छ ।

यस विषयलाई अझ स्पष्ट पार्न Modi's Medical Jurisprudence and Toxiology (Twenty Second Edition, P. 495) मा गरिएको परिभाषालाई प्रस्तुत गर्नु सान्दर्भिक छ । उक्त Jurisprudence मा यसरी उल्लेख भएको पाइन्छ ".........to constitute the offence of rape, it is not necessary that there should be complete penetration of penis with emission of semen and rupture of hymen. Partial penetration of the penis within the labia majora or the vulva or pudenda with or without emission of semen, or even an attempt at penetration is quite sufficient for the purpose of law." त्यस्तै Black's Law Dictionary (Seventy Edition, p. 1267) ले "...... the common law crime of rape required at least a slight penetration of the penis into the vagina......"

यसरी उपर्युक्त उल्लेखनबाट हामी यो निस्कर्षमा पुग्न सक्छौ कि जवरजस्ती करणी हुनको लागि योनीमा लिङ्ग अलिकति मात्र पनि प्रवेश गरेको छ र त्यहाँ बीर्य स्खलन भएको छैन, झिल्ली सही हालतमा छ भने पनि त्यसलाई जवरजस्ती करणी मान्नुपर्ने हुन्छ ।

अब दोश्रो बुँदातर्फ विचार गर्दा जवरजस्ती करणी भएको हो होइन, के कस्तो अवस्थालाई जवरजस्ती करणी वा उद्योग मान्ने हो सो सम्बन्धमा प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्नुपर्ने देखिएको छ । मिसिल संलग्न लुम्विनी अञ्चल अस्पतालको मिति ०६३/२/१२ चलानी नं. ११८५ को पत्रसाथ प्राप्त स्वास्थ्य परीक्षण प्रतिवेदनमा अन्य कुराका अतिरिक्त पीडितको स्वास्थ्य परीक्षण गर्दा Attempted Rape देखिन्छ भनी उल्लेख भएको छ । अभियुक्तउपर के कस्तो कसूर स्थापित हुने हो भन्ने कुराको निर्णय दिने अधिकार अदालतलाई मात्र छ । स्वास्थ्य परीक्षण गर्ने चिकित्सकले परीक्षणका क्रममा देखिएका घा चोट, निलडाम, दाग, चिन्ह बीर्य आदि कुराहरूलाई हेरी जाँची परीक्षण गरी देखिएका कुरा उल्लेख गर्नुपर्नेसम्म हो । तर त्यसो नगरी पीडितमाथि भएको कसूरको सन्दर्भमा चिकित्सक आफै निस्कर्षमा पुग्न कानून र न्यायको रोहमा मिल्ने विषय होइन । पीडितमाथि भएको कसूरको सम्बन्धमा अनुसन्धानको क्रममा स्वास्थ्य परीक्षण गर्न पठाएकोमा चिकित्सकले परीक्षण गरी देखिएका दाग, खत, घाउ, निलडाम, चिन्ह आदि उल्लेख गरी दिइएको प्रतिवेदनलाई हेरी उक्त प्रतिवेदनका अतिरिक्त सङ्कलित अन्य सबुद प्रमाणसमेतलाई मूल्याङ्कन गरी अदालत निष्कर्षमा पुगेर निर्णय दिने विषय हो ।

जाहेरी दरखास्तसमेतका कागजातबाट यी प्रतिवादी गणेश गुरूङले वर्ष ५ की पम्फा गुरूङलाई जवरजस्ती करणीको कसूर गरेकोमा अभियोगपत्र दायर भएकोमा प्रतिवादीको उमेर सम्बन्धमा बुटवल नगरपालिकाको

च.नं. ४३०७ मिति २०६३/३/१४ को पत्रसाथ प्राप्त मिति २०५९/२/१५ द.नं. ३६९ को जन्मदर्ता प्रमाणपत्रबाट यी प्रतिवादी गणेश गुरूङ १६ वर्ष नपुगेका नाबालक देखिएको हुँदा पीडित र प्रतिवादी दुवै नाबालक देखिएका छन् ।

अब प्रस्तुत मुद्दामा पीडित र प्रतिवादीको उमेर, मिसिल संलग्न प्रवितवादीको बयान, पीडित तथा प्रमाण साक्षीहरूको बकपत्र समेतका कागजातहरूलाई केलाई विश्लेषण गरी हेर्दा मूलभूत रूपमा निम्न विषयमा निर्णय दिनु पर्ने देखिन्छ ।

१. प्रतिवादी गणेश गुरूङले आरोपित कसूर गरेको हो होइन ?

२. कसूर गरेको हो भने निजउपर कस्तो सजाय हुनुपर्ने हो ?

उपर्युक्त उल्लिखित पहिलो बुँदाको सन्दर्भमा मिसिल संलग्न कागजातलाई अध्ययन गरी निर्णयतर्फ विचार गर्दा गणेश गुरूङले छोरी पम्फा गुरूङलाई जवरजस्ती करणी गरेको, योनीमा पीडा र मर्म पर्न गई रूँदै कराउँदै आएको भन्नेसमेत व्यहोरा उल्लेख गरी जाहेरी दरखास्त परेको प्रस्तुत मुद्दामा पीडित पम्फा गुरूङले प्रहरीसमक्ष कागज गर्दा "....... विस्तारामा लगी सुताई मेरो कपडा खोली दिई आफ्नो लिङ्ग निकाली मेरो योनी वरीपरी घसार्ने र भित्र घुसाउन खोजे मलाई दुखेकाले रून कराउन लागेकोले छोडी दिएँ........" भनी लेखाई दिएकी र निजले अदालतसमक्ष घटनाक्रमलाई उल्लेख गर्दै "गणेश गुरूङले मलाई विस्तरामा सुतायो । लुगा खोली दियो । ड्रेस, कट्टु खोली दियो र ममाथि चढ्यो । त्यसपछि म रोएँ । मेरो हात र सु (पिसाव) गर्ने ठाउँमा दुख्यो र म रोएँ । म रोएपछि गणेश गुरूङ त्यहाँबाट भाग्यो" भन्नेसमेतको व्यहोराको बकपत्र गरेकी छन् । त्यस्तै, जाहेरवालीले बकपत्रमा ".........गणेश गुरूङले विस्तारामा पल्टाएर ममाथि चढ्यो । ऐयाऐया भनी रूँदा मेरो मुख थुनेर पिट्यो भनिन् । हिँडन नमिल्ने गरी खुट्टा बङ्ग्याउँदै आएकी थिइन् । कपडा खोली हेर्दा निजको योनीमा रातै भई स-साना बिबिरा निस्केका थिए । योनी सुन्निएको थियो...." भन्नेसमेतको व्यहोरा लेखाई दिएको अवस्था छ भने बुझिएका ननमाया गुरूङले प्रहरीसमक्ष गरेको कागजमा उल्लेख गरेअनुरूप यी प्रतिवादीले कसूर गरेको कुरा स्थापित गर्न मद्दत मिल्ने गरी प्रतिवादीले पीडितलाई करणी गरेको हो योनीमा घाउ र अलीअली सुन्निएको थियो भन्नेसमेतको बकपत्र गरेकी र अर्का बुझिएका गणेश श्रेष्ठले यी प्रतिवादीले करणी गरेको कुरा पीडितले आफ्नो आमालाई भनेपछि थाहा पाएको भनी बकपत्र गरिदिएबाट प्रतिवादीले कसूर गरेको पुष्टि भइरहेको देखिन्छ ।

पीडितको स्वास्थ्य परीक्षणबाट Labia, Majoria abrasion and redness in lower vagina भन्ने उल्लेख छ, देखिएको छ । जाहेरवालीले बकपत्र गर्दा हिँडन नमिल्ने गरी खुट्टा बङ्ग्याउदै आएको थिइन् । कपडा खोली हेर्दा रातै भई योनी सुन्निएको थियो भनी उल्लेख गरेको अवस्था छ । पीडितले गरेको कागजमा लिङ्ग योनीको वरीपरी घसार्ने र घुसाउन खोजे मलाई दुखेको भनी लेखाएकोमा बकपत्रमा ममाथि चढ्यो सु गर्ने ठाउँमा दुख्यो आदिआदि कुराहरू लेखाई दिएको देखिन्छ । प्रतिवादी स्वयं अधिकारप्राप्त अधिकार ीसमक्ष बयान गर्दा उत्तेजित लिङ्ग योनीमा घर्षण गरी लिङ्ग प्वालमा छिराउन लाग्दा निज रून कराउन थालेपछि करणी गर्न छोडेको भनी लेखाई दिएको देखिन्छ ।

यसरी पीडितको मौकाको कागज तथा बकपत्र आफैमा कसूर स्थापित गर्ने पर्याप्त आधार बनेको छ। त्यसमा अन्य उल्लिखित आधार प्रमाणले पीडितको भनाईलाई अझ बलियो बनाएको छ। उक्त बयान र उल्लिखित बकपत्र तथा स्वास्थ्य परीक्षण प्रतिवेदन व्यहोराले एकआपसमा जवरजस्ती करणी भएको कुराको पुष्टि गरिरहेको छ।

जहाँसम्म प्रतिवादी तर्फका विद्वान् अधिवक्ताले बहसको क्रममा अभियोगपत्र जवरजस्ती करणी भनी ल्याइएको छ। तर त्यहाँ वारदात भएको भन्ने कुरा पुष्टि हुने गरी दशी प्राप्त हुन सकेको छैन। बीर्य स्खलन भएको छैन। Hymen Intact छ। घाउ चोट छैन। यस अवस्थामा कसूर स्थापित हुन सक्दैन भनी जिकिर लिनु भएको छ। त्यसतर्फ विचार गर्दा प्रतिवादी स्वयंले अधिकारप्राप्त अधिकारीसमक्ष बयानमा योनीमा घर्षण गरी लिङ्ग प्वालमा छिराउन खोज्दा रून कराउन थालेकीले बीर्य झर्न नपाउँदै छाडि दिएको भनी भनेको सो बयान बकपत्रसमेतबाट पुष्टि भइरहेको अवस्था देखिन्छ।

माथि उल्लेख गरिएको जवरजस्ती करणीसम्बन्धी कानूनी व्यवस्था एवं परिभाषाले यसका लागि लिङ्ग केहीमात्र प्रवेश गरेको छ भने पनि करणी मान्नुपर्ने हुन्छ। त्यहाँ बीर्य झर्नै पर्ने अनिवार्यता हुँदैन। प्रतिवादी स्वयंले बीर्य झर्न नपाउँदै छोडेको भनी बयान गरेको कुरालाई माथि उल्लिखित परिभाषासँग जोडेर हेर्दा अन्यथा भन्ने ठाउँ देखिँदैन। ५ वर्षकी अवोध बालिका जसलाई करणी बारेमा जान्ने त परै जावस् यौन अङ्गबारेसमेत अनभिज्ञ रहेकी हुन्छिन् भन्दा अत्युक्ति नहोला। त्यस्ता बालिका स्वभावैले वयस्क उमेरको नजिकनजिक पुगिसकेको यी प्रतिवादीको विश्वासमा पर्नु अन्यथा थिएन। करणी गर्न लाग्दा रूनु कराउनुनै अन्तिम सहारा हुनु स्वाभाविकै हो। जुन कुरा निजको बकपत्रबाट देखिएको मात्र होइन, प्रतिवादी स्वयंको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलेसमेत देखाई रहेको छ। यस अवस्थामा अत्यन्तै कलिली बालिकाले प्रतिरोध गर्न नसक्नु स्वाभाविक हुन्छ, त्यहाँ घाउ चोटको उपस्थिति भएन भन्नु मनासिव देखिँदैन। प्रतिवादीले अदालतसमक्ष बयानमा ईन्कारी हुँदै आफ्नो साक्षीबाट प्रमाणित गराउने प्रयास गरेको देखिन्छ।

तर आफू अन्यत्रै भएको (Alibi) को जिकिर लिनु मात्रै पर्याप्त होइन। त्यसको पुष्टि हुनु पर्दछ। ५ वर्षकी अत्यन्तै कलिलो बालिकालाई करणी गरे भनी अनाहकमा यी प्रतिवादीउपर अभियोग लाग्नु पर्ने कारणबारे प्रतिवादीले उल्लेखसम्म पनि गर्न सकेका छैनन्। कसैले पनि विनाकारण आफ्नो छोरीलाई जोडेर अरूउपर कसूर स्थापित गर्न खोज्छ भन्ने कुराको कल्पनासम्म पनि गर्न सकिँदैन। विश्वास लायक हुनै सक्दैन। घटनाक्रमको बारेमा अनुसन्धान तथा अदालतमासमेत प्रतिवादीउपर गढाउ गरी प्रस्तुत गरिएका प्रमाणबाट यी प्रतिवादीले लिएको जिकिर गम्भीर हुन सकेको छैन। अभियोगबाट उन्मुक्ति दिने अवस्था देखिँदैन। तसर्थ यसरी उपर्युक्त उल्लिखित आधार प्रमाणहरूबाट यी प्रतिवादीउपरको आरोपित कसूर प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार प्रमाणित हुन सकेको छैन भनी प्रतिवादी तर्फका विद्वान अधिवक्ताले लिनु भएको जिकिरसँग सहमत हुन सकिएन। अतः सङ्कलित सबुद प्रमाणसमेतबाट यी प्रतिवादी गणेश गुरूङले अभियोग मागदावीबमोजिम जवरजस्ती करणीको महलको १ र ३(१) नं. को कसूर गरेको ठहर्छ।

अब दोश्रो बुँदातर्फ विचार गर्दा उपर्युक्त उल्लिखित आरोपित कसूर गरेको ठहरेको हुँदा निज प्रतिवादी गणेश गुरूङलाई के कस्तो सजाय हुनुपर्ने हो त्यसतर्फ निर्णय दिनु पर्ने देखिन आयो । यी प्रतिवादीउपर अभियोगपत्र दायर हुँदाको अवस्थामा वर्ष १७ भनी उल्लेख भई दायर भएकोमा प्रतिवादीले यस अदालतमा बयान गर्दा आफू नाबालक भएको जिकिर लिई यस अदालतको आदेशानुसार प्राप्त पञ्जिकाधिकारीको कार्यालयबाट मिति ०५९/२/१५ मा दिइएको जन्मदर्ताको प्रमाणपत्रमा जन्ममिति ०४८/३/५ उल्लेख भइरहेबाट वारदात हुँदाको अवस्थामा निज १६ वर्षभन्दा कम उमेरको नाबालक भएको देखिन्छ । यी प्रतिवादीले माथि उल्लेख भएबमोजिम जवरजस्ती करणी महलको ३(१) को कानूनी व्यवस्थाअनुरूपको कसूरमा १० वर्षभन्दा कम उमेरकी बालिकालाई जवरजस्ती करणी गरेको ठहर भएको छ । उक्त ३(१) नं. ले १० वर्षदेखि १५ वर्षसम्म कैदको व्यवस्था गरेको छ । प्रस्तुत मुद्दाका प्रतिवादीको उमेरको अवस्थालाई यहाँ विचार गर्नुपर्ने देखिन्छ । यस सन्दर्भमा "…….बालबालिकाको गिरफ्तारी, थुना वा कैद कानूनअनुरूप हुनेछ र अन्तिम उपायको रूपमा र सबभन्दा कम समुचित समयावधिको लागि मात्र प्रयोग गरिनेछ" भनी बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३७(ख) ले गरेको व्यवस्थालाई प्रस्तुत मुद्दामा मनन् गर्नु सान्दर्भिक हुन्छ । आरोपित कसूर गर्ने यी प्रतिवादीले करणी गर्दा पीडित पम्फा गुरूङ रून कराउन थालेकीले बीर्य स्खलन नहुँदै छोडी दिएको फकाई घरतर्फ पठाएको कुरा मिसिल संलग्न कागजातबाट देखिएको छ ।

पीडित हिडेरै घरमा पुगेकी छिन् । यस अवस्थामा प्रतिवादीको कसूरको मात्रा र उल्लिखित महासन्धिले गरेको व्यवस्थालाईसमेत विचार गर्दा मागदावीबमोजिम न्यूनतम् हदको सजाय हुनु मनासिव देखिन्छ । तसर्थ जवरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष कैद ठहर हुनेमा निज प्रतिवादी गणेश गुरूङको जन्म २०४८/३/५ मा भएको देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम ५ वर्ष कैद हुने ठहर्छ साथै करणी गरेको ठहरेकाले निज प्रतिवादीको अंशबाट पीडित पम्फा गुरूङले जवरजस्ती करणीको महलको १० नं. बमोजिम आधा अंश पाउने ठहर्छ । अरू तपसिलबमोजिम गर्नु ।

## तपसिल

प्रतिवादी गणेश गुरूङके माथि ईन्साफ खण्डमा मुलुकी ऐन, जवरजस्ती करणीको १ नं. विपरीत ऐ. ३(१) नं. बमोजिमको कसूर अपराधमा १० वर्ष कैद ठहर हुनेमा, निज नाबालक देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम ५ वर्ष कैद हुने ठहरी फैसला भएकाले कैदको हकमा निज प्रतिवादी गणेश गुरूङ मिति २०६३/२।/१ देखि प्रहरी हिरासत र यस अदालतका २०६३/३/७ का आदेशानुसार पुर्पक्षका लागि कारागार कार्यालय, रूपन्देही तथा कारागार कार्यालय, रूपन्देहीको मिति २०६३/५/२३ को च.नं. १३३ को पत्रले बाल सुधार गृह सानोठिमी, भक्तपुरमा रहेको देखिँदा हिरासतमा रहेको मिति २०६३/२/११ देखि लागू हुने गरी ५ वर्ष कैद लगत कसी नियमानुसारको कैदी पूर्जी बाल सुधार गृहमा पठाई दिनु……………………………………………………………………१

प्रतिवादी गणेश गुरूङके माथि ईन्साफ खण्डमा करणी गरेको ठहरी फैसला भएकाले निजको भागको अंश रोक्का राखी जवरजस्ती करणीको महलको १० नं. बमोजिम आधा अंश पीडित पम्फा गुरूङलाई कानूनबमोजिम दिलाई दिनु.......................................................................२

माथिको ईन्साफमा चित्त नबुझे सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ को म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत, बुटबलमा पुनरावेदन गर्नु होला भनी प्रतिवादी गणेश गुरूङ र जिल्ला सरकारी वकिल कार्यालयका नाउँमा पुनरावेदनको म्याद दिनु...................................................३

नक्कल माग्ने सरोकारवालालाई नियमानुसारको दस्तुर लिई नक्कल सारी सराई दिनु....................४

दायरीको लगत कट्टा गरी प्रस्तुत मुद्दाको सक्कल मिसिल अभिलेख फाँटमा बुझाई दिनु................५

.....................
जिल्ला न्यायाधीश

ईति सम्वत् २०६३ साल पौष १२ गते रोज ४ मा शुभम्..............................................।

**ललितपुर जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री कुमारप्रसाद पोखरेल**

**जाहेरी फैसला**

२०६३/६४ को स.वा.फौ.मि.नं. १५९

निर्णय नं. ३९६

**मुद्दा : कर्तव्य ज्यान।**

**वादीको नाम, थर, वतन**

खोमबहादुर घिमिरेको जाहेरीले नेपाल सरकार.....................................१

**प्रतिवादीको नाम, थर, वतन**

किशोर पोखरेल (नाम परिवर्तन) को छोरी ललितपुर जिल्ला, चापागाउँ गा.वि.स. बस्ने अनिता पोखरेल (नाम परिवर्तन) ................................१

**साक्षी**

१. पुष्पा थिङ

२. रामकृष्ण हुमागाईं

३. किरण खड्का

४. नकराज महत

५. कृष्णबहादुर खड्का

६. रामकाजी खड्का

७. भरत बस्नेत

८. सानु घिमिरे

९. खोमबहादुर घिमिरे

**साक्षी**

१. शंकरप्रसाद लामिछाने

२. कपिलदेव न्यौपाने

३. पुरूषोत्तम न्यौपाने

**अदालतबाट बुझेको**

साक्षी - डा. चन्द्रशोभा अमात्य

वैज्ञानिक - उद्धव बलामी

विशेष - अम्बिकाप्रसाद धिताल

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ.बं. २९ नं. समेतले यसै अदालतको क्षेत्राधिकार क्षेत्रभित्र परी दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त व्यहोरा यस प्रकार छ :-

मेरो छोरा वर्ष १६ को कृष्णप्रसाद घिमिरे ल.पु.जि., चापागाउँ गा.वि.स., वडा नं. ५ स्थित ज्ञानेन्द्रप्रसादको घरमा डेरा गरी ऐ. चापागाउँको कञ्चन मा.वि (बोडिङ्ग स्कुल) मा कक्षा १० मा अध्ययन गरिबसेको थियो । मिति २०६२/६/६ गते बेलुकी मेरो छोरो कृष्णकुमार घिमिरे डेरामा छट्पटाई रहेको, मलाई विष पऱ्यो कागती ल्याउ भनी कराएको, गोडाको तल्लो भागमा काटेको विष जान्छ भनी चिरेछ । सो कुरा घरधनीसमेतले स्कुलका पाले र सरहरूलाई खवर गरेपछि स्कुलका सरहरूले छोरालाई उपचारको लागि पाटन अस्पतालमा ल्याएको र मलाई गाँउमा खवर गरेकोमा म पाटन अस्पतालमा आउँदा छोरोको मृत्यु भइसकेको रहेछ । मेरो छोराले विष आफै खाएको वा खुवाएको सो सम्बन्धमा आवश्यक अनुसन्धान कारवाही गरिपाऊँ भन्ने व्यहोरासमेतको खोमबहादुर घिमिरेको जाहेरी दरखास्त ।

यसमा ललितपुर जिल्ला, चापागाउँ गा.वि.स., वडा नं. ५ प्याङ्गगाउँ स्थित पूर्वमा कञ्चन मा.वि., पश्चिममा बज्रबाराही रेन्च पोष्ट, उत्तरमा ज्ञानेन्द्रप्रसाद घिमिरेको गोठ, दक्षिणमा सार्वजनिक चौर । यति चार किल्लाभित्र रहेको ज्ञानेन्द्रप्रसाद घिमिरेको घर भएको, सो घरमा पहिलो तल्लामा कृष्णकुमार घिमिरेको कोठा रहेको, सो कोठाभित्र टिटेवुलमाथि स्टीलको गिलास भरी रहेको फिक्का चिया जस्तो देखिने तरल पदार्थ रहेको, कोठाको पलङ्ग नजिक स्टीलको गिलासमा चिया खाइसकेको चियापत्तिको छोक्रा फेला परेको, टेवुलमा रहेको एउटा कापीको पानामा रातो मसीको अक्षरले "मलाई अनिता पोखरेलले चियामा विष मिसाएर खुवाएर घर गएको" भन्ने लेखिएको कापी फेला परेकोले सोसमेत प्रहरीले उठाई वरामद गरी लगेको भन्ने व्यहोरासमेतको खानतलासी वरामदी मुचुल्का ।

यसमा ललितपुर जिल्ला, चापागाउँ गा.वि.स., वडा नं. ५ प्याङ्गगाउँ स्थित पूर्वमा कञ्चन मा.वि., पश्चिम बज्रवाराही रेन्च पोष्ट, उत्तरमा ज्ञानेन्द्रप्रसाद घिमिरेको गोठ, दक्षिणमा सार्वजनिक चौर । यति चार किल्लाभित्र रहेको ज्ञानेन्द्रप्रसाद घिमिरेको घर भएको, सो घरको पहिलो तलामा कृष्णकुमार घिमिरेको कोठा भइरहेको सो कोठाको उत्तर साइडमा पूर्व सिरानी, पश्चिम गोडा बनाई सुत्ने गरेको विस्तरासहितको पलङ्ग रहेको, कोठाको पूर्वतर्फ टिटेबुल र सोमाथि किताबसमेतको सामान रहेको सोही टेवुलमाथि स्टील गिलासमा फिक्का चिया जस्तो देखिने तरल पदार्थ गिलास भरी रहेको सो गिलास नजिकै कापीको पानामा रातो मसीको अक्षरले "मलाई अनिता पोखरेलले चियामा विष मिसाएर खुवाएको र घर गएको" भन्ने लेखिएको कापी फेला परेको भान्छाको सामान रहेको ठाउँमा चिया खाइसकेको चियापत्ति र केही तरल पदार्थ गिलासको पिँधमा रहेको भन्ने व्यहोरासहितको घटनास्थल मुचुल्का ।

मृतक कृष्णकुमार घिमिरेको कपाल कालो भएको, हल्का कपाल तान्दा नआउँने, आँखा दुवै अर्ध खुल्ला रहेको, मुख खुल्ला रहेको मृतकको शरीरमा घाउ चोटपटक निलडाम नभएको, दुवै खुट्टाको पैतालाको भागमा रगत लागेको, दाहिने खुट्टाको कान्छी औलामा थोरै काटिएको घाउ भएको, मृतकको हात खुट्टाको नङहरू निलो, पहेलो देखिएको पाइएको भन्ने व्यहोरासमेतको कृष्णकुमार घिमिरेको लाश जाँज मुचुल्का ।

मेरो छोरा वर्ष १६ को कृष्णप्रसाद घिमिरे ल.पु.जि., चापागाउँ गा.वि.स., वडा नं. ५ स्थित ज्ञानेन्द्रप्रसाद घिमिरेको घरमा डेरा गरी ऐ. चापागाउँको कञ्चन मा.वि. (बोडिङ्ग स्कुल) मा कक्षा १० अध्ययन गरिबसेको थियो । मिति २०६२/६/६ गते दिउँसो स्कुलमा कक्षा १० मा पढ्ने अनिता पोखरेल मेरो छोरा कक्षा १० मानै पढ्ने सुभाष घिमिरेलाई पनि मार्छु, म पनि मर्छु भनी धम्काई सोही ६ गते बेलुका मेरो छोरो कृष्णकुमार घिमिरे डेरामा कपडा धोई कोठामा आई कोठा खोली निजसँग नबोली कोठामा गएकोमा निज अनिता पनि छोरासँगै कोठामा गएकी त्यसको ५, ७ मिनेटपछि मेरो छोराले कागती छ भनी आफूसँगै पढ्ने रामचन्द्र घिमिरेसँग मागेकोमा कागती नपाएपछि दुई ओटा चिया खाने गिलास लिई कोठामा गएको त्यसको ४, ५ मिनेटपछि कागती माग्न आउँदा अनिता कोठामा नभएको, त्यसको ४, ५ मिनेटपछि छोराले मलाई विष पर्‍यो भनी कागती मागेको र निजलाई तत्काल त्यहाँ भएको मानिसहरूसमेत भई उपचारको लागि पाटन अस्पतालमा ल्याएको थाहा भएको हुँदा मेरो छोरालाई विष मिसाई खुवाई कर्तव्य गरी मार्ने निज अनिता पोखरेलउपर कानूनी कारवाही गरिपाऊँ भन्ने व्यहोरासमेतको खोमबहादुर घिमिरेको जाहेरी दरखास्त ।

ललितपुर जिल्ला, लेले गा.वि.स., वडा नं. ८ घर भई ऐ चापागाउँस्थित कञ्चन मा.वि.मा अध्ययनरत वर्ष १६ को कृष्णकुमार घिमिरेलाई ऐ. चापागाउँ गा.वि.स., वडा नं. ६ टाखेल बस्ने ऐ. स्कुलमा कक्षा १० मा अध्ययनरत अनिता पोखरेलले मिति २०६२/६/६ गते साँझ विष चियामा मिलाई खुवाई मारेको भन्ने सम्बन्धमा पीडित बाबु खोमबहादुर घिमिरेले यस कार्यालयमा दरखास्त गरी आवश्यक अनुसन्धान भइरहेकोनै छ । उक्त घटना सम्बन्धमा सुक्ष्म रूपले अनुसन्धान गरी दोषीउपर कारवाही गरिपाऊँ भन्ने व्यहोरासमेतको गम्भीरबहादुर राणासहित ६१ जनाको पर्न आएको संयुक्त निवेदन ।

अनुसन्धानकै सिलसिलामा मृतक कृष्णकुमार घिमिरे बस्ने गर्दै आएको डेरा कोठामा फेला परेको फिक्का चिया जस्तो देखिने तरल पदार्थ, गिलास, गिलासको पिँधमा रहेको चियापत्ति जस्तो देखिने वस्तुसहितको तरल पदार्थ, स्टील गिलाससमेत परीक्षण गर्दा किटनाशकहरू (अर्ग्यानोफोस्फोरस, अर्ग्यानोक्लोरिन, पाइथोइड तथा कार्बामेट), फ्युमिगेन्ट र मुसा मार्ने विषादी पाउन सकिएन भन्ने व्यहोरासमेतको केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशाला, काठमाडौंबाट प्राप्त हुन आएको परीक्षण प्रतिवेदन ।

मिति २०६२/६/६ गतेको दिनमा हामी स्कुलमा रहेको अवस्थामा हामीसँग अध्ययनरत अनिता पोखरेले मलाई बोलाएकीले निज भएको ठाउँमा जाँदा निजले साथी कृष्णकुमार घिमिरेलाई बोलाउ भनेकीले मैले बोलाई निज भएको ठाउँमा लगे, तिमीले के मेरो बेइज्जत गर्न खोजेको, मेरो अटो डायरीको कसलाई देखाएको थियौं भनी धम्काएकी थिइन्, कृष्णकुमार घिमिरेले मैले डायरी कसैलाई पनि पढ्न दिएको छैन भनेकोले त्यसो भए मेरो फोटो ल्याउ भनेपछि कृष्णकुमारले फोटो सम्झनाको लागि पनि हुन्छ म दिन्न भने । त्यसपछि तिमी दुवैलाई पनि मार्छु र म पनि मर्छु भनी धम्काई गएकी थिइन, सोही दिन बेलुकी कुष्णकुमार घिमिरेको विष सेवनबाट मृत्यु भएकोले निज अनिता पोखरेलले नै चियामा विष मिसाई खुवाई

कर्तव्य गरी मारेकोमा विश्वास लाग्दछ भन्ने व्यहोरासमेतको अनुसन्धानको क्रममा बुझिएका सुभाष घिमिरेले गरेको घटना विवरण कागज ।

मिति २०६२/६/६ गते बेलुकी अन्दाजी १८:२० बजेको समयमा म दुध दोएर बाल्टीनमा राखी घरतर्फ गइरहेको अवस्थामा अनिता पोखरेल आई कृष्णकुमार घिमिरे खोई दाई भनी सोधेकीले मैले कपडा धुन गएको छ भनी बताएँ, निजले चावी तपाईसँग छ भनी सोधेको मैले छैन भने । सोही ठाउँमा बसिरहेकी थिइन्, रामचन्द्र र कृष्णकुमार घिमिरे कपडा धोएर कोठामा आएपछि रामचन्द्र कपडा सुकाउन गएँ, कृष्णले चावी खोली कोठाभित्र अनिता र कृष्णसँगसँगै कोठामा गएको र भित्रबाट चुक्कुलसमेत लगाएका थिए । केही समयपछि रामचन्द्रको कोठामा कृष्ण कागती माग्न आएका थिए । म त्यस बेला रामचन्द्रकै कोठामा बसिरहेको थिए । त्यसको केही समयपछि पुनः दुई ओटा गिलास माग्न आएर लिएर गए । त्यसपछि म आफ्नो कोठामा गई टि.भि. मा समाचार हेरी बसिरहेको थिए । त्यसको केही समयपछि रामचन्द्र चिच्याउँदै कृष्णकुमारलाई के भयो ठूलो बा भनेपछि म तत्काल कृष्णको कोठामा आए । पुष्पा थिङले कृष्णलाई कागती खुवाउँदै रहिछ । के भो भनी सोध्दा चियामा विष राखी दिई अनिता गइछन् भनेपछि मसमेत भई गाडी खोजी गरी तत्काल उपचारको लागि पाटन अस्पताल ल्याउँदा निजको मृत्यु भएकोले निज कृष्णकुमार घिमिरेलाई निज अनिता पोखरेलले चियामा विष राखी खान दिई कतर्व्य गरी मारेको हो भन्ने व्यहोरासमेतको अनुसन्धानको क्रममा बुझिएका ज्ञानेन्द्रप्रसाद घिमिरेले गरेको घटना विवरण कागज ।

मिति २०६२/६/६ गते स्कुलबाट आएपछि कृष्णकुमार घिमिरे र म भई कपडा धुन गएकोमा कपडा धुने क्रममा मलाई साथी कृष्णकुमारले म आज धेरै खुसी छु । किनभने मेरो जग्गा पनि पास भयो, अनिता पोखरेलसँग विछोड भयो । त्यसैले आज मेरो कोठामा बसी खाना खाने भनी भनेको र कपडा धोई सकेपछि हामी कोठामा आउँदा अनिता आइरहेकी रहेछिन् म कपडा सुकाउन गए, कृष्णकुमारले कोठा खोलेपछि अनिता र कृष्ण कोठाभित्र पसी ढोका लगाएको थिए । म कपडा सुकाई कोठामा आई घरबेटि ठूलोबासँग कुराकानी गरिरहेको अवस्थामा कृष्णकुमार कागती माग्न आएकोले मैले छैन भनी पठाई दिए, त्यसपछि फेरि गिलास माग्न आएकोले दुईवटा गिलास दिएर पठाए । फेरि पनि चियामा राखी खानको लागि भनी कागती माग्न आएँ, कोठामा आफैले खोजे, फेला नपरेपछि फर्की गएँ । त्यसको ३, ४ मिनेटपछि अनिता पोखरेल कृष्णको कोठाबाट निस्किएर गएपछि कृष्णकुमारले ढोकामा आई तिमी पसलमा जाने भए कागती ल्याई दिनु भनेकोले म विस्तारै पसलतर्फ गएकोमा पुष्पा थिङ हतारले पसलमा पुगी कागती किनी मलाई छिटो आउँ भनी फर्किइन । म विस्तारै कोठामा आउँदा टिटेवुलमाथि रहेको कापी हेर्न लाग्दा कृष्णकुमार घिमिरेले मलाई विष पऱ्यो छिटो अस्पताल लैजाउ भनेकोले तत्काल मसमेत भई उपचारको लागि अस्पताल ल्याउँदा निजको मृत्यु भएको हो । निज कृष्णकुमार घिमिरेलाई अनिता पोखरेलले नै विष चियामा मिसाई खान दिई कतर्व्य गरी मारेको हो भन्ने व्यहोरासमेतको अनुसन्धानको क्रममा बुझिएको रामचन्द्र घिमिरेले गरेको घटना विवरण कागज ।

मिति २०६२/६/६ गते म कोठाबाट बाहिर निस्की बसिरहेको अवस्थामा कृष्णकुमार घिमिरेको कोठाबाट अनिता पोखरेल निस्की गएकी थिइन । त्यसको केही समयपछि कृष्णकुमार कोठाबाट निस्किएर मलाई विष पर्‍यो, मलाई कागती ल्याई दिनु भनेकोले म तत्काल पसलमा गई कागती किनी रामचन्द्रलाई पनि बोलाई कृष्णको कोठामा आउँदा निज कृष्ण सुतिरहेको रहेछ त्यहाँ पुग्नासाथ टेवुलमाथि "मलाई अनिता पोखरेलले चियामा विष मिलाई खुवाएको" भनी लेखी सहीसमेत गरी छट्पटाइरहेको अवस्था मैले किनी लगेको कागतीसमेत काट्न नपाउँदै हातबाटनै लिई सिङ्गै मुखमा हाली चपाएर रस निलेका थिए । त्यसपछि निजलाई उपचारको लागि अस्पताल ल्याएकोमा निजको मृत्यु भएको हो । निज कृष्णकुमार घिमिरेलाई अनिता पोखरेलले चियामा विष मिसाई खान दिई कर्तव्य गरी मारेको हो भन्ने व्यहोरासमेतको अनुसन्धानको क्रममा बुझिएको पुष्पा थिङले गरेको घटना विवरण कागज ।

अनुसन्धानको सिलसिलामा मृतक कृष्णकुमार घिमिरेको डेरा फेला परेको "मलाई अनिता पोखरेलले चियामा विष मिसाएर खुवाएको र घर गएको" भन्ने लिखत र मृतक कृष्णकुमार घिमिरेले अघिपछि लेख्ने गरेको हस्तलिपिसँग मेल खाएको हुँदा उक्त फेला परेको लिखत कृष्णकुमार घिमिरेले लेखेको हो भन्ने व्यहोरासमेतको केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशाला काठमाडौंबाट प्राप्त भएको परीक्षण प्रतिवेदन ।

कृष्णकुमार घिमिरेको पेटको भाग च्यातिएको (फुटेको) अन्य विवरणको लागि भिषेरा परीक्षणपश्चात् मात्र मृत्युको कारण खुल्न सक्ने भन्ने व्यहोरासमेत पाटन अस्पतालबाट प्राप्त भएको शव परीक्षण प्रतिवेदन ।

मृतक कृष्णकुमार घिमिरेको भिषेरा नमुनाहरूमा किटनाशकहरू (अर्ग्यानोफोस्फोरस, अर्ग्यानक्लेरिन, पाइरेगोइड तथा कार्वामेट) फ्युमिगेन्ट र मुसा मार्ने विषादी पाउन सकिएन भन्ने व्यहोरासमेतको केन्द्रीय वैज्ञानिक प्रयोगशाला काठमाडौंबाट प्राप्त भएको परीक्षण प्रतिवेदन ।

मृतक कृष्णकुमार घिमिरे र म एउटै स्कुलमा कक्षा ९ मा अध्ययन रहेको हुँदा निज र मेरो बीचमा माया प्रेम रहेको थियो । यस्तैमा मिति २०६२/६/६ गते बेलुका कृष्णकुमारले मलाई बोलाएकोले म स्कुलबाट घरमा गई कपडा बदली कृष्णकुमारको कोठामा जाँदा निज कोठामा नभई कपडा धुन गएको रहेछ । म त्यहाँ केही समय बसेपछि कृष्णकुमार आई कोठाको ढोका खोलेपछि हामी दुवै जना कोठामा गयौं । कोठाभित्र गई बसेपछि किन मलाई बोलाएको भनी सोध्दा निजले मलाई यस पाली विवाह गर्नको लागि दवाव दिइरहेका छन् यस पालि विवाह गर्नु पर्छ भनेको । मैले अहिले हाम्रो विवाह गर्ने समय भएको छैन, हाम्रो जातित्व पनि मिल्दैन, इन्टरकाष्ट त्यसमाथि पनि अहिले कलिलै उमेर छ, पछि हाम्रो उमेर पुगेपछि म विचार गरूँला भन्दा निज कृष्णकुमारले हुँदैन तिमी र म कि विवाह गर्ने कि विष खाएर दुवैसँगसगै मर्ने भनेकोले त्यसको जवाफ केही नदिई म चुप लागी बसेकोमा निजले विष सेवन गर्नको लागि स्वीकृत पाएको भन्ने सोचेछन् । त्यसपछि हामी दुवै जना मिलि चिया बनायौं, कृष्णले चियामा निजले लगी राखेको विष निकाली मिलाएपछि मैले एक घुट्का खाँदा तितो भएकोले र घरमा केही पनि नभनेको मलाई मर्नदेखि

डर लागेको हुँदा मैले खाइन । निजले २, ३ पटक खाए । मैले तिमी पनि नखाउ भनी मेरो गिलासको विष मिसाएको चिया पनि निजको गिलासमा खनाई दिई त्यहाँबाट आफ्नो घरमा गएकोमा म लडेपछि आमाले के भयो भनी सोध्दा मैले विष खाएको भनेपछि मलाई तत्काल उपचारार्थ पाटन अस्पतालमा ल्याएकोले म बच्न सफल भएको हुँ भने निज कृष्णकुमार घिमिरेको सोही विष सेवन गरेको कारण उपचारार्थ अस्पताल ल्याउने क्रममानै मृत्यु भएको हो । कृष्णकुमार घिमिरेलाई चियामा विष मिसाई दिई मारेकी होइन भन्ने व्यहोरासमेतको पक्राउमा परेको प्रतिवादी अनिता पोखरेलले गरेको बयान कागज ।

मिति २०६२/६/६ गते साँझ मेरो छोरी अनिता पोखरेल साथी भएको ठाउँमा गई कापी लिएर आउँछु भनी गएकोमा नआएपछि छोरीको खोजी गरिरहेको थिए । मेरो घरबाट ५ मिनेटको दुरीमा छोरीलाई फेला पारेपछि राती कहाँ गएकी भनी निजको हात समाती दुई थप्पड हिर्काई हातमा समाती घरमा ल्याएकोमा निजले विष सेवन गरेको कुरा बताई किन कुन ठाउँमा विष खाएको भनी सोध्दा निज बेहोस भइसकेकोले निजलाई उपचारको लागि पाटन अस्पताल ल्याएकोमा उपचारपश्चात् ठीक भएकी हो । भोलिपल्ट कृष्णकुमार घिमिरेको विष सेवनबाट मृत्यु भएको भन्ने सुनी थाहा पाएको हो । सुनेअनुसार कृष्णकुमार घिमिरे र मेरो छोरी अनिता पोखरेलले सँगै विष सेवन गरेकोमा कृष्णकुमार घिमिरेको मृत्यु भएको रहेछ भन्ने व्यहोरासमेतको अनुसन्धानको क्रममा बुझिएको जयन्ती पोखरेलले गरेको घटना विवरण कागज ।

मिति २०६२/६/६ गते बेलुका अनिता पोखरेल, कृष्णकुमार घिमिरेको कोठामा आई चियामा विष मिसाई खान दिएकी र सोही विष सेवन गरेको कारण कृष्णकुमार घिमिरेलाई उपचारको लागि अस्पताल लैजाने क्रममा मृत्यु भएको कुरापछि थाहा पाएको हुँदा निज अनिता पोखरेलले चियामा विष मिलाई खान दिएकै कारण निजको मृत्यु भएकोमा विश्वास लागेकोले निज अनिता पोखरेलउपर कानूनी कारवाही गरिपाऊँ भन्ने व्यहोरासमेतका प्राय एक मिलानमा अनुसन्धानको क्रममा वुझिएका कृष्णप्रसाद दुलाल, केदारनाथ न्यौपाने र कृष्णप्रसाद घिमिरेले आ-आफ्नो दफादफामा खुलाई लिएको घटना विवरण कागज ।

मिति २०६२/६/६ बेलुका अनिता पोखरेल कृष्णकुमार घिमिरेको कोठामा गई कृष्णकुमार घिमिरेको चियामा विषादी पदार्थ राखी कृष्णकुमार घिमिरेलाई सोही विषादी पदार्थ राखेको चिया खुवाई सोही विषको कारणबाट बेहोस भएका कृष्णकुमार घिमिरेलाई उपचारको लागि अस्पताल लैजाने क्रममा सोही विषको कारण मृत्यु भएको हो । उक्त घटनामा अन्य कुनैको संलग्नता नभएको हुँदा विष खुवाई मार्ने निज अनिता पोखरेलउपर कानूनी कारवाही गरिपाऊँ भन्ने व्यहोरासमेतको प्रायः एकै मिलानमा अनुसन्धानको क्रममा घट्नासम्बन्धी बुझिएका तेजनाथ सञ्जेल, शिवराज सञ्जेल, रामकृष्ण हुमागाईं र बालकृष्ण खड्काले आ-आफ्नो दफा-दफामा खुलाई गरी दिएको घटना विवरण कागज ।

प्रतिवादी अनिता पोखरेलले कुकुरलाई मार्ने विष खुवाई कृष्णकुमार घिमिरेलाई मारेकोमा विश्वास लाग्दछ, निज प्रतिवादीको आमा ५, ६ महिना अगाडिसमेत नङकरप्रसाद दुलालको कुकुरलाईसमेत विष खुवाई मारेको हो भन्ने व्यहोरासमेतको नङकरप्रसाद दुलाल, कृष्णप्रसाद दुलालले गरेको घटना विवरण कागज ।

२०६२/६/६ गते प्रतिवादी अनिता पोखरेलले आफू अध्ययनरत रहेको स्कुलका सुभाष घिमिरे र कृष्णकुमार घिमिरेसँग अटो डायरीको विषयमा लिई वादविवाद गर्दा दुवैलाई मारी आफू पनि मर्ने भनी धम्काएको र सोही साँझ १८:३० बजेको समयमा ल.पु.जि., चापागाउँ गा.वि.स., वडा नं. ५ प्याङ्गगाउँस्थित रहेको कृष्णकुमार घिमिरेको कोठामा गई कोठामा बसी दुवैले चिया बनाई कृष्णकुमार घिमिरेलाई चियामा विष मिसाई खान दिई कर्तव्य गरी मारी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(२) नं. बमोजिम कसूर गरेको देखिँदा निज प्रतिवादी अनिता पोखरेललाई सोही ऐनको ज्यानसम्बन्धी महलको १३(२) नं.अनुसार हुने सजाय हुन मागदावी लिई दायर भएको अभियोगपत्र ।

मृतक कृष्णकुमार घिमिरेलाई मैले विष खुवाई मारेको हैन । हामी दुवैको सहमतिमा खाएकोमा निजको मृत्यु भयो । विष निज कृष्णकुमार घिमिरेलेनै ल्याएको थिए । निजलेनै चियामा मिसाएका हुन् । मेरो कसैसँग पनि वादविवाद नभएको र मैले कसैलाई मार्ने धम्की दिएको थिइन । खानतलासी मुचुल्कामा उल्लिखित कापीको पानामा रातो मसीले लेखिएको मलाई अनिता पोखरेलले चियामा विष मिसाएर खुवाएको र घर गएको भन्ने लेखिएको निजको हस्ताक्षर मलाई होइन जस्तो लाग्छ । तर सोको मुनि भएको सहीछाप निज कृष्णकुमार घिमिरेको हो जस्तो लाग्छ । अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान मैले भनेबमोजिम लेखिएको हो र सहीछापसमेत मेरो हो । मैले विष खुवाई कृष्णकुमार घिमिरेलाई मारेको हैन । घटनास्थल बुझिएका मानिसले किन त्यस्तो कागज लेखाई दिए मलाई थाहा छैन । म बेकसूर भएकोले अभियोग दावीबाट मैले सफाई पाउनु पर्दछ भन्ने व्यहोरासमेतको प्रतिवादी अनिता पोखरेलले यस अदालतमा गरेको बयान ।

तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी अनिता पोखरेल कसूरदार होइन रहेछन् भन्ने अवस्था विद्यामान नभएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई अ.बं. ११८ को देहाय २ नं. बमोजिम सम्बन्धित कारागार शाखामा थुनामा राख्नु पर्नेमा अधिकारप्राप्त अधिकारी र यस अदालतमा बयान गर्दासमेत प्रतिवादीले आफ्नो उमेर १५ वर्ष उल्लेख गरेको र प्रतिवादीका कानून व्यवसायीले प्रतिवादी अनिता पोखरेलको जिल्ला स्तरीय परीक्षा बोर्ड ललितपुरको सर्टीफिकेटको प्रतिलिपि पेश गरेको र सोमा निज प्रतिवादीको जन्म वि.सं. २०४६/१०/१२ भनी उल्लेख भएको देखिएको हुँदा प्रतिवादी नाबालिका देखिएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ बमोजिम बाल सुधार गृहमा पठाउने गरी यस अदालतबाट भएको आदेशानुसार निज प्रतिवादी अनिता पोखरेल बाल सुधार गृहमा पठाइने गरी यस अदालतबाट भएको आदेशानुसार निज प्रतिवादी अनिता पोखरेल बाल सुधार गृह, सानो ठिमी, भक्तपुर रही मुद्दा पुपर्क्ष गरी आएकी रहिछिन् ।

कृष्णकुमार घिमिरेले मलाई विष पर्‍यो कागती ल्याई दिनु पर्‍यो भने र म कागती लिन गए । कागती लिन जाँदा रामचन्द्रलाई पसलमा भेटे । रामचन्द्रलाई छिटो आउँ भने आफूचाहि कागती लिएर दौड्दै आएँ । त्यसपछि कृष्णकुमारले आफ्नो कापीको पानामा अनिता पोखरेलले मलाई चियामा विष हाली दिएको भनी

लेखेको रहेछ । कागती काटेर दिन्छु भन्दा मैले काट्न र दिन पनि भ्याइन । सिङ्गै चपाएपछि रामचन्द्रले कागती ल्याई दिए । सो पनि सिङ्गै चपाए । त्यसपछि छट्पटिदै लुगा धुने साबुन पनि चपाए र पछि मलाई धेरै गाह्रो भयो अस्पताल लगिदेउ भने त्यसपछि घरपति ज्ञानेन्द्र दाइ अन्य रामचन्द्र घिमिरे, स्कुलका पाले दाइसमेत भई अस्पताल लगेको हो । प्रहरीमा गरेको कागजको व्यहोरा सहीछापसमेत मेरो हो भन्नेसमेत व्यहोराको प्रहरीमा कागज गर्ने पुष्पा थिङले यस अदालतमा गरेको बकपत्र ।

अनिता पोखरेल र मृतक घिमिरे एउटै कक्षामा पढ्थे । अनिताले चाहीँ कृष्णसँग विवाह गर्न खोजेको वा प्रेम गर्न खोजेको कृष्णले पढाईको कारणले गर्दा अनितासँग प्रेम गर्न ईन्कार गरेको कारण अनिताले आवेशमा आएर चियामा विषादी प्रयोग गरी हत्या गरेको हुनु पर्दछ । प्रहरीमा भएको कागज र सोमा लागेको सहीछापसमेत मेरो हो भन्नेसमेत व्यहोराको बुझिएका मानिस रामकृष्ण हुमागाईले यस अदालतमा गरेको बकपत्र ।

मृतक कृष्णकुमार घिमिरेले मलाई अनिता पोखरेलले चियामा विष राखी खुवाई भागी भनी लेखी कृष्णकुमार घिमिरेले सही गरेको चिट्ठी जिल्ला प्रहरी कार्यालय, ललितपुरमा देखेको हो । कृष्ण मेरो साथी हो । उ सोझो, कहिल्यै केटीको कुरा गर्ने, सँगै हिड्ने आदि गर्दैनथ्यो । मिति २०६२/६/६ गते बेलुका उक्त घटना घटेको थियो । उक्त दिन अनिता पोखरेल कृष्णकुमार घिमिरेको कोठामा आई बसेकी र चिया खाउँ भनी चिया पकाई कृष्णकुमार घिमिरेलाई कागती लिन पठाई कृष्णकुमार घिमिरेको चियामा विष राखी आफ्नो चिया गिलासमा विष नराखी चिया खुवाई गएकी हुन् । सोही कारणले निजको मृत्यु भएको हो । प्रहरीमा भएको कागजमा लेखिएको व्यहोरा र सोमा भएको सहीछापसमेत मेरो हो भन्नेसमेत व्यहोराको किरण खड्काले यस अदालतमा गरेको बकपत्र ।

अनिता पोखरेलले कृष्णकुमार घिमिरेलाई विष सेवन गराएकोले निज कृष्णलाई अस्पताल उपचारको लागि लगिएको निजको मृत्यु भइसकेको रहेछ । छोराको मृत्यु भएपछि निजको बुवा खोमबहादुर घिमिरेलाई फोन गरेपछि उनीहरू अस्पताल गइसकेपछि खोमबहादुरले मलाई पनि फोन गरी बोलाएपछि म अस्पताल गए । डाक्टरलाई मैले हाम्रो बिरामीको के कारणले मृत्यु भएको हो भनी सोध्दा विष सेवनको कारणबाट मृत्यु भएको हो भनी जानकारी दिए । घटना भइसकेपछि अरूले भनेअनुसार अनिता पोखरेलले कृष्णकुमार घिमिरेलाई विष सेवन गराई मारेको हो । घटनास्थल मुचुल्काको कागजमा लागेको सहीछाप मेरो हो भन्नेसमेत व्यहोराको प्रायः एकै मिलानमा आ-आफ्नो बकपत्रमा लेखाई दिएको कृष्णबहादुर खड्का र नवराज महतसमेतले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६२/६/७ गते पाटन अस्पतालमा सुरक्षाकर्मीले लास बुझ्नुस भनी अनिता पोखरेलले विष खुवाई घर गई भनी लेखिएको एउटा निजकै हस्ताक्षर भएको कापी देखाई विष सेवनबाट कृष्णकुमार घिमिरेको मृत्यु भएको हो भनी आधार प्रमाणहरू देखाएपछि हामीले लास बुझेको हो अन्य कुरा थाहा छैन । लास जाँच मुचुल्कामा लागेको सहीछाप मेरो हो भन्ने व्यहोरासमेतको रामकाजी खड्काले यस अदालतमा गरेको बकपत्र ।

उनीहरूको मनासय के थियो थाहा भएन । कृष्णकुमार घिमिरे ज्ञानेन्द्र घिमिरेको घरमा डेरा कोठा लिई बसेको र उक्त दिन अनिता पोखरेल आई विष खुवाएकी हुन् । कृष्णकुमार घिमिरेको घर र मेरो घरसँगै हो । कृष्णकुमार घिमिरेलाई अस्पताल लैजादालैजादै बाटोमा मृत्यु भएको भनी फोन आएपछि हामी राति आयौं । केटो अति सोझो थियो । भोलिपल्ट सबैले भनेपछि हामी पुग्दा उक्त जानकारी पायौं । घटना विवरण कागज मेरो रोहवरमा भएको हो र सोमा लागेको सहीछापसमेत मेरो हो भन्नेसमेत व्यहोराको भरत बस्नेतले यस अदालतमा गरेको बकपत्र ।

अनिता पोखरेलले कृष्णकुमार घिमिरेलाई विष खुवाएको र सो कारणबाट निजको मृत्यु भएको भन्ने कुरा सुनेको हो । म पहिल्यै ललितपुर पाटनमा बस्थें । पुलिसले लाश मुचुल्कामा भनेकोले मात्र थाहा पाएको हो । दुईजना मध्ये कृष्णकुमार घिमिरेको मात्र मृत्यु भएको छ । अनिता पोखरेलको मृत्यु भएको छैन । घटनास्थल मुचुल्कामा भएको सहीछाप मेरो हो भन्नेसमेत व्यहोराको सानु घिमिरेले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६२।६।७ को जाहेरी दरखास्त, मिति २०६२/६/७ को लास जाँच मुचुल्का र मिति २०६२/६/९ को किटानी जाहेरी दरखास्तसमेतको व्यहोरा सत्य तथा ठीक साँचो हो, किनकी मेरो छोराले चिट्ठी लेखेको आधारबाट पनि प्रष्ट हुन्छ । साथै उक्त कागजहरूमा भएको सहीछापसमेत मेरो हो भन्नेसमेत व्यहोराको जाहेरवाला खोमबहादुर घिमिरेले यस अदालतमा गरेको बकपत्र ।

पोष्टमार्टम रिर्पोटमा लेखिएको कुरा ठीक साँचो हो । मृतकको पेट फुटेको छ । पेटभित्र ट्याब्लेट पनि भेटिएको थियो । सो धेरै सेवन भएबाट पेट फुटेको हुन सक्छ । पेटमा पहिलेदेखि अल्सर भएर खान पोइजन, कोरोसिया पोइजन भएर, पेटमा धेरै एसिडको निर्माण गर्ने खानेकुरा सेवन भएमा पनि त्यस्तो हुन सक्छ । ओभर डिस्टेन्सन भएर पनि हुन सक्छ भन्नेसमेत व्यहोराको शव परीक्षण गर्ने डा. चन्द्र शोभा अमात्यले यस अदालतमा गरेको बकपत्र ।

परीक्षण थिन लिएर क्रोम्याले ग्राफी प्रविधिबाट परीक्षण गरेको हो तर पछि थप नमुना र विवरणको आधारमा परीक्षण गरी पठाइएको हो । उक्त परीक्षण प्रतिवेदनमा उल्लिखित व्यहोरा सत्य साँचो हो भन्नेसमेत व्यहोराको विषादी परीक्षण गर्ने वैज्ञानिक प्रहरी निरीक्षक उद्धव बलामीले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६२/६/१६ गतेको प्रतिवेदन मसमेतबाट विभिन्न वैज्ञानिक उपकरणको मद्दतले कम्प्यारीजन म्याथडबाट परीक्षण गरी प्रतिवेदन प्रस्तुत गरी पठाइएको हो । मिति २०६२/६/१४ को हस्ताक्षर परीक्षण प्रतिवेदनको व्यहोरा सत्य हो र सोमा भएको सहीसमेत मेरो हो भन्नेसमेत व्यहोराको हस्ताक्षर परीक्षण गर्ने विशेषज्ञ अम्विकाप्रसाद धितालले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादी अनिता पोखरेल पढ्ने विद्यार्थी भएको र निजले त्यस्तो खराब काम गर्ने जस्तो लाग्दैन । निजको बानी व्यहोरा आचारण राम्रो थियो । त्यसैले अनिता पोखरेलले मृतक कृष्णकुमारलाई विष खुवाउने कारण पनि थिएन र निजले खुवाएको भन्ने कुरामा मलाई विस्वास लाग्दैन । मृतक कृष्णकुमार र प्रतिवादी अनिता कन्चन मा.वि. मा सँगसँगै पढ्ने विद्यार्थी भएको । निजहरू बीच सामान्य प्रेम बसेको भन्ने कुरा सुनेको हो अन्य कुरा मलाई थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादी अनिता पोखरेलको साक्षी शंकरप्रसाद लामिछानेले यस अदालतमा गरेको बकपत्र ।

अनिता पोखरेल मेरो छिमेकी भएको हुनाले निजलाई मैले सानैमा चिनेको, निजको र मेरो घर तल्लो र उपल्लो घर हुँदा निजको बानी व्यहोरामा त्यस्तो खराव बानी नभएको र निज लगनशील र पढाईमा ट्यालेन्ट भएको हुँदा निजले त्यस्तो विष सेवन गराउने कार्य तथा अपराध गर्छिन् तथा गरे जस्तो लाग्दैन । निज प्रतिवादीले मृतक कृष्णकुमार घिमिरेलाई विष सेवन गराई मार्नु पर्ने कुनै कारणसमेत नभएको र निजले त्यस्तो अपराध नगरेको हुँदा अपराधनै नगरेको मानिसलाई सजाय हुनु पर्ने होइन । निजले अभियोग दावीबाट सफाई पाउनु पर्दछ । निज मृतक र प्रतिवादी बीच घटना घट्नु अघि कुनै वादविवाद भएको मैले थाहा पाएको छैन । मृतकको पिताले आफ्नो छोराको मृत्यु भएको कारणले सो कुरा उल्लेख गरेका होलान्, तर अन्य घटनास्थलमा बुझिएका मानिसले आफ्नो जातिगत तथा रिसइवीका कारण त्यस्तो भनेका हुन् । तर मलाई निजले विष खुवाई भन्ने कुरामा विश्वास लाग्दैन भन्नेसमेत व्यहोराको प्रतिवादी अनिता पोखरेलको साक्षी कपिलदेव न्यौपानेले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६२/६/६ गते विहीवारका दिन बेलुकी लगभग ८:०० बजेतिर पसलमा गई म फर्कि आउँदा, घरमा आइपुग्दा निजको अनिता पोखरेलको घरमा रूवावासी चलेको सुनी केटाकेटी रोएका होलान् भनी भित्र छिर्न लाग्दा दुईचार जनाकै रूवावासी सुनेकोले के भएछ भनी हेर्न जान लाग्दा सोही घरमा दाई गोविन्दहरि पोखरेलले मलाई छिटो आइज भनी बोलाउनु भयो । जादा निज अनिता पोखरेललाई बोकेर तल ल्याउन लाग्नु भएको थियो । के भयो भन्दा विष खाई भनेको सुनेपछि कपिल दाइको घरमा बोलाउन गए । त्यसपछि त्यहीबाट बज्रवाराही हेल्थपोष्टमा फोन गरी एम्बुलेन्स बोलाई त्यहाँबाट पाटन अस्पताल ल्यायौं । त्यहाँ आएपछि केही वेरपछि दुवैजनाले विष खाएको भन्ने थाहा पाइयो । अनिता पोखरेलको बानी व्यहोरा चालचलन हेर्दा उसले विष खुवाउनु पर्ने कारण देखिँदैन । उसले पनि दुवै जनाको सहमतिमा खाएको हो भन्ने सुनेको हो । दुईचार दिन अगाडि घरमा आइमाईहरूबाट उनीहरू बीच प्रेम सम्बन्ध भएको कुरा थाहा थियो । त्यस विषयलाई लिएर घरमा विवाद पनि भएको थियो । त्यसभन्दा पहिले केटाकेटीको बीचमा झैझगडा भएको थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादी अनिता पोखरेलको साक्षी पुरूषोत्तम न्यौपानेले यस अदालतमा गरेको बकपत्र ।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गर्दा मिति २०६२/६/६ गते प्रतिवादी अनिता पोखरेलले आफू अध्ययनरत रहेको

स्कुलका सुभाष घिमिरे र कृष्णकुमार घिमिरेसँग अटो डायरीको विषयलाई लिई वादविवाद गर्दा दुवैलाई मारी आफू पनि मर्ने भनी धम्काएको र सोही साँझ १८:३० बजेको समयमा ल.पु.जि., चापागाउँ गा.वि.स., वडा नं. ५ प्याङ्गगाउँस्थित रहेको कृष्णकुमार घिमिरेको कोठामा गई बसी दुवैले चिया बनाई कृष्णकुमार घिमिरेलाई चियामा विष मिसाई खान दिई कर्तव्य गरी मारी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(२) नं बमोजिम कसूर गरेको देखिँदा निज प्रतिवादी अनिता पोखरेललाई सोही ऐनको ज्यानसम्बन्धी महलको १३(२) नं.अनुसारको सजाय गरिपाऊँ भन्ने अभियोग मागदावी भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फका विद्वान जिल्ला न्यायाधिवक्ता मुरारीप्रसाद पौडेलले आफ्नो बहसमा जाहेरी दरखास्त वादीका साक्षीहरूको बकपत्र, मृतकले मृत्युपूर्व आफ्नो मृत्युका सम्बन्धमा व्यक्त गरेको कुरा, Viscera जाँच प्रतिवेदनसमेतबाट कृष्णकुमार घिमिरेको मृत्यु विष सेवनबाट भएको र सो विष यीनै प्रतिवादीलेनै ख्वाएको हुन् भन्ने देखिएको हुँदा र निज प्रतिवादी साबालक भइसकेको हुँदासमेत अभियोगपत्र मागदावीबमोजिम सजाय होस् भन्नेसमेत उल्लेख गर्नु भयो । त्यसै गरी जाहेरवाला तर्फबाट उपस्थित विद्वान अधिवक्ता किशोरकुमार विष्ट र सूर्यलक्ष्मी मर्हजनले Postmortem Report बाट मृतकको Stomach Ruptured देखिएको छ, यस्तो विष सेवनबाट मात्र सम्भव हुन्छ । प्रतिवादी मृतकका कोठामा आई चियामा विष हालेर ख्वाई हतारहतार आफ्नो घरतर्फ गएको कुरा प्रत्यक्षदर्शीको भनाईबाट देखिएको छ । कृष्णकुमारलाई मार्ने नियतले कुकुर मार्ने विष ल्याएर कृष्णकुमार कागती लिन बाहिर गएको मौका पारी चियामा उक्त विष हालेर मारेको भन्ने मृतकले लेखिदिएको मृत्युकालीन घोषणासमेतबाट देखिएको छ । यसर्थ यी प्रतिवादी अनिता पोखरेललेनै आफ्ना प्रेमी कृष्णकुमार घिमिरेलाई कर्तव्य गरी मारेको भन्ने देखिँदा निजलाई अभियोगपत्र मागबमोजिम सजाय गरिपाऊँ भन्नेसमेत र प्रतिवादी पक्षबाट विद्वान अधिवक्ता अम्बर राउतले आफ्नो बहसमा यी प्रतविादी र मृतक (मर्ने) बीच प्रेम सम्बन्ध भएकै कारणले यी प्रतिवादी मृतकको कोठामा जाने आउँने गर्ने गरेको र सो दिन पनि सहज ढङ्गले गई बसी गफ गरी चिया खाएका हुन्, उक्त कुरा अस्पतालको Report अदालत र मौकाको बयानबाटसमेत निर्विवाद रूपबाट देखिन आएको छ । यी प्रतिवादीले कृष्णकुमारलाई मात्र मार्ने नियतले सो विष ख्वाएकी हुन् भन्ने देख्ने चस्मादीद गवाहको अभाव छ । पहिलो Viscera जाँचबाट विष देखिएको छैन । पछि फेरि विष सेवनबाट मानिस मरेको भनियो । यो अविश्वासनीय छ । Dying Declaration अकाट्य प्रमाण होइन । यो अप्रत्यक्ष प्रमाण हो जसको पुष्टि स्वतन्त्र प्रमाणबाट हुन सकेको छैन । यस अवस्थामा यी प्रतिवादीले सफाई पाउनु पर्दछ भन्नेसमेत उल्लेख गर्नु भयो ।

उल्लिखित तथ्य रहेको प्रस्तुत मुद्दामा निम्न कुराको निर्णय गर्नु पर्ने भयो :–

(क) कृष्णकुमार घिमिरेको मृत्यु विष सेवनबाट कर्तव्यबाट भएको हो ?

(ख) सो विष यीनै प्रतिवादीले ख्वाएकी हुन् वा मृतक आफैले आत्महत्या गरेका हुन् ?

(ग) प्रतिवादीलेनै ख्वाएकी भए यी प्रतिवादी नाबालिका हुन् हैनन् ?

(घ) निज प्रतिवादीलाई सजाय हुनु पर्ने हो वा होइन ? र

(ङ) भए के कति सजाय गर्नु पर्ने हो त ?

अव सर्वप्रथम पहिलो बुँदामा विचार गर्दा मिति २०६२ साल आश्विन ६ गते साँझ अन्दाजी ७:०० बजेको समयमा यी प्रतिवादी अनिता मृतक कृष्णकुमारको डेरा कोठामा गएकी, त्यसपछि मृतक कहिले कागती लिन, कहिले चिया खाने गिलास लिन छिमेकी ज्ञानेन्द्रप्रसाद घिमिरेको कोठामा गई चिया बनाई मृतक कृष्णकुमार र यी प्रतिवादी अनिता पोखरेलले चिया खाएका र तत्कालै निज प्रतिवादी मृतकको कोठाबाट निस्किएर गएपछि मृतक कृष्णकुमारले "मलाई विष पऱ्यो कागती ल्याउ" भनी कराएको र निज बस्ने कोठाका छिमेकी पुष्पा थिङ, ज्ञानेन्द्रप्रसाद घिमिरेसमेतका मानिसले निजलाई कागती काटेर ख्वाएको र निजहरूलाई मृतकले "मलाई विष पऱ्यो" भनी सुनाएको तथा कृष्णकुमारलाई उपचारार्थ पाटन अस्पताल लैजादा निजको मृत्यु भइसकेको भनी डाक्टरले घोषणा गरेको भन्ने मौकामा प्रहरीले बुझी यस अदालतमासमेत आई बकपत्र गर्ने पुष्पा थिङ, ज्ञानेन्द्रप्रसाद घिमिरे, किरण खड्कासमेतका भनाईहरूबाट देखिन आएको छ ।

घटनास्थल प्रकृति मुचुल्काबाट मृतक बस्ने गरेको कोठाबाट टिटेबुलमा स्टीलको ग्लासमा चिया जस्तो तरल पदार्थ र पलङ नजिक स्टीलकै ग्लासमा खाइसकेको चियाको छोक्रा पाइएको छ र सो छोक्रामा Alkaloid भन्ने विषादी फेला परेको भन्ने मिति २०६२/७/३ को Central Police Science Laboratory, महाराजगञ्जको पत्रबाट देखिएको छ र सोही Ackaloid भन्ने विषादी मृतकको Viscera मा पनि पाइएको भन्ने सोही पत्रबाट देखिएको छ । हुन त यसअघि मिति २०६२/६/१२ र २०६२/६/२१ का पत्रहरूबाट उक्त ग्लास र मृतकको Viscera मासमेत Insecticides (organo phosphorus, organo chlorine, carbamet and pyrethoid) बाट Alkaloid भन्ने विष पाइएको भन्ने उल्लेख छ । यो कुकुर आदि मार्न प्रयोग गरिने विष हो । पहिला सामान्यतया गरिने Viscera Test को आधारमा जाँच गरिएको थियो भने पछि जिल्ला प्रहरी कार्यालयले कुकुर मार्ने विषादी प्रयोग हुन सक्ने शंका छ भनी लेखी पठाएकोले Thin layer chromatography (TLC) technic बाट जाँच गर्दा उक्त Alkaloid (Strychnine Sulphate) विष रहेको पाइयो भन्ने Report दिने वैज्ञानिक उद्धव बलामीले यस अदालतमा गरेको बकपत्रबाट देखिएको छ । साथै मृतकको मृत्युको कारण Rupture of Stomatch हो भन्ने Autopsy Report बाट देखिएको छ र यस अदालतमा आई बकपत्र गर्ने सो Autopsy गर्ने डा. चन्द्रशोभा अमात्यले आफ्नो बकपत्रमा Strychnine sulphate को सेवनबाट Stomach Rupture हुन सक्तछ भन्ने उल्लेख गरेकासमेतका आधार प्रमाणबाट मृतक कृष्णकुमार घिमिरेको मृत्यु Alkaloid (Strychnine Sulphale) विष सेवनबाट भएको कुरा स्थापित हुन आयो ।

अव सो विष यीनै प्रतिवादीले ख्वाएको हो होइन भन्ने सम्बन्धमा विचार गर्दा यी प्रतिवादी मिति २०६२/६/६ गतेका दिन मृतकको डेरा कोठामा गएकी, त्यसपछि मृतक र प्रतिवादीले ढोकासमेत थुनेर गफ गरेका, केही क्षणपछि मृतक चियामा राख्न कागती माग्न चिया खाने ग्लास माग्न आएको, त्यसको ३/४ मिनेटपछि प्रतिवादी अनिता कृष्णकुमारको कोठाबाट निस्केर गएको भन्ने रामचन्द्र घिमिरेसमेतको भनाई छ । त्यसको तुरून्तै यी रामचन्द्र घिमिरे, पुष्पा थिङसमेतलाई मृतकले "मलाई विष पऱ्यो" भनेका छन्

"मलाई अनिता पोखरेलले चियामा विष मिसाएर खुवाएको र घर गएको" भन्ने व्यहोरा मृतकले आफ्नो कापीमा लेखी टिटेवुलमा राखेको देखियो सो कापीको हस्ताक्षर मृतककै हुन् भनी विशेषज्ञको रायसमेत रहेको छ। यसरी मृतकको आफ्नो मृत्युको कारणका बारेमा मौकामा पुष्पा थिङसमेतका व्यक्तिहरूलाई सुनाएको कुरा र अनिताले मलाई विष ख्वाएकी भनी आफ्नो कापीमा होस छँदै लिखित रूपमा व्यक्त गरेको कुरासमेत प्रमाण ऐन, २०३१ को दफा ११ ले प्रमाणयोग्य हुन्छ।

प्रतिवादी अनिताले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा र यस अदालतमासमेत दुवैजनाको सल्लाहले हामी दुवैले चियामा विष घोली खाएको मैले थोरै खाए, कृष्णकुमारले धेरै खाए। म बाँच्न सफल भए। कृष्णकुमारको मृत्यु भयो भन्ने उल्लेख गरेकी छन्। प्रतिवादी अनिताले आफ्नो बयानमा मृतकलेनै विष निकालेको भन्ने उल्लेख गरेपछि परिस्थितिको अध्ययनबाट सो विष मृतकलेनै राखेका थिए र भिकके भन्ने देखिँदैन। यी प्रतिवादीकै भनाईअनुसार पनि विष खाने काम हुनासाथ प्रतिवादी तत्कालै निस्किएर गएकी छिन्। कृष्णकुमार कोठाबाट बाहिर गएका छैनन्। घटनास्थल मुचुल्काबाट विष राखिएको भाँडो (शिशी, खोल वा कागज) केही पनि सो ठाउँमा फेला परेको छैन। यदि मृतकलेनै सो विषको बन्दोबस्त गरेर दुवैले खाएका भए सो विष भएको भाँडो अवश्य त्यही हुनु पर्दथ्यो। तर सो नभएबाट सो विष यीनै प्रतिवादीलेनै ल्याएकी र दुवैले खाई सो खोल निजलेनै लगी फालिन् भन्ने तर्कसँगत रूपबाट अनुमान गर्न सकिने अवस्था छ। यस प्रसङ्गमा मृतकको मृत्युकालीन घोषणा "मलाई अनिता पोखरेलले चियामा विष मिसाएर ख्वाएको र घर गएको" भन्ने वाक्यांश पनि मनन्योग्य छ जस्मा निज प्रतिवादी अनिताले मृतक कृष्णकुमारलाई विष खुवाएको भन्नेनै देखिन्छ।

वादी पक्षका विद्धान जिल्ला न्यायाधिवक्ता एवं जाहेरवाला पक्षबाट उपस्थित विद्धान अधिवक्ताहरूले आआफ्नो बहसमा यी प्रतिवादीले एकोहोरो मायाको रीसको झोकमा कृष्णकुमारलाई मार्ने नियतले चियामा हाल्ने कागती लिन पठाई यीनै प्रतिवादीले कृष्णकुमारको चियामा मात्र विष हाली दिएर आफूले चिया मात्र खाएकी हुन् भन्ने उल्लेख गरे पनि वैज्ञानिक परीक्षणबाटसमेत दुवै ग्लासमा विष पाइएको छ। म र कृष्णकुमारको सल्लाहले सँगै मर्ने मनसायले चियामा विष हाली दुवैले खाएको, कृष्णकुमारले वढी खाएको र आफूलाई भने मर्न डर लागेकोले एक घुट्की मात्र चिया खाएकी थिए। वढी खाने कृष्णकुमारको मृत्यु भएछ। मलाई भने अस्पतालमा भर्ना गरी उपचारपश्चात् ठीक भएकी हुँ भनी तथ्यमा सावित हुने यी प्रतिवादीको भनाईलाई अनुसन्धानका क्रममै बुझिएका नवराज महत र सानु घिमिरेको भनाईले पुष्टि गरेको छ। त्यसै गरी पाटन अस्पतालबाट प्राप्त यी प्रतिवादीको उपचार गरिएको Report हेर्दा "Unknown Poisoning" सेवनको कारणले यिनलाई उक्त अस्पतालमा सोही मिति २०६२/६/६ गते साझ ८:४५ बजेतिर भर्ना गरी ऐ. ९ गतेसम्म उपचार गरी Discharge गरिएको भन्ने देखिन्छ। सोही Discharge गरिएकै दिन यी प्रतिवादीलाई पक्राउ गरिएको छ र पक्राउ गर्ने प्रतिवादी ह. लोककुमारी गुरौ र प्रतिवादी ज. मुना लामाको प्रतिवेदन हेर्दासमेत "पाटन अस्पतालबाट डिस्चार्ज भएकाले निजलाई पक्राउ गरी आवश्यक कारवाहीका लागि पेश गरिएको छ" भन्ने व्यहोराबाटसमेत यी प्रतिवादीले पनि मृतक

कृष्णकुमार सँगसगै विष सेवन गरेकी रहिछन् र उपचारसमेत गरिएको रहेछ भन्ने देखिएकोले अनिताले विष सेवन गरेकी थिइनन् । निजले कृष्णकुमारलाई मात्र विष खुवाएको हुन् भन्ने विद्वानहरूको भनाईलाई तथ्यले समर्थन गरेन ।

यस प्रकार यी प्रतिवादी अनिताले लगेको विष मृतक र प्रतिवादीसमेतले आपसमा सल्लाह गरी विष सेवन गरेकोमा कृष्णकुमारको मृत्यु भएको र यी प्रतिवादी भने संयोगवंश बचेकी भन्ने देखिएबाट सो कार्यबाट यिनले उन्मुक्ति पाउनु पर्दछ भन्ने प्रतिवादी पक्षका विद्वानका बहसका सन्दर्भमा विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. मा "कानूनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न हुँदैन" भन्ने व्यवस्था भएबाट कसैले अर्काको ज्यान मार्न पाइदैन भन्ने कानूनले बन्देज गरेको पाइयो । अर्थात् कसैले कसैलाई कुनै कारणबाट पनि मार्न नपाइने कानूनी बन्देज छ । ऐ. महलको ७ नं. मा कसैले कसैको ज्यान मारे वा ज्यान मर्न गए सोबाट नलाग्ने उन्मुक्ति पाउने व्यवस्था भए पनि आफूले पनि विष खाने र अर्कालाई पनि विष ख्वाई मानिस मर्न गएको अवस्थामा सोबमोजिमको उन्मुक्ति पाउने अवस्था पनि भएन । नेपाल कानूनमा आत्महत्या गर्ने प्रयास गरेबापत कुनै आपराधिक दायित्व बेहोर्नु पर्ने कतै व्यवस्था छैन । तर अन्यको ज्यान लिन भने नपाइने उल्लिखित व्यवस्थालाई विचार गर्दा यी प्रतिवादी अनिता पोखरेलले आफूले पनि विष सेवन गर्ने र मृतक कृष्णकुमारलाई पनि खवाउने (सल्लाहलेनै भए पनि) कार्य गरेकोमा निज आफू बचे पनि मानिस मारेको कानूनी दायित्वबाट भने निजले उन्मुक्ति पाउने अवस्था छैन । तसर्थ यी प्रतिवादी अनिता पोखरेलले आफ्नै प्रेमी कृष्णकुमार घिमिरेलाई विष ख्वाई कर्तव्य गरी ज्यान मारेको ठहर्छ । तसर्थ निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (२) बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुनेसमेत ठहर्छ ।

तर यी प्रतिवादी अनिता पोखरेलले मौकाको अधिकारप्राप्त अधिकारीसमक्षको र यस अदालतसमक्षको बयानसमेतमा आफ्नो उमेर १५ वर्षको भन्ने उल्लेख गरेकी र चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगञ्ज क्यामपस फरेन्सिक मेडिसिन विभागले यी प्रतिवादीले उमेर जाँच गरी दिएको रिर्पोटमा निजको उमेर १५ देखि १७ वर्षको सम्मको हो भनी उल्लेख गरेको पाइन्छ भने मिसिल सामेल रहेको District Level Examanation Board Lalitpur को Mark Sheet मा निजको जन्ममिति २०४६/१०/१२ हो भन्ने देखिएको छ । त्यसैले यही उमेर निजको आधिकारिक हो भन्ने देखियो । तसर्थ यो वारदात हुँदाको दिन यी अनिता १५ वर्ष ७ महिना १४ दिन रहिछन् भन्ने देखियो । यस हिसावले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २(क) बमोजिम यी प्रतिवादी अनिता "बालिका" नै रहेकी भन्ने कुरामा द्विविधा रहेन ।

बालवालिकाको मस्तिक अपरिपक्व हुन्छ । तसर्थ यिनले जानेर कुनै अपराध गर्दैनन् र कथं निजहरूबाट अपराधजन्य कार्य भइहाले पनि त्यो "बालबिज्याँई" मात्र हुन्छ । त्यसैले कुनै अपराध गरेको कारणबाट कानूनबमोजिम कुनै पद वा सुविधाप्राप्त गर्न कुनै व्यक्ति अयोग्य हुने रहेछ भने पनि बाल्यवस्थामा गरेको गरेको त्यस्तो अपराधबाट त्यस किसिमको अयोग्यता निजको हकमा सिर्जना भएको नमानिने,

बाल्यवस्थामा जस्ता सुविधाहरू हाम्रो ऐन (बालबालिकासम्बन्धी, ऐन २०४८) ले प्रदान गरेको छ । त्यसै गरी उमेरको आधारमा उसले गरेको अपराधमा कुनै प्रकारको सजाय नहुने, हप्काईदप्काई गरेर छाड्ने वा कैद हुने अपराधजन्य कार्य गरेकोमा पनि ६ महिनासम्म सजाय हुने तथा १४ वर्षदेखि माथि १६ वर्ष मुनिका बालबालिकाले त्यस्तो अपराध गरे उमेर पुगेकालाई हुने सजायको आधा सजाय हुने व्यवस्था सो ऐनको दफा ११ ले गरेको छ ।

उक्त दफा ११ को व्यवस्था बालबालिकाले मनसाययुक्त अपराधजन्य कार्य गर्दा पनि छुट पाउनेसम्बन्धी व्यवस्था हो । अर्थात बालबालिकाले जानीजानी सो सम्पूर्ण क्रिया गरेको अपराधमासमेत छुट पाउने हो । यसै मुद्दालाईसमेत उदाहरणको रूपमा प्रस्तुत गर्दा यदि यी प्रतिवादी अनिताले कृष्णकुमारलाई मात्र मार्ने भनी निजलाई विष ख्वाएकी भए र आफूले भनेसँगै भने भनी विष सेवन नगरेकी भए पनि उल्लिखितअनुसारको सुविधा पाउने हो । तर यस मुद्दामा माथिनै उल्लिखित भएअनुसार कृष्णकुमारसँग सल्लाह भई दुवैजनासँगै मर्ने भनी विष सेवन गरेकी र कृष्णकुमारको भने मृत्यु भएको तर यी प्रतिवादी भने बाँच्न सफल भएकी भन्ने तथ्य स्थापित भएको अवस्थालाई विचार गर्दा उल्लिखितअनुसार दफा ११(३) बमोजिमको उमेर पुगेकालाई हुने सजायको आधा सजाय गर्दा यी बालिकाप्रति कानूनले दिन खोजेको सहुलियत दिन नचाहेको अर्थ लाग्न जान्छ ।

नेपालसमेत पक्ष भई बालबालिकाको हकको संरक्षण गर्नेसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा हस्ताक्षर गरी अनुमोदन गरी सोहीबमोजिम बालबालिकासम्बन्धी ऐनको निर्माण भएको परिप्रेक्ष्यमा ती सन्धि सम्झौता र ऐनको मूल मर्मअनुसार त्यस्ता बालबालिकाले वास्तविक रूपमा सहुलिया सुविधा पाउनु पर्छ । बालबालिकासम्बन्धी महासन्धि, १९८९ को धारा ३ समेतमा अदालतसमेतले बालबालिकासम्बन्धी काम कुरा गर्दा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी काम गर्नु पर्ने व्यवस्था गरेको छ । यस हिसावले बालबालिकाको सर्वोत्तम हितलाई मध्यनजर राख्नु पर्ने कुरालाई विचार गर्दा ऐनको कुनै दफामा उसको सुविधाहरू सिमित गरिनु हुँदैन । ऐनको दफाले मात्र उसको हितको संरक्षण गर्न सक्दैन । ऐनको दफाको गोलीले मात्र उसको समुचित उपचार हुन सक्तैन । ऐनको दफा देखाउनु मात्र बालबालिकाको हकको सम्वर्द्धन गर्न तोकिएको निकायको दायित्व पूरा हुन सक्दैन । अपराध हुँदाको परिस्थिति एवं सोमा उसको वास्तविकसमेतलाई विचार गरेर मात्र दण्डको निर्धारण गरिनु पर्दछ भन्ने उक्त सन्धि सम्झौता एवं ऐनको मर्म हो, भाव हो ।

त्यसकारणले ऐ. दफा ११(३) बमोजिम उमेर पुगेकालाई हुने सजायको आधा सजाय गर्दा माथिनै विवेचना गरिए झै यी प्रतिवादीलाई १० (दश) वर्ष कैदको सजायसमेत गर्नु पर्ने हुन्छ । तर माथिनै भनिए झै कृष्णकुमारलाई मार्ने मात्र मनसाय गरेको अवस्थामा पनि सोबमोजिमको आधा सजाय हुने हो । तर यस मुद्दामा त यी प्रतिवादी अनिता पोखरेलसमेत मर्ने भनी मृतक र यिनले सँगै विष खाएको अवस्था छ ।

तसर्थ निश्चित रूपमा ऐ. दफा ११(३) बमोजिमको सजाय गर्दा निजलाई चर्को पर्ने देखिन्छ । तसर्थ ऐनको दफाको प्रयोग मात्रले यी प्रतिवादीको उच्चतम् हितलाई प्राथमिकता दिएको हुन नसक्ने हुँदा र माथिनै उल्लेख गरिएझै यी प्रतिवादीले कृष्णकुमारलाई विष ख्वाई कर्तव्य गरी मारेको ठहर भई निजलाई मुलकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (२) बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर भएको परिपेक्ष्यमा र आफूसमेत मर्न मृतकसँग साथ यी प्रतिवादीलेसमेत विष सेवन गरी मर्न खोजेकोसमेतको अपराध हुँदाको अवस्था र परिस्थितिलाई विचार गर्दा सोअनुसारको सजाय गर्दा चर्को पर्ने चित्तमा लागेकोले निजलाई कैदका हकमा वर्ष ६(छ) को सजाय गर्न उचित हुँदा मुलुकी ऐन, अ.बं १८८ नं. बमोजिम आफ्नो राय साथ ऐ. १८६ नं. बमोजिम साधक सदरको लागि श्री पुनरावेदन अदालत पाटनमा पेश गरेको छु । सो ठर्हनाले तपसिलको कलममा तपसिलबमोजिम गर्ने गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम अदालतबाट आजै यो जाहेरी फैसला गरिदिएँ ।

## तपसिल

प्रतिवादी अनिता पोखरेलके माथि ईन्साफ खण्डमा लेखिएबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत ऐनको १३(२) नं. अनुसारको कसूर अपराध गरेकोले सोही महलको सोही दफा १३(२) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहरी फैसला भएकोले निज मिति २०६२/६/९ गतेदेखि प्रहरी हिरासतमा रही हालसम्म पनि बालसुधार गृह भक्तपुरमा थुनामानै रहेकीले लागेको कैद असुल गर्दा मिति २०८२/६/८ गतेसम्म थुनामा राखी मिति २०८२/६/९ गते थुनाबाट छाडी दिनु भनी रितपूर्वकको कैदी पूर्जीसमेत दिई अव यी प्रतिवादी नाबालक पनि भइसकेकीले सम्बन्धित कारागार शाखामा पठाई दिनु भनी लगत दिनु ..........................................................................१

यी प्रतिवादी अनिता पोखरेललाई सर्वश्वसमेत गर्ने सजाय भएकाले कानूनबमोजिम निजको सर्वश्व गर्नु .२

उल्लिखितअनुसार निज अनिता पोखरेललाई ६ वर्षको कैद गर्नेसम्बन्धी राय व्यक्त भएकोले मुलुकी ऐन, अ.बं. १८६ नं. बमोजिम साधक सदरको लागि प्रस्तुत मिसिल श्री पुनरावेदन अदालतमा पठाई दिनु...३

यस ईन्साफमा चित्त नबुझे ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत पाटन, ललितपुरमा पुनरावेदन गर्न जानु प्रतिवादी अनिता पोखरेललाई ७० दिने पुनरावेदनको म्याद दिनु .................................४

जिल्ला सरकारी वकिल कार्यालय, ललितपुरलाई फैसलाको प्रतिलिपिसहितको जानकारी लेखिपठाई दिनु. ...........................................................................................५

सरोकारवालाले नक्कल मागे कानूनबमोजिम लाग्ने दस्तुर लिई नक्कल दिनु.............................६

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु..............७

..................
जिल्ला न्यायाधीश

माननीय न्यायाधीशज्यूले बोली टिपाएबमोजिम टिपी कम्प्युटर टाइपसमेत गराउने फाँटवाला ना.सु. बसन्त सुवेदी ।

ईति सम्वत् २०६३ साल चैत्र २९ गते रोज ५ शुभम् ..................................................।

## सुर्खेत जिल्ला अदालत
## इजलास
## माननीय जिल्ला न्यायाधीश श्री दीपेन्द्र अधिकारी
## फैसला

मुद्दा नं. ७८/०६३/००८४

निर्णय नं. : ७६

**मुद्दा : साधारण चोरी।**

**वादी**

रामबहादुर चौधरीले जाहेरीले वादी नेपाल सरकार ...................................१

**प्रतिवादी**

जिल्ला सुर्खेत, विरेन्द्रनगर नगरपालिका वडा नं. ६ बस्ने भवानी परियार (नाम परिवर्तन)........१

ऐ.ऐ. बस्ने भीम मेदासी (नाम परिवर्तन) ......१

**साक्षी**

जाहेरवाला रामबहादुर चौधरी ............१

प्रहरीमा कागज गर्ने र वस्तुस्थिति मुचुल्काका मानिनहरू..................................१

**दशी** : वरामद भएको साइकल थान........१

**साक्षी**

टेकबहादुर नेपाली ..............................१

इन्द्र नेपाली.....................................१

दानबहादुर मल्ल.................................१

अर्जुन मल्ल ....................................१

कागज : ×

**अदालतबाट बुझेको**

**साक्षी**

रामबहादुर चौधरी .........१

लुद्रबहादुर के.सी. ........ १

पराक्रम सिँह ..............१

खिमबहादुर नेपाली ....... १

बलबहादुर चौधरी ........ १

टीकाराम चौधरी ..........१

टेकबहादुर नेपाली ........ १

शिवप्रसाद उपाध्याय....... १
अर्जुन मल्ल ..............१

**कागजः**

प्रस्तुत मुद्दाको सक्कल मिसिल ।

प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार रहेको छ ः-

मिति २०६१ साल फागुन १ गते बिहान देउती बज्यै मन्दिरमा मेरो छोराले चलाई लगेको हर्कुलस टप गियर ट्रेड नं. UH 143858 को साइकल बाहिर रोकी मन्दिरमा गई बिहान ७ः०० बजेतिर गेटमा आउँदा साइकल गेटमा नदेखी साइकल देउती बज्यै मन्दिरबाट हरायो भन्दै घर आएको हुनाले उक्त दिन शनिवार परेकोले भोलिपल्ट २०६१/११/२ गते छोरा इन्द्रबहादुर चौधरीको नामबाट हुलिया निवेदन दिन लगाई मैले पनि खोजतलास गरिरहेको अवस्थामा मिति २०६१/१०/८ गतेका दिन गणेशचोकस्थित साइकल स्टोरमा मेरो उक्त हर्कुलस टप गियर साइकललाई निलो रंगबाट रातो रंग पोती निज अन्यायी भवानी नेपालीले त्यहाँ लगेर राखेका रहेछन् । उक्त साइकल मेरो हो कि भनेर साइकल स्टोरका मालिकले हेर्न मलाई बोलाउदा उक्त रातो रङ पोतेको ट्रेड नं. हेर्दा UH 143858 भएको उक्त साइकल मेरै हुँदा निज अन्यायीहरूलाई पक्री मेरो उक्त साइकल फिर्ता दिलाईपाऊँ साथै निज अन्यायी भवानी नेपाली र भीम भन्नेलाई चोरीको महलअनुसार कारवाही गरिपाऊँ भन्ने रामबहादुर चौधरीले मिति २०६१/११/१२ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा दिएको जाहेरी दरखास्त ।

जिल्ला सुर्खेत विरेन्द्रनगर नगरपालिका वडा नं. ६ गणेशचोकको पूर्वमा पक्की सडक, पश्चिममा पक्की सडक, उत्तरमा दुई तले घर, दक्षिणमा सडकको नाली एवं कच्ची घर । यति चार किल्लाभित्र रहेको सडकमा हर्कुलस टप गियर साइकल चढी हिडिरहेका १ जना अन्दाजी १४ वर्षका व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिई सोधपुछ गर्दा निजले आफ्नो नाम भवानी नेपाली हो भनी बताएका हुँदा निजले चलाएको हर्कुलस टप गियर साइकल हामीहरूको रोहवरमा प्रहरीले वरामद गरी लगेको ठीक साँचो भन्नेसमेत व्यहोराको मिति २०६१/११/१४ गते पराक्रमसिँह ठकुरी, बलबहादुर चौधरी र टीकाराम चौधरीले गरिदिएको वरामदी मुचुल्का ।

मिति २०६१/१०/३० गते साँझ भीम मेदासी र मैले देउती बज्यै मन्दिरमा पूजा गर्न जाने मानिसको साइकल चोर्न पाइन्छ, भोलि बिहानै देउती बज्यै मन्दिर जाने सल्लाह भएअनुसार मिति २०६१/११/१ गते बिहानै उठी हामी दुवै जना भई देउती बज्यै मन्दिर पुग्यौं । मन्दिर बाहिर राखेको हाल वरामद भई आएको साइकल हेर्‍यौं । सो साइकल ताला लगाएको थिएन । साइकल मैले र भीम मेदासीले समाई केही बेर त्यही वरपर चलायौं । साइकलको बारेमा कोही कसैले केही नभनेपछि भीम मेदासीलाई पछाडि राखी मैले चलाई ल्याई आएका हौं । साइकल भीम मेदासीले आफ्नो घरमा लगे, निलो रङ फाली रातो

इनामेल पोतेछन् । ३/४ दिनपछि मैले ल्याई २ दिन चलाएपछि सो हामीले चोरेको साइकलको बारेमा मानिसले थाहा पाए भनी भीमले भनेपछि उक्त साइकल लगी हामीले गणेशचोकस्थित रहेको साइकल स्टोरको अगाडि राख्यौं । त्यसपछि निज कता गयो, म घरतिर आएँ । त्यहिबेला साइकल मालिकले थाहा पाएछन् । पछि उक्त साइकल लिई आउँदा प्रहरीले पक्राउ गरी ल्याएका हुन् । भीम र मैले चोरेको साइकल देखे चिने यही हो । साथी भीमले निलो रङ कोतरी फाली नयाँ रङ रातो इनामेलले रंगाएका हुन् भन्ने प्रतिवादी भवानी परियारले मिति २०६१/११/१७ गते अनुसन्धान अधिकारीसमक्ष गरेको बयान ।

जिल्ला सुर्खेत, लाटीकोइली गा.वि.स., वडा नं. २ स्थित पूर्वमा देउती बज्यै मन्दिर आउँने जाने पुल तथा बाटो, पश्चिममा देउती बज्यै मन्दिरको कम्पाउण्ड तथा काँडेतार, उत्तरमा सोही मन्दिरको खाली जग्गा तथा खोला, दक्षिणमा सोही मन्दिरको जग्गा तथा खोला । यति चार किल्लाभित्र गंगामाला देउती बज्यै मन्दिर प्रवेश गर्ने द्वारको बाहिर राखेको हाल वरामद भई आएको साइकल राखिएको घटनास्थल प्रकृति मुचुल्का ठीक छ भन्ने मिति २०६१/११/१७ गते घटनास्थल मुचुल्का ।

वारदात भएको मिति २०६१/११/१ गते म मेरो घरमानै थिएँ । जाहेरवाला रामबहादुर चौधरीको छोरा इन्द्रबहादुर चौधरी मिति २०६१/११/१ गते देउती बज्यै मन्दिरमा पूजा गर्न हर्कुलस टप गियर साइकल लिई साइकल बाहिर गेटमा राखी भित्र गएका र पूजा गरी सकी बाहिर आउँदा साइकल राखेको स्थानमा नभई कसले चोरी गऱ्यो भनी बुझ्दा जिल्ला सुर्खेत, विरेन्द्रनगर नगरपालिका, वडा नं. ५ बस्ने वर्ष १४ को भवानी परियार र ऐ.ऐ. बस्ने भीम मेदासीसमेत जना २ ले चोरी गरेको र प्रतिवादी भवानी नेपाली उक्त साइकलसहित पक्राउ परेको भन्ने कुरा जाहेरवाला रामबहादुर चौधरीले भनेपछि सुनी थाहा पाएको हुँ । निज प्रतिवादीहरूको बानी व्यहोरा ठीक नभई सानातिना चोरी गर्ने गरेको कुरा सुनी थाहा पाएकोले जाहेरवालाको हर्कुलस टप गियर साइकल चोरी गरेको पूर्ण विश्वास लाग्छ भन्ने व्यहोराको मंगलबहादुर चौधरीले मिति २०६१/११/२३ गते अनुसन्धान अधिकारीसमक्ष लेखाई दिएको घटना विवरण कागज ।

उल्लिखित सोही व्यहोराको शिवप्रसाद उपाध्यायले मिति २०६१/११/२४ गते, रामप्रसाद थारूले लेखाई दिएको मिति २०६१/११/२६ गते र खिमबहादुर नेपालीले मिति २०६१/११/२७ गते अनुसन्धान अधिकारीसमक्ष लेखाई दिएको एकै मिलानको घटना विवरण कागज ।

जाहेरवाला रामबहादुर चौधरीको छोरा इन्द्रबहादुर चौधरी २०६१/११/१ गते देउती बज्यैको दर्शन गर्न भनी हाल वरामद भई आएको साइकल लिई देउती बज्यै मन्दिरको गेटमा राखी आफू दर्शन गर्न गएको अवस्थामा हाल नाम थर खुल्न आएका भवानी परियार र भीम मेदासीसमेत जना २ ले राखेको ठाउँबाट उक्त साइकल चोरी गरी लिएछन् । जाहेरवालाले साइकल हरायो चोरी भयो भनी खोजी गर्न गएको हुँदा थाहा पाएको हुँ । उक्त चोरी भएको साइकल भवानी परियार र भीम मेदासीले चोरी गरेका रहेछन् भनी जाहेरवालाले भनेपछि थाहा पाएको हुँ । निज प्रतिवादीहरूको वानी व्यहोरा राम्रो नभएको र पटकपटक

चोरी गर्छन् भन्ने सुनी थाहा पाएको हुँ । वरामद भई आएको साइकल निज प्रतिवादीहरूलेनै चोरी गरेकोमा पूर्ण विश्वास लाग्छ भन्नेसमेत व्यहोराको विनो चौधरी, दिलबहादुर चौधरी र पतिराम चौधरीले मिति २०६१/११/३० गते लेखाई दिएको वस्तुस्थिति मुचुल्का कागज ।

प्रतिवादीहरू भवानी परियार र भीम मेदासीले मुलुकी ऐन, चोरीको महलको १ नं. विपरीतको कसूर गरेको र निज प्रतिवादीहरू १४ वर्ष ननाघेका हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय गरी पाउन सजायको मागदावी लिइएको जिल्ला सरकारी वकिल कार्यालय, सुर्खेतको अभियोगपत्र ।

घटना भएको दिन म मेरै घरमा थिएँ, मैले साइकल चोरी गरेको होइन, भीम मेदासी र म सँगै पढ्ने साथी हौं । निजसँग आउँदाजाँदा साथ हुने गर्थ्यो । निजले साइकल चोरी गरेछन् र मलाई निजसँग साथ गरेकै कारण शंकाको भरमा किटानी जाहेरी दिएछन् । भीम मेदासीले साइकल चोरी गरेको कुरा मलाई बताएनन् । बरू मैले साइकल किनेको छु र बनाउन साइकल पसलमा दिएको छु भनेका थिए । साइकल आज मात्र देखें । को कस्को हो कहाँबाट वरामद भएको हो । देखाएको साइकल मैले चलाएको होइन । साइकल र केही सामान भीमको घरबाट वरामद भएको भन्ने सुनेको हुँ, साइकल मबाट वरामद भएको होइन । प्रहरीमा मलाई केही सोधेनन्, मैले बयान गरेको होइन, सही मेरै हो । मैले साइकल चोरी गरेको नहुँदा मलाई अभियोग मागदावीबमोजिम सजाय हुनु पर्ने होइन । झुठ्ठा अभियोग दावीबाट सफाई पाउनु पर्ने हो भन्ने व्यहोराको प्रतिवादी भवानी परियारले मिति २०६१/१२/३ गते यस अदालतमा गरेको बयान ।

मिति २०६१/११/१ गते म मेरै घरमा थिएँ । मैले साइकल चोरी गरी लगेको होइन । ममाथि झुठ्ठा अभियोग लगाइएको हो । साइकल चोरी गर्ने कार्यमा म संलग्न थिइन । भवानी नेपाली र मसँगै पढ्छौं । आउँदाजाँदा बाटोमा भेट हुने गर्थ्यो । भवानी नेपालीले साइकल चोरी गरेछन् र मलाई निजसँग साथ गरेकै कारण शंकाकै भरमा किटानी जाहेरी दिई झुठ्ठा अभियोग लगाएका हुन् । भवानी नेपालीले साइकल चोरी गरेको कुरा मलाई भनेनन् । मैले साइकल किनेको हुँ भनी भनेको थियो । साइकल कहाँबाट वरामद भयो मलाई थाहा छैन । भवानी नेपालले चलाउने गरेको साइकल प्रहरीले लगे भन्नेसम्म सुनेको हुँ । जाहेरी दरखास्त लगायतका कागज बनावटी एवं झुठ्ठा हुन् । मैले साइकल चोरी गरेकै छैन, मलाई सजाय हुनु पर्ने होइन, झुठ्ठा अभियोग दावीबाट फुर्सद पाऊँ भन्ने प्रतिवादी भीम मेदासीले मिति २०६२/१/१२ गते यस अदालतमा आई गरेको बयान ।

प्रतिवादी भीम मेदासीले साइकल चोरी गरेका होइनन् । प्रतिवादी भवानी नेपाली र भीम मेदासी देउती बज्यैबाट एउटै साइकलमा घरतिर फर्केका रहेछन् । भवानी नेपालीले ल्याएको साइकल चोरीको भनी समातिएपछि भीम मेदासीलाईसमेत अभियोग लगाएका हुन् । वारदात मितिमा प्रतिवादी भीम मेदासी

आफ्नै घरमा थिए । साथीले चोरी गरेको साइकलमा भीम मेदासी चढेर आएका हुन्, अरू मलाई केही थाहा छैन भन्ने प्रतिवादी भीम मेदासीका साक्षी अर्जुन मल्लले यस अदालतमा आई बकी लेखाई दिएको मिति २०६२/४/१९ को बकपत्र ।

मिति २०६१ साल फागुन १ गते देउती बज्यैबाट भवानी परियार र भीमा मेदासीले मेरो साइकल चोरी गरेका हुन् । साइकल चोरी गरेको मैले देखिन । साइकल गणेशचौकमा रहेको उमेश साइकल स्टोरबाट भेटाई लिएको हुँ । साइकल मिति २०६१/११/१४ गते गणेशचोकबाट वरामद भएको हो । साइकल वरामद हुँदा म रोहवरमा थिएँ भन्ने व्यहोराको जाहेरवाला रामबहादुर चौधरीले यस अदालतमा आई बकी लेखाई दिएको बकपत्र ।

प्रतिवादी वंशी भवानी परियार नेपालीसमेतले फाल्गुनको महिनामा जाहेरवाला रामबहादुर चौधरीको साइकल चोरी गरेका हुन् । चोरी गरेको मैले देखिन । जाहेरवालाबाट थाहा पाएको हुँ भन्ने शिवप्रसाद उपाध्यायले अदालतमा आई मिति २०६२/४/१९ गते बकी लेखाई दिएको बकपत्र ।

दुवै जना प्रतिवादीहरूले चोरी गरेको साइकल मेरो नेपाल टेलर्समा ल्याएका थिए । साइकल भीम मेदासीले चलाएको थियो । दुवै प्रतिवादी सँगै थिए । साइकल कहाँबाट ल्याइस भन्दा भवानी ले साथीको हो भनी भीमलाई देखायो । भीम केही बोलेन । भवानी नेपाली मेरो पसलमा बस्यो । भीम साइकल लिएर विरेन्द्रचौकदेखि दक्षिणतर्फ लाग्यो भन्ने प्रतिवादी भवानी नेपालीका साक्षी टेकबहादुर नेपालीले मिति २०६२/४/१९ गते अदालतमा आई बकी लेखाई दिएको बकपत्र ।

साइकल विरेन्द्रनगर बजार गणेशचौकबाट भवानी परियारबाट प्राप्त भएको हो भन्नेसमेत व्यहोराको अ.बं. ११५ नं. बमोजिम बुझिएका बलबहादुर चौधरी र टीकाराम चौधरीले अदालतमा आई मिति २०६२/६/२४ गते बकी लेखाई दिएको बकपत्र ।

साइकल कसरी चोरी गरेको मैले देखेको होइन । म प्रहरी कार्यालयमा गएका अवस्थामा साइकल चोरी भएको छ यस मुचुल्कामा सही गरि दिनुहोस् भनेकाले मुचुल्कामा सही गरिदिएको हुँ भन्ने मिति २०६२/९/३ गते अं.बं. ११५ नं. बमोजिम बुझिएका पराक्रमसिंहले गरेको बकपत्र ।

साइकल २०६१ साल फागुन १४ गते वि.न.पा. वडा नं. ६ स्थित चोकमा मोवाइल गस्तीमा गएको टोलीले फेला पारेको हो । वरामदी मुचुल्का साइकल वरामद भएको स्थानमा गरिएको हो भन्ने व्यहोराको अ.बं. ११५ नं. बमोजिम बुझिएका द. लुदबहादुर के.सी. ले अदालतमा आई मिति २०६२/११/२९ गते बकी लेखाई दिएको बकपत्र ।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.बं. २९ नं. बमोजिम यसै अदालतको अधिकारक्षेत्रभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दा अध्ययन गरी हेरियो । यसमा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री लक्ष्मीकान्त आचार्य र प्रतिवादीहरूका तर्फबाट विद्वान वैतनिक अधिवक्ता श्री विरेन्द्रकुमार थापाको बहससमेत सुनी अङ्ग पुगी छिनी किनारा गरिदिए हुने देखिँदा यसमा प्रतिवादीहरूले जाहेरवालाको साइकल चोरी गरेका हुन्, होइनन् ? हुन् भने यी प्रतिवादीहरूलाई के कस्तो सजाय हुनु पर्ने हो ? सोही विषयमानै निर्णय दिनु पर्ने देखिन आयो ।

यसमा निर्णयतर्फ विचार गर्दा मिति २०६१/११/१ गते बिहान ७:०० बजेको समयमा श्री गंगामाला देउती बज्यै मन्दिर अगाडि गेटबाट UH 143858 नम्बरको हर्कुलस टप गियर साइकल हराएको र सो साइकल भवानी नेपाली र भीम भन्नेले चोरी गरेकाले कारवाही गरिपाऊँ भन्ने रामबहादुर चौधरीको मिति २०६१/११/१२ गतेको जाहेरी दरखास्त, साइकल वरामद भएको मिति २०६१/११/१४ गतेको वरामदी मुचुल्का, साइकल भीम मेदासीले चोरी गरी घरमा राखेको हो भन्ने प्रतिवादी भवानी नेपालीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान, साइकल भवानी नेपाली र भीम मेदासीले चोरी गरेका हुन् भनी मंगलबहादुर चौधरी, शिवप्रसाद उपाध्याय, रामबहादुर र खिमबहादुर नेपालीले गरिदिएको घटना विवरण कागज, यीनै प्रतिवादीहरू भवानी नेपाली र भीम मेदासीले जाहेरवालाको साइकल चोरी गरेका हुन् भन्ने वस्तुस्थिति मुचुल्काका मानिसहरू पतिराम चौधरी, दिलबहादुर चौधरी र विनोद चौधरीको कागज रहेको र प्रतिवादी भवानी परियार (नेपाली) ले भीम मेदासीले चोरी गरेको भनी एक आपसमा पोलापोल गरी अदालतमा बयान गरेको, जाहेरवाला रामबहादुर चौधरीले साइकल मिति २०६१ साल फागुन १ गते देउती बज्यै मन्दिरबाट भवानी परियार र भीम मेदासीले चोरी गरेका हुन् भनी अदालतमा आई बकपत्र गरेको, प्रतिवादी भीम मेदासीका साक्षी अर्जुन मल्लले साथी भवानी परियारले चोरी गरेको साइकलमा भीम मेदासी पनि चढी आएकाले अभियोग लगाइएको हो । घटना भएको दिन प्रतिवादी भीम आफ्नै घरमा थिए भनी बकपत्र गरेका छन् भने अर्का प्रतिवादी भवानी नेपालीका साक्षी टेकबहादुर नेपालीले चोरी गरेको साइकल मेरो नेपाल टेलर्समा ल्याएका थिए, दुवै प्रतिवादी सँगै थिए, साइकल कहाँबाट ल्याइस भन्दा साथीको हो भनी भीम मेदासीलाई देखायो । भवानी त्यही बस्यो, भीम मेदासी साइकल लिएर विरेन्द्र चोकदेखि दक्षिण लाग्यो भनी यी दुवै प्रतिवादीहरूका साक्षीहरूले एक अर्काले चोरी गरेको भनी बकपत्र गरेको देखिन्छ। साइकल भवानी परियारबाट गणेशचोकबाट वरामद भएको भन्ने बुझिएका मानिस बलबहादुर चौधरी र टीकाराम चौधरी र साइकल २०६१ साल फागुन १४ गते मोबाइल गस्तीमा गएको टोलीले फेला पारेको हो भन्ने बुझिएका लुद्रबहादुर के.सी. को बकपत्र मिसिल संलग्न रहेको देखिन्छ ।

उल्लिखित बकपत्र र प्रतिवादीहरूको अदालतसमक्षको बयानबाट वरामद भएको साइकल चोरी भएको भन्नेमा विवाद देखिएन । चोरी गरेको भनी अभियोग लगाएका प्रतिवादीहरू भवानी परियार र भीम

मेदासीले अदालतमा बयान गर्दा एक अर्कामा पोल गरी बयान गरेको देखिन्छ । साइकल चोरी भएको देख्ने प्रत्यक्षदर्शी नभए पनि वरामद भएको साइकल आफ्नो भनी सनाखत गरी सो साइकल जाहेरवालाले बुझी लगेको देखिन्छ । निजहरूका साक्षीहरूले आफ्नो पक्षले चोरी नगरी अर्को पक्षले चोरी गरेको हो भन्ने अर्थमा बकपत्र गरेको र दुवै प्रतिवादीका साक्षीहरूले साइकल लिएर हिडेको कुरालाई समर्थन गरेको देखिन्छ । यी प्रतिवादीहरू एउटै विद्यालयमा सँगै पढ्ने साथी रहेको देखिन्छ । प्रतिवादीहरूले चलाई ल्याएको साइकल आफ्नो हो भन्न र लेखाउन सकेको पनि देखिँदैन । निज प्रतिवादीहरू बीचमा एक आपसमा पूर्व रीसइवीसमेत रहेको देखिँदैन र यस्तो अवस्थामा एकले अर्कालाई पोल गरी बयान दिएको देखिँदा विना कारण अर्कोलाई पोलापोल गरी बयान गर्नु पर्ने अन्य कुनै कारण देखिँदैन । जाहेरवाला र बुझिएका मानिसहरूले अदालतमा आई बकपत्र गर्दा वरामद भएको साइकल यी प्रतिवादीहरूले चोरी गरेका हुन् भनी बकपत्र गरेकोले निजहरूको बकपत्र व्यहोरालाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिन मिल्नेनै देखिन्छ ।

यसरी प्रतिवादीहरू चोरी गरेकोमा ईन्कार रहे पनि सो वरामद भएको साइकल एक अर्काले चलाएको भनी बयान गरेको देखिएको अवस्थामा प्रत्यक्ष देख्ने कोही नभए पनि साइकल हराएका जाहेरवालाले दिएको जाहेरी बकपत्रबाट समर्थन भएको र साइकलसमेत वरामद भएको स्थितिमा परिस्थितिजन्य प्रमाणबाट वरामद भएको साइकल चोरीको हो भन्नेनै देखियो । सम्मानित सर्वोच्च अदालतबाट "परिस्थितिजन्य प्रमाणको आधारमा ठहर गर्ने आधार बिन्दु सम्बद्ध तथ्यको कडी एक आपसमा एकबद्ध रूपले आवद्ध एवं गाँसिएको हुनु पर्दछ । सो गाँसिएको मालाकार कडीमा कुनै छुट हुनु हुँदैन । एउटा तथ्य अर्को तथ्यसँग अन्योनाश्रित हुनु पर्दछ (ने.का.प. २०४८ नि.नं. ४२८७ पृष्ठ १८६)" भनी सिद्धान्त प्रतिपादन भएको र वरामद भएको साइकल चोरीमा यी प्रतिवादीहरू संलग्न रहेको भन्ने जाहेरी भएकोमा अदालतमा आई बयान गर्दा प्रतिवादीहरूले एक आपसमा पोल गरी बयान गरेको, चोरी गरिएको साइकलमा दुवै प्रतिवादीहरू चढेको कुरा निजहरूकै बयान र साक्षीको बकपत्र व्यहोराबाट देखिँदा वरामद भई आएको साइकल चोरी गरेको तथ्य र त्यसको कडीमा एक रूपता रहेको देखिँदा र वारदातको स्थिति र वरामदी लगायतका सम्बद्ध तथ्य एक आपसमा मिलेको र यसमा कुनै श्रृंखला भङ्ग पनि भएको नदेखिएबाट यी प्रतिवादीहरूले परिस्थितिजन्य प्रमाणको आधारमा अभियोग मागदावीअनुसार चोरीको कसूर गरेको ठहर्छ ।

जहाँसम्म यी प्रतिवादीहरूलाई के कति सजाय गर्नु पर्ने हो भन्ने सन्दर्भमा विचार गर्दा यी प्रतिवादीहरू १४ वर्षभन्दा मुनिको नाबालक देखिएबाट बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिमको सजायको मागदावी देखिएको छ । बालबालिकाले गरेका यस प्रकारका कसूरलाई अपराधको श्रेणीमा नराखी बालबिज्याँईको रूपमा लिइनु पर्ने, यस प्रकारको बालबिज्याँई गरेको प्रमाणित भएमा पनि पटके सजाय नगरिने, Recidivism कायम नरहने र न्याय सम्पादन गर्दासमेत Best Interest of Child Principle लाई विचार गरिनु पर्ने भनी बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले उल्लेख गरे मुताविक

नेपालसमेत पक्ष भएको यस महासन्धिअनुसार बालबालिकासम्बन्धी ऐन, २०४८ जारी भएको र सो Best Interest Principle लाई यस ऐनलेसमेत मान्यता प्रदान गरेको छ।

यसमा साथै बालबिज्याँई कम गर्न बालबालिकाको Best Interest Child Principle लाई ध्यान दिँदै Restorative Justice Principle लाईसमेत आत्मसात् गर्नु पर्ने हुन्छ। बालबालिकाको सर्वोत्तम हित के हुन्छ र सो हितलाई विचार गरी बालबिज्याँईकर्तालाई समाजमा सामाजिक परिवेशमा कसरी समायोजना गर्न सकिन्छ त्यसतर्फ पनि विचार गरिनु पर्ने हुन्छ। बालबिज्याँईकर्तालाई Stigmatised गरेर सो बालबालिका समाजमा स्थापित हुन सक्दैन। यस प्रकारको Stigma लाग्ने अवस्था आउँनु सर्वथा Best Interest Principle को विपरीत हुने हुँदा सकेसम्म बालबालिकाको सर्वत्तोमुखी हितलाई ध्यानमा राख्नु पर्ने हुन्छ।

अतः प्रस्तुत मुद्दामा प्रतिवादीहरू भवानी परियार र भीम मेदासीले साइकल चोरी गरी बालबिज्याँई गरेको अवस्था देखिएको र निजहरू १४ वर्षमुनिका भन्ने देखिँदा निजहरूलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) मा जरिवाना हुनेमा हप्काई, सम्झाईबुझाई र कैद हुनेमा कसूर हेरी ६ महिनासम्म कैद हुने उल्लेख भएको देखिँदा प्रतिवादीहरू दुवैलाई मुलुकी ऐन, चोरीको १२ नं. को कसूर अपराध गरेको भनी अभियोग लगाएको देखिँदा कसूरदारलाई जनही सो चोरीको जम्मा बिगोबमोजिम जरिवाना र पहिलो पटकको लागि एक महिना कैदसमेत गर्नु पर्ने भन्ने देखिँदा प्रतिवादीहरूलाई जनही दिन १५ (पन्ध्र) कैद हुने ठहर्छ। तर प्रतिवादीमध्येका भवानी परियार अनुसन्धानको क्रममानै दिन १५ हिरासतमा रहेको देखिँदा निजका हकमा केही गरी रहनु परेन।

अर्का प्रतिवादी भीम मेदासीको हकमा विचार गर्दा यी प्रतिवादी अदालतमा उपस्थित भएको र निजको हकमा दिन १५ (पन्ध्र) कैद हुने ठहरे पनि माथि उल्लेख गरिएझै विद्यालयमा पढ्ने बालक भएको देखिएको र यसरी सजाय गर्दा Stigma लाग्न सक्ने भई निजको पढाई लगायत सबै पक्षमा नकारात्मक प्रभाव पर्न गई Best Interest/Restorative Justice प्रतिकूल हुन जाने देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम हाल कारागारमा नपठाई परिवारसँगै रहने गरी सजाय स्थगन गरिदिएको छ।

जहाँसम्म जरिवानाको सम्बन्ध छ सोतर्फ हेर्दा बालबिज्याँई गर्ने यी प्रतिवादीहरू १४ वर्ष मुनिका नाबालक देखिएका र १४ वर्षभन्दा मुनिका बालबालिकाले बालबिज्याँई गरेको ठहर भएमा जरिवाना हुनेमा हप्काई, सम्झाईबुझाई गर्नु पर्ने भनी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) मा उल्लिखित भएको देखिँदा निजहरूलाई सम्झाई बालबिज्याँई गर्नबाट विमुख गराउनु उपयुक्त हुने देखिँदा जरिवाना गरिरहनु परेन। अरूमा तपसिलबमोजिम हुने गरी अ.बं. १८६ नं. बमोजिम यो फैसला गरिदिएँ।

**तपसिल**

माथि ईन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीहरू भवानी परियार (नेपाली) र भीम मेदासीलाई जनही १५ दिन कैद हुने ठहरी फैसला भएकाले प्रतिवादी भवानी परियार (नेपाली) मिति २०६१/११/१४ गते देखि ऐ. २०६१/१२/२ सम्म अनुसन्धानको क्रममा हिरासतमा बसेको देखिँदा निजलाई लागेको कैद दिन १५ भुक्तान भएको देखिँदा लगत कसी असूल जनाउनु । साथै अर्का प्रतिवादी भीम मेदासीलाई लागेको कैद दिन १५ लगत कसी राखी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम सजाय स्थगन गर्नु ..........................................................................................१

यस अदालतको ईन्साफमा चित नबुझे ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत सुर्खेतमा पुनरावेदन गर्नु भनी प्रतिवादीहरूलाई पुनरावेदनको म्याद दिनु ...................................................२

फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, सुर्खेतलाई दिनु ...............................३

नक्कल माग्ने सरोकारवालाबाट नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु..................४

प्रस्तुत मुद्दाको दायरीबाट लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाई दिनु........५

.....................

जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाएबमोजिम लेख्ने ना.सु. दामोदर पौडेल ।

ईति सम्वत् २०६४ साल बैशाख १७ गते रोज २ मा शुभम्..........................................।

**रूपन्देही जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश श्री कृष्णकमल अधिकारी**
**फैसला**
सम्वत् २०६३ सालको स.फौ.नं. ६७-०६३-०१४५१ नि.नं २८

**मुद्दाः सवारी ज्यान।**

**वादी**
जिल्ला कपिलवस्तु, एकलपुर गा.वि.स., वडा नं. २ इमलिया बस्ने विष्णु भुसालको जाहेरीले नेपाल सरकार..............................१

**प्रतिवादी**
जिल्ला स्याङ्जा, ओरष्टे गा.वि.स., वडा नं. ३ घर भई हाल जनमुक्ति सेना कृष्ण सेन स्मृति विग्रेडमा कार्यरत कमलप्रसाद पोखरेलको छोरा रमेश पोखरेल (नाम परिवर्तन).........................१

**वादीको प्रमाण**
जाहेरवाला विष्णु भुसाल, बिष्णुप्रसाद पराजुली, दिपक घिमिरे, शारदा भुसाल र खेमबहादुर के.सी. समेतका मानिसहरू।

**प्रतिवादीको प्रमाण**
१. मदन खड्का,
२. रमेश नेपाल।

अदालतबाट बुझेको
साक्षी : शारदा भुसाल
कागज : उमेर जाँच प्रतिवेदन।

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं. बमोजिम यसै अदालतको क्षेत्रभित्र पर्न आई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र व्यहोरा यस प्रकार छ :-

जिल्ला रूपन्देही, रूद्रपुर गा.वि.स., वडा नं. २ फायर लाइन जङ्गलस्थित पूर्वमा अन्दाजी ५० मिटरको फरकमा फायरलाइन चोक, पश्चिममा जङ्गल, उत्तरमा महेन्द्रराज मार्ग, दक्षिणमा भसाही रेन्जपोष्ट। यति चार किल्लाभित्र रहेको महेन्द्र राजमार्गदेखि दक्षिण १३ फिट ३ ईन्च कच्ची सडकमा पूर्व टाउको, पश्चिम

खुट्टा भई बोमलाल भुसालको नाकबाट रगत बगेको भन्नेसमेत व्यहोराको लास जाँच घटनास्थल प्रकृति मुचुल्का ।

मिति २०६३/१२/३ गते दिउँसो जिल्ला रूपन्देही, रूद्रपुर गा.वि.स., वडा नं. २ स्थित सडकमा पि.एल.ए. ०२ नं. को टेक्टर जिल्ला रूपन्देही, सालझण्डी गा.वि.स., वडा नं. ५ बस्ने बोमलाल भुसाललाई ठक्कर दिई मुत्यु भएको छ भन्ने खबर पाई घटनास्थल गई लास जाँचसमेतको कार्य सम्पन्न गरी टेक्टर चालक रमेश पोखरेललाई पक्राउ गरी दाखिला गराएको भन्नेसमेत व्यहोराको प्र.नि. नविन क्षेत्रीको प्रतिवेदन ।

म मृतक बोमलाल भुसालको भाइ हुँ । मिति २०६३/१२/३ गते दिउँसो १ः४० बजेको समयमा जनमुक्ति सेना कृष्णसेन स्मृती विग्रेडमा रहेको जनमुक्ति सेनालाई आवश्यक पर्ने दाउरा लिन गएको पि.एल.ए. ०२ नं को टेक्टरमा बसी गएका अवस्थामा टेक्टर ब्याक भई सोही टेक्टरको चक्काले किची बोमलाल भुसालको मृत्यु भएको हुँदा कानूनबमोजिम गरी आवश्यक क्रिया खर्च तथा क्षतिपूर्तिको व्यवस्था मिलाई पाऊँ भन्नेसमेत व्यहोराको विष्णु भुसालको जाहेरी ।

मिति २०६३/११/३ गते दिउँसो म कार्यरत रहेको जनमुक्ति सेना कृष्णसेन स्मृति विग्रेडमा पि.एल.ए ०२ नं. को टेक्टर चलाउथेँ । सोही क्रममा क्याम्प आवश्यक पर्ने दाउरा लगी दाउरा लिने क्रममा टेक्टर चलाई गइरहेको अवस्थामा मैले चिया खाने पसलको मालिक मृतक बोमलाल भुसाल नबस भन्दाभन्दै उक्त टेक्टरमा बसेका र अचानक टेक्टर ब्याक भइरहेको हुँदा कति बेला निज खसी टेक्टरको चक्काले किची मृत्यु भयो । म केही अगाडि गएपछि मात्र थाहा पाई हेर्दा मृत्यु भइसकेको रहेछ भन्नेसमेत व्यहोराको प्रतिवादी रमेश पोखरेलको बयान कागज ।

पहिलाको सहमतिअनुसार मृतकको सम्बन्धित हकवालालाई रू. १,५०,०००/- क्रिया खर्च तथा क्षतिपूर्ति पुनाराम भुसाललाई दिएको भन्ने जनमुक्ति सेना नेपालको मिति २०६३/१२/६ गतेको पत्र र मृतक बोमलाल भुसालको श्रीमती शारदा भुसालले क्रियाखर्च तथा क्षतिपूर्तिको रकम पाइसकेको हुँदा अब दावी नगर्ने भन्नेसमेत व्यहोराको कागज ।

मिति २०६३/१२/३ गतेका दिन म जिल्ला रूपन्देही, रूद्रपुर गा.वि.स., वडा नं. २ मा फायरलेण्ड चोकमा बसिरहेको अवस्थामा अन्दाजी १३ः४० बजेको समयमा हाल पक्राउमा परेको प्रतिवादी रमेश पोखरेल पि.एल.ए. ०२ नं. टेक्टर फायरलेण्ड चोकबाट नजिक शाखा बाटो किनारसम्म रोकी राखेका थिए । निज प्रतिवादीले उक्त टेक्टर कोठी जङ्गलमा दाउरा लिनका लागि जाने हो, दाउरा लिन जाउँ भनी बोमलाल भुसालसमेतलाई भनेका थिए, सो टेक्टर स्टार्ट नहुने हुँदा मृतक र मसमेतका व्यक्तिहरूले उक्त टेक्टरलाई धक्का लगाई स्टार्ट भइसकेपछि मृतक बोमलाल भुसालसमेत सो टेक्टरको सिटदेखि दाँयातर्फका

भागमा बसेका थिए । उक्त टेक्टर निज चालक रमेश पोखरेलले केही अगाडी बढाई टेक्टरलाई पिच सडकतर्फ निकाल्न खोज्दा उक्त टेक्टरमा बसेका बोमलाल भुसाललाई टेक्टरको ट्रलीको टायरले किची मृत्यु भएको हो भन्नेसमेत व्यहोराको दिपक घिमिरेले गरेको कागज ।

मिति २०६३/१२/३ गतेको दिउसो अन्दाजी १:४० बजेको समयमा पक्राउ भई दाखिला हुन आएका रमेश पोखरेलले चालएको पि.एल.ए. ०२ नं. को टेक्टरले जिल्ला रूपन्देही, सालझण्डी गा.वि.स., वडा नं. ५ बस्ने बोमलाल भुसाललाई ठक्कर दिई दुर्घटना गराउँदा निजको मृत्यु घटनास्थलमा भएको हो भन्नेसमेत व्यहोराको पुनाराम भुसालसमेतले गरिदिएको वस्तुस्थिति मुचुल्का ।

यसमा चालक अनुमती पत्रसमेत नभएका प्रतिवादी रमेश पोखरेलले मिति २०६३/१२/३ का दिन टेक्टर चलाएका र मानिस ओसारपसारका लागि अनुमती नभएको टेक्टरमा मृतकसमेतलाई चढ्न दिई सोही टेक्टरबाट मृतक खसेका र सोही टेक्टरको ट्रलीले किची बोमलाल भुसालको मृत्यु भएको देखिन आएबाट प्रतिवादी रमेश पोखरेलले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) तथा १६१(४) को कसूर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादीको उमेर हालसम्मको अनुसन्धानबाट १५ वर्षको भन्ने देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) का आधारले सोही सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) अनुसार सजाय गरी ऐ. दफा १६१(४) अनुसार थप सजायसमेत गरिपाऊँ भन्ने व्यहोराको वादी नेपाल सरकारको अभियोग मागदावी ।

मसँग सवारी चालक अनुमती पत्र छैन । २०६२ सालमा टेक्टर चालउन सिकेको हुँ । जनमुक्ती सेना कृष्णसेन स्मृति विग्रेड सैनामैनामा रहेको पि.एल.ए. ०२ नं. को टेक्टर मैले चलाउँथे । मिति २०६३।१२।३ गते विहान क्याम्पमा आवश्यक परेको दाउरा लिन जाऊँ भनी पठाएकोमा एक पटक ल्याई क्याम्प छोडी पुन लिन जाँदा फायरल्यान्ड जङ्गल नजिकै हरैया जाने चोकमा बोमलालको चिया पसलमा रोकी चिया खाएँ । निजले पनि सँगै जान्छु भनेको थिएँ । मैले टेक्टरमा नचढ भनेको थिएँ । निज जवरजस्ती चढी बसेकाले टेक्टर हाँकी जाँदा खस्न गएको कारण निजको मृत्यु भएको हो मैले जानेर गराएको होइन । मैले आदेशानुसार टेक्टर चलाएको हुँदा मलाई अभियोग दावीबमोजिम सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी रमेश पोखरेलले अदालतसमक्ष गरेको बयान ।

बोमलाल भुसाल मेरा पति हुनु हुन्छ । प्रतिवादी रमेश पोखरेलले दाउरा लिन जाउँ भनी टेक्टरमा बोलाएर लिई गएपछि रमेश पोखरेलले चलाएको टेक्टरले किची मिति २०६३/१२/३ मा बोलमाल भुसालको मृत्यु भएको हो । क्रिया खर्चबापत रू. १,५०,०००/- पाएकी छु भन्नेसमेत व्यहोराको प्रहरीमा कागज गर्ने शारदा भुसालले अदालतमा गरेको बकपत्र ।

## अदालतको ठहर

नियमबमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री यदुनाथ शर्माले प्रतिवादीले चलाएको टेक्टरले किची बोललाल भुसालको मृत्यु भएको कुरालाई स्वयं निजले स्वीकार गरेको र सो कुरा प्रहरीमा कागज गर्ने शारदा भुसालले अदालतमा गरेको बकपत्रबाटसमेत पुष्टि भइरहेको हुँदा चालक अनुमती पत्र विना सवारी चलाउने यी प्रतिवादीलाई मागबमोजिम सजाय गरिपाऊँ भनी गर्नु भएको बहस तथा प्रतिवादी तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री शिवप्रसाद गौडेलले प्रतिवादीउपर बालबालिकासम्बन्धी ऐन, २०४८ समेतको आधार लिई अभियोगपत्र दायर गरेकोमा प्रतिवादी नाबालक भएको कुरालाई अभियोजन पक्षले स्वीकार गरिरहेको अवस्थामा यस्ता नाबालकलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) अनुरूप सजायको माग गर्न मिल्दैन । वादी पक्षले नाबालक भनी स्वीकार गरिसकेको अवस्थामा पुनः उमेर पुगेको भनी प्राप्त प्रमाणलाई आधार लिई गरिएको अनुरोधमा अदालतबाट संशोधन गर्न नमिल्ने भनी आदेश भएबाट प्रतिवादीको उमेर सम्बन्धमा अन्यथा भन्ने अवस्था छैन । तसर्थ यस्तो अवस्थामा दफा १६१(२) को अवस्था आकर्षित हुने होइन, आकर्षित नभएको अवस्थामा निजलाई सफाई हुनु पर्छ भनी गर्नु भएको बहससमेत सुनियो ।

मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा प्रतिवादी रमेश पोखरेलउपर निजले चलाएको पि.एल.ए. ०२ नं. को ट्याक्टरले बोमलाल भुसाललाई किची मारेकोमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) को आधारले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) अनुसार सजाय भई ऐ. १६१(४) अनुसार थप सजायको मागदावी लिई अभियोगपत्र दायर भएको प्रस्तुत मुद्दामा आफूले चलाएको कृष्णसेन स्मृति विग्रेडको टेक्टरमा चढेका बोमलाल भुसाल टेक्टरबाट खसी किचिन गई मृत्यु भएको हो, जानेर दुर्घटना गराएको होइन भन्नेसमेतको प्रतिवादीको बयान देखिन्छ ।

प्रस्तुत मुद्दामा बालबालिकासम्बन्धी ऐन, २०४८ समेतका आधारमा अभियोगपत्र दायर भएकोमा तत्पश्चात नाबालक देखिने गरी उमेर संशोधनका लागि अनुरोध भई आएको र त्यस सम्बन्धमा तात्विक अन्तर आउँने गरी उमेर संशोधन गर्न मिलेन भनी मिति २०६४/५/३ मा आदेश भइरहेको छ । प्रस्तुत मुद्दामा निर्णय गर्नु पर्ने कुरामा प्रवेश गर्नु पूर्व यस सम्बन्धमा भए गरेको कामकारवाहीलाई उल्लेख गर्नु सान्दर्भिक हुन आउँछ ।

मिसिल संलग्न कागजात हेर्दा जिल्ला सरकारी वकिल कार्यालयको च.नं ९५९ मिति २०६३/१२/२७ को पत्रमा अनुसन्धान गर्ने निकाय ईलाका प्रहरी कार्यालय, बुटवलका नाउँमा प्रतिवादीको उमेर एकिन खुल्ने आवश्यक प्रमाणहरू मिसिल सामेल राख्नु भनी लेखी पठाएको देखिन्छ । तत्पश्चात उक्त इलाका प्रहरी कार्यालयबाट उमेर एकिन भई नआएको भन्नेसमेतको व्यहोरा खोली मिति २०६३/१२/२८ मा सरकारी वकिल कार्यालयका नाउँमा पत्राचार भई सोही दिन अभियोगपत्र दायर भइरहेको देखिन्छ ।

अभियोगपत्रमा यी प्रतिवादीलाई नाबालक स्वीकार गरी प्रचलित कानूनका आधारमा २०६३/१२/२९ मा थुनछेकको आदेश सम्पन्न भइसकेपश्चात् इलाका प्रहरी कार्यालय, बुटवलबाट उमेर जाँच प्रतिवेदन सिधै यस अदालतमा मिति २०६३/१२/३० मा प्राप्त भएको छ भने जिल्ला सरकारी वकिल कार्यालयबाट २०६४/४/२५ मा प्रतिवादीको उमेर १६ साढे वर्ष कायम हुने गरी जिल्ला अदालत नियमावली, २०५२ को नियम १७ बमोजिम अनुरोध भई आएकोमा संशोधन गर्न नमिल्ने आदेश भइरहेको छ । यी मिसिल संलग्न कागजातको समग्र अध्ययबाट अनुसन्धान गर्ने निकायले उमेर सम्बन्धमा समयमै प्रमाणको संकलन गर्न र आफूलाई प्राप्त निर्देशनबमोजिम अभियोगपत्र दायर हुनु पूर्व उमेर खुलेको एकिन प्रमाण पेश गर्नसमेत सकेको देखिएन । अनुसन्धानको क्रममा प्रतिवादीको बयानबाट १५ वर्ष देखिन आएकोमा अनुसन्धानको अन्त्यतिर निर्देशन दिइएको छ र सोअनुसार अभियोगपत्र दायर हुँदाका दिनसम्म स्वास्थ्य परीक्षणबाट उमेर एकिन भइरहेको पनि देखिँदैन । सङ्कलित प्रमाणको विश्लेषण गरी प्रतिवादीलाई नाबालक मानी अभियोगपत्र दायर भई थुनछेकको आदेशपश्चात् अदालतमा संशोधनका लागि अनुरोध भई आएपछि इजलासबाट संशोधन गर्न नमिल्ने गरी आदेश भइरहेको छ । अनुसन्धानको क्रममा सम्वद्ध निकाय प्रमाण सङ्कलन गर्ने कार्यमा सक्रिय रहेमा न्याय सम्पादनमा मद्दत पुग्छ भन्नेतर्फ सदैव सजग रहनु पर्छ । प्रस्तुत मुद्दामा प्रतिवादीको उमेरको सम्बन्धमा भए गरेको कामकारवाहीले सम्वद्ध निकायलाई समयमै प्रभावकारी अनुसन्धान गर्नु पर्नेतर्फ ध्यान दिनु पर्ने अभिव्यक्ति दिइरहेको छ ।

अव प्रस्तुत मुद्दाको सम्बन्धमा प्रतिवादीउपरको अभियोग दावी, प्रतिवादीको बयान लगायतका मिसिल संलग्न कागजात अध्ययन गरी निर्णयतर्फ प्रवेश गर्नु पर्ने भई त्यसतर्फ विचार गर्दा मूलभूत रूपमा देहाएका विषयमा निर्णय दिनु पर्ने देखिन्छ ।

१. यी प्रतिवादीले के कस्तो कसूर गरेका हुन् ?
२. निजलाई के कति सजाय हुनु पर्ने हो ?

सर्वप्रथम पहिलो बुदातर्फ विचार गर्दा प्रतिवादी रमेश पोखरेलले चलाएको कृष्णसेन स्मृति विग्रेड पि.एल.ए. ०२ नं. को ट्याक्टरले किचेर बोमलाल भुसालको मृत्यु भएको कुरामा प्रतिवादी स्वयं सावितै रहेका निजको साबितीलाई शव परीक्षण प्रतिवेदन तथा मौकाको शारदा भुसालले गरेको बकपत्रसमेतबाट पुष्टि भइरहेको छ । यस अवस्थामा निजले गरेको कसूर के कस्तो प्रकृतिको हो ? हेर्नु पर्ने हुन्छ । निजउपर ऐनको १६१(२) को सजायको माग गरिएको छ । उक्त १६१(२) को कानूनी व्यवस्था हेर्दा "......कसैले ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानीजानी वा लापरवाही गरी सवारी चलाएको कारणबाट दुर्घटना हुन गई त्यसैको कारणबाट कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने ........." भन्नेसमेत व्यवस्था देखिन्छ । उक्त कानूनी व्यवस्थाले जानीजानी वा लापरवाही गरेको अवस्था देखिनु पर्ने भनेको छ । प्रतिवादीको उमेरलाई हेर्दा नाबालक रहेका छन् । यो उमेरका व्यक्तिले चालक अनुमती प्राप्त गर्ने हैसियत पनि राख्दैनन । अनुमती प्राप्त गर्नको लागि कानूनले अधिकार प्रदान नगरेका नाबालकलाई दफा १६१(२) र १६१(४) को दावी गरिएको छ । यी दुवै दफालाई जोडेर हेर्दा नाबालकको हकमा कानूनले

परिकल्पना गरेको भनी मान्न मिल्दैन किनभने साबालक भएका व्यक्तिले आफूले गर्न लागेको कामको प्रकृतिलाई विश्लेषण गरी परिणामको आँकलन गर्न सक्छ भन्ने कुरा कानूनले अनुमान गरेको हुन्छ तर सोही कुरालाई नाबालकको हकमा गरेको हुँदैन । चालक अनुमती प्राप्त गर्ने अधिकार प्राप्त भइनसकेका यी प्रतिवादीलाई नेपाल कम्यूनिष्ट पार्टी, माओवादीको जनमुक्ति सेनाको आफ्नै नम्बर अंकित ट्र्याक्टर चलाउन लगाइएको अवस्थामा वारदात भएको छ। प्रतिवादी १५ वर्षको नाबालक र मृतकको उमेर वयस्क देखिन्छ। नाबालकले चलाएको टेक्टरबाट मृत्यु भएको छ। प्रतिवादीले जानीजानी वा लापरवाही गरेको भन्ने गरी दफा १६१(२) ले गरेको कानूनी व्यवस्थालाई आधार लिई गरिएको दावीलाई यी नाबालक प्रतिवादीको सन्दर्भमा जोडेर हेर्न न्यायोचित हुँदैन । उमेर अवस्थाको कारणले नाबालकमा परिपक्वता आइसकेको हुँदैन । तसर्थ त्यस्ता व्यक्तिको हितको लागि राज्य स्वयंले सोची बालकको सर्वोत्तम हित (Best interest of the child) लाई ध्यानमा राख्नु पर्छ भनेरनै बालअधिकारसम्बन्धी महासन्धि (Convention on the Rights of the Child, 1989) ले व्यवस्था गरेको छ। यसै महासन्धिलाई अनुमोदन गर्ने हाम्रो मुलुकले पनि बालबालिकासम्बन्धी ऐन, २०४८ को व्यवस्था गरिरहेको छ । यी कानूनी व्यवस्थाले नाबालकको उमेर अवस्थाको कारणले उनीहरूको शारीरिक र मानसिक परिपक्वता आइसकेको हुँदैन भन्ने कुरालाई स्थापित गरेको छ। यस स्थापित मान्यताअनुरूप नाबालककै हकअधिकारको लागि अदालतसमेत संवेदनशील हुनु पर्छ ।

उक्त बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३(१) ले अदालतसमेत बालबालिकाको सर्वोत्तम हितनै प्राथमिक विचारको कुरा हुनेछ भन्ने व्यवस्थाको उल्लेख गर्नुका अतिरिक्त बालबालिका संलग्न विवादमा अनिवार्य रूपमा कानून व्यवसायी राख्नु पर्ने गरी गरेको व्यवस्थासमेत प्रस्तुत विवादमा सान्दर्भिक छ। सोहीअनुरूप यी प्रतिवादीले तारेख गुजारी बसे पनि निजका कानून व्यावसायीको बहस सुन्ने काम भएको छ । यी सबै कुराबाट नाबालकको उमेर अवस्थाको कारणले निजमा परिपक्कता आइसकेको हुँदैन। त्यस अवस्थामा निजलाई साबालकसरह हेर्न हुँदैन भन्ने कुरालाई मानेको छ। प्रस्तुत विवादको प्रकृतिले मृतक बोमलाललाई प्रतिवादीले मार्नु पर्ने अवस्था छैन । यस अवस्थमा निजले अभियोग दावीअनुसारको कसूर गरेको मान्न मिल्दैन। वारदातको प्रकृति, प्रतिवादीको बयान, निजको उमेर, अवस्था तथा सवारी चलाउने गरेको र त्यसैबाट दुर्घटना भई मृतक बोमलालको मृत्यु भएकोसमेतका मिसिल संलग्न कागजातबाट प्रतिवादीले सवारी तथा यातायात व्यवस्थापन ऐन, २०४९ को दफा १६१(३) अनुसारको कसूर गरेको ठहर्छ। ऐ दफा १६१(२) बमोजिमको कसूर गरेमा सजाय गरिपाऊँ भन्ने दावी पुग्न सक्दैन।

अब निजलाई के कति सजाय हुनु पर्ने हो भन्ने दोस्रो बुँदातर्फ विचार गर्दा प्रतिवादीले दफा १६१(३) बमोजिम कसुर गरेको कुरा ठहर भइरहेको हुँदा सो कसूरमा हुन सक्ने सजायतर्फ हेर्नु पर्ने हुन्छ। उक्त दफा हेर्दा १ वर्षसम्म कैद वा दुई हजार रूपैयासम्म जरिवाना वा दुवै हुनेछ भन्ने व्यवस्था देखिन्छ। प्रस्तुत मुद्दाका प्रतिवादी नाबालक रहे भएको कुरा माथि उल्लेख भइरहेको छ । नाबालकलाई ऐनमा भएबमोजिम के कति सजाय गर्नु पर्ने हो त्यसतर्फ निर्णयकर्तालाई स्वविवेकीय अधिकार छाडेको छ। तर

पनि न्यायकर्ताले स्वविवेकीय अधिकारको प्रयोग गर्दा बालकको सर्वोत्तम हित (Best Interest of the Child) भन्ने कुरालाई कदापि विर्सन हुँदैन ।

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को व्यवस्थालाईसमेत प्रस्तुत मुद्दामा उल्लेख गर्नु पर्ने देखिन्छ । सो महासन्धिको धारा ३७(ख) "ले बालबालिकाको गिरफ्तारी थुना वा कैद कानूनअनुरूप हुनेछ र अन्तिम उपायको रूपमा र सबभन्दा कम समयावधिको लागि मात्र प्रयोग गरिनेछ" भनी व्यवस्था गरेको छ । यस व्यवस्थाले नाबालकलाई सकभर कैद नगर्नेतर्फ निर्देश गरेको छ । प्रतिवादी रमेश पोखरेलले चलाएको गाडी ने.क.पा. माओवादीको कृष्णसेन स्मृति विग्रेडसँग सम्बद्ध भई पार्टीको निर्देशनअनुरूप सवारी चालक अनुमती पत्रबिना सवारी चलाएको अवस्था छ । निज प्रहरी हिरासतमा २६ दिन बसिसकेको देखिन्छ । यसरी अनुसन्धानमै हिरासतमा बसिसकेका यी प्रतिवादीलाई पुनः कैदको सजाय गर्दा विश्वव्यापी रूपमा CRC ले स्थापित गरेको मान्यताअनुरूप सजाय गरेको ठहर्दैन ।

तसर्थ उक्त महासन्धिको दफा ३७(ख) अनुरूप जरिवानासम्म गर्नु न्यायोचित हुँदा प्रतिवादी रमेश पोखरेललाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम रू. ६५०/- जरिवाना हुने हुँदा रू. ३२५/- जरिवाना हुने ठहर्छ । प्रतिवादीउपर ऐ. १६१(४) बमोजिम सजायको मागदावी लिएकोतर्फ हेर्दा उक्त १६१(४) ले दफा १६१(१) वा १६१(२) को कसूर गरेको अवस्थामा मात्र थप सजायको व्यवस्था गरेको छ । तर प्रस्तुत मुद्दामा प्रतिवादीले दफा १६१(३) बमोजिमको कसूर गरेको ठहरी दफा १६१(२) बमोजिमको सजाय गरिपाऊँ भन्ने दावी पुग्न नसक्ने ठहरेकाले दफा १६१(३) को सजायको ठहर भएका यी प्रतिवादीको हकमा थप सजाय गर्न मिल्दैन । सो नमिल्नाले ऐ दफा १६१(४) बमोजिम थप सजाय गरिपाऊँ भन्ने तर्फसमेतको अभियोग दावी पुग्न सक्दैन ।

**तपसिल**

प्रतिवादी रमेश पोखरेलको, माथि ईन्साफ खण्डमा लेखिएबमोजिम सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) अनुसार कसूर गरेको ठहरी निजलाई ऐ. बमोजिम रू. ६५०/- जरिवाना हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधी सजाय हुने हुँदा रू. ३२५/- जरिवाना हुने ठहरेकाले निज प्रतिवादी रमेश पोखरेल मिति २०६३/१२/३ देखि प्रहरी हिरासतमा रही मिति २०६३/१२/२९ का आदेशले तारेखमा छुटी जम्मा दिन २६ (छब्बीस) प्रहरी हिरासतमा रही थुनामा बसेको देखिँदा मुलुकी ऐन, दण्ड सजायको ५३ नं ले प्रति दिनको रू. २५/- का दरले दिन २६ को जम्मा रू. ६५०/- हुनेमा निजलाई ठहरेको जरिवाना रू. ३२५/- थुनामा बसी कट्टा भइसकेको देखिँदा केही गरिरहन परेन ........................................................................................१

यस ईन्साफमा चित्त नबुझे ऐनका म्याद ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, बुटवलमा पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, रूपन्देही र प्रतिवादी रमेश पोखरेललाई सरकारी मुद्दासम्बन्धी

ऐन, २०४९ को दफा २६(१) बमोजिम पुनरावेदनको म्याद दिई निस्सा मिसिल सामेल राख्नु ...........२

सरोकारवाला व्यक्तिले फैसलाको नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु ..........................................................................................३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु .........४

...................
जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाएबमोजिम कम्प्यूटर टाइप गर्ने लक्ष्मी ।

ईति सम्वत् २०६४ साल भाद्र २७ गते रोज ५ मा शुभम्..............................................।

**बाँके जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री भरतप्रसाद अधिकारी**

**फैसला**

सम्वत् २०६३ सालको स.फौ.नं. ७४-०६४-००६५०/२०४

नाबालक नं. ५

निर्णय नं. : ८९

**मुद्दा : जवरजस्ती करणी।**

**वादीको नाम, थर, वतन**

कन्या घर्ति (नाम परिवर्तन) को जाहेरीले वादी नेपाल सरकार............................१

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला बाँके, नौवस्ता गा.वि.स., वडा नं. ३ बस्ने वर्ष १५ को जैलुन घर्ति (नाम परिवर्तन)..............१

ऐ. ऐ. बस्ने वर्ष १४ को सम्भव राना (नाम परिवर्तन).......................................१

ऐ. ऐ. बस्ने वर्ष १५ को गोपाल राना क्षेत्री (नाम परिवर्तन)................................१

**साक्षी**

जाहेरवाला - कन्या घर्ति

देख्ने, सुन्ने - घटना विवरणका मानिसहरु

**साक्षी**

हिराबहादुर राना ................................१

लिलाबहादुर चुनार.............................१

हुकुम साउद....................................१

हुमबहादुर राना.................................१

डिला राना .....................................१

कागजः ×

कागजः ×

**अदालतबाट वुझेको**

**साक्षी**

कन्या घर्ति ........................... १

चिमकला घर्ति ........................१

हिराबहादुर राना ......................१
डिला राना ........................१

**कागज**

जन्ममिति सम्बन्धमा ने.रा.वि. नौवस्ता ३ कलरामपुर, बाँकेमा गरिएको पत्राचार थान-२ ।

जन्मदर्ता प्रमाणपत्र सम्बन्धमा नौवस्ता गा.वि.स.को कार्यालय बाँकेमा गरिएको पत्राचार ।

न्याय प्रशासन ऐन, २०४८ को दफा ७, र अ.बं. २९ नं. अनुसार यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छ :-

मिति २०६४/९/१० गते दिउसो अन्दाजी १ बजेको समयमा मेरो लाटी लठेउरी वर्ष १५ की छोरी रमा घर्ति (नाम परिवर्तन) लाई गोपाल राना, सम्भव राना र जैलुन घर्तीले जवरजस्ती करणी गरेकोले हदैसम्म कारवाही गरिपाऊँ भन्ने व्यहोराको बीरमा घर्तिको जाहेरी दरखास्त ।

जिल्ला बाँके, नौवस्ता गा.वि.स. ३ रामपुरटोलस्थित कन्या घर्तिको घरमा गोपाल रानासमेतका अन्यायीले रमा घर्तिलाई जवरजस्ती करणी गरेको भन्ने घटनास्थल मुचुल्का ।

रमा घर्तिलाई कोही कसैले करणी गर्न जाऊँ भनी भनेको होइन । म र सम्भव रानाले मात्र करणी गरेको हो भन्ने प्रतिवादी खुमबहादुर घर्तिले निजको घरमा गई रमा घर्तिलाई करणी गरेको हो । गोपाल रानाले गरेको होइनन् भन्ने प्रतिवादी सम्भव रानाले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान ।

रमा घर्ति, सम्भव राना, जैलुन घर्ति कोठामा थिए । मैले जवरजस्ती करणी गरेको होइन । निज सम्भव राना, जैलुन घर्तिले गरेको हुन् भन्ने प्रतिवादी गोपाल राना क्षेत्रीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान ।

रमा घर्तिको झिल्ली नरहेको पछाडिको भागको पातामा खोस्रिएको दाग रहेको भन्ने स्वास्थ्य परीक्षण रिपोर्ट ।

गोपाल राना, जैलुन घर्ति, सम्भव राना, रमा घर्तिको घरमा पसी सामुहिक रुपमा जवरजस्ती करणी गरेको भन्ने हल्ला सुनी थाहा पाएको हुँ । आखाले देखिन भन्ने डिला बस्नेत, कमलबहादुर राना क्षेत्री, अम्मरबहादुर चुदारा र पदम सुनारको एकै मिलानको घटना विवरण कागज ।

जैलुन घर्ति, गोपाल राना, सम्भव रानाले रमा घर्तिलाई सामुहिक रुपमा जवरजस्ती करणी गरेको भन्ने हल्ला सुनी थाहा पाएको हो । आँखाले देखिन भन्ने रतनसिंह राना क्षेत्रीले गरेको घटना विवरण कागज ।

करणी गरेको भन्ने आँखाले देखिन, सुनी थाहा पाएको हो । मेरो नाउँमा ऐलानी ५ कट्टा जमिन छ भन्ने कहरसिंह घर्ति क्षेत्रीले गरेको घटना विवरण कागज ।

मेरो नाउँमा ऐलानी ५ कठ्ठा छ, करणी गरेको भन्ने आँखाले देखिन, हल्ला सुनी थाहा पाएको हो भन्ने क्षेत्रबहादुर रानाले गरेको घटना विवरण कागज ।

मेरो नाउँमा चल तथा अचल सम्पत्ति केही छैन । ५ कठ्ठा ऐलानी जग्गा छ । बलात्कार गरेको भन्ने सुनी थाहा पाएको हो भन्ने मानबहादुर रानाले गरेको घटना विवरण कागज ।

गोपाल राना, सम्भव राना, जैलुन घर्तिले मलाई सामुहिक रुपमा जवरजस्ती करणी गरी यो कुरा कसैलाई नभन्नु भनेपछि मारि दिन्छु भन्दै गएका हुन् भन्ने पीडित रमा घर्तिले गरेको घटना विवरण कागज ।

शुरु जाहेरी दरखास्त घटनास्थल प्रकृति मुचुल्का पीडितको भनाई एवं घटनास्थल आसपासका मानिसहरुको कागज तथा पीडितको शरीरिक जाँच प्रतिवेदनसमेतबाट यी अभियुक्तहरु जैलुन घर्ति, गोपाल राना र सम्भव रानाले सामुहिक रुपमा पीडितलाई जवरजस्ती करणी गरेको तथ्य प्रमाणित हुन आएकोले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १३ को कसूरमा पीडित रमा घर्तिको उमेर १५ वर्षको देखिँदा अभियुक्त जैलुन घर्ति, गोपालर राना र सम्भव रानालाई सोही महलको ३(३) नं. बमोजिम सजाय हुन र असक्त अपाङ्ग सुस्तमनस्थितिकी पीडित रमा घर्तिलाई जवरजस्ती करणी गर्ने अभियुक्तहरु तीनै जनालाई सोही महलको ३(क) नं. बमोजिम थप सजायसमेत गरी सोही महलको १० नं. अनुसार अभियुक्तहरु तीनै जनाबाट पीडित रमा घर्तिलाई क्षतिपूर्तिसमेत दिलाई भराईपाऊँ साथै जैलुन घर्ति र गोपाल राना १५ वर्षको र सम्भव राना १४ वर्ष उमेरको रहेको तथ्य मिसिल संलग्न जन्मदर्ता प्रमाणपत्रको फोटोकपी, विद्यालयको पत्र, एवं स्वयं अभियुक्तहरुको बयानसमेतबाट प्रमाणित हुन आएकोले निज अभियुक्तहरु तीनै जनालाई उपयुक्त सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरिपाऊँ भन्ने व्यहोराको अभियोग मागदावी ।

म रमा घर्तिको घरमा गएपछि निजले आफैले ढोकाबाट भित्र इसाराले भित्र बोलाई आफैले आफुले लगाएको सुरुवाल खोली भुईमा सुतेकीले मैले कण्डम लगाई करणी गरेको हुँ । मैले लिङ्ग योनीभित्र आधा जति प्रवेश गरेको हो । मैले मेरो बीर्य नखस्दै लिङ्ग बाहिर निकाली बाहिर आएपछि सम्भव रानाले करणी गरेको हो । मैले र सम्भव रानाले रमा घर्तिको सहमतीले करणी गरेको र गोपाल रानाले करणी गरेको

होइन । मैले राजीखुसी साथ करणी गरेकोले सजाय हुनु पर्ने होइन भनी प्रतिवादी जैलुन घर्तिले आफ्नो आमा मति घर्ति (नाम परिवर्तन) को रोहवरमा बसी यस अदालतमा गरेको बयान ।

रमा घर्तिले करणी गर्न बोलाएकोले जैलुन घर्तिले पहिले करणी गरी गएपछि मैले निजलाई करणी गर्दाकै अवस्थामा गोपालले देखेको हुँदा अरुलाई भनि दिन्छ भनी रमा घर्ति रुन लागेकी हो । गोपालले करणी गरेको होइन । केटीको राजिखुसीले करणी गरेको हुँदा सजाय हुने होइन भनी प्रतिवादी सम्भव राना क्षेत्रीले आफ्नो बुबा रामबहादुर राना (नाम परिवर्तन) आमा कालीसरा राना (नाम परिवर्तन) को रोहवरमा बसी यस अदालतमा गरेको बयान ।

रमा आफैले बोलाई राजिखुसीबाट करणी गराएको हो भनेर सम्भव राना, जैलुन घर्तिले पछि भनेकोले थाहा पाएको हुँ । मैले रमा घर्तिलाई करणी गरेको होइन । मलाई सजाय हुने होइन भनी प्रतिवादी गोपाल राना क्षेत्रीले आफ्नो बाबु हरिबहादुर राना क्षेत्री (नाम परिवर्तन) को रोहवरमा बसी यस अदालतमा गरेको बयान ।

छोरी रमालाई तीन जनाले जवरजस्ती गरेको ईसारा गरेर बताएकी थिई । छोरी रमा प्रतिवादी जैलुन घर्तिको घरमा गई निजलाई देखाएकी र जैलुन घर्तिलाई सोध्दा निजले सम्भव राना, गोपाल रानालाई करणी गरेका हुन् भनी देखाएकी हुन् । जाहेरीमा लेखिएको व्यहोरा ठीक छ भनी जाहेरवाला कन्या घर्तिले यस अदालतमा गरेको बयान ।

मलाई सम्भव राना, जैलुन घर्ति र गोपाल रानाले करणी गरेको हुन् । मैले करणी गर्न भनी कसैलाई बोलाएको होइन भनी पीडित रमा घर्तिले आफ्नो आमा जाहेरवाला कन्या घर्तिको रोहवरमा बसी यस अदालतमा गरेको बकपत्र ।

रमा घर्तिले जैलुन र सम्भव रानालाई ईसाराले बोलाएर स्वेच्छिक करणी गराएकी हुन् । करणी गराई रहेको अवस्थामा गोपाल रानाले देखेर हासेकोले गाउँ घरमा हल्ला भएपछि वेइज्जती हुने डरले नाबालकहरुलाई फसाउनका लागि जाहेरी दिएकी हुन् । प्रतिवादीहरुले जवरजस्ती करणी नगरेको हुँदा सजाय पाउनु पर्ने होइन भनि प्रतिवादी जैलुन घर्ति र सम्भव रानाको साक्षी हिराबहादुर रानाले यस अदालतमा गरेको बकपत्र ।

रमाले जैलुन घर्ति र सम्भव रानालाई ईसाराले बोलाएर स्वेच्छिक करणी गराएको बेलामा गोपाल रानाले देखेकोले वेइज्जत हुने डरले जाहेरी दिएकी हुन् । प्रतिवादीहरुले जवरजस्ती करणी नगरेको हुनाले सजाय हुनु पर्ने होइन भनी प्रतिवादी गोपाल रानाको साक्षी डिला रानाले यस अदालतमा गरेको बकपत्र ।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहीक तथा आजको दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ इजालाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता उमाकान्त पौडेलले प्रस्तुत गर्नु भएको मिति ०६४/९/१० मा जाहेरवाला काम विशेषले बाहिर गएको पीडित बोल्न नसक्ने छोरीलाई घरमा एक्लै छोडेको अवस्था मौका पारी दिनको समयमा यी प्रतिवादीहरुले सामुहिक रुपमा बलात्कार गरेका पीडित छोरीले व्यक्त गरेको कुरा यथार्थ उल्लेख गरी पीडितको आमाले किटानी जाहेरी दिई पीडितलेसमेत त्यस्तै व्यहोराको कागजसमेत गरी अदालतमा बकपत्र गर्दासमेत जाहेरवाला तथा पीडितसमेतले किटानी गरेको प्रतिवादीहरुले गरेको बयानअनुसारसमेत पीडितलाई निजहरुले करणी गरेको कुरामा विवाद नरहेको पीडितको शारीरिक जाँचबाट निजको योनीको झिल्ली नरहेको योनी सुन्निएको भन्ने उल्लेख भएसमेतबाट करणी भएको पुष्टि भइरहेकोसमेत हुँदा अभियोग मागदावीअनुसार निज प्रतिवादीहरुलाई सजाय हुनु पर्छ भन्नेसमेतको बहस तथा प्रतिवादीहरु तीनै जनाको तर्फबाट रहनु भएका विद्वान अधिवक्ता त्रय लोकबहादुर शाह, झविन्द्रप्रसाद पौडेल, ईश्वरीप्रसाद ज्ञवालीले प्रस्तुत गर्नु भएको पीडित भनिएकी रमा घर्ती आफैले ईसाराले बोलाएर प्रतिवादी मध्येका जैलुन तथा सम्भव रानालाई आफैले तानेर लगेको प्रतिवादी गोपाल राना पानी खान पसेको निज गोपाल राना हासेको सम्म हो । निज गोपालले देखेको कारणले मात्र प्रस्तुत मुद्दा चलेको हो । अन्यथा मुद्दा चल्नेनै थिएन । किनकि पीडित भनिएकै रमाको ईसारामा निजहरु गएका हुन् । निज प्रतिवादीहरु पीडित भनिएकी रमाको इच्छा विपरीत भएको भन्ने नभई प्रतिवादीहरुले समाएको जवरजस्ती गरेका भन्नेसमेत छैन । प्रतिवादीहरु १५ वर्ष र सोभन्दा मुनिका छन् भने चित्रकला घर्तीको उमेर १६ वर्ष नाघी सकेको छ । नाबालकले साबालकलाई जवरजस्ती करणी गर्ने अवस्थै हुँदैन । पीडित भनीएकीसमेतको सहमतीबाटै प्रतिवादीहरु प्रवेश गरेको हुन् । ईसाराबाट बोलाएरै प्रतिवादीहरु सम्भव, जैलुनले उल्लिखित कार्य गरी गोपाल पछि प्रवेश गरी देखेर हासेकोसम्म भएपनि निज प्रतिवादीहरुको पनि यौनजन्य कार्यमा पहिलो अनुभव भएकोले बोलाए पनि नजानु नगर्नु पर्थ्यो । सो हदसम्म निजहरुको गल्ती भएको हुँदा निजहरुलाई सुध्रने मौकासमेत दिनु पर्ने निजहरु नाबालक अवस्थाका विद्यालयमा अध्ययनरत विद्यार्थीसमेत हुँदा निजहरुले सफाई पाउनु पर्छ भन्नेसमेतको बहससमेत सुनियो ।

बालमनोविज्ञ बिनोदकुमार उपाध्यायले पेश गर्नु भएको प्रतिवादी यी बालकहरुको समस्या विश्लेषण निजहरुलाई पर्न गएको प्रभाव निजहरुको मनोवैज्ञानिक अवस्था बच्चाको व्यवहारबाट देखिएको अवस्था मनोसामाजिक अवस्थासमेत उल्लिखित मिसिल संलग्न प्रारम्भिक सूचना प्रतिवेदनसमेतको अध्ययन गरी निजले प्रतिवादी बालकहरुको सम्बन्धमा राख्नु भएको धारणा राय छलफलसमेत सुनियो ।

समाजसेवी विष्णु पोखेलले दिनु भएको प्रतिवेदनसमेत हेरियो ।
विद्वान सह जिल्ला न्यायाधिवक्ता तथा विद्वान अधिवक्ताहरुले प्रस्तुत गर्नु भएको बहस बालमनोविज्ञले राख्नु भएको धारणा छलफलसमेत सुनी मिसील संलग्न संकलित सम्पूर्ण कागजातहरुको अध्ययन गरी हेर्दा

अभियोग मागदावीबमोजिमको कसूर प्रतिवादीहरुले गरेको हुन्, होइनन् ? सजाय हुनु पर्ने हो, होइन ? हो भने कस्तो सजाय हुने हो र के कसो गर्नु पर्ने हो भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो ।

निर्णयतर्फ विचार गर्दा यसमा पीडित रमा घर्तीलाई करणी भएको कुरा निजको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा प्रतिवादी जैलुन एवं सम्भव रानासमेतको बयानबाट देखिई प्रतिवादी जैलुन घर्ति तथा सम्भव रानाले अधिकारप्राप्त अधिकारीसमक्ष तथा यस अदालतमा गरेको बयानसमेतमा रमालाई निजहरुले करणी गरेको कुरामा साबितै रहेसमेतबाट निज प्रतिवादीहरु जैलुन घर्ति र सम्भव रानाले निज रमालाई करणी गरेको कुरा पुष्टि हुन आउँछ । प्रतिवादी मधयेका गोपाल राना अर्का प्रतिवादीहरुले करणी गरिरहेको अवस्थामा पुगी हासेकोले उजुरी दिएका हुन् । आफुले करणी गरेको होइन भन्नेसमेतको निजको यस अदालतमा गरेको बयानसमेतमा उल्लेख भई अर्का प्रतिवादीहरुसमेतले आफ्नो बयानमा निज गोपाल रानाले करणी गरेको होइन । पुगेको सम्म हो भन्नेसमेतबाट निज प्रतिवादी गोपाल रानाले करणी नगरेको तर अर्का प्रतिवादीहरुले करणी गरी रहँदा पुगेकोसम्म देखिन आयो । यी प्रतिवादीहरुको उमेर १४ वर्ष माथिका १६ वर्ष मुनिको देखिएको र पीडित रमा घर्तिको उमेर निजको पहिले विद्यालयमा अध्ययन गर्दाको प्राप्त रेकर्डअनुसार १६ वर्ष ६ महिना पुगेको देखिँदा नाबालक यी प्रतिवादी सम्भव राना र जैलुन घर्तिसमेतले १६ वर्ष माथिका आफुभन्दा बढी उमेरका निज रमा घर्तिलाई करणी गर्दा जवरजस्तीसँग गरेको हो या होइनन् भनि विचार गर्दा निजको स्वास्थ्य परीक्षणसमेतबाट जवरजस्तीको चिन्ह नपाएको भएपनि निज प्रष्ट बोल्न नसक्ने ईसाराले कुरा गर्ने हुँदा प्रतिवादी मध्येका जैलुन घर्ति र सम्भव रानाले प्रष्ट बोल्न नसक्ने असक्त अवस्थाकी पीडितलाई करणी गर्ने कार्य जवरजस्तीनै भएको मान्नु पर्नेसमेत हुँदा प्रतिवादी मध्येका जैलुन घर्ति र सम्भव रानाले प्रष्ट बोल्न नसक्ने असक्त अवस्थाकी पीडित रमा घर्तिलाई जवरजस्ती करणी गरेको ठहर्छ ।

अर्का प्रतिवादी गोपाल रानाले जवरजस्ती करणी नगरेको तर जवरजस्ती करणी गर्ने कुरा जानी थाहा पाई सो ठाउँमा हुल गरी सँगै लागी गएकोसम्म ठहर्छ ।

सो ठहर्नाले प्रतिवादी मध्येका जैलुन घर्ति र सम्भव रानालाई जवरजस्ती करणीको ३ नं. को देहाय दफा (४) अनुसार उमेर पुगेकोलाई हुन सक्ने कैद वर्ष ५ को आधा २ वर्ष ६ महिना (अढाई वर्ष) र असक्त प्रष्ट बोल्न नसक्ने पीडितलाई हुल भई करणी गरेतर्फ उक्त ऐनकै ३(क) नं. बमोजिम उमेर पुगेकालाई हुन सक्ने कैद ५ वर्षको आधार अढाई वर्ष गरी निजहरुलाई जनही ५ (पाँच) वर्ष कैद सजाय हुने ठहर्छ । प्रतिवादी गोपाल रानालाई उक्त ऐनको ४ नं. बमोजिम उमेर पुगेकालाई हुने कैद १० महिनाको आधा ५ महिना कैद सजाय हुने ठहर्छ ।

मुद्दाको प्रकृति कसूर हुँदाको अवस्था प्रतिवादीहरुको आर्थिक हैसियतसमेतलाई विचार गरी प्रतिवादी मध्येका जैलुन घर्ति र सम्भव रानाले पीडित रमा घर्तिलाई उक्त ऐनकै १० नं. बमोजिम क्षतिपूर्तिबापत

जनही रु. १,५००/- (अक्षेरुपी एक हजार पाँचसय रुपैयाँ मात्र) र प्रतिवादी गोपाल रानाले रु. १०००/- (अक्षेरुपी एक हजार रुपैयाँ मात्र) क्षतिपूर्ति दिनु पर्ने ठहर्छ ।

प्रतिवादी मध्येका जैलुन घर्ति र सम्भव रानालाई जनही जम्मा कैद ५ पाँच वर्ष हुने ठहरेकोले ठहर भएको कैदबापत अहिलेनै कैदमा राख्नु मनासिवसमेत नदेखिँदा कसूर गर्दाको अवस्था मुद्दाको प्रकृति निजहरु विद्यालयमा अध्ययन गर्दैरहेको नाबालक अवस्था उचित बालसुलभ प्रकृतिको कारागार व्यवस्थाको अभावसमेतबाट निजहरुलाई कारागारमै राख्दा निजहरुको जीवनमा भविष्यमा पर्न सक्ने प्रभाव लाटी खालकी लठेवरी पीडितलाई सामुहिक रुपमा करणी गरेको कारणसमेतबाट कसूरदार सावित भए पनि प्रतिवादीहरु १५ वर्ष र सोभन्दा मुनिका भई पीडित रमा घर्तीको उमेर १६ वर्षभन्दा माथि भई नाबालकहरुले साबालकलाई करणी गरेको अवस्था पीडितको स्वास्थ्य परीक्षणबाट देखिएको शारीरिक अवस्था प्रतिवादीहरुको पारिवारिक आर्थिक स्थिति सामाजिक परिवेश प्रतिवादीहरुले पहिलो पटक यस्तो कसूर गरेको भन्ने भई इजलाससमक्षसमेत व्यक्त भइरहेको निजहरुको आत्मग्लानीपनासमेतलाई मध्यनजर राखी निजहरुले पीडितलाई दिनु पर्ने ठहर भएको क्षतिपूर्ति दिएमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम निजहरुलाई लागेको कैद तत्काल भोग्नु नपर्ने गरी स्थगन गरिदिइएको छ ।

प्रतिवादी गोपाल रानाको हकमा निजले पीडितले पाउने गरी तिर्नु पर्ने ठहर भएको क्षतिपूर्ति रकम दाखेल गरेमा निजलाई लागेको कैद ५ (पाँच) महिना भुक्तान भएपछि थुनाबाट छुटी जान पाउँछ । अरु तपसिलबमोजिम गर्ने गरी प्रस्तुत मुद्दा अ.बं. १८६ नं. बमोजिम फैसला गरिदिएँ ।

**तपसिल**

माथि ईन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी जैलुन घर्ति र सम्भव रानालाई जनही कैद ५(पाँच) वर्ष हुने ठहरी फैसला भएको पीडितलाई यी प्रतिवादीहरुले जनही रु. १,५००/- क्षतिपूर्ति दिने ठहरी भएको फैसलाअनुसार उक्त क्षतिपूर्तिको रकम धरौटीमा आम्दानी बाधिएको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम निजहरुलाई लागेको कैद तत्काल भोग्नु नपर्ने गरी स्थगन गरी दिने ठहरी फैसला भएकोले निज प्रतिवादीहरु जैलुन घर्ति र सम्भव रानालाई आजै थुना मुक्त गरी दिनु ......१

अर्का प्रतिवादी गोपाल राना मिति २०६४/९/१६ मा पक्राउमा परी मुद्दा पुर्पक्षको क्रममा हालसम्म थुनामा रहेको देखिँदा निजलाई लागेको कैद महिना ५(पाँच) भुक्तान भइसकेको देखिएको र निज प्रतिवादीले पीडितलाई दिनु पर्ने क्षतिपूर्ति रकम रु. १०००/- धरौटीमा आम्दानी बाँधिसकेको देखिँदा निज प्रतिवादी गोपाल रानालाई थुनामुक्त गरि दिनु...........................................................२

यस अदालतको फैसलामा चित्त नबुझे सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ का म्याद ७० दिनभित्र पुनरावेदन अदालत, नेपालगञ्जमा पुनरावेदन गर्नु होला भनी फैसलाको जानकारीसहित जिल्ला

सरकारी वकिल कार्यालय, बाँकेलाई पुनरावेदनको म्याद दिनु र सोहीअनुसार गर्नु भनी प्रतिवादीहरुलाई पनि पुनरावेदनको म्याद दिनु...............................................................३

प्रतिवादीहरुले पीडितलाई क्षतिपूर्ति दिनु पर्ने ठहरी प्रतिवादीहरुले धरौटीमा दाखेल गरेको रुपैयाँ प्रस्तुत मुद्दा अन्तिम किनारा भएपछि कानूनबमोजिम सो रकम दिलाई भराईपाऊँ भनी पीडित पक्ष माग्न आएमा पीडित पक्षले पाउने गरी सो रकम खर्च लेखि दिनु ....................................................४

नक्कल माग्ने सरोकारवालालाई लाग्ने दस्तुर लिई नक्कल दिनु .........................................५

दायरीको लगत कट्टा गरी मिसिल छिनुवा फाँटमा बुझाई दिनु .........................................६

.......................

जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाएबमोजिम टिपोट गर्ने ना.सु. सन्तबहादुर पौडेल ।

ईति सम्वत् २०६५ साल जेष्ठ २१ गते रोज ३ शुभम् ..................................................।

**मोरङ जिल्ला अदालत**

**इजलास**

**माननीय न्यायाधीश भीमकुमार ओझा**

**फैसला**

**उपस्थिति**

१. मनोविज्ञानवेत्ता श्री बिना कोईराला

२. समाजसेवी श्री अरूणा काफ्ले

दा.नं. २७-०६३-००१९१ निर्णय नं. २०

**मुद्दा : जवरजस्ती करणी।**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| जिल्ला मोरङ, बिराटनगर उपमहानगपालिका वार्ड नं. १६ दरैया बस्ने ग देवी यादवको जाहेरीले वादी नेपाल सरकार............१ | सुरेन्द्र महतोको छोरा, जिल्ला सिपोल, किसनपुर थाना मौजा गाउँ भारत घर भई हाल जिल्ला मोरङ, विराटनगर–१६, दरैयास्थित विन्देश्वर महतोको घरमा काम गर्न बसेको वर्ष १४ को घ महतो (नाम परिवर्तन).........................१ |
| **ऐ. को प्रमाण**<br>साक्षी : ×<br>कागज : × | **ऐ. को प्रमाण**<br>साक्षी : ×<br>कागज : × |

**अदालतबाट बुझेको**

**साक्षी**

प्रशान्तकुमार महत्तो..........१

उदिचन यादव...............१

पवित्रा देवी यादव .........१

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ.बं. २९ नं. बमोजिम यसै अदालतको क्षत्राधिकारभित्रको रही प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य तथा व्यहोरा निम्नानुसार छ :-

जिल्ला मोरङ, विराटनगर १६ स्थितमा पर्ने सुनसरी जिल्ला, मोरङ जिल्लाको सिमानामा पर्ने कशलिया नदी, पूर्व ऐ. मा पर्ने ऐ. बस्ने भैरवप्रसादको अन्दाजी ५ बिगाह क्षेत्रफल भएको उखु खेत, पश्चिम नदीको किनारा उत्तर ऐ. बस्ने नदीको किनारा, उत्तर ऐ. बस्ने सिंहदासको दालवारी लगाएको खेत दक्षिण, ऐ. मा पर्ने प्रताप शर्माको उखु बारी भएको खेत । यति चार किल्लाभित्रमा पर्ने अन्दाजी ५ बिगाह क्षेत्रफल भएको भैरवप्रसाद को ८ फिट अग्लो उखु खेत भएको उक्त उखु बारी चारैतिर घना बाक्लो भएको सो उखुबारीभित्र पसी हेर्दा बीचमा अन्दाजी ४ फिट लम्वाई चौडाई भएको उखु नभएको खाली जमिन भई भुँईमा झारपात पलाएको भुँई माडिएको देखिएको प्रतिवादी घ महतोले जवरजस्ती करणी गरेको भनी पीडित च कुमारी यादवले देखाएको मिति २०६३/०६/२२ को घट्नास्थल चार किल्ला विवरण ।

मिति २०६३/०६/२१ गते बिहानै उठी म जुटमिलमा कामको खोजीमा गए र १० बजे तिर घरमा आउँदा छोरी च कुमारी यादव बाख्रा चराउन गईसकेकी थिईन सोही दिन साँझ ५ बजे बाख्रा चराई छोरी घरमा आइन । सदाझै बाख्रा ढिलो घरमा लिई आएकी र किन ढिलो आएको भनी सोधपुछ गर्दा छोरी केही नबोली घरभित्र पसी सुती । म पनि गई छोरीको जिउ छाम्दा ज्वरो आएको तातो भएकाले खाना नखाई सुती । म पनि काम धन्दा सकी छोरीसँग सुते, रातमा छोरीले दुख्यो, पोल्यो भनी रोई कराई गरी भोली विहान २०६३/०६/२२ गते राती किन रोएको केमा दुख्यो पोल्यो भनी सोधखोज गर्दा निजले लगाएको सुरूवालमा रगत लागी सुकेको । कसरी रगत लाग्यो भनी छोरीलाई सोधनी गर्दा छोरी रूदै म बाख्रा चराउन गएको बेला घ महतोले मलाई हातमा समाई ऊखुबारीभित्र लगी मुख थुनी भुँईमा लडाई जवरजस्ती करणी गऱ्यो भन्दा मैले थाहा पाई छोरीले लगाएको सुरूवाल खोल भन्दा मैले थाहा पाई छोरीले लगाएको सुरूवाल खोली गुप्ताङ्ग हेर्दा रातो भई रगत पानी बगेको देखी जवरजस्ती करणी गरेको विश्वास भई घ महतो बसेको घरमा गई घ खोई भनी सोध्दा छैन भन्ने जवाफ पाएको हुँदा निज प्रतिवादी घ महतोले एकान्त ठाउँमा पारी मेरो छोरी वर्ष ९ कि च कुमारी यादवलाई जवरजस्ती करणी गरेको हुँदा पीडित छोरीसँग बुझी शारीरिक परीक्षण गरी प्रतिवादीलाई पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाऊँ भन्ने पीडितको आमा ग देवी यादवले दिएको २०६३/०६/२२ को जाहेरी दरखास्त ।

मिति २०६३/०६/२१ गते बिहान अन्दाजी ९:३० बजेतिर सँदाझै म बाख्रा चराउनको लागि बाख्रा लिई गएको थिए । सो अवस्थामा घरमा आमा थिइनन्, सोही दिन साँझ ४ बजेको समयमा गाउँकै घ के कहाँबाट म भएको ठाउँमा आई मलाई जवरजस्ती हातमा समाई उखुबारीभित्र लगी मुख थुनी कऱ्याक कुरूक पारी भुँईमा लडाई पूर्व टाउको, पश्चिम खुट्टापारी मैले लगाएको सुरूवाल खोली निजले लगाएको हाफ पेन्ट खोली उत्तेजक भई लिङ्ग ठाडो पारी मेरो योनीमा रगड्दा मेरो योनी दुखी रून कराउन नदिई जवरजस्ती लिङ्ग मेरो योनीभित्र पसायो । एक पटक मात्र करणी गऱ्यो । योनी दुखी रगत बग्यो, म रोए त्यसपछि घ महतो के कहाँ गयो मलाई घ महतोले करणी गरेको हो भन्ने व्यहोराको पीडित च कुमारी यादवले गरेको मिति २०६३/०६/२३ को कागज ।

मिति २०६३/०६/२१ गते बिहान अन्दाजी १० बजेको समयमा गाईलाई घाँस काट्न भनी मेरो मालिक विन्देश्वर महतोको खेतमा गएको थिए। पीडित च कुमारी यादवले मेरो बाख्रा हेरी दे भनी मलाई बोलायो, म गए, बाख्रा रेखदेख गरेपछि सो ठाउँमा कोही पनि मानिस थिएन, एकान्त ठाउँ थियो। च कुमारी यादव पनि एक्लै थिई। मलाई भित्रबाट करणी गर्न मन लागि मैले हात समाई तान्दै नजिकको उखु बारीमा लगी पीडितले नमान्दै मैले भुँईमा जवरजस्ती लडाई मुख थुनी टाउको पूर्व खुट्टा पश्चिम पारी पीडितले लगाएको कटु खोली मैले पनि हाफ पेन्ट खोली उत्तेजित भई पीडितका योनीमा लिङ्ग जवरजस्ती पसाई एक पटक करणी गरेको हुँ, र मैले करणी गर्दा योनीबाट रगत आएन र बीर्य स्खलन भएन भन्ने व्यहोराको प्रतिवादी घ महतोले मिति २०६३/०६/२७ मा गरेको बयान कागज।

पीडित च यादवको कोशी अञ्चल अस्पतालबाट स्वास्थ परीक्षण भई प्राप्त भएको स्वास्थ परीक्षण रिपोर्ट।

पीडित च यादवले वारदातको बेला लगाएको भनिएको सुरूवालमा रगत लागी सुकी टाटो देखिएको हुँदा उक्त रगत लागेको कपडा परीक्षण गर्नका लागि उक्त सुरूवालको टुक्रा काटी कटिङ्ग खामबन्दी गरी पठाइएको भन्नेसमेत व्यहोराको मुचुल्का।

मिति २०६३/०६/२१ गतेका दिन निज प्रतिवादी घ महतो घाँस काट्न भनी उखुवारीतर्फ गएका हुन्, सो दिन जाहेरवालाको छोरी च कुमारी यादवलाई जवरजस्ती करणी गरेको कुरा जाहेरवालीले भन्दा थाहा पाएको हो।

मैलेसमेत बुझ्दा प्रतिवादी घ महतोले च कुमारी यादवलाई जवरजस्ती करणी गरेको रहेछ भन्ने व्यहोराको विन्देश्वरप्रसाद महतोले मिति २०६३/०७/०२ मा गरेको कागज।

प्रतिवादी घ महतोको उमेर जाँच गर्दा निजको उमेर १४ वर्षदेखी १६ वर्षसम्मको देखिएको भन्नेसमेत व्यहोराको कोशी अञ्चल अस्पतालका चिकित्सकबाट उमेर परीक्षण गरी पठाएको प्रतिवेदन।

मिति २०६३/०६/२१ गते दिनको समयमा घरमा थियो। ऐ. २२ गते विहान ८ बजे जाहेरवाली ग देवी यादवको छोरी वर्ष ९ की च कुमारी यादवलाई विराटनगर-१६ स्थित उखुवारीमा प्रतिवादी घ महतोले जवरजस्ती करणी गरेको सुनी पीडित च कुमारी यादवलाई हेर्दा करणी गरेको जस्तो लाग्यो भन्ने व्यहोराको एकै मिलानका उदीचन यादवसमेतले गरेको मिति २०६३/०७/१४ को वस्तुस्थिति मुचुल्का।

उल्लिखित प्रतिवादी घ महतोलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. र ३(१) नं. बर्खिलापको कसूरजन्य कार्यमा ऐ. जवरजस्ती करणीको महलको ३(१) नं. बमोजिम सजाय गरी

प्रतिवादीको आधा अंशसमेत सर्वस्व गरी ऐ. महलको १० नं. बमोजिम पीडितलाई दिलाई पाउनसमेत मागदावी लिइएको छ । यसमा पक्राउ प्रतिवादीले आफ्नो उमेर १५ वर्षको भनी बयानमा खुलाएको र निजका उमेर परीक्षण भई आएको रिपोर्टलेसमेत प्रतिवादीको बयानमा उल्लिखित उमेरसँग मेल हुने प्रकृतिको रहेको देखिँदा प्रतिवादीको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) आकर्षित हुने अवस्था देखिएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोगपत्र ।

मैले अभियोग दावीबमोजिम करणी गरेको होइन छैन । मलाई करणी गर, यहाँ चढ भनेर त्यो केटीले भन्यो अनि मैले गरेको हो । केटीको नाम म जान्दिन, मैले एक पटक करणी गरेको हो । जवरजस्ती गरेको होइन भन्ने कुरा होइन । त्यसै केटीले गर भनेकोले गरेको हो, जवरजस्ती नगरेकोले सजाय हुने होइन । अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पनि मैले जवरजस्ती गरेको भनिन त्यसै झुट्ठा लेख्नु भयो भन्ने समेत व्यहोराको प्रतिवादी घ महतोले मिति २०६३/०७/१९ म अदालतमा गरेको बयान कागज ।

आरोपित प्रतिवादीले आफ्नु बिज्याँईलाई स्विकार गरिसकेको र सुधार गृहमा राखी सुध्रिने मौका प्रदान गरेकोमा अभिभावकसँग रहेर सुध्रिने मौकासमेत दिनु पर्ने देखिन्छ भनी मनोविज्ञानवेत्ता एवं समाजसेवीको राय ।

जाहेरवाला एवं घटनास्थल मुचुल्काका मानिसहरूले उपस्थित भई गरिदिएको बकपत्र मिसिल सामेल रहेको देखिन्छ ।

## अदालतको ठहर

जिल्ला अदालत नियमावली, २०५२ को नियम ३० र ३१ बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत जवरजस्ती करणी मुद्दामा अभियोग दावीबमोजिम यी प्रतिवादीले कसूर गरेको हो कि होइन र दावीबमोजिम सजाय हुने हो की होइन ? भन्ने कुराको निर्णय दिनु पर्ने देखियो ।

यी प्रतिवादीले बाख्रा चराउन गएको मौकामा उखु बारीमा लगी जवरजस्ती करणी गरेको भनी वारदातको भोलीपल्ट भनेको हुँदा निजको गुप्ताङ्ग हेर्दा सुन्निई रातो पानी बगेको देखिँदा कारवाही गरिपाऊँ भनी जाहेरी परी यी प्रतिवादीउपर मुलुकी ऐन, जवरजस्ती करणीको ३(१), १० र पीडक १५ वर्षको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय होस भनी अभियोगपत्र पेश भएको रहेछ ।

वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सह जिल्ला न्यायाधिवक्ता शम्भु गौतमले यी प्रतिवादी अदालतमा आई बयान गर्दा र अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दासमेत कसूरमा सावित भई बयान गरेको पीडित एवं जाहेरवालीले बकपत्र गर्दासमेत आफूले अनुसन्धानको क्रममा गरेको कागजलाई समर्थन गर्दै बकपत्रसमेत गरिदिएको अवस्था हुँदा दावीबमोजिम सजाय हुनु पर्छ भनी गर्नु भएको बहससमेत सुनियो । प्रतिवादी पक्षको प्रतिउत्तरको लागि कानून व्यवसायी नभएको ।

अब निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दा इजलासबाट सुनुवाई भई निर्णय गर्नु पर्ने हुँदा बालमनोवैज्ञानीक बिना कोईराला सामाजिक कार्यकर्ता अरूणा काफ्लेले आरोपित प्रतिवादी नाबालक घ महतोले आफूले गरेको बिज्याँईलाई कौतुहल बस गरेको स्किार गरिसकेको, निजको शारीरिक स्वास्थस्थिती पूर्ण स्वास्थ्यनै देखिएको र अदालतबाट सुधार गृहमा राखी निजलाई सुध्रने अवसर प्रदान गरेकोले सुधार गृहमा गरेको उसको क्रियाकलापलाई आधार मान्दै अव पनि सुधार गृहमा पठाउने वा अभिभावकसँग रहेर सुध्रने मौका दिनु पर्ने देखिन्छ  भनी प्रतिवेदन पेश गर्नु भएको देखिन्छ। यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा म र पीडित बाख्रा चराउन गएको अवस्थामा एकान्त स्थानमा कोही नभएको हुँदा मलाई करणी गरेको हो भनी बयान गरेका छन् भने अदालतमा आई बयान गर्दा करणी गरेको कुरालाई स्वीकार गर्दै पीडितलेनै चढ भनेकोले एकपटक करणी गरेको हो भनी बयान गरेको देखिन्छ । तर पीडित ९ वर्षको उमेरको देखिँदा निजको इच्छालेनै करणी गर भन्ने भनाई मिल्दो देखिँदैन । पीडित च कुमारी यादवले अदालतमा आई बकपत्र गर्दा आफूले अधिकारीसमक्ष गरेको कागजलाई पुष्टि गर्दै मेरै मुखमा मेरै अण्डरवियर कोची मेरो पिसाव फेर्ने ठाउँमा आफ्नो लिङ्ग प्रवेश गराएपछि मेरो पिसाव फेर्ने ठाउँबाट रगत आएपछि प्रतिवादी भागी गएको हो, भनी बकपत्र गरी दिएको देखिन्छ। साथै जाहेरवाली ग देवी यादवलेसमेत आफूले अनुसन्धान हुने क्रममा गरेको कागजलाई पुष्टि गर्दै यी प्रतिवादीले आफ्नो छोरीलाई जवरजस्ती करणी गरेको हो भनी बकपत्र गरेको देखिन्छ। उपरोक्त प्रमाणको आधारमा यी प्रतिवादीले यी पीडितलाई जवरजस्ती करणी गरेको कुरा पुष्टि हुन आयो। तसर्थ यी प्रतिवादीले अभियोग दावीबमोजिम कसूर गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादी घ महतोलाई यी पीडित ९ वर्षकी भएकी हुँदा मुलुकी ऐन, जवरजस्ती करणीको महलको ३(१) नं. ले १२ वर्ष कैद हुनेमा प्रतिवादी घ महतो १५ वर्षको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. ले आधा कैद वर्ष ६(छ) हुने र प्रस्तुत वारदात २०६३/०६/२१ को देखिँदा ऐ. को १० नं. ले यी प्रतिवादीले आधा अंश सर्वस्व हुने हुँदा पीडितले प्रतिवादीबाट भराई पाउनेसमेत ठहर्छ। सो ठहर्नाले अरूमा तपसिलबमोजिम गर्नु ।

## तपसिल

प्रतिवादी घ महतो माथि ईन्साफ खण्डमा लेखिएबमोजिम निज प्रतिवादीले जवरजस्ती करणीको महल १ र ९ नं. बमोजिमको कसूर अपराध गरेको ठहरेकाले निजलाई सोही महलको ३(१) नं. ले १२ वर्ष कैद हुनेमा निज प्रतिवादी १५ वर्षको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) ले आधा सजाय हुनेमा ६ वर्ष कैद र जवरजस्ती करणी गरेको महलको १० ले प्रतिवादीको आधा अंश सर्वस्व

गरी पीडितले भराई पाउने ठहरेकाले निज प्रतिवादी मिति २०६३/०६/२३ गतेदेखि प्रहरी हिरासतमा रही यस अदालतको मिति २०६३।०७।१९ को आदेशले पुर्पक्षको लागि थुनामा रहेको देखिँदा निजलाई लागेको कैद प्रहरी हिरासतमा बसेकी मिति २०६३/६/२३ देखि मिति २०६९/०६/२३ सम्म कैद वर्ष ६ बालसुधार गृहमा राखी मिति २०६९/०६/२४ गतेबाट छाडी दिनु भनी कैद म्याद ठेकी बाल सुधार गृह, भक्तपुरमा लेखी पठाई दिनु ..........................................................................१

माथि ईन्साफ खण्डमा लेखिएबमोजिम पीडितले प्रतिवादी घ महतोबाट जवरजस्ती करणीको महलको १० नं. ले प्रतिवादीको भागमा पर्ने आधा अंश पीडितले भरी पाउने ठहरेकोले उक्त प्रतिवादीको आधा अंश भराईपाऊँ भनी प्रतिवादीको यसै सरहदको जेथा देखाई ऐनका म्यादभित्र दरखास्त दिए प्रतिवादीबाट पीडितलाई उक्त अंश दिलाई दिनु ..................................................................२

यो फैसलामा चित्तनबुझे कानूनका म्याद ७० दिनभित्र पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्नु भनी प्रतिवादीलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम ७० दिने पुनरावेदनको म्याद दिनु..............................................................................................३

प्रस्तुत मुद्दा फैसला भएको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, मोरङलाई पत्र लेखी पठाई दिनु ..............................................................................................४

सरोकारवालालाई नियमानुसार नक्कल दिनु...................................................५

मुद्दाको लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ...........................................६

......................

जिल्ला न्यायाधीश

यो पाना ५ को फैसला जिल्ला न्यायाधीश ज्यूको निर्देशनबमोजिम तयार गर्ने ना.सु. मोहन आचार्य ।

ईति सम्वत् २०६५ साल श्रावण २३ गते रोज ५ शुभम्..............................................।

**भक्तपुर जिल्ला अदालत**

**इजलास**

**माननीय न्यायाधीश श्री मोहनरमण भट्टराई**

**फैसला**

दायरी मिति : २०६५/०३/२७

स.वा.फौं.मि.नं. : ५७/१३० नि.नं. : १

**मुद्दा : चोरी।**

**वादी**

भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका, वडा नं. ११ बस्ने सुरेन्द्र भेलेको जाहेरीले नेपाल सरकार........................१

**प्रतिवादी**

रविवपी घर भई हाल भक्तपुर जिल्ला भक्तपुर नगरपालिका च्यामासिंह बस्ने ज्ञान बहादुरको छोरा **अ** लामा............१

काभ्रेपलान्चोक जिल्ला, फुलवारी दाप्चा गा.वि.स. वडा नं. ४ घर भई हाल भक्तपुर पाँचतले बस्ने बुद्धिबहादुरको छोरा द तामाङ................................................१

भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका, वडा नं. ११ बस्ने काले दादा भन्ने क बजिखो.............................१

**अदालतबाट बुझेको : ×**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.बं. २९ नं. समेतले यसै अदालतको क्षेत्राधिकारअन्तर्गत भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :–

भक्तपुर जिल्ला नगरपालिका वडा नं. ११ स्थित उत्तर मोहडा भएको चारतले सुरेन्द्र भेलेको घर रहेको, सो घरको पहिलो तलाको एक वटा कोठा रहेको, सो कोठाको उत्तर साइडमा झ्याल रहेको, सो झ्यालमुनि भुँईमा निलो जिन्सको पाइन्ट रहेको भन्ने घट्नास्थल प्रकृति मुचुल्का ।

मिति २०६५/०३/१७ गते राती अन्दाजी १:०० बजेको समयमा मेरो कोठाको सिरानमा काँटीमा झुण्ड्याई राखेको पाइन्टको गोजीमा रहेको कालो पर्ससहित नगद रू. ७०६०/- र भारू ४००/- नयाँ एभरेष्ट बैङ्कको चेकसमेत **द** लामासहितका मानिसहरूले चारी गरेको हुँदा निजहरूलाई पक्राउ गरी कारवाही गरिपाऊँ भन्ने सुरेन्द्र भेलेको जाहेरी दरखास्त ।

भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. २ स्थित कमलविनायक जाने सडकको पूर्व चोकमा दुईजना केटा मानिस शंकास्पद रूपमा उभिएको देखिएको, निजहरूको शरीर तलासी गर्दा द लामाको साथबाट सुरेन्द्र भेले लेखिएको एभरेष्ट बैङ्क लि. को बैङ्क चेक तथा भारू. ४००/- र नेपाली रू. ७०६०/- कालो पर्ससहित फेला परेको हुँदा कानूनबमोजिम वरामद गरी प्रतिवेदनसाथ दाखिला गरेको र अ लामाको साथबाट केही फेला नपरेको भन्ने वरामद मुचुल्का ।

वरामद भई आएको पर्स र सोभित्र रहेको नगद रू. ७०६०/-, भारू. ४००/- तथा बैङ्कको कागजातसहित मेरो हो भन्नेसमेत व्यहोराको जाहेरवालाले गरिदिएको सनाखत कागज ।

म, द लामा, दिपेश पहाडी र कालेदादा भन्ने क बजिखो जना ४ मिति २०६५/०३/१७ गते अन्दाजी २३:०० बजेको समयमा जाहेरवालाको कोठाको झ्यालबाटभित्र पसी नगदसमेत रहेको पर्स चोरी गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी अ लामाले अधिकारप्राप्त अधिकारीसमक्ष गरी दिएको बयान कागज ।

म, अ लामा, दिपेश पहाडी र कालेदादा भन्ने क बजिखो जना ४ भई २०६५/०३/१७ गते अन्दाजी २३:०० बजेको समयमा जाहेवालाको कोठाको झ्यालबाट भित्र पसी नगदसमेत रहेको पर्स चोरी गरेको हो । मिति २०६५/०३/१८ गते सो पर्स नगदसहित मलाई प्रहरीले पक्राउ गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी द लामाले अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको बयान कागज ।

जाहेरवालाको नगदसमेत भएको पर्स अ लामा, द लामासमेत भई चोरी गरेको हो भन्ने बुझिएका राजेन्द्र किजु र शिव सिल्पकारले गरी दिएको कागज ।

मेरो बुबाले छोराछोरी हेरचाह नगर्ने भएकाले भाइ द लामालाई जिम्मा लिन नसक्ने हुँदा बाल सुधार गृहमा राखी अनुसन्धान गरिपाऊँ भन्ने लक्ष्मी तामाङले गरेको कागज ।

यी प्रतिवादीहरूले जाहेरवालाको घर पसी नगदसमेत चोरी गरेको देखिएकोले यी प्रतिवादीहरूउपर मुलुकी ऐन, चोरीको १/३ नं. को कसूरमा ऐ. को १२ नं. र १४ नं. बमोजिम बालबालिकासम्बन्धी ऐन, २०४८ कोसमेत आधारमा सजाय हुन मागदावी लिई पेश भएको अभियोगपत्र ।

दिपेश र क ले म र अ लाई पाटीमा छाडेर केही बेर गएपछि पैसा चोरेर ल्याई मलाई राख्न दिएका थिए, कहाँबाट ल्याए थाहा भएन भन्नेसमेत प्रतिवादी द तामाङको बयान ।

मैले पैसा चोरेको होइन, क ले पैसा चोरेर द लाई राख्न दिएको हो भन्नेसमेत प्रतिवादी अ लामाको बयान ।

प्रतिवादी क बजिखोको नामको म्याद बेपत्ते भई सरकारी वकिल कार्यालयबाट अर्को वतन खुलाउन नसक्ने भनी पत्राचार गरेको देखिन्छ ।

बालमनोविज्ञ तथा समाजसेवीको राय प्रतिवेदन प्राप्त भई मिसिल संलग्न रहेको देखिन्छ ।

## अदालतको ठहर

नियमबमोजिम दैनिक सूचीमा पेशी सूचीमा चढी आज यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दाका मिसिल संलग्न कागजात अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुरको विद्वान जिल्ला न्यायाधिवक्ता श्री रमानाथ पौडेलले यी प्रतिवादीहरूबाट रू ७०६०/- ने.रू. तथा अरू भारू. ४००/- समेत वरामद भएको अवस्था हुनाले यी प्रतिवादीहरूको कसूर गरेको कुरा निजहरूको अधिकारप्राप्त अधिकारीसमक्षको बयानबाटसमेत स्पष्ट भएको हुनाले यी प्रतिवादीहरूलाई अभियोगपत्र मागदावीबमोजिम सजाय हुनु पर्छ भन्नेसमेत जिकिर लिई गर्नु भएको बहससमेत तथा प्रतिवादीहरूको तर्फबाट विद्वान बैतनिक अधिवक्ता श्री प्रदिप कार्कीले यी प्रतिवादीहरूले यस अदालतमा कसूरमा ईन्कार रही बयान गरेका छन् तसर्थ भरसक यी प्रतिवादीहरूलाई सफाई हुनु पर्छ यदी सजायनै गर्नु पर्ने भएको खण्डमा पनि यी नाबालक तथा अवोध जस्ता भएको हुनाले यी प्रतिवादीहरूलाई न्यूनतम् सजाय हुनु पर्छ भन्नेसमेत जिकिर लिई गर्नु भएको बहससमेत सुनियो । अब यी प्रतिवादीहरूले अभियोगपत्रमा उल्लेख भएबमोजिमको कसूर गरे नगरेको के हो ? भन्ने विषयमा निर्णय दिनु पर्ने भएको छ ।

यसमा निर्णयतर्फ विचार गर्दा, यी प्रतिवादीहरूउपर मुलुकी ऐन, चोरीको १/३ को कसूरमा ऐ. को १२ नं. र १४ को १ नं. बमोजिम बालबालिकासम्बन्धी ऐन, २०४८ कोसमेत आधारमा सजाय हुन मागदावी लिई अभियोगपत्र पेश हुन आएकोमा सर्वप्रथम प्रतिवादी मध्येका क बजिखोको नामको समह्वान म्याद बेपत्ते तामेल भई आएको र वादी पक्षले अर्को वतन नभएको भन्ने पत्रसमेत पठाएका आधारमा प्रस्तुत मुद्दा जिल्ला अदालत नियमावली, २०५२ को नियम १९ क(४) नं. बमोजिम तामेलीमा राखी दिनु पर्ने देखियो । अरू प्रतिवादीहरू अ लामा र द लामाको हकमा निजहरूले अधिकारप्राप्त अधिकारीसमक्ष कसूर स्वीकार गरी बयान गरेको देखिएको र प्रतिवादीहरूसँगै उभिएको अवस्थामा द लामाबाट रू. ७०६०/- र ४००/- भा.रू. समेत वरामद भएको देखिन आयो । यस अदालतमा प्रतिवादी द तामाङले बयान गर्दा दिपेश र क ले म र अ लाई पाटीमा छाडेर केही वेर गएपछि पैसा चोरेर ल्याई मलाई राख्न दिएका हुन् भन्नेसमेत व्यहोरा लेखिएको देखिन्छ । साथै बाबुले रक्सि खाएर आएर आमालाई कुटपीट गर्नु हुन्छ, मैले पैसा नपाएर दुई कक्षामा पढ्दापढ्दै छाडेको छ भन्नेसमेत निजको बयान व्यहोरामा देखिन आयो । यसै गरी प्रतिवादी अ लामाले गरेको यस अदालतको बयानमा क लाई पैसा चोरेर दिनेशलाई राख्न दिएको हो, हामी पाटीमा बसेका थियौं, पैसा चोर्न गएको होइन भन्नेसमेत व्यहोरा लेखेको देखिन आयो । यी प्रतिवादीहरूबाट वरामद भएको रकम जाहेरवालालाई फिर्ता दिनु भन्नेसमेत यस अदालतबाट आदेश गएको देखिन आयो ।

यी प्रतिवादीहरूको उपर्युक्त बयान व्यहोरा तथा वरामदी मुचुल्कासमेतका आधारमा यी प्रतिवादीहरूले आरोपित कसूर गरेको देखिन आएकोमा बालमनोविज्ञ श्री प्रभाकर खनाल तथा समाजसेवी श्री विवेकराज ढुंगेलको मिसिल संलग्न रायसमेतका आधारमा प्रतिवादीहरू १४ वर्ष मुनीका १० वर्षभन्दा माथिका उमेर समूहका देखिन आएकोमा यी प्रतिवादीहरूले नकवजनी चोरी गरेको अवस्था देखिन आएकोले दावीको मुलुकी ऐन, चोरीको १२ र १४(ख) नं. तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को (२) समेतका आधारमा यी प्रतिवादीहरूलाई सम्झाईबुझाई गरी १५ दिन कैद हुने ठहर्छ। बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम यि प्रतिवादीहरूलाई कारागारमा राख्न उपयुक्त नदेखिएकाले निजहरूलाई निजहरूको संरक्षककै संरक्षणमा रहने गरी सजाय तोकिएको छ। अरूमा तपसिलबमोजिम गर्ने गरी मुलुकी ऐन, अ.बं. १८६ नं. बमोजिम फैसला गरिदिएको छ।

**तपसिल**

माथि ईन्साफ खण्डमा लेखिएबमोजिम मुलुकी ऐन, चोरीको १२ र १४(ख) नं. तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) समेतका आधारमा यि प्रतिवादीहरूलाई सम्झाईबुझाई गरी १५ दिन कैद हुने ठहरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम यी प्रतिवादीहरूलाई कारागारमा राख्न उपयुक्त नदेखिएकाले निजहरूलाई निजहरूको संरक्षककै संरक्षणमा रहने गरी सजाय तोकी फैसला भएकोले प्रतिवादीहरूलाई केही गरिरहन परेन........................................................१

प्रस्तुत फैसला चित्त नबुझे श्री पुनरावेदन अदालत, पाटन ललितपुरमा ७० दिनभित्र पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरूलाई पुनरावेदन म्याद दिनु........................................................२

प्रस्तुत फैसलामा चित्त नबुझे श्री पुनरावेदन अदालत, पाटन ललितपुरमा ७० दिनभित्र पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुरलाई फैसलाको जनाऊ पठाई दिनु............................३

सरोकारवालाले फैसलाको नक्कल माग्न आए कानूनको रीत पुर्‍याई नक्कल दिनु.......................४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु..........................५

....................
जिल्ला न्यायाधीश

फाँट : बलराम।

ईति सम्वत् २०६६ साल जेष्ठ २२ गते रोज ६ शुभम्.................................................।

**भक्तपुर जिल्ला अदालत**
**बाल इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री मोहनरमण भट्टराई**
**फैसला**

दायरी मिति : २०६५/०९/२४/५

स.वा.फौ.नं. : ९१, नि नं. २

**मुद्दा : मोटर साइकल चोरी ।**

**वादी**
सुन्दरी प्रजापतीको जाहेरीले नेपाल सरकार ..................................१

**प्रतिवादी**
भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका वडा नं. ११ बस्ने रत्नकिशोरको छोरा ल प्याठ.........१
ऐ.ऐ. वडा नं. १४ बस्ने बालकृष्णको छोरा ब श्रेष्ठ ................................................१

**अदालतबाट बुझेको**
साक्षी : ×
कागज : ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.बं. २९ नं. ले यसै अदालतको क्षेत्राधिकारअन्तर्गत भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :-

मिति २०६५/०९/०९ गते भक्तपुर जिल्ला, मध्यपुर ठिमि नगरपालिका वडा नं. ७ स्थित मेरो घर बाहिर पार्किङ गरिराखेको वा.१०प. ५८२७ नं. को स्मेल्डर मोटरसाइकल वेलुकीको समयमा अन्दाजी २०:०० बजेतिर चोरी भएकोले खोजतलास गरिपाऊँ भन्नेसमेत व्यहोराको सुन्दरी प्रजापतीको निवेदन ।

मिति २०६५/०९/०९ गते अन्दाजी २०:०० बजेको समयमा भक्तपुर जिल्ला, ठिमि वडा नं. ७ स्थित आफनै घर बाहिर पार्किङ्क गरिराखेको बा.१०पं. ५८२७ नं. को मोटरसाइकल चोरी भई हराई राखेकोमा महानगरीय प्रहरी वृत्त, भक्तपुरमा चोरी भएको मोटरसाइकलहरूसहित चोरी गर्ने व्यक्तिहरू पक्राउ गरी ल्याएको छ भनी थाहा पाई यस वृत्तमा आउँदा वरामद भएका दुई मोटरसाईकल मध्ये बा.१०पं. ५८२७

नं. को मोटरसाइकल देखे चिने । उक्त मोटरसाइकल चोरी गर्ने व्यक्तिउपर आवश्यक कारवाही गरी मोटरसाइकल फिर्ता पाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

भक्तपुर जिल्ला, मध्यमुर ठिमि नगरपालिका वडा नं. ७ स्थित पूर्वमा राजमान बोडेको घर, पश्चिममा पक्कि सडक, उत्तरमा मध्यपुर खाजा घर र दक्षिणमा ईलाका हुलाक कार्यालय ठिमिको भवन । यती चार किल्लाभित्र भएको खाली जग्गामा बां.१पं. ५८२७ नं. को मोटरसाईकल फिर्ता पाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

भक्तपुर जिल्ला, मध्यपुर ठिमि नगरपालिका वडा नं. ९ स्थित पूर्वमा विनायक कम्पाउन्ड, पश्चिममा करण प्रजापतीको घर उत्तरमा कस्मानछी जाने सडक र दक्षिणमा भुलाङखेलतर्फ जाने सडक । यती चार भित्र बा.१०प. ४९३८ नं. को मोटरसाईकल र नम्वर प्लेट नभएको च्यासीस नं. 00j20cl2001 भएको मोटरसाईकल २ थानसहित ब श्रेष्ठ र ल प्याठलाई फेला पारी चोरी मोटरसाइकल भनी खुलाएको अ.ब. १७२ नम्वरबमोजिम वरामद गरी लगेको भन्नेसमेत व्यहोराको मुचुल्का विशेष सुराकी सूचनाको आधारमा भक्तपुर जिल्ला, मध्यपुर ठिमि नगरपालिका वडा नं. ९ मा बसेका मोटरसाइकल थान - २ समेत फेला पारी भक्तपुर जिल्ला, मध्यपुर ठिमि नगरपालिका वडा नं. १४ बस्ने ब श्रेष्ठ र ऐ. वडा नं. ११ बस्ने ल प्याठलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि दाखिला गरेको भन्नेसमेत व्यहोराको प्रहरीको प्रतिवेदन ।

मिति २०६५/०९/०९ गते साँझ अन्दाजी १९:०० बजेको समयमा म र मेरो साथी ल प्याठ भई भक्तपुर, मध्यपुर ठिमि नगरपालिका वडा नं. ७ मा रहेको मध्यपुर खाजा घर अगाडि बा.१०प. ५८२७ नं. को मोटरसाईकल चोरी गरी प्रनप प्रजापतीको घरमा लुकाई राखेको थियौं । प्रनप र व मिली अर्को बा.७प. ४९३८ नं. को मोटरसाइकलसमेत चोरी गरेको रहेछन् भन्नेसमेत व्यहोराको प्रतिवादी ल प्याठको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान कागज ।

मिति २०६५/०९/०९ गते साँझ १९:०० बजेको समयमा म र मेरो साथी ल प्याठ भई भक्तपुर जिल्ला मध्यपुर ठिमि नगरपालिका वडा नं. ७ बाट बा.१०प. ५८२७ नं. को मोटरसाइकल चोरी गरी भक्तपुर जिल्ला, मध्यपुर ठिमि नगरपालिका वडा नं. ९ मा रहेको प्रनप प्रजापतीको घरमा लुकाई राखेको हो । मिति २०६५/०९/११ गते भक्तपुर जिल्ला मध्यपुर ठिमि नगरपालिका वडा नं. ३ बाट म र प्रनप भई बा.७प. ४९३८ नं. को मोटरसाइकल चोरी गरेका हौं भन्नेसमेत व्यहोराको प्रतिवादी ब श्रेष्ठको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान कागज ।

भक्तपुर जिल्ला, मध्यपुर ठिमि नगरपालिका वडा नं. ७ स्थित आफ्नो घरमा मेरो मोटरसाइकल वर्कशप छ, यस वृत्तमा मलाई देखाई सोधनी गरिएका बा.१०प. ५८२७ नं. को मोटरसाइकलको कन्डिसनको आधारमा बजारको खरिद विक्रि मूल्य रू. ४०,०००/- उपयुक्त हुन्छ भन्ने प्रमकृष्ण श्रेष्ठको मुचुल्का ।

मिति २०६५/०९/०९ गते साँझ अन्दाजी २०:०० बजेको समयमा भक्तपुर जिल्ला मध्यपुर ठिमि वडा नं. ७ स्थित पसलमा थिएँ, उक्त रात प्रतिवादीहरूले बा.१०प. ५८२७ नं. को मोटरसाइकल चोरी गरेको सम्बन्धमा मलाई तत्काल केही थाहा भएन । प्रहरीले पक्राउ गरिसकेपछि सुनी थाहा पाएको हुँ । निज प्रतिवादीहरू दुवै जनाले मिली मोटरसाईकल चोरी गरेको हुँदा निजहरूलाई कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको हरि प्रजापतीसमेतको कागज ।

जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, खानतलासी तथा वरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, प्रतिवादीको बयान कागज र घटना विवरण कागजसमेतका आधारमा चोरी भएको सिद्ध भएको हुँदा निज प्रतिवादीहरूले गरेको उक्त कार्य मुलुकी ऐनको १२ नं. बमोजिम सजाय हुनु पर्नेमा निज प्रतिवादी मध्येका ब श्रेष्ठको उमेर १४ वर्षको र प्रतिवादी ल प्याठको उमेर १५ वर्ष भएकोले निजहरूलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (३) बमोजिम सजाय हुन मागदावी लिइएको छ, साथै वरामद भई आएको मोटरसाइकल जाहेरीवाली सुन्दरी प्रजापतीलाई मुलुकी ऐन, चोरीको महलअनुसार दिलाई दिनसमेत मागदावी लिइएको छ भन्नेसमेत व्यहाराको अभियोगपत्र ।

बा.१०प. ५८२७ नं. को मोटरसाइकल मैले चलाएको वा चोरी गरेको होइन छैन, अभियोग झुट्टा हो भन्नेसमेत व्यहोराको प्रतिवादी मध्येका ल प्याठको बयान ।

मिति २०६५/०९/०९ गते म र ल प्याठ भएर मोटरसाइकल लिएर गई प्रनप प्रजापतीको घरमा राखेको र पछि २०६५/०९/११ गते विग्रेको मोटरसाइकलको सामान किन्न आएको बेला सल्लाघारी भक्तपुर पार्किङ गरी साँचो त्यही मोटरसाइकलमा रहेको बा.१०प. ५८२७ नं. को मोटरसाइकल मैले चलाएँ, प्रनप प्रजापती पछाडी बसी सामान लिएर गई रोकेर बा.७प. ४९३८ नं. को मोटर साइकल बनाउन सामान लिएर घर जान लागेको बेला प्रहरीले पक्राउ गरेको हो । मैले चोरी गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी ब श्रेष्ठको बयान ।

बा.१०प. ५८२७ को मोटरसाइकल मेरो हो, प्ररोमन पिला श्रेष्ठलाई कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरवाला सुन्दरी प्रजापतीको सनाखत बयान ।

मिति २०६५/०९/०९ गते मेरो मोटरसाइकल अन्दाजी बेलुका ८:०० बजेको समयमा आफ्नै घरबाट हराएको हो, मेरा उक्त मोटरसाइकल ब श्रेष्ठ र ल प्याठले चोरी गरी लगेको हो भन्नेसमेत व्यहोराको जाहेरवाला सुन्दरी प्रजापतीको बकपत्र ।

## अदालतको ठहर

नियमबमोजिम दैनिक पेशी सूचीमा आज यस अदालतसमक्ष पेश हुन आएको प्रस्तुत मुद्दाका मिसिल संलग्न

कागजात अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुरका विद्वान जिल्ला न्यायाधिवक्ता श्री रमानाथ पौडेलले यी प्रतिवादीहरूले कसूर गरेको कुरा मोटरसाइकल वरामद भएबाटै पृष्टि भएको छ र यी प्रतिवादीहरू बालक भएको हुनाले बालबालिकासम्बन्धी ऐनलाई दृष्टिगत गरी सजाय हुनु पर्छ भन्नेसमेत जिकिर लिई गर्नु भएको बहससमेत सुनियो । प्रतिवादीहरूको तर्फबाट विद्वान अधिवक्ता श्री किरण न्यौपानेले यी वादीहरू स्कुलमा पढ्ने बिद्यार्थी हुन्, यी प्रतिवादीहरू निरन्तर सुधारको क्रममा भएका हुनाले यी प्रतिवादीहरूलाई सजाय नगर्नु उपयुक्त देखिन आउँछ, यदी सजाय गर्नै पर्ने भएको भए न्यूनतम् सजाय होस् भन्नेसमेत जिकिर लिई गर्नु भएको बहससमेत सुनियो । अव यी प्रतिवादीहरूले अभियोगपत्रमा उल्लेख भएबमोजिमको कसूर गरे नगरेको के हो भन्ने विषयमा निर्णय दिनु पर्ने भएको छ ।

यसमा निर्णयतर्फ विचार गर्दा यी प्रतिवादीहरूउपर मुलुकी ऐन, चोरीको १ नं. को कसूरमा ऐ. को १२ नं. बमोजिम सजाय हुन मागदावी लिई अभियोगपत्र दावी पेश हुन आएकोमा यी प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष कसूर स्वीकार गरी बयान गरेका छन् । यी प्रतिवादीहरूबाट २ थान मोटरसाइकल वरामद भएको हो भन्ने वरामदी मुचुल्काको व्यहोरा देखिन आयो । विग्रेको मोटरसाइकलको सामान किन्न सल्लाघारी गएको अवस्थामा त्यहाँ पार्किङ गरिराखेको मोटरसाइकल मैले चलाई प्रनप प्रजापतीलाई पछाडी राखी घर जान लागेको बेलामा प्रहरीले पक्राउ गरेको हो, बिग्रेको मोटरसाइकल बनाउन सामान लगी फेरी मोटरसाईकल त्यही राख्ने भनी लागेकोमा प्रहरीले पक्राउ गरेको हो, चोरी गरेको होइन भनी प्रतिवादी ब श्रेष्ठले यस अदालतमा बयान गरेको देखिन्छ । यसै गरी ल प्याठले मोटरसाइकल मैले चोरी गरेको होइन उक्त मोटरसाइकल ब श्रेष्ठ र प्रनप प्रजापतीले ल्याएका हुन भन्नेसमेत व्यहोराको यस अदालतमा बयान गरेको देखियो । जाहेरवाली सुन्दरी प्रजापतीले वरामद भएको बुझी नसकेको अवस्थामासमेत मिसिल संलग्न कागजातबाट देखिन आएको छ । यी प्रतिवादीहरू विद्यालयमा पढिरहेका विद्यार्थीहरू हुन् भन्ने पनि देखिएको छ र निजका संरक्षकहरूले यी प्रतिवादीहरू निरन्तर सुधारको क्रममा छन् भन्नेसमेत प्रतिवेदनसमेत पेश गरिरहेको अवस्था देखिन आएको छ । यसै गरी बालमनोविज्ञ र समाजसेवीसमेत यी प्रतिवादीहरूमा मनोवैज्ञानिक सामाजिक समस्या नभएको राय प्राप्त भएको अवस्था विद्यमान रहेको छ । यी प्रतिवादीहरूले कसूर गरेको कुरा यी प्रतिवादीहरूबाट मोटरसाईकल वरामद भएको र यी प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारी तथा यस अदालतसमक्ष गरेको बयान व्यहोरासमेतबाट देखिन आएका छन् । यी प्रतिवादीहरूको मुलुकी ऐन, चोरीको १ नं. को कसूर गरेको अवस्था देखिन आएकोमा यी प्रतिवादीहरूलाई सोही चोरीको १२ नं. तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम जनही १५ दिनका दरले कैद र रू. २०,०००/- (विस हजार रूपैयाँ) को दरले जरिवाना हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम निजहरू विद्यार्थी भन्ने देखिएकाले तत्काल निजहरूलाई कारागारमा राख्नु उपयुक्त नहुने हुनाले तत्काल सजाय गर्नु नपर्ने गरी स्थगित गरिएको छ । अरूमा तपसिलबमोजिम गर्ने ।

**तपसील**

माथि ईन्साफ खण्डमा राखिएबमोजिम यी प्रतिवादीलाई जनही १५ दिनका दरले कैद र रू. २०,०००/- (विस हजार रूपैयाँ) को दरले जरिवाना हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम निजहरू विद्यार्थी भन्ने देखिएकाले तत्काल निजहरूलाई कारागारमा राख्नु आवश्यक नहुने हुनाले तत्काल सजाय गर्न नपर्ने गरी स्थगित गर्ने गरी फैसला भएकाले प्रतिवादीहरूलाई केही गरी राख्न परेन...१

प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्नु भनी वादी पक्षलाई फैसलाको जानकारीसहित र प्रतिवादीहरू ब श्रेष्ठ र ल प्याठलाई पुनरावेदनको म्याद जारी गर्नु..२

सरोकारवालाले फैसलाको नक्कल माग्न आए कानूनको रित पुऱ्याई नक्कल दिनु.......................३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखाम बुझाई दिनु........................४

..................

जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाएबमोजिम पाना ४ को फैसला टाइप गर्ने डि. राजकुमार खत्री ।

ईति सम्वत् २०६६ साल जेष्ठ २२ गते रोज ६ शुभम्.................................................।

## ललितपुर जिल्ला अदालत
## बाल इजलास
## माननीय जिल्ला न्यायाधीश श्री यज्ञप्रसाद बस्याल
## फैसला

सम्वत् २०६५/२०६६ सालको फौ. मि. नं. १४९
निर्णय नं. : ३२६

**उपस्थिति**

बालमनोविज्ञ - श्री प्रेमप्रसाद धिताल (अनुपस्थित)
समाजसेवी - श्रीमती सुजाता रेग्मी (अनुपस्थित)

**मुद्दा : नकवजनी चोरी।**

**वादीको नाम, थर, वतन**

ताप्लेजुङ्ग जिल्ला हाङदेवा गा.वि.स. वडा नं. ४ घर भई हाल ल.पु.उ.म.न.पा. वडा नं. ९ बस्ने हिमाल भट्टराई.............................१

**प्रतिवादीको नाम, थर, वतन**

सुनसरी जिल्ला, धरान न.पा., वडा नं. १७ बस्ने सुरज राईको छोरा वर्ष १४ को परिवर्तित नाम क.........................................१

भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा., वडा नं. ११ घर भई हाल हाम्रो संसार संस्था कुम्भेश्वर बस्ने श्यामलाल श्रेष्ठको छोरा वर्ष १५ को परिवर्तित नाम ख.........................................१

सुनसरी जिल्ला, झुम्का घर भई हाल हाम्रो संसार संस्था कुम्भेश्वर बस्ने रामकुमार श्रेष्ठको छोरा वर्ष १५ को परिवर्तित नाम ग............................१

**ऐ. को प्रमाण**

साक्षी : हिमाल भट्टराई
कागज : ×

**ऐ. को प्रमाण**

साक्षी : ×
कागजः ×

**अदालतबाट बुझेको**

साक्षी : हिमाल भट्टराई

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ.बं. २९ नं. बमोजिम प्रस्तुत मुद्दा यसै अदालतको क्षेत्राधिकारभित्रको हुँदा मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :-

सम्मानित सर्वोच्च अदालतको पक्षहरुको गोपनीयता कायम राख्नेसम्बन्धी निर्देशिका, २०६४ बमोजिम प्रस्तुत मुद्दामा प्रतिवादीहरुको वास्तविक नाम परिवर्तन गरी क, ख, ग कायम गरिएको छ ।

मिति २०६५/१०/२० गते राती २:४५ बजेको समयमा क, ख, गसमेतका प्रतिवादीहरुले चोरी गरेका सामानहरु चरेशको थाल, कचौरा, करुवासमेत चोरी बोकी हिडेको अवस्थामा फेला पारी सामानसमेत वरामद गरी प्रतिवादीहरुलाई दाखिला गरेको भन्ने व्यहोराको वरामदी मुचुलकासहितको प्रहरी प्रतिवेदन ।

मिति २०६५/१०/२० गते राती २:४५ बजेको ल.पु.जि., ल.पु.उ.म.न.पा., वडा नं. ९ स्थित मेरो डेरा कोठामा कोही नभएको अवस्थामा चरेशको थाल, कचौरा, करुवासमेतको बिगो रु. ६०,५००/- को धनमाल चोरी गरी लैजादै गर्दा फेला परेकाले निजहरुलाई कारवाही गरी सामानसमेत फिर्ता पाऊँ भन्ने व्यहोराको जाहेरी दरखास्त ।

मिति २०६५/१०/२० गते राती २:४५ बजेको ल.पु.उ.म.न.पा., वडा नं. ९ स्थित बालमुकुन्द महर्जनको घरमा बहालमा बसेका जाहेरवाला हिमाल भट्टराईको डेरा कोठामा कोही नभएको अवस्थामा सुनका गरगहना तथा जिन्सीसमेतको बिगो रु. ६०,५००/- को धनमाल चोरी गरी लगेका हुन् भन्ने व्यहोराको घटनास्थल मुचुल्का ।

म लगायत ख र ग ले मिति २०६५/१०/२० गते हाम्रो संसार संस्थाबाट बाहिर निस्की सोही संस्थामा बस्ने रोमन राईलाई भेटी चोरी गर्न जाने सल्लाहअनुसार चोरी गरी ल्याएको सामान बिक्री गर्न जादै गर्दा प्रहरीले फेला पारी वरामद गरी पक्राउ गरेको हो भन्नेसमेत व्यहोराको क ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

म लगायत क र ग मिति २०६५/१०/२० गते हाम्रो संसार संस्थाबाट बाहिर निस्की सोही संस्थामा बस्ने रोमन राईलाई भेटी चोरी गर्न जाने सल्लाहअनुसार चोरी गरी ल्याएको सामान बिक्री गर्न जादै गर्दा प्रहरीले फेला पारी वरामद गरी पक्राउ गरेको हो । रोमन राई भागी फरार रहेको भन्नेसमेत व्यहोराको ख ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

म लगायत क र ख ले मिति २०६५/१०/२० गते हाम्रो संसार संस्थाबाट बाहिर निस्की सोही संस्थामा बस्ने रोमन राईलाई भेटी चोरी गर्न जाने सल्लाहअनुसार चोरी गरी ल्याएको सामान बिक्री गर्न जादै गर्दा प्रहरीले फेला पारी वरामद गरी पक्राउ गरेको हो भन्ने रोमन राई भागी फरार रहेको भन्नेसमेत व्यहोराको क ग ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मिति २०६५/१०/२० गते राती २:४५ बजेको ल.पु.उ.म.न पा., वडा नं. ९ स्थित मेरो डेरा कोठमा कोही नभएको अवस्थामा चरेशको थाल-३, कचौरा-२, करुवा १ टिनको बाकसभित्र रहेका सुनका गहना र लेडिज ब्यागसमेतको बिगो रु. ६०,५००/- को धनमाल मेरो हो अन्य सामान को कसको हो मलाई थाहा छैन भन्ने व्यहोराको जाहेरवाला हिमाल भट्टराईले गरेको सनाखत कागज ।

मिति २०६५/१०/२० गते राती २:४५ बजेको ल.पु.उ.म.न.पा., वडा नं. ९ स्थित हिमाल भट्टराईको डेरा कोठामा कोही नभएको अवस्थामा प्रतिवादी क, ख र गसमेतले चोरी गरी लैजादै गर्दा प्रहरीले फेला पारी सामानसमेत वरामद गरी लगेको हो भन्ने थाहा पाएका हौ भन्ने व्यहोराको घटनास्थल आसपासका मानिसहरुले लेखाई दिएको घटना विवरण कागज ।

चोरी भएको सामानहरु चरेशको थाल ३ वटाको रु. ३,०००/- सानो कचौराको रु. २००/- ठूलो कचौराको रु. ५००/- र करुवाको रु. १,०००/- समेत गरी जम्मा रु. ४,८००/- पर्छ भन्नेसमेत व्यहोराको दरकस मुचुल्का ।

प्रतिवादीहरु क, ख, ग ले मिति २०६५/१०/२० गते राती जाहेरवाला हिमाल भट्टराईको डेरा कोठाबाट बिगो रु. ६०,५००/- को सामान चोरी गरेको र उक्त सामान बिक्री गर्न हिडेको अवस्थामा बिगो रु. ४,८००/- को सामान वरामद गरी सामानसहित पक्राउ परेको हुँदा निज प्रतिवादीहरुलाई चोरीको १ र ३ नं. को कसूरमा चोरीको १४(१) नं. ले सजाय गरी प्रतिवादीहरुबाट नपुग बिगो रु. ५५,७००/- चोरीको १०(३) र २१ नं. बमोजिम जाहेरवालालाई भराईपाऊँ भन्ने अभियोग मागदावी रहेछ ।

वरामदी मुचुल्कामा लेखिएको व्यहोरा ठीक हो । रोमनले बाक्सा बन्द गरी बोकी हिडिरहेको अवस्थामा प्रहरीले समातेको हो । हामीले सल्लाह गरी चोरी गर्न गएको होइन, रोमनले चोरी गरी ल्याई हामीलाई बोक्न दिएको हो । उक्त सामान बोकी हिडेको मात्र हो भन्नेसमेत व्यहोराको नाम परिवर्तन गरिएका प्रतिवादी क ले मिति २०६५/११/६ गते यस अदालतमा गरेको बयान ।

मिति २०६५/१०/२० गते हाल हाम्रो संसार संस्थामा खाना खाई गफ गरी बसेका थियौं । सोही समयमा रोमन राई आई बाहिर घुम्न जाउँ भनेकोले बाहिर आई रोमनसँग पैसा भएकाले छ्याङ खाइसकेपछि घुम्न भनी अलि पर पुगेपछि रोमनले तिमीहरु यही बस भनी भनेको र हामीहरु बसिरहेकै अवस्थामा रोमनले चरेसको थाल र ट्याङ्का बोकी लिएर आएकोले हामीलाई बोक भनेकोले बोही हिडेको हो, हामीले चोरी गरेको होइन भन्नेसमेत व्यहोराको नाम परिर्वत गरिएका प्रतिवादी ग ले मिति २०६५/११/६ गते यस अदालतमा गरेको बयान ।

वरामदी मुचुल्कामा लेखिएको व्यहोरा ठीक हो । रोमनले बाक्सा बन्द गरी बोकी हिडिरहेको अवस्थामा प्रहरीले समातेको हो । हामीले सल्लाह गरी चोरी गर्न गएको होइन, रोमनले चोरी गरी ल्याई हामीलाई

बोक्न दिएको हो । उक्त सामान बोकी हिडेको अवस्थामा प्रहरीले हामीलाई पक्राउ गरेको हो, रोमन राई भाग्यो भन्नेसमेत व्यहोराको नाम परिवर्तन गरिएका प्रतिवादी ख ले मिति २०६५/११/६ गते यस अदालतमा गरेको बयान ।

प्रतिवादी क, ख र ग को आमा बाबु र संरक्षकसमेत उपस्थित हुन सकेको देखिएन र साथै यस अदालतबाट हाम्रो संसार संस्था नामक बंगलामुखी नजिक रहेको संस्थाका आधिकारिक व्यक्ति रेवतराज तिमल्सिनालाई निजको मोवाइल नं. ९८५१०७४५८७ मा सम्पर्क गरी यस अदालतमा बोलाउँदा उपस्थित भएको पाइएन ।

मिति २०६५/१०/२१ गतेको जाहेरीमा लेखिएको व्यहोरा र सहीछाप मेरो हो । जाहेरीमा उल्लिखित सामानहरु प्रतिवादीहरुले चोरी गरेका हुन् भन्नेसमेत व्यहोराको जाहेरवाला हिमाल भट्टराईले मिति २०६६/२/५ गते यस अदालतमा गरेको बकपत्र ।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातसमेत अध्ययन गरी हेर्दा प्रतिवादीहरु क, ख, ग ले मिति २०६५/१०/२० गते राती जाहेरवाला हिमाल भट्टराईको डेरा कोठाबाट बिगो रु. ६०,५००/- को सामान चोरी गरेको र उक्त सामान बिक्री गर्न हिडेको अवस्थामा बिगो रु. ४,८००/- को सामान वरामद गरी सामानसहित पक्राउ परेको हुँदा निज प्रतिवादीहरुलाई चोरीको १ र ३ नं. को कसूरमा चोरीको १४(१) नं. ले सजाय गरी प्रतिवादीहरुबाट नपुग बिगो रु. ५५,७००/- चोरीको १०(३) र २१ नं. बमोजिम जाहेरवालालाई भराईपाऊँ भन्ने अभियोग मागदावी भएको पाइन्छ ।

प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका विद्वान जिल्ला न्यायाधिवक्ता जयानन्द पनेरुले यी प्रतिवादीहरुले जाहेरवाला हिमाल भट्टराईको डेरा कोठामा कोही नभएको बेलामा चोरी गरी चारेको समान बिक्री गर्न कोही हिडेको अवस्थामा उक्त सामानसहित पक्राउ परेकाले निजहरुलाई अभियोग मागदावीबमोजिम सजाय गरिपाऊँ भनी र प्रतिवादी नाम परिवर्तन गरिएको क को तर्फबाट उपस्थित विद्धान अधिवक्ता निलम पौडेलले मेरो पक्षले चोरी गरेको होइन, रोमन राईले चोरी गरी लिएर आएको सामान बोक्न लगाएकोले बोकी दिएका हुन् । निजहरु नाबालक भएको हुँदा सुध्रिने मौका दिई निज प्रतिवादीहरुले अभियोग दावीबाट सफाई पाउनु पर्छ भनी गर्नु भएको बहससमेत सुनी ईन्साफतर्फ विचार गर्दा यी प्रतिवादीहरुउपर अभियोग दावीअनुसार कसूर कायम हुने हो ? होइन भन्ने सम्बन्धमानै निर्णय दिनु पर्ने हुन आयो ।

यसमा निर्णयतर्फ विचार गर्दा प्रतिवादीहरुले चोरी गरी बिक्री गर्न भनी हिडेको अवस्थामा दसी साथ मौकामा पक्राउ भई अधिकारप्राप्त अधिकारीसमक्ष सावित भई अदालतमा बयान गर्दा चोरी गरेकोमा

ईन्कार भए तापनि सामान बोकी हिडिरहेको अवस्थामा पक्राउ परेकोमा सावित भएको हुँदा जाहेरवालाले यस अदालतमा उपस्थित भई गरेको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १८ ले प्रमाण योग्य हुनाले प्रतिवादीहरुले जाहेरवालाको सामान चोरी गरी चोरीको १ र ३ नं. को कसूर गरेको ठहर्छ ।

सो ठहर्नाले चोरीको १४(१) नं. ले पहिला पटक कायम गरी वरामद बिगो रु. ४,८००/- डेढीले जनही जरिवाना र जनही १ महिना १५ (पन्ध्र) दिन कैद हुनेमा प्रतिवादी क १४ वर्ष तथा प्रतिवादी ख र प्रतिवादी ग १५ वर्ष उमेरका नाबालक हुन् भनी पाटन अस्पतालबाट मिति २०६५/१०/२४ मा उमेर प्रमाणित भएको रिपोटसमेत प्राप्त हुन आएको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) १२ अनुसार पटक कायम नहुने गरी माथि उल्लिखित जरिवाना र कैदको आधा मात्र जनही सजाय हुनेमा प्रतिवादीहरुको उमेर कसूर गर्दाको परिस्थिति एवं पटक आदिको विचार गरी ऐनको दफा ५० अनुसार कारागारमा राख्न मनासिव नदेखिँदा तोकिएको सजाय तत्काल यी प्रतिवादीहरुले भोग्नु नपर्ने गरी प्रस्तुत मुद्दा स्थगित राख्ने आदेशसमेत गरिदिएको छ । जाहेरवालाले सामान बुझी लगिसकेको हुँदा अरु केही गर्नु परेन । तपसिलका कुरामा तपसिलबमोजिम गर्नु भनी अ.बं. १८६ नं. ले फैसला गरिदिएँ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीहरुले चोरीको १ र ३ नं.अनुसारको कसूर गरेको हुँदा चोरीको १४(१) न. ले पहिला पटक चोरी गरेको ठहरेकाले वरामद बिगो रु. ४,८००/- को जनही डेढी जरीवाना र जनही १ महिना १५ दिन कैद हुनेसमेत हुने ठहरी फैसला भएको हुँदा निज प्रतिवादी क १४ वर्ष तथा प्रतिवादी ख र प्रतिवादी ग १५ वर्ष उमेरका नाबालक भएको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार पटक कायम नहुने गरी जरिवाना र कैदको आधा मात्र जनही सजाय हुनेमा प्रतिवादीहरुको उमेर कसूर गर्दाको परिस्थिति एवं पटक आदिको विचार गरी ऐनको दफा ५० अनुसार कारागारमा राख्न नपर्ने हुँदा निज प्रतिवादीहरुलाई थुना मुक्त गर्नु पर्नेमा हाम्रो संसार संस्थाबाट छुट्टिएको हुँदा केही गर्नु परेन ..............................................................१

यो फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिनभित्र पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्न जानु भनी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ नं. बमोजिम जिल्ला सरकारी वकिल कार्यालय, ललितपुरमा फैसलाको प्रमाणित प्रतिलिपी साथै राखी पुनरावेदनको म्याद दिनु ..............................२

जाहेरवालाले वरामद भएको सामान यस अदालतबाट मिति २०६६/२/६ गते बुझी लगिसकेको हुँदा केही गर्नु परेन..............................................................................३

सरोकारवालाले फैसलासहितको नक्कल माग्न आए कानूनको रीत पुऱ्याई नक्कल दिनु ...............४

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी रेकर्ड शाखामा बुझाई दिनु .........................५

..........................

जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाएबमोजिम टिपी टाइप गर्ने डिठ्ठा जीवनकुमार थापा ।

ईति सम्वत् २०६६ साल असार २ गते रोज ३ शुभम् ................................................।

**कपिलवस्तु जिल्ला अदालत**
**फौजदारी इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री नीलकण्ठ उपाध्याय**
**फैसला**
सम्वत् २०६६ सालको मुद्दा नं. १६२/६८-०६५-००७८९
नि.नं. ५७

**मुद्दा : जवरजस्ती करणी।**

**वादी**
प्रहरी हवल्दार रामबहादुर कार्कीको प्रतिवेदनले नेपाल सरकार.............................१

**प्रतिवादी**
जिल्ला कपिलवस्तु, गा.वि.स. कोपवा, वडा नं. ७ झण्डाखुटेनी बस्ने कृष्णबहादुर (नाम परिवर्तन).......................................१
ऐ.ऐ. बस्ने भरतबहादुर (परिवर्तित नाम)..........१
ऐ.ऐ.बस्ने हरि बहादुर (परिवर्तित नाम) ........१

प्रमाण
साक्षी : ×
कागज : ×

**प्रमाण :**
साक्षी : ×
कागज : ×

**अदालतबाट बुझेको**
साक्षी :×
कागज :×

**प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार रहेको छ :-**

मिति २०६६/१/३० गतेका दिन अन्दाजी १६ बजेको समयमा जिल्ला कपिलवस्तु गा.वि.स., कोपवा वडा नं. ७ झण्डाखटेनी बस्ने ओमप्रकाश भट्टराईकी छोरी वर्षकी उर्मीला भट्टराई (परिवर्तिनत नाम) लाई ऐ. मोतिपुर-३ स्थित खेतमा कृष्णबहादुर, भरतबहादुर र हरिबहादुरसमेतले जवरजस्ती करणी गरेको भन्नेसमेत व्यहोराको जाहेरी प्रतिवेदन।

मोतिपुर-३ स्थित खेतमा पूर्व, पश्चिम र उत्तर भग्गु थारूको खेत, दक्षिण पानीको नहर । यती चार किल्लाभित्र खाली खेतको अग्लो कान्लोको कुनामा झारपातहरू मडारिएको, संघर्षका चिन्ह एवं घस्रिएका डामहरू रहेको, पीडितलाई करणी गरेको भनिएको घटनास्थलको विवरण ठीक छ भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

पीडितको शारीरिक जाँच गर्दा यौनाङ्गको भित्री भागको पर्दा (झिल्ली) च्यातिएको भन्नेसमेत व्यहोराको शारीरिक जाँच प्रतिवेदन ।

वारदात मितिको दिन मसमेत भई गाई भैसी चराउन भनी वारदातस्थलतर्फ गएकोमा वारदात स्थल नजिकै गाई भैसी चर्न छोडी दिई हामीहरू एक आपसमा एकले अर्कोलाई काँधमा बोक्ने खेल खेल्दै मैले नविन वि.क. लाई काँधमा बोक्दा पीडित उर्मीलाले मलाई पनि बोक भनेपछि मैले निजलाई काँधमा बोकी सोही दिनका करिव १६ बजेतिर वारदात स्थलमा लगी पीडितलाई कट्टु खोल्न लगाई मैलेसमेत कट्टु खोली कही बेरसम्म करणी गरेपछि हरिबहादुरले करणी गरेको र निजले केही वेर करणी गरेपछि अन्तमा भरतबहादुरले करणी गरेपश्चात् हामी सबै गाई भैसी लिई घरमा आई पुनः चौर तिर खेल्न गएकोमा पछि पीडितको आमाले थाहा पाएपछि हामीहरूलाई सोध्दा पहिला ईन्कार गर्‍यौ तर पछि स्वीकार गरेका हौ भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्णबहादुरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

प्रतिवादी कृष्णबहादुरकै भनाईलाई स्वीकार गर्दै पीडितलाई पालैपालो जवरजस्ती करणी गरेको भन्नेसमेत व्यहोराको प्रतिवादी हरिबहादुर र भरतबहादुरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको अलगअलग बयान कागज ।

वारदात मिति र समयका दिन मसमेत गाई भैसी चराउन वारदात स्थलतर्फ गएकोमा वारदातस्थल नजिकै गाई भैसी चर्न छोडी एक आपसमा काँधमा बोक्ने खेल खेलेकोमा प्रतिवादी कृष्णबहादुरले नविन वि.क. लाई काँधमा बोकेका थिए, सोही क्रममा मैले मलाई पनि बोक भनेकीमा प्रतिवादीले मलाई काँधमा बोकी वारदातस्थलमा लगी कट्टु खोल्न लगाई तीनै जनाले पालैपालो मलाई करणी गरेका हुन भन्नेसमेत व्यहोराको पीडित उर्मिला भट्टराईले गरेको कागज ।

प्रतिवादी एवं पीडितको बकाईलाई स्वीकार गर्दै बुझिएका नविन वि.क. ले गरेको कागज ।

मिति २०६६/१/३० गतेका दिन गाई गोरू चराउन गएकी उर्मीला भट्टराईलाई प्रतिवादीहरूले जवरवस्ती करणी गरेको भन्ने कुरा निज पीडित घरमा आई बताएकी हुँदा थाहा पाएका हौं भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्काका दुर्गाप्रसाद खनालसमेतले लेखाई दिएको व्यहोरा ।

मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, प्रतिवादीहरूको बयान कागज, वस्तुस्थिति मुचुल्काका मानिसहरूको भनाईसमेतका आधार प्रमाणहरूबाट मिति २०६६/१/३० गतेका दिन दिउँसो ३ बजेको समयमा प्रतिवादीहरूले उर्मीला भट्टराईलाई जवरजस्ती करणी गरी मुलुकी ऐन, जवरजस्ती करणीको १ नं. विपरीतको कसूर गरेको हुँदा निज प्रतिवादीहरू कृष्णबहादुर, भरतबहादुर र हरिबहादुरलाई ऐजनको ३(१) नं. बमोजिम सजाय हुन र प्रतिवादी कृष्णबहादुरको उमेर १४ वर्ष रहेको देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम प्रतिवादी हरिबहादुरको उमेर ११ वर्ष र भरतबहादुरको उमेर १३ वर्ष रहेको देखिँदा निजहरूलाई ऐजनको दफा ११(२) बमोजिम सजाय गरी जवरजस्ती करणीको महलको १० नं. बमोजिम पीडितलाई प्रतिवादीहरूबाट क्षतिपूर्तिसमेत भराईपाऊँ भन्ने अभियोग दावी ।

घटनाका दिन हामी प्रतिवादीहरू र पीडितसमेत चारै जना गाई चराउन गएका बखत खेल खेल्दै गर्दा कृष्ण बहादुरले उर्मीला भट्टराईलाई काँधमा बोकी खेतको आली मुनी कान्लोमा खडा गरी पहिला कृष्णले करणी गरे । त्यसपछि मैले र अन्तमा भरतले करणी गरेको हुन, मैले करणी गर्दा उर्मीलाले कुनै प्रतिवाद गरेकी होइनन्, खुशीसाथ करणी गर्न दिएकी हुन्, गाई बाच्छा बाख्रा पाठाहरूले एकले अर्को माथि चढेको देखेको हुँदा के कस्तो हुन्छ भनी खेल खेलेको हो, मैले आफ्नो लिङ्गलाई उर्मीलाको योनीको बाहिरबाहिर मात्र खेलाई डुलाएँ, भित्र प्रवेश गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी हरिबहादुरले गरेको बयान ।

घटनाका दिन पीडित र हामी प्रतिवादीहरू चारैजना गाई चराउन गएका बखत खेल खेल्दै गर्दा कृष्णबहादुरले उर्मीला भट्टराई काँधमा बोकी खेतको आली मुनी कान्लोमा खडा गरी पहिला कृष्णले करणी गरे त्यसपछि हरिले र अन्तमा मैले करणी गरेको हो, कस्तो हुन्छ भनी खेल खेलेको हो, मैले आफ्नो लिङ्गलाई उर्मीलाको योनीको बाहिरबाहिर मात्र खेलाई डुलाएँ, भित्र प्रवेश गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी भरतबहादुरले गरेको बयान ।

घटनाका दिन पीडित र हामी प्रतिवादीहरू चारै जना गाई चराउन गएका बखत खेल खेल्दै गर्दा मैले उर्मीला भट्टराईलाई काँधमा बोकी खेतको आली मुनी कान्लोमा खडा गरी पहिला मैले करणी गरे, त्यसपछि हरिलेले र अन्तमा भरतले करणी गरेको हो, मैले आफ्नो लिङ्गलाई उर्मीलाको योनीको बाहिर बाहिर मात्र खेलाई डुलाएँ, भित्र प्रवेश गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्णबहादुरले गरेको बयान ।

आदेशानुसार निज प्रतिवादीहरूलाई आआफ्ना अभिभावकका जिम्मा दिइएको ।

घटनाको जानकारी पाएपछि प्रतिवादीहरूलाई पक्राउ गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवेदक प्रहरी हवल्दार रामबहादुर कार्कीले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादीहरूले मेरो छोरीलाई जवरजस्ती करणी गरे होलान जस्तो मलाई लाग्दैन भन्नेसमेत व्यहोराको जाहेरवाला ओमप्रकाश भट्टराईले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादीले जवरजस्ती करणी गरे जस्तो लाग्दैन भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्णबहादुरका साक्षी हरिप्रसाद पोखरेलले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादीहरू भरतबहादुर र हरिबहादुरले जवरजस्ती करणी गरे जस्तो लाग्दैन भन्नेसमेत व्यहोराको निज प्रतिवादीहरूका साक्षी विष्णु भण्डारीले यस अदालतमा गरेको बकपत्र ।

## अदालतको ठहर

नियमबमोजिम पेश हुन आएको प्रस्तुत मुद्दा अ.बं. २९ र न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने र बुझिए सम्मका प्रमाणबाट मुद्दा किनारा गरिदिए हुने भई वादी पक्षबाट विद्वान सहायक जिल्ला न्यायाधीवक्ता शिवशंकरप्रसाद चौधरीको र प्रतिवादीहरूका तर्फबाट वकालत मञ्चका प्रतिनिधि विद्वान अधिवक्ता ओमप्रकाश अर्यालको बहस सुनी निर्णयतर्फ विचार गर्दा प्रतिवादी कृष्णबहादुर, भरतबहादुर र हरिबहादुरले उर्मीला भट्टराईलाई जवरजस्ती करणी गरेकोले मुलुकी ऐन, जवरजस्ती करणीको ३(१) नं. बमोजिम सजाय हुन र प्रतिवादी कृष्णबहादुरको उमेर १४ वर्ष रहेको देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम प्रतिवादी हरिबहादुरको उमेर ११ वर्ष र भरतबहादुरको उमेर १३ वर्ष रहेको देखिँदा निजहरूलाई ऐजनको दफा ११(२) बमोजिम सजाय भई जवरजस्ती करणीको १० नं. बमोजिम क्षतिपूर्ति दिलाईपाऊँ भन्ने अभियोग दावी रहेछ ।

यसमा अभियोग मागदावीबमोजिम सजाय हुने हो होइन भन्नेतर्फ विचार गर्दा प्रतिवादी कृष्णबहादुर, भरतबहादुर र हरिबहादुरले उर्मीला भट्टराईलाई जवरजस्ती करणी गरेकाले प्रतिवेदनसाथ पेश गरेको भन्ने प्रहरी हवल्दार रामबहादुर कार्कीको प्रतिवेदन रहेछ । पीडितको शारीरिक जाँच हुँदा यौनाङ्गको भित्री झिल्ली च्यातिएको भनी उल्लेख रहेछ । अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा प्रतिवादीहरूले आफूहरूले पालैपालो करणी गरेको भनेका रहेछन् । अदालतमा बयान गर्दा बिशाल नेपालीले गाई बाच्छा वाख्रा पाठा चढेको देखेको हुँदा कस्तो हुँदो रहेछ भनी खेलेको भनेका छन् । कृष्णबहादुरले उर्मीलाले आफै कट्टु खोलेकी हुँदा करणी गरे जस्तो गरेको हो भनेका रहेछन् । भरतबहादुरले बयान गर्दा मैले करणी गर्दा भित्र पसेन बाहिरबाहिर मात्र खेलाएको हुँ भनेका रहेछन् । वादी प्रतिवादीका साक्षीहरूले पनि प्रतिवादीहरू र पीडित गाई हेर्न जाने हुँदा खेलेका होलान भनेका रहेछन् । यसरी हेर्दा प्रतिवादीहरूले पीडितलाई करणी गरेको देखियो । पीडित नाबालिका रहेकी र प्रतिवादीहरू कृष्णबहादुर वर्ष १३ पुरा भई १४ वर्ष नपुगेको र भरतबहादुर १३ वर्षको र हरिबहादुर ११ वर्षको भई सवै नाबालक हुँदा जवरजस्ती करणीमा जवरजस्ती करणीको महलको ३(१) ले १० वर्षदेखि १५ वर्षसम्म कैदको सजाय हुने अवस्था विद्यमान रहेको परिप्रेक्ष्यमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा

११(२) ले ६(छ) महिनासम्म कैद हुन सक्ने देखिन्छ तर यी प्रतिवादीहरूको मनसाय, बालसुलभता, निष्कलङ्क, नढाटी, स्वच्छ रूपमा बयान गरेका हुँदा उक्त दफाले ३/३ (तीन/तीन) महिनाका दरले कैद सजाय हुने ठहर्दछ। साथै यी प्रतिवादीहरूको निश्छलता र बालसुलभकियतालाईसमेत विचार गर्दै हाललाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम सजाय स्थगित राखी दिनेसमेत ठहर्दछ। जवरजस्ती करणीको १० नं. बमोजिम प्रतिवादीहरूबाट जनही रू. ५००/- का दरले क्षतिपूर्तिसमेत भराई दिने ठहर्दछ। अरू तपसिलबमोजिम गर्ने गरी अ.ब. १८६ नं. बमोजिम आज यो मुद्दा फैसला गरिदिएँ।

**तपसिल**

यसमा माथि ईन्साफ खण्डमा उल्लेख भएबमोजिम प्रतिवादीहरू कृष्णबहादुर, भरतबहादुर र हरिबहादुरलाई ३/३ (तीन/तीन) महिनाका दरले कैद सजाय हुने र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम उक्त सजाय स्थगित राखी दिनेसमेत ठहरेकोले सोहीबमोजिमको लगत कसी नियमानुसार गर्नु.....................................................................................१

पीडित उर्मीला भट्टराईले प्रतिवादीहरू कृष्णबहादुर, भरतबहादुर र हरिबहादुरबाट जनही रू. ५००/- का दरले क्षतिपूर्ति भराई लिन पाउने ठहरेकोले पुनरावेदनको अवस्था नाघेपछि ऐनका म्यादभित्र भराईपाऊँ भनी पीडित उर्मीला भट्टराईको निवेदन परे नियमानुसार गरी प्रतिवादीहरूबाट भराई दिनु........२

यो फैसलामा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, बुटवलमा पुनरावेदन गर्नु भनी प्रतिवादीहरूलाई र फैसलाको जानकारीसहितको पुनरावेदन म्याद जिल्ला सरकारी वकिल कार्यालय, कपिलवस्तुलाई दिनु.....................................................................................३

सरोकारवालाले नक्कल मागे नियमानुसार सारी सराई दिनु..............................................४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु.....................५

...................
जिल्ला न्यायाधीश

माननीय न्यायाधीशज्यूले टिपाएबमोजिम कम्प्युटर गर्ने ना.सु. खुमबहादुर बोहरा।

ईीति सम्वत् २०६६ साल भाद्र १८ गते रोज ५ मा शुभम्.............................................।

**ईलाम जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री उमेशराज पौड्यालबाट भएको**

**फैसला**

**उपस्थिति**

समाजसेवी : श्री उत्तम पौडेल

बाल मनोविज्ञ : श्री शर्मिला शर्मा

२०६६ सालको बालबिज्याँई दर्ता नं. ६४ र नं. १९-०६५-००६७६

नि.नं. १

**मुद्दा : जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई ।**

**बादी**

जिल्ला इलाम, गोदक गा.वि.स, वार्ड नं. ६ बस्ने छत्रबहादुर दर्जीको जाहेरीले नेपाल सरकार....................................१

ऐ.को साक्षी :✕

ऐ.को प्रमाण :✕

**बालबिज्याँईकर्ता**

जिल्ला ईलाम, गोदक गा.वि.स वार्ड नं. १ बस्ने कानूनसँग द्वन्दमा परेका बालक "क" बहादुर दर्जी...........................................१

ऐ.को साक्षी :✕

ऐ.को प्रमाण :✕

**अदालतबाट बुझेको**

साक्षी : ✕

प्रमाण : ✕

**कानून व्यवसायी**

**वादी तर्फबाटः**

जिल्ला न्यायाधिवक्ता श्री कृष्णमोहन कोइराला ।

**कानूनसँग द्वन्दमा परेका बालकका तर्फबाटः**

अधिवक्ता यामप्रसाद लिम्बु

न्याय प्रशासन ऐन, २०४८ को दफा ७, बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) तथा मुलुकी ऐन, अ.बं. २९ नं. समेतले यस अदालतको बाल इजलासको क्षेत्राधिकारअन्तर्गत रहेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र यस अदालतको ठहर यस प्रकार छ :-

मिति २०६३/२/९ गतेका दिन वर्ष १५ को "क" बहादुर दर्जीले कोक्रोमा सुतिरहेकी वर्ष-३ की बालिकालाई बलात्कार गरेको भन्नेसमेत व्यहोराको मिति २०६६/२/१० गते प्रहरी चौकी आइबारेमा छत्रबहादुर दर्जीले दिएको निवेदन ।

मेरी वर्ष -३ की नातिनीलाई सानैदेखि हामीले हेरचार गर्दै आएकोमा मिति २०६६/२/९ गते जाहेरवालाको श्रीमती बारीमा काम गर्न गएको, मैले नातिनीलाई कोक्रोमा सुताई सिलाईकटाई गरी बाहिर सिकुवामा बसिरहेको बेला "क" बहादुर दर्जी सधै झै आई भान्जी के गर्दैछ भनी सोधी मैले भित्रै सुतिरहेकी छ भनेपछि अन्यायी घरभित्र पसी नातिनी रोएको सुनी के भएछ भनी मभित्र पस्दा निज "क" बहादुर दर्जीले बच्चाको कपडाले टाउको तथा जीउमा छोपी नातिनीलाई धमाधम करणी गरिरहेको देखेर मैले निज "क" को लिङ्गमा समाती हारगुहार गरी छिमेकीलाई देखाएपछि निज "क" बहादुर दर्जी भागी गएको भन्नेसमेत व्यहोराको छत्रबहादुर दर्जीले मिति २०६६/२/११ मा जिल्ला प्रहरी कार्यालय ईलाममा चढाएको जाहेरी दरखास्त ।

जिल्ला ईलाम, गोदक गा.वि.स., वार्ड नं. ६ का छत्रबहादुर दर्जीले घरमा नानीको कोक्रो रही सो कोक्रोमा वर्ष ३ की बालिका सुताइरहेको अवस्थामा मिति २०६६/२/९ गते ऐ.ऐ. बस्ने वर्ष १५ को "क" बहादुर दर्जीले जवरजस्ती करणी गरेको भन्नेसमेत व्यहोराको मिति २०६६/२/११ को घटनास्थल मुचुल्का ।

फरार प्रतिवादी "क" बहादुर दर्जीलाई निजकै गाउँघरमा लुकीछिपी बसिरहेको अवस्थामा फेला पारी कानूनबमोजिम पक्राउ गरिएको भन्नेसमेत व्यहोराको मिति ०६६/२/११ को प्रहरी सहायक निरिक्षक लिलाबहादुर गुरूङसमेतको प्रतिवेदनसहितको पक्राउ पूर्जी तथा थुनुवा पूर्जी मिसिल सामेल रहेको ।

"क" बहादुर दर्जीको स्वास्थ्य परीक्षण गर्दा करणी गरेको कुनै लक्षण नपाइएको भन्नेसमेत व्यहोराको च.नं. २८६ मिति ०६६/२/१२ को र पीडित बालिकालाई करणी गरेको सामान्य लक्षण पाइएको भन्नेसमेत व्यहोराको च.नं. २८७ मिति ०६६/२/१२ को इलाम अस्पताल, इलामको स्वास्थ्य परीक्षण रिपोर्ट पठाएको पत्र ।

म वर्ष १५ को भएको र मैले मिति २०६६/२/९ गते जाहेरवालाको घरमा गई जाहेरवालाको नातिनीलाई खेलाई कोक्रोमा सुताई मलाई करणी गर्न मन लागी मेरो लिङ्ग उत्तेजित भई कोक्रोमानै रहेको वर्किले

मेरो टाउको छोपी निजलाई कोक्रोबाट केही वर आफूतिर तानी निजको कालो सानो कट्टु खोली मेरो लिङ्ग बाहिर निकाली निजको योनीमा मेरो लिङ्ग दलदाल गरी जवरजस्ती करणी गर्दै गरेको अवस्थामा बालिका रोएकोले हजुरबुबाले थाहा पाई मलाई पक्री मेरो लिङ्गसमेतमा समाती कुटपीट गरेको हो । यसभन्दा अगाडि एकपटक गाईको बाछीलाई करणी गरेको हुँ भन्नेसमेत व्यहोराको बाबु डाकबहादुर दर्जीको रोहबरमा कानूनसँग द्वन्दमा परेका बालक "क" बहादुर दर्जीले अधिकारप्राप्त अधिकारीसमक्ष मिति ०६६/२/१७ मा गरिदिएको बयान कागज ।

घरपरिवारमा कोही नभएको बेलामा वर्ष ३ की बालिकालाई कोक्रोमा सुतिरहेको अवस्थामा "क" बहादुर दर्जीले जवरजस्ती करणी गरेकोमा पूर्ण विश्वास लाग्छ । निज प्रतिवादी "क" बहादुर दर्जी गाउँघरमा रहँदा बस्दा निकै फटाहा स्वभावका व्यक्ति हुन् भन्नेसमेत व्यहोराको चन्द्रबहादुर सुनुवारले मिति २०६६/२/२६ गते अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको कागज ।

हामी काम गर्न गएको समयमा मेरी छोरीलाई प्रतिवादी "क" बहादुर दर्जीले कोक्रोमा सुतिरहेको अवस्थामा कपडाले मुख छोपी करणी गरिरहेकोले समात्न खोज्दा भागेको भनी जाहेरवाला ससुरा छत्रबहादुर दर्जीले सुनाएको हाल मेरी छोरी वर्ष ३ की बालिका दिशापिसाव गर्दा रगतसमेत जाने गरेको र बिरामी भएकोले निज प्रतिवादीले करणी गरेको हो भन्नेसमेत व्यहोराको अर्जुन सुब्बाले मिति २०६६/२/३० गते अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको कागज ।

मिति ०६६/२/९ गते म ज्याला मजदुरी गर्न गएको समयमा प्रतिवादी "क" बहादुर दर्जीले छोरीलाई कोक्रोमा सुतिरहेको अवस्थामा करणी गरिरहेको देखी समातेको भनी बुवा छत्रबहादुरले सुनाएकोले नानीलाई हेर्दा योनी रातो रही हाल दिसापिसाब गर्दा रगतसमेत बग्ने गरेकोले निज प्रतिवादीले करणी गरेकै हो भन्नेसमेत व्यहोराको शान्ता सुब्बा लिम्बूले मिति २०६६/२/३० गते अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको कागज ।

प्रतिवादीले पहिलादेखिनै गाउँमा गाई भैसीसमेतलाई करणी गरेको सुनेको, जाहेरवालाको नातिनीलाई निजले कोक्रोमा सुतिरहेको अवस्थामा करणी गरेकोले निजको लिङ्ग समातेको भनी जाहेरवालाले भनेकोले गई हेर्दा निजको लिङ्ग उत्तेजित भई रातो अवस्थामा रही पीडित रोइरहेको, हाल पीडितको दिसा पिसाब गर्दा रगतसमेत आउँने गरेकोले निज प्रतिवादीले पीडित नाबालिकालाई करणी गरेकोमा पूर्ण विश्वास लाग्छ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का ।

"क" बहादुर दर्जीको जन्ममिति २०५३/७/२८ रहेको भन्ने स्थानीय पञ्जिकाधिकारीको कार्यालय, गोदक ईलामको मिति २०६३/९/२६ दर्ता नं. ३९४ को जन्मदर्ताको प्रमाण पत्र तथा निजको जन्ममिति २०५३/७/२८ रहेको भन्ने च.नं. ७ मिति २०६६/३/३ को श्री नारायण मा.वि. गोदक ईलामको पत्रसमेत मिसिल सामेल रहेको ।

१२ वर्ष ५ महिना ११ दिनको उमेर रहेको प्रतिवादी "क" बहादुर दर्जीले मुलुकी ऐन, जवरजस्ती करणीको महलको ९ क.नं. बमोजिमको रीत प्रकृयाबाट सोही महलको १ नं. बमोजिम जवरजस्ती करणीको बालबिज्याँई (कसूर) गरेको हुँदा सोही ऐनको दफा ३(१) नं. बमोजिम सजाय हुनु पर्नेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम १० वर्ष पूरा भएको १४ वर्ष पूरा नभएको उमेरको बालबालिकाले प्रचलित कानूनबमोजिम कैदको सजाय हुने कसूर (बिज्याँई) गरेमा कसूर हेरी ६ महिनासम्म कैद सजाय गर्नु पर्ने कानूनी व्यवस्थाले सोहीबमोजिम सजाय हुन तथा मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० नं. बमोजिम क्षतिपूर्ति कसूरदारबाट पीडितलाई भराई दिनसमेतको मागदावी लिई वादी नेपाल सरकारका तर्फबाट यस अदालतमा प्रस्तुत गरिएको अभियोगपत्र ।

बालिकाको आमा घरमा नभई खेताला गएको र बाबु अर्जुन लिम्बू काम गर्न गाउँ गएको बेला मलाई खेलाई दिनु भनेकोले म बालिकाको घरमा गई बालिकालाई बोकी कोक्रोमा हाली बोराको कोक्रोबाट छेउमा तानेर म उभिएर मेरो पेन्ट खोली बालिकाको कट्टु खोले र मेरो दह्रो पिसाब फेर्ने बालिकाको पिसाब फेर्ने ठाउँमा वरिपरि दले । दल्दादल्दै छत्र अंकल आई पुगेर मलाई पिसाब फर्ने लिङ्गमा समातेर शरीरको जताततै मुड्कीले कुटे । अनि भोलिपल्ट पुलिसले पक्रेका हुन् । मलाई दल्न मन लागेर पिसाब फेर्ने बालिकाको पिसाब फेर्नेमा दलेको मात्र हो, छिराइन । अनुसन्धान अधिकारीसमक्षको बयान व्यहोरा मेरो ठीक सत्य हो । कानूनबमोजिम होस् भन्नेसमेत व्यहोराको बालबिज्याँईकर्ता कानूनसँग द्वन्द्वमा परेका बालक "क" बहादुर दर्जीले यस अदालतमा गरिदिएको बयान कागज ।

बालबिज्याँई गर्ने प्रतिवादी "क" बहादुर दर्जीको बिज्याँई गर्दाको उमेर, पारिवारिक/सामाजिक परिवेश र मनोसामाजिक, मनोगत पक्षलाई मध्यनजर राख्दा थुनछेक प्रयोजनका लागि हाल कारागारमा बुझाउन उपयुक्त नदेखिएको, बाल सुधार गृहकोसमेत उपलब्धता नभएको र प्रतिवादीको अभिभावकसमेत उपस्थित नभएको हुँदा निज प्रतिवादीलाई बालबालिकाको क्षेत्रमा काम गर्ने जिल्ला बालकल्याण समिति, इलामको समन्वयमा सूचिकृत संस्थाको रोहबरमा प्रतिवादीका अभिभावकलाई जिम्मा लगाई मुद्दाको तहकीकात एवम् पुर्पक्ष गर्न उपयुक्त हुने भन्नेसमेत व्यहोराको समाजसेवी उत्तम पौडेल तथा बालमनोविज्ञ शर्मिला शर्माले यस अदालतमा पेश गरेको संयुक्त राय प्रतिवेदन ।

बालबिज्याँईकर्ता (कानूनसँग द्धन्दमा परेका बालक) को संरक्षक अदालतमा उपस्थित कोही नदेखिँदा खोजी भएका बखत यस अदालतमा उपस्थित गराई दिने गरी निजको संरक्षकको जिम्मा लगाउन जिल्ला बाल कल्याण समिति, इलाममा पठाई दिनु भन्ने यस अदालतको आदेशानुसार निज कानूनसँग द्वन्द्वमा परेका बालकलाई जिल्ला बालकल्याण समिति, ईलाममा पठाई मुद्दा पुर्पक्ष भएको ।

प्रतिवादीले मेरी छोरी वर्ष ३ की छोरीलाई जवरजस्ती करणी गरी मसमेतले उपचार गर्न अस्पताल लगेको हो । हाल पनि छोरीले पेट दुख्यो भनेर पटकपटक भनी रहन्छिन् । योनी रातो भई सुन्निएको र प्रतिवादी

आफैले जवरजस्ती करणी गरेको भनेकोले थाहा पाएको हो भन्नेसमेत व्यहोराको पीडितका बाबु अर्जुन सुब्बाले यस अदालतमा गरिदिएको बकपत्र ।

जाहेरी व्यहोरा ठीक हो । मैले देख्दा प्रतिवादी "क" बर्कीले आधा छोपिएर मेरी नातिनीलाई कोक्रोमा करणी गरिरहेको थियो र मैले प्रतिवादीको लिङ्ग समाती छिमेकी बोलाई प्रतिवादीलाई लिएर गएका हुन् भन्नेसमेत व्यहोराको जाहेरवाला छत्रबहादुर दर्जीले यस अदालतमा गरिदिएको बकपत्र ।

म घटना भइसकेपछि घटनास्थलमा पुगेको र प्रतिवादीले जवरजस्ती करणी गरेको कुरा स्वीकारेको भन्नेसमेत व्यहोराको वस्तुस्थितिका मानिस राजेन्द्र भूर्तेलले यस अदालतमा गरिदिएको बकपत्र ।

मिसिल संलग्न प्रमाण कागजातबाट प्रतिवादी नाबालक "क" बहादुर दर्जीले पीडित वर्ष ३ की नाबालिकालाई जवरजस्ती करणी गरी बालबिज्याँई गरेको कुरा स्थापित भएको र उक्त बिज्याँई कानूनी दायित्व स्थापित गर्ने सन्दर्भमा निज प्रतिवादीको आर्थिक एवम् सामाजिक अवस्था, पारिवारिक क्रियाकलाप, आफूले गरेको कार्यको परिणामको बारेमा परिपक्व ज्ञानको अभाव आदि अवस्था विद्यमान रहने हुँदा कानूनद्धारा निर्धारित कैदको मापदण्डभित्र प्रवेश गर्दासमेत सुधारात्मक पद्दतिनै कानूनी उपचार देखिँदा निज प्रतिवादीलाई पारिवारिक सम्पर्क एवम् जिल्लामा बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थालाई सहयोगीको भूमिका निर्वाहको लागि अनुरोध गर्न र निज प्रतिवादीबाट पीडितलाई उचित क्षतिपूर्ति भराई दिन उपयुक्त हुने देखिएको भन्नेसमेत व्यहोराको समाजसेवी उत्तम पौडेलले यस इजलाससमक्ष प्रस्तुत गर्नु भएको लिखित राय ।

प्रतिवादी "क" बहादुर दर्जीले पीडित बालिकालाई जवरजस्ती करणी गरेको पुष्टि भएको भए तापनि घटना घटाउने सम्मको तत्कालको अगाडि र पछाडिको परिस्थिति र स्थिति, निजको शारीरिक, मानसिक तथा संवेगात्मक स्थिति, पारिवारिक पृष्ठभूमि, बालकको हुर्काईको ईतिहास, बालकप्रति परिवार र समाजको दृष्टिकोण, बालकको इच्छा, चाहना, मनोभावनागत अवस्था, मनोसामाजिक समस्या, उत्प्रेरक तत्व र निजको सामाजिक, आर्थिक अवस्थासम्मको अध्ययन र विश्लेषण गर्दा निज प्रतिवादीले बिज्याइँपूर्ण कार्य गर्नुको पछाडि पारिवारिक, आर्थिक अवस्था र बालकको बृद्धि र विकास हुने अवस्थामा देखिने नयाँ नयाँ ज्ञान प्राप्त गर्ने जिज्ञासा, सिक्ने उत्सुकता र उत्प्रेरक तत्वको कारणनै जिम्मेवार देखिएकोले घटना र परिणामप्रति सचेत हुन नसकी गरेको यस्तो बिज्याँईपूर्ण कार्यमा निज प्रतिवादीलाई कानूनले तोकेको कैदभन्दा पनि सुधारात्मक उपचारको व्यवस्थाको साथै निजलाई शिक्षा हासिल गर्न सक्ने वातावरणको सिर्जना गरि दिनु पर्ने भन्नेसमेत व्यहोराको बालमनोविज्ञ शर्मिला शर्माले यस इजलाससमक्ष प्रस्तुत गर्नु भएको लिखित राय ।

यसमा प्रस्तुत मुद्दाको कारवाहीको क्रममा कानूनसँग द्वन्द्वमा परेको बालक तथा निजको बिज्याँईपूर्ण कार्यबाट पीडित हुन पुगेकी नाबालिकाको वास्तविक नाम गोप्य राखी परिवर्तित नामबाट मुद्दाको कारवाही गरिनु

पर्नेमा कारवहीको क्रममा त्यसरी वास्तविक नाम गोप्य राखिएको अवस्था नदेखिएकोले यस अदालतबाट आजै हुने फैसलामा कानूनसँग द्वन्द्वमा परेको बालकको वास्तविक नामको सट्टा परिवर्तित नाम "क" बहादुर दर्जी उल्लेख गरी र पीडितलाई आवश्यकतानुसार पीडित नाबालिका, बालिका वा पीडित मात्र उल्लेख हुने गरी कानूनबमोजिम फैसला तयार गर्नु भन्नेसमेत व्यहोराको आजै यस अदालतबाट भएको आदेशानुसार काल्पनिक नाम राखी फैसला तयार गरिएको ।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दा बुझिए सम्मका मिसिल संलग्न प्रमाण कागजातहरूको आधारबाट छिनी किनारा गरिदिए हुने भएकोले वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री कृष्णमोहन कोइरालाले गर्नु भएको बहस तथा कानूनसँग द्वन्द्वमा परेको बालकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री यामप्रसाद लिम्बूले गर्नु भएको बहस र कानूनसँग द्वन्द्वमा परेको बालक र निजको अभिभावक बाबुले गरेको छलफलसमेत सुनी मिसिल संलग्न प्रमाण कागजात तथा सम्बन्धित राष्ट्रिय कानून तथा अन्तर्राष्ट्रिय स्तरमा रहेका सन्धि सम्झौता र बाल इजलासका सहयोगी सदस्यद्वय बालमनोविज्ञ श्री शर्मिला शर्मा र समाजसेवी श्री उत्तम पौडेलले पेश गर्नु भएको लिखित रायसमेतको अध्ययन गरी निर्णयतर्फ विचार गर्दा यसमा कानूनसँग द्वन्द्वमा परेका यी बालकले आरोपित बिज्याँई गरेका हुन् होइनन् ? हुन् भने के कति सजाय हुनु पर्ने र पीडित बालिकालाई के कति क्षतिपूर्ति दिलाउन उपयुक्त हुन्छ ? सो कुराकोनै मुख्य रूपमा निर्णय दिनु पर्ने देखिन आयो ।

यस सन्दर्भमा विचार गर्दा कानूनसँग द्वन्द्वमा परेका यी बालकले ३ वर्षकी नाबालिका पीडितलाई जवरजस्ती करणी गरेको भन्दै उक्त बिज्याँईमा कानूनसँग द्वन्द्वमा परेका यी बालकको बिज्याँई गर्दाको अवस्थाको उमेर १२ वर्ष ६ महिना ११ दिन देखिएको भन्ने आधारमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) अनुसारको सजाय गरी उक्त बिज्याँई गर्ने बालकबाट पीडितलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० नं. अनुसारको क्षतिपूर्तिसमेत भराई दिनसमेतको मागदावी लिई वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा अभियोगपत्र दायर हुन आएको पाइन्छ । कानूनसँग द्वन्द्वमा परेका यी बालकले मौकामा अनुसन्धानको क्रममा आफ्नो बाबु डाकबहादुर दर्जीको रोहबरमा बयान गर्दा एवम् यस अदालतमा बालकको तर्फबाट प्रतिरक्षा गर्न उपस्थित विद्वान अधिवक्ता यामप्रसाद लिम्बूको रोहबरमा बयान गर्दा एवम् यस अदालतमा बालकको तर्फबाट प्रतिरक्षा गर्न उपस्थित विद्वान अधिवक्ता यामप्रसाद लिम्बूको रोहबरमा बयान गर्दासमेत आरोपित बिज्याँई गरेको कुरामा पूर्णरूपबाट सावित भई बयान गरेको देखिन्छ । पीडितको हजुरबुबा छत्रबहादुर दर्जीले मौकामा दिएको जाहेरी तथा यस अदालतसमक्ष गरेको बकपत्रसमेतमा कानूनसँग द्वन्द्वमा परेका यी बालकउपर आरोपित बिज्याँई गरेको भनी किटानी रूपमा पोल गरेको पाइन्छ । त्यसै गरी पीडितको बुबा अर्जुन सुव्वा तथा आमा शान्ता सुब्बासमेतले मौकाको कागज एवम् यस अदालतको बकपत्रसमेतमा कानूनसँग द्वन्द्वमा परेका यी बालकले आरोपित बिज्याँई गरेको भनी

किटानी रूपमा पोल गरेको देखिन्छ । त्यसै गरी बुझिएका राजेन्द्र भूर्तेलले यस अदालतमा बकपत्र गर्दा पनि "क" बहादुर दर्जीले पीडितलाई जवरजस्ती करणी गरेको कुरा निज आफैले स्वीकार गरेको भनी बकपत्र गरेको देखिन्छ । पीडितको मौकाको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा पीडितको योनी सामान्य सुन्निएको र रातो अवस्थामा रहेको, निजलाई करणी गरेको सामान्य लक्षण पाइएको भन्ने उल्लेख भएको पाइन्छ । यसरी मिसिल सामेल रहेका सम्पूर्ण कागज प्रमाणबाट कानूनसँग द्वन्द्वमा परेका यी बालकले पीडितलाई वारदात मिति समयमा जवरजस्ती करणी गरेको भन्ने कुरा पुष्टि हुन आएको देखिँदा कानूनसँग द्वन्द्वमा परेका यी बालकले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. बमोजिमको जवरजस्ती करणीको बिज्याँई गरेको ठहर्छ ।

अब उक्तअनुसारको बिज्याँई गर्ने यी बालकलाई के कति सजाय हुनु पर्ने हो भन्नेसम्बन्धमा विचार गर्दा वादी नेपाल सरकारको तर्फबाट प्रस्तुत अभियोगपत्रमा उक्तअनुसारको बिज्याँई गर्ने यी बालकलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिमको सजायको मागदावी लिइएको देखिन आएको छ । अभियोगपत्रमा मागदावी लिइएको उक्त दफा ११(२) लाई हेर्दा "बालकको उमेर १० वर्ष वा सोभन्दा माथि र १४ वर्षभन्दा कम रहेछ भने निजलाई कानूनबमोजिम जरीवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाईबुझाई र कैद हुने कसूर गरेकोमा कसूर हेरी ६ महिनासम्म कैद हुन्छ" भन्ने व्यवस्था रहेको पाइन्छ । यस इजलासका सहयोगी सदस्य बालमनोविज्ञ शर्मिला शर्माले कानूनसँगको द्वन्द्वमा परेका यी बालक "क" बहादुर दर्जीको पारिवारिक, आर्थिक अवस्था कमजोर भएको कारण आफ्नो पढाई छाडी गोदक स्थित श्रेष्ठ होटलमा काम गर्न थालेको र त्यहाँ काम गर्दा उसले असल कुराहरू सिक्न पाउने वातावरण सृजना हुन नसकी निज खराब वातावरणीय प्रभावमा परेको कारण बालशुलभ जिज्ञासा परिपूर्तिका लागि बालिकामाथि बिज्याँईपूर्ण कार्य गरेको हुँदा उसलाई कानूनले तोकेका कैदभन्दा पनि सुधारात्मक व्यवस्थाको साथै निजलाई शिक्षा हासिल गर्न सक्ने वातावरण सृजना गरि दिनु पर्ने भन्ने राय प्रस्तुत गर्नु भएको देखिन्छ । त्यसै गरी यस बाल इजलासकै सहयोगी सदस्य समाजसेवी उत्तम पौडेलले बालबालिकाहरूलाई आफुले गरेको कार्यको आत्मबोध गर्ने स्मरण क्षमता एवम् कार्यको परिणामको बारेमा परिपक्व ज्ञान नहुने हुँदा उनीहरूको बिज्याँईलाई कानूनद्वारानै क्षमायोग्य मानेर सुधारात्मक प्रकृयाद्वारा उपचार गर्ने परिपाटी निर्धारण गरिएको हुने हुँदा कानूनसँग द्वन्द्वमा परेका यी बालकलाई निजले गरेको बिज्याँईको मात्राअनुसार सजाय गर्ने हाम्रो कानूनी व्यवस्थालाई अवलम्बन गर्दा पनि बालकको उच्चतम् हित उसको परिवार एवम् समाजसँगको सम्पर्क नटुटोस् भन्ने कुरालाई विचार गरी लामो समयसम्म आफ्ना अभिभावक (बुबाआमा लगायतका नाता कुटुम्ब) बाट टाढा राख्नुभन्दा पनि पारिवारिक सम्पर्क नटुट्ने गरी तोकिने सजाय भुक्तान गर्नु पर्ने व्यवस्था मिलाउन जिल्लामा बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थालाई सहयोगीको भूमिका निर्वाहको लागि अनुराध गर्ने र बिज्याँईपूर्ण कार्यबाट पीडित भएकी नाबालिकाको मनोसामाजिक अवस्थालाई विचार गरी बिज्याँईपूर्ण कार्य गर्ने बालक "क" बहादुर दर्जीबाट पीडितलाई यी बालिकालाई उचित क्षतिपूर्ति भराई दिन उपयुक्त देखिएको भनी राय प्रस्तुत गर्नु भएको पाइन्छ ।

बालबालिकासम्बन्धी महासन्धी, १९८९ को धारा ३(१) मा सार्वजनिक एवम् निजामती कल्याणकारी सामाजिक संस्थाहरू, अदालतहरू, प्रशासनिक यन्त्रहरू वा विधायिकाहरू सबैले बालबालिकासँग सम्बन्धित काम कुरा गर्दा बालबालिकाको उच्चतम् हितलाई प्राथमिकता दिनु पर्ने वाध्यात्मक व्यवस्था गरेको पाइन्छ। बालबालिकाको बेचविखन, बाल वेश्यावृत्ति र अश्लिल चित्रणविरूद्ध बालअधिकारसम्बन्धी महासन्धीको ऐच्छिक प्रलेख, २००० को धारा ८(१) को खण्डा (छ) मा राज्य पक्षले पीडित बालबालिकाहरूको सम्बन्धमा फैसला गर्दा वा उनीहरूलाई क्षतिपूर्ति दिने गरी आदेश दिँदा वा निर्णय गर्दा अनावश्यक ढिलासुस्ती नगर्ने व्यवस्था गरेको देखिन्छ भने सोही प्रलेखको धारा ८(३) मा राज्य पक्षले बालबालिकाहरूलाई उपचार दिने काम गर्दा आफ्नो फौजदारी न्याय प्रणालीले उनीहरूको सर्वोत्तम हितलाई मुख्य रूपमा ध्यान दिने कुराको प्रत्याभूति दिनेछन् भन्ने व्यवस्था गरेको पाइन्छ । त्यसै गरी बाल न्याय प्रशासनको लागि संयुक्त राष्ट्र संघीय न्यूनतम् मापदण्डको नियमावली (बेइजिङ नियमावली) को नियम १४(२) मा बालबालिकासम्बन्धी मामिलाको कारवाही प्रक्रियासमेत बालबालिकाको सर्वोत्तम् हितअनुकूल रहने र त्यस्ता कारवाही प्रकृयाका बालबालिका स्वतन्त्रतापूर्वक सहभागी हुन पाउने र आफ्ना कुरा व्यक्त गर्न पाउने सुझबुझपूर्ण वातावरणमा सञ्चालन हुनु पर्ने व्यवस्था गरेको देखिन्छ । बालअधिकारसम्बन्धी उक्त महासन्धि, १९८९ लाई नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको पाइन्छ । यसरी नेपाल उक्त महासन्धिको पक्ष राष्ट्र भएको हुँदा सन्धि ऐन, २०४७ को दफा ९ अनुसार उक्त महासन्धिका प्रावधानहरू कानूनसरह लागू हुने र कुनै नेपाल कानून उक्त महासन्धिसँग बाँझिएको भएमा उक्त महासन्धिको व्यवस्थानै मान्य हुने व्यवस्था गरेको पाइन्छ ।

यस परिप्रेक्ष्यमा यस अदालतको यस इजलासको पनि प्रस्तुत मुद्दाको निरूपण गर्दा कानूनसँग द्वन्द्वमा परेको बालक “क” बहादुर दर्जी तथा निजको बिज्याँईपूर्ण कार्यबाट पीडित हुन पुगेकी बालिका दुवैको उच्चतम हित के कसरी हुन्छ र गर्न सकिन्छ ? भन्ने कुरालाई ध्यानमा राखी विद्यमान कानूनी व्यवस्था र अन्तर्राष्ट्रिय सन्धि सम्झौतासमेतको आधारमा सजाय तथा क्षतिपूर्ति तोक्नु पर्ने कुरामा विवाद रहेन । बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३७ को खण्ड (ख) मा कुनै पनि बालबालिकालाई गैरकानूनी वा अनूचित तवरले तिनको स्वतन्त्रताबाट वञ्चित गरिने छैन र बालबालिकाको गिरफ्तारी, थुना वा कारवास कानून अनुकूल तवरबाट हुनेछ र सम्भव भएसम्म छोटो, उपयुक्त समयको लागि र अन्तिम रूपमा मात्र अपनाइने कुराको राज्य पक्षले निश्चित गर्नेछन् भन्ने व्यवस्था गरिएको देखिन आयो । उक्त प्रावधानलाई हेर्दा बालबालिकालाई कैदको सजाय तोक्दा सम्भव भएसम्म छोटो र उपयुक्त समयको लागि मात्र तोक्नु पर्ने भन्ने उल्लेख भएको देखिन आयो । त्यसै गरी बालअधिकारसम्बन्धी महासन्धी, १९८९ को धारा ९ को उपधारा (१) मा व्यवस्थित प्रावधानहरूलाई दृष्टिगत गर्दा बालबालिकाको सर्वोत्तम् हित भनेको निजलाई निजको आमाबाबुबाट अलग नगरिनु हो भन्ने कुरालाई स्वीकार गरेको पाइन्छ । त्यसैले त उक्त धारा ९(१) मा बालबालिकाको सर्वोत्तम् हितका लागि निजलाई निजको आमाबाबुबाट अलग राख्नु आवश्यक छ भन्ने कुरा सम्बन्धित कानून र कार्यविधिअनुरूपको सक्षम अधिकारीहरूले निर्णय गरेमा बाहेक कुनै पनि बालबालिकालाई बाबुआमाको इच्छाविरूद्ध अलग नगरिने भनी पक्ष राष्ट्रले

निश्चित् गर्नु पर्ने प्रावधान राखिएको देखिन्छ । अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले व्यवस्था गरेका ती प्रावधानहरूलाई दृष्टिगत गर्दै बालबालिकासम्बन्धी ऐनको दफा ११ मा नेपाल कानूनबमोजिम अपराध ठहरीने कुनै बालक १० वर्षभन्दा मुनीको रहेछ भने निजलाई कुनै प्रकारको सजाय नहुने, निजको उमेर १० वर्षभन्दा माथि र १४ वर्षभन्दा मुनीको भएमा कानूनबमोजिम कैद हुने कुनै अपराध गरेकोमा कसूर हेरी ६ महिनासम्म कैद हुने र १४ वर्षभन्दा माथि र १६ वर्षभन्दा मुनिको भएमा उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा मात्र सजाय हुने व्यवस्था गरेको देखिन आयो । प्रस्तुत मुद्दाका यी बालकले जुन बिज्याँईपूर्ण कार्य गरेको ठहर भएको छ सोही कार्य उमेर पुगेका व्यक्तिले गरेको भए मुलुकी ऐन, जवरजस्ती करणीको महलको ३(१) नं. अनुसार १० वर्षदेखि १५ वर्षसम्म कैदको सजाय हुने अवस्था रहे भएकोमा यी बालकले उक्त बिज्याँईपूर्ण कार्य गरेको अवस्था निजको उमेर १४ वर्षभन्दा मुनी रहेको कारण निजको आमाबाबुबाट निजलाई लामो समयसम्म अलग राख्दा निजको उच्चतम् हित प्रतिकूल हुने कुरालाई मध्यनजर गरी कानूनद्धारानै अर्थात बालबालिकासम्बन्धी ऐनको दफा ११(२) अनुसार कसूर हेरी ६ महिनासम्म कैदको मात्र सजाय गर्न सक्ने गरी यस अदालतलाई तजविजी अधिकार प्रदान गरेको देखिन आयो । छलफलको क्रममा इजलासमा उपस्थित यी बालकको आचरण निज मौकामा पक्राउ गरी आउँदाको अवस्थामाभन्दा निकै सुधार भएको कुरा इजलासमा उपस्थित निजका बाबु डाकबहादुर दर्जी र सहयोगी बालमनोविज्ञसमेतले व्यक्त गर्नु भएको देखिन्छ । यस अदालतबाट यी बालकलाई मुद्दा पुर्पक्षको लागि निजको बाबुलाईनै जिम्मा लगाएको देखिन आएको छ । त्यसरी पूर्पक्षको क्रममा रहँदा यी बालकलाई जिल्ला बालकल्याण समिति जस्ता बालकल्याण कार्यमा संलग्न रहेका संस्थाहरूको सहयोगमा बालमनोविज्ञबाट अनुगमन गरी निजलाई सुधार गर्न प्रयास गरिएको र सोही अनुरूपमा निजको आचरण व्यवहार सुधार भएको भन्ने कुरा सहयोगी बालमनोविज्ञ र समाजसेवीबाट जानकारी हुन आएको छ र हाल निजले आफ्नो अध्ययन कार्य शुरू गरेको भन्ने पनि देखिन आयो । यस्तो स्थितिमा यी बालकलाई निजको बाबुबाट अलग गरी निजले पुनः शुरू गरेको अध्ययन कार्यलाई प्रतिकूल असर पर्ने गरी सजाय तोक्न निजको उच्चतम् हितलाई दृष्टिगत गर्दा उपयुक्त नहुने र निजमा आएको सुधारलाई दृष्टिगत गर्दा मौका अनुसन्धानको क्रममा प्रहरी हिरासतमा बसेको जति दिन कैद गर्दा पनि न्यायको मकसद पुरा हुनुको साथै बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले गरेका प्रावधानहरूले समेटेको भावनाअनुकूल हुनुको साथै प्रचलित नेपाल कानूनको मकसदसमेत पूरा हुने हुँदा कानूनसँग द्वन्द्वमा परेका यी बालक “क” बहादुर दर्जीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) अनुसार प्रहरी हिरासतमा बसेको जति दिन २५ कैदको सजाय हुने ठहर्छ ।

वादी नेपाल सरकारको तर्फबाट प्रस्तुत अभियोगपत्रमा पीडितलाई कानूनसँग द्वन्द्वमा परेका यी बालक “क” बहादुर दर्जीबाट मुलुकी ऐन, जवरजस्ती करणीको १० नं. अनुसार क्षतिपूर्ति भराई दिन मागदावी लिएकोसमेत देखिन्छ । यस बाल इजलासका सहयोगी समाजसेवी उत्तम पौडेलले आफ्नो लिखित रायमा पीडितमा पर्न गएको मनोसामाजिक अवस्थालाई विचार गरी उचित क्षतिपूर्ति भराई दिनु पर्ने भनी राय प्रस्तुत भएको पाइन्छ । अभियोगपत्रमा दावी लिइएको मुलुकी ऐन, जवरजस्ती करणीको महलको १०

नं. लाई हेर्दा “कसैले कुनै महिलालाई जवरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारीरिक एवम् मानसिक क्षति विचार गरी मनासिब ठहराएबमोजिमको क्षतिपूर्ति कसूरदारबाट भराई दिनु पर्नेछ” भन्ने व्यवस्था गरेको पाइन्छ। बालअधिकारसम्बन्धी महासन्धि, १९८९ बालबालिकाको हकहितसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय स्तरमा रहे भएका व्यवस्थाहरू एवम् बालबालिकासम्बन्धी ऐन, २०४८ ले गरेका व्यवस्थाहरूसमेतलाई दृष्टिगत गर्दा बालबालिका रहे भएको कारणबाट मात्र कानूनबमोजिम तिर्नु बुझाउनु पर्ने क्षतिपूर्तिको दायित्वबाट उन्मुक्ति पाउन सक्ने अवस्था रहेभएको देखिन आएन। तर पीडितलाई क्षतिपूर्ति दिनु पर्ने यी बालक १४ वर्षभन्दा कम उमेरको नाबालक देखिन आएको छ। यी बालकले यस अदालतमा गरेको बयानलाई हेर्दा यी बालकको अभिभावक बाबुसँग त्यस्तो कुनै जग्गा सम्पति रहेका भई यी बालकलाई अभिभावक बाबुले भारी बोकी कमाई ल्याएर पालनपोषण गर्ने गरेको भन्ने उल्लेख भएको देखिँदा तोकिएको क्षतिपूर्ति तिर्न बुझाउन सक्ने पारिवारिक हैसियत पनि यी बालकको रहेभएको देखिन आएन। बालश्रम (निषेध र नियममित गर्ने) ऐन, २०५६ को व्यवस्थालाई हेर्दा यी बालक १४ वर्षभन्दा नदेखिँदा यी बालकले शारीरिक श्रम गरेरै भए पनि तोकिएको क्षतिपूर्ति बुझाउन पर्ने पाउने अवस्था रहेको नदेखिँदा यी बालकले शारीरिक श्रम गरेरै भए पनि तोकिएको क्षतिपूर्ति बुझाउन पर्ने भनी भन्न सकिने अवस्था पनि रहे भएको देखिएन। यस्तो स्थितिमा यी बालकबाट पीडितलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० नं. अनुसार क्षतिपूर्ति भराई दिने गरी फैसला गर्ने हो भने उक्त फैसला कार्यान्वयन हुन सक्ने अवस्था नरही निरर्थक बन्न पुग्ने अवस्था देखिन आयो।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२ को उपधारा (३) मा प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरूद्धको हक हुनेछ। यस्तो शोषणजन्य कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइनेछ भन्ने व्यवस्था रहेको पाइन्छ। नेपालको अन्तरिम संविधानले प्रत्याभूत गरेको उक्त हकअनुसार शारीरिक, मानसिक वा अन्य कुनै पनि शोषण गरिएको बालबालिकाले क्षतिपूर्ति पाउने कुरालाई राज्यद्वारा सुरक्षित गरिएको देखिन आयो। बालबालिकाको बेचविखन, बाल बेश्यावृत्ति र अश्लिल चित्रणविरूद्धको बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २००० को धारा ८(१) को खण्ड (छ) मा बालबालिकालाई क्षतिपूर्ति दिने गरी आदेश निर्णय गर्दा अनावश्यक ढिलासुस्ति नगरीकन क्षतिपूर्ति दिने पाउने सक्ने आवश्यक प्रवन्ध राज्य पक्षले मिलाउनु पर्ने व्यवस्थासमेत रहेको देखिन्छ। यसरी संविधान, कानून एवम् अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा रहेका व्यवस्थासमेतबाट क्षतिपूर्ति पाउने हक सुरक्षित भएका यी पीडित बालिकालाई तत्कालै प्राप्त हुने सक्ने गरी क्षतिपूर्ति उपलब्ध गराई दिनु पर्नेमा माथि विवेचना गरिएअनुसार कार्यान्वयन हुन नसक्ने अवस्थामा रहेको कानूनसँगको द्वन्द्वमा परेका यी बालकबाट क्षतिपूर्ति भराई दिने गरी फैसला गरि दिने हो भने यी पीडित बालिकाको उच्चतम् हित हुन सक्दैन र त्यसरी बालिकाको उच्चतम् हित नहुने गरी आदेश निर्णय गर्नु भनेको बालअधिकारसम्बन्धी महासन्धिको विपरीत कार्य गर्नु हुन जाने हुन्छ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (ङ) मा राज्य पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने राज्यको दायित्व रहे भएको देखिन्छ । नेपालको अन्तरिम संविधानमा रहेको उक्त प्रावधानअनुसार बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को नेपाल पक्ष राष्ट्र भएकोले उक्त महासन्धिको व्यवस्थालाई प्रभावकारी रूपबाट कार्यान्वयन हुन सक्ने व्यवस्था मिलाउने दायित्व नेपाल सरकारको पनि रहे भएको पनि देखिन आयो । अतः बालबालिकाको उच्चतम् हितलाई ख्याल राखी कार्य गर्नु पर्ने बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने प्रयोजनार्थ नेपालको अन्तरिम संविधानले क्षतिपूर्ति पाउने हक सुरक्षित गरिएकी पीडित बालिकालाई कानूनद्वारा क्षतिपूर्ति दिनु पर्ने दायित्व रहे भएका व्यक्ति नाबालक भई माथि विवेचना गरिएअनुसार त्यस्तो क्षतिपूर्ति दिन असक्षम भएकोले निजको तर्फबाट पीडित बालिकालाई अदालतले तोकेबमोजिमको क्षतिपूर्ति पाउन सक्ने यथोचित प्रवन्ध मिलाई दिने दायित्व नेपाल सरकारले लिनु पर्नेनै देखिन आयो । उक्तअनुसारको दायित्व निर्वाहको लागि नेपाल सरकारले कानूनसँग द्वन्द्वमा परेको बालकले तिर्न बुझाउन पर्ने रकम निजलाई सहयोगस्वरूप उपलब्ध गराएको अवस्थामा मात्र पीडित बालिकाले संविधान, कानून र अन्तर्राष्ट्रिय दस्तावेजअनुसार पाउनु पर्ने क्षतिपूर्ति विना ढिलाई यथा समयमा पाउने सक्ने देखिन आयो । नेपाल सरकारको तर्फबाट विभिन्न किसिमका द्वन्द्वबाट पीडित भएका वा जोखिममा परेका विभिन्न व्यक्तिहरूलाई विभिन्न किसिमका राहत, आर्थिक सहयोग वा क्षतिपूर्तिसमेत उपलव्ध गराउँदै आएको यस अदालतको जानकारीमा रहेको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९२ को खण्ड (ङ) मा अदालतबाट भएको फैसला वा आज्ञप्तिअनुसार नेपाल सरकारले व्यहोर्नु पर्ने रकम सञ्चित कोषबाट व्यवभार हुने व्यवस्था रहेको देखिँदा त्यस्तो रकमलाई बजेट विनियोजन भइरहनु पर्ने अवस्था पनि देखिन आएन । अतः बिज्याँई गर्ने नाबालक र पीडित बालिका दुवैको उमेर, अवस्था र पीडित बालिकालाई पर्न गएको शारीरिक एवम् मानसिक क्षतिसमेतलाई विचार गरी यस अदालतबाट पीडित बालिकाले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० नं. अनुसार पाउने क्षतिपूर्ति रू. १०,०००/- (दशहजार रूपैयाँ) निर्धारण गरिदिएको छ । मुलूकी ऐन, जवरजस्ती करणीको महलको १० नं. अनुसार तोकिएको क्षतिपूर्ति रू. १०,०००/- (दश हजार रूपैयाँ तिर्न बुझाउन पर्ने दायित्व भएका यी बालक "क" बहादुर दर्जीको तर्फबाट पीडित बालिकालाई माथि विवेचना गरिएअनुसार यथासमयमै क्षतिपूर्ति पाउने प्रबन्ध मिलाउने दायित्व र सो प्रयोजनका लागि कानूनसँग द्वन्द्वमा परेको बालकलाई सहयोग गर्ने दायित्वसमेत नेपाल सरकारले लिनु पर्ने भएकोले कानूनसँग द्वन्द्वमा परेका यी बालक "क" बहादुर दर्जीको नामबाट यस अदालतको धरौटी खातामा जम्मा हुने गरी उक्त क्षतिपूर्ति रकम रू. १०,०००/- नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्राप्त गरी पीडित नाबालिकालाई भराई दिने ठहर्छ । अन्य कुरामा तपसिलबमोजिम गर्नु ।

## तपसिल

माथि ईन्साफ खण्डमा उल्लेख भएबमोजिम कानूनसँग द्वन्द्वमा परेका बालक "क" बहादुर दर्जीलाई प्रहरी हिरासतमा बसेका जति दिन २५ कैद हुने ठहरेकोले कैद असूल भइसकेको देखिँदा लगत जनाई असूल

जनाउनु ........................................................................................१

कानूनसँग द्वन्द्वमा परेका यी बालकको नामबाट यस अदालतको धरौटी खातामा जम्मा हुने गरी क्षतिपूर्ति रूकम रू. १०,०००/- नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्राप्त गरी पीडितलाई भराई दिने ठहरेकोले जिल्ला सरकारी वकिल कार्यालय, ईलाममार्फत फैसलाको प्रतिलिपीसमेत साथै राखी नेपाल सरकार, अर्थ मन्त्रालयमा लेखी पठाई उक्त रकम रू. १०,०००/- अर्थ मन्त्रालयबाट यस अदालतमा प्राप्त हुन आएपछि यथाशिघ्र पीडित नाबालिकालाई भराई दिनु.........................................................२

प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, ईलाममा पुरावेदन गर्नु भनी फैसलाको प्रतिलिपीसमेत साथै राखी जिल्ला बाल कल्याण समिति, ईलाममार्फत कानूनसँग द्वन्द्वमा परेका यी बालक "क" बहादुर दर्जीलाई पुनरावेदनको म्याद पठाई दिनु..................................................३

प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत इलाममा पुनरावेदन गर्नु भनी फैसलाको प्रतिलिपी जिल्ला सरकारी वकिल कार्यालय, ईलाममा पठाई दिनु....................................४

प्रस्तुत फैसलाको १ प्रति प्रतिलिपी जानकारीको लागि केन्द्रीय बाल कल्याण समितिमा पठाई दिनु......५

सरोकारवालाको प्रस्तुत फैसलाको नक्कल माग गरे कानूनबमोजिम गरी नक्कल सारी सराई दिनु.......६

प्रस्तुत मुद्दामा अन्य काम बाँकी नदेखिँदा दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु...७

....................

जिल्ला न्यायाधीश

प्रस्तुत पाना-९ फैसला माननीय जिल्ला न्यायाधीशज्यूले टिपाएबमोजिम तयार गर्ने ना.सु. फणिन्द्रराज भट्टराई ।

ईति सम्वत् २०६६ साल कार्तिक ९ गते रोज २ शुभम्...............................................।

**सुर्खेत जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री कृष्णबहादुर थापा**

**फैसला**

**उपस्थिति**

बालमनोविज्ञ - श्री यामबहादुर कार्की

समाजसेवी - श्री प्रमप्रसाद थानी

निर्णय नं. : ४३

र. नं. ७८/०६४/००६९४

**मुद्दा : जवरजस्ती करणी ।**

**वादीको नाम, थर, वतन**

वास्तविकनाम, थरगोप्यराखिएकोगीताशर्माको जाहेरीले नेपाल सरकार .................१

**प्रतिवादीको नाम, थर, वतन**

वास्तविक नाथ, थर गोप्य राखिएको जाहेरीले सुर्खेत विरेन्द्रनगर नगरपालिका, वडा नं. १ बस्ने रामबहादुर क्षेत्री ...............................१

**ऐ. को प्रमाण :**

साक्षी : ×

जाहेरबाला र बुझिएका मानिसहरु

कागज : ×

**ऐ. को प्रमाण :**

साक्षी : ३ जना

कागज : ×

**अदालतबाट वुझेको**

प्रमाण :

जाहेरबाला : गीता शर्मा ..............................१

पीडित : सुमन शर्मा ..................................१

बुझिएकी : शोभा लामिछाने...........................१

बुझिएकी : गोमा वली ............................१

बुझिएकी : धनमाया शर्मा ...........................१

प्र. साक्षी : अर्जुन नेपाली ...........................१
प्र. साक्षी : रत्न नेपाली..............................१
प्र. साक्षी : अस्मान शाही ...........................१
कागज : परीक्षण प्रतिवेदन.............................१

प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र तथ्य यस प्रकार रहेको छ :-

मिति २०६५/६/१७ गते दिउसो अन्दाजी ४:०० बजेको समयमा मलाई जवरजस्ती करणी गर्नुका साथै सो पूर्व पनि मलाई दुई पटकसम्म जवरजस्ती करणी गरिसकेका र मेरो भाइ वर्ष ७ को सुमन शर्मालाई पनि गुद्धारमा अप्राकृतिक मैथुन गरेकाले निज प्रतिवादीलाई पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

जवरजस्ती करणी नभएको भन्न नसकिने भन्ने पीडित जाहेरवालीको स्वास्थ्य परीक्षण रिपोर्ट ।

बालकको मलद्वारमा लिङ्ग प्रवेश नभएको भन्न नसकिने भन्नेसमेत व्यहोराको पीडित बालकको स्वास्थ्य परीक्षण रिपोर्ट ।

घटनास्थल मुचुल्का भई मिसिल संलग्न रहेको रहेछ ।

मैले जाहेरवाली बालिकालाई जाहेरी दरखास्तमा उल्लिखित मिति र समयमा हात समाती भान्सा कोठामा लगी ढोका लगाई सुताई निजको सुरुबाल र पेन्टी कट्टु खोली दिई निज माथि चढी आफ्नो उत्तेजित लिङ्ग निजको योनीमा छुवाई योनी सानो भएकाले योनी लगायतको योनीको दाया वायाँ उत्तेजित लिङ्ग रगडी (दली) जमिनमा बीर्य स्खलन गराएको हुँ । सो पूर्व पनि निजलाई जवरजस्ती करणी गरेको हुँ । जाहेरबालीको भाईको गुद्धारमा पनि अप्राकृतिक मैथुन गरी जमिनमा बीर्य स्खलन गराएको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी रामबहादुर क्षेत्रीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

प्रतिवादीको जन्ममिति खुलाएको नेपाल राष्ट्रिय मा.वि. को पत्र मिसिल सामेल रहेको रहेछ ।

जाहेरी दरखास्तमा उल्लिखित मिति र समयमा गीता शर्माको घरमा हो हल्ला भएकोले के भएको रहेछ भनी जाँदा पीडित बालिकाले प्रतिवादी रामबहादुर क्षेत्रीले म आँगनमा खेलिरहेको अवस्थामा भान्सा कोठामा लगी चक्कु देखाई मलाई पल्टाई मेरो योनीमा जवरजस्ती आफ्नो उत्तेजित लिङ्ग पसाली करणी गरेको भनेपछि निज पीडितलाई सोधनी गर्दा सो घटना पूर्व पनि निजले खुकुरी देखाई पटकपटक भान्सा कोठामा लगी जवरजस्ती करणी गरेको भन्ने पीडित जाहेरबालीबाट बुझेको र सुमन शर्मालाई पनि

मलद्वारमा करणी गरेको भन्ने वर्ष ७ को सुमन शर्माबाट खुल्न आएको, त्यसपछि प्रतिवादी रामबहादुर क्षेत्रीलाई सोधनी गर्दा स्वीकार गरेकाले कानूनबमोजिम कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको शोभा लामिछानेले अनुसन्धान अधिकृतसमक्ष गरेको कागज तथा सोही मिलानको गोमा वली, गोमा शाही, धनमाया शर्माले गरेको कागज ।

प्रतिवादी रामबहादुर क्षेत्रीले मलाई अप्राकृतिक मैथुन गरेका र मेरो जाहेरबाली दिदीलाई पनि जवरजस्ती करणी गरेकाले कारवाही हुनु पर्दछ भन्नेसमेत व्यहोराको पीडित बालक सुमन शर्माले अनुसन्धान अधिकृतसमक्ष गरेको कागज ।

प्रतिवादी रामबहादुर क्षेत्रीले मुलुकी ऐन, जवरजस्ती करणी महलको १ नं. तथा ९(क) नं. को कसूर गरेको हुँदा निजलाई सोही ऐनको सोही महलको ३(२) नं. तथा ९(क) नं. बमोजिम सजाय गरी प्रतिवादीको उमेर १६ वर्षभन्दा कम देखिएकोले निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम गरी सोही महलको १० नं. बमोजिम मनासिव क्षतिपूर्ति पीडितलाई दिलाईपाऊँ भन्नेसमेत व्यहोराको मिति २०६५/७/११ को अभियोग मागदावी ।

मैले जाहेरबालीलाई जवरजस्ती करणी र सुमन शर्मालाई अप्राकृतिक मैथुन गरेको होइन । अभियोग दावीबाट सफाई पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी रामबहादुर क्षेत्रीले मिति २०६५/७/१५ मा अदालतमा गरेको बयान ।

प्रतिवादी रामबहादुर क्षेत्रीले मिति २०६५ भाद्र महिना हो गते, बार याद रहेन । म घरमा गृहकार्य गरी एक्लै बसिरहेको बेला मैले लगाएको कुर्ता सुरुवाल खोली ढोका बन्द गरी मलाई जवरजस्ती २ पटक करणी गरेको हो । असोज १७ गते बेलुका ४:०० बजे म स्कूलबाट घर फर्की घरमा भान्सा कोठामा गृहकार्य गरिरहेको अवस्थामा एक्कासी साइकलमा कताबाट आई म भएको कोठामा पसी ढोका भित्रबाट बन्द गरी परालको बिंडामा मलाई जवरजस्ती पल्टाई १ पटक जवरजस्ती करणी गरेको हो । २०६५ साल भाद्र महिनामा मेरो भाइ सुमन शर्मालाई समाती भान्सा कोठामा लगी भाइलाई तेल ल्याउन पठाई तेल आफ्नो लिङ्गमा लगाई भाइ सुमनले लगाएको कपडा खोली भाइ सुमनको गुद्वारमा आफ्नो लिङ्ग पसाली जवरजस्ती अप्राकृतिक मैथुन गरेको हो भन्नेसमेत व्यहोराको जाहेरवाली गीता शर्माले मिति २०६५/१०/९ मा गरेको बकपत्र ।

मिति २०६५/६/१७ गते म आफ्नो पसलमा थिए बेलुका घरमा आउँदा छोरा सुमनले केही दिन अगाडि प्रतिवादी रामबहादुर क्षेत्रीले आफ्नो लिङ्ग मेरो गुद्वारमा तेल लगाएर एक पटक करणी गरेको हो भनेका र आज यी प्रतिवादीले मलाई पनि करणी गऱ्यो भनेकीले प्रतिवादीलाई सोध्दा मैले गरेको हो भनेकाले घटनाका बारेमा किन नभनेको हो भनी सोध्दा घटनाका बारेमा भनेमा खुकुरीले काटी दिने धम्की दिएकाले नभनेका हौं भनी छोरीले भनेकी हो भन्नेसमेत व्यहोराको बुझिएकी धनमाया शर्माले मिति २०६५/१०/६ मा गरेको बकपत्र ।

मिति २०६५/६/१७ गते प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेको हो भन्नेसमेत व्यहोराको बुझिएकी शोभा लामिछानेले मिति २०६५/१०/१२ मा गरेको बकपत्र ।

मिति २०६५/६/१७ गते पीडितको घरमा पुग्दा प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेको हुँ भनी स्वीकार गरेका हुन् भन्नेसमेत व्यहोराको बुझिएकी गोमा वलीले मिति २०६५/१०/१२ मा गरेको बकपत्र ।

प्रतिवादी हाम्रो घरमा आएर दिदीलाई भान्सा कोठामा थुनेर सुरुवाल तानेर जवरजस्ती करणी गरेका हुन् । मिति थाहा भएन मलाई भान्सा कोठामा थुनेर मेरो गुद्वारमा तेल लगाई जवरजस्ती करणी गरेका हुन् भन्नेसमेत व्यहोराको पीडित सुमन शर्माले मिति २०६६/५/३१ मा गरेको बकपत्र ।

प्रतिवादीले जाहेरवालीलाई जवरजस्ती करणी गरे जस्तो लाग्दैन, जाहेरवालीको बाबु र प्रतिवादीका बाबु बीचको दुश्मनीबाट मुद्दा दिए जस्तो लाग्दछ भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी असमान शाहीले मिति २०६५/१०/१२ मा गरेको बकपत्र ।

प्रतिवादी रामबहादुर क्षेत्री मिति २०६५/६/१७ गते विहान १०:०० बजेदेखि साँझ ६:३० बजेसम्म मसँग थिए । निजले सो समयमा पीडितलाई जवरजस्ती करणी गरेनन् भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी रत्न नेपालीले मिति २०६५/१०/१० मा गरेको बकपत्र ।

प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेको होइन । प्रतिवादीका बाबु र पीडितको बाबु बीचमा अंशवण्डाको सम्बन्धमा झगडा भएको थियो । सोही रिसइवीले झुठ्ठा जाहेरी दिएका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी अर्जुन नेपालीले मिति २०६५/१०/९ मा गरेको बकपत्र ।

जिल्ला सरकारी वकिल कार्यालय, सुर्खेतको च.नं. ४१९ मिति २०६५/१२/१९ का पत्रसाथ परीक्षण प्रतिवेदन प्राप्त भएको रहेछ ।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.बं. २९ नं. ले यसै अदालतको क्षेत्राधिकारभित्रको भई वादी नेपाल सरकारका तर्फबाट बहसको निमित्त उपस्थित विद्वान जिल्ला न्यायाधीवक्ता श्री श्यामसुन्दर अधिकारीको र प्रतिवादीका तर्फबाट रहनु भएका विद्वान अधिवक्ता श्री भूषणकुमार मानन्धर र विद्वान अधिवक्ता श्री लोकवहादुर ढकालसमेतको बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा यसमा प्रतिवादीले अभियोग दावीबमोजिमको कसूर गरेका हुन् होइनन् ? र दावीबमोजिम सजाय हुने हो, होइन ? सोही विषयमा निर्णय गर्नु पर्ने देखियो ।

ईन्साफतर्फ विचार गर्दा प्रतिवादी रामबहादुर क्षेत्रीले मुलुकी ऐन, जवरजस्ती करणी महलको १ नं. तथा ९(क) नं. बमोजिमको कसूर गरेकाले सोही ऐनको सोही महलको ३(२) नं. तथा ९(क) नं. बमोजिम सजाय गरी प्रतिवादीको उमेर १६ वर्षभन्दा कम देखिएकोले निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम गरी सोही महलको १० नं. बमोजिम मनासिव क्षतिपूर्ति पीडितलाई दिलाईपाऊँ भन्ने अभियोग मागदावी देखियो ।

यसमा प्रतिवादीले अदालतमा बयान गर्दा आरोपित कसूर गरेकोमा पूर्ण ईन्कारी बयान गरे तापनि अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा योनीमा करणी नगरी बाहिर रगडी बीर्य स्खलन गराएको हुँ भनी बयान गरेको देखिन्छ। जाहेरवाली (पीडित) ले अदालतमा बकपत्र गर्दा आफुलाई प्रतिवादीले जवरजस्ती करणीसमेत गरेको भन्ने उल्लेख गरिदिएको देखिन्छ। तर पीडितहरुको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा कन्या जाली नच्यातिएको, योनीमा लिङ्ग प्रवेश नभएको, बालकको मलद्वारमा लिङ्ग प्रवेश नभएको भन्नेसमेत व्यहोरा उल्लेख गरेकोले सो स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पीडितहरुलाई जवरजस्ती करणी गरेको वा अप्राकृतिक करणी गरेको भन्ने देखिएन। तर पीडितको बकपत्र तथा प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष भएको बयानबाट जाहेरबालीलाई प्रतिवादीले जवरजस्ती करणीको उद्योग गरेको भन्ने देखिएकोले प्रतिवादी रामबहादुर क्षेत्रीले जाहेरवालीलाई जवरजस्ती करणीको उद्योग गरी निजले जवरजस्ती करणी महलको ५ नं. को कसूर गरेकोले प्रतिवादी रामबहादुर क्षेत्रीलाई ऐ.ऐ. को ५ नं. तथा ३(२) नं. बमोजिम ४ (चार) वर्ष कैद हुने र सो कैद बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम स्थगन हुने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.बं. १८६ नं. बमोजिम यो फैसला गरिदिएको छु।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिएअनुसार रामबहादुर क्षेत्रीले जाहेरवालीलाई जवरजस्ती करणी महलको ५ नं. को कसूर गरेकोले निजलाई ऐ. ऐनको ५ नं. तथा ३(२) नं. बमोजिम ४ वर्ष कैद हुने र सो कैद बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम स्थगन हुने ठहरी फैसला भएकोले उक्त कैदको लगत कसी स्थगन जनाई राख्नु...............................................................१

यस अदालतबाट भएको ईन्साफमा चित्त नबुझे सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम ७० दिनभित्र श्री पुनरावेदन अदालत, सुर्खेतमा पुनरावेदन गर्नु भनी प्रतिवादी रामबहादुर क्षेत्रीलाई र फैसलाको प्रतिलिपि साथै राखि जिल्ला सरकारी वकिल कार्यालय, सुर्खेतलाई पुनरावेदनको म्याद दिनु ................................................................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी नियमानुसार गर्नु ..........................................३

नक्कल माग्ने सरकोवारबालाबाट नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु ..........................४

....................
जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले टिपाएबमोजिम फैसला टिपोट गर्ने ना.सु. रामप्रसाद उपाध्याय ।

ईति सम्वत् २०६६ साल कार्तिक १६ गते रोज २ शुभम् ..............................................।

## काठमाडौं जिल्ला अदालत
## बाल इजलास
## माननीय जिल्ला न्यायाधीश श्री लेखनाथ घिमिरे
## फैसला

**उपस्थिति**

बालमनोविज्ञ : श्री नारायणप्रसाद शर्मा

समाजसेवी : श्री शंकर बिरसिंह बस्नेत

सम्वत् २०६६ सालको स. फौ. द. नं. ११५३

निर्णय नं. : १८६

**मुद्दा : कर्तव्य ज्यान ।**

**वादीको नाम, थर, वतन**

रुपमाया तामाङको जाहेरीले नेपाल सरकार..१

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला सिन्धुपाल्चोक, कमलामाई न.पा., वडा नं. २ घर भई हाल का.जि., का.म.न.पा., वडा नं. ६ बौद्ध बस्ने वर्ष १५ को सोनाम (नाम परिवर्तन) ..............................................१

**अदालतबाट वुझेको**

साक्षी : ×

प्रमाण कागज : ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) तथा मुलुकी ऐन, अ.बं. २९ नं. समेतले यस अदालतको बाल इजलासको क्षेत्राधिकारअन्तर्गत पेश भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छ :-

का.जि., का.म.न.पा., वडा नं. ६ बौद्धस्थित सिदार्थ हल तथा बाग्मतितर्फ जाने सहायक कच्ची ओरालो सडकको पूर्व किनारमा ईन्द्र श्रेष्ठको घरको साइडमा ५ फिट चौडाई १० फिट लम्वाईको खाडल भएको खुल्ला स्थान रहेको, सो स्थानमा ईट्टाहरु बिछ्याइएको, ईट्टाहरु माथि बिछ्याइएको कपडा माथि

अन्दाजी वर्ष २५/२६को पुरुष व्यक्ति टाउकोमासमेत घाउ चोट भई रगताम्य भई अचेत अवस्थामा लडिरहेको अवस्थामा फेला पारी उपचारको लागि लगेको भन्नेसमेत व्यहोराको मिति २०६६/३/४ गतेको घटनास्थल मुचुल्का ।

सोनाम, राजु, मसमेतका सडक बालकहरु काठमाडौंको विभिन्न स्थानमा प्लाष्टिक जम्मा गर्ने बेच्ने गर्छौं। सोनामले जम्मा गरेको प्लाष्टिक राजुले बिक्री गर्दथ्यो । यस्तैमा घटना हुनुभन्दा १ हप्ता अगाडि राजु र सोनाम बीच झगडासमेत भएको र राजुले सोनामलाई खुकुरीले लखेटेको थियो । २०६६/३/४ गते साँझ अन्दाजी २१:३० बजेको समयमा म बौद्धनाथ सडक किनारमा पैसा मागी बसिरहेको थिएँ । सो अवस्थामा सोनाम आएर सडक किनारमा भएको एउटा ढुङ्गा उचाली सोही सडकदेखि सिद्धार्थ हलतर्फ जाने कच्ची ओरालो सडकतर्फ गई सडक किनार खाडलमा राजुसमेतका सडक बालक सुत्ने बस्ने स्थानमा ढुङ्गा फालेका थिए । कच्याक गरेको आवाज सुनेको थिएँ । त्यसपछि सोनाम त्यहाँबाट फर्केर मतर्फ दौडदै आएका थिए । सो अवस्थामा बत्तीसमेत गएको अध्यारो भएकोले मलाई कुट्न आएको होला भनी म पनि भागे । त्यहाँ खाडलमा सुतेको राजुलाई सोनामले ढुङ्गाले हानी भागेको र घाइते राजुलाई रगताम्य भई लडिरहेको अवस्थामा प्रहरीले उपचारको लागि लगेको र बीर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको भन्ने थाहा पाए राजुलाई घाइते बनाउने सोनाम हुन् भन्नेसमेत व्यहोराको पप्पुकुमार पोद्वारको कागज ।

बीर अस्पतालको लाश राख्ने घर कोठाभित्र रहेको लाशको कन्चटमा निलो दाग, दायाँ आँखा माथि २ ईन्च लामो काटेको चोट, दायाँ आँखा निलो भई सुन्निएको, नाक कानबाट रगत आएको, ओठ सुन्निएको भन्नेसमेत व्यहोराको लाश जाँच प्रकृति मुचुल्का ।

मिति २०६६/३/४ गते साँझ २१:३० बजेको समयमा का.जि., का.म.न.पा., वडा नं. ६ बौद्ध स्तुपा अगाडि सडक किनारमा टाउकोसमेतको भागमा चोट भई घाइते अवस्थामा फेला परेको अन्दाजी वर्ष २५/२६ को पुरुष उपचारको क्रममा मृत्यु भएको वारदातमा घटनामा संलग्न सोनाम भएको भन्ने खुल्न आएको हुँदा निजलाई पक्राउ गरी दाखिला गरेका छौं । कर्तव्य ज्यानअन्तर्गत कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको प्रहरी प्रतिवेदन ।

मिति २०६६/३/४ गतेको साँझ २१:३० बजेको समयमा का.जि., बौद्ध स्तुपातर्फ सडकमा १ जना खाते केटाले अर्को खाते केटालाई कुटपीट गरी बेहोस पारी फरार रहेको र घाइतेलाई प्रहरीले उपचारको लागि बीर अस्पतालमा लगेकोमा उपचारको क्रममा मृत्यु भएको र पोष्टमार्टमको लागि टिचिङ्ग अस्पतालमा लगेको भन्ने खवर थाहा पाई अस्पतालमा गई हेर्दा देखे चिने मेरो देवर राजु तामाङ रहेछन् । घटना सम्बन्धमा बुझ्दा सडकमा सुतेका मेरो देवर राजु तामाङलाई सोनामले ईटा ढुङ्गाले टाउकोसमेत भागमा प्रहार गरी घाइते बनाएको र उपचारको क्रममा मृत्यु भएको हुँदा कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको रुपमाया तामाङको जाहेरी दरखास्त ।

मैले प्लाष्टिक बटुलेर जम्मा गरी बिक्री गर्ने खाने गर्दै हिड्छु । यस्तै क्रममा ५ वर्ष अगाडिदेखि राजु तामाङसँग चिनजान भएको हो । निजले सडक बालकले प्लाष्टिक बटुलेर बिक्री गरेको पैसा कमिसन लिने गर्दै आएका थिए, दिएन भने कुट्ने पिट्ने, खुकुरी लिएर लखेट्ने गर्दथ्यो, त्यसकारण निजसँग मेरो रिस थियो । घटना हुनुभन्दा करिव १ हप्ता अगाडि पनि निज राजुले खुकुरी लिएर लखेटेका थिए, त्यसपछि निजलाई मौका मिलेमा कुट्ने सोचसमेत बनाएको थिए, यस्तैमा मिति २०६६/३/४ गते साँझ अन्दाजी २१ः३० बजेको समयमा म का.जि., बौद्धनाथ सडकतर्फ जाँदा सडकमा पप्पुकुमार पोद्धारले पैसा मागी बसेका रहेछन्, म सो स्थानदेखि सिद्धार्थ हलतर्फ जाने कच्ची किनारमा मसमेत प्राय सुत्ने सडक साइड खाडलमा हेर्दा राजु तामाङ उत्तानो भई सुतिरहेको देखी सोही स्थान चोकबाट ईटा उठाई लिई गई कसेर एकपटक टाउको अगाडि पट्टी हानेपछि निजले ऐया भनेको जस्तो सुनेको थिएँ, म दायाँ वायाँ कतै नहेरी भागेको हुँ । भोलिपल्ट सोही स्थानमा आई हेर्दा ओड्ने ओछ्याउने कपडामा रगतले लत्पतिएको थियो । राजु तामाङलाई प्रहरीले उपचारको लागि लगेको कुरा त्यहाँ भएका मानिसबाट थाहा पाएँ । म फर्किएर गएपछि प्रहरीले पक्राउ गरेको हो । पक्राउ परेपछि राजु तामाङको उपचारको क्रममा मृत्यु भएको थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी सोनामले गरेको बयान ।

Blunt Force Injuries to the Head समेत उल्लेख भएको राजु तामाङको शव परीक्षण प्रतिवेदन ।

प्रतिवादी सोनामको उमेर परीक्षण गराउँदा १५ देखि १६ वर्षको बीचमा भएको भन्ने उमेर परीक्षण प्रतिवेदन ।

मिति २०६६/३/४ गतेको साँझ अन्दाजी २१ः३० बजेको समयमा का.जि., का.म.न.पा., वडा नं. ६ बौद्ध स्तुपा अगाडि साइडमा सुतेको राजु तामाङलाई सोनामले ईटा प्रहार गरी घाइते बनाएकोमा उपचारको क्रममा राजु तामाङको बीर अस्पतालमा मृत्यु भएको कुरा सुनी थाहा पाएको हो । घटना बुझ्दा यी प्रतिवादी सोनाम तथा राजु तामाङ बौद्ध एरियामा घुमफिर गर्ने गरेको र राजु तामाङले सोनामलाई धम्काउने, कुट्ने जस्ता कार्य गरिरहने भएकोले सडक साइड किनारमा सुतिरहेका राजु तामाङलाई निदाएको अवस्थामा सोनामले ईटाले मार्ने मनसायले टाउकोमा प्रहार गरी घाइते बनाई भागेकोमा उपचारको क्रममा राजु तामाङको मृत्यु भएको हुँदा कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको बुझिएका गंगाबहादुर तामाङ, बर्मीजित तामाङ, तिर्थकुमारी तामाङसमेतको प्राय एकै मिलानको कागज ।

निज प्रतिवादी सोनामको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. बमोजिमको कसूर अपराध हुँदा निज प्रतिवादीलाई सोही महलको १३(३) नं. अनुसार सजाय हुनेमा निजको उमेर परीक्षण गराउँदा १५ देखि १६ वर्षको भएको भन्ने परीक्षण प्रतिवेदन प्राप्त भई निज १५ वर्षको नाबालक देखिँदा निजउपर बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय हुन मागदावी लिइएको छ भन्नेसमेत व्यहोराको अभियोगपत्र मागदावी ।

मससमेत ८/९ जनाले दिनभर प्लाष्टिक बटुलेर जम्मा गरी कवाडीमा बिक्री गरी आएको पैसाले दालमोठ चिउरा आदी किनेर खाने गर्दथ्यौं । यसरी हामीले जम्मा गरेको रकम राजु तामाङले जतिवेला भेटे पनि मागेर लिने, नदिएमा खोसेर लिने गर्दथ्यो । पैसा नभएको बेलामाससमेत सापट मागेर ले भन्ने, लगाएको जुत्ता चोरेर ले भन्ने गर्दथ्यो । यसले गर्दा मलाई उप्रति रिस उठिरहेको थियो । उसले म र विशालसमेतका भाइलाई कट्टु खोलेर नराम्रो काम गर्दथ्यो । यी सबै सहदै आएका थियौं । यस्तैमा मिति २०६६/३/४ गते बेलुका ७:३० बजेको समयमा खाल्टोमा ओड्ने लुगा लिएर बसेको देखी नजिकैको ईटा टिपी हानेकोमा निजले ऐया भनी कराएको हुँदा भागेर गए । त्यस राती बौद्धमा सुतें । भोलिपल्ट जोरपाटी चोकमा गएको समयमा प्रहरीले पक्रेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी सोनामले यस अदालतमा गरेको बयान ।

सोनामले ढुङ्गाले हानी राजु तामाङको उपचारको क्रममा बीर अस्पतालमा मृत्यु भएको हो । सोनामलाई मैले सोध्दासमेत राजु तामाङले मलाई पिट्थ्यो त्यसैले मैले ढुङ्गाले हानेको हुँ भनेको थियो भन्नेसमेत व्यहोराको बुझिएका मानिस बर्मजित तामाङले गरेको बकपत्र ।

सोनामले २०६६ साल असार ४ गते राती ११/१२ बजेतिर खाना खाएर सुतेपछि इटाले टाउकाको चल्नीमा प्रहार गरी मारेका हुन् भन्नेसमेत व्यहोराको जाहेरवाला रुपमाया तामाङको बकपत्र ।

म प्रत्यक्षदर्शी होइन । राजुलाई सोनामले ईटा ढुङ्गा प्रहार गरेपछि प्रहरीले बीर अस्पतालमा पुऱ्याएरपछि टिचिङ्ग अस्पतालमाससमेत पुऱ्याएपछि प्रहरीबाटै मैले थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको बुझिएका प्रदिपकुमार तामाङको बकपत्र ।

यस अदालतको मिति २०६६/४/५ का आदेशानुसार निज प्रतिवादी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(१) बमोजिम बाल सुधार गृहमा थुनामा बसेका रहेछन् ।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेश भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री कमलराज पन्थीले प्रतिवादी तथा मृतक बीचमा एक हप्तादेखिको रिसइवी रहेको प्रतिवादीको बयानबाट देखिन्छ । सुतेको अवस्थामा टाउकोमा ढुङ्गाले हानेको कारण मरेको अवस्था हुँदा मनसाय स्पष्ट देखिन्छ । प्रतिवादीको बयान Autopsy Report तथा जाहेरवाला लगायतका प्रमाणका व्यक्तिको भनाईले समर्थित हुँदा दावीबमोजिम सजाय होस भनी तथा प्रतिवादीको तर्फबाट विद्वान अधिवक्ता सूर्यबहादुर पाण्डेले प्रतिवादी नाबालक रहेकोमा विवाद छैन । मृतकसमेत सडकमा रहने बस्ने व्यक्ति भएको तथा प्रतिवादीसमेत सडक बालक भई मृतक उमेरले ठूलो भएको कारण प्रतिवादीसमेतलाई पिडा दिएकोमा

निजलाई तर्साउन एकपटक ढुङ्गाले हानेकोमा सोही कारण मरेको स्थिति हुँदा मनसायपूर्वकको हत्या भन्न मिल्दैन । भवितव्यतर्फ सजाय होस् भनी बहस गर्नु भयो ।

दुवैतर्फबाट रहनु भएका विद्वानहरुको उल्लिखित बहस जिकिरलाई दृष्टिमा राखी मिसिल प्रमाणसमेतको समुचित अध्ययन र मूल्याङ्कन गरी प्रस्तुत मुद्दामा निम्न प्रश्न विचारणीय रहेको पाइयो ।

(क) मृतक राजु तामाङको मृत्यु के कसरी भएको हो ?

(ख) प्रतिवादीउपरको वादी नेपाल सरकारले लिएको दावी पुग्ने नपुग्ने के हो ?

(ग) के कति सजाय प्रतिवादीलाई हुने हो ?

प्रतिवादी सोनामले सडक किनारमा सुतिरहेका राजु तामाङलाई टाउकोमा ईटा प्रहार गरी घाइते बनाई सोही कारण उपचारको क्रममा मृत्यु भएकोले ज्यानसम्बन्धी महलको १ नं. विपरीत कसूरमा ऐ. १३(३) नं. बमोजिम सजाय हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ बमोजिमको सुविधासहितको सजाय प्रतिवादीलाई गरी पाउनेसमेतको मागदावी लिई दायर भएको प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा तयार भएको लाश प्रकृति मुचुल्का हेर्दा मृतक लाशको दाहिने कन्चटमा निलो दाग, दाहिने पट्टि निधारमा घस्रिएको घाउ, दाहिने आँखा माथी २ ईन्च लामो काटेको घाउ रही ८ वटा टाँका लगाएको अवस्था रहेको, दाहिने आँखा सुनिएर निलो भएको देखिन्छ भने शव परीक्षण प्रतिवेदन हेर्दा मुत्युको कारण Blunt Force Injuries to Head भन्ने उल्लेख भई Autopsy Findings मा टाउकोको हड्डी Fracture भएको गाला, निधार, आँखीभौंसमेतको भागमा चोटपटक निलडामसमेत रहे भएको पाइदा सोही चोट पीडाको कारण कर्तव्यमा परी मृतक राजु तामाङको मृत्यु भएको तथ्यमा विवाद भएन ।

अव प्रतिवादीउपर वादी नेपाल सरकारले लिएको अभियोग दावी पुग्ने नपुग्ने के हो भनी दोश्रो प्रश्नतर्फ विचार गर्दा देवर नाता पर्ने वर्ष २५ को राजु तामाङ काठमाडौंका सडक बालबालिका सँगनै सुत्ने बस्ने गर्ने गरेको मिति २०६६/३/४ गतेको बेलुकी बौद्ध सिघानी टोलका व्यक्तिले सडक किनारमा खाते केटाले अर्के खाते केटालाई कुटपिट गरी वेहोस पारी फरार भएकोमा अस्पतालमा मृत्यु भएको भन्ने सुनी जाँदा देवरलाई मृत अवस्थामा देखें । प्रतिवादीले के कस्तो हतियार प्रयोग गरी मारेको हो अनुसन्धान गरिपाऊँ भनी प्रतिवादीउपर कर्तव्यमा किटान गरी रुपमाया तामाङले दिएको जाहेरीले प्रस्तुत मुद्दाको अनुसन्धान भएको पाइन्छ । मौकामा पक्राउ परेका प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयान व्यहोरा हेर्दा २१ वर्षको उमेर देखी सडक पेटीमा सुत्ने प्लाष्टिक लगायतका सामान बटुली बिक्री गरी गुजारा गर्दै आएको क्रममा चिनजान भएका मृतक राजु तामाङसमेत सडकमै बस्ने सुत्ने गर्ने गरेको आफु जस्ता सडक बालकले जम्मा गरेको रुपैयाँबाट कमिसन लिने नदिए कुट्ने पिट्ने तर्साउने गरेकोमा रिस उठिरहेको, मौका परे निजलाई कुटपिट गर्ने सोच बनाएकोमा २०६६/३/४ गते बेलुकी घटनास्थलमा सडक किनारामा निज सधै सुत्ने गरेको खाल्डोमा सुतिरहेको अवस्थामा ईटा उठाई टाउकोमा हानेको सोही कारण निजको मृत्यु भएको तथा आफुलाई प्रहरीले पक्राउ गरेको हो भनी आफुले हानेको ढुङ्गाको चोटको कारण राजु

तामाङको मृत्यु भएको तथ्यलाई स्विकार गरेको पाइन्छ भने अदालतमा गरेको बयानमासमेत मौकाको बयान व्यहोरा स्वईच्छाले गरेको भन्दै आफुले मृतक राजु तामाङलाई ढुङ्गाले टाउकोमा हानी सोही कारण निजको मृत्यु भएको तथ्यलाई ईन्कार गरेको पाइदैन । मौकामा कागज गर्ने बर्मजित तामाङ, सुदिपकुमार तामाङ तथा जाहेरबाली रुपमाया तामाङलेसमेत प्रतिवादीले मृतकलाई टाउकोमा ढुङ्गाले हानेको कारण चोट लागी उपचारको क्रममा मरेको हो भनी मौकाको व्यहोरा समर्थित बकपत्र गरेको स्थिति रहेबाट यीनै प्रतिवादीले प्रहार गरेको ढुङ्गाको चोटको कारण उपचारको क्रममा राजु तामाङको मृत्यु भएको तथ्यमा अन्यथा भन्न सकिने स्थिति रहेको पाइदैन ।

यहाँ प्रतिवादी तथा मृतकसमेत दुवै सडकमै बस्ने सुत्ने गर्ने गरेको बालक तथा युवक भएकोमा विवाद छैन । प्रतिवादीको बयान तथा जाहेरवालीको बकपत्रलेसमेत सो तथ्यको पुष्टी गरेको पाइन्छ । मृतक तथा प्रतिवादीको बीचमा १० वर्ष जतिको उमेर अन्तर भई मृतकले प्रतिवादी जस्तो सडक बालकलाई आफ्नो उमेर अवस्थाको प्रभावको कारण निजहरुबाट आफ्नो आवश्यकता पुरा गराउने नमाने कुट्ने पिट्नेसमेतको कार्य गर्ने गरेको भनी प्रतिवादीले उल्लेख गरेको सो भनाईलाई अन्यथा भन्न सकिने स्थिति हुँदैन । तथापि प्रतिवादीले मृतकबाट पाएको पिडास्वरुप तर्साउने उद्देश्यले मात्र एकपटक प्रहार गरेको ढुङ्गाको चोटको कारण मृत्यु भएको स्थिति हुँदा भवितव्यतर्फ सजाय हुनु पर्छ भनी प्रतिवादी तर्फका विद्वान अधिवक्ताले बहसमा जिकिर लिनु भएको छ । तर घटनाको समग्र परिवेश हेर्दा मृतकले प्रतिवादीसमेतका सडक बालबालिकालाई अनावश्यक पिडा दिएको हुन सक्छ । यहाँ सो पीडाप्रति आफ्नो असहमती व्यक्त गर्ने सन्दर्भमा प्रतिवादीले मृतकलाई आमनेसामने भई आपसी भनाभनको क्रममा ढुङ्गा प्रहार गरेको अवस्था देखिँदैन । प्रतिवादीकै भनाईबाट मृतक सधै आफु सुत्ने सडक किनाराको खाल्टोमा सुती निदाएको अवस्थामा प्रतिवादीबाटै टाउकोको भागमा ढुङ्गा प्रहार भएको स्थिति छ । टाउको जस्तो संवेदनशील भागमा ढुङ्गा प्रहार गर्दा मानिसको ज्यान पनि जान सक्छ भन्ने ज्ञान १५ वर्षको प्रतिवादीलाई थिएन भनी भन्न मान्न सकिने स्थिति पनि हुँदैन । तसर्थ यीनै प्रतिवादीले प्रहार गरेको ढुङ्गाको चोटको कारण उपचारको क्रममा राजु तामाङको मृत्यु भएको देखिँदा अभियोग दावीबमोजिमको कसूर प्रतिवादीले गरेको ठहर्छ । सजायको हकमा ज्यानसम्बन्धी महलको १३(३) बमोजिम हुने सजायमा प्रतिवादी १५ वर्षको नाबालक हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा अर्थात कैद वर्ष १० (दश) प्रतिवादीलाई हुने ठहर्छ ।

ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय ठहर भएमा यी प्रतिवादीको हकमा सोबमोजिम सजाय गर्नु पर्ने नपर्ने के हो ? त्यसतर्फ विचार गर्दा प्रतिवादी १५ वर्षको नाबालक भएको नाताले ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम हुने सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा मात्र कैद सजाय हुनेमा सोबमोजिम ठहर भइसकेको स्थिति छ । तथापि उल्लिखित ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको सर्वस्वको हकमा आधा कैदको सजाय भएको स्थितिमा आधा सर्वस्व गर्न मिल्ने नमिल्ने वा हुने नहुने भन्ने विषयमा प्रचलित कानून मौन रहेको पाइन्छ ।

कानून प्रष्ट नभएको अवस्थामा सोको व्याख्या गर्दा आरोपित व्यक्तिको हितमा सकारात्मक रुपले गर्नु पर्ने हुन्छ भने प्रस्तुत मुद्दाका प्रतिवादी नाबालक भएको अवस्था हुँदा उसको सर्वोत्तम हितको हिसावले हेर्नु पर्ने हुन जान्छ । प्रतिवादी सडक बालक भएको कुरा माथि उल्लिखित भइसकेको छ । निजको घर परिवार तथा सम्पत्तिसमेत कहाँ कति छ, सो मिसिलबाट खुल्दैन । यस्तो अवस्थामा निजको अंश सर्वश्व गर्नेतर्फ फैसला निर्देशित हुनको कुनै औचित्यसमेत रहँदैन । त्यसमा पनि नेपालले बालअधिकार सम्बन्धमा व्यवस्था गरेको अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा घोषणापत्रमा आफ्नो प्रतिवद्धता जनाइसकेको परिप्रेक्ष्यमा नाबालक प्रतिवादीको सर्वस्व हरण गर्नु कानूनी, सामाजिक तथा मानवीय कुनै पनि हिसावले न्यायोचित मान्न सकिँदैन । ज्यानसम्बन्धी महलको १३(३) नं. मा भएको सर्वस्वसहित जन्मकैद भन्ने वाक्यांशले सर्वस्वसहित जन्मकैद अर्थात २० वर्षको कैदको सजायसमेत जोडिएरनै आउने हुँदा १० वर्ष कैदको सजायका भागीदार यी प्रतिवादीको आधा अंश सर्वस्वसमेत गर्न मिल्ने अवस्था नहुँदा प्रतिवादीको अंश भने सर्वस्व गर्न परेन ।

माथि उल्लेख भएबमोजिम प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. ले हुने सजायमा १५ वर्षको नाबालक भएको नाताले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम आधा मात्र अर्थात कैद वर्ष १० (दश) हुने ठहर भएको स्थिति भए पनि घटनाको समग्र परिवेश हेर्दा प्रतिवादी तथा मृतकसमेत सडकमै बस्ने सुत्ने सडक बालक तथा सडक युवक भएको उमेरका हिसावले मृतक ठूलो भई प्रतिवादी लगायतका सडक बालकलाई प्रयोग गरी आफ्नो आवश्यकता पुरा गर्ने तथा प्रतिवादीसमेतको ईच्छा विपरीतको कार्यसमेत गर्न लगाउने, नमानेमा डराउने तर्साउने गर्ने गरेको तथा उमेर अन्तरले सोको प्रतिवाद प्रतिवादीले आमनेसामने भई गर्न नसक्ने अवस्था भएबाट मृतक सुतेको मौका पारी निजको प्रभावबाट मुक्त हुन खोज्ने परिणामस्वरुप घटना घटेको स्थितिलाई विचार गर्दा प्रतिवादीलाई कानूनबमोजिम हुने सजायसमेत चर्को पर्ने चित्तमा लागेकोले ५ (पाँच) वर्षमात्र कैद सजाय गर्दासमेत पर्याप्त हुने तथा बालमनोवैज्ञानिककोसमेत प्रतिवादीलाई वयष्क हुँदाका अवस्थासम्म सुधार गृहमा राखी मानसिकता परिवर्तन गर्नु उपयुक्त हुने राय भएको परिप्रेक्ष्यमा अ.बं. १८८ नं. बमोजिम ५ वर्षमात्र कैद सजायको प्रस्ताव गरेको छु । साधक सदरको लागि पुनरावेदन अदालत पाटनमा लेखी पठाई दिनु । अरुमा तपसिलबमोजिम गर्ने गरी अ.बं. १८६ नं. बमोजिम यो फैसला गरिदिएँ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी सोनामलाई ज्यानसम्बन्धी महलको १३(३) नं. ले हुने सजायमा १५ वर्षको नाबालक भएको नाताले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा मात्र अर्थात कैद वर्ष १० (दश) हुनेमा अ.बं. १८८ नं. बमोजिम ५ वर्ष मात्र कैद हुने गरी राय व्यक्त भएको अवस्था हुँदा निज मिति २०६६/३/८ मा पक्राउ भई हालसम्म बाल सुधार गृहमा थुनामा रहेको देखिँदा सोही मितिबाट लागु हुने गरी वर्ष १० को कैदको लगत कसी कैदी पूर्जी पठाई दिन तहसिल शाखामा लगत दिनु ...........................................................१

प्रस्तुत मुद्दा पुनरावेदन परे पुनरावेदनको रोहबाट अन्यथा साधक सदरको लागि अ.बं. १८६ नं. बमोजिम पुनरावेदन अदालत पाटनमा पठाई दिनु ............................................................२

प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्नु भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिई फैसलाको प्रतिलिपीसहित जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंलाई फैसलाको जानकारी दिनु ..........................................................................३

सरोकारबालाले फैसलाको नक्कल माग गरेमा नियमानुसार गरी नक्कल दिनु ..........................४

प्रस्तुत मुद्दाको दायरीबाट लगत कट्टा गरी नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनु .............५

..................
जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाएबमोजिम टिपि कम्प्युटर टाइप गर्ने डि. पुष्पराज बुढाथोकी फाँटः भेषराज कोइराला ।

ईति सम्वत् २०६६ साल मंसिर २६ गते रोज ६ शुभम् ...............................................।

## भक्तपुर जिल्ला अदालत
## बाल इजलास
## माननीय जिल्ला न्यायाधीश श्री चण्डीराज ढकाल
## फैसला

निर्णय नं. : १
स. फौ. मि. नं. ९१६/१३०
दर्ता मिति : २०६६/०३/३०

**मुद्दा : नकवजनी चोरी ।**

**वादीको नाम, थर, वतन**

भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका, वडा नं. ४ बस्ने वर्ष ३२ को धिरेन्द्रमान शाक्यको जाहेरीले नेपाल सरकार....................१

**प्रतिवादीको नाम, थर, वतन**

भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. १ बस्ने कमल बजिक्वो (नाम परिवर्तन).................१

**अदालतबाट वुझेको**

**साक्षी** : धिरेन्द्रमान शाक्य

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ.बं. २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण निम्न प्रकार छ :-

मिति २०६६/३/१४ गते चाँदीको गहना बनाउने कारखानाबाट चाँदीका गहनाहरु चोरी भएको भन्ने धिरेन्द्रमान शाक्यको नाउँको निवेदन ।

मिति २०६६/३/१४ गते भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. ४ स्थित धिरेन्द्रमान शाक्यको चाँदीको गहनाहरु राख्ने दराजको ढोका फाँडिएको भन्नेसमेत व्यहोराको घटनास्थिति मुचुल्का ।

उक्त मितिमा मेरो चाँदीको गहना बनाउने कारखानामा चाँदीका गहनाहरुसमेतको धनमाल चोरी गरी जम्मा रु. ८०,५००/- बिगो बराबरको धनमाल पछि नाम, थर, वतन खुल्न आएको प्रतिवादी कमल

विजक्वोसमेतले चोरी लगेको हुँदा निजलाई पक्राउ गरी कानूनबमोजिमको कारवाही गरी मेरो चोरी लगेको धनमाल असुलउपर गरिपाऊँ भन्नेसमेत व्यहोराको धिरेन्द्रमान शाक्यको नाउँको जाहेरी दरखास्त ।

मिति २०६६/३/१६ गते भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका, वडा नं. ५ स्थित पार्वती सिजख्वाको कोठाबाट चाँदीको पाउजु थान ४० र ऐ. को मुद्रा थान २४ ईयु भएको ऐ. को मुद्रा थान ६२ र ऐ. को लक थान १६ समेत जम्मा तौल ८६० ग्रामको चाँदीका गरगहनाहरु वरामद भएको भन्ने वरामदी मुचुल्का ।

प्रतिवादी कमल बजिक्वोले मेरो कोठामा चाँदीका गहनाहरु लुकाएको छ भन्ने मलाई थाहा थिएन । पछि प्रहरीले निज प्रतिवादी कमल  बजिक्वोलाई साथमा लिई खानतलासी गर्न पऱ्यो भनेपछि मात्र मैले मेरो कोठा खानतलासी गर्न दिई प्रहरीले खानतलासी गरेपछि थाहा पाएकी हुँ । वरामद भई आएको उल्लिखित चाँदीका गहनाहरु मेरो कोठाबाट वरामद गरेको हो भन्नेसमेत व्यहोराको पार्वती सिजख्वाले गरेको कागज ।

प्रहरीद्वारा वरामद भई आएका वरामदी मुचुल्कामा उल्लिखित चाँदीका गहनाहरु चाँदीका पाउजु थान ४० र ऐ. को मुन्द्रा थान २४ समेत मेरो चाँदीको गहना वनाउने कारखानाबाट चोरी गरी लगेको गहनाहरु हो भनी जाहेरवालाले गरिदिएको कागज ।

मसमेत मेरो साथी पुण्यराम नेपालीले जाहेरवालाको चाँदीको गहना बनाउने कारखानाबाट चाँदीका गहनाहरु चोरी गरी लगी बिक्री गरौं भनी भनेको हुँदा हामीहरु मिति २०६६/३/१४ गते जाहेरवालाको चाँदी कारखानाबाट चाँदीका गहनाहरु चोरी केही सामान बिक्री गरी बाँकी सामानहरु भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका, वडा नं. ५ स्थित पार्वती सिजख्वाको कोठामा लगी लुकाएका हौं भन्ने व्यहोराको प्रतिवादी कमल बजिक्वोले गरेको बयान ।

वरामद भएको चाँदीको गहनाहरुको हाल बजारमा रु. ३२,२५०/- पर्छ भन्नेसमेत व्यहोराको दरकश मुचुल्का ।

महानगरीय प्रहरी परिसर, भक्तपुरबाट अनुसन्धानको सिलसलामा संलग्न भई आएका मिसिल कागजातहरु जाहेरी दरखास्त घटनास्थल मुचुल्का खानतलासी वरामदी मुचुल्का जाहेरवालाले गरेको सनाखत कागज, बुझिएका मानिसहरुले गरेका कागजहरुसमेतका आधार प्रमाणहरुबाट मिति २०६६/३/१४ गते भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. ४ बस्ने धिरेन्द्रमान शाक्यको बिगो रु. ८०,५००/- वरावरको चाँदीको गहनाहरु चोरी भएको वारदात कायम हुन आयो । अतः प्रतिवादीहरुलाई मुलुकी ऐन, चोरीको महलको दफा १ र दफा ३ नं. मा वर्णित प्रकृतिको कसूर अपराध हुँदा त्यस्तो अपराध गर्ने यी प्रतिवादीलाई सोहि मुलुकी ऐन, चोरीको महलको दफा १४ नं. को देहाय १ नं. अनुसार सजाय हुनु पर्नेमा यी प्रतिवादी १२ बर्षे बालक भएको हुँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११

को उपदफा २ अनुसार सजाय हुन मागदावी लिएको अभियोगपत्र तथा चोरीको महलको दफा २१ नं. बमोजिम जाहेरवालालाई फिर्ता दिन हुनसमेत मागदावी लिएको अभियोगपत्र ।

पुण्यराम नेपाली भन्ने साथीले मलाई काठमाडौं टोलको पाटिमा बस भनेर एउटा घरमा गएर सामान लिएर आएछ र मलाई जाउँ भन्यो र दशराम सिंजखु भन्ने साथीको घर नजिक पुगेपछि प्लाष्टिकको कालो झोला दियो र मैले के हो भनेर हेर्दा चाँदी रहेछ र मैले किन ल्याएको जसको हो उसैलाई पुऱ्याई देउ भने साथीको आमाले पनि गाली गऱ्यो । तर पुण्यरामले केहि हुँदैन, यहि राख्नु भन्यो र त्यही राखेर राती साथीकै घरमा सुतेर भोलीपल्ट विहान ३:०० बजे पाँचतले मन्दिर आएपछि पुलिसलाई देखेर पुण्यराम भाग्यो । पुलिसले मलाई पक्रियो । मैले चोरी गरेको होइन साथीले गर्दा मलाई फसायो भन्नेसमेत व्यहोराको प्रतिवादी कमल विजक्वोले यस अदालतसमक्ष गरेको बयान ।

उल्लिखित मितिको जाहेरी दरखास्त मेरो हो र जाहेरीमा उल्लिखित रु. ८०,५००/- बिगो भएको चाँदीका गरगहनासमेत चोरी भएका हुन् र त्यसमा भएको सहीछापसमेत मेरै हो । मैले प्रहरीमा निवेदन दिएपछि सामानसहित कमल बजिक्वो पक्राउ परेपछि सानुभाई बजिक्वोसमेतले चोरी गरेको रहेछ भनी थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको जाहेरवाला धिरेन्द्रमान शाक्यले गरेको बकपत्र ।

## अदालतको ठहर

जिल्ला अदालत नियमावली, २०५२ को नियम ३० र ३१ बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादी कमल बजिक्वोउपर बिगो रु. ८०,५००/– वरावर चाँदीको गरगहना चोरीको महलको १(३) को कसूर अपराधमा १४(१) बमोजिम सजाय हुनु पर्नेमा १२ वर्षको नाबालक हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ बमोजिम सजाय हुन मागदावी भई आएकोमा प्रतिवादी बालक अदालतमा बयान गर्दा आफुले बिज्याँई गरी अभियोग दावीबमोजिम कसूर गरेकोमा ईन्कारी भए पनि आफ्नै साथमा अभियोगसाथ प्रस्तुत दसीको सामान लिई हिड्दा पक्राउ परेकोमा सावित भएका छन् । अधिकारप्राप्त अधिकारीसमक्ष बालबिज्याँई गरेकोमा साविती छन् । निजले लगेको सामान आफ्नो घरबाट वरामद भएको भन्ने पार्वती सिजख्वाको कागजबाट देखिन्छ । अन्य बुझिएका व्यक्तिको कागज तथा जाहेरी दरखास्तसमेतबाट यीनै बालकले बालबिज्याँई गरी कसूर गरेको भन्ने प्रमाणीत हुन आएको छ । बिगो रु. ८०,५००/- माग गरे पनि रु. ३२,२५०/- का मात्र गहना वरामद भएकोले वरामदी बिगोको हदसम्म बालबिज्याँई गरी प्रतिवादीले कसूर गरेको देखियो । वर्ष १२ अभियोगपत्र तथा निजको बयानसमेतबाट प्रतिवादी बनाइएका बालकको उमेर १२ वर्ष देखिँदा चोरीको १४(१) बमोजिम साबालकले कसूर गर्दा पनि ४५ दिन कैद हुनेमा यी बालक वर्ष १२ मात्र कसूर गर्दाको बखत पुगेको देखिँदा २०६६/३/१६ देखि २०६६/३/३१ सम्म प्रहरी अनुसन्धानको क्रममा र मिति २०६६/५/१५ सम्म यस अदालतबाट आदेश हुन पूर्व बाल सुधार गृहमा बसी उक्त अवधी व्यतित गरिसकेको देखिँदा कैदको हकमा केहि गर्न नपरे पनि अभियुक्तको हालको अवस्था के

कस्तो छ बुझी लिन रिता बजिक्वोको प्रतिवेदन लिने । दसीको सामान जाहेरबालाले बुझ्ने गरी आदेश भइसकेको देखिएकोले जरिवानाको हकमा माथि लेखिएअनुसार अभिभावकको प्रतिवेदन लिने क्रममा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) अनुसार बालकलाई बोलाई सम्झाई पठाई दिनु । अरु तपसिलमा तपसिलबमोजिम हुने गरी अ.बं. १८६ नं. बमोजिम फैसला गरिदिएँ ।

## तपसिल

प्रतिवादी कमल वजिक्वोके माथि ठहर खण्डमा लेखिएबमोजिम निज सफाई पाउने ठहरी फैसला भएको हुँदा केहि गरि रहन परेन ...........................................................................१

प्रस्तुत फैसलामा चित्त नबुझे पुनरावेदन अदालत पाटनमा ७० दिनभित्र पुनरावेदन गर्नु भनी पुनरावेदनको म्याद जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुरलाई दिनु ...............................................२

सरोकारबालालाई नियमानुसार फैसलाको प्रतिलिपी दिनु ................................................३

दायरीको लगत कट्टा गरी मिसिल अभलेख शाखामा बुझाई दिनु .......................................४

....................
जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाएबमोजिम पाना ३ को फैसला कम्प्यूटरिङ्ग गर्ने कृष्ण ज्ञवाली ।

ईति सम्वत् २०६६ साल पौष ३ गते रोज ६ मा शुभम् ................................................।

**भक्तपुर जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री चण्डीराज ढकाल**

**फैसला**

निर्णय नं. : २

स.फौ.मि.नं. ४१-०६६-००२८१

दर्ता मिति : २०६६/७/२०

**मुद्दा :- जवरजस्ती करणी ।**

**वादीको नाम, थर, वतन**

श्रीमाया तामाङ (नाम परिवर्तन) को जाहेरीले नेपाल सरकार ...................१

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला रामेछाप, फुलासी गा.वि.स., वडा नं. ४ घर भई जिल्ला भक्तपुर, मध्यपुर ठिमी नगरपालिका, वडा नं. १३ बस्ने झमननसिं तामाङ (नाम परिवर्तत) को छोरा वर्ष १३ को यमन तामाङ (नाम परिवर्तन).........................१

**अदालतबाट बुझेको**

साक्षी : श्रीमाया तामाङ

पीडित बालिका : माइली तामाङ (नाम परिवर्तन)

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ.बं. २९ नं. बमोजिम यस अदालतको अधिकार क्षेत्रभित्र पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :-

मिति २०६६/०७/१५ गते अन्दाजी १७:०० बजेको समयमा जिल्ला भक्तपुर, मध्यपुर ठिमी नगरपालिका, वडा नं. १३ स्थित नविन तामाङको डेरा कोठामा कोही नभएको अवस्थामा विरुद्ध खण्डमा उल्लिखित प्रतिवादी यमन तामाङले मेरो छोरी वर्ष ७ की माइली तामाङलाई यौनदुर्व्यवहार गरेको हुँदा निजउपर कानूनबमोजिम कारवाही होस् भन्ने व्यहोराको जाहेरी ।

मिति २०६६/७/१५ गतेको सेक्सुयल एसल्ट भन्ने व्यहोराको टिचिङ अस्पताल काठमाडौंको पीडित बालिकाको स्वास्थ्य परीक्षण प्रतिवेदन ।

मिति २०६६/७/१५ गते अन्दाजी १७:०० बजेको समयमा यमन दाइले मलाई दाइको मामाको कोठामा लगी झ्याल ढोका थुनी तेरो लुगा फुकाल भनी मैले लुगा फुकाल्न नमानी आमा भनी भाग्न लाग्दा मलाई समाती उसले मेरो सुरुवाल र कट्टु फुकाली आफ्नो यौनाङ्ग मेरो पिसाव फेर्ने योनीमा पसाएको हो । त्यसपछि उसले यो कुरा कसैलाई नभन्नु भनी पाँच रुपैयाँ मलाई दिएको हो । पछि आमाले मलाई अस्पताल लैजानु भएको हो । मलाई जवरजस्ती करणी गर्ने व्यक्ति यमन तामाङनै हो भनी सनाखत गरी दिएँ भन्ने व्यहोरको पीडिता माइलीको कागज ।

पुर्व पश्चिम अरनिको राजमार्ग, उत्तरमा खाली जग्गा र दक्षिणमा ब्राइटर कारखाना । यति चार किल्लाभित्र रहेको कृष्ण श्रेष्ठको घरको दोस्रो तल्लाको पश्चिम दक्षिणतर्फ रहेको कोठामा यमन तामाङले माइलीलाई जवरजस्ती करणी गरेको भन्ने व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

मिति २०६६/७/१६ गते जिल्ला भक्तपुर, मध्यपुर ठिमी नगरपालिका, वडा नं. १३ बाट प्रतिवादी यमन तामाङलाई पक्राउ गरी दाखिला गरेको भन्ने व्यहोराको प्रहरी प्रतिवेदन ।

प्रतिवादी यमन तामाङ नाबालक रहेको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ बमोजिम बाल सुधार गृह सानोठिमी राख्नको लागि लेखिएको पत्र ।

मिति २०६६/७/१५ गते बेलुका माइली कोठाबाट बाहिर निस्केको देखी माइलीलाई मेरो कोठामा बोलाई फकाई लुगा फुकाल्न लगाई आफ्नो गुप्ताङ्ग माइलीको गुप्ताङ्गमा राखी दलेको हुँ । मेरो लिङ्ग थोरै मात्र पसे जस्तो लाग्छ । पछि माइली आफ्नो कोठामा गएपछि निजको गुप्ताङ्गबाट रगत बगेकोले निजलाई उपचारका लागि अस्पताल लगेकोमा पछि मलाई प्रहरीले डेरा कोठाबाट पक्राउ गरेको हो भन्ने व्यहोराको प्रतिवादीको बयान कागज ।

मिति २०६६/७/१५ गते १७:३० बजेको समयमा ब्राइटर ठिमी बस्ने वर्ष १३ को यमन तामाङले सोही स्थान बस्ने वर्ष ७ की माइलीलाई यौनदुर्व्यवहार गरेकोमा निजको गुप्ताङ्गबाट रगत बगेकोले उपचारको लागि टिचिङ अस्पताल काठमाडौं लगेको भन्ने सुनि थाहा पाएको हुँ । निज यमन तामाङले के कुन विचार गरी यस्तो कार्य गरे यस्तो कार्य राम्रो होइन निजउपर कानूनबमोजिम हुनु पर्छ भन्नेसमेत व्यहोराको बुँझिएका मानिस मोहन राईसमेतको कागज ।

महानगरीय प्रहरी वृत्त, ठिमी, भक्तपुरबाट अनुसन्धान सम्पन्न भई प्राप्त मिसिल संलग्न कागजातहरु घटना स्थल प्रकृति मुचुल्का, जाहेरी दरखास्त, परीक्षण रिपोर्ट प्रतिवादीको बयान एवं बुँझिएको मानिसहरुले गरेको कागजसमेतको आधार प्रमाणबाट मिति २०६६/७/१५ गते अन्दाजी १७:३० बजेको समयमा जिल्ला भक्तपुर, मध्यपुर ठिमी नगरपालिका, वडा नं. १३ ब्राइटरमा सोहि स्थान बस्ने वर्ष ७ की माइलीलाई

कोही नभएको अवस्थामा डेरा कोठामा लगी प्रतिवादी यमन तामाङले ललाईफकाई जवरजस्ती करणी गरेको वारदात स्थापित हुन आयो । अतः निज प्रतिवादीले गरेको त्यस्तो कार्य मुलुकी ऐन, जवरजस्ती करणीको महलको दफा १ नं. ऐनमा वर्णित प्रकृतिको कसूर अपराध हुँदा निज प्रतिवादीलाई सो अपराध गरेबापत मुलुकी ऐन, जवरजस्ती करणीको महलको दफा ३ को देहाय दफा १ नं. ऐनअनुसार सजाय हुन र सोहि महलको दफा १० नं. अनुसार पीडितलाई उचित क्षतीपूर्ति दिलाई दिन मागदावी लिन पर्नेमा निज प्रतिवादी यमन तामाङ वर्ष १३ को बालकनै हुँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा ३ अनुसार सजाय हुन मागदावी लिएको अभियोगपत्र ।

पीडितले गरेको कागज पढी बाँची सुनाउँदा सुनी पाएँ । पीडित माइली रोएको पनि होइन । मैले निजलाई पैसा दिएको पनि होइन । मैले माइलीलाई तिमी म सँग सुत्छौ भन्दा सुत्छु भनीन् र कोठामा ढोका नलगाई माइली र मसँगै सुतेको हो र राजीखुशी सल्लाहलेनै त्यसो गरेको हो । सो व्यहोरा झुठ्ठा हो । गल्ती भई हाल्यो । अव आइन्दा चालचलन सुधार गरी राम्रो काम गर्ने छु । राम्रोसँग पढ्छु । मेरो पढ्ने इच्छा छ भन्नेसमेत व्यहोराको प्रतिवादी यमनले यस अदालतमा गरेको बयान ।

संलग्न जाहेरी दरखास्त बालकले गरेको कागज अदालतको बयान कागजसमेतको आधारमा यी बालकले माइली भन्ने वर्ष ७ की बालिकालाई करणी गरेको भन्ने पुष्टि भएको छ । बालक यमन तामाङ वर्ष १३ भन्ने मात्र देखिएकोले हाल बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० बमोजिम हरेक १५ दिनमा बालकको कामकारवाही र बानी व्यहोराबारे प्रतिवेदन बुझाउने गरी निजकै आमा कुमारीको जिम्मा पठाई दिनु भन्नेसमेत व्यहोराको थुनछेक आदेश भई निज प्रतिवादीको आमाले बुझी लिएको मिसिलबाट देखिन्छ ।

मेरो साथी सृजना थापा र म खेल्न गयौं । खेलिरहेका अवस्थामा प्रतिवादी यमन दाइले बोलाउनु भयो र मलाई मामाको कोठामा लानु भयो । त्यसपछि यमनले मेरो कपडा खोली आफुले कपडासमेत खोली उसको पिसाव फेर्ने मेरो पिसाव फेर्नेमा घुसाएर रु. ५/- दिएर मलाई फकाएको थियो भन्नेसमेत व्यहोराको पीडित माइलीले गरेको कागज ।

मिति २०६६/७/१६ गते प्रहरीमा दिएको जाहेरी दरखास्त मैलेनै दिएको हो र व्यहोरा मेरै हो तथा जाहेरीमा लागेको सहीछाप मेरै हो । मेरो छोरीले भनेबमोजिम मैले जाहेरी दिएको हुँ भन्नेसमेत व्यहोराको जाहेरवालीले गरेको बकपत्र ।

## अदालतको ठहर

जिल्ला अदालत नियमावली, २०५२ को नियम ३० र ३१ बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादी यमन तामाङलाई जवरजस्ती करणीको महल १ नं. को कसूरमा सोहि महलको ३(१) बमोजिम सजाय हुन र नं. १० बमोजिम पीडितलाई क्षतिपूर्ती

भराईपाऊँ भन्ने दावी लिनु पर्नेमा आरोपित बालक वर्ष १३ को नाबालक हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को २ बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग लागी मुद्दा दायर भएको पाइयो। पीडित बालिकाको बयान, जाहेरी दरखास्त, बुझिएका व्यक्तिले गरेको कागज तथा अन्य सवुद प्रमाणसमेतबाट आरोपित बालक यमन तामाङले अभियोगपत्र दावीबमोजिमको कसूर गरेको देखियो । निज बालक वर्ष १३ को भन्ने अभियोगपत्र तथा निजको बयानसमेतबाट देखिँदा अभियोगपत्र दावीबमोजिम गरेको कसूरको आधारमा ६ महिनासम्म कैद हुने स्थिति विद्यमान भए पनि निजलाई कारागार पठाउन उपयुक्त नभएको बालमनोवैज्ञानिक प्रभाकर खनालसमेतबाट बालकउपर भएको अध्ययन अवलोकनपश्चात् दिएको सुझाव र हाल आमाको संरक्षकत्वमा बसी आएकोमा चालचलनसमेत सुध्रदै गएको भन्ने प्रतिवेदन मिसिल सामेल देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) ले ६ महिनासम्म कैद सजाय गर्न सक्ने कानूनी व्यवस्था भए पनि प्रति २ महिनामा आरोपित बालकको चालचलन बानी व्यहोरा बारे निजको संरक्षकबाटै प्रतिवेदन लिने गरी हाल प्रतिवादीको सजाय बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम स्थगित राखि दिने ठहर्छ । मुलुकी ऐन, जवरजस्ती करणीको १० नं. को अभियोग मागदावी भएकोमा बालबालिकालाई आर्थिक दण्ड नहुने हुँदा सोतर्फको अभियोग दावी पुग्न नसक्ने ठहर्छ । अरु तपसिलमा तपसिलबमोजिम गर्ने गरी अ.बं. १८६ नं. बमोजिम फैसला गरिदिएँ ।

## तपसिल

प्रतिवादी सुरेश तामाङको माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादीको सजाय बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम स्थगित राखी प्रति २ महिनामा आरोपित बालकको बानी व्यहोराबारे प्रतिवेदन निजको संरक्षकबाट लिनु..........................................................१

प्रस्तुत फैसलामा चित्त नबुझे पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी ७० दिनको पुनरावेदनको म्याद जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुरलाई दिनु ............................................२

सरोकारवालालाई नियमानुसार फैसलाको प्रतिलिपी दिनु ...............................................३

दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु.......................................४

.....................

जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाएबमोजिम पाना ३ को फैसला कम्पूटरिङ्ग गर्ने कृष्ण ज्ञवाली ।

ईति सम्वत् २०६६ साल पौष ३ गते रोज ६ मा शुभम्..................................................।

**झापा जिल्ला अदालत**

**इजलास**

**माननीय न्यायाधीश अर्जुनप्रसाद कोइराला**

**फैसला**

कोड नं. १८-०६६-०००१९२

निर्णय नं. २२३

**मुद्दा : जवरजस्ती करणी ।**

**वादी**

नेपाल सरकार...........................१

**प्रतिवादी**

जिल्ला झापा, बाहुनडाँगी, वार्ड नं. ६ बस्ने वर्ष १६ का क रिजाल (नाम परिवर्तन).....१

ऐ. को प्रमाण

साक्षी :✕

कागजः✕

ऐ. को प्रमाण

साक्षी : ✕

कागज : ✕

**अदालतबाट बुझिएको**

साक्षी :

पीडित ग-१

जाहेरवाला

भीमनाथ रिजाल

धनपति भन्ने कृष्णप्रसाद रिजाल

पदम खड्का

अशोक चौलागाई

विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४ बमोजिम यस फैसलामा पीडितको र प्रतिवादीको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएकोले यस मुद्दामा पीडितलाई ग-१ र प्रतिवादीलाई क रिजाल भनी सम्बोधन गरिएको छ ।

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.बं. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छ :-

**घटनास्थल चारकिल्ला विवरण**

जिल्ला झापा, बाहुनडागी गा.वि.स., वार्ड नं. ४ बौद्धस्थित भीमनाथ चौलागाईको टांडे टिनको छाना भएको घर, पुर्वमा यशोदा पौडेलको घर, पशिचम सोम चौलागाईको घर, उत्तर बौद्ध मोड बजारको खाली जग्गा, दक्षिण गोपाल रिमालको घर । यति चार किल्लाभित्र मिति २०६६/५/२३ गते १४:०० बजेको समयमा घरको माथिल्लो तलाको उत्तरतर्फ ग-१ उपनामकी वर्ष ९ की बालिकालाई प्रतिवादीले प्रलोभन देखाई आफ्नो लिङ्ग खेलाउन लगाई उत्तेजित भएपछि बालिकाको कट्टु खोली योनीमा छिराउँदा कराई थाहा पाई हेर्दा नाङ्गो अवस्थामा देखेको घटनास्थल चारकिल्ला विवरण ठीक छ भन्ने घटनास्थल मुचुल्का ।

**जाहेरी दरखास्तको व्यहोरा**

मिति २०६६/५/२३ गते १४:०० बजेको समयमा नाबालिका छोरी वर्ष ९ की ग-१ लाई क रिजालले अप्राकृतिक मैथुन गराई योनीमा छिराउदा दुखी कराएको सुनेपछि जाहेरी दिन आएको छु, हदैसम्मको कारवाई गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्तको व्यहोरा ।

**घटना विवरण कागज**

मिति २०६६/५/२३ गते १४:०० बजेको समयमा म एक्लै घरमा बसेको अवस्था क रिजाल घरमा आई घरको एकान्त कोठामा लगी फुच्चे रमपम किनि दिन्छु, कसैलाई नभन्नु भनी निजको हाफपाइन्ट खोली लिङ्ग निकाली खेलाई देउ भनी खेलाउन लगाई लिङ्ग उत्तेजित भएपछि मेरो कट्टु खोली योनीमा छिराउन खोज्दा दुख्यो, निजको लिङ्ग मेरो योनीमा केही छिरायो । मलाई दुखी कराउँदा मेरो दाइ आई नाङ्गो देखी हल्ला गर्दा बुबा आएपछि नालीबेली सुनाएकी हुँ भन्नेसमेत व्यहोराको उपनाम ग-१ की बालिकाले गरिदिएको घटना विवरण कागज ।

मिति २०६६/५/२३ गते १४:०० बजेको समयमा पिडीता ग–१ रोइकराई गर्न थालेपछि घटनास्थलमा गई हेर्दा प्रतिवादीले हतार हतार लुगा लगाउँदै भागी गए । मेरो बहिनीलाई रमपम किनि दिन्छु भनी प्रलोभन देखाई लुगा खोली अप्राकृतिक मैथुन गराई गुप्ताङ्गमा छिराउन खोज्दा दुखी कराएकी हुँ भनी बताएकीले बुबालाई सुनाएको हुँ भन्नेसमेत व्यहोराको पीडितको दाजुले गरिदिएको घटना विवरण कागज ।

मिति २०६६/५/२३ गते १४:०० बजेको समयमा म आफ्नो घरमानै थिए । वारदात भएको घर र मेरो घर टाँसिएको अवस्थामा छ । वारदात भएपछि हल्लाखल्ला भयो । म तत्काल पीडित ग–१ लाई भेटी सोधनी गर्दा प्रतिवादीले रमपम फुच्चे किनी पीडितालाई दिई फकाई पीडितको कट्टु खोली पीडिताको

गुप्ताङ्ग/योनी खेलाई पीडितको हातले निज क रिजालको लिङ्ग खेलाउन लगाई अप्राकृतिक मैथुन गरी गराई उत्तेजित लिङ्ग योनीमा छिराई जवरजस्ती करणी गरेकाले हदैसम्म सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको सोमनाथ चौलागाईले गरिदिएको घटना विवरण कागज ।

**प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान**

मिति २०६६/५/२३ गते १४:०० बजेको समयमा म जाहेरवालाको घरमा गएको थिए । घरमा अरू कोही थिएनन् । जाहेरवालाको बालिका छोरीलाई खाटमा बस्न लगाई योनी खेलाउँदै मेरो लिङ्ग खेलाउन लगाएको हुँ । बालिकाको कट्टु खोलिरहेको अवस्थामा निजको दाजु आई थाहा पाएपछि उठी गएको हुँ । केही समयपछि मलाई खोज्दै आई हल्ला खल्ला गरी कुटपिट गरेपछि प्रहरी आई पक्राउ गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

**स्वास्थ्य परीक्षण प्रतिवेदनको व्यहोरा**

पीडिता वर्ष ९ की ग-१ बालिकालाई शारीरिक परीक्षण गर्दा निजलाई करणी गरेनगरेको यकीन साथ भन्न नसकिने, निजको कन्या जाली च्यातिएको छैन । योनीको वरीपरी घाउ चोट नदेखिएको भन्ने व्यहोराको पीडितको स्वास्थ्य परीक्षण रिपोर्ट ।

प्रतिवादीको हकमा निजले करणी गरे नगरेको यकीन भन्न नसकिने, लिङ्गमा चोट पटक नदेखिएको भन्ने व्यहोराको शारीरिक परीक्षण प्रतिवेदन ।

**बस्तुस्थिति मुचुल्को व्यहोरा**

मिति २०६६/५/२३ गते १४:०० बजेको समयमा हामीहरू आआफ्नै घरमानै थियौं । सो समयमा प्रतिवादीले जाहेरवालाको बालिका छोरी ग-१ लाई आफ्नो लिङ्ग खेलाउन लगाई उत्तेजित लिङ्ग योनीमा छिराउन खोज्दा दुखी कराएपछि पीडितको दाजुले हेर्दा क रिजाल भागी गएकोले निजलाई जवरजस्ती करणी गरेमा हदैसम्मको सजाय हुनु पर्दछ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का ।

**अभियोगपत्रको व्यहोरा**

प्रतिवादीले जाहेरवालाको छोरी ग-१ लाई अप्राकृतिक मैथुन गरी जवरजस्ती करणी गरेको सङ्कलित प्रमाणबाट पुष्टी भएकोले निजलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. र ९क बमोजिमको कसूरमा सोही जवरजस्ती करणीको महलको ३(१) नं. बमोजिम सजाय गरी ऐ. महलको ९क नं. बमोजिम थप सजायसमेत गरि पाउन र ऐ. को १० नं. बमोजिम क्षतिपूर्तिसमेत दिलाईपाऊँ भन्नेसमेत व्यहोराको अभियोगपत्र ।

**प्रतिवादीले अदालतमा गरेको बयानको व्यहोरा**

मिति २०६६/५/२३ गते १४:०० गते अन्दाजी दिउसो ३/४ बजे भीम चौलागाईको घरमा गएको थिए । उक्त ग–१ उपनाम गरेकी केटीसँग फिल्मी गीतको चक्का मागे । निज आफैले कट्टु खोली र त्यति बेलानै उसको योनी मैले छोई दिएँ । निजको दाजु अशोक चौलागाई आई पुग्यो । त्यति बेला केही पनि गरेन । पछि मेरो घरमा आएर कुटपिट गरे । बेलुका प्रहरीले पक्राउ गरी ल्याएको हो । पीडितलाई मैले अप्राकृतिक मैथुन र जवरजस्ती करणी गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी क रिजालले अदालतमा गरेको बयान ।

**साक्षीको बकपत्र**

मिति २०६६/५/२३ गते गरेको घटना विवरण कागजको सहीछाप र व्यहोरा मेरै हो । २०६६/५/२३ गते क रिजालले छाडा गर्न आटेको थियो । दादा आएर छाडा गर्न पाएन भन्नेसमेत व्यहोराको पीडितको बकपत्र ।

जाहेरी दरखास्तको व्यहोरा र सहीछापसमेत मेरो हो । वारदातको समयमा म घरमा थिइन । प्रतिवादीले जवरजस्ती करणी गर्न खोजेको, उत्तेजित लिङ्ग योनीमा पुऱ्याएको भन्ने घरमा आई बुझेकोले जाहेरी दिएको हुँ भन्नेसमेत व्यहोराको जाहेरवालाको बकपत्र ।

मिति २०६६/५/२३ गते दिउसो एक्कासी बैनी रोएको आवाज सुनी म त्यहा पुग्दा दुबैजना सुतेको अवस्थाबाट जुरूक्क उठे । प्रतिवादी आफ्नो हाफपाइन्ट कम्मरभन्दा तल झारेर फुकालेको अवस्थामा थियो । म पुग्नासाथ हाफपाइन्ट तान्दै ढोकाबाट निस्केर भाग्यो । बैनीलाई सोध्दा त्यसले मेरो हाफपाइन्ट खोली दियो अनि म रोएकी भनेपछि मानिस भेला भई प्रतिवादीलाई सोध्दा मैले गल्ती गरे भन्यो । योनीमा लिङ्ग छिरायो छिराएन त्यो मैले देखिन भन्नेसमेत व्यहोराको अशोक चौलागाईको बकपत्र ।

खोई हामीलाई जवरजस्ती करणी गरे जस्तो लाग्दैन । प्रतिवादी जाहेरवालाको घरमा सि.डी. चक्का लिन गएका ग-१ रूदै गरेकी र त्यत्तिकैमा नानीको दाजुले क रिजाललाई कुटपिट गरेछन् । त्यसैले प्रतिवादीलाई सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी धनपति रिजाल र पद्‌म खड्काको बकपत्र ।

**कानून व्यवसायीको बहस**

वादीका तर्फबाट विद्धान जिल्ला न्यायाधीवक्ता केशवप्रसाद रेग्मी, यी प्रतिवादीले पीडितको योनी खेलाएको, पीडितको कट्टु खोलेको भनी मौकामा स्वीकार गरी बयान गरेको, प्रतिवादीले उतेजित लिङ्ग आफ्नो योनीमा छिराएको र दुख्दा मैले कराएको भनी पीडितले मौकामा लेखाएकोले अभियोग मागदावीबमोजिम सजाय हुनु पर्ने भनी गर्नु भएको बहस ।

प्रतिवादीतर्फबाट अधिवक्ता भीम बरालः प्रतिवादी कसूरमा ईन्कार रहेको मिसिल संलग्न अभिलेखबाट १४ वर्षको नाबालक देखिएको, जाहेरवाला, पीडित र चस्मदीत अशोक चौलागाईसमेतको बकपत्रबाट जवरजस्ती करणी गरेको पुष्टी हुन नसकेकोले आरोपित कसूरबाट प्रतिवादीले सफाई पाउनु पर्ने भनी गर्नु भएको बहस ।

## अदालतको ठहर

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न सम्पूर्ण कागजातहरू अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता केशवप्रसाद रेग्मी र प्रतिवादीका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री भीम बरालको बहस जिकीरसमेत सुनी मिसिलसमेत अध्ययन गरी ईन्साफतर्फ विचार गर्दा यसमा देहायका प्रश्नहरूमा न्यायिक निरूपण गर्नु पर्ने देखिन आयो :-

१) प्रतिवादीको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ आकर्षित हुने नहुने के हो ?
२) प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेको हो, होइन ?
३) आरोपित कसूरमा प्रतिवादीलाई सजाय हुने नहुने के हो ?

पहिलो प्रश्नतर्फ विचार गर्दा प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफू १६ वर्षको भए भनी बयान गरे तापनि यस अदालतमा आई बयान गर्दा १४ वर्षको भए र आफू मेची जनसाधारण मा.बि. को कक्षा ८ मा अध्ययनरत रहेको भनी बयान गरेकोले उमेरमा विवाद देखिँदा उक्त विद्यालयमा निजको जन्ममितिको अभिलेख माग गरी पठाएकोमा मेची जनसाधारण उ.मा.बि. को च.नं. ९५/०६६/६७ मिति २०६६/९/२६ को पत्रबाट निज उक्त विद्यालयको कक्षा ८ को छात्र भएको र निजको जन्ममिति २०५२/४/१२ मा भएको भनी उमेर उल्लेख गरेर पठाएको देखियो । त्यस्तै मिसिल संलग्न जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी (बाहुनडांगी गा.वि.स. स्थानीय पञ्जिकाधिकारीको कार्यालयको दर्ता मिति २०५४/११/२१ द.नं. ५९२) बाटसमेत यी प्रतिवादीको जन्म २०५२/४/१२ मा भएको भनी उल्लेख भएको देखिँदा जन्मदर्ता र विद्यालयमा राखीएको अभिलेखलाई बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५ बमोजिम उमेर प्रयोजनको निमित्त उक्त लिखतको मितिलाई आधार मान्न सकिने हुँदा घटना हुँदाको अवस्थामा प्रतिवादीको उमेर १४ वर्ष मात्र पुरा भएको देखियो । तसर्थ १४ वर्ष मात्र पुरा भएकाको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ आकर्षित हुनेनै देखियो ।

दोश्रो प्रश्नतर्फ विचार गर्दा कस्तो कार्यलाई जवरजस्ती करणी मान्ने भन्ने विषयमा मुलुकी ऐन, जवरजस्ती करणीको १ नं उल्लेख छ । जसअनुसार “कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मञ्जुरी लिई वा नलिई करणी गरेमा निजले जवरजस्ती करणी गरेको ठहर्छ ।

स्पष्टीकरण : यस नम्बरको प्रयोजनको लागि :–

(क) "डर, त्रास, धाक देखाई वा करकाप, अनुचित प्रभाव, झुक्यानमा पारी वा जोरजुलुम गरी वा अपहरण गरी वा शरीर वन्धक राखी लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

(ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

(ग) योनीमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्वरको प्रयोजको लागि करणी गरेको मानिनेछ ।" भन्ने व्यवस्था गरेको छ । सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मञ्जुरी लिई वा नलिई करणी गरेमा निजले जवरजस्ती करणी गरेको मानिने र योनीमा लिङ्ग केही मात्र प्रवेश भएमा पनि जवरजस्ती करणी गरेको मानिने कानूनी व्यवस्था रहेको छ ।

त्यस्तै सर्वोच्च अदालतबाट भएका केहि निर्णयहरू पनि यस सम्बन्धमा हेर्दा :-
जवरजस्ती करणीको कसूर खासगरी महिलाको शरीर र इज्जत माथि यौन इच्छा पुरा गर्ने उद्देश्यबाट गरिने आक्रमणको रूपमा लिनु पर्ने हुन्छ । जवरजस्ती करणीको कसूर कायम हुन योनीभित्र लिङ्ग पूर्ण प्रवेश गरेको हुन पर्ने वा योनीभित्रै बीर्य स्खलन भएको हुनु पर्ने वा पीडितको योनीको कन्याजाली च्यातिएको हुन पर्ने हो होइन भन्ने सम्बन्धमा मोदीको मेडिकल जुरिस्प्रुडेन्स एन्ड टेक्सीकोलोजी (२३ औं संस्करण पृष्ट ८९७) मा "To constitute the offence of rape it is not necessary that there should be complete penetration of the penis with the emission of semen and rapture of hymen. partial penetration of the penis within the labia majora or the vulva or pudenda, with or without the emission of seamen or even an attempt at penetration is quite sufficient for the purpose" अर्थात योनीमा बीर्य स्खलित वा बीर्य स्खलित रहीत स्त्री जनेन्द्रिय वाह्य डिल र वाह्य भागभित्र आंशिक लिङ्ग प्रवेश गराउनु वा लिङ्ग प्रवेश गराउने प्रयत्न गर्नु पनि कानूनी प्रयोजनको लागि पर्याप्त हुने देखिन्छ । (नेपाल कानून पत्रिका, २०६३ साल श्रावण, भाग-४८, अङ्क-४, निणर्य नं.७६८२, पृष्ठ- ४७०)

मुलुकी ऐन, जवरजस्ती करणीको १ नं. अनुसार जवरजस्ती करणीको वारदात कायम हुनका लागि योनीभित्र लिङ्ग पूर्ण प्रवेश गरेको हुनु पर्ने वा योनीभित्रै बीर्य स्खलन भएको हुनु पर्ने वा पीडितको योनीको कन्याजाली च्यातिएको हुनु पर्ने भन्ने कुरा उल्लेख नभएको अवस्थामा लिङ्ग र योनी बीच सामान्य घर्षण पर्याप्त देखिने भनी व्याख्या भएको छ । (नेपाल कानून पत्रिका ,२०६३ साल श्रावण, भाग-४८, अङ्क-४, निणर्य नं. ७६८२, पृष्ठ- ४७०)

उल्लिखित मौजुदा कानूनी व्यवस्था र सर्वोच्च अदालतको व्याख्याबाट जवरजस्ती करणीलाई योनी र लिङ्ग बीचको केही मात्र प्रवेश वा सामान्य घर्षणलाईसमेत जवरजस्ती करणी भएको मानिने देखियो । सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मञ्जुरी लिई वा नलिई करणी गरेमा पनि जवरजस्ती करणी भएको मानिने कानूनी प्रावधान रहेको देखियो ।

प्रस्तुत मुद्दामा वर्ष ९ की पीडित ग-१ ले मौकामा कागज लेखाउदा कानूनसँग द्वन्द्वमा परेका यी क रिजालको उत्तेजित लिङ्ग योनीमा छिराउन खोज्दा मेरो योनी दुख्यो, निजको लिङ्ग केही मेरो योनीमा छिरायो । मलाई दुखेर कराउदा मेरो दाई कोठामा आई नाङ्गै देखी हल्ला गरेको हो भनी लेखाएको देखिन्छ । यी कानूनसँग द्वन्द्वमा परेका यी क रिजालले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा निज ग-१ को योनी खेलाउँदै गर्दा निजको दाजु आई थाहा पाएको हो, आफ्नो उत्तेजित लिङ्ग नाबालिकाको योनीमा छिराएको छैन भनी बयान गरेको देखियो । तर घटनाबाट पीडित ग-१ ले कानूनसँग द्वन्द्वमा परेका यी क रिजालले उत्तेजित लिङ्ग मेरो योनीमा छिरायो, मलाई दूखी कराउँदा मेरो दाइ घरमा आउँदै गर्दा सूनी जवरजस्ती गर्दागर्दैको अवस्थामा नाङ्गै देखी हल्ला गरेको भनी बयान गरेको देखियो र यस अदालतमा आई बकपत्र गर्दा मौकामा गरेको बयान व्यहोरा मैले भनी लेखाएको हो भनी व्यहोरा समर्थन गरी बकपत्र गरेको तथा पीडितको दाजुले पनि बकपत्र गर्दा बैनी कोठामा रोएको आवाज सुनी कोठामा जादा कानूनसँग द्वन्द्वमा परेका यी क रिजालले आफ्नो हाफपाइन्ट कम्मरभन्दा तल झारेर फूकालेको अवस्थामा रहेको र आफु पूनासाथ हाफपाइन्ट तान्दै ढोकाबाट निस्केर भागेको हो, आफु ढोका खोलेर पस्नासाथ दुवैजना सूतेको अवस्थामा जुरूक्क उठे भनी (स.ज. ५/६ मा प्रत्यक्षदर्शी/साक्षी) बकपत्र लेखाई दिएको देखियो ।

जवरजस्ती करणीको अपराधमा मुल चस्मदीत गवाह अर्थात प्रत्यक्ष प्रमाण साधारणतया प्राप्त हुँदैन । खासगरी करणीसम्बन्धी अपराधमा करणी गरिएकी पीडितनै प्रमुख प्रमाण हो । प्रमाण ऐनले जवरजस्ती करणीबाट पीडित व्यक्तिलाईनै प्रमुख प्रमाण मानेको छ । प्रमाण ऐन, २०३१ को दफा १०(१) (ख) मा कुनै काम घटना वा अवस्थाबाट पीडित व्यक्तिले व्यक्त गरेको कुरा प्रमाणमा लिने प्रमाण मानेको छ । पीडितले यस अदालतमा आई बकपत्र गर्दा आरोपित क रिजालले जवरजस्ती करणी गरेको भन्नेसमेत व्यहोरा लेखाई दिएकोले पीडितले अदालतमा आई गरेको बकपत्रलाई प्रमाणमा लिनु पर्नेनै हुँदा र प्रत्यक्षदर्शी साक्षीले गरेको बकपत्रसमेतबाट समर्थित भइरहेको हुँदा जवरजस्ती करणीको कार्य भएकोनै देखियो ।

तेश्रो प्रश्नतर्फ विचार गर्दा जवरजस्ती करणीको कार्य महिलाउपरको एक निकृष्ट फौजदारी अपराध रहेको मात्र वोध गराउँदैन की अदालतलेसमेत यसलाई महिला अस्मिता, अस्तित्व र मानवअधिकारसँग जोडेर संवेदनशील रूपमा लिई हेर्नु पर्छ र जवरजस्ती करणी जस्तो अपराधमा अन्य मुद्दामा जस्तो अङ्क गणितिय हिसावबाट हेर्नुभन्दा पनि नारीको अस्मितामा गम्भीर आँच आउँने विषय भएकाले अदालतले संवेदनशील रूपमा विचार गर्नु पर्ने हुन्छ । यसमा सर्वोच्च अदालतबाट केहि निर्णयहरू पनि भएको पाइन्छ जस्तै : पीडित महिलाको भनाईलाई विश्वास नगर्नु पर्ने कुनै ठोस आधार वा प्रमाण वेगर एउटा साधारण महिलाले अदालतमा उपस्थित भई आफ्नो र आफन्तको ईज्जतमा आँच आउँने कुरा सामान्यत भन्न सक्दिन भन्ने स्वभाविक न्यायिक अनुमानको रूपमा ग्रहण गर्नु पर्दछ । भारतीय सर्वोच्च अदालतका प्रधान न्यायाधीश

ए.एस. आनन्दले पीडितको बयान विश्वासनिय लाग्दछ भने त्यसलाई समर्थन गर्ने प्रमाण खोजी रहन आवश्यक हुँदैन भनी भनिएको छ । (नेपाल कानून पत्रिका, २०६२ फाल्गुण, भाग-४७, अङ्क-११, निर्णय नं.- ७६२६, पेज नं.-१४३४)

अर्को एउटा विषयमा पनि सर्वोच्च अदालतबाट यस्तो प्रकृतिको अपराधमा पीडित व्यक्ति १७, १८ वर्षको केटीको कलिलो उमेर र निजउपर भएको शारीरिक एवं मानसिक बलात्कार, अपराधीको पाशविक मनोवृत्ति र बर्वरतापूर्ण शारीरिक र मानसिक आक्रमणले पीडित महिलाले सहनु पर्ने जीवन भरीको मनोवैज्ञानिक चोट र कुण्ठा एवं पीडित परिवारले व्यहोर्नु पर्ने सामाजिक बद्नामीसम्बन्धी तथ्यगत कुराहरू महत्वपूर्ण देखिन आउँछ । प्रतिवादीले जुन किसिमले जाहेरवाली जस्तो उमेर र अवस्थाको केटीलाई भयावह स्थिति सिर्जना गरेको मिसिलबाट देखिन आउँछ । त्यस्तो अवस्थामा डाक्टरी जाँचबाट पीडित व्यक्ति वा प्रतिवादीको शरीरमा संघर्षको चिन्ह (Sign of Struggle) देखिनु नदेखिनु पनि महत्वपूर्ण मान्न मिल्दैन । निज प्रतिवादी वारदातको लगत्तै फरार रही पछि उपस्थित भई वारदात हुँदाको अवस्थामा आफू अन्यत्र रहेको जिकिर लिएको भए तापनि निजको सो जिकिर र निजबाट दिइएका साक्षीहरूको बकपत्रको विश्वसनीयता यसै पनि पत्यारलायक नदेखिने (नेपाल कानून पत्रिका, २०५७ माघ/फाल्गुण, भाग-४२, अङ्क - १०/११, निर्णय नं. ६९४९, पृष्ठ-७५१) भनी व्याख्या भएको पाइन्छ ।

“पीडितको भनाईको तुलनामा अरू सवुद प्रमाणहरू गौण हुन्छन् । श्री ५ को सरकार विरूद्ध हरिलाल रोकायसमेत भएको जवरजस्ती करणी मुद्दा (नेपाल कानून पत्रिका २०५७, पृष्ठ ७५०) मा पीडित महिलाको बयानको विश्वसनीयताबारे चर्चा गर्दै जवरजस्ती करणीको अपराधमा पीडित महिलाको भनाईलाई अन्य प्रमाणबाट समर्थीत हुनु पर्ने र त्यसलाई विश्वसनीय वा अनुमानको रूपमा ग्रहण नगरी शंका र अविश्वासको दृष्टिले हेरी प्रमाणको प्रारम्भिक भारसमेत निज वा अभियोजनउपर थोपर्ने अवधारणालाई न्यायिक रूपले अपनाउनु हाम्रो सामाजिक वातावरणमा हुर्कने महिलाको जीवनचर्या अनुकूल हुने देखिँदैन भनी भनिएको पाइन्छ ।

कानूनसँग द्वन्द्वमा परेका यी क रिजालले अदालतमा आई बयान गर्दा पीडितसँग फिल्मी गीतको चक्का मागे र निजले आफैंले कट्टु खोली र त्यति बेलानै उसको योनी छोई दिएको र त्यति खेरनै निजको दाजु अशोक चौलागाई आइपुगेको भनी बयान गरेको हुँदा आफुले पीडितको योनी छोइदिएको र तत्कालै पीडितको दाजु आइपुगेको हदसम्म स्वीकारनै गरेको देखिन्छ । जसबाट पीडितले मौकामा गरेको कागज, अदालतमा गरेको बकपत्र र अशोक चौलागाईले अदालतमा आई गरेको बकपत्रबाट यी प्रतिवादीले करणी गरेको अवस्थाको पुष्टी हुन आएको देखिन्छ ।

अब माथि उल्लेख गरेबमोजिम जाहेरवालाले जाहेरीको व्यहोरा आफ्नै भएको भनी बकपत्र गरेको (स.ज.६ मा), पीडितले गरेको बकपत्र, पीडितको दाजु अशोक चौलागाईले गरेको बकपत्र, पीडित ग-१

को उमेर ९ वर्षको मात्र देखिएकोसमेतबाट क रिजालले गरेको कार्य जवरजस्ती करणीको परिभाषाभित्र पर्ने हुँदा यी कानूनसँग द्वन्द्वमा परेको यी बालकलाई बालबिज्याँई गरेकोमा सजाय हुनेनै देखियो ।

तसर्थ माथि विवेचना गरिएका आधार एवं कारणहरूबाट क रिजाललाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. बमोजिमको कसूर/बालबिज्याँईमा सोही महलको ३(१) बमोजिम १० (दश) वर्ष कैद सजाय हुने भए तापनि मिसिल संलग्न विद्यालयको पत्र, र जन्मदर्ताको प्रमाणपत्रको अभिलेखमा निजको जन्ममिति २०५२/४/१२ भनी उल्लेख भएको र बिज्याँई गर्दाको अवस्थामा निजको उमेर १४ वर्ष पुरा भएको तर १६ वर्ष पुगिसकेको नदेखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (३) बमोजिम १६ वर्ष नपुगेको बालकले कुनै अपराध/बिज्याँई गरे निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुने भन्ने व्यवस्था भएको हुँदा निजको उमेर १६ वर्ष पुगिनसकेको हुँदा निजलाई ५ (पाच) वर्ष कैद हुने ठहर्छ । साथै पीडितले प्रतिवादीबाट रू. ४०,०००/- (चालीस हजार) रूपैया क्षतिपुर्ति भराई पाउने हुन्छ ।

अभियोगपत्रमा जवरजस्ती करणीको महलको ९क नं. बमोजिम थप सजाय माग गरेकोमा सो पुष्टी हुने आधारहरू नदेखिएको हुँदा सो हदसम्म वादी दावी पुग्न सक्दैन । यी कानूनसँग द्वन्द्वमा परेका क रिजालको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ आकर्षित भएकोले निजलाई बाल सुधार गृहमा पठाई दिनु । अरूमा तपसिलबमोजिम गर्ने गरी मुलुकी ऐन, अ.बं. १८६ नं. बमोजिम यो फैसला गरिदिएको छ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिएबमोजिम कानूनसँग द्वन्द्वमा परेका क रिजाललाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको दफा ३(१) नं. तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम ५ वर्ष कैद सजाय हुने ठहरेकाले निज मिति २०६६/५/२४ गतेदेखि प्रहरी हिरासतमा रही पुर्पक्षको निमित्त थुनामा रहेको देखिँदा सोही मितिदेखिनै निजको कैद कट्टा हुने गरी कैद म्याद ठेगी बाल सुधार गृहमा पठाई दिनु भनी जिल्ला कारागार कार्यालय, भद्रपुर झापामा लेखि पठाई दिनु ......................१

पीडित ग-१ लाई कानूनसँग द्वन्द्वमा परेका क रिजालबाट रू. ४०,०००/- (चालीस हजार) क्षतिपूर्ति भराई दिने ठहरेकाले प्रस्तुत निर्णय अन्तिम भएपछि अदालतकै अग्रसरतामा भराई दिनु ......................२

यस फैसलाउपर चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, ईलाममा पुनरावेदन गर्नु भनी प्रतिवादीलाई फैसला सुनाई सुनी पाएको कागज गराई निस्सा मिसिल संलग्न राख्नु र फैसलाको प्रतिलिपीसहित जिल्ला सरकारी वकिल कार्यालय, भद्रपुर, झापालाईसमेत पुनरावेदनको म्याद दिनु ..............................३

सरोकारवालाले नक्कल माग गरे नियमबमोजिम लाग्ने दस्तुर लिई सारी वा सराई दिनु ..................४

यस मुद्दामा अन्य काम बाँकी नहुँदा प्रस्तुत मुद्दाको दायरीको लगत कट्टागरी मिसील अभिलेख संरक्षण फाँटमा बुझाई दिनु ...........................................................................................५

..................
जिल्ला न्यायाधीश

यो फैसला माननीय न्यायाधीशज्यूले बोली टिपाएबमोजिम फैसला तयार गर्ने फाँटवाला ना.सु देवीप्रसाद दाहाल ।

ईति सम्वत् २०६६ साल माघ १९ गते १ रोज ३ शुभम्...............................................।

# ललितपुर जिल्ला अदालत
## बाल इजलास
## माननीय जिल्ला न्यायाधीश श्री कृष्णप्रसाद बास्तोला
### फैसला

**उपस्थिति**

समाजसेवी : श्री सुजाता रेग्मी ।

२०६६/०६७ को सालको स.वा.फौ.मि.नं. ७५/१९०

निर्णय नं. १०३

**मुद्दा : कर्तव्य ज्यान।**

**वादीको नाम, थर, वतन**

जिल्ला रामेछाप, रश्नालु गा.वि.स., वडा नं. ३ बुर्के गाउँ बस्ने वर्ष ३३ को टंकबहादुर सुनुवारको जाहेरीले नेपाल सरकार ........१

ऐ को प्रमाण

साक्षी :×

कागज:×

**प्रतिवादीको नाम, थर, वतन**

मिलन पुनको छोरा जिल्ला बाग्लुङ, काजेलले खानी घर भई हाल ल.पु.जि., ल.पु.उ.म.न.पा., वडा नं. १४ नख्खीपोट डेरा गरी बस्ने रामकाजी पुन (नाम परिवर्तित) ..........................१

ऐ.को प्रमाण

साक्षी :×

कागज :×

**अदालतबाट बुझेको**

प्रमाण : ×

कागज : ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.बं. २९ नं. बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्रको भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार रहेछ :-

सम्मानित सर्वोच्च अदालतको पक्षहरुको गोपनीयता कायम राख्नेसम्बन्धी निर्देशिका, २०६४ बमोजिम प्रस्तुत मुद्दामा प्रतिवादीहरुको वास्तविक नाम परिवर्तन गरी रामकाजी पुन कायम गरिएको छ ।

ल.पु.जि., ल.पु.उ.म.न.पा, वडा नं. १४ नख्खीपोटस्थित पूर्वमा नख्खीपोट निस्कने बाटो, पश्चिममा ताल्छिखेलतर्फ जाने सडक, उत्तरमा बास्केटबल ग्राउण्ड, दक्षिणमा खजुरा पसल। घर यति चार किल्लाभित्र सडक बाटोमा मिति २०६६/१/१ गते पछि नाम खुल्न आएका नाम परिवर्तित रामकाजी पुन हिडिरहेको अवस्थामा फेला पारी निजले लगाएको सर्ट कपडामा रगत लागेको निजले बोकेको भोलामा रगत लागेको अवस्थामा फेला पारेकोले निजको शरीर रीतपूर्वक खानतलासी गरी निजको शरीरमा लगाएको पाइन्टको खल्तीमा रहेको कालो पर्समा राखिएको पैसा, पर्स र उक्त रगत जस्तो रातो पदार्थ लागेको Converse लेखिएको भोला सर्ट, धर्के सेतो सर्ट, कालो पर्सभित्र राखिएको विभिन्न दरका नेपाली नोटहरु रु.६३९/- वरामद गरी वरामदी सामान र नाम परिवर्तित रामकाजी पुनलाई पक्राउ गरी यसै प्रतिवेदन साथ पेश गरेको भन्नेसमेत व्यहोराको प्र.ना.नी. सुरेशराज भट्टको प्रतिवेदन ।

मिति २०६६/१/१ गते राती २२:०० बजेको समयमा ल.पु.उ.म.न.पा १४ तिखेदेवल स्थित मेरो भाइ वर्ष २७ को गोविन्द दुनुवारलाई रामकाजी पुनले छुरा प्रहार गरी निज भाइ सख्त घाइते भई तत्काल पाटन अस्पताल उपचारको लागि लैजादा मृत्यु भएको र निज छुरा प्रहार गर्ने व्यक्ति रामकाजी पुनलाई घटनास्थलबाट भाग्ने क्रममा प्रहरीले पक्राउ गरेको हुँदा निजउपर कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको टंकबहादुर सुनुवारको जाहेरी दर्खास्त ।

मृतक गोविन्द सुनुवारको आँखा दुवै अर्ध मुख बन्द घाटीको भागमा रगत लागी सुकेको दायाँ हात शरीरमा सटेको वायाँ हात अर्ध खुम्चिएको छातीको भागमा हात रहेको हातमा रगत लागी सुकेको लतपतिएको छातीको भागमा रगत लागेको वाँयापट्टि मुटुको भागमा लगाएको टिसर्टसहित एक ईन्च लम्बाई आधा ईन्च चौडाई दुई इन्च गहिराई चोट रहेको, पेटको भागमा रगत लागेको, दाया हातको कुहिना मुनि दघारिएको वाँया खुट्टाको बुढी औलाको भागमा दधारिएको भन्नेसमेत व्यहोराको मृतक गोविन्द सुनुवारको लास मुचुल्का ।

ल.पु.उ.म.न.पा १४ तिखेदेवलस्थित पूर्वमा ग्यास डिपो तथा भारफुक औषधी उपचार केन्द्र लेखेको घर, पश्चिममा खाली जग, उत्तरमा महालक्ष्मी चोक रिङ्गरोड निस्कने बाटो, दक्षिणमा तिखेदेवलतर्फ जाने बाटो । यति चार किल्लाभित्र मिति २०६६/१/१ गते राती १०:०० बजेको समयमा रामकाजी पुनले गोविन्द परिवारलाई छुरा प्रहार गरी निज गोविन्द सुनुवार गम्भीर घाइते भएकोमा उपचारको लागि पाटन अस्पताल लगी उपचार गराउदा मृत्यूसमेत भएको भन्ने घटनास्थल मुचुल्का ।

मिति २०६६/१/१ गते राती १०:०० बजेको समयमा ल.पु.उ.म.न.पा, वडा नं. १४ तिखेदेवलस्थित एउटा खजुरा पसलमा म र सोही एरियामा बस्ने मलाई नाम थाहा नभएको २ जनासमेत बसिरहेका थियौं। एक जना व्यक्ति पसलमा आएर समान किने र रु. ५००/- नोट साहुजीलाई दिए। साहुजीले समानको पैसा काटी रु. ४००/- भन्दा माथिनै फिर्ता दिए। मसँग खर्च गर्ने पैसा नभएकोले मैले मसँग भएको २ जना

साथीलाई सो पसलमा समान किन्ने व्यक्तिसँग पैसा छ, पैसा लुट्नु पर्छ, मसँग चक्कु छ, चक्कु देखाएर पैसा लुट्नु पर्छ, लुटेको पैसा बाँडी खाँउला भनी दुवै जनालाई सहमती गराई ती समान किन्ने व्यक्तिलाई पछ्याउदै गयौं । केही पर रहेको घरको कोठामा निज पसे । म पनि सोही कोठामा पसे । मसँग भएका २ जना साथी बाहिर बसे । म कोठामा पसेपछि त्यहाँ ६/७ जना व्यक्तिहरु रहेछन् । मैले साथमा रहेको चक्कु देखाई बोले कराएमा ज्यानै मार्ने धम्की दिई त्यहाँ भएका सबैसँग पैसा निकाल भनी निजहरुले १००, ५०, २०, ५ दरका नोटहरु गरी ६ जनासँग जम्मा रु. ६३९/- लिई कोठाबाट निस्की जान लाग्दा निजहरु कोठाबाट निस्की हामीलाई चोरचोर भनी लखेट्दै आएकोले हामीलाई लखेट्दै आएका एक जना पछि नाम खुल्न आएका गोविन्द सुनार भन्ने व्यक्तिलाई मसँग भएको २ जना साथीले समाते । मैले मेरो साथमा बोकी ल्याएको चक्कुले निजलाई मार्छु भनी मार्ने मनसायले चक्कुले निजको मुटुको भागमा पर्ने गरी कोखामा प्रहार गरे । मरे भन्दै निज जमिनमा ढलेपछि निज मरे होलान् भन्ने ठानी हामी उक्त स्थानबाट भागी गएका हौं । मसँग भएको २ जना के कता गए थाहा भएन । मैले उक्त वारदातमा प्रहार गरेको चक्कु (छुरा) प्रहार गरेको ठाँउ देखी १ सय मिटर पर झाडीमा फाली भागेको हुँ । म नख्खीपोटतर्फ भाग्दै गर्दा प्रहरीले फेला पारी मेरो शरीरमा लगाएको सर्ट र बोकेको झोलामा मैले गोविन्द सुनुवारलाई छुरा प्रहार गर्दा निजको शरीरमा लागेको चोटबाट मैले बोकेको झोला र सर्टमासमेत रगत लागेकोले उक्त झोला सर्ट र मेरो पर्समा रहेको पैसासमेत प्रहरीले वरामद गरी मलाई पक्राउ गरी ल्याएको हो भन्नेसमेत प्रतिवादी रामकाजी पुनले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मिति २०६६/१/१ गते मेरो घरमा डेरा गरी बस्ने गोविन्द सुनुवारलाई रामकाजी पुनसमेतले छुरा प्रहार गरी घाइते बनाएकोमा तत्काल प्रहरीले रामकाजी पुनलाई भाग्ने क्रममा पक्राउ गरेको घाइते गोविन्द सुनुवारलाई उपचारको लागि तत्कालै पाटन अस्पताल लैजादा मृत्यु भएकोले निज रामकाजी पुनसमेतलाई हदैसम्मको कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको सन्तोष खनालले खुलाई लेखाई दिएको घटना विवरण कागज ।

महानगरीय प्रहरी परिसरको कम्पाउण्डमा उभ्याई हामीहरुलाई चिनाएका एउटै उमेर वर्ण, एउटै भेषभुषा भएका ५ जना व्यक्तिहरु मध्ये तेश्रो पङतीमा उभिएका तत्काल नाम थाहा भएका राजकाजी पुन भन्ने व्यक्तिले मिति २०६६/१/१ गते राती १०:०० बजेको समयमा ल.पु.जि., ल.पु.उ.म.न.पा, वडा नं. १४ तिखेदेवलस्थित हाम्रो कोठामा आई छुरा देखाई रकम लुटी भाग्ने क्रममा हामीले खेद्दै जाँदा निजले बोकेको छुराले गोविन्द सुनुवारलाई घाइते बनाएको र गोविन्द सुनुवारको सोही छुरा प्रहारको कारणबाट मृत्यु भएको हो, निज मृतकलाई छुरा प्रहार गर्ने व्यक्ति रामकाजी पुननै हुन् । देखी चिनी सनाखत गरिदियौं भन्नेसमेत व्यहोराको डम्मर कुमाल, श्यामकुमार महतो, जगदीश कुमाल, लक्ष्मण पण्डित, जितेन्द्र राउत, सियाराम पण्डितले गरिदिएको सनाखत कागज ।

मिति २०६६/१/१ गते राती १०:०० बजेको समयमा हामी बसेको कोठामा रामकाजी पुन भन्ने व्यक्ति चक्कु छुरा लिई भित्र कोठामा प्रवेश गरी छुरा देखाई बोले कराएमा ज्यान मार्ने धम्की दिई हामीसँग भएको पैसा मागी हामीले भएको पैसा निकाली दिएपछि निज भाग्ने क्रममा हामीले खेद्दै जाँदा ल.पु.उ.म.न.पा

१४ तिखेदेवलस्थित निज रामकाजी पुनसँग भएका २ जनाले निजहरुले लखेट्दै गएका मध्येका गोविन्द सुनुवारलाई समाती रामकाजी पुनले बोकेको छुराले निजले गोविन्द सुनुवारलाई वाँया पट्टी मुटुको भागमा प्रहार गरी निज गोविन्द सुनुवार जमिनमा ढलेपछि हामीलाई पनी छुरा प्रहार गरी मार्छ भनी हामी भाग्यौं र निजहरु उक्त स्थानबाट भागेपछि गोविन्द सुनुवारलाई बचाउनको लागि पाटन अस्पताल लगी उपचार गराउन लाग्दा निजको मृत्यु भएको हो, निज गोविन्द सुनुवारलाई रामकाजी पुनलेनै छुरा प्रहार गर्दा हामीले प्रत्यक्ष देखेका हौं भन्नेसमेत व्यहोराको सियाराम पण्डित, श्यामकुमार महतो, जगदीश कुमाल, लक्ष्मण पण्डित, जितेन्द्र राउत, डम्मर कुमालसमेतले खुलाई लेखाई दिएको घटना विवरण कागज ।

प्रतिवादी रामकाजी पुनले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गराउदा वारदात स्थान नजिक वारदातमा प्रयोग गरेको छुरी झाडीमा फ्याकी दिएको भनी बताएकोले निजलाई साथमा लिई उक्त वारदातमा प्रयोग गरेको छुरा खोज्न जादा ल.पु.जि., ल.पु.उ.म.न.पा १४ तिखेदेवलस्थित पूर्वमा जुपिटर हाइस्कूलको कम्पाउण्ड, पश्चिममा निर्माणधिन घर तथा खाली जग्गा, उत्तरमा महालक्ष्मी चोक निस्कने बाटो, दक्षिणमा तिखेदेवल जाने बाटो । यति चार किल्लाभित्र तिखेदेवलतर्फ जाँदाको वाँया पट्टिको साइडको बाटो किनारादेखि ५ मिटर दायाँतर्फ सिस्नु तथा भिमसेनपातीको स-साना बुटा रहेको । सो बुटाभित्र फलामको विडमा विडको बीच भागमा कालो टेप लगाएको चक्कु फेला पारेको, सो छुरा बाहिर निकाली हेर्दा धार तथा टुप्पाको भागमा रगत जस्तो रातो पदार्थ लागेको हल्का खिँया लागेको र सो चक्कु नाप्दा विडसहित ११ ईन्च फलामको ७२ ईन्च चौडाई १.१ ईन्च रहेको उक्त चक्कु देखाउँदा सोही चक्कुले मैले मिति २०६६/१/१ गते राती गोविन्द सुनुवारलाई प्रहार गरेर फालेको चक्कु हो भनी रामकाजी पुनले बताएकोले उक्त चक्कु वरामद गरी मिति २०६६/१/६ गते वरामद मुचुल्कासहित दाखिला गरेको भन्नेसमेत व्यहोराको प्रहरी प्रतिवेदनसहित वरामदी मुचुल्का ।

The cause death due to unternal haemorrhage following sharp cut injury भन्नेसमेत व्यहोराको मृतक गोविन्द सुनुवारको पोष्ट मार्टम रिपोर्ट ।

मिति २०६६/१/१ गते राती १०:०० बजेको समयमा ल.पु.उ.म.न.पा, वडा नं. १४ तिखेदेवलस्थित गोविन्द सुनुवारलाई रामकाजी पुनले छुरा प्रहार गरी निज गोविन्द सुनुवार गम्भीर घाइते भई पाटन अस्पताल उपचारको लागि लगेकोमा निजको मृत्यु भएको र निज छुरा प्रहार गरी भाग्दै गर्दा रामकाजी पुनलाई प्रहरीले पक्राउ गरेको हुँदा निजउपर कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको घटनास्थल आसपासका मानिसहरुले खुलाई लेखाई दिएको घटना विवरण कागज ।

प्रतिवादी रामकाजी पुनले आफूले प्रहार गरेको छुरा वारदात स्थानदेखी केही पर झाडीमा फाली भाग्दै गर्दा नख्खीपोटस्थित प्रहरीले खोजतलास पक्राउ गर्ने क्रममा फेला पारी पक्राउ गरेको र निज गोविन्द सुनुवारको घटनास्थलबाट औषधी उपचारको क्रममा पाटन अस्पतालमा लगी उपचार गराउदा उपचार हुन नसकी सोही छुरा प्रहारबाट लागेको चोटको कारण निजको मृत्यु भएको वारदात पुष्टि हुँदा यी विरुद्ध खण्डका प्रतिवादी

रामकाजी पुनले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. परिभाषित कसूर अपराध गरेको हुँदा निजलाई सोही ज्यानसम्बन्धी महलको १३(१) बमोजिम सजाय हुनको साथै मृतक तथा सियाराम पण्डितसमेतको साथबाट रु. ६३९/- हतियार देखाई जवरजस्ती चोरी गरेतर्फ चोरीको १ र ४ नं. को कसूरमा सोही चोरीको १४(२) नं. बमोजिम सजायसमेत गरी वरामद ६३९/- रुपैयाँ सियाराम पण्डितसमेतलाई चोरीको १०(३) र २१ नं. बमोजिम दिलाई भराईपाऊँ भन्नेसमेत व्यहोराको अभियोगपत्र ।

मिति २०६६/१/१ गते राती ९/१० बजेको समयमा नयाँ वर्ष मनाउन म घरबाट बाहिर निस्केको थिए, तिखेदेवलको बाटो गरी हिड्दै गर्दाको अवस्थामा एउटा नाम थाहा नभएको व्यक्तिको कोठामा गए, सो कोठा कस्को भन्ने कुरा मलाई थाहा छैन, सो कोठामा ५/७ जना बसिरहेका रहेछन् । मैले एकजना नाम थाहा नभएको व्यक्तिसँग रु. ४९४/- लिई जावलाखेल आउँदै थिएँ, त्यसै अवस्थामा मैले जोसँग पैसा लिएको थिए, ती मानिसहरुले मलाई लखेट्दै २/४ मिनेटको बाटो हिडेपछि पुनः फेरी मलाई छाडिदिएपछि त्यहिबाट म भाग्दै गर्दा एउटा घरको ढोका खुल्ला थियो त्यसपछि म त्यो घरभित्र छिरे र त्यही घरमा प्रहरी आई मलाई प्रहरीले समातेको हो मैले गोविन्द सुनुवारलाई छुरा प्रहार गरेको होइन र मैले पैसा चोरी ६ जनाबाट गरेको हो छुरी हानेको होइन तसर्थ मलाई चोरीमा सजाय हुनु पर्ने हो र ज्यान मारेकोमा सजाय हुन पर्ने होइन भनी प्रतिवादी रामकाजी पुनले यस अदालतमा गरेको बयान ।

तत्काल प्राप्त प्रमाणहरुबाट यी प्रतिवादी राजकाजी पुन कसूरदार देखिन आई आरोपित ज्यानसम्बन्धी महलको १ र १३ नं. तथा चोरीको महलको १ र ४ को कसूरमा कारवाही हुने बयानको क्रममा अदालतमा १५ वर्ष उमेर लेखाए पनि उमेर यकिन नहुँदासम्म बाल सुधार गृह, सानोठिमी, भक्तपुरबाट नाबालकहरुलाई स्थानाभावको कारण राख्न नसकिने भनी जवाफ दिएको हुँदा उमेर यकिन भएपछि सो गृहमा पठाउनेतर्फ कारवाही हुनेनै हुँदा पछी बुझ्दै जाँदा ठहरेबमोजिमनै हुने हुँदा हाल अ.बं. ११८(२) बमोजिम प्रतिवादी रामकाजी पुनलाई अ.बं. १२१ नं. अनुसार थुनुवा पूर्जी दिई वयस्क थुनुवाहरुभन्दा बेग्लै किसिमले पुर्पक्षको निमित्त थुनामा राख्न कारागार शाखामा पठाई दिनु भन्ने २०६६/१/२७ गते यस अदालतबाट भएको थुनछेक आदेशानुसार यी प्रतिवादी हालसम्म थुनामानै रहेका रहेछन् ।

यस अदालतको आदेशानुसार बुझिएका जाहेरवाला टंकबहादुर सुनुवारले मेरो भाइलाई मार्ने यी प्रतिवादीनै हुन् । निजलाई घटना स्थलबाट रंगेहात पक्राउ गरेको हो भनी गरेको बकपत्र निज गोविन्द सुनुवारको यी प्रतिवादीले हानेको छुराबाट मृत्यु भएको हुँदा यी प्रतिवादी रामकाजी पुनलाई कानूनबमोजिम सजाय हुनु पर्छ भनी बुझिएका सन्तोष खनाल र शिवबहादुर सुनुवारले गरेको बकपत्रसमेत मिसिल सामेल रहेको ।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातसमेत अध्ययन गरी हेर्दा प्रतिवादी रामकाजी पुनलाई अभियोग दावीबमोजिम

सजाय हुने हो, होइन भन्ने विषयमा निर्णय दिनु पर्ने भई यसमा प्रतिवादी रामकाजी पुनसमेतलाई बालमैत्री वातावरणमा राखी छलफल सोधपुछ गरियो । वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्धान जिल्ला न्यायाधिवक्ता श्री जयानन्द पनेरुले प्रतिवादीले मृतक गोविन्द सुनुवारलाई छुरा प्रहार गरी कर्तव्य गरी मारेको कुरामा साविती रहेको, निजको उमेर सम्बन्धमा प्राप्त गा.वि.स.को जन्मदर्ता प्रमाणपत्र सच्चाइएकोसमेत देखिँदा निज साबालक भएको हुँदा अभियोग दावीअनुसार सजाय हुनु पर्दछ भनी गर्नु भएको बहस र प्रतिवादीका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री सूर्यबहादुर पाण्डेले प्रतिवादी नाबालक रहेको भन्ने कुरा निजको शारीरिक परीक्षण गर्ने विशेषज्ञको प्रतिवेदनबाट र गा.वि.स.बाट प्राप्त जन्मदर्ता प्रमाणपत्रसमेतबाट पुष्टि भइरहेको छ । निज अदालतसमक्ष पूर्ण ईन्कारी छन् । यदि मौकाको सावितीलाई हेर्ने हो भने पनि आफूलाई पक्रन दौडेका व्यक्तिबाट उम्कन छुरा प्रहार भएको पूर्व रिसइवी कुनै नरहेको तत्काल भावावेश एवं भवितव्यबाट प्रस्तुत घटना हुन गएको र प्रतिवादी नाबालकसमेत हुनाले पूर्ण सफाई हुनु पर्दछ सो सफाई हुन नसक्ने अवस्था भएमा पनि भवितव्यतर्फ न्यूनतम् कैद सजाय हुनु पर्दछ भनी गर्नु भएको बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा मुख्य रुपमा निम्नअनुसारका कुरामा निर्णय गर्नु पर्ने देखिन आयो ।

(१) प्रतिवादीको कर्तव्यबाट गोविन्द सुनुवारको मृत्यु भएको हो वा होइन ?

(२) प्रतिवादी नाबालक वा साबालक के हुन निजको उमेर अवस्था के हो ?

(३) निजलाई अभियोग दावीअनुसार जवरजस्ती चोरी र कर्तव्य ज्यानतर्फ सजाय हुनु, पर्ने हो वा होइन?

प्रस्तुत मुद्दामा प्रतिवादी रामकाजी पुनले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.मा परिभाषित कसूर अपराध गरेका हुँदा निजलाई सोही ज्यानसम्बन्धी महलको १३(१) बमोजिम सजाय हुनुको साथै मृतक तथा सियाराम पण्डितसमेतको साथबाट रु. ६३९/- हतियार देखाई जवरजस्ती चोरी गरेतर्फ चोरीको १ र ४ नं.को कसूरमा सोही चोरीको १४(२) नं. बमोजिम सजायसमेत गरिपाऊँ भन्ने अभियोग दावी भएकोमा प्रतिवादीले मौकामा बयान गर्दा मृतक गोविन्द सुनुवारलाई पैसा लिने उद्देश्यले कोठामा पसी रकम लिई भाग्न उम्कन खोज्दा चक्कुले हानेकोमा साविती भएका र यस अदालतसमक्ष बयान गर्दा छुरी (चक्कु) हानेको कुरामा ईन्कार भई बयान गरी अरु रकम लिएको कुरामा सावितै रहेको देखिन आयो । मृतकको पोष्टमार्टम रिपोर्ट हेरिदा मृत्युको कारण The cause of death due to internal haemorrhage following sharp cut injury लेखिएको मौकामा बुझिएका व्यक्तिहरु सन्तोष खनाल र शिवबहादुर सुनुवारले अदालतसमक्ष आई बकपत्र गर्दासमेत निज गोविन्द सुनुवारको यी प्रतिवादीले हानेको छुराबाट मृत्यु भएको हुँदा यी प्रतिवादी रामकाजी पुनलाई कानूनबमोजिम सजाय हुनु पर्छ भनी मौकाको भनाईलाई समर्थन गरी बकपत्र गरेको देखियो । जाहेरवालाले मौकामा मेरो भाइ वर्ष २७ को गोविन्द सुनुवारलाई रामकाजी पुनले छुरा प्रहार गरी निज भाइ सख्त घाइते भई तत्काल पाटन अस्पताल उपचारको लागि लैजादा मृत्यु भएको र निज छुरा प्रहार गर्ने व्यक्ति यी प्रतिवादीलाई घटनास्थलबाट भाग्ने क्रममा प्रहरीले पक्राउ गरेको हुँदा कानूनबमोजिम सजाय गरिपाऊँ भनी जाहेरी दिएकोमा अदालतसमक्ष बकपत्र

गर्दासमेत मेरो भाइलाई मार्ने यी प्रतिवादीनै हुन्, निजलाई घटनास्थलबाट रंगेहात पक्राउ गरेको हो भनी शुरु जाहेरीलाई समर्थन गरी बकपत्र गरेको मिसिल संलग्न कागजबाट देखियो । प्रतिवादी अदालतसमक्ष कर्तव्य गरेकोमा ईन्कार छन् तापनि रकम लिएको कुरामा सावित देखिँदा वारदातमा रहेको पुष्टि भइरहेको र निजको मौकामा साविती बयानलाई मृतकको पोष्टमार्टम रिपोर्ट, शुरु जाहेरी, मौकामा बुझिएका व्यक्तिहरुको भनाई र अदालतसमक्ष भएको जाहेरवालासमेतको बकपत्रबाट पुष्टी प्रमापणत भइरहेको देखिँदा यी प्रतिवादी रामकाजी पुनले मृतक गोविन्द सुनुवारलाई चक्कु (छुरी) हानी सोही चोटबाट निजको मृत्यु भएको कुरा पुष्टि हुन आएको देखिनाले यी प्रतिवादीले मृतक गोविन्द सुनुवारलाई कर्तव्य गरी मारेको र रु. ६३९/- जवरजस्ती चोरी गरेको ठहर्छ । अब निजलाई के कति सजाय हुने हो सोतर्फ विचार गर्दा प्रतिवादीको उमेर अभियोगपत्रबाट १७ वर्ष भन्ने देखिन आएको छ तापनि यस अदालतको आदेशानुसार भएको उमेर परीक्षणबाट निज १४ देखि १६ वर्षको भन्ने विशेषज्ञको राय प्राप्त हुन आएको र निजको जन्मदर्ता प्रमाणबाटसमेत निज नाबालक भन्ने देखिन आएको हुँदा निजलाई १७ वर्ष पुगेको भनी ठहर गर्न मिल्ने देखिएन । सो हुनाले यी प्रतिवादीले मृतक गोविन्द सुनुवारलाई कर्तव्य गरी मारेकोमा र रु.६३९/- जवरजस्ती चोरी गरेको अभियोपत्र दावीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. र चोरीको महलको १४(२) नं. बमोजिम हुने सजायको निज १४ देखि १६ वर्षभित्रैको नाबालक हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. अनुसार आधा कैद वर्ष १०(दश) चोरीका महलको १४(२) नं. बमोजिम रु. ४८०/- जरिवाना हुने ठर्हछ । ठहरेबमोजिमको कैद भुक्तानको लागि निजलाई बाल सुधार गृह, भक्तपुरमा पठाई दिनु । सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने गरी अ.बं. १८६ नं.बमोजिम जाहेरी फैसला गरिदिएँ ।

## तपसिल

प्रतिवादी रामकाजी पुनलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. र चोरीको महलको १४ (२) नं. बमोजिम हुने सजायको निज १४ देखि १६ वर्षभित्रैको नाबालक हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. अनुसार आधा कैद वर्ष १० (दश) चोरीका महलको १४(२) नं. बमोजिम रु. ४८०/- जरिवाना हुने ठहरी फैसला भएको हुँदा निज प्रतिवादी मिति २०६६/१/१ देखि हालसम्म प्रहरी हिरासतमा थुनामानै बसेको देखिँदा निज प्रतिवादी नाबालक देखिँएकाले निजलाई ठहरेबमोजिमको कैद भुक्तानका निजलाई बाल सुधार गृह, भक्तपुरमा पठाई निजलाई लागेको कैद भुक्तान भएपछि साथै निजलाई लागेको जरिवाना निजले यस अदालतमा दाखिला गरेमा थुनाबाट छाडि दिनु भनी र जरिवाना नतिरेमा जरिवानाको हकमासमेत कैद ठेकी पूर्जी बाल सुधार गृह, भक्तपुरमा पठाई दिनु.......................१

प्रतिवादी रामकाजी पुनलाई र जिल्ला सरकारी वकिल कार्यालयलाई यो फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिनभित्र पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्नु भनी ७० (सत्तरी) दिने पुनरावेदकको म्याद दिनु ..........................................................................................२

पुनरावेदन परे मिसिल पुनरावेदन अदालत पाटनमा पठाई दिनु र पुनरावेदन नपरे अ.बं. १८६ नं. बमोजिम साधक सदरको लागि पुनरावेदन अदालत पाटनमा पठाई दिनु ........................................३

सरोकारवालाले नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तु लिई नक्कल सारी सराई दिनु.............४

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी मिसिल शाखामा बुझाई दिनु ............................५

.........................

जिल्ला न्यायाधीश

माननीय न्यायाधीशज्यूले बोली ठिपाएबमोजिम टिपी लेख्ने फा.ना.सु. शारदा देवी सिग्देल ।

ईति सम्वत् २०६६ साल माघ ६ गते रोज ४ शुभम् ..................................................।

**कञ्चनपुर जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री भोजराज शर्मा**

**फैसला**

सम्वत् २०६३ सालको स.फौ.नं. ५२

र. नं. ९२-०६६-०००२४

निर्णय नं. : ११२

**मुद्दा : लागूऔषध चरेश।**

**वादीको नाम, थर, वतन**

प्र.ना.नि. भिमबहादुर बमको प्रतिवेदन जाहेरीले नेपाल सरकार ...........................१

**ऐ. को प्रमाण**

जाहेर भिमबहादुर बम बुझिएका र वस्तुस्थितिका व्यक्तिहरु।

**दशी :**

लागूऔषध चरेशको टुक्रा थान – २

**कागज :**

अभियोगपत्रमा उल्लिखित कागजातहरु

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला कञ्चनपुर, भिमदत्त न.पा., वडा नं. ३ बस्ने केवल थापा...........................१

**ऐ. को प्रमाण**

साक्षी : नैनसिंह थापा, मुकेशलाल शाह

कागज : ×

**अदालतबाट बुझेको**

प्रतिवादीको बयान कागज ............................१

प्रतिवादीका साक्षी मुकेशलाल शाह ..................१

नैनसिंह थापाले बुझेको बकपत्र ......................१

न्याय प्रशासन ऐन, २०४८ को दफा ७, र अ.बं. २९ नं. अनुसार यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छ :-

मिति २०६६/५/४ गते १५:०० बजे कारागार थुनामा रहेका रमेश थापालाई भेट्न आएका केवल थापाले आफ्नो खल्तीबाट कागजमा लपेटेको लागूऔषध चरेश निकाली निज थुनुवालाई दिन लाग्दा फेला पारेकोले कानूनबमोजिम गरिपाऊँ भन्ने प्र.ना.नि. भिमबहादुर बमसमेतको प्रतिवेदन जाहेरी।

चार किल्लाभित्र रहेको केवल थापालाई तलासी गर्दा निजको खल्तीबाट पाँच टुक्रा चरेश वरामद भएको भन्ने व्यहोराको वरामदी मुचुल्का ।

मिति २०६६/५/४ गते दिउँसो १५:०० बजे कारागार थुनामा रहेको रमेश थापालाई भेट्न गएको हुँ । वरामदी मुचुल्कामा लेखिएको चरेश मेरो खल्तीबाट वरामद भएको हो । सो सनाखत गरिदिए उक्त चरेश मैले सेवन गर्नका लागि राखेको थिए भन्नेसमेत व्यहोराको प्रतिवादी केवल थापाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

प्रतिवादी केवल थापालाई म चिन्दछु । निजले कहिलेकाँही सेवन गर्न आफूसित राखेको चरेश कारागार नजिकबाट प्रहरीले वरामद गरेको भन्ने कुरा सुनेको हुँ भन्ने व्यहोराको वस्तुस्थिति मुचुल्का ।

यसमा प्रहरी प्रतिवेदन वरामदी मुचुल्का अभियुक्तको बयान तथा वस्तुस्थिति मुचुल्काका व्यक्तिहरुले बकी लेखाई दिएकासमेतका आधार प्रमाणहरुबाट प्रतिवादी केवल थापाको खल्तीबाट लागूऔषध चरेश वरामद भएको देखिँदा निज प्रतिवादी केवल थापाले गरेको उक्त कार्य लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को परिच्छेद २ को दफा (क) ४ को कसूर गरेको देखिँदा निज प्रतिवादीलाई सोही ऐनको दफा १४(१) बमोजिम सजाय हुन मागदावी लिइएको भन्ने अभियोगपत्र ।

म साइकलमा घरतिर जाँदै गर्दा प्रहारीले मेरो खल्तीबाट १.३७० ग्राम ५ टुक्रा चरेश वरामद गरेको हो । मलाई कब्जियत भएको र चरेशले ठीक गर्ने भोक लगाउने हुँदा सेवन गर्न खल्तीमा राखेको हुँ । बसपार्क खोका छाप्रामा बस्ने दिदीबाट रु. २०/- मा किनेको हुँ । कारागारमा रहेका थुनुवा रमेश थापालाई दिन लाग्दा फेला पारेको भन्ने कुरा झुट्टा हो । प्रहरीले शिव ज्ञानेश्वर स्कूलको उत्तरपट्टि मलाई समातेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी केवल थापाले यस अदालतमा गरेको बयान ।

यसमा तत्काल प्राप्त मिसिल संलग्न आधार प्रमाणहरुबाट यी प्रतिवादी निर्दोष हुन् भनी भन्न मिल्ने अवस्था नदेखिँदा पछी बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल प्रतिवादी केवल थापाबाट अ.बं. ११८ को देहाय (५) बमोजिम रु. २७५०/- नगद वा जेथा धरौट दिए लिई तारेखमा राख्नु र सो दिन नसके कानूनबमोजिम सिधा खान पाउने गरी कारागार कार्यालयमा पठाई दिनु र प्रतिवादी चुक्ता भइसकेको हुँदा वादी प्रतिवादीका साक्षी बुझी प्रतिवादीको उमेर यकिन सम्बन्धमा महाकाली अञ्चल अस्पताललाई पत्र लेखी उमेर यकिन भई आएपछि नियमानुसार पेश गर्नु भनीसमेत व्यहोराको यस अदालतबाट भएको मिति २०६६/५/१०/४ आदेशानुसार रु. २७५०/- नगद धरौट राखी प्रतिवादी तारेखमा रहेको ।

प्रतिवादी चरेश पिउने व्यक्ति होइनन् । साथीभाईसँग लहलहैमा लागेर चरेश खाए पेट दुख्ने, वान्ता नआउने, खाना रुच्ने भनी पिउने गरेको रहेछ । सोही अवस्थामा प्रहरीले कारागार जाने बाटोबाट पक्राउ गरेको

रहेछ । हाल सम्झाईबुझाई गरेकाले पिउदैनन् सुध्रिसकेका छन् भन्नेसमेतको प्रतिवादीका साक्षी नैनसिंह थापा र मुकेशलाल शाहले करिव एकै मिलान हुने गरी छुट्टाछुट्टै बकेको बकपत्र ।

यसमा प्रतिवादी केवल थापाको उमेर १५ वर्ष पुरा भएको भन्ने महाकाली अञ्चल अस्पतालको मिति २०६६/८/१ चलानी नं. २९८ को उमेर यकिनसम्बन्धी पत्र मिसिल सामेल रहेको देखिँदा प्रतिवादी नाबालक देखिई प्रस्तुत मुद्दा बाल इजलासबाट सुनुवाई हुनु पर्ने देखिँदा प्रस्तुत मुद्दामा बालविशेषज्ञ बालबालिकासम्बन्धी सामाजिक कार्यकर्तासमेतलाई जानकारी गराई नियमानुसार बाल इजलासमा पेश गर्नु भन्ने मिति २०६६/९/२० गतेको यस अदालतको आदेश ।

## अदालतको ठहर

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ बाल इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री नरेन्द्रवहादुर चन्दको बहस सुनी इजलासको सहयोगार्थ छलफलमा उपस्थित हुनु भएका समाजसेवी श्री जगतप्रकाश जोशी र बालमनोवैज्ञानिक श्रीमती राधिका बमलाई सहभागी गराई सम्पूर्ण मिसिल कागजात अध्ययन गरी ईन्साफतर्फ विचार गरी यसमा प्रतिवादी केवल थापाको खल्तीबाट कागजमा बेरेको अवस्थामा लागू औषध (चरेश) निकाली शुरुमा रमेश थापालाई दिई राखेको अवस्थामा कारागार कार्यालय, कञ्चनपुरमा डिउटीमा रहेका प्रहरी जवानले फेला पारेको भन्ने प्र.स.नि. नरेन्द्र भण्डारीसमेतको दाखिला पत्र तथा २०६६/५/४ गतेको दिउसो कारागारमा थुनामा रहेका मेरा दाइ रमेश थापालाई भेट्न गएको हुँ । मैले आफ्नो सेवनको लागि खल्तीमा राखेको १.३७० ग्राम चरेश प्रहरीले चेकजाँच गर्दा फेला पारेका हुन् भन्नेसमेतको प्रतिवादी केवल थापाको अधिकारप्राप्त अधिकारीसमक्षको बयान भएकोमा अदालतसमक्ष बयान गर्दा उक्त चरेश कब्जियत ठीक गर्ने र भोक लगाउने हुँदा सेवन गर्न खल्तीमा राखेको हुँ । रमेश थापालाई दिन लगेको होइन भनी बयान गरेको देखिन्छ । केवल थापाजबाट लागूऔषध चरेश १.३७० ग्राम वरामद भएको कुरा वरामदी मुचुल्काबाट देखिएकोले यी प्रतिवादी निर्दोष हुन् भन्न मिल्ने देखिएन । निजको हकमा वादी नेपाल सरकारका तर्फबाट निजले लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१)(क) बमोजिम सजायको मागदावी लिएको भए पनि महाकाली अञ्चल अस्पतालको मिसिल संलग्न पत्रबाट निज प्रतिवादी केवल थापाको उमेर १५ वर्ष पुगेको अर्थात १६ वर्ष मुनिको भन्ने देखियो । तसर्थ निज प्रतिवादी केवल थापाको हकमा निज नाबालकनै देखिँदा लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) बमोजिम रु. ५००/- (पाँच सय) जरिवाना हुने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्ने गरी अ.बं. १८६ नं. ले प्रस्तुत मुद्दा आजै फैसला गरिदिएँ ।

## तपसिल

प्रतिवादी केवल थापाके, माथि ईन्साफ खण्डमा उल्लेख भएबमोजिम रु. ५००/- (पाँच सय) जरीवाना हुने ठहरेकोले निज वेरुजु हुँदा लगत कसी असुलउपर गर्नु ..........................................१

प्रतिवादीले यस अदालतका आदेशानुसार राखेको नगद धरौट रु. २७५०/- (दुई हजार सात सय पचास) मुद्दामा अन्तिम निर्णय भई प्रतिवादीलाई लागेको जरिवाना असुलउपर भएपछि कानूनबमोजिम फिर्ता दिनु ........................................................................................२

प्रस्तुत ईन्साफमा चित्त नबुझे ऐनका म्याद ७० दिनभित्र पुनरावेदन अदालत, महेन्द्रनगरमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु ..........................................................३

फैसलाको प्रतिलिपि साथै राखी मुद्दा किनारा भएको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, कञ्चनपुरलाई दिनु.......................................................................................४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी पुनरावेदन परे मिसिल पुनरावेदन अदालतमा र नपरे अभिलेख शाखामा बुझाई दिनु ........................................................................५

नक्कल मागे सरोकारवालालाई नियमानुसार नक्कल दिनु ..............................................६

....................
जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले टिपाएअनुसार लेख्ने ना.सु. चन्द्रकुमार जोशी ।

ईति सम्वत् २०६६ साल माघ १२ गते रोज ३ शुभम् ................................................।

**सुर्खेत जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री कृष्णबहादुर थापा**

**फैसला**

**उपस्थिति**

बालमनोविज्ञ : श्री यामबहादुर कार्की

समाजसेवी : श्री प्रमप्रसाद थानी

निर्णय नं. : १५३

र.नं. ७८/०६५/००७१८

**मुद्दा : कर्तव्य ज्यान ।**

**वादीको नाम, थर, वतन**

रतन दमाईको जाहेरीले नेपाल सरकार......१

**प्रतिवादीको नाम, थर, वतन**

सुर्खेत, उत्तरगंगा गा.वि.स., वडा नं. ५ बस्ने कृष्ण भन्ने रामकृष्ण नेपाली (परिवर्तित नाम....१

**ऐ. को प्रमाण**

साक्षी : ६ जना

**कागज :** ×

**ऐ. को प्रमाण**

साक्षी : २ जना ।

कागज : ×

**अदालतबाट वुझ्केको**

**साक्षी :**

जीवन रोकाय,

धिरबहादुर रोकाय

धनरुप रोकाय

रतन दमाई

प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र तथ्य यस प्रकार रहेको छ :-

मेरो भाई निरक दमाईलाई मिति २०६५/७/१४ गते साँझ अन्दाजी ५:०० बजेको समयमा सुर्खेत, उत्तरगंगा गा.वि.स., वडा नं. ५ बस्ने वर्ष १७ को रामकृष्ण नेपालीले धारिलो खुकुरीले छातीसमेतको भागमा प्रहार गरी कर्तव्य गरी मारेकाले निज प्रतिवादी रामकृष्ण नेपालीलाई पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

बाँया कुममा दुई ठाउँमा र छातीको बीचमा १ ईन्चको गहिरो घाउ चोट भएको भन्नेसमेत व्यहोराको मिति २०६५/७/१६ को घटनास्थल तथा लास जाँच मुचुल्का ।

बिडदेखि टुप्पोसम्मको लम्बाई ९ ईन्च लम्बाई भएको सानो खुकुरी थान १, मृतक निरक दमाईले वारदातको समयमा लगाएको खैरो रंङको पाइन्ट थान-१, प्रतिवादी रामकृष्ण नेपालीले वारदातको समयमा लगाएको पहेलो रंङको पाइन्ट थान-१, प्रतिवादी  रामकृष्ण नेपालीले वारदातको समयमा लगाएको पहेलो रंङको भेष्ट थान-१, मृतकको शरीरबाट निकालिएको रगतको स्वाव सिसि थान-१, वरामद गरी लगेको भन्ने मिति २०६५/७/१६ को वरामदी खानतलासी मुचुल्का ।

मुटुमा चोट लागेको कारण मृतकको मृत्यु भएको भन्ने मध्य पश्चिमाञ्चल क्षेत्रीय अस्पताल सुर्खेतबाट प्राप्त मृतकको लास पोष्टमार्टम रिपोर्ट मिसिल सामेल रहेको ।

मृतक निरक दमाई र म बीच झगडा भई हानाहान भए तापनि मैले उक्त समयमा ज्यान मार्ने मनसाय थिएन । वारदात मिति र समयमा मेरो जेठी पट्टिको माइलो दाई निरक दमाईले पुनः मेरो घरमा आई मलाई गालीगलौज कुटपीट गरेकाले सोही अवस्थामा रिसको आवेशमा आई निज दाजुको ज्यान मार्ने मनसाय बनाई मैले आफ्नो घरमा मासु काटिराखेको चक्कु (सानो खुकुरी) समाई निज दाजु निरक दमाईको छाती तथा मुटुको भागमा सो खुकुरी एक पटक रोपी अर्को पटक हातको भागमा सोही खुकुरीले प्रहार गरी काटी निज निरक नेपालीलाई कर्तव्य गरी मारेको हुँ भन्ने प्रतिवादी  रामकृष्ण नेपालीले मिति २०६५/७/२२ गते अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

प्रतिवादी  रामकृष्ण नेपालीले वारदात भएको मिति र समयमा जाहेरवाला रतन दमाई र मृतक निरक दमाईलाई आफ्नै घर आँगनमा गालीगलौज गरी कुटपीट गरी  रामकृष्ण नेपालीले आफ्नो साथमा लुकाई राखेको चक्कु (सानो खुकुरी) निकाली एक्कासी मृतक निरक दमाईको छाती तथा मुटुमा रोपी रगताम्य बनाई जमिनमा लडाई प्राथमिक उपचारको क्रममा मृतक निरक दमाईको मृत्यु हुन गएको हो भन्ने बुझिएका मानिस धीरबहादुर रोकाय, धनरुप रोकाय, जगत दमाई, बलबहादुर कठायत, रतन दमाईको एकै मिलानको कागज ।

रामकृष्ण नेपालीले मृतक निरक दमाईलाई चक्कु प्रहार गरी कर्तव्य गरी मारेको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसूर गरेको हुँदा निजलाई सोही ऐनको सोही महलको १३(१) नं. बमोजिम सजाय गरिपाऊँ भन्ने मिति २०६५/८/९ को अभियोग मागदावी ।
मैले ज्यान मार्ने मनसायले पूर्व रिसइवी लिई मृतक निरक दमाईलाई चक्कु प्रहार गरेको नभई निज निरक दमाईले मलाई कुटपिटसमेत गरेकाले मैले आवेशमा आई उठेको रिस थाम्न नसकी आफूसँग भएको चक्कुले मृतक निरक दमाईलाई प्रहार गरेको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी  रामकृष्ण नेपालीले मिति २०६५/८/१० गते अदालतमा गरेको बयान ।

जिल्ला सरकारी वकिल कार्यालय, सुर्खेतबाट प्राप्त हुन आएको भेरी माध्यमिक विद्यालय तरंगा सुर्खेतको पत्रबाट प्रतिवादीको जन्ममिति २०५०/२/१४ गते भनी खुली आएकोले निज प्रतिवादीको उमेर १६ वर्ष मुनिको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(१) बमोजिम मुद्दा पुर्पक्षको लागि जिल्ला कारागार कार्यालय, सुर्खेतमार्फत बाल सुधार गृह, सानोठिमी, भक्तपुरमा राख्न पठाई दिने भन्ने यस अदालतको मिति २०६५/८/१० को थुनछेक आदेश ।

प्रतिवादी र मृतक दुई आमा पट्टिका छोरा हुन्, पहिला झगडा भएकोमा छुट्याई सकेपछि पुनः झगडा भई प्रतिवादीले मृतकलाई चक्कुले हानेपछि मृतक निरक दमाई भुईमा रगताम्य भई ढलेपछि प्राथमिक उपचारको क्रममा निजको मृत्यु भएको हो भन्ने धनरुप रोकाय, धीरबहादुर रोकाय, जीवन रोकायले अदालतमा गरेको एकै मिलानको बकपत्र ।

मृतक निरक नेपालीको मृत्यु प्रतिवादी  रामकृष्ण नेपालीले हानेको खुकुरीको चोटको कारण भएको हो भन्ने जाहेरवाला रतन दमाईको बकपत्र ।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.बं. २९ नं. ले यसै अदालतको क्षेत्राधिकारभित्रको भई वादी नेपाल सरकारका तर्फबाट बहसको निमित्त उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री श्यामसुन्दर अधिकारी र प्रतिवादीका तर्फबाट विद्वान अधिवक्ता श्री लोकबहादुर ढकालले गर्नु भएको बहस जिकिरसमेत सुनी अभियोग मागदावीबमोजिम प्रतिवादीलाई सजाय गर्नु पर्ने हो, होइन ? सोही विषयमा निर्णय दिनु पर्ने देखियो ।

निणयतर्फ विचार गर्दा प्रतिवादी  रामकृष्ण नेपालीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. मा सोही ऐनको सोही महलको १३(१) नं. बमोजिम सजाय हुन अभियोग मागदावी भएको देखिन्छ । प्रतिवादीले अदालतमासमेत बयान गर्दा निरक दमाईलाई मैले हानेको चक्कुको प्रहारबाट घाइते भई सोही चोट

पिँडाको कारण मृत्यु भएको हो भन्नेसमेत व्यहोरा उल्लेख गरिदिएको देखिन्छ । प्रतिवादीको बयानबाट पनि निजले प्रहार गरेको चक्कु खुकुरीबाट निरक दमाईको मृत्यु भएकोमा कुनै विवाद देखिएन । यसै गरी जाहेरवाला रतन दमाईले आफ्नो जाहेरीमा निरक दमाईलाई धारिलो खुकुरी प्रहार गरी मारेको भन्ने उल्लेख गरेकोमा अदालतमा आई बकपत्र गर्दा जाहेरी दरखास्तलाई पुष्टि गर्दै प्रतिवादीले निरक दमाईलाई खुकुरी प्रहार गरी मारेको भन्ने उल्लेख गरिदिएका छन् । वारदातका चश्मदित धनरुप रोकायले अदालतमा बकपत्र गर्दा मृतकले प्रतिवादीलाई भकाभक हानेपछि प्रतिवादीले चक्कु हानेछ, एकैचोटी मृतक ढलेको देखे भनी उल्लेख गरिदिएको पाइन्छ। प्रतिवादीको बयानलाई जाहेरवालाको बकपत्र र चश्मदित व्यक्तिको बकपत्रबाट पुष्टि भएको छ । अर्कोतर्फ वारदातमा प्रयोग हतियार खुकुरी वरामद भई आएको र सो खुकुरी परीक्षणको लागि पठाउँदा Central Police Forensic Laboratory को मिति २०६६/११/९ गतेको पत्रमा खुकुरीमा लागेको रगत मानिसको रगत भएको भनी उल्लेख भई आएको देखिन्छ । Autopsy Report मा मृत्युको कारण Cardiae Injury भन्ने उल्लेख भएको देखिन्छ । उल्लिखित प्रमाणहरुबाट प्रतिवादीले मृतकलाई वरामद हुन आएको खुकुरीले छातीसमेतमा हान्दा मृत्यु भएको भन्ने पुष्टि भई प्रतिवादीले अभियोग मागदावीबमोजिम कसूर गरेको र भेरी माध्यमिक विद्यालय तरंगा, सुर्खेतको मिति २०६५/८/२ च.नं. ६३ को पत्रले प्रतिवादीको जन्ममिति २०५०/२/१४ भन्ने उल्लेख भई आएकोले कर्तव्य ज्यानको वारदात हुँदा प्रतिवादीको उमेर १५ वर्ष भन्ने देखियो, तसर्थ प्रतिवादी  रामकृष्णलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र सो कैद बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को ३ बमोजिम आधा सजाय हुने ठहर्छ । प्रतिवादीको मृतकसँग पूर्व रिसइवी पनि केही नभएको र कर्तव्य ज्यानको घटना आकस्मिक रुपमा भएको तथा प्रतिवादी १६ वर्ष मुनिको नाबालक भन्ने देखिँदा ठहरेको सो आधा सजाय पनि चर्को पर्ने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ४ वर्ष कैद हुन रायसहित साधक जाहेरको लागि यो फैसलासहितको मिसिल पुनरावेदन अदालत सुर्खेतमा पठाई दिनु र प्रतिवादीलाई कैद ठेकिएको जानकारी बाल सुधार गृहमा पठाई दिनु । अरुमा तपसिलबमोजिम गर्ने गरी आजै यो मुद्दा मुलुकी ऐन, अ.बं. १८६ नं. बमोजिम फैसला गरिदिएको छ ।

**तपसिल**

माथि ईन्साफ खण्डमा प्रतिवादी  रामकृष्ण नेपालीलाई सर्वस्वसहित जन्मकैद हुने ठहरी फैसला भएको र निज प्रतिवादी नाबालक देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सोको आधा सजाय हुने ठहरेकाले निज प्रतिवादी मिति २०६५/७/१७ देखि आज मुद्दा फैसला हुँदासम्म थुनामा बसेको देखिँदा सोही मिति २०६५/७/१७ गतेदेखि १० वर्ष अर्थात मिति २०७५/७/१६ सम्म कानूनबमोजिम कैदमा राखी मिति २०७५/७/१७ गते कैदबाट मुक्त गरी दिनु भनी लगतसमेत कसी बाल सुधार गृह, भक्तपुरमा लेखी पठाउनु र सोही व्यहोरा जनाई प्रतिवादी  रामकृष्ण नेपालीलाई कानूनबमोजिम कैदी पूर्जी दिनु ..........................................................................................१

प्रतिवादीको  रामकृष्ण नेपालीलाई तोकिएको कैदको सजाय चर्को पर्ने हुँदा निजलाई मुलुकी ऐन, अ.बं.

१८८ नं. बमोजिम ४ (चार) वर्ष कैद हुने भनी राय व्यक्त भएकोमा उक्त राय सदर भई आएमा निजलाई ४ वर्षको लगत कसी सोही व्यहोराको कैदी पूर्जी दिनु ...............................................२

प्रतिवादीको अंश भागमा पर्ने आधा अंश पस्तुत मुद्दा अन्तिम भएपछि कानूनबमोजिम सर्वस्व गर्नु र निजको अंश भाग पर्ने सम्पत्ति नभएमा ९ महिना कैद थप गरी कानूनबमोजिम कैदी पूर्जी दिनु .........३

प्रस्तुत मुद्दामा पुनरावेदनको म्याद नाघेपछि साधक जाहेरको लागि पुनरावेदन अदालत, सुर्खेतमा पठाउनु ..........................................................................................४

यस अदालतको ईन्साफमा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, सुर्खेतमा पुनरावेदन गर्नु भनी फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय, सुर्खेतलाई पुनरावेदनको म्याद दिनु र प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु...................................................................५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गर्नु .....................................६

नक्कल माग्ने सरोकारवालाबाट नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु ............................७

..........................

जिल्ला न्यायाधीश

फैसला टिपोट गर्ने : ना.सु. दामोदर पौडेल ।

ईति सम्वत् २०६६ साल माघ २७ गते रोज ४ शुभम् ................................................।

**पाल्पा जिल्ला अदालत**
**बाल इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री हरिप्रसाद बगाले**
**फैसला**

**उपस्थिति**
बालमनोवैज्ञानिक - श्री बलबहादुर थापा
समाजसेवी - श्री हिरुसरा राना

सम्वत् २०६६ सालको बालबिज्याँई दर्ता नं. ६५-६५-००३०६/६१
दर्ता मिति :२०६६/२/२७
नि.नं. : ६९

**मुद्दा : जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई ।**

**वादीको नाम, थर, वतन**
ल कुमारी (नाम परिवर्तन) को जाहेरीले नेपाल सरकार............................१

**प्रतिवादीको नाम, थर, वतन**
जिल्ला पाल्पा, गेंम्फा गा.वि.स., वडा नं. ९ बस्ने वर्ष १४ को भ्त बहादुर (परिवर्तित नाम.........१

**ऐ. को प्रमाण**
**साक्षी :**
जाहेरवाला ल कुमारी
पीडित क कुमारी
वस्तुस्थिति मुचुल्काका मानिसहरु
**कागज:**
अभियोगसाथ संलग्न कागजातहरु ।

**ऐ. को प्रमाण**
**साक्षी :** ×
**कागज :** ×

**अदालतबाट वुझ्केको**
**साक्षी:**
पीडित परीवर्तित नाम क कुमारी
जाहेरवाला परिवर्तित नाम ल कुमारी
**कागज :** ×

**कानून व्यवसायी :**
**वादीका तर्फबाटः**
जिल्ला न्यायधिवक्ता श्री खडानन्द गौतम
**प्रतिवादीका तर्फबाटः**
वैतनिक वकिल श्री डिल्लीबहादुर कार्की

**अवलम्वित नजीर**

सम्मानित श्री सर्वोच्च अदालतबाट जारी भएको विशेष प्रकृतिका मुद्दाहरुमा पक्षहरुको गोपनीयता कायम राख्नेसम्बन्धी निर्देशिका, २०६४ बमोजिम प्रस्तुत मुद्दाका जाहेरवाला प्रतिवादी र पीडितको वास्तविक नाम परिवर्तन गरी जाहेरवाला ल कुमारी, प्रतिवादी झ बहादुर र पीडित क कुमारी नाम राखि अभियोगपत्र दायर हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ७, बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) तथा मुलुकी ऐन, अ.बं. २९ नं. समेतले यस अदालतको बाल इजलासको क्षेत्राधिकार क्षेत्रअन्तर्गत भई पेश भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र यस अदालतको ठहर यस प्रकार छ :-

**तथ्य खण्ड**

मेरो छोरी वर्ष ७ की परिवर्तित नाम क कुमारी मिति ०६६/२/५ गते श्री नव जागृती प्राथमिक विद्यालय, गेझामा पढ्न भनी गएकोमा ऐ. १३:१५ बजेको समयमा हाफ छुट्टीमा प्रतिवादी झ बहादुरले निज छोरीलाई ललाईफकाई रु. ५/- दिन्छु भनी छोरीलाई स्कूलभन्दा केही तल खोल्सामा लगी जवरजस्ती करणी गरेकोले निज प्रतिवादीलाई कानूनबमोजिम गरिपाऊँ भन्नेसमेत व्यहोराको मिति २०६६/२/६ गतेको जाहेरी दरखास्त ।

पीडित ल कुमारीको योनीमा रातो डाम छ, निजको योनीको झिल्ली छेदन भएको छ । तर गुप्ताङ्ग वरिपरि कुनै चोटपटक देखिँदैन भन्नेसमेत व्यहोराको पीडितको स्वास्थ्य परीक्षण रिपोर्ट ।

मिति २०६६/२/५ गते म स्कूलको हाफ छुट्टीमा खेलिरहेको अवस्थामा झ बहादुर दाइ म भएको ठाउँमा आएको र मलाई पाँच रुपैयाँ दिन्छु मसँग आउँ भनी मलाई बोलाई लगी स्कूलभन्दा तल खोल्सामा लगेर मलाई भुईमा सुताई मेरो तथा आफ्नो कट्टु खोली निजले आफ्नो पिसाब फेर्ने मेरो पिसाब फेर्नेमा राखि बेस्सरी धकेलेको हो । मैले दुख्यो भन्दा निजले मलाई एकछिन त होनी भनी मलाई गरिरह्यो । सोपश्चात् मलाई छोडी कता गए मलाई थाहा भएन । बेलुकी मेरो आमाले सोध्दा मैले सबै कुरा बताएकी हुँ भन्नेसमेत व्यहोराको पीडित क कुमारीले मिति २०६६/२/७ मा गरेको कागज ।

जिल्ला पाल्पा, गेझा गा.वि.स. वडा नं. ९ राहुडाँडा स्थित भर्लेनी खोल्सीको खाली जमिनमा भुईमा सुताई मिति २०६६/२/५ गते दिउसो झ बहादुरले वर्ष ७ की क कुमारीलाई जवरजस्ती करणी गरेको भन्ने व्यहोराको मिति २०६६/२/७ गतेको घटनास्थल प्रकृति मुचुल्का ।

मेरो मनमा करणी गर्ने उत्तेजना आएकोले मैले मिति २०६६/२/५ गते दिउँसो क कुमारी स्कूलमा खेलिरहेको अवस्थामा फकाईफुलाई स्कूलभन्दा केही तलतिर लगी जवरजस्ती करणी गर्नु पर्‍यो भनी क कुमारी भएको ठाउँमा गई मसँग आउँ मैले पाँच रुपैयाँ दिन्छु भनी बोलाई स्कूलभन्दा केही तल खोल्सामा लगेर निजलाई भुँईमा सुताई निजको कट्टु खोली मेरो लिङ्ग निकाली निजको योनीमा विस्तारै भित्र धकेल्दा निजले दुख्यो भनी भन्दा मैले एकैछिन त हो भनी एकछिन करणी गरी मेरो बीर्य स्खलन हुन लाग्दा मैले लिङ्ग योनीबाट बाहिर निकाली बीर्य बाहिर स्खलन गराई कट्टुसमेत लगाई हामी स्कूलतर्फ गएका हौं । सोही दिन बेलुका निज पीडितको आमाले मलाई सोध्दा मैले साँचो कुरा वताएकोले गाउँका मानिसहरुको सहयोगमा मलाई नियन्त्रणमा लिई प्रहरीमा बुझाएको हो भन्नेसमेत व्यहोराको अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादी झ बहादुरले मिति २०६६/२/१२ गते गरेको बयान कागज ।

मिति २०६६/२/५ गते दिउँसो १३:१५ बजेको समयमा स्कूलको हाफछुट्टीको समयमा खेलिरहेको अवस्थामा प्रतिवादी झ बहादुरले पीडित क कुमारीलाई ५/- रुपैयाँ दिन्छु भनी ललाईफकाई स्कुलभन्दा केही तल खोल्सामा लगी जवरजस्ती करणी गरेको भन्ने सुनी थाहा पाएको हो । निज प्रतिवादीले किन उक्त कार्य गरे सो कुरा हामीलाई थाहा भएन । झ बहादुरले क कुमारीलाई जवरजस्ती करणी गरेको ठीक साँचो हो भन्नेसमेत एकै मिलान व्यहोराको वस्तुस्थितिमा बुझिएका रामबहादुर आलेसमेतले मिति २०६६/२/२४ गते गरेको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादी झ बहादुरले पीडित क कुमारीलाई ललाईफकाई करणी गरेका र निजले गरेको उक्त कार्य मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. को कसूर अपराध भएको देखिँदा निजलाई सोही महलको ३(१) नं. बमोजिम सजाय गरी सोही महलको १० नं. बमोजिम निज प्रतिवादीबाट पीडित क कुमारीलाई मनासिव क्षतिपूर्तिसमेत दिलाई भराईपाऊँ र वारदात हुँदाको अवस्थामा निज प्रतिवादी नाबालक भएको देखिएको हुँदा निजलाई दावी गरिएको सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम हुने सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको अभियोग मागदावी ।

पीडित र गाउँकै नवजागृती प्राथमिक विद्यालय, गेंझामा पढ्ने हुँदा मिति २०६६/२/५ गते दिउँसो हाफछुट्टीमा निज पीडितलाई मसँग जाउँ हिँड मैले तिमिलाई मिठाई खान रु. ५/- दिन्छु भनेको र ती केटीले पनि मसँग हुन्छ भनी स्कूलबाट केही तल बरको फेदमा गएपछि मैले पीडितलाई कट्टु खोल्न लगाएको र पीडितले आफै कट्टु खोलेपछि मैले पनि मेरो कट्टु खोली केटीको पिसाव फेर्नेमा मेरो पिसाव फेर्ने घुसाउन खोज्दा घुसेन । मैले कट्टु खोली केहीबेर केटीको योनीमा मेरो लिङ्गले छोएको हो । लिङ्ग भित्र पसेको होइन । मैले लिङ्ग पसाल्न खोज्दा केटी आफ्नो कट्टु लगाई विद्यालय गएकी हुन् र म पनि विद्यालय गएको हुँ । मैले फिल्ममा हिरो हिरोइनहरु खलेको देखेकाले कस्तो हुँदो रहेछ भनी विचार गर्न ती पीडितलाई उठीउठी करणी गर्न थालेको हो । मैले पीडितलाई जवरजस्ती करणी गर्न मेरो लिङ्ग योनीमा राख्न खोज्दा पीडितको योनीबाट रगत आएको थिएन । निज मैले करणी गर्न खोज्दा रुनी कराउने केही

गरेकी थिइनन् । पछि आफै भागेर हिडेकी हुन् । मैले उसको योनीमा रगत आएको देखिँन । मैले लिङ्ग योनीमा पसालेको होइन । बाहिरबाहिर डुलाएको मात्र हो भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम भ्र बहादुरले यस अदालतमा गरेको बयान ।

मिति २०६६/२/५ गते निज प्रतिवादी परिवर्तिन नाम भ्र बहादुरले मैले पढ्ने नवजागृती स्कूलमा हाफ छुट्टीको समयमा रु. ५/- दिन्छु भनी फकाई स्कूलदेखि तल खोल्सामा लगी फोहर कार्य गरेको हो । सो अपराध गरेको कुरा म स्कूलबाट घर गएपछि आमालाई सुनाएकी हुँ । २०६६/२/७ मा प्रहरीसमक्ष आफ्नो भनाई लेखाएको र सहीछापसमेत मेरो हो भन्नेसमेत व्यहोराको पीडित क कुमारीले अदालतमा गरेको बकपत्र ।

मिति २०६६/२/५ गते गेभ्रा गा.वि.स. को नवजागृती स्कूलमा छोरीलाई पढ्न पठाएको अवस्था हाफछुट्टीको समयमा गाउँकै प्रतिवादी परिवर्तित नाम भ्र बहादुरले रु. ५/- दिन्छु भनी सोही स्कूलभन्दा तल लगी जवरजस्ती करणी गरेको हो भनी छोरीले भनेकीले मैले मिति २०६६/२/६ प्रहरीमा जाहेरी दिएकी हुँ । जाहेरी व्यहोरा र सहीछाप मेरो हो भन्नेसमेत व्यहोराको जाहेरवाला परिवर्तित नाम ल कुमारीले अदालतमा गरेको बकपत्र ।

प्रतिवादी वर्ष १४ को नाबालकले कुनै कुरा देखेर नक्कल गर्न खोजेको र निजको भविष्यको शैक्षिक, सामाजिक तथा मनोवैज्ञानिक र आर्थिक अवस्थासमेतलाई मनन् गर्दा निजलाई न्यूनतम् सजाय र क्षतिपूर्तिको व्यवस्था हुन मनासिव हुने भन्नेसमेत व्यहोराको बालमनोविज्ञ श्री बलबहादुर थापाको राय प्रतिवेदन ।

प्रतिवादी बालक भ्र बहादुरले फिल्ममा हिरो हिरोइनले खेलेको देखेर नक्कल गर्ने विचारले यस्तो कार्य गरेको देखिँदा निज बालकको सर्वोत्तम् हितलाई ध्यानमा राखि निज प्रतिवादीलाई कम सजाय र कम क्षतिपूर्तिको व्यवस्था हुन मनासिव हुने भन्नेसमेत व्यहोराको समाजसेवी श्री हिरुसरा रानाको राय प्रतिवेदन ।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) एवं मुलुकी ऐन, अ.बं. २९ नं. ले यसै अदलतको बाल इजलासको क्षेत्राधिकारभित्रको पर्ने भई मिसिल अध्ययन गरी हेर्दा यसमा जाहेरवालीको ७ वर्षकी नाबालिका छोरी क कुमारीलाई वर्ष १४ को नाबालक प्रतिवादी भ्र बहादुरले ललाईफकाई रु. ५/- दिन्छु भनी जवरजस्ती करणी गरी मुलुकी ऐन, जवरजस्ती करणी महलको १ नं. अनुसारको कसूर अपराध गरेकाले निज प्रतिवादीलाई सोही महलको ३(१) नं. तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा

११(३) नं. बमोजिम सजाय गरी ऐ. महलको १० नं. बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाई भराईपाऊँ भन्नेसमेत व्यहोराको अभियोग मागदावी भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री खडानन्द गौतम र प्रतिवादीको तर्फबाट रहनु भएका वैतनिक वकिल (अधिवक्ता) श्री डिल्लीबहादुर कार्कीले गर्नु भएको बहससमेत सुनी मिसिल संलग्न कागज प्रमाणहरु र यस बाल इजलासका बालमनोविज्ञ बलबहादुर थापा तथा समाजसेवी हिरुसरा रानामगरसमेतले पेश गर्नु भएको राय प्रतिवेदनलाईसमेत दृष्टिगत गर्दा प्रस्तुत मुद्दामा निम्न विषयमा निर्णय दिनु पर्ने देखियो ।

(क) प्रतिवादीले आरोपित करणीसम्बन्धी अपराध गरेका हुन् होइनन् ?

(ख) प्रतिवादीले आरोपित कसूर गरेको भए निजलाई के कस्तो सजाय हुने हो ?

(ग) निजलाई हुने सजाय मध्ये केही सजाय कारागारमा बसी भोग्न नपर्ने गरी कुनै व्यक्ति वा संघ संस्थाको संरक्षणमा रहने गरी सजाय स्थगन गर्न वा सहुलियत दिने गरी आदेश गर्न सकिने हो, होइन ?

सर्वप्रथमतः यी प्रतिवादीले आरोपित कसूर गरेका हुन् होइनन् भन्ने प्रश्नतर्फ विचार गर्दा पीडित क कुमारी र आफुसमेत नवजागृती प्रा.वि. मा पढ्न गएकोमा हाफछुट्टी (मध्यान्तर विदा) को समयमा करणी गर्न मन लागेकाले पीडितलाई रु ५/- मिठाई खान दिन्छु, मसँग हिँड भनी भनेको र पीडितलेसमेत मञ्जुर गरेकीले स्कुलबाट केही तल बरको फेदमा गएका हौं । त्यहाँ पीडितले आफै कट्टु खोलिन्, मैलेपनि मेरो कट्टु खोलेपछि पीडितको पिसाव फेर्नेमा मेरो पिसाव फेर्ने घुसाउन खोज्दा घुसेन । केहीबेर निजको योनीमा उठीउठी दलेको मात्र हो । निजको योनीमा लिङ्ग प्रवेश गरेको होइन भनी यस अदालतमा बयान गरेका छन् तापनि निजले अधिकारप्राप्त अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा मलाई करणी गर्ने उत्तेजना आएकोले स्कूलमा हाफछुट्टीको समयमा रु. ५/- दिने प्रलोभन देखाई पीडितलाई फकाई स्कूलभन्दा केही तल खोल्सामा लगेको र निजले लगाएको कट्टु खोली आफ्नो पाइन्ट तथा कट्टु खोली भुईमा सुताई निजको छातीमाथि चढी मेरो पिसाव फेर्ने निजको पिसाव फेर्नेमा राखी विस्तारै धकेल्दा निजले दुख्यो भनी रुन कराउन लागेकीले मैले बीर्य योनी बाहिर खसालेको हुँ । त्यसपछि हामी विस्तारैविस्तारै उठी स्कूल गएका हौँ भनी पीडितलाई करणी गरेको तथ्यमा साविती बयान दिएको पाइयो । त्यसै गरी पीडितको मौकामा स्वास्थ्य परीक्षण हुँदा पीडितको योनीमा रातो डाम (Bruise) देखिनुका साथै योनीको झिल्ली छेदन (Hymen Rupture) भएकोले जवरजस्ती करणी भएको मान्न सकिन्छ भन्नेसमेत व्यहोराको जिल्ला अस्पताल, पाल्पाको चिकित्सकको राय प्रतिवेदन देखिन्छ । यसका अतिरिक्त पीडित क कुमारीले अनुसन्धानको क्रममा कागज गर्दा प्रतिवादीले रु. ५/- दिन्छु भनी स्कूल तल खोल्सामा लगी मेरो कट्टु खोली आफ्नो कट्टुसमेत खोली मलाई भुईमा सुताई मेरो पिसाव फेर्नेमा निजको पिसाव फेर्ने राखी बेसरी घोच्यो मलाई दुःखी रुदा कराउँदासमेत छाडेनन् । त्यसपछि मलाई छाडी गएका हुन् र सो कुरा बेलुका साँझमा आमालाई बताई दिएको हुँ भनी किटानी रुपमा कागज गरेकी र सोहीबमोजिम निजले यस अदालतमा बकपत्र गर्दासमेत प्रतिवादीले करणी गरी फोहोर कार्य गरेका हुन् भनी बकपत्र गरेको पाइयो । प्रस्तुत वारदातको विषयमा पीडित छोरीले आफुलाई प्रतिवादीले करणी गरेको यथार्थ विवरण

खोली भनेकी र योनीमा दुखेको छ भनी डराएकीसमेतका आधारमा यी प्रतिवादीउपर कानूनी कारवाही गरिपाऊँ भन्ने व्यहोराको पीडितकी आमा ल कुमारी (परिवर्तित नाम) ले दिएको किटानी जाहेरीलाई समर्थन हुने गरी निज जाहेरवालीले यस अदालतमा बकपत्र गरेकोसमेत देखिन्छ। त्यसै गरी अनुसन्धानको क्रममा प्रतिवादीले पीडित क कुमारीलाई जवरजस्ती करणी गरेको साँचो हो भनी वस्तुस्थिति मुचुल्काका रामबहादुर आलेसमेतको मौकाको कागज व्यहोरासमेतका उपरोक्त वर्णित आधार प्रमाणहरुबाट यी प्रतिवादीले जाहेरवालीको छोरी नाबालिका क कुमारीलाई जवरजस्ती करणी गरेको पुष्टि हुन आयो । जहाँसम्म यी प्रतिवादीले क कुमारीलाई रु. ५/- दिन्छु भनी फकाई निजको मञ्जुरीले करणी गरेको हुँ भनी बयान जिकिर गरे तापनि नाबालिकाको मञ्जुरी लिई वा नलिई करणी गरेमा जवरजस्ती करणी गरेको ठहर्छ भन्ने जवरजस्ती करणीको महलको १ नं. मा कानूनी व्यवस्था हुँदा निज प्रतिवादीले गरेको करणीसम्बन्धी क्रिया जवरजस्ती करणीको कसूरअन्तर्गत पर्ने देखियो ।

अब प्रतिवादीलाई आरोपित कसूरमा के कस्तो सजाय हुनु पर्ने हो भन्नेतर्फ विचार गर्दा यी प्रतिवादीले आफ्नो बयानमा फिल्म हेर्दा हिरो हिरोइनीले खेलेको देखी कस्तो हुँदो रहेछ भनी अनुभवको लागि विचार गर्न पीडित क कुमारीलाई जवरजस्ती करणी गरेको हुँ भनी अर्काको नक्कल गरेको तथ्य खुलाई बयान गरेको देखिन्छ। यसका अतिरिक्त निज प्रतिवादी १४ वर्षका प्राथमिक विद्यालयमा पढ्ने विद्यार्थी भएको अवस्था एकातिर देखिन्छ भने अर्कोतर्फ बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३७(ख) मा बालबालिकाको गिरफ्तारी थुना वा कैद कानूनअनुरुप हुनेछ र अन्तिम उपायको रुपमा र सबभन्दा कम समुचित समयावधिको लागि मात्र प्रयोग गरिनेछ भन्ने गरेको पाइन्छ । साथै उक्त महासन्धिले बालबालिकाको हकहितमा सर्वोत्तम हित (Best Interest of Child) हुने कार्य गर्नु पर्ने गरी निर्दिष्ट गरेको छ। त्यसै गरी यस इजलासका बालमनोविज्ञ तथा समाजसेवीद्वयले प्रतिवादीको सामाजिक पारिवारिक, आर्थिक तथा शैक्षिक अवस्थासमेतबाट निजलाई न्यूनतम् सजाय गरी पीडितलाई क्षतिपूर्ती दिन उपयुक्त हुन्छ भनी व्यक्त गरेको रायसमेतका उपरोक्त वर्णित तथ्यसमेतलाई विचार गर्दा निज प्रतिवादीलाई कानूनले तोकेको सजायमा न्यूनतम् सजाय गर्न उपयुक्त देखिन्छ। तसर्थ उपरोक्त ठहरेको कसूरमा वयष्क प्रतिवादीलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको ३(१) नं. बमोजम १० वर्षदेखि १५ वर्षसम्म कैद सजाय हुने कानूनी व्यवस्था भएकोमा यी प्रतिवादी १४ वर्ष उमेरका नाबालक देखिँदा निजले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम आधा सजाय छुट पाउने देखिन्छ। साथै निजको आमाको स्वर्गवास भई घरमा सौतेनी आमा भएकी र बाबु नोकरी गर्न भारत विदेशमा गएको अवस्था हुँदा निजलाई संरक्षकको उचित संरक्षण तथा रेखदेखको अभाव खड्किएको अवस्थासमेतलाई दृष्टिगत गर्दा निजलाई न्यूनतम ५ वर्ष कैद हुने ठहर्छ। त्यसै गरी पीडितलाई के कति क्षतिपूर्ति दिन उपयुक्त हुन्छ भन्नेतर्फ विचार गर्दा यी प्रतिवादी आयआर्जन गर्न सक्ने हैसियत नभएका र निजको घरायसी आर्थिक अवस्था निम्नस्तरको रहेको भन्नेसमेतको समाजसेवीको राय प्रतिवेदन रहेको र पीडितलाई राहतस्वरुप केही आर्थिक क्षतिपूर्ति दिलाउन पर्ने अवस्थासमेतलाई दृष्टिगत गर्दा मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० न. बमोजिम प्रतिवादीबाट पीडित क कुमारीलाई रु. ३,०००/- क्षेतीपूर्ति भराई दिनेसमेत ठहर्छ ।

अब निजलाई भएको उक्त कैद सजाय मध्ये केही सजाय कारागारमा बसी भोग्न नपर्ने गरी कुनै व्यक्ति वा संघसंस्थाको संरक्षणमा रहने गरी सजाय स्थगन गर्न वा सहुलियत दिने गरी आदेश दिन सकिने हो वा होइन भन्ने सन्दर्भमा विचार गर्दा निज प्रतिवादी कलिलो उमेरका प्राथमिक विद्यालयमा पढ्ने विद्यार्थी देखिएका र निज हाल यस अदालतको आदेशानुसार थुनछेक प्रयोजनार्थ पुर्पक्षको लागि पहिलो पटकको कसूरमा बाल सुधार गृह, भक्तपुरमा रहेको अवस्था विद्यमान छ। निजलाई उक्त सुधार गृहले पठनपाठन तथा उचित वातावरणमा रहने अवसरसमेत प्रदान गरेको स्थिति हुँदा निज उक्त बाल सुधार गृहमा रहन पाउने अवस्थासम्म ठहरेको कैद सोही सुधार गृहमा बसी भुक्तान गर्नु पर्ने र सो सुधार गृहमा बस्न पाउने अवधि भुक्तान भएपछि बाँकी कैद भुक्तान गर्न कारागारमा पठाउँदा निजको शैक्षिक तथा वृत्ति विकासको मार्ग अवरुद्ध हुन जाने स्थिति रहन्छ। तसर्थ उपरोक्त आधारसमेतलाई विचार गर्दा उक्त बाल सुधार गृहमा रहने अवधि पार गरेपछि कुनै शिक्षण संघसंस्था वा बालबालिकाको हितमा काम गर्ने संघसंस्था एवं समाजसेवीले निजलाई संरक्षणमा लिन चाहेमा सोहीबमोजिम संरक्षणमा रहने गरी तथा सजाय भुक्तान गर्ने र त्यसरी संरक्षणमा नलिएमा निजको बाँकी कैद स्थगन गर्ने गरी सुविधा प्रदान गरि दिन उपयुक्त देखिएकोले बाँकी कैद कारागारमा बसी भोग्न नपर्ने गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० को उपदफा (२) बमोजिम आदेशसमेत गरिदिएको छ। अन्य कुराका हकमा तपसिलमा लेखिएबमोजिम गर्ने गरी मुलुकी ऐन, अ.बं. १८६ नं. अनुसार यो फैसला गरिदिएँ।

## तपसिल

प्रतिवादी परिवर्तित नाम भ बहादुरको माथि ईन्साफ खण्डमा लेखिएबमोजिम मुलुकी ऐन, जवरजस्ती करणीको महलको ३(१) नं. बमोजिम वयस्कलाई १० वर्षदेखि १५ वर्षसम्म कैद हुने कानूनी व्यवस्था भएकोमा यी प्रतिवादी नाबालक देखिँदा निजले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम आधा सजाय छुट पाउने अवस्था हुँदा निज प्रतिवादीलाई न्यूनतम् ५ वर्ष कैद हुने ठहरेकाले निज प्रतिवादी मिति २०६६/२/६ देखि २०६६/२/२७ सम्म प्रहरी हिरासतमा र २०६६/२/२८ गते देखि बाल सुधार गृह भक्तपुरमा राख्न पठाइएको हुँदा निज प्रहरी हिरासतमा रहेको मिति २०६६/२/६ गते देखिनै कट्टा हुने गरी निजलाई लागेको उक्त कैद निज उक्त बाल सुधार गृहमा रहन पाउने अवस्थासम्मको लागि सोही सुधार गृहमा बसी उक्त सजाय भोग्नु पर्ने र सो सुधार गृहमा बस्न पाउने अवधी भुक्तान भएपछि निजलाई कारागारमा पठाउँदा निजको शैक्षिक र वृत्ति विकासको मार्ग अवरुद्ध हुन जाने स्थिति रहेकाले उक्त बाल सुधार गृहमा रहने अवधि पार गरेपछि कुनै संघसंस्था वा शिक्षण संस्था तथा समाजसेवीले निजलाई संरक्षणमा लिन चाहेमा सोहीबमोजिम संरक्षणमा रही सजाय व्यतित हुने र त्यसरी संरक्षणमा लिन नचाहेमा निजको बाँकी कैद कारागारमा बसी भोग्न नपर्ने गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० को उपदफा २ बमोजिम स्थगन गर्ने आदेशसमेत भएकाले सोहीबमोजिमको निजको लगत कसी असूल गर्न लगत राख्नु ...........................................................................१

पीडित परीवर्तित नाम क कुमारीको माथि ईन्साफ खण्डमा लेखिएबमोजम जवरजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादी भ बहादुर (परीवर्तित नाम) बाट रु. ३,०००/- क्षतिपूर्ति भराई दिने

ठहरेकाले उक्त रकम प्रतिवादीका संरक्षकले दिए संरक्षकबाट पीडितलाई भराई दिनु र नदिए प्रतिवादीको यसै सरहदभित्रको जेथा देखाई क्षतिपुर्ति भराईपाऊँ भनी पीडितले दरखास्त दिए प्रतिवादीको अंशको हकहिस्साबाट नियमानुसार क्षतिपूर्ति भराई दिन लगत राख्नु ..........................................२

प्रतिवादी भ बहादुरलाई यस ईन्साफमा चित्त नबुझे सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ का म्याद दिन ७० भित्र पुनरावेदन अदालत, वुटवलमा पुनरावेदन गर्न जानु भनी फैसलाको प्रतिलिपीसहित पुनरावेदनको म्याद दिनु र फैसलाको प्रतिलिपीसहित फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, पाल्पा र बाल सुधार गृह, भक्तपुरलाईसमेत दिनु ............................................३

सरोकारवालाले नक्कल माग गरे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु ...............४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनु ....५

....................

जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाउनु भएबमोजिम फैसला तयार गर्ने ना. सु. केशव पराजुली ।

ईति सम्वत् २०६६ साल चैत्र १ गते रोज १ शुभम् ..................................................।

# काठमाडौं जिल्ला अदालत
## बाल इजलास
## माननीय जिल्ला न्यायाधीश श्री लेखनाथ घिमिरे
## फैसला

**उपस्थिती**

बालमनोविज्ञ - श्री नारायणप्रसाद शर्मा

समाजसेवी - श्री शंकर बिरसिंह बस्नेत

सम्वत् २०६५ सालको स.फौ.द.नं. ०००३१

निर्णय नं. ३७६

**मुद्दा : बालकसम्बन्धी तथ्याङ्क गोपनीयता।**

**वादीको नाम, थर, वतन**

महानगरीय प्रहरी प्रभाग, हनुमान ढोकामा थुनामा रहेका वर्ष १५ का सुरेश वि.क. र वर्ष १५ कै गुड्डु शाहको सर्वोत्तम हितका लागि न्याय तथा अधिकार वकालत मञ्च (अजर) नेपालका सचिव अधिवक्ता कृष्णप्रसाद शर्मा .......................................१

**प्रतिवादीको नाम, थर, वतन**

का.जि., का.म.न.पा., वडा नं. ३५ तीनकुने सुविधानगरस्थित कान्तिपुर पब्लिकेशन प्रा. लि. का अध्यक्ष तथा प्रवन्ध निर्देशक कैलाश सिरोहिया.........................................१

ऐ. ऐ. को प्रकाशन कान्तिपुर दैनिकका सम्पादक सुधिर शर्मा ....................................१

**अदालतबाट बुझेको**

साक्षी : ×

प्रमाण कागज : ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) तथा मुलुकी ऐन, अ.बं. २९ नं. समेतले यस अदालतको बाल इजलासको क्षेत्राधिकारअन्तर्गत पेश भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छ :-

महानगरीय प्रहरी प्रभाग, हनुमानढोका, महानगरीय अपराध अनुसन्धान महाशाखाले काठमाडौं नैकाप बस्ने धादिङ्ग खाल्टे ५ का केशु ढुङ्गानासहित ३ जना बालकलाई केही दिन अघि नियन्त्रणमा लिई हाल केही

सार्वजनिक अपराध तथा सजाय ऐन, २०२८ बमोजिम थुनामा राखेको छ । सो विषयमा उक्त प्रभागले निजहरुको नाम ठेगाना नखुल्ने गरी रचना तथा समाचार प्रकाशनमा ल्याउन सूचना दिनु पनि कानूनसम्मत कार्यनै देखा परेको छ । यसरी थुनामा राखिएका बालबालिकाको सूचना लिई उमेर र लिङ्गको आधार राखी समाचार सम्प्रेषण गर्ने अधिकार विपक्षी प्रकाशन संस्था र सम्पादकलाई छ र त्यस्तो कार्यका लागि सबैले विपक्षीलाई विश्वसनीय माध्यमका रुपमा हेरेको कुरामा दुईमत छैन । तथापि समाचार प्रकाशित गरी सत्य तथ्य सार्वजनिक गर्दा सम्वद्ध पक्षका कानूनले निश्चित् गरेको गोपनीयताको अधिकारको सम्मान गरिनै पर्छ । उल्लेख भएअनुसार उल्लिखित बालकहरुका हकमा समाचार प्रकाशित गर्दा विपक्षीहरुले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५२ को पूर्णत सम्मान हुने गरी गर्नु पर्छ । सो दफाले निर्देशित गरे विपरीत बालकसम्बन्धी तथ्याङ्कको गोपनीयता भङ्ग हुने गरी समाचार बनाउन विपक्षीलाई ऐनले दिएको छैन । प्रहरीले पक्राउ गरी थुनामा लिएको केशु ढुंगानासमेतका बालकहरुको नाम र ठेगानासमेत खुलाई विपक्षीहरुले “कान्तिपुर” दैनिकको वर्ष १७ अङ्क १९७ मिति २०६६/०५/१६ को पृष्ठ ४ मा “चोरी आरोपमा बालक पक्राउ” शीर्षक राखी समाचार प्रकाशित गरी बिक्री वितरण गरेका छन् । सो कार्य बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५३(९) ले दण्डनीय कसूर बनाई सजायसमेत तोकेको छ ।

अतः विपक्षी प्रतिवादीहरुबाट प्रकाशित समाचारले विपक्षीहरुबाट बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५२ को बर्खिलाप भएकोले सोही ऐनको दफा ५३ बमोजिम सजायसमेत गरिपाऊँ भन्नेसमेत व्यहोराको उजुरीकर्ताको मुख्य उजुरी पत्र मागदावी ।

कान्तिपुर दैनिकको वर्ष १७ अङ्ग १९७ मिति २०६६/५/१६ गते पृष्ठ ४ मा “चोरी आरोपमा बालक पक्राउ” शिर्षक समाचारलाई लिएर विपक्षी उजुरीकर्ताले उजुरी गरेको देखिन्छ । उक्त समाचार १८ वर्षे युवकलाई प्रहरीबाट चोरी आरोप लागेको विषयलाई समाचार बनाई प्रकाशित गरिएको हो । उक्त युवासँग अन्य बालकहरु पनि संलग्न रहेको भनी समाचार प्रकाशित भए पनि उक्त समाचारबाट निजहरुको पुरा परिचय खुल्दैन र यसरी समाचार प्रकाशित गर्दा बालबालिकाको अधिकारको हनन् पनि हुँदैन भन्ने हाम्रो मान्यतासमेत रहेको हुनाले उक्त समाचार प्रकाशित गरेका हौं । हामीले समाचार प्रकाशित गर्दा बालकहरुको हुलिया, बाबु बाजेको नाम लगायत प्रष्ट रुपमा परिचय हुने गरी समाचार प्रकाशित नगरिएको हुनाले विपक्षीको उजुर खारेजभागी छ । साथै उक्त समाचार प्रकाशन गर्नुमा हामीहरुको कुनै पूर्वाग्रह एवं बालकहरुको हकअधिकारमा असर परोस् भन्ने गलत मनसायले समाचार प्रकाशित गरिएको नभई असल मनसायले पूनः यस किसिमका घटना दोहोरिन नपाउन् भन्ने मनसायले छापिएको हुँदा विपक्षीको उजुरी खारेजभागी छ ।

विकासको क्रममा रहेको नेपाली समाचार माध्यमको पनि आफ्ना कमी कमजोरी नभएका होइनन् । जनतालाई अधिकतम् सूचना दिलाउने जिम्मेवारी पुरा गर्ने क्रममा कानूनद्वारा वर्जित गरिएका समाचारसमेत यदाकदा प्रकाशित हुन पुग्दछन् । तथापि यस किसिमका समाचार प्रकाशित भएको हामीलाई लागेमा वा कोही कसैबाट हाम्रो कमी कमजोरीलाई औंल्याई दिएमा सोको खण्डन गरी हामीले समाचारहरु

प्रकाश गर्ने हाम्रो प्रचलन रहेको छ । विशेष गरी ठूला प्रकाशन समूहमा सम्पादकको कार्य व्यवस्तता र समाचारको चापको कारणले गर्दा कुनै समाचारमा सामान्य भुल वा सानातिना त्रुटि हुने गरेको पाइन्छ । यसर्थ व्यवहारिक रुपमा पाठक वर्गलाई कुनै सूचना तथा समाचारमा चित्त नबुझे वा सो समाचारबाट कोही कसैलाई असर पुग्न गएको खण्डमा उक्त समाचार खण्डन गर्न पाउने र त्यस्तो खण्डन जायज छ भन्ने हामीलाई लागेमा उक्त समाचारको खण्डन प्रकाशित गर्ने गरेका छौं । प्रस्तुत समाचारबाट कुनै व्यक्ति वा उजुरीकर्ता संस्थाबाटसमेत कुनै खण्डन नगरेको र गर्न नसकेकोसमेतका कारणबाट विपक्षीको उजुरी खारेज गरिपाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरुको मुख्य प्रतिउत्तर पत्र जिकिर ।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेश भएको प्रस्तुत मुद्दामा वादीको तर्फबाट विद्वान अधिवक्ताहरु रवीन्द्र भट्टराई तथा हरिबहादुर कार्कीले नाबालक व्यक्तिको बारेमा समाचार प्रकाशन गरेकोमा प्रतिवादी सावित छन् । बालबालिकासम्बन्धी ऐन, २०४९ को दफा ५२ बालअधिकारसम्बन्धी महासन्धिको धारा ४० तथा बालबालिकासम्बन्धी बेइजिङ्ग नियमावलीसमेतले बालबालिकाको गोपनीयता कायम राख्नु पर्ने कुराको ग्यारेन्टी गरेकोले सोको बर्खिलाप समाचार प्रकाशन गरेको कार्य कसूरको दायरामा पर्ने भई दण्डनीय हुनेमा विवाद भएन । बालकउपर प्रकृतिको अभियोग लगाई मुद्दा दायर भएको स्थिति हुँदा कानूनको दायरामा आएको अवस्थामा दफा ४९ लेसमेत समाचार प्रकाशन निषेध गरेको स्पष्ट छ । स्पष्ट वतनसमेत खुलाई प्रकाशन भएको समाचारले बालकको हकहितमा प्रतिकूल असर परेको देखिँदा दावीबमोजिमको सजाय प्रतिवादीहरुलाई होस् भनी बहस गर्नु भयो । त्यस्तै प्रतिवादीहरुको तर्फबाट विद्वान अधिवक्ता रामकृष्ण निरालाले समाजमा घटेको घटनाको यथार्थता समाचारको रुपबाट प्रकाशन गर्नु पत्रिकाको दायित्वनै हो । संविधानलेसमेत प्रकाशनको ग्यारेन्टी गरेकोले त्यस्तो कार्य कानूनको दायरामा पर्ने होइन । बालबालिकासम्बन्धी ऐनको दफा ५२ को व्यवस्था प्रहरी कर्मचारीको लागि हुँदा पत्रिकाको हकमा सो बन्देज लागु हुने होइन । प्रकाशित समाचारले बालकको पूर्ण विवरण खुलेको नदेखिँदा बालकको गोपनीयता भङ्ग भएको भन्न मिल्दैन । बालकको तथ्याङ्क सम्मको प्रकाशनमा बन्देज लगाएको हो । दफा ४९ र ५२ को व्यवस्थालाई एकै वर्गमा राखी हेर्न मिल्दैन । बालकउपर चोरीको मुद्दा दायर भए अगावै समाचार प्रकाशन भएको स्थिति हुँदा दफा ४९ आकर्षित हुँदैन । छापाखाना तथा प्रकाशनसम्बन्धी ऐनको व्यवस्थाले प्रकाशित समाचारप्रति कार्यकारी निर्देशकलाई जिम्मेवार बनाउन मिल्दैन । त्यसमा पनि प्रकृतिको कसूरमा मनसाय तत्वको अहम् भूमिका हुने हुँदा जानीजानी समाचार प्रकाशन गरेको अवस्था नभएबाट कसूरदार कायम गर्न मिल्दैन । दावीबाट सफाई पाउने गरी निर्णय होस् भनी बहस गर्नु भयो ।

दुवै तर्फबाट रहनु भएका विद्वानहरुका उल्लिखित बहस जिकिरलाई दृष्टिमा राखी मिसिल प्रमाण तथा सम्वद्ध कानूनसमेतको समुचित अध्ययन गरी प्रतिवादीहरुबाट वादीहरुको विषयमा प्रकाशित भएको समाचारले बालबालिकासम्बन्धी ऐनले प्रदान गर्ने सुविधा पाउने वर्गमा रहेका निजहरुको गोपनीयता भङ्ग

गरी वादी दावीबमोजिमको कसूर प्रतिवादीहरुले गरेको हो, होइन, दावीबमोजिमको सजाय प्रतिवादीहरुलाई हुने नहुने के हो, सोको निर्णय दिनु पर्ने भई त्यसतर्फ विचार गर्दा यसमा, नेपालमा बालबालिकाले कुनै कसूरजन्य काम गरेमा अपराधी नमानी बालबिज्याँईकर्ता मानिने र कुनै पनि कसूरको अभियोगमा थुनामा राखिएको वा बाल सुधार गृहमा राखिएका बालबालिकाको गोप्यता कायम राख्नु पर्ने कुरालाई बन्धनकारी बनाएको सन्दर्भमा महानगरीय प्रहरी प्रभाग, हनुमानढोकाले धादिङ खाल्टे ५ का केशु ढुङ्गानासहितका ३ जना बालकलाई नियन्त्रणमा लिई केही सार्वजनिक अपराध तथा सजाय ऐनअन्तर्गत थुनामा राखेकोमा सो विषयमा निजहरुको नाम नखुल्ने गरी सूचना वा समाचार प्रकाशन गर्नु कानूनसम्मतनै रहेकोमा विपक्षी प्रवन्ध निर्देशक तथा सम्पादक रहेको कान्तिपुर पब्लिकेशनको मिति ०६६/५/१६ वर्ष १७ अङ्क ९७ को पत्रिकाको पृष्ट ४ मा "चोरी आरोपमा बालक पक्राउ" भन्ने शिर्षक राखी समाचार प्रकाशन गरी बिक्री वितरणसमेत गरेको जसबाट बालबालिकासम्बन्धी ऐन, २०४८ ले बालबालिकालाई प्रत्याभूत गरेको गोपनीयतासम्बन्धी प्रावधानको उल्लंघन भएकोले सो ऐनको दफा ५२ को कसूरमा ऐ. दफा ५३ बमोजिम सजाय गरिपाऊँ भनी बालक वर्ष १४ को केशु ढुङ्गाना, वर्ष १५ को सुरेश वि.क. तथा वर्ष १५ कै गुड्डु साहको तर्फबाट न्याय तथा अधिकार वकालत मञ्च (अजर) का सचिव अधिवक्ता कृष्णप्रसाद शर्माले प्रस्तुत मुद्दा दायर गरेको पाइयो । लोकतान्त्रिक मूल्य मान्यताअनुसार राज्यको चौथो अङ्गको रुपमा जिम्मेवारी प्राप्त गरेको प्रेस तथा सञ्चार जगतलाई मर्यादित बनाउन नेपाली सञ्चारकर्मीले निष्पक्ष विचारको सम्प्रेषण गर्ने गरेको तथा निस्वार्थ रुपमा जनतासमक्ष सूचना पुऱ्याउनको लागि प्रेस स्वतन्त्रताको भूमिका महत्वपूर्ण रहने हुनाले लामो समयदेखि नेपाली सञ्चार माध्यमले त्यसतर्फ पहल कदमी गर्दै आएको छ। वादीले दावी गरेको समाचारको विषयमा चोरी अरोपमा १८ वर्षे युवासंगै बालक पनि पक्राउ परेकोले सोसम्बन्धमा समाचार प्रकाशन भएको हो। निजहरुको परिचय नखुल्ने गरी प्रकाशित समाचारले बालअधिकारको हनन् नहुने हाम्रो मान्यता हो। विकासको चरणमा रहेको नेपाली सञ्चार माध्यमको पनि आफ्नै कमिकमजोरी हुने हुँदा कानूनद्वारा बर्जित प्रस्तुत समाचार यदाकदा प्रकाशित हुने गरेको तथापि यसमा गलत मनसाय नभई पुनः यस किसिमका घटना नदोहोरिउन भनी असल मनसायले प्रकाशित भएको हुँदा वादी दावी खारेज होस् भन्ने प्रतिवादीको जिकिर रहेको पाइयो ।

बाल इजलासमा रहनु भएका समाजसेवी शंकर बिरसिंह बस्नेतको बालबालिकाको विषयमा प्रकाशित समाचारले बालकको परिवारमा नकारात्मक असर पर्नुको साथै बालकलाईसमेत समाजमा पुनः समायोजन गर्ने कार्यमा वाधा पुग्ने त्यसबाट बालक फेरी गैरकानूनी कार्यमा फर्किने सम्भावना रहने हुँदा त्यस्ता समाचार कानूनी तथा सामाजिक दुवै दृष्टिबाट अनुपयुक्त रहेको भनी तथा बालविशेषज्ञ नारायणप्रसाद शर्माको बालकको नाम, थर, ठेगानासहित उल्लेख गरी प्रकाशित समाचारले निजहरुको विषयमा समाजले थाहा पाई निजहरुप्रतिको व्यवहारमा परिवर्तन आउँने सोको परिणामस्वरुप अझ ठूलो अपराध गर्नेतर्फको मानसिकता बालकको बढ्दै जाने हुँदा बालकको विषयमा सूचना प्रकाशन गर्ने पत्रिकालाई प्रोत्साहन गर्नु हुँदैन भन्ने राय रहेको पाइयो ।

उल्लिखित तथ्य समावेश भएको प्रस्तुत मुद्दामा वादी दावीबमोजिम प्रकाशित समाचारले बालबालिकाको गोपनीयतासम्बन्धी हकमा आघात पुगेको छ, छैन । बालबालिकाको विषयमा समाचार प्रकाशन गर्दा बालकको हितको लागि बनेका ऐन, कानूनले तोकेको सीमाभित्र रहनु पर्ने हो होइन, बालबालिकाको विषयमा नाम, थर, वतनसमेत खुलाई समाचार प्रकाशन भएको कार्य कानूनले दण्डनीय छ, छैन त्यसतर्फ हेर्दा फिराद पत्रसाथ पेश भएको कान्तिपुर दैनिकको मिति २०६६/५/१६ को प्रकाशन हेर्दा सोको पृष्ठ ४ मा "चोरी आरोपमा बालक पक्राउ" भन्ने शिर्षक राखी सुन चोरी र बिक्री कार्यमा संलग्न ५ जनालाई प्रहरीले पक्राउ गरेको भन्दै धादिङ खाल्टे ५ का १४ वर्षिय केशु ढुङ्गाना, चितवनको १५ वर्षिय सुरेश वि.क. तथा भारत घोडासैनका १५ बर्षिय गुड्डु साह रहेको भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ । उल्लिखित व्यक्तिहरुलाईसमेत प्रतिवादी बनाई स.फौ.नं. १४२३ को चोरी मुद्दा दायर भई कारवाहीमा रहेको देखिँदा बालबालिकासम्बन्धी ऐन, ०४८ को दफा ११(२) र ११(३) को सुविधा माग भएको अवस्थामा निजहरु बालबालिकासम्बन्धी ऐनबमोजिम सुविधा प्राप्त बालक भएकोमा विवाद भएन । नेपाललेसमेत अनुमोदन गरेको बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ४० को उपधार २ को खण्ड (ख) को देहाय (७) मा To have his or her privacy fully respected at alll stages of the proceeding भन्ने उल्लेख भएको तथा सन् १९८५ मा संयुक्त राष्ट्र संघ साधारण सभाले स्वीकार गरेको बाल न्यायसम्बन्धी "The Bejing Rules को section ८(१) मा The juvenile's right to privacy shall be respected at all stages in order to avoid harm being caused to her or him by undue publicity or by the process of labelling., र ८(२) मा In principle, no information that may lead to the identification of a juvenile offender shall be published. भन्दै बालबालिकाको गोप्यता भङ्ग हुने गरी समाचार प्रकाशन वा तथ्य सार्वजनिक गर्न नहुने कुरालाई नियमित गरेको पाइन्छ भने बालबालिकाको हकहितको संरक्षण गरी तिनिहरुको शारीरिक, मानसिक र बौद्धिक विकास गर्ने उद्देश्यले बनाइएको बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५२ ले कानूनको सम्पर्कमा आएका बालकको नाम, थर, वतनसमेतको विवरण प्रकाशन गर्न प्रतिवन्ध लगाएको प्रकाशन गर्न आवश्यक परेको अवस्थामा नाम, थर, वतनसमेत नखुलाई उमेर तथा लिङ्गको आधारसम्म मात्र प्रकाशन गर्न पाइने व्यवस्था गरेको देखिन्छ । कुनै पनि बालबालिका भोलिको मुलुक सञ्चालन गर्ने शक्ति रहने तथा निजको शारीरिक, मानसिक तथा बौद्धिक विकास गरी योग्य नागरिक बनाउनु हरेक राज्यको कर्तव्य हो । बालबालिकाको कलिलो मष्तिस्कको उपजस्वरुप कहिलेकाँही जानअन्जानमा गल्ती गरी कसूरको दायरामा परेको अवस्थामा त्यस्ता बालकको विषयमा यथार्थता सार्वजनिक भएको खण्डमा समाजले त्यस्ता बालकलाई हेर्ने दृष्टिकोण नकारात्मक रही बालकलाईसमेत समाजमा स्थापित हुन कठिनाई पर्न जाने र अन्ततः सुयोग्य नागरिक बनाउने राज्यको चाहनामासमेत आघात पुग्ने हुँदा त्यस्ता बालकको विषयमा तथ्याङ्क सार्वजनिक नगरी गोप्य राख्नु पर्ने कानूनको मनसाय हो । यहाँ प्रतिवादीबाट प्रकाशन भएको पत्रिकामा बालकको बारेमा छोटकरीमा तर बुझिने गरी जिल्ला गा.वि.स., वडा नं. समेत उल्लेख गरी वास्तविक नामबाट समाचार प्रकाशन गरेकोबाट तत्तत् ठाउँका ती बालकको बारेमा जो कसैले चोरी अपराधमा पक्राउ परी प्रहरी नियन्त्रणमा रहेको भनी सजिलै बुझ्न सक्नेमा द्धिविधा रहेको नपाइदा प्रकाशित समाचारको विषयमा लिइएको प्रतिवादीको तथा विद्वान अधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन ।

प्रतिउत्तरपत्रमा व्यक्तिको सूचना पाउने अधिकारलाई संविधानले सुनिश्चित् गरेको तथा सोको लागि प्रेस स्वतन्त्रताको भूमिका महत्वपूर्ण हुने भनी संवैधानिक हकअन्तर्गतनै समाचार प्रकाशित गरेको जिकिर लिएको पाइन्छ । नेपालको अन्तरिम संविधानले धारा १५ मा प्रकाशन प्रसारण तथा छापानाखासम्बन्धी हकअन्तर्गत विद्युतिय प्रकाशन प्रसारण, तथा छापाखाना लगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार सम्पादकीय लेख, रचना वा अन्य श्रब्यदृष्य सामग्रीको प्रकाशन गर्न वा छाप्न पूर्ण प्रतिवन्ध नलगाइने भनी संवैधानिक हक प्रदान गरेको पाइन्छ । तथापि विभिन्न अवस्थामा मुनासिव प्रतिवन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन भनी प्रतिवन्धात्मक व्यवस्था गरेकोबाट प्रकाशन तथा प्रसारण हक निरपेक्ष रहेको भनी मान्न मिल्ने अवस्था नभई निश्चित् अवस्थामा त्यो बन्देजयुक्त रहेको सम्झनु पर्ने हुन्छ । त्यसमा पनि कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत तथ्याङ्क, पत्राचार चरित्रसम्बन्धी कुराहरुको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुन्छ भनी धारा २८ ले प्रत्याभूत गरेको गोपनीयताको हकलाई यहाँ बिर्सन मिल्ने हुँदैन । यसबाट कुनै पनि व्यक्तिको गोपनीयतालाई सम्मान गर्नु पर्ने अवस्थामा राज्यले विशेष संरक्षण तथा सुविधा दिनु पर्ने वर्गमा रहेका बालबालिकाको गोपनीयताको विषयलाई बालअधिकारसम्बन्धी महासन्धि तथा सोसम्बन्धी अधिनियमहरुले विशेष महत्व दिएको तथा तीनै दस्तावेजलाई आधार मानी बनेको बालबालिकासम्बन्धी ऐन, ०४८ ले कानूनको दायरामा रहेका बालबालिकाको गोपनीयता भङ्ग हुने गरी तथ्याङ्क प्रकाशन प्रसारण गर्न बन्देज गरेको अवस्थामा ती कानूनी प्रावधानको उल्लंघन हुने गरी प्रकाशन भएको समाचार छापाखाना तथा प्रकाशनसम्बन्धी संवैधानिक हकअन्तर्गत रहेको भनी त्यसको वैधानिकता स्वीकार्न सकिने अवस्था नभई छापाखाना तथा प्रकाशनसम्बन्धी संवैधानिक स्वतन्त्रताको हकमा उपयोग गर्ने सन्दर्भमा बालबालिकाको सर्वोत्तम् हितलाई ध्यानमा राखी सम्वद्ध कानूनी व्यवस्थालाई नजर अन्दाज गर्न सकिँदैन ।

बालकको विषयमा कुनै पूर्वाग्रह राखी सामाचार प्रकाशन गरेको नभई असल नियतले आइन्दा यस्ता घटना नदोहोरिउन भनी र सदासयताले छापिएको भनी प्रतिवादीले प्रतिउत्तरमा लिएको जिकिरको सन्दर्भमा हेर्दा माथि विवेचना भएबमोजिम बालबालिकाको विषयमा निजहरुको परिचय खुल्ने गरी सार्वजनिक जानकारी हुने किसिमले प्रकाशन गर्न ऐनले प्रतिवन्ध लगाएकोमा विवाद भएन । सामाचार प्रकाशन गरेको कुरालाई प्रतिवादीलेसमेत स्विकार गरेको स्थिति छ । तथापि कुनै पनि कसूरजन्य कार्य जानीजानी पुर्वाग्रह राखी वा सदासयता पूर्वक गरेको अवस्थामा सोको प्रकृतिगत हिसावको सजाय तोक्ने क्रममा विचार गर्न सकिने हुन्छ । अन्जानवस् गरेको भन्ने आधारले मात्र कानूनले दण्डनीय मानेको कार्य गरेको अवस्थामा स्पष्ट रुपले कानूनले छुट दिएको खण्डमा बाहेक उन्मुक्ति पाउने हुँदैन । तसर्थ बालबालिकासम्बन्धी ऐनले संरक्षण प्रदान गरी गोपनीयता कायम राख्नु पर्ने वर्गमा रहेका बालक वादीहरुको विषयमा समाचार प्रकाशन गरी बालबालिकासम्बन्धी ऐन, २०४९ को दफा ५२ बर्खिलाप कसूर प्रतिवादीहरुले गरेको ठहर्छ ।

सजायको हकमा उल्लिखित दफा ५२ समेतको विपरीत गरी बालकसम्बन्धी तथ्याङ्कको गोप्यता भङ्ग गरेमा, प्रयोगमा ल्याएमा वा प्रकाशित गरेमा तीन हजार रुपैयासम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सकिने ऐनको दफा ५३(९) को व्यवस्था हो । कसूर हुँदाको अवस्था परिस्थिति,

कसूर गर्ने मनसाय रहे नरहेको वा भएको कामप्रति क्षमायाचना गरेको सोसमेतलाई दृष्टिमा राखी सजाय तोक्न सक्ने हुन्छ । सो प्रयोजनको लागि सजायमा तल माथिको सीमासमेत निर्धारण गरी सो सीमाभित्र रहि सजाय गर्ने गरी स्वविवेक प्रयोग गर्न निर्णयकर्तालाई अधिकार दिएको अवस्थालाई विचार गरी प्रस्तुत सन्दर्भमा प्रतिउत्तर पत्रमा बालबालिकाप्रति कुनै पूर्वाग्रह नराखी असल नियतले समाचार प्रकाशन गरेको तथा सम्पादकको व्यस्तता तथा कामको चापसमेतको सामान्य भुलबाट समाचार प्रकाशन हुन गएको भनी अप्रत्यक्ष रुपमा प्रकाशित समाचारप्रति क्षमायाचनासमेत गरेको अवस्थालाई विचार गरी कम सजाय गर्दासमेत कानूनको उद्देश्य पुरा हुने हुँदा बालबालिकासम्बन्धी ऐन, २०४९ को दफा ५३ को उपदफा (९) बमोजिम जनही रु. २५/- (पच्चिस) जरिवाना प्रतिवादीहरुलाई हुने ठहर्छ । कान्तिपुर पब्लिकेशनको प्रबन्ध निर्देशक प्रतिवादी कैलाश सिरोहिया तथा प्रतिवादी सुधिर शर्मा सम्पादक भएको देखिँदा निजहरुको नियन्त्रण निर्देशनमा रही प्रकाशित पत्रिकामा छापिएको समाचारले सिर्जना गरेको दायित्वबाट निजहरुले उन्मुक्ति पाउने अवस्था भएन । बालबालिकाको विषयमा कुनै पनि समाचार प्रकाशन गर्दा बालबालिकाको गोपनीयतालाई महत्व दिई सम्वद्ध कानूनले तोकेको सीमाभित्र रही समाचार प्रकाशन गर्नु पर्ने सन्दर्भमा अन्य प्रकाशन संस्थाको हकमासमेत जानकारी प्रयोजनार्थ समाचार प्रकाशनको लागि राष्ट्रव्यापी सञ्जाल भएको कान्तिपुर पब्लिकेसन प्रा.लि. बाट अपेक्षा गरिएको छ । सो प्रयोजनको लागि फैसलाको प्रतिलिपीसहितको जानकारी यथासक्य छिटो प्रतिवादीहरुले पाउने गरी पठाई दिनु । अरुमा तपसिलबमोजिम गर्ने गरी अ.बं. १८६ नं. बमोजिम यो फैसला गरिदिएँ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीहरुलाई जनही रु. २५/- (पच्चिस) जरिवाना हुने ठहरेकाले प्रतिवादी कैलाश सिरोहिया तथा प्रतिवादी सुधिर शर्माबाट उक्त जरिवाना असुलउपर गर्नु भनी तहसिल शाखामा लगत दिनु.........................................................................१

प्रस्तुत फैसलामा चित्त नबुझे ३५ दिनभित्र पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्नु भनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनु ..................................................................२

सरोकारवाला वादी प्रतिवादीहरुले फैसलाको प्रतिलिपि माग गरे बाल न्याय (कार्यविधि) नियमावली २०६३ को नियम १९ बमोजिम निशुल्क रुपमा दिनु .............................................३

प्रस्तुत मुद्दाको दायरीबाट लगत कट्टा गरी नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनु.....................४

....................

जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले टिपाएबमोजिम टिपी कम्प्युटर टाइप गर्ने डि. पुष्पराज बुढाथोकी ।

ईति सम्वत् २०६६ साल चैत्र १३ गते रोज ६ शुभम् ...............................................।

**दाङ देउखुरी जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री महम्मद जुनैद आजाद**

**फैसला**

सम्वत् २०६६ सालको र.नं. ७३-०६६-००५०८

निर्णय नं. : ५०३

**मुद्दा : केही सार्वजिनक अपराध।**

**वादीको नाम, थर, वतन**

प्र.ना.नि. हरिबहादुर बस्नेतको प्रतिवेदनले वादी नेपाल सरकार ....................१

**प्रतिवादीको नाम, थर, वतन**

दाङ, दरिगाउँ गा.वि.स. वडा नं. १ कप्रोदेवी गाउँ बस्ने वर्ष १५ का नाबालक रमण सार्की (परिवर्तित नाम)....................१

**ऐ. को प्रमाण**

साक्षी : ×

जाहेरवाला हरिबहादुर बस्नेत

कागज : ×

**ऐ. को प्रमाण**

साक्षी : ×

कागज : ×

**अदालतबाट वुझेको**

**साक्षीः** ×

कागजः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७, र अ.बं. २९ नं. अनुसार दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छ :-

पुर्व पश्चिम तुलसीपुर घोराही पक्की सडक, उत्तर दावली लाइन, दक्षिण मानपुर गाउँ जाने पक्की बाटो। यति ४ किल्लाभित्र रमण सार्कीलाई सोधपुछ गरी निजको शरीर खानतलासी लिदा कटारी चक्कु थान-१ र फलामको चक्कु थान-१ वरामद भएको भन्नेसमेत व्यहोराको जीउको खानतलासी मुचुल्का।

मिति २०६६/१२/१४ गते बिहान मेरो कमाण्डमा मोवाइल गस्ती विजौरी गा.वि.स., वडा नं. ५ विजौरी बजारमा गस्ती गर्दै जाँदा रमण सार्कीलाई शङ्का लागी सोधपुछ गर्न लाग्दा निजले ड्यूटीमा रहेका मसमेतका प्रहरीलाई अभद्र अस्लिल शब्द प्रयोग गरेकोमा निजको जिउको खानतलासी लिदा कटारी चक्कु-१, चक्कु थान-१ गरी २ वटा चक्कु वरामद गरी दाखिला गरेको छु । निजउपर केही सार्वजनिक (अपराध तथा सजाय) ऐन, २०२७ बमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको प्र.ना.नि. हरिबहादुर बस्नेतको प्रतिवेदन जाहेरी ।

जिल्ला दाङ, बिजौरी गा.वि.स., वडा नं. ५ बजारस्थित पूर्व पश्चिम घोराही तुलसीपुर पक्की बाटो, उत्तर दावली लाइन, दक्षिण मानपुर गाउँ जाने पक्की बाटो । यति ४ किल्ला बीचमा प्रतिवादी रमण सार्कीले मोवाइल डिउटीका प्रहरी कर्मचारीसँग अभद्र व्यवहार गरी गाली गलौज गर्दा निजको तलासी लिदा २ थान चक्कु वरामद भएको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

छोरा रमण सार्कीको यकिन उमेर खुल्ने जन्मदर्ताको प्रमाण पेश गरेको छु । मिसील संलग्न राखी पाऊँ भन्नेसमेत व्यहोराको हरिलाल सार्कीको निवेदनसहित जन्मदर्ता प्रमाणपत्र मिसिल सामेल रहेको ।

मिति २०६६/१२/२४ गते विहान म आफ्नो घरबाट विजौरी संग्रामस्थित फुपुको घरमा जान भनी हिडेकोमा बिजौरी गा.वि.स. बिजौरी बजारमा म किया गाडीको छतमा बसेको अवस्थामा मोवाइल गस्ती टोलीले मसमेतलाई किया गाडीको हुटबाट झारी मलाई प्रहरी टोलीले सोधपुछ गरी मेरो जिउको खानतलासी गर्दा मेरो साथबाट एकथान कटारी चक्कु र १ थान चक्कु वरामद भएको हो । उक्त वरामद चक्कु विक्कि र वादल भन्ने मेरा साथीले ल्याई दिनु भनेकोले पुऱ्याउन गएको अवस्थामा वरामद भएको हो । मैले डिउटीमा रहेका प्रहरीलाई अभद्र व्यवहार, गाली गलौजसमेतको कार्य गरेको होइन भन्नेसमेत व्यहोराको नाबालक रमण सार्कीको बयान कागज ।

मैले रमण सार्कीलाई चिन्दिन । वारदात मिति समयमा म वारदात स्थान नजिकैको चिया पसलमा थिए । प्रहरीले पक्राउ गर्दा प्रहरीको मुख लागी जवाफ दिएको सुनेको थिए किन हो सो विषय चाही थाहा भएन । प्रहरीले निजको तलासी गर्दा २ थान चक्कु फेला पारेका थिए भन्नेसमेत व्यहोराको विशाल शर्मा, प्रकाश शर्मा, गुमानसिंह खड्कासमेतको करिव एकै मिलानको घटना विवरण कागज ।

रमण सार्की कक्षा ६ मा अध्ययनरत छात्र हुन् । यस कार्यालयको अभिलेखअनुसार निजको जन्ममिति २०५१/८/२२ गते भएको भन्नेसमेत व्यहोराको महेन्द्र मा.वि. तुलसीपुरको पत्र ।

मिसिल संलग्न वरामदी मुचुल्का प्रहरी प्रतिवेदन, नाबालक प्रतिवादीले गरेको बयान, बुझिएका मानिसहरुको कागजसमेतबाट मिति २०६६/१२/१४ गते विजौरी गा.वि.स. ५ बिजौरी बजारस्थित सार्वजनिक

स्थानमा केही सार्वजनिक अपराधको घटित वारदातको स्थिति प्रमाणित हुन आएकोले रमण सार्कीबाट केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ ले निषेध गरेको र सोही दफाको खण्ड (क) र (ग) समेतको परिभाषित अपराधको कसूर भएकोले रमण सार्कीलाई केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ६(१) मा उल्लिखित सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा ३ बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोगपत्र ।

म उल्लिखित मितिमा फुपूको घर संक्राम जान लागेको समयमा गस्ती प्रहरीले मलाई सोधपुछ गर्दा मलाई रिस उठी अश्लिल शब्द प्रयोग गरेको हुँ । प्रहरीले मेरो शरीर खानतलासी गरी २ थान चक्कु वरामद गरेको हो । म नाबालक हुँदा नियम कानून केही थाहा नपाई अश्लिल शब्द प्रयोग गरेको हुँ । आइन्दा यस्तो गर्ने छैन भन्नेसमेत व्यहोराको प्रतिवादी रमण सार्कीले अदालतमा गरेको बयान कागज ।

## अदालतको ठहर

यसमा अभियोगपत्र साथ उपस्थित गराइएका प्रतिवादी रमण सार्कीको बयान कार्य सम्पन्न भई थुनछेक प्रयोजनको लागि पेश हुन आएको प्रस्तुत मुद्दाको सम्पूर्ण मिसिल अध्ययन गरी हेर्दा निर्णयनै गरिदिए हुने भएकोले यसमा प्रतिवादीले के कस्तो कसूर गरेका हुन् र निजलाई के कस्तो सजाय गर्नु पर्ने हो वा होइन भन्ने सन्दर्भमानै निर्णय दिनु पर्ने देखिन आयो ।

यसमा वादी नेपाल सरकारले प्रतिवादी १५ वर्षिय रमण सार्कीउपर केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ ले निषेधित कार्य सम्बन्धमा ऐ. ऐनको दफा ६(१) मा उल्लिखित सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को (३) बमोजिम सजायको मागदावी लिई अभियोगपत्र पेश हुन आएको छ र वस्तुत प्रस्तुत सार्वजनिक अपराध मुद्दा बालकउपरको भएबाट बाल इजलासबाट मुद्दा हेरिनु पर्ने सन्दर्भमा प्रस्तुत मुद्दा अदालतसमक्ष पेश भएको स्थिति छ । अभियोगमा तथ्यको व्यहोरामा साथीहरुले राख्न दिएको चक्कु साथमा राखेको हुँ । प्रहरी कर्मचारीलाई अभद्र व्यवहार गरेको र गर्ने उद्देश्य होइन भन्ने प्रतिवादीको बयान भएको भएपनि चक्कु बोकेको अवस्थामा यी नाबालक अभियुक्तको शरीरबाटै चक्कु वरामद भएको र प्रहरी कर्मचारीलाई अभद्र व्यवहार गरेकोसमेतका आधारमा प्रतिवादीलाई सजाय गरिपाऊँ भन्ने व्यहोरा र दावी रहेको देखिन्छ । प्रतिवादीले यस अदालतसमक्ष बयान गर्दा पनि चक्कु आफ्नो साथबाट वरामद भएको र रिस उठेकोले अश्लिल शब्द प्रयोग गरेको हुँ भनी सावित रही बयान गरेबाट यस मुद्दामा अ.बं. १८४(क) बमोजिम मुख सावित भएको अवस्था हुँदा वारदात सम्बन्धमा वारदात यकिन गर्न थप प्रमाण बुझ्नु पर्ने अवस्था विद्यमान भएन । तसर्थ यी प्रतिवादी नाबालक भएको र बालबालिकासम्बन्धी ऐनले पटक निर्धारण गर्नु पर्ने पनि स्थिति छैन । प्रतिवादी कसूरमा सावित भएको एकपटकको निमित्त क्षमा पाऊँ भनी बयानमा माग गरिरहेको तथा प्रतिवादीको शैक्षिक एवं सर्वपक्षीय हितसमेतलाई विचार गर्दा यी प्रतिवादीलाई सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ६(२) ले निर्दिष्ट गरेबमोजिम यी नाबालक प्रतिवादीलाई कुनै सजाय गरिएको छैन तर ऐ. ऐनबमोजिम अव

उप्रान्त यस्तो कसूर गर्न छैन भन्ने कागज गराई मिसिल संलग्न गर्नु र प्रतिवादी नाबालक भएको देखिँदा निजको संरक्षकको जिम्मा लगाई दिनु । जिम्मा लगाउँदा निज प्रतिवादीको कानून व्यवसायीलाईसमेत रोहवरमा राखी दिनु अरुमा तपसिलबमोजिम गर्नु भनी यो फैसला गरिदिएँ ।

## तपसिल

प्रतिवादी रमण सार्कीके माथि ईन्साफ खण्डमा लेखिएबमोजिम अव यस्तो कसूर गर्ने छैन भन्नेसमेत कागज गरी संरक्षकको जिम्मा लगाई कानून व्यवसायीलाई रोहवरमा राखी उक्त कागज मिसिल संलग्न राखीएकोले केही गरिरहनु परेन......................................................................१

नक्कल माग्ने सरोकारवाला व्यक्तिबाट नियमले लाग्ने दस्तुर लिई नक्कल दिनु ..........................२

फैसलाको जानकारी जिल्ला सरकारी वकिलको कार्यालय, दाङमा पठाई दिनु ..............................३

दर्ता दायरीको लगत काटी मिसील अभिलेख फाँटमा बुझाई दिनु ......................................४

.......................
जिल्ला न्यायाधीश

माननीय न्यायाधीशज्यूले बोली टिपाएबमोजिम टिप्ने डि. केशवराज श्रेष्ठ ।

ईति सम्वत् २०६६ साल चैत्र ३० गते रोज २ शुभम् ..............................................।

**पाल्पा जिल्ला अदालत**

**माननीय जिल्ला न्यायाधीश श्री हरिप्रसाद बगाले**

**बाल इजलास**

**फैसला**

**उपस्थिति**

बालमनोवैज्ञानिक - श्री बलबहादुर थापा

समाजसेवी - श्री बाबुराम कार्की

सम्वत् २०६६ सालको बालबिज्याँई दर्ता नं. ६५-०६५-००२८३/४८

दर्ता मिति : २०६६/१/१४

निर्णय नं. : १२६

**मुद्दा : जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई ।**

**वादीको नाम, थर, वतन**

परिवर्तित नाम ई कुमारीको जाहेरीले नेपाल सकार..........................१

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला पाल्पा, सत्यवती गा.वि.स., वडा नं. ७ बस्ने नरबहादुरको छोरा वर्ष १४ को विवेक (नाम परिवर्तन) ....................................................१

**ऐ. को प्रमाण**

साक्षी : जाहेरवाला पीडित सुन्दरी, वस्तुस्थिती मुचुल्काका मानिसहरु ।

कागज : अभियोगपत्र साथ संलग्न कागजहरु ।

**ऐ. को प्रमाण**

साक्षी : ×

कागज : ×

**अदालतबाट वुझेको साक्षी**

बस्तुस्थिति मुचुल्काका दानबहादुर राना........१

पीडित सुन्दरी (नाम परिवर्तन)................१

जाहेरवाला ई कुमारी ........................१

**कागज** : ×

**कानून व्यवसायी**

**वादीका तर्फबाट** :

जिल्ला न्यायाधिवक्ता श्री खडानन्द गौतम ।

**प्रतिवादीका तर्फबाट** :

अधिवक्ता श्री राजन नेपाल

**अवलम्बित नजीर** : ×

सम्मानित श्री सर्वोच्च अदालतबाट जारी भएको विशेष प्रकृतिका मुद्दाहरुमा पक्षहरुको गोपनीयता कायम राख्नेसम्बन्धी निर्देशिका, २०६४ बमोजिम प्रस्तुत मुद्दाका जाहेरवाला प्रतिवादी र पीडितको वास्तविक नाम परिवर्तन गरी जाहेरवाला ई कुमारी, प्रतिवादी विवेक र पीडित सुन्दरी नाम राखी अभियोगपत्र दायर हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ७, बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) तथा मुलुकी ऐन, अ.बं. २९ नं. समेतले यस अदालतको बाल इजलासको क्षेत्राधिकारअन्तर्गत भई पेश भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र यस अदालतको ठहर यस प्रकार छ :-

## तथ्य खण्ड

मिति २०६५/१२/२८ गते १२:०० बजेको समयमा मेरो छोरी वर्ष ३ की परिवर्तित नाम सुन्दरी घरमा एक्लै भएको अवस्थामा प्रतिवादी विवेकले मेरो छोरीलाई मिठाई खान दिई फकाईफुल्याई आफ्नो घरको सुत्ने कोठामा लगी छोरीलाई नाङ्गै बनाई करणी गरेको हुँदा कानूनबमोजिम गरिपाऊँ भन्ने व्यहोराको मिति २०६५/१२/३० गतेको ई कुमारीको जाहेरी दरखास्त ।

पीडीत सुन्दरीको योनीको झिल्ली छेदन भएको भन्ने स्वास्थ्य जाँच प्रतिवेदन ।

मिति २०६५/१२/२८ गते मेरो बुवा आमा घरमा नभएको र म एक्लै घरमा भएको अवस्थामा विवेकले मलाई मिठाई खान दिएर आफ्नो घरको सुत्ने कोठामा लगेको र निजले मलाई खाटमा सुताई मेरो कट्टु र निजले आफ्नो कट्टु खोली आफ्नो कुरी मेरो कुरीमा दलेको हो र मेरो योनी दुखिरहेको छ भन्नेसमेत व्यहोराको पीडित सुन्दरीले मिति २०६५/१२/३० गते गरेको कागज ।

जिल्ला पाल्पा, सत्यवती गा.वि.स., वडा नं. ७ स्थित श्यामकुमारी रानाको घरको दोस्रो तलाको पश्चिमतर्फको कोठामा रहेको खाटमाथि निज विवेक सुत्ने गरेकोमा उक्त खाटमाथि मिति २०६५/१२/२८ गते निज विवेकले पीडित सुन्दरीलाई लगी सोही खाटमाथि सुताई आफ्नो लिङ्ग सुन्दरीको योनीमा दली जवरजस्ती करणी गरेको भन्नेसमेत व्यहोराको मिति २०६५/१२/३० गतेको घटनास्थल मुचुल्का ।

मिति २०६५/१२/२८ गते दिउँसो मेरो घरमा कोही नभएको र मेरो छिमेकी पीडित सुन्दरी मेरो घरमा आएकीले मैले मेरो कोठामा बोलाई मिठाई खान दिई मेरो मनमा करणी गर्ने उत्तेजना आएकोले निजलाई मेरो कोठामा सुताई निजले लगाएको कट्टु खोली दिदा केही नभनेकोले मैले पनि मेरो कट्टु खोली मेरो लिङ्ग निकाली निजको योनीमा एकछिन दलेको र उत्तेजनामा आई योनी भित्र छिराउन लाग्दा निजले दुख्यो भनेकीले भित्र नछिराई एकछिन योनीमा दली निजलाई आफ्नो घरतर्फ पठाई दिएको हुँ भन्नेसमेत व्यहोराको अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादी विवेकले मिति २०६६/१/४ गतेको गरेको बयान कागज ।

मिति २०६५/१२/२८ गतेका दिउँसो निज विवेकले जाहेरवालाको छोरी वर्ष ३ की सुन्दरीलाई फकाईफुलाई आफ्नो घरमा लगी जवरजस्ती करणी गरेको भन्ने निज सुन्दरीको बुवा आमाले बताएकोले थाहा पाएको हो । यसरी बालबालिकालाई फकाईफुल्याई आफ्नो घरमा लगी करणी गर्ने विवेकलाई कडा कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको एकै मिलानमा वस्तुस्थितिमा बुझिएका दानबहादुर रानासमेतले मिति २०६६/१/७ गते गरेको वस्तुस्थिति कागज ।

निज प्रतिवादी वर्ष १४ का विवेकले वर्ष ३ की निज पीडित सुन्दरीलाई जवरजस्ती करणी गरेको भन्ने जाहेरी व्यहोरालाई प्रतिवादीको बयान एवं पीडितसमेतको कागजले समर्थन गरी सो कुरालाई पीडितको योनीको झिल्ली छेदन भएको भन्ने स्वास्थ्य जाँच प्रतिवेदनसमेतले पुष्टि गरेको देखिँदा निज प्रतिवादी विवेकले गरेको उक्त कार्य मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. बमोजिमको कसूर अपराध भएको देखिँदा निजलाई सोही महलको ३(१) नं. बमोजिम सजाय गरी निजै पीडितलाई निज प्रतिवादीबाट सोही महलको १० नं. बमोजिम क्षतिपूर्तिसमेत दिलाई भराई पाउन र निज प्रतिवादीको उमेर १४ वर्ष रही निज नाबालक भएको भन्ने व्यहोरा जाहेरी दरखास्त लगायत निजै प्रतिवादीको बयानसमेतबाट देखिन आएको पाइदा निज प्रतिवादीलाई हुने सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको अभियोग मागदावी ।

मिति २०६५/१२/२८ गते दिउँसो सुन्दरी मेरो घरमा खेल्न भनी आएको अवस्थामा म पढ्न भनी सुत्ने कोठामा जाँदा केही समयपछि पीडित सुन्दरी पनि मेरो कोठामा आएकी र निज मेरो घरको बार्दलीमा पिसाब फेर्न भनी गएको समयमा म पनि पछिपछि गई उसले पिसाब फेरेपछि कट्टु नलगाउँदै मैले मेरो हातले निज सुन्दरीको पिसाब फेर्ने ठाउँमा मुसार मसुर गरेको हो । त्यसपछि निजले कट्टु लगाई आफ्नो घरतर्फ गएकी हुन् । मैले निजलाई करणी गरेको होइन । योनीमा समाती दिएको मात्र हुँ । जाहेरीमा करणी गरेको भनी किन लेखियो, मलाई थाहा भएन । मैले सुन्दरीलाई मिठाई दिएको हुँ तर फकाउनको लागि भनी दिएको होइन । मैले सुन्दरीको कट्टु खोलि दिएको होइन । पीडित आफै पिसाव फेर्न भनी कट्टु खोलेको वेला मैले पिशाव फेर्ने मुसारेको हो । मैले कट्टु खोली उनको योनीमा लिङ्ग दलेको होइन भन्नेसमेत व्यहोराको यस अदालतमा प्रतिवादी परिवर्तित नाम विवेकले गरेको बयान ।

जाहेरवालीको छोरी सुन्दरीलाई मिति २०६५/१२/२८ गते दिउँसो विवेकले आफ्नै घरको कोठामा लगी जवरजस्ती करणी गरेको भन्ने कुरा जाहेरवालीबाटै थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको वादीका साक्षी वस्तुस्थिति मुचुल्काका दानबहादुर रानाले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६५/१२/२८ गते दिउँसो मिठाई खान दिएर विवेकले आफ्नो घरको कोठामा लगी मेरो कुरीमा (योनीमा) आफ्नो कुरी (लिङ्ग) ले घोचेको हो भन्नेसमेत व्यहोराको यस अदालतमा पीडित सुन्दरीले संरक्षक आमाको रोहवरमा गरेको बकपत्र ।

मिति २०६५/१२/२८ गते दिउँसो १२:०० देखि १:०० बजेको समयमा मेरो छोरी सुन्दरी खेल्दैखेल्दै प्रतिवादीको घरको कोठामा पुगेकी रहिछन् । अनि निज प्रतिवादी विवेकले मिठाई खान दिएर घरको कोठामै जवरजस्ती करणी गरेका रहेछन् । मेरो छोरीले घरमा आउँदा रुदै मलाई घटनाको बारेमा भनेकी हुन् । मेरो बच्चाको योनी मैले हेरेकी हुँ । योनी रातो भएको थियो भन्नेसमेत व्यहोराको यस अदालतमा जाहेरवाला ई कुमारीले गरेको बकपत्र ।

प्रतिवादी बालकको बुवाको मृत्यु भएको र आमाले अर्को विवाह गरी गएको अवस्थामा यी बालक अभिभावक विहीन भएका र बालमनोविज्ञकाअनुसार यस्तो अवस्थामा बालबालिकामा नकारात्मक मनोविज्ञान बढी विकसित हुन सक्छ भन्ने तर्क रहेकाले यी प्रतिवादी बालकले पीडितको योनीमा लिङ्गले घोचेको नभई हातले मुसारेको भनी गरेको बयान र यी बालक बाल सुधार गृहमा साथीहरुसँग राम्रै घुलमिल भइरहेको कुरासमेतलाई आधार मान्दा यी बालकले आशय करणी गरेको अवस्था देखिएकाले निजको सर्वोत्तम हितलाई ध्यानमा राख्दा निजलाई सजाय नगर्न उपयुक्त हुने भन्नेसमेत व्यहोराको बालमनोविज्ञ श्री बलबहादुर थापाको राय प्रतिवेदन ।

यी प्रतिवादी बालकको बुवाको मृत्यु भएको, वुवाको मृत्युपश्चात् आमा अर्को विवाह गरी गएकी, यी बालक काकाको रेखदेखमा हुर्केको देखिएको छ । कक्षा ५ मा पढ्ने निज बालकको पठनपाठन, चालचलन राम्रो रहेको बुझिएको छ । पीडितको योनीमा कुनै घाउ चोट नदेखिएको र यी प्रतिवादीले पीडितको योनी हातले मुसारेको मात्र हुँ भनी अदालतमा बयान गरेको देखिँदा निजले जवरजस्ती करणीको कसूर गरेको भन्ने नसकिने र आसय करणीको क्रिया गरेको देखिँदा निज बालकलाई जवरजस्ती करणीको कसूरमा सजाय गर्न उपयुक्त नदेखिने भन्नेसमेत व्यहोराको समाजसेवी श्री बाबुराम कार्कीको राय प्रतिवेदन ।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ७, बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) एवं मुलुकी ऐन, अ.बं. २९ नं. ले यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने

भई मिसिल अध्ययन गरी हेर्दा यसमा जाहेरवालीको छोरी वर्ष ३ की नाबालिका सुन्दरीलाई प्रतिवादीले मिठाई खान दिई फकाई जवरजस्ती करणी गरी मुलुकी ऐन, जवरजस्ती करणीको १ नं. बमोजिमको कसूर गरेकाले सोही महलको ३(१) नं. बमोजिम हुने साजयमा प्रतिवादी नाबालक हुँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम सजाय गरी ऐ. जवरजस्ती करणीको महलको १० नं. बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाई भराईपाऊँ भन्नेसमेत अभियोग मागदावी भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री खडानन्द गौतम र प्रतिवादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री राजन नेपालले गर्नु भएको बहससमेत सुनी निर्णयतर्फ विचार गरी हेर्दा यी प्रतिवादीले आरोपित जवरजस्ती करणीको कसूर गरेका हुन् वा अन्य प्रकृतिको यौनजन्य कसूर गरेका हुन् भन्ने विषयमा निर्णय दिनु पर्ने देखियो ।

सर्वप्रथमतः यी प्रतिवादीले आरोपित जवरजस्ती करणीको कसूर गरेका हुन्, होइनन् भन्ने सन्दर्भमा विचार गर्दा यी प्रतिवादीले यस अदालतमा बयान गर्दा पीडित भनिएकी वर्ष ३ की नाबालिकालाई मिठाई खान दिएको र निज नाबालिका खेल्न भनी आफ्नो घरको पढ्ने कोठामा आएकोमा निज पिसाब फेर्न भनी बार्दलीमा जाँदा पछिपछि गई निजले पिसाव फेर्दा हेरेको र निजको योनीमा मेरो हातले मुसारेको सम्म हुँ । निजलाई करणी गरेको होइन भनी आरोपित कसूरमा ईन्कारी भई बयान गरेको देखिन्छ । निजले मौकामा अधिकारप्राप्त अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा नाबालिकालाई मिठाई खान दिई खाटमा सुताई निजको कट्टु खोली आफ्नो उत्तेजित लिङ्ग निजको योनीमा दली योनीभित्र छिराउन लाग्दा निजले दुख्यो भनेकीले निजलाई आफ्नै घरतर्फ पठाई दिएको हुँ भनी आरोपित कसूरमा सावित भएको पाइन्छ । तापनि उक्त वारदातको चश्मदिद गवाह कोही नभएको र पीडित भनिएकी नाबालिकाले यस अदालतमा जाहेरवाली आमाको रोहवरमा बकपत्र गर्दासमेत प्रतिवादीले आफ्नो पिसाब फेर्नेले मेरो पिसाब फेर्नेमा दलेका हुन् सम्म भनेकी र जाहेरवालीलेसमेत निज नाबालिकाले भनेको आधारमा सोही कुरालाई समर्थन हुने गरी बकपत्र गरेको देखिन्छ । तर निज पीडित नाबालिकाको मौकामा भएको स्वास्थ्य परीक्षण प्रतिवेदनमा निजको शरीरमा घाउ चोट निल डाम छैन । योनीको झिल्ली छेदन भएको छ तर वरिपरि चोट निल डाम छैन भन्नेसम्म उल्लेख भएको पाइयो । तथापि योनीको झिल्ली के कारणबाट छेदन भएको भन्ने उल्लेख भएको देखिँदैन । यी प्रतिवादीले पिडितलाई जवरजस्ती करणीको कसूर गरेको भए पीडितको योनी सुन्निने, निल डाम देखिने तथा रगत बीर्य आदि जवरजस्ती करणीसम्बन्धीका लक्षणहरु देखिनु पर्ने थियो । उक्त लक्षणहरु नदेखिएको कारणबाट यी प्रतिवादीले गरेको अनुसन्धान अधिकारीसमक्षको बयान र पीडित तथा जाहेरवालीको कथन स्वतन्त्र रुपबाट समर्थित हुन आएको पाइएन । तसर्थ उपरोक्त वर्णित आधार प्रमाणहरुबाट प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेको भन्ने वादी नेपाल सरकारको अभियोग मागदावी शङ्कारहित तवरबाट पुष्टि हुन सकेको देखिएन ।

अव यी प्रतिवादीले अन्य प्रकृतिको यौनजन्य कसूर हुने क्रिया गरेका हुन् होइनन् भन्ने दोश्रो प्रश्नतर्फ विचार गर्दा निजले जाहेरवालीको नाबालिका छोरीको योनीमा हातले मुसारेको तथ्यमा यस अदालतमा

साविती बयान दिएको पाइयो । मुलुकी ऐन, आसय करणीको महलको १ नं. को परिभाषामा कसैले कुनै महिलाको मञ्जुरी विना निजको संवेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेका, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, एकान्त ठाउँमा लगेमा वा यौनसम्बन्धी अङ्ग छुन लगाएमा यौन दुर्व्यवहार गरेको मानिनेछ भन्ने उल्लेख भएकोसमेतबाट यी प्रतिवादीले नाबालिकाउपर गरेको यौनजन्य क्रिया सोही आशय करणीको यौन दुर्व्यवहारअन्तर्गत देखिन आयो । साथै यी प्रतिवादी नाबालक देखिएका र बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३७(१) मा बालबालिकाको गिरफ्तारी वा कैद कानूनअनुरुप हुनेछ, त्यस्तो कार्य अन्तिम उपायको रुपमा र सबभन्दा कम समुचित् समयावधिको लागि मात्र प्रयोग गरिनेछ भन्ने व्यवस्था गरेको छ। साथै उक्त महासन्धिले बालबालिकाको हकहितमा "सर्वोत्तम हित (Best Interest of Child) हुने कार्य गर्नु पर्ने मार्ग निर्देश गरेकोसमेत पाइन्छ । उक्त महासन्धिको मार्ग निर्देशनलाई बालबालिकासम्बन्धी ऐन, २०४८ लेसमेत आत्मसाथ गरिसकेको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामासमेत वास्तविक कसूरको यकिन गर्नु पर्ने र न्यूनतम् सजाय गर्ने नीति अवलम्बन गरी बालकको सर्वोत्तम हितलाई ध्यान दिनु पर्ने अवस्था देखिन्छ। तसर्थ प्रस्तुत मुद्दामा यस इजलासका सहयोगी समाजसेवी बाबुराम कार्की र बालमनोविज्ञ बलबहादुर थापासमेतको राय प्रतिवेदनमा प्रतिवादीको पारिवारिक मनावैज्ञानिक र समाजशास्त्रीय दृष्टिकोण एवं प्रतिवादीले पीडित बालिकाको संवेदनशील यौनाङ्ग मुसारी आशय करणीजन्य क्रिया गरेको स्थिति भएको भनी उल्लेख गरेको रायसमेतका उपरोक्त वर्णित आधार प्रमाणहरुबाट प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र नपर्ने अवस्थाको देखिएकोले सोही ऐनको दफा २७ बमोजिम सरोकारवाला जाहेरवालीले प्रस्तुत मुद्दामा प्रतिवादीउपर आसय करणीको महलअन्तर्गत कारवाही चलाउन मुद्दा सकार गरे यसै मिसिलबाट कारवाही किनारा गर्ने गरी आशय करणीको महलमा परिणत गरिदिएको छ। यी प्रतिवादीलाई जवरजस्ती करणीको कसूरमा सजाय गरिपाऊँ भन्ने वादी नेपाल सरकारको अभियोग मागदावी पुग्न नसक्ने ठहर्छ। अन्य कुराको हकमा तपसिलमा लेखिएबमोजिम गर्ने गरी मुलुकी ऐन, अ.बं. १८६ नं.अनुसार यो फैसला गरिदिएँ ।

## तपसिल

प्रतिवादी विवेकके माथि ईन्साफ खण्डमा लेखिएबमोजिम वादी नेपाल सरकारको अभियोग मागदावी पुग्न नसक्ने ठहरी निजले अभियोग मागदावीबाट सफाई पाउने ठहरेकाले बाल सुधार गृह, भक्तपुरमा रहेका निज प्रतिवादी बालकलाई अन्य व्यहोराबाट बाल सुधार गृहमा राख्नु पर्ने नभए आजैका मितिदेखि प्रस्तुत मुद्दाबाट बाल सुधार गृहबाट मुक्त गरी दिनु भनी बाल सुधार गृह, भक्तपुरलाई पत्र लेखी पठाउनु ........१

वादी नेपाल सरकारको जवरजस्ती करणीमा सजाय गरिपाऊँ भन्ने अभियोग मागदावी पुग्न नसक्ने ठहरी प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूचि १ भित्र नपर्नेसमेत ठहर भई सोही ऐनको दफा २७ बमोजिम सरोकारवाला जाहेरवालीले प्रस्तुत मुद्दामा प्रतिवादीउपर आसय करणीको महलअन्तर्गत कारवाही चलाउन सकार गरे यसै मिसिलबाट कारवाही किनारा गर्ने गरी आशय करणीको महलमा परिणत भएकाले सोही बमोजिमको ३५ दिनको म्याद जाहेरवालीलाई दिनु .....................................२

यस ईन्साफमा चित्त नबुझे सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ का म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत, बुटवलमा पुनरावेदन गर्न जानु भनी फैसलाको प्रतिलिपिसहित जिल्ला सरकारी वकिल कार्यालय, पाल्पालाई पुनरावेदनको म्याद दिनु .......................................................३

सरोकारवालाले नक्कल माग गरे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु ...............४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनु ....५

..........................

जिल्ला न्यायाधीश

माननीय न्यायाधीशज्यूले बोली टिपाउनु भएबमोजिम यो फैसला तयार गर्ने ना.सु. केशव पराजुली ।

ईति सम्वत् २०६६ साल चैत्र ३१ गते रोज २ मा शुभम् .............................................।

## रुपन्देही जिल्ला अदालत
## बाल इजलास
## माननीय जिल्ला न्यायाधीश श्री प्रेमराज ढकाल
## फैसला

**उपस्थिति**

समाजसेवी : श्री सुनिलकुमार त्रिपाठी

बालमनोविज्ञ : श्री शिवलाल भण्डारी

सम्वत् २०६६ सालको बालबिज्याँई दर्ता नं. ६७-०६६-०१६७२,
नि.नं. १९७

**मुद्दा : जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई ।**

**वादीको नाम, थर, वतन**

पल्लवी थापा (नाम परिवर्तन) को जाहोरीले नेपाल सरकार............................१

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला रुपन्देही, देवदह बस्ने हिमाल थापा (नाम परिवर्तन) ....................................१

**ऐ. को प्रमाण**

**साक्षी** :

पल्लवी थापा, राधिका थापा (नाम परिवर्तन), पूर्णकली थापा,
नन्दकली थापा, गौमाया थापा, राजकुमार थापा, देविसिंह थापा

**कागज** : अभियोगपत्र साथ संलग्न कागजहरु ।

**ऐ. को प्रमाण**

**साक्षी** :

हर्कबहादुर थापा...........१

**कागज** : ×

**अदालतबाट बुझेको**

**साक्षीः**

डा. कृष्णप्रसाद खनाल, डा. राजेन्द्र संजेल

डा. श्रीधर आचार्य, डा. स्वयमप्रकाश पण्डित

डा. प्रकाश बुढाथोकी, राधिका थापा, पल्लवी थापा

**कागज :**

सीता माध्यमिक विद्यालयबाट प्राप्त विद्यार्थी भर्ना अभिलेख फारमको प्रतिलिपि ।

**कानूनी व्यवसायी**

बादी तर्फबाटः

जिल्ला न्यायाधिवक्ता श्री प्रकाश ढुङ्गाना

बालबिज्याँइकर्ता (प्रतिवादी) तर्फबाटः

अधिवक्ता लोकनाथ पन्थ, सूर्यराज अधिकारी

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र अ.बं. २९ नं. बमोजिम यसै अदालतको अधिकारक्षेत्रभित्रको प्रस्तुत मुद्दाको तथ्य यस प्रकार छ :-

मिति २०६६/१०/२ गतेका दिन बेलुका म मेरो हजुरआमा पुर्णकला थापासँग मेरो घरको साम्नेमा रहेको हिमाल थापाको घरमा गएकी थिएँ, बत्ती (लाईन) गएको थियो, निजको घरमा गएपछि म निदाए छु, हजुआमा र हिमालको आमा कता जानु भएछ उक्त घरमा हिमाल मात्र रहेछन् । म निदाएको घरमा कोही नभएको अवस्थामा प्रतिवादी हिमाल थापाले मैले लगाएको पाइन्टलाई केही तल झारेर मलाई मसारमुसुरसमेत गरी आफ्नो लिङ्ग मेरो योनीमा जवरजस्ती छिराउन खोज्दा म निद्राबाट व्यूझें, म रुँने कराउनेसमेत गर्न खोज्दा मलाई मुखसमेत च्यापी रोए कराएमा र कोहीसँग भनेमा पिट्छु भनी डरत्रासमा पारी निजले आफ्नो उत्तेजित लिङ्ग मेरो योनीमा रगेटिरहेका थिए, आफ्नो ईच्छा पुरा भएपछि मलाई छाडी दिएका हुन्, मेरो योनी दुखिरहेको थियो, केही वेरपछि मेरो आमा मलाई लिन आउनु भएको थियो, मलाई अफ्ठ्यारो भएको थियो, मैले हिमालले मलाई गरेको कुकर्मका बारेमा आफ्नो आमासँग बताई दिएकी हुँ भन्नेसमेत व्यहोराको पीडित राधिका थापाले गरेको कागज ।

जिल्ला रुपन्देही, देवदह गा.वि.स, वडा नं. ९ उपल्लो चरङ्गेस्थित पूर्वमा स्थानीय कच्ची बाटो, पश्चिम लिला थापाको कच्ची घर, उत्तर दिलबहादुर आलेको घर, दक्षिण स्थानीय सडक । यति चार किल्लाभित्रमा रहेको दक्षिण फर्केको खरले छाएको एक कोठे घर उक्त घरको भित्र पूर्व पश्चिम गरी राखेको खाटको विस्तरासमेतमा सिरक साइडमा रहेको तन्ना उल्टो परेको भन्नेसमेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

मिति २०६६/१०/२ गतेका राती देवदह गा.वि.स, वडा नं. ९ स्थित प्रतिवादी हिमाल थापाको घरमा मेरो छोरी वर्ष ७ की राधिका थापा सुती निदाएको अवस्थामा प्रतिवादी हिमाल थापाले घरमा अरु कोही नभएको बेला मेरो छोरी राधिका थापालाई निजले लगाएको पाइन्ट र पेन्टीसमेत खोली काखमा राखी जवरजस्ती करणी गरेको र छोरीका कपडासमेत निजले लगाई दिएको र म छोरीलाई लिन गई छोरीले मलाई उक्त कुरा बताएपछि छोरीको योनी हेर्दासमेत योनीमा शुक्रकीट लत्पतिएको र सुनिएको अवस्थामा

देखिएको हुँदा प्रतिवादी हिमाल थापालाई जवरजस्ती करणी महलअन्तर्गत कारवाही गरिपाऊँ भन्ने व्यहोराको जाहेरी दरखास्त ।

जवरजस्ती करणी मुद्दाका प्रतिवादी हिमाल थापालाई पक्राउ गरी दाखिला गरेको छु भन्नेसमेत व्यहोराको प्रहरी प्रतिवेदन ।

मिति २०६६/१०/२ गतेका साँझतिर पीडितको हजुरआमा मेरो फुपू नाता पर्ने सक्रान्तीमा निम्ता खानका लागि आउँदा पीडितलाईसमेत लिई आउँनु भएको थियो । मेरो आमाले फुपुलाई खाना बनाई खुवाउने क्रममा पीडित राधिका निदाएकी थिइन् । निजलाई मेरै घरा कोठामा सुताउनु भयो, खाना खाईसकेपछि राधिका थापालाई लिन बुहारीलाई पठाई दिन्छु, सुतेकी छ मैले बोकेर लैजान सकिन भनेर फुपु आफ्नो घरतर्फ लाग्नु भयो, मेरो आमा पनि काम विशेषले पसलतर्फ जानु भयो, म घरमै थिए, पीडित मेरै घर कोठामा सुतेकी थिइनू, तत्पश्चात मलाई राधिका थापालाई जवरजस्ती करणी गर्न मन लाग्यो, निज सुतेको स्थानमा गई निजले लगाएको पेन्टी पाइन्ट खोली दिई निजको योनी वरिपरि मेरो उत्तेजित लिङ्ग लतारी दिने योनीमा छोड्ने गरी यौन सन्तुष्टी प्राप्त गरेपछि निजको कट्टु पाइन्ट लगाई दिएँ । तत्पश्चात पीडित राधिका थापाको आमा आई राधिका थापालाई मेरो घरबाट आफ्नो घरतर्फ लिई जानु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी हिमाल थापाको बयान कागज ।

मेरो घरपरिवारमा मसमेत ५ जनाको परिवार छौँ । प्रतिवादी हिमाल थापा मेरो कान्छा छोरा हुन् । निजको मिति २०५३/५/२२ गते जन्म भएको हो निज हाल १४ वर्षमा लागेका छन् मेरो देवदह गा.वि.स, वडा नं. ९ चरङ्गेमा कच्ची घरसहितको २ कठ्ठा जग्गा छ भन्नेसमेत व्यहोराको प्रतिवादीको आमा नन्दकली थापाको कागज ।

मिति २०६६/१०/२ गतेका बेलुका म प्रतिवादी हिमाल थापाको घरमा निम्ता खान गएको थिएँ । नातिनी राधिका थापालाईसमेत साथमा लिई गएको हुँ, निजको घरमा गएको केही बेरपछि नातिनी निदाएकी हुँदा निजलाई त्यही सुताई दिई निम्ता खाएपछि केही बेर बसी नातिनी सुते निदाएको हुँदा बुहारी आएपछि केही वेरमा लिन पठाई दिन्छु भनी म घरतर्फ आएँ । प्रतिवादी हिमाल थापाको आमा पनि काम विशेषले बाहिर गएकी रहिछन् घरमा कोही नभएको अवस्थामा प्रतिवादी हिमाल थापाले सुती निदाएकी मेरी नातिनी राधिका थापाले लगाएको पाइन्ट पेन्टीसमेत खोली दिई आफ्नो उत्तेजित लिङ्ग पीडितको योनी वरिपरि दल्ने पसाउन खोज्ने गरी आफ्नो सन्तुष्टी पुरा गरेपछि निज नातिनीका कपडासमेत लगाई दिएका रहेछन् । मेरो बुहारी जाहेरवाली आएपछि निज नातिनीलाई लिन जाँदा नातिनीले उक्त कुरा आफ्नो आमालाई बताएपछि प्रतिवादी हिमाल थापाले मेरो नातिनीलाई जवरजस्ती करणी गरेका रहेछन् भन्ने कुरा थाहा भएको हो, प्रतिवादी हिमाल थापा राम्रा खालका मानिस होइनन् । निजलाई कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको पूर्णकाली थापाले गरेको कागज ।

मिति २०६६/१०/२ गतेका बेलुका पीडित राधिका थापालाई निजको हजुरआमाले छिमेकमै रहेको प्रतिवादीको घरमा पीडित राधिका थापालाई लिई गएकी रहिछन्, निज प्रतिवादीको घरमा लिई गएपछि पीडित राधिका थापा निदाएकी र निजलाई प्रतिवादीको घरमानै सुताई निजको हजुरआमा आफ्नो घरमा आईछन् । प्रतिवादी हिमाल थापाको आमा पनि काम विशेषले बाहिर दुकानतर्फ गएको अवस्थामा प्रतिवादी हिमाल थापाले सुते निदाएको पीडित राधिका थापाले लगाएका पाइन्ट र पेन्टीसमेत खोली दिएर आफ्नो उत्तेजित लिङ्ग निज पीडितको योनी वरिपरि दल्ने निज रोईकराई गर्दासमेत रोएकराएमा पिट्छु भनी डरत्रासमा पारी जवरजस्ती करणी गरेर आफ्नो सन्तुष्टी प्राप्त गरेपछि कपडासमेत लगाई दिएका रहेछन् । प्रतिवादी हिमाल थापा राम्रा खालका मानिस होइनन् निजलाई हदैसम्म कडा सजाय हुनु पर्छ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादी हिमाल थापाले वर्ष ७ की बालिका राधिका थापालाई जवरजस्ती करणी गरेको स-प्रमाण पुष्टि हुन आएको हुँदा प्रतिवादी हिमाल थापाको उक्त कार्य मुलुकी ऐन, जवरजस्ती करणीको पहलको १ र ३(१) नं. बमोजिम कसूर अपराध हुँदा निज प्रतिवादी हिमाल थापालाई सोही महलको ३ नं. को देहाय (१) बमोजिम कसूर अपराध हुँदा निज प्रतिवादी हिमाल थापाको उमेर १४ देखि १५ वर्ष सम्मको भनी लुम्विनी अञ्चल अस्पतालबाट उमेर प्रमाणित भएको हुँदा निज प्रतिवादी हिमाल थापालाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय हुन र पीडित राधिका थापालाई पर्न गएको शारीरिक र मानसिक अवस्थालाईसमेत विचार गरी मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीबाट मनाशिव क्षतिपूर्ती दिलाईपाऊँ भन्नेसमेत व्यहोराको बादी नेपाल सरकारको यस अदालतमा प्रस्तुत गरिएको अभियोगपत्र ।

जाहेरवाला लिलु थापा मेरो फुपूको छोरा बुहारी हुन् भने पीडित भनिएकी राधिका थापा मेरो फुपूको नातिनी हुँदा मैले बहिनी भन्नु पर्छ । मिति २०६६/१०/२ गतेको दिन माघे संक्रान्ती मान्न फुपू र फुपूको नातिनी राधिकासमेत आएका हुन् । फूपु खानपिन गरी अगाडि आफ्नो घरमा जानु भयो । निजको नातिनी राधिका हाम्रो घरमा सुतेकी थिइन । पछि उनको आमा आई घरमा लिएर गएकी हुन् । मैले निज राधिकालाई केही गरेको होइन । निजले गरेको कागज व्यहोरा झुठ्ठा हो । किन त्यस्तो कागज गरिन् थाहा भएन । मैले निज राधिकालाई करणी गरेको छैन । मैले मौकामा अनुसन्धानको क्रममा गरेको बयान व्यहोरा मेरो होइन । मैले प्रहरीमा पीडित भनेकी राधिकालाई जवरजस्ती करणी गरेको होइन भनेको थिएँ तर फरक लेखी दिएछन् । मैले त्यस्तो गलत अनैतिक कार्य गरेको छैन र म नाबालकसमेत हुँदा मलाई अभियोग दावीबमोजिम सजाय हुनु पर्ने होइन । छुटकारा पाऊँ भन्नेसमेत व्यहोराको बिज्याँईकर्ता बालक (प्रतिवादी) हिमाल थापाले यस अदालतमा गरेको बयान कागज ।

प्रहरीसमक्ष बयान गर्दा पीडक भनिएका हिमाल थापाले आरोपित कुरा स्वीकारी डर, धाक, धम्की दिई बयान गराएको भन्ने कुरा अदालतमा बयान गर्दै आरोपित बिज्याँई आफूले नगरेको भनी ईन्कारी बयान लिपिबद्ध गरिएता पनि पीडित एउटै गाउँटोल आमनेसामने घर बसोवास भएका एक आर्काको नाता

कुटम्बका रही चाडपर्वमा एक अर्काको घरमा आई खानपिन गरी आउँने जाने गरी सामाजिक सम्बन्ध कायम रहेकै अवस्थामा यस्तो बिज्याँई हुन गएको देखिन्छ । सम्मानित अदालतको आदेशानुसार पीडित जाहेरवाला लगायतका स्वास्थ्य परीक्षण गर्ने तथा पीडकको उमेर निर्धारण गर्ने विशेषज्ञ चिकित्सकहरुको बयान राय मौकामा पीडकको आमाले गरेको कागज तथा पीडक अध्ययन गर्ने श्री सीता माध्यमिक विद्यालय, देवदहको झिकाई आएको भर्नासमेतबाट निजको जन्ममिति २०५३/५/२२ रहेको लगायतको कागजातको अध्ययन गर्दा पीडक पीडित दुवै बालबालिकानै रहेका, पीडकको भविष्य र पीडितको जीवन एवं भविष्यलाई हेरी दुवै अध्ययन गर्ने विद्यार्थी रहेबाट निजहरुको सामाजिक परिवेश, आर्थिक अवस्था रहनसहन मध्यम खालको रहेको निजहरुको पारिवारिक अवस्था एक अर्कामा नातेदारी सम्बन्ध रहेको देखियो । पीडकको घरमा पारिवारिक अवस्था रही लगाइएको आरोप बिज्याँई अर्काको देखासिकीबाट गर्न पुगी बालबिज्याँई गरेका हुने कि भन्नेतर्फ उपरोक्तअनुसारको अध्ययनबाट निज बालकले गरेको बिज्याँई गल्तीलाई सुधारात्मक दृष्टिकोणबाट उपयुक्त न्यूनतम् दण्ड विधि अवलम्बन गरी पुनः समाजमा स्थापित हुने किसिमको राय व्यक्त गर्दछु भन्ने बाल इजलास रुपन्देही जिल्ला अदालतका समाजसेवी सदस्य सुनिलकुमार त्रिपाठीले यस अदालतमा पेश गरेको राय प्रतिवेदन ।

Unmaturity of psycho-physical condition a childs ego can not be able to counselling ID feelings it would be better to counselling him for a while in his family environment and re go in society भन्नेसमेत व्यहोराको बालमानोविज्ञ श्री शिवलाल भण्डारीले यस अदालतमा पेश गरेको राय प्रतिवेदन ।

बादीका साक्षी पीडित राधिका थापा, जाहेरवाली लिलु थापा एवं प्रतिवादीको स्वास्थ्य जाँच तथा शारीरिक परीक्षण गर्ने डाक्टरहरु कृष्णप्रसाद खनाल, राजेन्द्र सञ्जेल, श्रीधर आचार्य, स्वयं प्रकाश पण्डित, प्रकाश वुढाथोकीले यस अदालतमा आई गरेको बकपत्र मिसिल सामेल रहेको ।

यस अदालतका आदेशानुसार प्राप्त भएको प्रतिवादी हिमाल थापाको जन्ममिति २०५३/५/२२ रहेको भन्ने श्री सीता माध्यमिक विद्यालय, देवदह ९ रुपन्देहीको मिति २०६६/१/८ को विद्यार्थी भर्ना अभिलेखको प्रतिलिपि र निजको जन्ममिति २०५३/५/२२ रहेको भन्ने च.नं. १०८ मिति २०६६/११/२१ को सोही विद्यालयको पत्रसमेत मिसिल सामेल रहेको ।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा बादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्धान जिल्ला न्यायाधिवक्ता प्रकाश ढुंगाना र प्रतिवादीका तर्फबाट रहनु भएका विद्धान अधिवक्ताद्धय लोकनाथ पन्त र सूर्यराज अधिकारीले गर्नु भएको बहस सुनियो । प्रतिवादी हिमाल थापाउपर मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ३(१) नं. बमोजिमको कसूरमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय हुन र पीडित राधिका

थापालाई पर्न गएको शारीरिक र मानसिक अवस्थालाईसमेत विचार गरी मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीबाट मनासिब क्षतिपूर्ति दिलाईपाऊँ भन्ने वादी नेपाल सरकारको अभियोग दावी रहेको देखिन्छ । दाबीबमोजिम कसूर गरेको हो, होइन भन्ने सम्बन्धमा विचार गर्दा प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा आफ्नै घर कोठामा सुतेकी राधिकालाई करणी गर्न मन लागी पेन्टी खोली योनीमा लिङ्ग लतारने जोड्ने गरी यौन सन्तुष्टी प्राप्त गरेको भनी आरोपित कसूरमा सावित रहेकोमा पीडित राधिका थापाले अदालतमा आई बकपत्र गर्दा यी प्रतिवादीले जवरजस्ती करणी गरेको भनी उल्लेख गरेकी, यस्तै पीडितकी आमा जाहेरवाली लिलु थापाले छोरी खुट्टा खोच्याएकाले निजलाई सोध्दा हिमालले जवरजस्ती करणी गऱ्यो भनेकी र छोरीको योनीबाट रगत आएको भनी बकपत्रमा लेखाएको पाइन्छ । निज पीडितलाई शारीरिक परीक्षण गर्ने डा. कृष्णप्रसाद खनालले पीडित राधिकाको योनीद्धार खुल्ला र च्यातिएको योनी वरिपरिको भाग चिसो र सुनिएको थियो भनी अदालतमा बकपत्र गरेको देखिन्छ ।

माथि उल्लेख भएअनुसार जवरजस्ती करणी गरेका भन्ने किटानी जाहेरी दरखास्त भएकोमा जाहेरवाली र पीडितको अदालतमा किटानी बकपत्र, पीडितको मेडिकल रिपोर्ट र सम्बन्धित चिकित्सकले अदालतमा आई गरेको बकपत्रसमेतले प्रतिवादीको अनुसन्धानको क्रममा भएको साविति बयानलाई पुष्टी गरेको देखिँदा उल्लिखित सवूत प्रमाणबाट प्रतिवादी हिमाल थापाले जवरजस्ती करणीको महलको १ र ३(१) नं. विरुद्धको अपराध गरेको ठहर्छ ।

लुम्विनी अञ्चल अस्पतालबाट भएको उमेर जाँचको आधारमा प्रतिवादीउपर जवरजस्ती करणीको महलको दफा ३ को देहाय १ बमोजिम हुने सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरिपाऊँ भन्ने वादी नेपाल सरकारले अभियोगमा उल्लेख गरेको पाइन्छ । प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दा आफ्नो उमेर १४ वर्ष भनी लेखाएको देखिन्छ। अनुसन्धानकै क्रममा मिसिल संलग्न सीता मा.वि., देवदहको पत्रबाट निजको जन्ममिति २०५३/५/२२ उल्लेख भएको र यस अदालतबाट प्रतिवादी भर्ना हुँदा भरिएको सक्कल दरखास्त फाराम (आवेदन) को प्रतिलिपी झिकाउने आदेश भई सीता माध्यमिक विद्यालयबाट प्राप्त विद्यार्थी भर्ना अभिलेख फारामको उतारबाट निजको जन्ममिति २०५३/५/२२ नै देखिन आई वारदात २०६६/१०/२ गतेको मितिमा निजको उमेर १४ वर्ष पुरा भइसकेको देखिन आएन ।

बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५ मा भएको उमेर निर्धारणसम्बन्धी कानूनी व्यवस्थालाई हेर्दा अस्पतालबाट प्रमाणित उमेरभन्दा अगाडि विद्यालय भर्ना हुँदाका बखत उल्लेख गरेको जन्ममितिलाई आधार मान्नु पर्ने देखिँदा उक्त नियम १५ को देहाय (ग) बमोजिम यी प्रतिवादीको उमेर १४ वर्ष पुरा भइसकेको नदेखिएकोले यी प्रतिवादी हिमाल थापालाई जवरजस्ती करणीको महलको दफा ३ को देहाय १ बमोजिम सजाय हुनेमा उमेरका आधारमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा २ बमोमिज ६ महिना कैद हुने ठहर्छ र जवरजस्ती करणीको महलको दफा १० बमोजिम

प्रतिवादीबाट बादीलाई रु. ५,०००/- क्षतिपूर्ति भराई दिनेसमेत ठहर्छ। सो ठहर्नाले अरु तपसिलबमोजिम गर्ने गरी प्रस्तुत मुद्दा अ.बं. १८६ नं. बमोजिम फैसला गरिदिएँ।

**तपसिल**

माथि ईन्साफ खण्डमा उल्लेख भएबमोजिम बिज्याँईकर्ता बालक (प्रतिवादी) हिमाल थापालाई ६(छ) महिना कैद सजाय हुने ठहरी फैसला भएकाले निज प्रतिवादी मिति २०६६/१०/३ गतेदेखि प्रहरी हिरासतमा र यस अदालतका आदेशले हालसम्म बाल सुधार गृह, सानोठिमी भक्तपुरमा रहेको देखिँदा निज (प्रतिवादी) लाई लागेको कैद असूलउपर गर्न सोही प्रहरी हिरासतमा रहेको मिति २०६६/१०/३ देखिनै कैद कट्टा हुने गरी रीतपूर्वकको कैदी पूर्जि लेखि पठाई दिनु....................................१

माथि ईन्साफ खण्डमा उल्लेख भएबमोजिम प्रतिवादी हिमाल थापाबाट पीडित (नाम परिवर्तित) राधिका थापालाई क्षतिपूर्तिबापत रु. ५,०००/- भराई दिने ठहरेकाले सो क्षतिपूर्ति रकम भराईपाऊँ भनी पुनरावेदनको अवस्था नाघेपछि दण्ड सजायको ४२ नं. का म्यादभित्र प्रतिवादीको यसै सरहदको जेथा देखाई पीडित (नाम परिवर्तित) राधिका थापाको दरखास्त परे पाउने क्षतिपूर्ति रकमको अढाई प्रतिशतले हुने दस्तुर लिई उक्त क्षतिपूर्तिको रकम प्रतिवादी हिमाल थापाबाट पीडित (नाम परिवर्तित) राधिका थापालाई भराई दिनु ..................................................................................२

प्रस्तुत ईन्साफउपर चित्त नबुझे सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिमको म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत, बुटवलमा पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, रुपन्देहीलाई तथा प्रतिवादी हिमाल थापालाई पुनरावेदनको म्याद दिनु..................................३

फैसलाको १ प्रति प्रतिलिपि जानकारीको लागि केन्द्रीय बाल कल्याण समिति काठमाडौंमा पठाई दिनु ..४

नक्कल माग्ने सरोकारवालालाई कानूनबमोजिम लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु..............५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु .......................६

....................
जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले टिपाएबमोजिम कम्प्युटर दाईप गर्ने फाट शाखा अधिकृत नेत्रप्रसाद भुसाल।

ईति सम्वत् २०६७ साल जेठ ३० गते रोज १ मा शुभम्.............................................।

**जाजरकोट जिल्ला अदालत**

**इजलास**

**माननीय न्यायाधीश श्री रितेन्द्र थापा**

**फैसला**

स.फौ.मु.नं.: ०७६-०६६-००२३२

निर्णय नं.:

**मुद्दा : कर्तव्य ज्यान।**

**वादीको नाम, थर, वतन**

कलबहादुर पुनको जाहेरीले नेपाल सरकार.......१

**प्रतिवादीको नाम, थर, वतन**

संकेत नं. १२५ को जाहेरीले संकेत नं. २२५...१

**ऐ. को प्रमाण**

**साक्षी** :

जाहेरबाला कुलबहादुर पुन ...............१

केतुकी पुन (नाम परिवर्तन) ..................१

शिला घर्ति ................................१

उदे नेपाली ...............................१

**कागज** :

शव परीक्षण प्रतिवेदन .......................१

उमेर खुलेको प्रमाण .......................१

**ऐ. को प्रमाण**

**साक्षी** : कर्णबहादुर शाह ......................१

**कागज** : ×

**अदालतबाट बुझेको :**

कागज : विद्यालयको हाजिर उतार ।

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ बमोजिम पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार रहेको छ :

संकेत नं. २२५ ले २०६६/१०/१ गते बेलुका अन्दाजी ६ बजेको समयमा महिना पुगी जन्मिएको छोरालाई जन्मना साथ हातले समाती जमिनमा पछारी कर्तव्य गरी मारी माइती घर नजिकै बारीमा लगी गाडी दिएको हुँदा मृतक लाशलाई कानूनबमोजिम गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

शरीरका विभिन्न भागहरुमा रगत जस्तो रातो पदार्थ लागेको, हातखुट्टा छातिमा सटी डल्लो परेको, नाक किचिएको कान देखिएको, टाउकोमा एक ईन्च काटिएको, पुरै शरीर भरी निलो भएको, अन्य शंकास्पद वस्तु केही फेला नपरेको भन्नेसमेत व्यहोराको मिति २०६६/१०/८ को घटनास्थल मुचुल्का ।

अवधि पुगी २०६६/१०/१ गतेका दिन जिवित जन्मिएको छोरालाई जन्मनासाथ दाहिने हातले समाती जमिनमा पछारी ज्यान मारी माइतिघर नजिक बारीमा गाडि दिएकोले उल्लिखित संकेत नं. २२५ लाई हदैसम्मको कानूनी कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दर्खास्त ।

मिति २०६६/१०/८ गतेका दिन मेरो लोग्नेको करणीबाट जन्मेको नवजात शिशुलाई जीवितै जन्माई जन्मनासाथ हातले माथि उचाली जमिनमा पछारी आफै कर्तव्य गरी मारी दिएकी हुँ । लोग्ने भारततर्फ गएका र परिवारमा मनमुटाव भएको तथा आफ्नो भविष्य बर्वाद हुने भयो भन्ने ठानी एक्लैले मारी माइतिघरमा अरु कसैलाई जानकारी नदिई बसेको भन्नेसमेत व्यहोराको संकेत नं. २२५ ले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान ।

मिति २०६६/१०/१ गते वारदात भएको समयमा म आफ्नो जिल्ला जाजरकोट पुन्मा स्थित घरमा थिएँ । वुहारी संकेत नं. २२५ आफ्नो माइतिघर झाप्रा, काफ्लामा मिति २०६६/३/२६ मा गई माइतिघरमै बस्दै आएकी थिइन् । पटकपटक निज बुहारी हाल प्रतिवादीका माइतिघरमा गई आफ्ना घर जाउँ भनी भन्दा निज नमानी माइतिघरमै बस्दै आएकी थिइन् । माघ १ गते साँझ ६ बजेतिर बच्चा जन्माई जन्मनासाथ हातले जमिनमा पछारी आफै कर्तव्य गरी मारी माइतिघरको नजिक बारीमा गाडी दिएकी हुँ भनी निजले बताए पश्चात प्रहरी टोलीले मेरै अगाडि मृतक नवजात शिशु गाडेको खाल्टोबाट निकालेको हो । छोरा जितबहादुर पुनको करणीबाट जन्मेको नवजात शिशुलाई जन्मनासाथ आफैले कर्तव्य गरी मार्ने संकेत नं. २२५ लाई कानूनबमोजिम सजाय होस् भन्ने व्यहोराको कौशिला पुनले अनुसन्धान अधिकारीसमक्ष गरिदिएको कागज ।

मिति २०६६/१०/८ गते प्रहरी टोली निज संकेत नं. २२५ को घर आँगनमा आएको देखी उक्त स्थानमा गई बुझ्दा घटनाका बारेमा थाहा जानकारी भयो । प्रहरीले मेरो अगाडि नवजात शिशुलाई प्रतिवादीले गाडेको स्थानबाट निकाली घटनास्थल लाश मुचुल्कासमेतको कार्य गरेको ठीक साँचो हो । घटनामा अन्य को कसको संलग्नता छ मलाई थाहा छैन । यसरी आफ्नो कोखबाट जीवितै जन्मेको नवजात शिशुलाई जन्मनासाथ जमिनमा पछारी कर्तव्य गरी मार्नेलाई सजाय होस् भन्नेसमेत व्यहोराको कर्णबहादुर शाहले अनुसन्धान अधिकारीसमक्ष गरेको कागज ।

संकेत नं. २२५ मेरो छोरी हुन् । विद्यालयमा पढ्दा पढ्दै २०६५ सालको माघमा विवाह गरी आफैँ गएकी हुन् । पछि छोरी र ज्वाईको पारिवारिक सम्बन्ध केही बिग्रिएपछि माइतिघरमै बस्दै आएकी थिइन् । मिति २०६६/१०/१ गते साँझ पनि सबै परिवार खाना खाई आफ्नो कोठामा सुत्यौं । छोरी पनि आफ्नो कोठामा गइन् । एकैचोटी ८ गते पुन्मा बस्ने सासु तथा जेठाजु आई छोरीलाई अलग राखी सोधपुछ गर्दा निजले माघ १ गते साँझ नवजात शिशु जन्माई गोठ नजिक गाडिदिएको छु भनी भनेपछि प्रहरी घटनास्थलमा पुगेपछि मात्र घटनाबारे थाहा पाएको हुँ । निज छोरीले जितबहादुर पुनकोनै गर्भ बोकी आएको थिइन् वा अरु कसैको सोसमेत मलाई थाहा छैन । वारदात घटनामा अन्य कसैको मिलोमतो छैन जस्तो विश्वास लाग्छ भन्नेसमेत व्यहोराको चन्द्रबहादुर घर्तिले गरिदिएको कागज ।

जाहेरवाला कलबहादुर पुनसमेत सो स्थानमा आएको हुँदा म पनि सो स्थानमा गई वास्तविक कुरा बुझ्दा चन्द्रबहादुर घर्तिको छोरीले श्रीमान जितबहादुर पुनको सहवासबाट गर्भ रहेको नवजात शिशु जन्माई १ गते कर्तव्य गरी मारी जमिनमा गाडिदिएको कारण प्रहरी टोली आएपछि सोध्दा थाहा भएको हो वारदात घटना घटाउदा को कस्को मिलोमतो थियो मलाई थाहा भएन भन्नेसमेत व्यहोराको उदे नेपालीले गरेको कागज ।

संकेत नं. २२५ ले पुन्मा बस्ने जितबहादुर पुनसँग प्रेम विवाह गरी गएकी हुन् । घरमा मनमुटाव भएपछि माइतिघरमा आई बसेकी थिइन् । माइतिघरमा आएपश्चात् निज विद्यालयमा अध्ययन गर्न जाने आउने गर्दथिइन् र घरमा बस्दा प्रायजसो मेक्सी कपडा लगाउने गर्दथिइन् । निजले आफ्नो कोखमा रहेको नवजात शिशु मिति २०६६/१०/१ गते जन्माई जमिनमा गाडेकी छन्, खोई के कुन स्थानमा गाडेको छ भनी सोधपुछ गर्ने क्रममा चन्द्रबहादुर घर्तिको कोठामा जन्माई तत्कालै जमिनमा पछारी कर्तव्य गरी मारी जमिनमा गाडेको स्थान यही हो भनी देखाएपछि घटनास्थलबाट मृतक नवजात शिशुको लास जमिनमुनीबाट निकाली प्रहरीले आफ्नो कार्य गरको हुँदा थाहा भएको भन्नेसमेत व्यहोराको शिला घर्तिको कागज ।

The cause of death can not be ascertained though there is some sign of airways abstruction भन्नेसमेत व्यहोराको शव परीक्षण प्रतिवेदन ।

संकेत नं. २२५ माइतिघरमा बस्दै गरेको अवस्थामा नवजात शिशुको जन्म दिई मारेकोले निजलाई ज्यानसम्बन्धीको महलको १, १८ र १३(३) नं. अनुरुपको कसूरमा सोही महलको सोही १३(३) नं. बमोजिम सजाय हुन तथा निजको उमेर १५ वर्ष १० महिना २ दिन भएको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ बमोजिम हुन भन्ने वादी नेपाल सरकार तर्फबाट प्रस्तुत अभियोगपत्र ।

मिति २०६६/१०/१ गते साँझ माइतिघरमा रहँदा सो मितिका दिन साँझ ७ बजे तिर मैले नवजात शिशु छोरा जन्माएकी हुँ जन्मिएपछि ५ मिनेट जति आँखा हेरेको जस्तो देखेँ । बच्चा रोईकराई नगरेको हुँदा मरेको होकि भनी यसो जमिनमा पछारी केही चाल नगरेको हुँदा नजिकै लिई गाडिदिएको हुँ र बच्चाको बाबु मेरो पति जितबहादुर पुन भारत गएका छन् । मेरो पतिले अर्की सौता ल्याएको हुँदा सासु ससुरासँग

आवतजावत गर्ने गरेको थिइन र मैले आफै मारी फालेको होइन । जन्मिएपछि ५ मिनेट जती आँखा हेरेको जस्तो देखेँ । केही रोईकराई चालचुल नगरेको हुँदा मरेको होकी भनी यसो जमीनमा पछारी केही चाल नगरेको हुँदा नजिकै गाडिदिएकी हुँ अभियोग मागदावीबमोजिमको कसूर गरेको होइन भन्नेसमेत व्यहोराको संकेत नं. २२५ ले यस अदालतसमक्ष गरेको बयान ।

मुद्दा पुर्पक्षको लागि थुनामा राख्न पर्नेमा यस जिल्लामा बाल सुधार गृह नभएको हुँदा नाबालिकाको दाजुसमेतको कागज गरी गराई निजलाई अध्ययनरत विद्यालयमा अध्ययन गर्ने गराउने गरी, तथा अड्डाबाट खोजी भएका बखत उपस्थित गराउने गरी बुझाई दिने राख्ने गरी यस अदालतबाट मिति २०६७/३/१४ मा भएको आदेश ।

प्रहरी आई लाश खाल्टोबाट निकाल्दाका बखत संकेत नं. २२५ ले आफूले जीउँदो बच्चा जन्माई मारी गाडेकी हुँ भनेकोले थाहा पाएको हुँ । बच्चालाई थोरै खाल्डोमा ढुंगाले पुरिएको थियो । खाल्डोबाट बच्चा निकाल्दा दोपट्टाले बेरिएको र बच्चाको शरिरमा निलडाम देखेको थिएँ । बच्चा जीउँदो जन्मिएको थियो वा मरेको थियो थाहा भएन भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्काका मानिस कर्णबहादुर शाहले गरेको बकपत्र ।

प्रहरी आएर बच्चा खाल्डोबाट निकालेको बेला देखेको हुँ । जीउँदो बच्चा जन्माएर गाडेको सम्बन्धमा मलाई थाहा भएन । प्रहरीले निकाल्दा टालोले बेरिएको थियो । मृतकको चोटपटकको अवस्था के कस्तो अवस्थाको थियो मलाई थाहा भएन भन्नेसमेत व्यहोराको घटनास्थल वस्तुस्थिति मुचुल्काका मानिस उदे नेपालीले गरेको बकपत्र ।

संकेत नं. २२५ ले बच्चा जन्माएको कुरा थाहा भएन । पछि प्रहरी आई खाल्डोबाट बच्चा निकालेको सम्म थाहा छ, लाश पनि देखिन कस्तो अवस्था थियो सो पनि थाहा भएन भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिस शिला घर्तिको बकपत्र ।

बच्चाको लाश दोपट्टामा बेरी राखेको थियो चोटपटक के थियो देखिन । सोध्दा छोरा जन्माई मारी फालि दिएँ भनेकी थिइन् । मैले सरसल्लाह गरी माइतिमा पठाएकी थिइन् । आफूखुसि माइतिमा गएकी हुन् भन्नेसमेत व्यहोराको घटना विवरणका मानिस कौशिला पुनले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६६/९/२२ मा बुहारी तथा माइति पक्षका व्यक्तिहरुलाई एउटा पत्रद्धारा हाम्रो बच्चालाई सकुशल राखि दिनु हामी लिन आउँछौ भनी सूचित गरेका थियौं । मिति २०६६/१०/५ गते आमा माइति पक्षको घरमा जाँदा बच्चा मारेको थाहा भयो । संकेत नं. २२५ आफ्नो माइतिघरमा थिइन् । मैले बच्चा जीवितै जन्मेको देखेको होइन । मेरो आमा बच्चा जन्मेको हो की भनी माइतिघरमा जाँदा बच्चा जन्मी मारेको भन्ने आमाद्धारा भनेकाले सुनी जाहेरी दिएको हुँ । घरको अलि तलतिर गाडिएको अवस्थामा थियो

बच्चा पुरामासको हृष्टपुष्ट अवस्थाको थियो । बच्चा छोरा जातको हो । मुखमा गोबर जस्तो देखिन्थ्यो । बच्चाको कन्चटतर्फ निलडाम थिए । बच्चा गाड्दा लागेको हुन सक्छ भन्नेसमेत व्यहोराको जाहेरबाला कलबहादुर पुनले गरेको बकपत्र ।

## अदालतको ठहर

नियमबमोजिम पेशी सूचीमा चढी पेश हुन आएको मिसिल कागजात अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दा अंग पुगि किनारा लगाउन मिल्ने देखियो । छुट्टै बाल इजलास नरहेकोले न्यायाधीश कार्यकक्षमा बसी उपस्थित हुनु भएका कानूनसँगका द्वन्दमा पर्नु भएका संकेत नं. २२५ को हकमा विद्धान वैतनिक अधिवक्ता श्री छविराज शर्मासँग छलफल गरियो । प्रश्न उठाइएका बालिकालाई यस मुद्दाको अभियोगबाट सफाई दिनु पर्दछ भन्नेतर्फ आफ्नो विचार राख्दै वहाँले यी बालिका १५ वर्षकी भएको हुँदा निजलाई बच्चा मरे बाँचेको छ वा के छ भन्ने कुरा पनि यकिन हुँदैन, मरेको भनेर गाडेको हुन सक्छ । वारदात यकिन देख्ने कोही छैनन् । अभियोजन पक्षबाट प्रस्तुत साक्षीहरुले शंकाको भरमा आफ्नो भनाई राखेका हुन् । सन्तान अवैध होइन, मार्नु पर्ने अवस्था छैन । मरेको बच्चा फेरी नआउँन भनी गाउँठाउँमा मुखमा गोबर राखि दिने चलन छ । सोहीअनुरुप राखेको हुनु पर्दछ भनी भन्नु भयो ।

नाबालिका संकेत नं. २२५ लाई वहाँउपर लगाइएका बिज्याँईको प्रश्न व्यवस्थापन नहुन्जेलसम्मको लागि यस अदालतको मिति २०६६/१०/२५ को आदेशबाट श्री बाल मा.वि. झाप्रामानै अध्ययन गरी गराई दाजू तथा एका गाउँका भद्रभलादमीहरुको जिम्मा दिई पठाउने, वहाँको विद्यालयमा उपस्थित अभिलेख उतार विद्यालयका तर्फबाट यस अदालतमा पठाउने र खोजी भएका बखत यस अड्डामा उपस्थित गराउने गरी अदालती बन्दोबस्तको महलको ११८(२) नं. लाई प्रयोग गरिएको थियो । उक्त विद्यालयबाट बालिका हाल सम्पर्क बाहिर रहेको र २०६६ सालको बार्षिक परीक्षामा अनुपस्थित रहेको भनी मिति २०६६/१२/२९ मा जानकारी प्राप्त भएको थियो । बालिका स्वयं यस अदालतमा २०६७/१/१५ मा उपस्थित भई आफू हाल नजिकैको सरस्वती मा.वि. पुन्मामा अध्ययन गरिरहेकोले उक्त विद्यालयमानै अध्ययन गर्ने अनुमति पाऊँ भनी निवेदन दिनु भएको थियो । सरस्वती मा.वि. को च.नं. ५, मिति २०६७/१/२६ को पत्रअनुसार निजले बार्षिक परीक्षा दिएको देखिन्छ । तर उक्त मा.वि. का प्रधानअध्यापकमार्फत पेशीको सूचना पठाइएकोमा आज ३ः३० बजेसम्म पर्खिदा पनि उपस्थित हुनु भएन ।

संकेत नं. २२५ उपर लागेको बिज्याँईको प्रश्न हेर्दा आफूले जिउँदै जन्माएको नवजात बच्चालाई जमिनमा पछारी मृत्यु गराएपश्चात् खेत बारीमा लगी गाडेको हुँदा ज्यानसम्बन्धी महलको १, १८ र १३(३) नं. सँग द्धन्दमा परेकोले सोही १३(३) नं. अनुरुप सजाय गरिपाऊँ भन्ने रहेको देखिन्छ । यसका साथै, वाहाँको उमेर १५ वर्ष १० महिना २ दिन भएको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ बमोजिम हुन भन्ने अनुरोधसमेत भएको वादी नेपाल सरकार तर्फबाट प्रस्तुत अभियोगपत्रबाट देखिन्छ ।

मिति २०६६/१०/१ का दिन संकेत नं. २२५ ले छोरा जन्माएको तथ्यमा विवाद छैन । वहाँले यस अदालतमासमेत बयान गरी स्वीकार गर्नु भएको तथा शारीरिक जाँच प्रतिवेदनलेसमेत पुष्टि गरिरहेको देखिन्छ । बच्चा (जातक) मारेको भन्ने प्रश्न उठेका बखत सर्वप्रथम उक्त बच्चा जीउँदै जन्मिएको थियो भन्ने स्थापित हुनु पर्दछ, किनभने आमाको शरीरभन्दा छुट्टै जीवनको अस्तित्व प्रमाणित नभएसम्म जातक जीवित जन्मिएको भन्ने मानिदैन । यो औषधि विज्ञान विधिशास्त्रमा सामान्य अनुमान गर्नु पर्ने कुराअन्तर्गत पर्दछ । यसलाई P.C., Dikshit यसरी लेख्दछन्, There is a presumption that all births are still born children until the prosecution can prove a separate existene (Medical Jurisprudence and Toxicology, 7th ed. 2002, Butterworths, p.653.)

मिसिल सामेल कुनै कागजबाट पनि बच्चा जन्मेको बखत प्रत्यक्षतः देख्ने कोही रहे भएको देखिँदैन । बच्चा जन्माउने यी बालिका आफैमात्र रहेको हुँदा वहाँको भनाईतर्फ हेर्नु पर्ने भएको छ । वहाँको अनुसन्धान अधिकारीसमक्षको बयानमा जीवितै जन्माई जन्मनासाथ हातले माथि उचाली जमिनमा पछारी आफै कर्तव्य गरी मारिदिएकी हुँ भनी आफ्नो व्यहोरा राखेको देखिन्छ भने अदालतसमक्ष मैले नवजात शिशु छोरा जम्माएकी हुँ । जन्मिएपछि ५ मिनेट जति आँखा हेरेको जस्तो देखेँ । बच्चा रोईकराई नगरेको हुँदा मरेको होकी भनी यसो जमीनमा पछारी केही चाल नगरेको हुँदा नजिकै लिई गाडिदिएको हुँ भनी भन्नु भएको छ । यसै गरी घटना विवरणका मानिस कोशिला पुनसमक्ष बच्चा सम्बन्धमा सोधनी गर्दा जन्माई मारी फालिदिएँ भनी मौकामा भनेको तथ्य निजले यस अदालतसमक्षसमेत बकपत्र गरिदिएको अवस्था छ ।

प्रश्नमा परेको व्यक्ति स्वयं नाबालिका देखिँदा निजको बुझाई र भनाईमा असामञ्जस्य हुन सक्छ । यस सम्बन्धमा नवजातको शव परीक्षण प्रतिवेदन अध्ययन गर्दा मृत्यूको कारण यकीनसाथ भन्न नसकिए पनि श्वासनलीमा अवरोधको कारण मृत्यु भएको हुन सक्छ भन्ने लेखिएको छ । प्रतिवेदनको आन्तरिक जाँच विवरणबाट शवको मुखभित्र गाईको गोवरले भरिएको देखिन्छ भने Lungs crepitated, not shink in water समेत उल्लेख गरिएको छ । यद्यपी, विधिविज्ञानले फोक्सो पानीमा उत्रेको जाँच प्रणाली Hydrostatic test लाई बच्चा जीवित जन्मेको भन्न सकिने एकमात्र आधार मान्दैन तथापी फोक्सो चरचर गर्ने अवस्थामा रहेको (Crepitated) अवस्था हुँदा फोक्सो पानीमा तैरनु पनि जीवित जन्मिएको आधारमा लिन सकिने हुन्छ ।

द्वन्दमा रहनु भएकी बालिकाले अदालतसमक्षसमेत बच्चाले ५ मिनेटसम्म आँखा हेरिरहेको भन्ने उल्लेख गराएको, फोक्सो crepitated भएको, फोक्सो पानीमा राख्दा तैरिएको अवस्थासमेत रहेको, बच्चाको मृत्युको अन्य कारण यकीन हुन नसकेको तथा शवको मुखभित्र गोबरसमेत रहेको तथा श्वाश नलीमा अवरोध देखिनुले बच्चा जीवितै जन्माई मारेको भन्ने अनुसन्धान अधिकारीसमक्षको बालिकाको भनाई स्थापित हुन आएको छ । तसर्थ माथि विवेचित आधार र प्रमाणबाट यी संकेत नं. २२५ ले नवजात शिशु जन्माई मारी गाडेको स्पष्ट हुन आएको हुँदा निजबाट ज्यानसम्बन्धी महलको १ नं. र १३ को देहाय

(३) उल्लंघन हुन गएको देखिन्छ । त्यसैले, निजउपर सोही नं. बमोजिमको व्यवहार गर्नु पर्ने देखियो । निजको उमेर १५ वर्ष १० महिना रहेको भन्ने अभियोग दावीबाट देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम १० वर्ष कैदको सजाय हुन्छ ।

उल्लिखित कानूनसँगको द्वन्दमा पर्ने कार्य गर्दाको अवस्थातर्फ दृष्टिगत गर्दा गर्भधारण गराउने व्यक्ति (पति) निजलाई छाडी अर्की स्वास्नी विवाह गरी भारततर्फ गएको तथा घरमा सम्बन्ध राम्रो नभएको कारण बालिका माइतमा आई बस्नु परेको अवस्था मिसिलबाट देखिन्छ । कक्षा ९ मा अध्ययनरत रहदा यति कलिलो अवस्थामा यस्तो परिस्थिति भोग्नु पर्दा बयानमा भन्नु भएजस्तो जीवन वरवाद भएको महशुस हुने अवस्थालाई ईन्कार गर्न सकिँदैन । बालिकाले अनुसन्धान अधिकारीसमक्ष आफ्नो कसूर स्वीकार गरी भनाई राख्नु भएको र अदालतसमक्ष समेत ५ मिनेटसम्म आँखा खुल्ला रहे जस्तो देखेको भनी परोक्ष रुपमा आफ्नो कार्य स्वीकार गर्नु भएको छ । जतकलाई मार्दा धारिलो हतियार प्रयोग भएको वा निर्ममतापूर्वक मारिएको अवस्थासमेत देखिँदैन । बालिकाको कलिलो र अबोध उमेरसमेतलाई दृष्टिगत गर्दा उक्त जन्मकैद (बालबालिका भएको कारण १० वर्ष) को सजाय गर्दा चर्को पर्ने देखेको छु । अदालती बन्दोबस्तको १८८ नं. मा सर्वस्वसहित जन्मकैद वा जन्मकैदको सजाय गर्नु पर्ने भएको मुद्दामा यसरी चर्को पर्ने देखिएको अवस्थामा घटी सजाय गर्न सकिने व्यवस्था छ । यस मुद्दामा भएको उक्त सजाय दश वर्ष भए तापनि बालबालिकाको हकमा जन्म कैदनै स्वतः १० वर्ष हुने भएको तथा वयष्क व्यक्तिले प्राप्त गर्ने सुविधा बालबालिकाले प्राप्त गर्न सक्नेनै हुँदा संकेत नं. २२५ लाई जम्मा १ वर्ष ६ महिना कैदको सजाय प्रर्याप्त हुने मेरो राय छ ।

यहाँ सोही बालबालिकासम्बन्धी ऐनको दफा ४२ बमोजिम वयष्क रहने कारागारमा राख्न नमिली बाल सुधार गृहमा राख्नु पर्ने हुन्छ भने, बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ को धारा ३७ को उपधारा (ख) ले अन्तिम उपायको रुपमा सकेसम्म छोटो र उपयुक्त समयको लागि मात्र कैदमा राख्न सकिने तथा (ग) ले यस्ता बालवालिकालाई वयष्क व्यक्तिहरुबाट छुट्टै राख्नु पर्ने निर्देश गरेको छ । हाम्रो बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० ले यस्तो कैद सजायको विकल्प प्रयोग गर्न सकिने अवधारणालाई अङ्गिकार गर्दै सजायको स्थगन गर्न वा त्यस्तो अवधि कुनै सुधार गृह वा व्यक्ति वा सस्थाको संरक्षणमा व्यतित गराउन सकिने व्यवस्था गरेको छ । भने उक्त महासन्धिको धारा ४० को उपधारा (१) ले कानूनको उल्लंघन गरेको भनी मानिएका बालबालिकालाई उनीहरको उमेर एवं पुनर्स्थापना तथा समाजमा तिनको सृजनात्मक भूमिकाको सम्वर्द्धन हुने वान्छनीयतालाई ध्यानमा राखी व्यवहार गर्नु पर्ने आवश्यकता औल्याउँदै उपधारा (४) ले निर्णय गर्दा उनीहरुको हितको लागि उपयुक्त हुने र परिस्थिति तथा अपकार्यसँग समानुपातिक हुने गरी धेरै किसिमका विकल्पहरु प्रयोग गरिने व्यवस्था गरेको छ । उक्त धारामा “A variety of dispositions such as care, guidance, and supervision orders, counseling, probation, foster care education and vocational training programes and other alternatives to institutional care shall be available to ensure that children are dealt with in

a manner appropriate to their well being and proportionate both to their circumstances and the offence" लेखिएको छ ।

बालबालिकासम्बन्धी ऐन, २०४८ को प्रस्तावना, बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, १९८९ को प्रस्तावनाले मान्यता दिएको बाल न्याय प्रशासनका लागि संयूक्त राष्ट्र संघीय न्यूनतम् मापदण्डको नियमावली (वेइजिङ्ग नियमावली) को नियम ५ र १७ तथा बाल न्यायसम्बन्धी सर्वमान्य मान्यतासमेत अनुरुप कानूनसँगको द्वन्दमा परेका बालबालिकासँग गरिने व्यवहार उनीहरुको सर्वोत्तम हितको संरक्षण हुने दिशातर्फ उन्मुख हुनु पर्ने हुन्छ । यो कसूरसँग मात्र नभई बालबालिकाको परिस्थितिप्रति पनि समानुपातिक हुनु पर्ने हुन्छ । यसरी व्यवहार गर्दा उनीहरुको समाजमा पुनर्स्थापन हुन जति महत्वपूर्ण हुन्छ, त्यतिनै यस्ता विकल्पहरुको प्रयोग गर्दा आफुबाट भएको कार्य गर्न नहुने कार्य थियो, जसबाट राज्यको कानून उल्लंघन भएको छ, फलस्वरुप राज्यले फरक व्यवहार गर्दैछ भन्ने कुराको आभास यस्ता द्वन्दमा परेको बालबालिकालाई हुनु पर्ने आवश्यकतासमेत सामाजिक सुरक्षाप्रति राज्यको दायित्वको दृष्टिकोणले देखिन्छ ।

यस जिल्लामा यस्तो सुधार गृह उपलव्ध छैन । भक्तपुर जिल्लाअन्तर्गत रहेको एकमात्र बाल सुधार गृहमा लैजाने समस्या रहेको तथा टेलिफोनमार्फत सम्पर्क गर्दा अत्याधिक चाप भई राख्न नसकिने जानकारी प्राप्त भएको समस्यासमेत छ । यसै प्रसङ्गमा यी बालिकालाई वहाँउपर लगाइएका बिज्याँईको प्रश्न व्यवस्थापन नहुन्जेलसम्मको लागि गर्नु पर्ने व्यवहार सम्बन्धमा निर्णय गर्दाका बखत निमित्त प्रमुख जिल्ला अधिकारी, जिल्ला बाल अधिकारीको रुपमा रहनु भएका महिला विकास अधिकृत तथा जिल्ला शिक्षा कार्यालय, जाजरकोटका प्रतिनिधिसमेतसँग थुनाको विकल्पको सम्बन्धमा छलफल हुँदा केन्द्रीय बाल सुधार गृह, भक्तपुरमा स्थान अभाव रहेको अवस्थासमेत हुँदा यसलाई अन्तिम उपायको रुपमा मात्र लिने, कानूनसँगको द्वन्दमा परेका यस्ता बालबालिकाका बाबु आमा, अभिभावक वा संरक्षकको जिम्मामा दिई पठाउने, स्थितिअनुसार बालबालिकालाई नजिकको विद्यालयमा अध्ययन गर्ने गराउने व्यवस्था गर्ने यस्ता बालबालिकालाई संरक्षण दिई सुधार गर्न सक्ने अन्य संघसंस्था बृद्धाश्रम छात्रावास, आदि जस्तालाई प्रयोग गर्न सकिनेसमेतका उपाय उपयुक्त हुने भनी निष्कर्ष निस्केको मिसिल सामेल मिति २०६६/१०/२४ को निर्णय कागजबाट देखिन्छ ।

तसर्थ, उल्लिखित राष्ट्रिय, अन्तर्राष्ट्रिय कानून, बाल न्यायका मान्यता तथा उपलव्ध परिस्थिति, कसूर गर्दाको बालिकाको मनोविज्ञान, परिस्थिति तथा बिज्याँईबाट अन्य पीडित हुनु पर्ने अवस्था नदेखिएको स्थितिसमेतलाई मध्यनजर गर्दा यी बालिकालाई माथि उल्लिखित व्यवहार गर्दा मिति ०६६/१०/८ देखि एक वर्ष ६ महिना को अवधिको लागि पायक पर्ने विद्यालयमा निजले अनिवार्य अध्ययन गर्नु पर्ने, यस अवधिभर जिल्ला छाडी जानु पर्दा यस अदालतका श्रेस्तेदारको अनुमती लिनु पर्ने तथा तत्पश्चात्को अवधिको सजाय कार्यान्वयन नगरी स्थगित राखि दिने तवरबाट कार्यान्वयन गर्ने गरी यो फैसला गरेको छु ।

अदालती बन्दोबस्तको महलको १८६ तथा १८८ नं. बमोजिम साधक जाँचको लागि यो फैसलासहितको मिसिल श्री पुनरावेदन अदालत सुर्खेतमा पठाई दिनु । अन्य कुराका हकमा तपसिलबमोजिम गर्नु ।

**तपसिल**

माथि ईन्साफ खण्डमा उल्लेख भएबमोजिम संकेत नं. २२५ लाई व्यवहार गरिने ठहरेकाले निज मिति २०६६/१०/८ देखि नियन्त्रणमा परेको देखिँदा बालिकाको बावु आमा, वा संरक्षक, बालकल्याण अधिकारी तथा महिला विकास अधिकारी, जिल्ला शिक्षा अधिकारी तथा जिल्ला प्रहरी कार्यालयसमेतसँग समन्वय गरी मिति २०६८/४/७ सम्म संकेत नं. २२५ लाई पायक पर्ने विद्यालयमा अनिवार्य अध्ययन गर्ने गराउने व्यवस्था गर्नु भनी जिल्ला बालकल्याण समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउनु दश वर्ष कैदको लगत राख्नु.............................................................१

उक्त मिति ०६८/४/७ सम्म, हालसम्म अध्ययन गरेको कक्षामा अनिवार्य रुपमा अध्ययन गर्नु तथा सो अवधिसम्म यस जिल्ला बाहिर जानु पर्ने भएमा यस अदालतका श्रेस्तेदारको अनुमती लिएर मात्र जान पाउने तथा तत्पश्चात्को अवधि बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० को उपदफा (२) को अधिनमा हुने गरी स्थगित गरिएको व्यहोरासमेतको पूर्जी संकेत नं. २२५ लाई यस अदालतका तामेल्दारमार्फत गोप्य रुपमा बुझाउनु, निस्सा मिसिल सामेल गर्नु .....................................२

तोकिएको मितिसम्मको संकेत नं.२२५ को उपस्थिति अभिलेख प्रत्येक महिना सम्बन्धित विद्यालयबाट झिकाई मिसिल सामेल गर्नु ...................................................................३

माथि १ नं. देखि ३ नं. सम्मका कार्यहरु कानूनसँगको द्वन्दमा परेका यी बालिकाको कारण सम्पन्न हुन नसकेमा अन्तिम उपायको रुपमा मिति २०६८/४/८ सम्म केन्द्रीय बाल सुधार गृह, भक्तपुरमा रहन पूर्जीसहित पठाई दिन जिल्ला बाल कल्याण समितिका संयोजक, प्रमुख जिल्ला अधिकारीलाई लेखि कार्यान्वयन गर्नु .........................................................................४

यस ईन्साफमा चित्त नबुझे सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ को म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत सुर्खेतमा पुनरावेदन गर्न पाइने व्यहोराको जानकारीसहित यो फैसलाको प्रतिलिपी देहाय २ मा लेखिएको रित पुर्‍याई संकेत नं. २२५ लाई बुझाई निस्सा मिसिल सामेल गर्नु ................५

प्रस्तुत मुद्दामा पुनरावेदन पर्ने अवस्था व्यतित् भएपछि साधक निकासाका लागि पत्रसाथ मिसिल श्री पुनरावेदन अदालत सुर्खेतमा पठाई दिनु .......................................................६

यस मुद्दामा फैसला कार्यान्वयन लगायत जुनसुकै कार्य गर्दा विशेष प्रकृतिका मुद्दामा पक्षहरुको गोपनीयता राख्नेसम्बन्धी सम्मानित सर्वोच्च अदालतबाट जारी भएको निर्देशिकाको पालना गर्नु .................७

मुद्दा अनुसन्धान गर्ने निकाय जिल्ला प्रहरी कार्यालयलाई यो फैसलाको प्रतिलिपि पठाई दिनु...........८

दायरीको अभिलेख कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु .....................................९

सरोकारवालाले नक्कल माग्न आए नियमबमोजिम रित पुऱ्याई उपलब्ध गराई दिनु ..................१०

.....................
जिल्ला न्यायाधीश

ईति सम्वत् २०६७ साल असार १६ गते रोज ४ शुभम्...............................................।

**काठमाडौं जिल्ला अदालत**
**बाल इजलास**
**माननीय न्यायाधीश श्री लेखनाथ घिमिरे**
**फैसला**

**उपस्थिति**
समाजसेवी : श्री शंकर बिरसिंह बस्नेत

२०६६ सालको स.फौ. १८
निर्णय नं. ५६१

**मुद्दा : केही सार्वजनिक अपराध।**

**वादीको नाम, थर, वतन**
प्र.स.नि. प्रेमप्रसाद पोखरेलको प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार.................१

**प्रतिवादीको नाम, थर, वतन**
जीतबहादुरको छोरा, जिल्ला रामेछाप, खिम्ती - ५ घर भई का.म.न.पा., वडा नं. ३४ बस्ने भद्रे तामाङ (नाम परिवर्तन) वर्ष १६............................१
मोहनकुमारको छोरा, जिल्ला भोजपुर, मान्द्रे-२ घर भई का.म.न.पा., वडा नं.६ बस्ने वर्ष १४ को सोहन परियार (नाम परिवर्तन)........................१

**अदालतबाट बुझेको**
**साक्षीः**
ओमराज बराल.....१
प्रेम पोखरेल........१

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ.बं. २४ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य निम्नानुसार छ :-

मिति २०६६/९/४ गते राती १८:०० बजेको समयमा का.म.न.पा., वडा नं. ८ बनकाली सार्वजनिक स्थल सडकमा भद्रे तामाङ र सोहन परियारले सर्वसाधरण मानिसलाई गाली गलौज गरी धाकधम्की दिई निजहरुको धनमाल जवरजस्ती खोसी होहल्ला गरी अशान्ति गरेको अवस्थामा फेला पारेको हुँदा कारवाही गरिपाऊँ भन्ने व्यहोराको प्रतिवेदन ।

मिति २०६६/९/४ गते १८:०० बजेको समयमा का.जि. पशुपतिमा हामी २ जना साथी भेट भई गाँजासमेत खाने भनी कुराकानी गर्दै बनकालीको सिढी हिडिरहेको अवस्था सर्वसाधारण मानिसहरुले हामीलाई गजडी भनी कानेखुसी गरेकाले रिस उठी निज मानिसहरुलाई हातपात गरी विभिन्न किसिमको गालीगलौज गरी धाकधम्की दिई अशान्ति गरेको हो भन्ने व्यहोराको भद्रे तामाङ र सोहन परियारको प्राय एकै मिलानको बयान कागज ।

भद्रे तामाङको उमेर १६ वर्ष र सोहन परियारको उमेर १४-१५ वर्षको बीचमा भएको भन्नेसमेत व्यहोराको उमेर परीक्षण प्रतिवेदन ।

मिति २०६६/९/४ गते १८:०० बजेको समयमा का.जि., का.म.न.पा., वडा नं. ८ बनकाली सार्वजनिक स्थान सडकमा पक्राउ परेका यी प्रतिवादीहरु भद्रे तामाङ र सोहन परियारले सर्वसाधारण मानिसलाई गालीगलौज गरी धाकधम्की दिई सामानहरु खोसी लैजाने जस्ता कार्य गरी अशान्ति गरेको अवस्थामा प्रहरीले फेलापारी निजहरुलाई पक्राउ गरी लगेका हुन् भनी बुझिएका रामु घिमिरेसमेतका मानिसको प्राय एकै मिलानको कागज ।

प्रतिवादीहरुले सडकमा हिड्ने सर्वसाधारण मानिसलाई गालीगलौज गरी धाकधम्की दिई धनमाल लुटपाट गर्ने कोशिस गरी अशान्तिको वातावरण श्रृजना गरी केहि सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २(ख)(ज) र (झ) को कसूर अपराध गरेको हुँदा यी प्रतिवादीहरु भद्रे तामाङ र सोहन परियारलाई सोही ऐनको दफा ६(१) बमोजिम सजाय गरिपाऊँ साथै प्रतिवादी मध्ये सोहन परियारको उमेर १४ वर्षको परीक्षण प्रतिवेदनबाट देखिएको हुँदा निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय होस भन्ने व्यहोराको मिति २०६६/९/१४ को अभियोगपत्र ।

मिति २०६६/८/२० गतेदेखि मलाई अरु ४/५ जना केटासहित पशुपतिमा गाँजा खाने केटा भनी समातेको मलाई पनि निजहरुकै ग्रुपको हो भनी अनुसन्धान गर्नु छ भनी पक्राउ गरेका हुन् । सोही दिनदेखि म प्रहरी हिरासतमा छु । मैले बनकालीमा सर्वसाधारण मानिसलाई गालीगलौज गरेको होइन । म कहिले पनि गाँजा सेवन गर्दिन, चुरोटसम्म सेवन गर्छु । प्रहरीको अनुसन्धानमा भएको बयान मैले भनेको होइन सो, बयान पढेर सुनाएको थिएन, भएको सहीछाप मेरै हो । मैले कुनै कसूर नगरेको हुँदा सजाय पाउनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी भद्रे तामाङले अदालतमा आई मिति २०६६/९/१६ मा गरेको बयान ।

तपाईले सार्वजनिक अपराध गरेको हो होइन ? जाहेरी दरखास्त लगायतको कागजातहरु पढीबाँची सुनाइन्छ कसो हो भनी प्रस्न गर्दा निज प्रतिवादी सोहन परियारले म चुप लागेर बस्छु जवाफ दिन्न भनी मिति २०६६/९/१६ मा अदालतमा गरेको बयान ।
प्रतिवेदकहरुले अदालतमा उपस्थित भई गरेको बकपत्र मिसिल सामेल रहेको देखिन्छ ।

## अदालतको निर्णय

जिल्ला अदालत नियमावली, २०५२ को नियम ३० र ३१ बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्धान सहायक जिल्ला न्यायाधिवक्ता गोविन्दप्रसाद उपाध्याय तथा प्रतिवादीको तर्फबाट उपस्थित विद्धान अधिवक्ता बिमला यादवले गर्नु भएको बहस जिकीरसमेत सुनी मिसिल प्रमाण कागजहरुको अध्ययन मूल्याङ्कन गरी अभियोग दावीबमोजिम प्रतिवादीहरुले कसूर गरेको हो, होइन भन्ने विषयमा निर्णय दिनु पर्ने देखियो ।

निर्णयतर्फ विचार गर्दा यसमा, प्रतिवादीहरुले मिति २०६६/९/४ गतेका दिन अन्दाजी १८:०० बजेको समयमा पशुपति बनकालीस्थित सार्वजनिक सडकमा हिड्ने सर्वसाधारण व्यक्तिलाई गालीगलौज, धाकधम्की दिई हातपात गरी धनमाल लुट्ने प्रयास गरी अशान्तिको वातावरण सृजना गरेकोले केहि सार्वजनिक (अपराध तथा सजाय) ऐन, २०२७ को दफा २ को खण्ड (ख), (ज) र (झ) विपरीत कसूर गरेकोमा ऐ. दफा ६(१) बमोजिम सजाय गरिपाऊँ भनी प्रतिवादीकाउपर वादी नेपाल सरकारले अभियोगपत्रमा दावी लिएको पाइयो । निज प्रतिवादीहरुलाई सार्वजनिक स्थानमा सर्वसाधारण व्यक्तिलाई गालीगलौज, धाकधम्की दिई साथको सामान खोस्ने प्रयास गरी शान्ति भङ्ग हुने कार्य गरेको अवस्थामा फेला परेकोले कारवाही गरिपाऊँ भनी प्र.स.नि. प्रेमप्रसाद पोखरेलसमेतले दिएको प्रतिवेदनसमेतबाट प्रतिवादीहरु पक्राउ परी प्रस्तुत मुद्दाको अनुसन्धान भएको पाइन्छ । प्रतिवादीहरुले अदालतमा बयान गर्दा सोहन परियार अदालतबाट सोधेको सवालको जवाफ नदिई चुपलागी बसेको तथा प्रतिवादी भद्रे तामाङले मौकामा गरेको बयानलाई चुनौती दिई दावीबमोजिमको कसूर नगरेको भनी पूर्णरुपमा ईन्कार भएको पाइन्छ । तथापी मौकामा अनुसन्धानको क्रममा गरेको बयानमा दुवैजना प्रतिवादी गाँजा खाने भएकोले सो प्रयोजनले बनकालीको सिढिमा हिडेको अवस्थामा बटुवाहरुले गंजडी, ट्यापे, पाकेटमार जस्ता शब्द प्रयोग गरेको थाहा पाएकोले रिसको आवेगमा गालीगलौज गरेको भनी व्यहोरा लेखाएको पाइन्छ । प्रतिवादीहरुले अदालतमा गरेको बयानमा मौकाको बयान व्यहोरा आफ्नो नभएको तथा तयार भएको बयान नसुनाई सहीछाप गराएको भनी जिकीर लिएपनि प्रतिवादीहरुको उमेर अवस्थासमेतलाई विचार गर्दा अनुसन्धान अधिकारीबाट प्रतिवादीहरुको इच्छा विपरीत बयान गराई झुठ्ठो वारदात कायम गरी अभियोग लगाउनु पर्ने कुनै कारण मिसिलबाट देखिँदैन । प्रतिवादी अदालतमा ईन्कार भए पनि आफ्नो जिकिर समर्थित कुनै पनि साक्षी प्रमाण पेश गरेकोसमेत पाइदैन । प्रतिवादीहरुले घटनास्थलमा आवतजावत गर्ने व्यक्तिलाई गालीगलौज गरेको, साथमा भएको सामानसमेत खोस्ने प्रयास गरी अशान्त वातावरण बनाएको खवर पाई तत्काल नियन्त्रणमा लिएको भनी प्रतिवेदकहरुले मौकाको भनाई समर्थित बकपत्र गरेको देखिँदा प्रतिवादीको विरुद्ध प्रमाणमा लिन नसकिने कुनै कारणसमेत देखिँदैन । सार्वजनिक स्थलमा जथाभावी व्यवहार गर्ने कार्यलाई सार्वजनिक अपराधको कसूर मानी सजायको व्यवस्था गरेको तथा सोहीबमोजिम प्रतिवादीहरुकाउपर सजायको माग अभियोजन पक्षले गरेको पाइन्छ । तसर्थ प्रतिवादीले अदालतमा बयान गर्दा ईन्कार रहेकै भरमा उल्लिखित आधारबाट प्रतिवादीहरुलाई आरोपित कसूरको कसूरदार होइनन् भनी भन्न सकिने अवस्था देखिएन । अभियोग दावीबमोजिमको कसूर प्रतिवादीहरुले गरेको ठहर्छ ।

अब के कति सजाय प्रतिवादीहरुलाई हुने हो यसतर्फ विचार गर्दा, प्रतिवादीहरु १६ वर्ष मुनिका बालक रहि बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिमको सुविधा अभियोजन पक्षबाट माग भएको पाइन्छ । घटनाको रुप विचार गर्दासमेत आफूहरुलाई गंजेडी, ट्यापे जस्ता शव्द प्रयोग भएकोले गालीगलौज गरेको भनी देखाएको अवस्था छ । प्रतिवादीको व्यवहार हेर्दासमेत लागूपदार्थसमेत सेवन गरी गलत क्रियाकलापमा संलग्न भएको देखिँदा कैद तथा जरिवाना जस्तो सजाय मात्र निजहरुलाई सुधार गर्ने उपाय हुन सक्दैन । गरेको गल्तीको महशुस गरी भविष्यमा त्यस्तो कार्य नगर्नेतर्फ निजहरुलाई सचेत गराउनु आवश्यक देखिन्छ । बाल इजलासमा रहनु भएका समाजसेवीको निर्णयसमेत सोहीबमोजिमको भएको तथा पहिलो पटक कसूर भएको सन्दर्भमा प्रतिवादीहरुलाई अब आइन्दा यस्तो क्रियाकलाप नगर्ने व्यहोराको कागज गराई छोडी दिँदा कानूनको मनसाय पुरा भई प्रतिवादीहरुलाईसमेत सुध्रने प्रेरणा मिल्ने अवस्था हुँदा सार्वजनिक स्थानमा यस्ता प्रकारका गतिविधि नगर्ने शर्तमा कागज गराई केही (सार्वजनिक अपराध तथा सजाय) ऐन, २०२७ को दफा ६(२) बमोजिम मिसिल सामेल राखी दिने ठहर्छ । सजायनै हुन नपर्ने भन्ने प्रतिवादीको जिकिर प्रमाणको अभावमा पुग्न सक्दैन । अरुमा तपसिलबमोजिम गर्नू ।

**तपसिल**

माथि ईन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीहरु भद्रे तामाङ र सोहन परियारलाई अब आइन्दा यस्तो व्यहोराको क्रियाकलाप नगर्ने व्यहोराको कागज गराई छोडी दिने ठहरी फैसला भएकोले निज प्रतिवादीहरुले यस अदालतबाट तोकी पाएको तारेख गुजारी बसेको देखिँदा निजहरुका संरक्षकमार्फत प्रतिवादीहरुलाई झिकाई कागज गराउनु ........................................................१

यो ईन्साफमा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्नु भनी प्रतिवादीहरुलाई ७० दिने म्याद दिई सोही व्यहोराको फैसलाको प्रतिलिपि साथै राखी पुनरावेदनको म्यादसहितको पत्र लेखी श्री जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमा पठाई दिनु ....................................२

सरोकारबालाले नक्कल माग्न आए बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १४ बमोजिम निशुल्क नक्कल उपलब्ध गराई दिनु .........................................................................३

मुद्दाको दायरी लगत काटी मिसिल नियमानुसार गर्नु .................................................४

....................

जिल्ला न्यायाधीश

माननीय न्यायाधीशज्यूले टियाएबमोजिम पाना ९ को फैसला तयार गर्ने ना.सु. मोहन ।

ईति सम्वत् २०६७ साल अषाढ २५ गते रोज ५ शुभम्..............................................।

**रुपन्देही जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री प्रेमराज ढकाल**

**फैसला**

**उपस्थिति**

बालमनोविज्ञ - श्री शिवलाल भण्डारी

समाजसेवी - श्री प्रदीपकुमार यादव

सम्वत् २०६६ सालको बालबिज्याँई मुद्दा दर्ता नं. ६७-०६६-०२४२३

निर्णय नं. : ४७

**मुद्दा : जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई ।**

**वादीको नाम, थर, वतन**

जिल्ला रुपन्देही, बुटवल नगरपालिका, वडा नं. १४ तामनगर बस्ने दुर्गा पौडेलको जाहेरीले नेपाल सरकार..............................१

**साक्षी**

दुर्गा पौडेल, नारायण भण्डारी, जमुना पौडेल, केशव तिवारी, यदुनाथ सुवेदी, बुद्धिराम अधिकारी ।

**कागज**

अभियोगपत्र संलग्न कागजातहरु ।

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला रुपन्देही, बुटवल नगरपालिका, वडा नं १४, तामनगर बस्ने वर्ष १५ को निरज चौधरी (नाम परिवर्तन) ................................१

**साक्षी** : ×

**कागज** : ×

**अदालतबाट बुझेको**

साक्षी : ×

कागज : ×

**कानून व्यवसायी**

**वादीका तर्फबाटः**

सह जिल्ला न्यायाधिवक्ता श्री दीनानाथ अधिकारी

**बालबिज्याँईकर्ता बालकको तर्फबाटः**
वैतनिक अधिवक्ता श्री शेषनारायण भण्डारी ।

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ , बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) तथा मुलुकी ऐन, अ.बं. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको पर्ने भई प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र यस अदालतको ठहर यस प्रकार रहेको छ :-

मिति २०६७/३/१ गते दिदी वर्ष ३२ की परिवर्तित नाम सीता शर्मा, बुटवल १४, दानव खोला किनारामा बाख्रा चलाउन गई बसेकोमा एकान्त अवस्थामा फेला पारी मुख थुनी बोल्न कराउनसमेत नदिई निजले लगाएको पेन्टी, सुरुवालसमेत खोली जवरजस्ती करणी गरिरहेको अवस्थामा छिमेकीले देखी केही दूरीमा खेतमा काम गरिरहेकी काईली बहिनीलाई खबर गरेपछि दुवैजना घटनास्थलमा आईपुगेपछि सीता शर्मालाई घटनास्थलमानै छाडी पाइन्ट लगाउँदै कृष्ण चौधरी फरार भएको हुँदा कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

जिल्ला रुपन्देही, बुटवल नगरपालिका, वडा नं. १४ दानव खोलास्थित पूर्वमा भेषराज भण्डारीको स-साना रुख भएको खेत, पश्चिम चेतनारायण पौडेलको स-साना रुख भएको खेत, उत्तर भोजराज श्रेष्ठको जग्गा, दक्षिण दानव खोला किनार । यति चार किल्लाभित्र रहेको दानव खोला किनारामा प्रतिवादी कृष्ण चौधरीले परिवर्तित नाम सीता शर्मालाई जवरजस्ती करणी गरेको भन्ने घटनास्थल प्रकृति मुचुल्का ।

दुर्गा पौडैलको जाहेरीले वादी नेपाल सरकार, प्रतिवादी कृष्ण चौधरी भएको जवरजस्ती करणी मुद्दामा वारदातपश्चात् फरार रहेका प्रतिवादी कृष्ण चौधरीलाई पक्राउ गरी दाखिला गरेको छु भन्नेसमेत व्यहोराको प्र.ह. अखिल रानाको प्रतिवेदन ।

मिति २०६७/३/१ गते परिवर्तित नाम सीता शर्मा जिल्ला रुपन्देही, वुटवल नगरपालिका, वडा नं. १४ दानव खोला छेउमा बाखा लिई चराउन गएकी थिइन्, निज सुस्तमनस्थितिकी सोधेको कुरा बताउन नसक्ने अवस्थाकी छिन्, म खेतमा घाँस काट्नका लागि गएकी थिए, घाँस काट्ने क्रममा भेषबहादुर भण्डारी आफ्नो घरदेखि खोलातर्फ जाँदै हुनुहुन्थ्यो । खोलातर्फ जाने क्रममा प्रतिवादी कृष्ण चौधरीले परिवर्तित नाम सीता शर्मा मेरो दिदीले लगाएको कपडा खोली माथि चढेर जवरजस्ती करणी गर्दै गरेको देखेपछि मलाई बोलाएर भने, मैले टाढैबाट हेर्दा छटपटाएकोसमेत देखेपछि म चिच्याउँदै ढुङ्गा फाल्दै उक्त स्थानमा गएपछि कृष्ण चौधरी पाइन्ट खोली जवरजस्ती करणी गर्दै रहेछन्, हत्तपत्त पाइन्ट लगाई भागे । म दिदीसँग जाँदा निजले लगाएको शुरुवाल पेन्टीसमेत खोलिएको थियो, भुईमा लछारपछार भएको जस्तो थियो, इशारासमेतले मलाई पल्टाएर जवरजस्ती कपडा खोली ममाथि चढे भनी दिदीले बताउथिन् भन्नेसमेत व्यहोराको जमुना पौडेलको कागज ।

मिति २०६७/३/१ गते जिल्ला रुपन्देही, बुटवल नगरपालिका, वडा नं. १४ तामनगरदेखि दानव खोला हुँदै बनकट्टातिर जामुन टिप्न गई फर्किदा खेरी दानव खोलाको किनारमा मैले पहिलादेखि चिनेकी सुस्त मनस्थितिकी तथा अपाङ्ग अहिले परिवर्तिन नाम सीता शर्मा दानव खोलाको किनारमा सुतेकी थिइन्, त्यति बेला सेतु दमाई भन्नेले निज सीता शर्मालाई करणी गरिरहेका थिए निजलेनै मलाई आइज गर भनेपछि मैले लगाएको पाइन्ट खोली निजमाथि चढी करणी गरिरहेको अवस्थामा पीडितको बहिनी ए के गर्छस् भन्दै ढुङ्गा फाल्दै आएपछि म पाइन्ट समातेर भागेको हुँ भन्ने व्यहोराको प्रतिवादी कृष्ण चौधरीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मलाई सबैले नारायण भण्डारी भनी चिन्दछन् । मेरो नागरिकताको नाम भेषबहादुर भण्डारी हो । मिति २०६७/३/१ गते बेलुका तामनगर, दानव खोलातिर बो खोलेको ठाउँमा खोलाका ठुटाहरु उक्काएको ठाउँमा के कति ठुटा निकालेछन् भनी हेर्न जाँदा दानव खोलाको किनारामा हाल मलाई नाम थर थाहा भएका कृष्ण चौधरीले सुस्तमनस्थितिकी परिवर्तित नाम सीता शर्मालाई जवरजस्ती करणी गरिरहेको अवस्थामा देखी जमुना पौडेललाई खवर गर्दा निज जमुना पौडेल गई कृष्ण चौधरीलाई लखेट्न थालेपछि पीडित तलका कपडा नलगाएको अवस्थामा थिइन् । कृष्ण चौधरी पाइन्ट नलगाई पाइन्ट समाउँदै तलको अङ्ग लिङ्ग हल्लाउदै भागेको हो । सो अवस्थामा अन्य कोही केटाहरु थिएनन् । मैले नचिनेका ३ जना केटीहरु खोलाको माथितिर हाँस्दै गइरहेका थिए । यसरी सुस्तमनस्थितिकी केटीलाई एकान्त ठाउँमा जवरजस्ती करणी गर्ने प्रतिवादी कृष्ण चौधरीलाई कानूनबमोजिम कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको नारायण भण्डारी भन्ने भेषबहादुर भण्डारीको कागज ।

२०६७/३/१ गतेका दिन जिल्ला रुपन्देही, बुटवल नगरपालिका, वडा नं. १४ बस्ने कृष्ण चौधरीले ऐ. ऐ. बस्ने परिवर्तित नाम सीता शर्मालाई दानव खोला किनारमा बाख्रा चराउन गएको अवस्थामा एक्लो भएको समय पारी निजले लगाएको पेन्टी, शुरुवाल खोली आफुले इच्छा भएजति सम्भोग गरी सोही बगरमा छाडी घटनास्थलबाट फरार भएका हुन् । निज प्रतिवादी कृष्ण चौधरी राम्रो चरित्र भएका मानिस होइनन्, निजलाई कानूनबमोजिम हदैसम्मको सजाय हुनु पर्छ भन्ने व्यहोराको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादी कृष्ण चौधरीले बाखा चराउन गएकी बोल्न चिच्याउन गुहार गर्न नसक्ने परिवर्तित नाम सीता शर्मालाई खोलाको किनारमा एक्लै देखी जवरजस्ती करणी गरी प्रत्यक्षदर्शी नारायण भण्डारी र जमुना पौडेलले देखी लखेट्न जाँदा भागेकोले प्रतिवादी कृष्ण चौधरीले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. को कसूर गरेको हुँदा निजलाई सोही महलको ३ नं. को देहाय ५ र सोही महलको ३(क) नं. बमोजिम थप सजाय हुनेमा प्रतिवादीको उमेर १५ वर्ष भएको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय हुन र मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० नं. बमोजिम क्षतिपूर्ति दिलाई भराईपाऊँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको अभियोग मागदावी ।

पीडित लाटी तामनगर नजिकै रहेको एउटा खोलामा बाखा चराउन गएकी थिइन् । उक्त दिन म र सुरजसमेत भई जमुना खान भनी सो खोलामा गएका थियौं । जमुना खाँदै आउँदा लाटीले कपडा खोलेर सुतेको देखी मेरो लिङ्ग उठेकोले म लाटीमाथि चढेको हुँ । सुरज आफ्नै घर तिर गएका हुन् । सोभन्दा पहिला लाटीसँग भेटघाट हुने गर्थ्यो । हाम्रै गाउँमा बाखा चराउन आउँने गर्थिन् । मैले तिमीलाई के भएको हो भनी सोध्ने गर्थे । मलाई किच्कनीले छलेको हो भन्थिन । भेटघाट र कुराकानी बाहेक अरु काम केही पनि सो पूर्व गरेको थिइन । मैले लाटीलाई जवरजस्ती करणी गरेको होइन । कट्टु खोलेर सुतेकी थिइन । म जाँदा पनि हाँसेकी र कुनै प्रतिरोधसमेत नगरेकीले मैले पनि करणी गर्न भनी लाटीमाथि चढेको हुँ तर करणी गर्न भने पाइन । त्यसैले मलाई सजाय हुने र क्षतिपूर्ति दिनु पर्ने होइन । छुटकारा पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्ण चौधरीले यस अदालतमा गरेको बयान ।

पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी प्रतिवादी कृष्ण चौधरीलाई अ.बं. १२१ नं. बमोजिम पूर्जी दिई पुर्पक्षका निम्ति थुनामा राख्न सम्बन्धित प्रहरी कार्यालयमार्फत बाल सुधार गृहमा पठाउनु भन्ने यस अदालतका आदेशानुसार प्रतिवादी कृष्ण चौधरी श्री बाल सुधार गृह, सानोठिमी भक्तपुरमा रहेको ।

पीडित परिवर्तिन नाम सीता सुस्तमनस्थितिकी अपाङ्गताको प्रमाणपत्र प्राप्त अविवाहित ३५ बर्षिया परिवारमा आश्रित गरिरहनु भएकी र पीडक कृष्ण चौधरी १५ बर्षे बालकको आमाको मृत्यु भइसकेको, ३ कक्षा अध्ययन गरी पढाई छाडेको, दिदी बहिनी नभएको, नराम्रो संगतमा रही रक्सी, चुरोट खाने, परिवारमा राम्रो व्यवहार नगरेको, सुकुम्वासी जग्गामा खरले छाएको, झुप्रामा बस्ने अन्य जग्गा रकम नभएको, बाबुले मजदुरी गर्ने र आफूले टेक्टरमा मजदुरी गर्ने सामाजिक परिवेश, आर्थिक अवस्था रहन सक्ने गरिवीमा व्यतित भइरहेको किशोर अवस्थाको परिस्थितिमा समाज र कानूनी व्यवस्था उल्लंघन गर्दै बालबिज्याँई गरेको भनी स्वीकारेको गल्तीलाई समाजमा पुनः स्थापित हुन सक्ने सुधारात्मक दृष्टिकोणबाट उपयुक्र न्यूनतम् दण्डविधि अवलम्वन हुन राय व्यक्त गर्दछु भन्नेसमेत व्यहोराको समाजसेवी प्रदीपकुमार यादवले प्रस्तुत गर्नु भएको राय प्रतिवेदन ।

पीडक र पीडकको परिवार (अभिभावक) लाई भिन्दाभिन्दै मनोविमर्श उपलव्ध गराई परिवारमा समायोजनको व्यवस्थापन गर्दा पीडकको शारीरिक र मानसिक रुपमा परिपक्वताका साथै सामाजिकीकरणमा पनि परिपक्वता आउँन सक्ने देखिन्छ भन्नेसमेत व्यहोराको बालमनोविज्ञ श्री शिवलाल भण्डारीले प्रस्तुत गर्नु भएको राय प्रतिवेदन ।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी निर्णयको लागि आज यस बाल इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजात अध्ययन गरी वादीको तर्फबाट जिल्ला सरकारी वकिल कार्यालय, रुपन्देहीका विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री दिनानाथ

अधिकारी र प्रतिवादीका तर्फबाट विद्वान वैतनिक अधिवक्ता श्री शेषनारायण भण्डारीले गर्नु भएको बहससमेत सुनियो । प्रतिवादी कृष्ण चौधरीले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. को कसूर गरेको हुँदा निजलाई सोही महलको ३ नं. को देहाय ५ र सोही महलको ३(क) नं. बमोजिम थप सजाय हुनेमा प्रतिवादीको उमेर १५ वर्ष भएको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय हुन र मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० नं. बमोजिम क्षतिपूर्ति दिलाई भराईपाऊँ भन्नेसमेत व्यहोराको मागदावी लिई अभियोगपत्र दायर भएको देखिन्छ ।

बादीले लिएको दावीबमोजिमको कसूर आरोपी कृष्ण चौधरीले गरेको हो, होइन भन्ने सम्बन्धमा विचार गर्दा Nepal Child Welfare Foundation भैरहवाका कार्यक्रम संयोजकले दिएको सामाजिक अध्ययन प्रतिवेदन र समाजसेवी सदस्य श्री प्रदीपकुमार यादव र बालमनोविज्ञ श्री शिवलाल भण्डारीद्वारा पेश भएको राय प्रतिवेदनसमेत अध्ययन गरियो ।

आरोपी कृष्ण चौधरीले अनुसन्धानको क्रममा जवरजस्ती करणीको कसूर स्वीकार गरेकोमा अदालतमा बयान गर्दा लाटी सुतेर हाँसेकी थिई, कपडा खोली लाटीमाथि गर्न भनी चढेको थिए । उसका बहिनीहरु आएर ढुङ्गाले हाने अनि म जङ्गलतिर भागेको हो, जवरजस्ती करणी गरेको होइन भनी बयान गरेको देखिन्छ ।

पीडित लाटी देखिएकी र निजको कागजसमेत भएको पाइदैन । जाहेरवाला, अनुसन्धानको क्रममा कागज गर्ने लगायतका वादी पक्षका साक्षीलाई उपस्थित गराउन पटकपटक आदेश भएकोमा वादीले साक्षी उपस्थित गराउन सकेको देखिएन । यी आरोपीले पीडित लाटीलाई जवरजस्ती करणीनै गरेको भनेर वादी पक्षले साक्षी सबूदले पुष्टि गर्न सकेको अवस्था नेदेखिएकोमा प्रतिवादीले लाटीले कुनै विरोध नगरेकाले गर्न भनी लुगा खोली चढेको कुरालाई स्वीकार गरी निजका बहिनीहरु आई ढुङ्गा हानेबाट भागेको भनी अदालतमासमेत बयान गरेको देखिँदा शारीरिक अशक्त भएकी (लाटी) व्यक्ति जसले प्रतिरोध गर्नसमेत सक्ने नदेखिएको माथि त्यसरी करणी गर्नका निम्ति यी प्रतिवादी चढेको भन्ने देखिएको र करणी भइसकेको भन्ने देखिन नआएकोले आरोपी कृष्ण चौधरीलाई जवरजस्ती करणीको महलको दफा ३(५) बमोजिम हुने सजायमा ऐ. को दफा ५ बमोजिम २ वर्ष ६ महिना कैद हुनेमा उमेरको आधारमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आरोपी कृष्ण चौधरीलाई सोको आधा १ वर्ष ३ महिना कैद हुने ठहर्छ । अन्य वादी दावी पुग्न सक्दैन । सो ठहरेकाले अरुमा तपसिलबमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.बं. १८६ नं. बमोजिम फैसला गरिदिएँ ।

**तपसिल**

प्रतिवादी कृष्ण चौधरीके, माथि ईन्साफ खण्डमा उल्लेख भएबमोजिम १ वर्ष ३ महिना कैद हुने ठहरी फैसला भएकोमा निज प्रतिवादी मुद्दा अनुसन्धानको सिलसिलामा मिति २०६७/३/३ देखि प्रहरी हिरासत

र यस अदालतका आदेशानुसार हालसम्म मुद्दा पुर्पक्षका निमित्त बाल सुधार गृहमा रहेको देखिँदा निजलाई लागेको कैद सोही प्रहरी हिरासतमा रहेको मिति देखिनै कट्टा हुने गरी लगत कसी रीतपूर्वकको कैदी पूर्जी लेखी पठाई दिनु...........................................................................१

प्रस्तुत फैसलाउपर चित्त नबुझे सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ का म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्नु भनी प्रतिवादी कृष्ण चौधरीलाई पुनरावेदनको म्याद दिनु र फैसलाको जानकारीसहितको पुनरावेदनको म्याद जिल्ला सरकारी वकिल कार्यालय, रुपन्देहीलाई दिनु ..२

प्रस्तुत फैसलाको १ प्रति प्रतिलिपि जानकारीका लागि केन्द्रीय बाल कल्याण समितिमा पठाई दिनु ....३

नक्कल माग्ने सरोकारवालालाई कानूनको रीत पुऱ्याई नक्कल सारी सराई दिनु..........................४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु ......................५

........................
जिल्ला न्यायाधीश

प्रस्तुत पाना ५ को फैसला माननीय न्यायाधीशज्यूले बोली टिपाएबमोजिम टिपी कम्प्यूटर टाइप गर्ने ना.सु. यज्ञमूर्ती ज्ञावाली ।

ईति सम्वत् २०६७ साल मंसिर १३ गते रोज २ शुभम् ..............................................।

**कञ्चनपुर जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री भोजराज शर्मा**

**फैसला**

**उपस्थिति**

बालमनावैज्ञानिक - श्री राधिका बम

समाजसेवी - श्री जगतप्रकाश जोशी

सम्वत् २०६७ सालको बालबिज्याँई दर्ता नं. ३९/१२८

दर्ता मिति : २०६७।१।२७

निर्णय नं. १०४

**मुद्दा : जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई ।**

**वादीको नाम, थर, वतन**

केशव लुहारको जाहेरीले नेपाल सरकार....१

**प्रतिवादीको नाम, थर, वतन**

जिल्लाकञ्चनपुर,पिपलाडीगा.वि.स.बस्नेवर्ष१३को षडानन्द जोशी (नाम परिवर्तन) ..................१

**साक्षी**

जाहेरवाला केशव लुहार....................१

पीडित च कुमारी (नाम परिवर्तन).........१

**कागज**

अभियोगपत्र संलग्न कागजातहरु ।

**साक्षी** : ×

**कागज** : ×

**अदालतबाट बुझेको**

पीडित च कुमारीको बकपत्र

जाहेरवाला केशव लुहारको बकपत्र

**कानून व्यवसायी**

**वादी तर्फबाटः**

जिल्ला न्यायाधिवक्ता श्री नरेन्द्रबहादुर चन्द

**प्रतिवादी तर्फबाटः**
अधिवक्ता श्री नेत्रबहादुर तामाङ ।

न्याय प्रशासन ऐन, २०४८ को दफा ७, बाबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) तथा मुलुकी ऐन, अ.बं. २९ नं. समेतले यस अदालतको बाल इजलासको क्षेत्राधिकारअन्तर्गत पेश भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र यस अदालतको ठहर यस प्रकार छ :-

मिति २०६६/१२/३० गते म गाई बाख्रा चराउन भनी जङ्गलमा गएकी थिए । सोही अवस्थामा सोही ठाउँमा जोशी थर भएको कक्षा ५ खजुवा स्कूलमा पढ्ने केटाले मलाई विनाकारण लाठीले कुटपिट गरेका हुन् । सोपश्चात् निज भागी गएका हुन् । निजको बुबा बाजेको नाम निज केटाको नाम चिन्न सक्छु । निज जोशी थर भएका केटाले मलाई जवरजस्ती करणी गरेको होइन । कुटपिट मात्र गरेको हो भन्ने व्यहोराको च कुमारीले प्रहरीमा गरेको कागज ।

मिति २०६६/१२/३० गतेको दिन मेरी छोरी वर्ष १२ की च कुमारी गाई बाख्रा लिन भनी जङ्गलमा गएका अवस्थामा निज अन्यायी षडानन्द जोशीले छोरीलाई जवरजस्ती करणी गरिसकेपश्चात् निजलाई लाठीले कुटपिट गरी बेहोस अवस्थामा छोडी गएकाले निजलाई पक्राउ गरी आवश्यक कारवाही गरिपाऊँ भन्ने व्यहोराको केशव लुहारको जाहेरी दरखास्त ।

मेरी दिदी हंसाकुमारी जोशी लुहार जातको केटासित विवाह गरेर गएकी थिइन् । निज पीडित च कुमारीले मलाई तिम्रो दिदी मेरो भाउजु हो भनी जिस्काउने गर्दथी । निजलाई मैले अबदेखि त्यस्तो नभन्नु भनेपछि पिट्छु भनेको थिए । सोपश्चात् मिति २०६६/१२/३० गते निज पीडित गाई वाख्रा चराउन भनी जङ्गलमा गएकी थिइन् । मसमेत सोही जङ्गलमा प्यादु भन्ने फल खान गएको थिए । सोही समयमा निज पीडितले पुनः तेरो दिदी मेरो भाउजु हुन् भनी जिस्काएकोले मैले निजलाई मसँग भएको लाठी (काठको) ले निजको टाउकोमा ५/६ चोटी हिर्काएको हुँ । निज पीडित रोई कराएकी हुन् । सोपश्चात् उक्त लाठी मैले स्याली नदीमा फालेको हुँ । पीडितलाई मैले जवरजस्ती करणी गरेको होइन छैन भन्ने व्यहोराको प्रतिवादी षडानन्द जोशीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

जिल्ला कञ्चनपुर, पिपलाडी ९ आरक्ष नजिक पूर्वमा स्याली नदी, पश्चिममा आरक्ष जङ्गल, उत्तर दक्षिणसमेत आरक्ष जङ्गल । यति चार किल्लाभित्र खजुवा गाउँको पश्चिमपट्टि आरक्ष जङ्गलको छेउमा मिति २०६६/१२/३० गतेको दिउँसो पीडित च कुमारी गाई गोरु चराउन गएको अवस्थामा सो जङ्गल छेउमा निज पीडितलाई प्रतिवादी षडानन्द जोशीले जवरजस्ती करणी गरेको सोपश्चात् लाठी प्रहार गरी वेहोस हुन्जेलसम्म कुटपिट गरेको भन्ने घटनास्थल मुचुल्का ।

मिति २०६६/१२/३० गते मेरी छोरी पीडित गाई गोरु जङ्गलबाट ल्याउन भनी गएको अवस्थामा प्रतिवादी षडानन्द जोशीले छोरीलाई बोलाई जङ्गलमा लगी जवरजस्ती करणी गरेको रहेछ। सोपश्चात् कुटपिट गरी वेहोस अवस्थामै जङ्गलमा छोडी भागी गएको हो । सोही खवर गाउलेहरुले थाहा पाई तत्काल औषधी उपचारका लागि निजलाई अस्पताल ल्याएका हुन् । निजको औषधी उपचारको खर्चसमेत व्यहोरेको छैन । उक्त घटनामा षडानन्द जोशी बाहेक अन्य कुनै कसैको संलग्नता छैन भन्ने व्यहोराको पानमती लोहारले गरेको कागज ।

मिति २०६६/१२/३० गते दिउसो म जङ्गलबाट गाई, गोरु ल्याउन भनी गएकी थिए। सोही समयमा हाल प्रहरीमा हिरासतमा रहेका प्रतिवादी षडानन्द जोशीले आफुले बोकेको काठको लाठीले मेरो टाउकोमा प्रहार गर्दा म भुईमा लडेकी हुँ। सोपश्चात्समेत निजले मेरो शरीरमा लगातार लाठी प्रहार गर्दा म बेहोस भएकी हुँ। निजले मलाई के गरे थाहा भएन। निज प्रतिवादीलाई यस कार्यालयबाट देखाउँदा देखेँ चिने मलाई कुटपिट गर्ने निज प्रतिवादी षडानन्द जोशीनै हो भन्ने व्यहोराको पीडितले गरेको सनाखत कागज।

मिति २०६६/१२/३० गते च कुमारी आफ्नै गाई बाख्रा ल्याउन भनी जङ्गलमा गएको अवस्थामा प्रतिवादी षडानन्द जोशीले निजलाई जवरजस्ती करणी गरिसकेपश्चात् लाठीले कुटपिट गरी घाइते बनाएको हो भन्ने पार्वती वि.क. समेतले बकी लेखाई दिएको सर्जमिन मुचुल्का ।

यसमा पीडितको शारीरिक परीक्षण प्रतिवेदन, पीडितको कागज, जाहेरी दरखास्त, अभियुक्तको स्वास्थ्य परीक्षण, अभियुक्तको बयान, घटनास्थल मुचुल्का, बुझिएका एवं सर्जमिन मुचुल्कासमेतका आधार प्रमाणहरुबाट मिति २०६६/१२/३० गते बेलुकी पीडित वर्ष १२ की नाबालिका च कुमारी आरक्ष जङ्गलमा बाख्रा, गोरु चराउन गएको अवस्थामा अभियुक्त षडानन्द जोशीले निजलाई भुईमा पल्टाई जवरजस्ती करणी गरी पीडितले उक्त घटनाको वारेमा घरमा गई आमा बुबालाई बताउँछु भनेपछि लाठीले टाउकोसमेतमा कुटपिट गरी वेहोस भएपछि निज भागी गएको भन्ने कुरा पुष्टि हुन आएको हुँदा जवरजस्ती करणीको महलको ३ नं. को देहाय २ को कसूरमा सोही महलको ३ नं. को देहाय २ बमोजिम सजाय हुन र अभियुक्तको उमेर १२ वर्षदेखि १५ वर्षसम्मको भन्ने देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय हुने भनी पेश हुन आएको अभियोगपत्र ।

मिति २०६६/१२/३० गतेका दिन म प्यादु भन्ने फल खान खजुवा जङ्गलमा गएको र च कुमारी पनि सोही जङ्गलमा बाख्रा चराउन गएकी रहेछन् । हाम्रो भेट हुँदा च कुमारीले मलाई तिम्रो दिदी मेरी भाउजु हुन् भनी गिज्याउँदा रिस उठी मेरो हातमा भएको सालको लाठीले च कुमारीको टाउकोमा ५/६ चोट हानेको हुँ। मैले हानेको चोटले पीडित च कुमारी वेहोस भएपछि म त्यहाँबाट गएको हुँ। मैले पीडितलाई जवरजस्ती करणी गरेको होइन मेरो करणी गर्न सक्ने उमेरनै भएको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी षडानन्द जोशीले यस अदालतमा गरेको बयान ।

यसमा मिसिल संलग्न तत्काल प्राप्त प्रमाणको आधारमा प्रतिवादी निर्दोष रहेको भन्ने अवस्था अहिलेनै भन्न नमिल्ने भई पछी बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल निज प्रतिवादीको उमेरसमेतलाई विचार गर्दा निजलाई संरक्षकको जिम्मा राख्नु पर्ने देखिँदा र निजका बाबुआमा उपस्थित नभई निजको फुपाजु नाताका नवराज अवस्थी संरक्षकको रुपमा उपस्थित भएको हुँदा प्रतिवादी निजको जिम्मा रहने र अदालतले खोजेका बखत उपस्थित गराउने गरी जिम्मा दिने र साक्षीसमेत बुझी पेश गर्ने भन्ने मिति २०६७/१/२८ को आदेश ।

२०६६/१२/३० गतेका दिन मेरी छोरी पीडित च कुमारी गाई गोरु ल्याउन जङ्गलमा गएकीमा जङ्गलबाट आएको १ जनाले तपाईको छोरी मर्ने अवस्थामा छ भनेपछि छिमेकीले चुन्नीमा बाँधेर बेहोस अवस्थामा घरमा ल्याई अस्पताल पुऱ्याएको र ४ दिनपछि होस आएको हो । छोरीलाई सोध्दा षडानन्द जोशीले करणी गर्छु भन्दा मैले नमानेपछि निजले मलाई टाउकोमा हान्यो र सोही चोटले म बेहोस भएपछि के भयो मलाई थाहा भएन भनी भनेकी हुन् भन्नेसमेतको जाहेरवाला केशव लुहारले गरेको बकपत्र ।

२०६६/१२/३० गतेका दिन म गोरु ल्याउन जङ्गल गएको अवस्था षडानन्द जोशीले मलाई मिड्डी खोल भन्यो र मैले खोल्दिन भनेपछि मलाई क्रिकेट खेल्ने ब्याटले टाउकोमा हानेर रगत निस्क्यो र निजले मलाई सुताई माथि चढेपछि मैले थाहा पाएन । मेरो योनी दुखेको थियो । म बेहोस भएपछि घरमा कसले ल्यायो थाहा छैन । प्रतिवादीले मलाई कुटपिट र जवरजस्ती करणी गरेको साँचो हो भन्नेसमेत पीडित च कुमारीको बकपत्र ।

## अदालतको ठहर

नियमबमोजिम आजको दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री नरेन्द्रबहादुर चन्दले पीडित नाबालिका च कुमारी जङ्गलमा बाख्रा चराउन गएकी थिइन् । निज अन्यायी षडानन्द जोशीले च कुमारीलाई जवरजस्ती करणी गरी धारिलो काठले टाउकोमा प्रहार गरेको, पीडित च कुमारी वेहोस अवस्थामा रहेकी, सो कुरा च कुमारीको छिमेकीले थाहा पाई उपचारार्थ महाकाली अञ्चल अस्पताल पुऱ्याएका तथा अस्पताल जाँच हुँदा च कुमारीको योनीको बाहिरी तथा भित्री भाग स्वेलिङ भएको, देव्रे पाखुरामा खोस्रीएको घाउ, देव्रे हातमा पनि धारिलो हतियार प्रहार भई घाउ भएको भन्नेसमेतको च कुमारीको केश फाराम भएको र स्वयं पीडितले अनुसन्धानको क्रममा कागज गर्दा जङ्गलमा षडानन्दले लाठीले कुटपिट गरेकाले आफु वेहोस भएकी भनी र अदालतमा बकपत्र गर्दा निजले आफुलाई जवरजस्ती करणी गरेको भनी लेखाई दिएको पनि छ, कुटपीट गरेको भनी स्वयं निज प्रतिवादीले स्विकार गरेको अवस्था भई अनाहकमा यी षडानन्दले आफुलाई जवरजस्ती करणी गरेको भनी च कुमारीले आरोप लगाउनु पर्ने आधार र कारण केही नभएको अवस्था हुँदा निज प्रतिवादीलाई अभियोग दावीअनुसार सजाय गरिपाऊँ भनी बहस प्रस्तुत गर्नु भयो । निज प्रतिवादी षडानन्द जोशीका तर्फबाट उपस्थित विद्वान वैतनिक अधिवक्ता श्री कृष्णदेव

जोशी र अधिवक्ता श्री नेत्रबहादुर तामाङले पीडित च कुमारीले अनुसन्धानको क्रममा कागज गर्दा अन्यायी भनिएका षडानन्दले कुटपीट गरेको भने पनि आफुलाई जवरजस्ती करणी गरेको होइन भनेकी छन् । जाहेरवाला देख्ने व्यक्ति होइन । अनुसन्धानका क्रममा च कुमारीले कागज गर्दा लाठीले पिटेको भनेकी छन् भने अदालतमा बकपत्र गर्दा जवरजस्ती करणी गरेको भनेकी छन् । मौकामा नभनेको कुरा अदालतको बकपत्रमा बोल्न पुगेकी छन् । साथै स.ज. १० मा अदालतमा बकपत्र गर्दा मेङ्गी खोलेको मात्र हो त्यसो गरेको मलाई थाहा छैन भनेकी छन् । प्रतिवादी षडानन्दले आफुले च कुमारीलाई जवरजस्ती करणी गरेकोमा ईन्कार गरी अनुसन्धान अधिकारी तथा अदालतमा बयान गरेका र निजले जवरजस्ती करणी गरेको देख्ने व्यक्ति कोही नभएको तथा निज षडानन्द १४ वर्ष मुनीको नाबालक भन्ने मिसिल संलग्न कागज प्रमाणहरुबाट देखिँदा त्यस्तो १४ वर्ष मुनिको नाबालकले जवरजस्ती करणी गर्न सक्ने पनि नहुँदा अभियोग दावीबाट निज षडानन्दले सफाई पाउनु पर्दछ भनी बहस प्रस्तुत गर्नु भयो ।

यसमा उपरोक्त बहस जिकिर तथा सम्बन्धित मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी निम्न प्रश्नहरुको सम्बन्धमा निर्णय दिनु पर्ने देखियो ।

१. अभियोग दावीअनुसारको वारदात घटेको हो, होइन ?
२. यी प्रतिवादी षडानन्दले दावीबमोजिमका वारदात घटाएको हो, होइन ?
३. अभियोग दावीअनुसार प्रतिवादी षडानन्दलाई सजाय हुनु पर्ने हो, होइन ?

सर्वप्रथम पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा यसमा मिति २०६६/१२/३० गते म गाई बाख्रा चराउन भनी जङ्गलमा गएकी थिए । सोही अवस्थामा सोही ठाउँमा जोशी थर भएको कक्षा ५ खजुवा स्कूलमा पढ्ने केटाले मलाई विनाकारण लाठीले कुटपीट गरेका हुन् । सोपश्चात् निज भागी गएका हुन् । निजको बुबा आमाको नाम निज केटाको नाम चिन्न सक्छु । निज जोशी थर भएको केटाले मलाई जवरजस्ती करणी गरेको होइन । कुटपिट मात्र गरेको हो भन्ने व्यहोराको च कुमारीको अनुसन्धानको सिलसिलामा खडा भएको कागज भई निजले अदालतमा बकपत्र गर्दा षडानन्द जोशीले क्रिकेट खेल्ने व्याटले टाउकोमा हान्यो । टाउकोबाट रगत निस्क्यो । मेरो माथि चढेको थाहा पाएन । योनी दुखेको थियो । कुटपिट र जवरजस्ती करणी गरेको साँचो हो । अनुसन्धानको समयमा कागज गर्दा होस् नभएकोले जवरजस्ती करणी नगरेको भनी कागज गरेकी हुँ भनी बकपत्र गरिदिएको देखियो । प्रतिवादी षडानन्दले अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा बयान गर्दा आफुले च कुमारीलाई जवरजस्ती करणी गरेको होइन भनी ईन्कार रहेपनि लाठीले निजलाई टाउकोमा प्रहार गरेको स्वीकार गरेको छ । सो प्रहार गरेको पनि सोही वारदात स्थलमानै भएको स्विकारोक्ती देखिन्छ । च कुमारीको केश फारामबाट निजका Labia Major- slight swelling Labia Minor - erythematons and congested. Abrasion mark 6 x 1 cm. over posterior aspect of Lt arm. Swelling over the dorsum of left hand. Few scratch mark over the palmer surface of left hand. Multiple incised wound 6. no -stitches applied, Bandage applied। हाइमन फाटेको छ तथा निज च कुमारीको उमेर १०/१२ वर्षको छ भनी उल्लेख

भएको देखियो । यसरी च कुमारी जो स्वयं पीडित हुन् निजले आफुलाई षडानन्दले कुटपीट गर्नुका साथै जवरजस्ती करणी गरेको पनि हो भनी बकपत्र गरिदिएकी, यी षडानन्दले जवरजस्ती करणी गरेको होइन भनी ईन्कार रहेपनि सो घटनास्थलमा आफुले पीडित च कुमारीलाई कुटपीट गरेको स्वीकार गरेको र निजले जवरजस्ती करणी नगरेको भने पनि च कुमारीको केश फारामबाट हाइमन च्यातिएको Labia major swelling भएको हुनु, हातखुट्टामा घस्रिएको तथा शरीरमा चोट भएको हुनुबाट २०६६/१२/३० गतेका दिन अभियोग दावीअनुसारको वारदात घटेको होइन भन्न मिलेन । अर्थात वारदात घटेको प्रमाणित भयो ।

अब दोस्रो प्रश्नतर्फ विचार गर्दा च कुमारीले अनुसन्धानको क्रममा मिति २०६७/१/३ गते कागज गर्दा जवरजस्ती करणी गरेको होइन । षडानन्दले कुटपिट गरेको भने पनि अदालतमा बकपत्र गर्दा कुटपीट गरेको तथा जवरजस्ती करणी पनि गरेको भनी बकपत्र गरेकी छिन् । आफुले पीडितलाई जवरजस्ती करणी गरेको ईन्कार गरे पनि कुटपिट गरेको स्वीकार गरी अदालतसमेतमा बयान गरेका र पीडितको केश फारामबाट पिडितलाई कुटपिटका साथै जवरजस्ती करणीसमेतको वारदात भएको देखिन आयो । निज षडानन्दको शारीरिक जाँच गर्ने चिकित्सकले जाँच गर्दा निजको हालको उमेरअनुसार जवरजस्ती करणी गर्न सक्छु भनी लेखि दिएकोसमेतबाट निज प्रतिवादी षडानन्द जोशीले दावीबमोजिमको वारदात घटाएको प्रमाणित हुन आयो ।

अव निज षडानन्द जोशीलाई अभियोग दावीअनुसार सजाय हुनु पर्ने नपर्नेसम्बन्धी तेस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा यसमा वादी नेपाल सरकारका तर्फबाट निज षडानन्दउपर सजायको मागदावी गर्दा मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. विपरीत ३ नं. को देहाय २ बमोजिम कसूर गरेको देखिँदा निजलाई सोही महलको ३(२) बमोजिम तथा निज षडानन्दको हालको उमेर १२ वर्षदेखि १५ वर्षसम्मको भन्ने देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय हुन भनी सजायको मागदावी लिएको देखियो । मुलतः निज प्रतिवादी षडानन्दको उमेरको सम्बन्धमा डाक्टरले १२ देखि १५ वर्षसम्मको भनी लेखि दिएको देखियो । वादी पक्षले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) को दावी लिए पनि १(३) मा १४ वर्षभन्दा माथिको उमेर पुगेकोलाई हुने सजायको आधा सजाय अभियोगको शिर व्यहोरामा १३ वर्षको षडानन्द भनी उल्लेख गरेको, निज षडानन्दले आफ्नो उमेर १३ वर्षको भनी अदालतको बयानमा भनेको तथा डाक्टरले निजको उमेर १२-१५ वर्षको भनी उल्लेख गरिदिएको देखिँदा निज षडानन्द १४ वर्ष मुनिको नाबालकनै भन्ने देखिन आयो । वादी पक्षले निजलाई जवरजस्ती करणीको ३(२) नं. अनुसार तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार दोहोरो मागदावी लिएको भए पनि एउटा वारदातमा दोहोरो दावी नपुग्ने हुँदा बालबालिकाको हकमा बालबालिकासम्बन्धी ऐननै लागू हुने हुँदा मुलुकी ऐन, जवरजस्ती करणीको महलअनुसारको सजाय गर्न नमिल्ने भई बालबालिकासम्बन्धी ऐन, २०४८ नै आकर्षित हुने देखियो । अव निज षडानन्दको हकमा दावीबमोजिमको सो ऐनको दफा ११(३) बमोजिम सजाय हुनु पर्ने नपर्ने सम्बन्धमा हेर्दा सो

ऐनको दफा ११ को उपदफा १ मा १० वर्ष मुनिको बालकलाई कुनै प्रकारको सजाय नहुने उपदफा २ मा १० वर्ष वा सोभन्दा माथि र १४ वर्षभन्दा कम रहेछ र कैद हुने अपराध गरेको भएमा ६ महिनासम्म कैद हुने र दफा ११(३) मा १४ वर्ष वा सोभन्दा माथि र १६ वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरेमा निजलाई कानूनबमोजिम उमेर पुगेकालाई हुने सजायको आधा सजाय हुने कानूनी व्यवस्था भएको देखियो । मिसिल संलग्न कागज प्रमाणसमेतबाट निजको उमेर १४ वर्षभन्दा मुनिको देखियो । अतः दावीअनुसार निज षडानन्द १४ वर्षभन्दा मुनिको नाबालक देखिँदा निजको हकमा दफा ११ को उपदफा ३ बमोजिमको सजाय आकर्षित नहुने भई निजलाई ऐ. को उपदफा २ बमोजिम ४ महिना कैद हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम निज षडानन्दको शारीरिक अवस्था कलिलो उमेर, कसूर गर्दाको परिस्थिति, पटक आदिको विचार गर्दा निजलाई कारागारमा राख्न उपयुक्त नहुने हुँदा निजलाई तोकिएको सजाय तत्काल भोग्नु नपर्ने गरी स्थगित राख्ने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्नु ।

**तपसिल**

प्रतिवादी षडानन्द जोशीके माथि ईन्साफ खण्डमा उल्लेख भएबमोजिम बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा २ बमोजिम ४ (चार) महिना कैद हुनेमा ऐ. ऐनको दफा ५०(२) बमोजिम निजलाई कारागारमा राख्न उपयुक्त नहुने हुँदा निजलाई तोकिएको सजाय तत्काल भोग्न नपर्ने गरी स्थगित राख्ने ठहरेकाले सोको लगत कसी असुलउपर जनाउनु ........................................१

यो ईन्साफमा चित्त नबुझे ऐनका म्याद ७० दिनभित्र पुनरावेदन अदालत महेन्द्रनगरमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीलाई र फैसलाको प्रतिलिपि साथै राखी श्री जिल्ला सरकारी वकिल कार्यालय, कञ्चनपुरलाई पुनरावेदनको म्याद दिनु ............................................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालतमा पठाई दिनु र नपरे अभिलेख शाखामा बुझाई दिनु ...............................................................३

नक्कल माग्ने सरोकारवालालाई नियमानुसार नक्कल दिनु ...............................................४

.....................
जिल्ला न्यायाधीश

माननीय न्यायाधीशज्यूले टिपाएअनुसार टिपोट गर्ने ना.सु. चन्द्रकुमार जोशी ।

ईति सम्वत् २०६७ साल मंसिर १४ गते रोज ३ मा शुभम् ..............................................।

# सुनसरी जिल्ला अदालत
## बाल इजलास
## माननीय जिल्ला न्यायाधीश बालकृष्ण उप्रेती
## फैसला

**उपस्थिति**

बालमनोवैज्ञानक - श्री छत्रमणी न्यौपाने

समाजसेवी - श्री जया पोखरेल

सम्वत् २०६७ सालको स.वा.फौ नं. ०३३६३

निर्णय नं. : २१३

**मुद्दा : जवरजस्ती करणी ।**

**वादीको नाम, थर, वतन**

नेपाल सरकार..............................१

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला सुनसरी, दुहवी गा.वि.स. बस्ने मोहन ठकुरी (नाम परिबर्तन)..........................१

**ऐ. को प्रमाण**

**साक्षी** : ×

**कागज** : ×

**ऐ. को प्रमाण**

**साक्षी** : ×

**कागज** : ×

**अदालतबाट बुझेको**

साक्षी : ×

कागज : ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ.बं. २९ नं. ले यसै अदालतको अधिकार क्षेत्रभित्र पर्न आएको मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :-

सम्मानित सर्वोच्च अदालतको पक्षहरको गोपनीयता कायम राख्नेसम्बन्धी निर्देशिका, २०६४ बमोजिम प्रस्तुत मुद्दामा पीडितको वास्तविक नाम परिवर्तन गरी अनिता गुरागाई कायम गरिएको छ ।

२०६७/३/२८ गते विहानको समयमा जिल्ला सुनसरी, दुहवी गा.वि.स., वडा नं. ४ मा स्थित रहेको मेरो डेरा कोठामा म र मेरो श्रीमती काम विशेषले बाहिर गएको र डेरामा वर्ष १० को छोरा आशिष र वर्ष ७ की छोरी अनिता गुरागाई मात्र रहे भएको अवस्थामा प्रतिवादी शुभम् ठकुरीले छोरालाई कोठाबाट बाहिर निकाली छोरीलाई कोठामा राखी ढोका थुनी जवरजस्ती करणी गरेको र छोरीले उक्त कुरा सुनाएको र निजको योनीबाट रगत आईरहने, पेट दुख्ने तथा बेलाबेलामा मुर्छा पर्ने भएकोले प्रतिवादीलाई पक्राउ गरी आवश्यक कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको नारायणप्रसाद गुरागाईको जाहेरी दरखास्त । पीडितको आमा मञ्जु गुरागाईको निवेदन ।

पीडितउपर जवरजस्ती करणी भए वा नभएको एकिन गर्न नसकिने भन्नेसमेत व्यहोराको पीडित अनिता गुरागाईको स्वास्थ्य परीक्षण रिपोर्ट ।

मिति २०६७/३/२८ गते बिहान अनिताका बुबाआमा काममा जानु भएको थियो र अनिता र निजको दाजुको परीक्षा चलिरहेकोले म निजहरुको कोठामा पढाउन बसेको थिएँ, जति पढाउँदा पनि नआएपछि दुवैलाई गाली गर्दा आशिष रिसाएर कोठाबाट बाहिर निस्कियो र मैले अनितालाई तिमी राम्ररी पढ्दैनौ भने कोठा थुनेर पिट्छु भनी जिस्क्याई ढोका थुन्दा अनिता कहालिएर रोएपछि ढोका खोली दिए । अब देखी पढ्दिनौ भने फेरी पनि कोठा थुनेर राखी दिन्छु भनी सम्झाएको हुँ । ५/६ दिन पछाडि प्रहरी आई मलाई पक्राउ गरी लगेको हो मैले पीडितउपर जवरजस्ती करणी गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी शुभम् ठकुरीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान ।

मिति २०६७/३/२८ गते बिहान मेरो ममी र बाबा डिउटीमा जानु भएको थियो, डेरामा म र दादा मात्र थियौं । हाम्रो परीक्षा भएकोले पल्लो कोठाको शुभम् दादा हामीलाई पढाउन आउनु भयो र हामीलाई पढाउँदा पढाउँदै दादा आशिषलाई बाहिर जान भन्नु भयो र दादा बाहिर गएपछि हाम्रो कोठाको झ्याल तथा ढोका बन्द गरी मलाई कोठाको कुनामा लडाई मेरो कट्टु खोली कसैलाई नभन्नु भन्यौ भने डण्डाले पिट्छु भनेर आफ्नो उत्तेजित लिङ्ग मेरो योनीमा लगाउँदा म कहालिएर रोएपछि शुभम् दादा कोठाबाट जानु भएको हो भन्नेसमेत व्यहोराको पीडित अनिता गुरागाईको अनुसन्धानको क्रममा भएको कागज ।

मिति २०६७/३/२८ गते बेलुका जाहेरबालाको नाबालिका छोरी अनिता गुरागाईलाई प्रतिवादी शुभम् ठकुरीले जवरजस्ती करणी गरे भन्ने कुरा सुनेका हौँ र सो कुरा भएकोमा शङ्का लाग्छ भन्नेसमेत व्यहोराको मानबहादुर श्रेष्ठसमेतका व्यक्तिले लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

नाबालक शुभम् ठकुरीले जाहेरवालाकी ७ वर्षिया नाबालिका छोरी अनिता गुरागाईलाई जवरजस्ती करणी गरी मुलुकी ऐन, जवरजस्ती करणी महलको १ र ३(१) नं. बर्खिलापको कसूर गरेकाले निज प्रतिवादीलाई सोही महलको ३(१) नं. बमोजिम हुन र पीडितलाई प्रतिवादीबाट क्षतिपूर्ति भराई दिनु हुन

साथै प्रतिवादीको उमेर १४ वर्षको भन्ने देखिएकाले निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम हुनसमेत अनुरोध गर्दै पेश भएको अभियोगपत्र ।

जाहेरबाला र पीडितलाई चिन्दछु । हामीहरुको डेरा एउटै घरमा छ । दाउरा मागेको विषयमा सामान्य मनमुटाव भई जाहेरवालाको श्रीमती सीता बोलचाल बन्द भएको थियो । जाहेरीको व्यहोरा झुठ्ठा हो । मिति २०६७/३/२७ गते राती हाम्रा घर नजिकै रहेको मामाको होटलमा सुती भोलिपल्ट विहान ७:३० बजे तिर आफ्नो डेरा घरमा आएको थिएँ । पीडित र निजको दाजुलाई पढाउने सिकाउने क्रममा निजको गालामा एक दुई थप्पड हिर्काएको थिए । त्यसपछि विरामी जचाउँन आउँनु भएकी दिदीसँग निजको घर लाहान गई त्यहाँबाट घरमा फर्की आएपछि जाहेरवालाको श्रीमतीले प्रहरी बोलाई पक्राउ गरेको हो । अभियोग दावीबाट फुर्सद पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी शुभम् ठकुरीले अदालतमा गरेको बयान ।

प्रतिवादी तथा पीडित दुवैको शारीरिक परीक्षण गराइएकोमा करणी भए गरेको कुनै प्रकृति चिन्ह चिकित्सकले उल्लेख गर्न सकेको नपाइएको एवं विद्यालयको अभिलेखअनुसार प्रतिवादीको उमेर वारदात मितिमा १२ वर्षको स्थिति रहेको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम कसूर हेरी ६ महिनासम्म कैद हुन्छ भन्ने व्यवस्था रहेको पाइएकोमा निज प्रतिवादी मुद्दा अनुसन्धानको क्रममा १५ दिन थुनामा बसी सकेको देखिएको र निज एक विद्यार्थीसमेत भएको हुँदा हाल अ.बं. ४७ नं. बमोजिम तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने मिति २०६७/४/१६ गतेको थुनछेक आदेशबमोजिम प्रतिवादी तारेखमा बसेको ।

आदेशानुसार प्रतिवादीका साक्षी गोविन्द माझी, रवी घिमिरे र वादीका साक्षीहरु वस्तुस्थिति मुचुल्काका व्यक्ति सरस्वती सुबेदी, कविता भट्टराई, पीडित अनिता गुरागाई र जाहेरवाला नारायणप्रसाद गुरागाईसमेतले गरिदिएको बकपत्र मिसिल संलग्न रहेको ।

बालक शुभम् ठकुरी फौ. नं. ३३६३ को घटना अगाडि पछाडिको शारीरिक, मानसिक तथा संवेगात्मक अवस्था, पारिवारिक पृष्ठभूमि, साथीसंगत हुर्काइको ईतिहास, बालकको आवश्यकता, चाहना, आर्थिक अवस्था, समाज र परिवारको बालकप्रतिको दृष्टिकोण र घटनाबाट सृजित तत्कालिन अवस्था साथै मिसिलमा संलग्न तथ्य प्रमाणहरुको मनोवैज्ञानिक पक्षको अध्ययन गर्दा निज बालक नि.मा.वि. तहमा अध्ययनरत रहेका, उमेरगत परिपक्व नभई सकेको परिवारमा आमाबाबुको एकमात्र सन्तान भए पनि दुवै जना रोजगारीमा व्यस्त भएको कारणबाट बालकको हुर्काई तथा विकासमा पूर्ण समय दिन नसकेकोले गर्दा कर्तव्य, माया, अनुशासन, सामाजिक मर्यादा तथा विद्यमान कानूनसम्बन्धी उचित शिक्षा प्राप्त हुन नसकेको, बालकमा मास्लो (Maslo) को आवश्यकताको सिद्धान्तअनुरुप शारीरिक आवश्यकताको विकास भएकोले निजको जिज्ञासा एवं कौतुहलताको कारण यो घटना घटेको देखिन्छ । बालकमा सामाजिक तथा कानूनी मर्यादा पालना गर्दै आफ्नो अध्ययन पुरा गरी सामान्य नागरिकसरह आफ्नो भविष्य

निर्माण गर्ने प्रवल ईच्छा पाइएको कारण निज बालकलाई उचित वातावरणमा अध्ययन गराई सुनौलो भविष्य निर्माण गरी अगाडि बढ्ने अवसर दिनु सान्दर्भिक देखिन्छ भन्ने व्यहोराको बालमनोविज्ञ छत्रमणी न्यौपानेको राय प्रतिवेदन ।

न्यून आर्थिक अवस्थाको कारण बाबु आमा दुवै व्यवसायमा व्यस्त रहेकोले बालकको रेखदेखमा उचित समय दिन नसकेको कारण निज बालकमा सामाजिक, साँस्कृतिक मर्यादा, अनुशासन, कर्तव्य, माया जस्ता कुराको उचित ज्ञान हुन नसक्नाको कारणबाट एकै घरमा भाडा गरिबस्ने आफूले ट्युशन पढाउने गरेको बालिकामाथि उक्त घटना घटेको र निज बालकको मनसाय आफ्नो अध्ययन पुरा गरी सरकारी सेवा गर्ने इच्छा भएको कारण उनलाई पारिवारिक एवं सामाजिक वातावरणमा अध्ययन गरी भविष्य निर्माण गर्ने अवसर दिन उचित ठहर्छ भन्ने व्यहोराको समाजसेवी जया पोखेलको राय प्रतिवेदन ।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा सम्पूर्ण मिसिल कागजात अध्ययन गरी वादी नेपाल सरकार तर्फका विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री मनोजकुमार आचार्य एवं प्रतिवादी तर्फका विद्वान अधिवक्ता त्रय श्री हेमराज पोखरेल, श्री उद्धवप्रसाद काफ्ले र श्री हरिनारायण चौधरीले गर्नु भएको बहससमेत सुनियो ।

यसमा आफ्नो बहसको क्रममा वादी तर्फका विद्वान सहायक जिल्ला न्यायाधिवक्ताले पीडितले आफुलाई जवरजस्ती करणी गरेका हुन् भनी अनुसन्धानमा गरेको कागजलाईनै समर्थन गरी अदालतमासमेत बकपत्र गरेकी र पीडितका आमाबाबुले प्रहरीमा दिएको जाहेरी एवं निवेदनमा प्रतिवादीले आफ्नो नाबालक छोरीलाई जवरजस्ती करणी गरेको कुरा निज पीडितबाट जानकारी भएको भनी उल्लेख गरी जाहेरवालाले जाहेरीको समर्थनमा अदालतमा बकपत्रसमेत गरेको र पीडितको स्वास्थ्य उपचारको लागि अस्पतालमा गएको कुरा बुझिएका व्यक्तिको बकपत्रसमेतबाट पुष्टि भएकाले प्रतिवादीलाई अभियोग दावीबमोजिम सजाय हुनु पर्ने भन्ने र प्रतिवादी तर्फका विद्वान अधिवक्ताहरुले वारदातको प्रत्यक्षदर्शी गवाह कोही छैन । ६ दिन पछिमात्र छोरीले भनेको भन्ने आधारमा जाहेरवालाको जाहेरी परेको देखिन्छ । पीडित तथा प्रतिवादी दुवैको शारीरिक परीक्षण गरी चिकित्सकले दिएको प्रतिवेदनमा जवरजस्ती करणी भएगरेको देखिने कुनै चिन्ह, लक्षण देखिँदैन । पीडितले अनुसन्धानको क्रममा गरेको कागजमा प्रतिवादीले आफु र निजको कट्टु खोली करणी गर्न लाग्दा लिङ्ग देखी आफै आत्तिएकाले रुदा प्रतिवादी भागी गएको भनी व्यहोरा लेखाएकीमा निजले अदालतमा बकपत्र गर्दा प्रतिवादीले लिङ्ग आफ्नो योनीमा पसाई जवरजस्ती करणी गरेका हुन् भनी व्यहोरा लेखाएबाट निजको मौकाको कागज र बकपत्र एक आपसमा विरोधाभाषपूर्ण रहेको देखिएको र प्रतिवादी भर्खर १२ वर्ष मात्र पुगेको नाबालक रहेको स्थितिमा निजलाई कसूरदार कायम गरी सजाय गर्न न्यायको मर्मविपरीत हुने हुँदा प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउनु पर्छ भन्नेसमेतको तर्क प्रस्तुत गर्नु भयो ।

प्रस्तुत मुद्दामा प्रतिवादीले जाहेरवालाको ७ बर्षिया छोरीलाई जवरजस्ती करणी गरी मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ३(१) नं. बर्खिलापको कसूर गरेकोले निज प्रतिवादीलाई सोही महलको ३(१) नं. बमोजिम हुन र पीडितलाई प्रतिवादीबाट क्षतिपूर्ति भराई दिनुका साथै प्रतिवादीको उमेर १४ वर्षको भन्ने देखिएकाले निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिमसमेत हुनु पर्ने दावी लिई अभियोगपत्र दायर भएको देखिन्छ ।

अव यस स्थितिमा प्रस्तुत मुद्दामा प्रतिवादीले आरोपित कसूर गरेका हुन् होइनन् ? निजलाई अभियोग दावीबमोजिमको सजाय हुने नहुने के हो भन्ने कुराको निर्णय दिनु पर्ने देखिन आई सोतर्फ विचार गर्दा प्रतिवादीले अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्षको बयानमा आफुले जाहेरवालाकी नाबालिका छोरीलाई जवरजस्ती करणी गरेको तथा गर्ने प्रयास गरेको होइन । राम्ररी नपढे तिमीलाई ढोका थुनेर पिट्छु भनी जिस्क्याएर ढोका थुन्दा जाहेरवालाकी छोरी कहालिएर रोएको हुँदा मैले ढोका खोली दिएको हुँ भन्ने व्यहोरा लेखाई आरोपित कसूरमा ईन्कार रही व्यहोरा लेखाएको देखिन्छ । पीडित तथा प्रतिवादी दुवैको शारीरिक परीक्षण गरी चिकित्सकले दिएको प्रतिवेदनमा जवरजस्ती करणीका कुनै चिन्ह, लक्षण, संकेत उल्लेख हुन सकेको अवस्था छैन । नत पीडिताको कन्या जालीनै च्यातिएको छ । नत निजको योनाङ्गको वरिपरी तथा बाहिरी भागमानै निल वा रातोपनानै देखिएको छ । प्रस्तुत मुद्दाको वारदात देख्ने प्रत्यक्षदर्शी गवाह पीडित बाहेक कोही छैनन् । पीडिताको बाबु जाहेरवालाले तथा आमाले दिएको जाहेरी तथा निवेदन छोरीले भनेको भन्ने आधारमा परेको देखिन्छ भने वारदात स्थलमा तत्काल उपस्थित रहेका भनिएका पीडिताका दाजुलाई अनुसन्धानको क्रममा बुझिएकोसमेत देखिँदैन । जाहेरवालाले आफ्नो जाहेरी दरखास्तमा आफू दिउँसो ५ बजेतिर डेरामा आउँदा छोरी रुदै आई आज विहान म र दादा कोठामा पढ्दै गरेको बेला शुभम् ठकुरीले दादालाई कोठाबाट बाहिर निकाली कोठा थुनी मलाई लडाई मेरो कट्टु खोली नाङ्गो बनाई आफ्नो कट्टु खोली लिङ्ग ठाडो बनाई मलाई जवरजस्ती करणी गऱ्यो । म रुन थालेपछि निजले मुरो मुख थुनेर मेरो योनीमा निजको लिङ्ग छिराएको छिराई गऱ्यो भनी रोएकीले छोरीको कट्टु चेक गर्दा कट्टुमा रगत लागेको रहेछ भन्ने व्यहोरा उल्लेख गरेकोमा नत जाहेरवालाकी छोरीलाई अस्पतालमा उपचार गराएको कुनै निस्सा दाखिल हुन सकेको देखिन्छ नत कट्टुमा रगत लागेको भन्ने कुराको पुष्ट्याईका लागि कट्टुनै परीक्षण गराइएको देखन्छ । निज जाहेरबालाको जाहेरी दरखास्त एवं बकपत्रको व्यहोरा आफ्नी छोरीले भनेबाट थाहा जानकारी हुन आएको भन्ने देखिएको, पीडित भनीएकी निज अनिता गुरागाईले अदालतमा बकपत्र गर्दा “शुभम् दादाले ढोका लगाई मलाई हाम्रै कोठाको कुनामा लगी पहिला मेरा कट्टु खोली दिएरपछि आफ्नो कट्टु खोली मेरो सु गर्नेमा आफ्नो सु गर्ने पसाए । मेरो मुखमा सलले बाँधी दिएका थिए । मलाई बोलिस्, बुवा ममीलाई यो कुरा भनीस भने पिट्छु भनेको थिए । शुभम् दादाले मेरो सु गर्नेमा आफ्नो गर्ने पसाउँदा मलाई दुखेर म रोएँ । मेरो कट्टुमा रगत पनि लागेको थियो” भन्ने व्यहोरा लेखाएको भए तापनि निजले अनुसन्धानको क्रममा मौकामा गरेको कागजमा “शुभम् दादाले मेरो दादालाई कोठाबाट बाहिर निकाली ढोका तथा झ्याल बन्द गरी मलाई लडाई मेरो कट्टु खोली दिनु भयो । नकराउनु, कसैलाई नभन्नु भन्यौ भने पिट्छु भनी आफ्नो कट्टु खोली निजको उत्तेजित

लिङ्गले मेरो योनीमा लगाउन खोज्दा म कहालिएर रोएपछि कोठाबाट निस्कनु भयो । दादा र म खाना खाएपछि स्कुल गयौं । स्कुलबाट बेलुका आएपछि शुभम् दादाले मलाई ढोका थुनेर गर्नु भयो भनी बुबा आमालाई सुनाए शुभम् दादाको लिङ्ग मेरो योनीमा छिराउनु भएन । म आत्तिएर रुन थालेपछि कसैलाई नभन्नु भनी हिड्नु भएको हो" । भनी बकपत्रभन्दा फरक व्यहोरा कागज गरेको देखिएको र उक्त कागज पीडिताको आमा बाबु दुवैको रोहवरमा भएको देखिएकोमा प्रस्तुत मुद्दाको पीडितलेनै आफ्नो मौकाको कागजमा प्रतिवादीले आफ्नो योनीमा लिङ्ग प्रवेश गराएको भनी भन्न नसकेको र पीडिताको शारीरिक परीक्षण प्रतिवेदनबाट सो कुराको पुष्टी नभएको स्थितिमा केवल पीडिताले धैरै समयपछि अदालतमा गरेको बकपत्रमा प्रतिवादीले लिङ्ग आफ्नो योनीमा प्रवेश गराई जवरजस्ती करणी गरेका हुन् भनी व्यहोरा लेखाएको मात्र आधारमा जवरजस्ती करणीको वारदात स्थापित गर्न कानून एवं न्यायसंगत देखिन आएन ।

तर पीडिताले आफ्नो मौकाको कागजमा आफ्नो दाजुलाई कोठा बाहिर निकाली प्रतिवादीले पीडिताको कट्टु खोली आफ्नो कट्टुसमेत खोली उत्तेजित लिङ्ग पीडितको योनीमा प्रवेश गराउन खोज्दा पीडित आत्तिएर रोएकी कारण प्रतिवादीले करणी गर्न नपाएको भन्ने देखिन आएको र प्रतिवादीले वारदात मिति समयमा जाहेरवालाको कोठामा जाहेरवालाको छोरा तथा छोरीलाई पढाउन गएकोमा छोरा बाहिर निस्केको र छोरी भित्र रहेकीमा आफुले ढोका थुनी पीडितलाई पिटेको भन्ने तथ्यसम्म स्वीकार गरेको पाइएकोमा जाहेरवालाको छोरा छोरीलाई यी प्रतिवादीले पढाउने गरेको कुराबाट निजहरुको बीचमा सौहार्दपूर्ण सम्बन्ध रहिरहेको देखिएकोमा प्रतिवादीले सामान्य १/२ थप्पड पिटेको भन्नेसम्मको कुरालाई लिएर प्रतिवादीलाई फसाउने नियतले एउटी ७ वर्षकी नाबालिकाले आफ्नो आमाबाबुलाई प्रतिवादीले यस्तो गर्‍यो भनी बनावटी कुरा गरिन् होला भनी पत्यार गर्न युक्तिसंगतसमेत नदेखिएको र जवरजस्ती करणी मुद्दामा पीडिताको भनाईलाई महत्वपूर्ण आधार प्रमाणका रुपमा ग्रहण गर्न स्वभाविक पनि हुने देखिएकाले प्रतिवादी शुभम् ठकुरीले जवरजस्ती करणीको महलको ५ नं. बमोजिमको जवरजस्ती करणी गर्ने उद्योगको कसूरसम्म गरेको ठहर्छ ।

निज प्रतिवादीलाई कति सजाय हुनु पर्ने हो भन्ने सन्दर्भमा विचार गर्दा अभियोगपत्रमा प्रतिवादीको उमेर १४ वर्ष उल्लेख गरिएको भए तापनि अनुसन्धानकै क्रममा पेश भएको बाल कल्याण विद्या मन्दिरको पत्रबाट निज प्रतिवादीको जन्ममिति २०५५/३/२० देखिएबाट निजको वारदात मिति २०६७/३/२८ मा १२ वर्ष पुरा गरेको देखिन आएको र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) मा चौध वर्ष मुनीको बालकले कैदको सजाय हुने कुनै कसूर गरेमा कसूर हेरी ६ महिनासम्म कैदको सजाय हुन्छ भन्ने व्यवस्था भइरहेको पाइएकोमा समाजसेवी एवं बालमनोविज्ञको प्रतिवेदनसमेतमा निजलाई थप कैद सजाय गर्न उपयुक्त नहुने भन्ने राय पेश भइरहेको एवं पीडितलाई शारीरिक क्षति भएको पनि नदेखिएको किशोर अवस्थाको कौतुहलतावश वारदात भएको अवस्था हुँदा निज प्रतिवादीलाई निज हिरासतमा बसेको दिन जतिको कैद सजायनै पर्याप्त हुने देखिएकोले निज प्रतिवादीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम तजविजी सजाय कैद दिन १५ (पन्ध्र) हुन्छ । जवरजस्ती करणीको वारदात

स्थापित नभई जवरजस्ती करणीको उद्योगसम्मको वारदात ठहरेकाले प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ती भराई रहनु परेन । अरुपमा तपसिलबमोजिम गर्ने गरी फैसला गरिदिएँ ।

## तपसिल

माथि ईन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी शुभम् ठकुरीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम १५(पन्ध्र) दिन कैद हुने ठहरेकोमा निज अनुसन्धानको क्रममा मिति २०६७/४/१ गते पक्राउ परी प्रहरी हिरासतमा रही यस अदालतको मिति २०६७/४/१६ गतेको आदेशानुसार तारेखमा रहेको देखिँदा निजलाई लागेको उक्त कैद दिन १५ (पन्ध्र) प्रहरी हिरासतमै बसी कट्टा भइसकेकोले कैद लगत कसी असुल जनाई राख्नु ..............................................................१

यो फैसलामा चित्त नबुझे श्री पुनरावेदन अदालत विराटनगरमा पुनरावेदन गर्नु भनी फैसलाको जनाउँसहित जिल्ला सरकारी वकिल कार्यालय, सुनसरी र प्रतिवादीलाई ७० दिने पुनरावेदनको म्याद दिनु ..........२

सरोकारवालाले नक्कल माग नियमानुसार लाग्ने दस्तुर लिई दिनु.........................................३

नियमानुसार गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ................................................४

.....................
जिल्ला न्यायाधीश

माननीय न्यायाधीशज्यूबाट बोली टिप्ने ना. सु. भरतमणि पोखरेल ।

ईति सम्वत् २०६७ साल माघ ३ गते रोज २ मा शुभम् ..............................................।

# सुनसरी जिल्ला अदालत
## बाल इजलास
## माननीय जिल्ला न्यायाधीश श्री बालकृष्ण उप्रेती
## फैसला

**उपस्थिति**

बालमनोविज्ञ : श्री छत्रमणि न्यौपाने

समाजसेवी : श्रीमती जया पोखरेल

सम्वत् २०६७ सालको स.वा.फौ.नं.-०२७०४

निर्णय नं. २२०

**मुद्दा : जवरजस्ती करणी।**

**वादीको नाम, थर, वतन**

जिल्ला सुनसरी, खनार गा.वि.स., वडा नं. ५ बस्ने राजेशकुमार (नाम परिवर्तन) को जाहेरीले नेपाल सरकार....................१

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला सुनसरी, खनार गा.वि.स., वडा नं.५ बस्ने कामाद सरदार (नाम परिवर्तन)..................१

**ऐ. को प्रमाण**

साक्षी : ×

कागज : ×

**ऐ. को प्रमाण**

साक्षी : ×

कागज : ×

**अदालतबाट बुझेको**

साक्षी : ×

कागज : ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ.बं. २९ नं. ले यसै अदालतको अधिकार क्षेत्रभित्र पर्न आएको मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :-

सम्मानित सर्वोच्च अदालतको पक्षहरुको गोपनीयता कायम राख्नेसम्बन्धी निर्देशिका, २०६४ बमोजिम प्रस्तुत मुद्दामा पीडितको वास्तविक नाम परिवर्तन गरी आशाकुमारी कायम गरिएको छ।

मिति २०६६/१२/११ गते मेरो घरका ठुला मान्छेहरु घर बाहिर रहेको, नाबालिका छोरी आशाकुमारी (परिवर्तित नाम) आफ्नै घरमा खेल्दै बसेको अवस्थामा प्रतिवादीले छोरीलाई बोलाई आफू बस्ने गरेको घरमा लगी जवरजस्ती करणी गरेको र सो कुरा छोरीमार्फत मेरो श्रीमतीले थाहा पाई मलाई भनेकाले मैले प्रतिवादीको घरमा गई उक्त कुराभन्दा प्रतिवादी र निजको भिनाजु नाताका मोहन सरदारले यो कुरा कसैलाई नभन्नु, म तिम्री छोरी जिम्मा लिन्छु भन्दै फकाईफुल्याई छोरीको उपचारको लागि भारत लानु पर्छ भन्दै म तथा मेरी छोरीलाई भारत लगी उपचार गराई भारतमै राखेकोमा म भारतबाट भाग्न सफल भई आई निज प्रतिवादीउपर आवश्यक कारवाही गरी पाउन यो जाहेरी दिएको छु भन्नेसमेत व्यहोराको राजेशकुमारको जाहेरी दर्खास्त ।

जिल्ला सुनसरी, खनार गा.वि.स., वडा नं. ५ स्थित राजु सरदार वस्ने गरेको भुईतले घरको दक्षिणतर्फको कोठामा रहेको विस्तरामा पीडितलाई प्रतिवादीले जवरजस्ती करणी गरेको भन्ने घटनास्थल मुचुल्का ।

मिति २०६६/१२/११ गते म घर नजिकै गाउँ घरका केटाकेटीसँग खेल्दै प्रतिवादी कामाद सरदारको घर नजिक पुग्दा निज प्रतिवादी कोठामा टि.भि. हेर्दै बसिरहेका थिए। मैले झ्यालबाट चियाएर टि.भि. हेर्दा निज प्रतिवादीले मलाई समाई कोठामा छिराई टि.भि.को आवाज ठूलो बनाई निजको विस्तारामा सुताई मेरो सुरुवाल खोली गाला सुमसुम्याउदै निजले लगाएको पेन्ट खोली निजको लिङ्ग मेरो योनीमा घुसार्दै माथि चढी धकेल्दा मलाई पिडा भई रुन कराउन थाल्दा मेरो गालामा निजले नङग्राई घाउँसमेत पारेको र केही छिन् हल्लिएपछि मेरो रुवाईको कारण निजले छोडी दिएपछि म घर गई उक्त कुरा आमालाई भनेको हुँ भन्नेसमेत व्यहोराको पीडित आशाकुमारीको अनुसन्धानको क्रममा भएको कागज ।

प्रतिवादी कामाद सरदार मेरा नाताका मानिस हुन् । निज सानैदेखि मेरो घरमा बस्दै आएका थिए । मिति २०६६/१२/११ गते सदाझै म काम गर्न गएको अवस्थामा श्रीमतीसमेत हटिया गएको र घरमा निज कामाद सरदार मात्र थिए । साँझको समयमा म घर आउँदा जाहेरवाला र निजको श्रीमती मेरो घरमा आई कामादले मेरी छोरीलाई जवरजस्ती करणी गरी घाइते बनाएको भनी सुनाएपछि मैले निज कामाद सरदारको खोजी गर्दा निज आमाको घरतर्फ गइसकेको र पीडितको भनाईसमेतबाट निज प्रतिवादीले पीडितउपर जवरजस्ती करणी गरको थाहा पाएको हुँ । निजले उक्त कार्य गरेकोमा मलाई विश्वास लाग्छ भन्नेसमेत व्यहोराको बुझिएका मोहन सरदारको अनुसन्धानको क्रममा भएको कागज ।

मिति २०६६/१२/११ गते मेरो श्रीमान काम गर्न गएको र म पनि बिजुलीको विल तिर्न गई ११ बजेतिर घर फर्की आई छोरी आशाकुमारीलाई नदेखेकोले खोजी गर्दा प्रतिवादी कामाद सरदारको घरतर्फबाट हातमा सुरुवाल बोकी रुदै आएको देखी सोधपुछ गर्दा आफुलाई कामाद सरदारले जवरजस्ती निजको कोठामा लगी जवरजस्ती करणी गरेको कुरा बताएको र छोरीको योनी हेर्दा रगतसमेत आएको देखिएकोले निज प्रतिवादीले पीडितउपर जवरजस्ती करणी गरेकोमा प्रष्ट भएको हुँ भन्नेसमेत व्यहोराको पीडितको आमा मैया सरदार (नाम परिवर्तन) को अनुसन्धानको क्रममा भएको कागज ।

मिति २०६६/१२/११ गते दिउँसो भिनाजु नाताका मोहन सरदार काममा गएको निजकी श्रीमती र केटाकेटीसमेत घरमा नभएकोले म टि.भि. हेरिरहेको अवस्थामा पीडित झ्याल नजिक आई चियाएर टि.भि. हेरिरहेको देखी आज यसलाई जवरजस्ती करणी गर्छु भन्ने सोची निजलाई टि.भी. हेर्न आइज भन्दै इशारापश्चात् पत्री झ्यालैबाट भित्र तानी खाटमा सुताई करणी गर्न दे भन्दा निजले नमानेपछि निजलाई गालीगलौज, धाकधम्की तथा फकाउदै योनीमा हातको औला पसाउँदा करणी गर्न ईच्छा भई निजलाई जवरजस्ती करणी गरेको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी कामाद सरदारको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान ।

मिति २०६६/१२/११ गते प्रतिवादी कामाद सरदारले पीडित आशाकुमारीलाई प्रतिवादीको कोठामा झ्यालबाट टि.भी. हेरिरहेको अवस्थामा झ्यालबाटै पीडितलाई तानी कोठाको खाटमा सुताई जवरजस्ती करणी गरेको कुरा सुनी थाहा पाएका हौं भन्नेसमेत व्यहोराको कमल सरदारसमेतले लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

मिसिल संलग्न जाहेरी दर्खास्त, घटनास्थल मुचुल्का, पक्राउ प्रतिवादीको बयान, पीडितको स्वस्थ्य परीक्षण रिपोर्ट, पीडितको कागज, बुझिएका मानिसहरु एवं वस्तुस्थिति मुचुल्काका मानिसहरुको भनाईसमेतका आधार प्रमाणहरुबाट प्रतिवादी कामाद सरदारले पीडित आशाकुमारीलाई जवरजस्ती करणी गरेको पुष्टि हुन आई निजले जवरजस्ती करणी महलको १ र ३(१) नं. को कसूर गरेको प्रमाणित भएको हुँदा निजलाई ऐ. ऐन महलको ३(१) नं. बमोजिम सजाय गरी ऐ. १० नं. बमोजिम पीडितलाई प्रतिवादीबाट उचित क्षतिपुर्ति दिलाई भराई पाउनका साथै प्रतिवादी कामाद सरदारको उमेर वर्ष १५ को भन्ने बयान र जन्मदर्तासमेतबाट देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम हुन मागदावी लिदै पेश भएको अभियोगपत्र ।

जाहेरवालालाई चिन्दिन । जाहेरबालाको मेरो आमासँग झगडा परेको कारणले मलाई फसाउन जाहेरी दिएका हुन् । मैले पीडितलाई केही गरेको छैन । केटीलाई निजको आमाबाबुले सिकाई केटीले आफै योनीमा औला पसाई रगत आई घाउ भएको हुन सक्छ । अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान कुट्छ होला भनी डरले गरेको हुँ । वस्तुस्थिति मुचुल्काका मानिसहरुले किन त्यसो भने मलाई थाहा छैन । मलाई अभियोग दावीबमोजिम सजाय हुने होइन भन्नेसमेत व्यहोराको प्रतिवादीले यस अदालतमा गरेको बयान ।

पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई अ.बं. ११८ को देहाय दफा २ बमोजिम अ.बं. १२१ नं. बमोजिमको थुनुवा पूर्जी दिई कानूनबमोजिम सिधा खान पाउने गरी बाल सुधार गृहमा राख्न पठाउनु भन्नेसमेत व्यहोराको २०६७/१/७ गतेको यस अदालतको थुनछेकको क्रममा भएको आदेश ।

बादीका साक्षीहरुको बकपत्र भई मिसिल संलग्न रहेको ।

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेको ।

नाबालकको घटना अगाडि पछाडिको शारीरिक, मानसिक तथा संवेगात्मक अवस्था, पारिवारिक पृष्ठभूमि, साथीसंगत हुर्काइएको ईतिहास, बालकको आवश्यकता, चाहना, आर्थिक अवस्था, समाज र परिवारको बालकप्रतिको दृष्टिकोण र घटनाबाट सृजित तत्कालिन अवस्था साथै मिसिलमा संलग्न तथ्य प्रमाणहरुको मनोवैज्ञानिक पक्षको अध्ययन गर्दा निज उमेरगत परिपक्व नभई सकेको, परिवारमा आमा छोरा मात्र रहेको, आमा असक्त भएकोले भिनाजुसँग बस्दै आएको, निम्न आर्थिक अवस्थाका कारण रिलाइन्स उधोगमा काम गर्दै आएको देखिन्छ । निजको जिज्ञासा एवं कौतुहलताको कारण यो घटना घटेको देखिन्छ । बालकमा सामाजिक तथा कानूनी मर्यादा पालना गर्दै आफ्नो अध्ययन पुरा गरी सामान्य नागरिकसरह आफ्नो भविष्य निर्माण गर्ने प्रवल ईच्छा पाइएको कारण निज बालकलाई उचित वातावरणमा अध्ययन गराई सुनौलो भविष्य निर्माण गरी अगाडि बढ्ने अवसर दिनु सान्दर्भिक देखिन्छ भन्ने व्यहोराको बालमनोविज्ञ छत्रमणि न्यौपानेको राय प्रतिवेदन ।

प्रतिवादीले बालिकामाथि जवरजस्ती करणी गरेको देखिन्छ । यसबाट बालबिज्याँई गर्नु पर्ने मुख्य कारणको रुपमा परिवार तथा समाजबाट अपहेलित हुनु, गरिव हुनु, माया ममता नपाउनु आर्थिक पक्ष पनि कमजोर हुन, नैतिक शिक्षाको कमी समष्टीगत रुपमा हेर्दा सबै पक्ष कमजोर भएकै कारण यस्तो परिस्थिति सृजना भएको भन्नेसमेत व्यहोराको समाजसेवी जया पोखरेलको राय ।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा सम्पूर्ण मिसिल कागजात अध्ययन गरी बादी नेपाल सरकार तर्फका विद्धान सहायक जिल्ला न्यायाधिवक्ता श्री मनोजकुमार आचार्य एवं प्रतिवादी तर्फका विद्धान अधिवक्ता श्री सुमनराज पन्तले गर्नु भएको बहससमेत सुनियो ।

यसमा प्रतिवादीले जाहेरवालाकी ७ बर्षिय नाबालक छोरीलाई जवरजस्ती, करणी गरी मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ३(१) नं. बर्खिलापको कसूर गरेकाले निज प्रतिवादीलाई सोही ३(१) नं. बमोजिम सजाय गरी क्षतिपूर्तिसमेत दिलाई दिनु पर्ने र प्रतिवादी १५ वर्षको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम हुन अनुरोध छ भन्ने दावी लिई अभियोगपत्र दायर भएको देखियो । अब यस स्थितिमा प्रस्तुत मुद्दाका प्रतिवादीले आरोपित कसूर गरेका हुन होइनन् ? निजलाई अभियोग दावीबमोजिमको सजाय हुनु पर्ने नपर्ने के हो ? भन्ने कुराको निर्णय दिनु पर्ने देखिन आई सोतर्फ विचार

गर्दा प्रतिवादीले अदालतमा बयान गर्दा आफूले जाहेरवालाकी छोरीलाई जवरजस्ती करणी गरेको होइन, निज आफैले योनीमा औला पसाउँदा घाउँचोट लागेको र रगत आएको हुनु पर्छ भन्ने व्यहोरा लेखाई ईन्कारी बयान गरेको भए तापनि निज प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा आफू कोठामा टि.भि. हेरिरहेको अवस्था पीडित झ्याल नजिक आई टि.भि. हेरेको देखी यसलाई करणी गर्छु भन्ने सोची आइज भन्दै झ्यालैबाट तानी खाटमा सुताई करणी गर्न देभन्दा नमानेपछि फकाउँदै योनीमा हातको औला पसाउँदा करणी गर्ने ईच्छा भई जवरजस्ती करणी गरेको हुँ भनी साविती व्यहोरा लेखाएको देखिन्छ। पीडितका बाबु जाहेरवालाले दिएको जाहेरी तथा निजकी आमा मैया सरदारले अनुसन्धानका क्रममा गरेको कागजमा आफूलाई प्रतिवादीले जवरजस्ती करणी गरेको भनी बताएकीले निजको उपचारसमेत भएको भनी व्यहोरा उल्लेख गरेकोमा निजहरुले अदालतमासमेत आफ्नो अनुसन्धानका क्रममा भएको जाहेरी तथा कागजको समर्थनमा व्यहोरा लेखाएको देखिन्छ। पीडित आशाकुमारीले अनुसन्धानको क्रममा गरेको कागज तथा अदालतमा गरेको बकपत्रमासमेत म प्रतिवादीको घर झ्याल बाहिरबाट टि.भि. हेरी रहेकोमा निज प्रतिवादीले झ्यालबाट मलाई तानी कोठाभित्र लगी खटियामा सुताई टि.भि. को आवाज ठूलो बनाई मैले लगाएको सुरुवाल खोली निजले लगाएको कट्टुबाट लिङ्ग निकाली मेरो योनीमा छिराई तल माथि गर्दा मलाई दुख्यो, म चिच्याएर रोएपछि प्रतिवादी भागी गए भन्ने व्यहोरा लेखाई प्रतिवादीउपर पोल गरेकोमा ७ वर्षकी पीडिताको शारीरिक स्वास्थ्य परीक्षण गराउँदा निजको कन्याजाली च्यातिएको पाइएको भनी बि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट प्रतिवेदन प्राप्त हुनुको अलावा पीडिताले वारदातको अवस्था लगाएको सुरुवाल परीक्षणार्थ पठाइएकोमा "मानव बीर्य" पाइएको भनी केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन प्राप्त भई मिसिल सामेल रहेकोसमेतका प्रमाणहरुबाट प्रतिवादीले पीडित आशाकुमारीलाई जवरजस्ती करणी गरी जवरजस्ती करणीको महलको १ नं. बमोजिमको कसूर गरेको ठहर्छ।

सजायको हकमा विचार गर्दा मिसिल संलग्न जन्मदर्ताको प्रमाण पत्रको छाँया प्रतिबाट प्रतिवादीको जन्ममिति २०५२/४/२१ देखिन आई वारदातको अवस्था प्रतिवादी १४ वर्ष पुरा गरेको देखिँदा वयस्क व्यक्तिले यो कसूर गरेको स्थितिमा जवरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्षदेखि १५ वर्षसम्मको कैदको सजाय हुन सक्नेमा प्रतिवादी १४ वर्षको नाबालक देखिएकाले निज प्रतिवादीलाई जवरजस्ती करणीको महलको ३(१) नं. ले हुने सजायको बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) बमोजिम आधीले हुने ५ वर्ष कैदको सजाय हुने ठहर्छ। निज प्रतिवादी पुर्पक्षका लागि बाल सुधार गृह, सानोठिमीमा रहेको देखिएकाले निजलाई लागेको कैद सजाय सोही बाल सुधार गृहमा रही बिताउने गरी लेखी पठाई दिनु। पीडितलाई क्षतिपूर्ति भराई दिने दावीका सन्दर्भमा हेर्दा प्रतिवादी नाबालक रहेको, निजको आयस्रोत केही नभएको, प्रतिवादी तर्फका नातेदारले पीडितलाई तत्काल उपचार गर्नमा सहयोग गरेको भन्ने देखिएको, प्रतिवादीको बाबु वेपत्ता र आमा अपाङ्ग भई प्रतिवादी भिनाजुको सँग साथमा रहेको भन्ने समाजसेवी एवं बालमनोविज्ञको प्रतिवेदन एवं मिसिल संलग्न प्रमाणहरुबाट देखिएको एवं प्रतिवादी आफै अरुमा आश्रित रही बाल सुधार गृहमा रहेको अवस्थामा नाबालक प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति

भराई दिने कुनै आर्थिक आर्जन नभएको अवस्थामा औचित्यहिन हुने भएकाले प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराई दिइरहनु परेन । अरुमा तपसिलबमोजिम गर्ने गरी यो फैसला गरिदिएँ ।

**तपसिल**

प्रतिवादी कामाद सरदारलाई माथि ईन्साफ खण्डमा लेखिएबमोजिम जवरजस्ती करणीको कसूरमा जवरजस्ती करणीको महलको ३(१) नं.को सजाय हुनेमा निज १४ वर्षका नाबालक हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम ५ वर्षको कैद सजाय हुन्छ । निज प्रतिवादी २०६६/१२/१८ गतेदेखि प्रहरी हिरासतमा रही यस अदालतको मिति २०६७/१/७ गतेको आदेशले बाल सुधार गृह, सानोठिमीमा न्यायिक हिरासतमा रहेको देखिँदा निज प्रतिवादी प्रहरी हिरासतमा रहेको मिति २०६६/१२/१८ गते देखिनै लागू हुने गरी बाल सुधार गृह, सानोठिमीमा रही निजलाई लागेको कैद वर्ष ५ बिताउने गरी कैदी पूर्जी लेखी सो बाल सुधार गृह, सानोठिमीमा पठाई दिनु ......................१

उक्त ईन्साफमा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी राजु सरदारलाई र जिल्ला सरकारी वकिल कार्यालय, सुनसरीलाई फैसलाको जनाउँसहितको ७० दिने पुनरावेदनको म्याद दिनु ..........................................................२

सरोकारबाला व्यक्ति फैसला नक्कल माग गर्न आए लाग्ने दस्तुर लिई नक्कल दिनु ...................३

नियमानुसार गर्नु पर्ने गरी फैसलासहितको मिसिल अभिलेख फाँटमा बुझाई दिनु ....................४

........................
जिल्ला न्यायाधीश

माननीय न्यायाधीशज्यूबाट बोली टिप्ने फाँट ना.सु. भरत पोखरेल ।

ईति सम्वत् २०६७ साल माघ ६ गते रोज ५ शुभम्.................................................।

Serial No. 6


सम्पर्क : बाल न्याय समन्वय समिति सचिवालय
केन्द्रीय बालकल्याण समिति भवन,
हरिहरभवन, ललितपुर ।
फोन नं. ०१-५०१०१५५, ०१-५०१००४१
फ्याक्सः ०१-५०१०१५५
Website: www.jjcc.gov.np